# नेपाल उद्योग वाणिज्य महासंघ

# ५८ औं वार्षिक साधारण सभा
# वार्षिक प्रतिवेदन

२८ चैत्र २०८०



# नेपाल उद्योग वाणिज्य महासंघ

## ५८औं वार्षिक साधारण सभा

## वार्षिक प्रतिवेदन

२८ चैत्र २०८०

# विषयसूची


- विषय प्रवेश १
- आर्थिक सुधारका लागि निरन्तर पैरवी ५
- आ.व. २०८०/८१ को पूर्व बजेट कार्यक्रम र बजेट समिक्षा ५
- मौद्रिक नीति २०७९।८० को तेस्रो त्रैमासिक समीक्षा ६
- आ.व. २०८०/८१ को मौद्रिक नीतिमा निजी क्षेत्रको सुझाव ७
- आ.व. २०८०/८१ को मौद्रिक नीतिका सम्बन्धमा निजी क्षेत्रको धारणा ७
- उच्चस्तरीय वैठक संयुक्त ज्ञापनपत्र ८
- सुधारका लागि राष्ट्रिय आर्थिक बहस ८
- सर्वपक्षीय छलफल आयोजना १२
- चालुपूँजी कर्जा मार्गदर्शनमा आंशिक संसोधन १४
- मौद्रिक नीति २०८०।८१ को प्रथम त्रैमासिक समिक्षामा सम्बोधन १४
- नेपाल–भारत विजनेस समिट १६
- चीनको बेइजिङ्गमा नेपाल-चीन विजनेस समिट १७
- नेपाल दुवई विजनेश फोरमको आयोजना १८
- लगानी निरुत्साहित हुने कारण पहिचान गर्न अध्ययन २०
- द्विपक्षीय लगानी सम्झौताको खाका तयार २१
- लगानी लक्षित १२ ऐन नियममा संसोधन २१
- एशिया प्रशान्त क्षेत्रीय उद्योग वाणिज्य परिसंघ (CACCI) को ३७ औं सम्मेलनको आयोजना २२
- बिमस्टेक बिजनेस फोरम प्रस्ताव २६
- डेडिकेटेड–ट्रंकलाइन विवाद समाधान र विद्युत जोडन सार्थक पहल २८
- निजी क्षेत्रलाई अख्तियारले हेर्ने बिषय रोक्न पैरवी २८
- अर्थतन्त्रमा निजी क्षेत्रको योगदानबारेका पहिलो प्रतिवेदन सार्वजनिक २९
- पहिलोपटक संघीय राजधानी बाहिर राष्ट्रिय महिला उद्यमी सम्मेलन ३०
- महासंघमा पहिलोपटक दक्षिण–पश्चिम एशिया एसडीजी सम्मेलन ३४
- स्टार्टअप नेशन २०३० ३५
- समझदारीपत्रमा हस्ताक्षर ३६
- नेपाल धितोपत्र बोर्ड र महासंघ बीच समझदारी पत्रमा हस्ताक्षर ३६
- सुदुरपश्चिम सरकार र महासंघ बीच समझदारीपत्रमा हस्ताक्षर ३६
- वृहत आर्थिक नीति निर्माणमा सहकार्य गर्न महासंघ र नेपाल राष्ट्र बैंक बीच समझदारी ३८
- नेउवामहासंघ र संयुक्त ट्रेड यूनियन समन्वय केन्द्र बीच समझदारी ३८
- महासंघ र नेपाल सरकार लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रबीच समझदारीपत्रमा हस्ताक्षर ३९
- महासंघ र जर्मन व्यवसायिक संघ (BVMW) बीच समझदारी ४०
- आर्थिक कुटनीति बिषयमा नवनियुक्त राजदूत र उच्च सरकारी पदाधिकारीहरुसंग छलफल ४१

- नेपाल अन्तर्राष्ट्रिय व्यापार मेलाको नवौं संस्करण ४२
- दुबईमा आयोजना भएको वर्ल्ड गभर्नन्स समिटमा महासंघको सहभागिता ४३
- सातौ चीन दक्षिण एसिया मेला एवं बिजनेस फोरममा सहभागिता ४५
- तेह्रौ वर्ल्ड चेम्बर कांग्रेस जेनेभामा महासंघको सहभागिता ४५
- बेलायतमा रहेको नेपाली दूतावासद्वारा आयोजित लगानी सम्मेलनमा महासंघको सहभागिता ४५
- एसिया प्रसान्त क्षेत्रीय रोजगारदाता सम्मेलनमा सहभागिता ४६
- केयर अर्थतन्त्रबारेको कार्यक्रममा सहभागिता ४७
- आइएलओ विश्व सम्मेलनमा सहभागिता ४७
- इण्डुज फुड २०२४ मा महासंघको सहभागिता ४७
- भुकम्प पीडितलाई महासंघद्वारा राहत सामग्री हस्तान्तरण ४८
- रोजगार मेलाको आयोजना ४९
- कार्यसमितिले १०० दिन पूरा गरेको अवसरमा कार्यक्रमको आयोजना ५०
- ग्रीनग्रोथ एडभाइजरी सेवा स्थापना ५०
- शुभकामना आदान प्रदान कार्यक्रमको आयोजना ५१
- इण्डोनेशिया नेपाल विजिनेस फोरमको वैठक आयोजना ५२
- पहिलोपटक आर्टिफिसिएल इन्टिलिजेन्सबारे कार्यक्रमको आयोजना ५२
- स्टार्टअप उद्यम कर्जा संचालन कार्यविधि माथि छलफलको आयोजना ५३
- सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूसंग महासंघ प्रतिनिधिमण्डलको भेट ५४
- सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल प्रचण्डसंग भेट ५५
- सम्माननीय प्रधानमन्त्री र निजी क्षेत्र छाता संस्था अध्यक्ष भेटवार्ता ५५
- माननीय अर्थमन्त्री डा. प्रकाश शरण महतसंग भेट ५७
- पूर्व प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति श्री शेर वहादुर देउवासंग भेट ५७
- पूर्व प्रधानमन्त्री एवं नेकपा एमाले अध्यक्ष श्री केपी शर्मा ओली ५८
- रक्षा, कानून तथा न्याय मन्त्री श्री पूर्ण वहादुर खड्कासंग भेटः ५८
- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री सरतसिंह भण्डारी ५८
- सुदूरपश्चिमका सांसद एवं जनप्रतिनिधिसंग भेट ५९
- नेपाल राष्ट्र बैंक गभर्नर श्री महाप्रसाद अधिकारीसंग भेट ५९
- नवनियुक्त मुख्य सचिव डा. बैकुण्ठ अर्यालसंग भेट ५९
- माननीय उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठसंग भेट ६०
- सेजनका नयां कार्यकारिणी समितिका सदस्यहरुसंग भेटघाट : ६१
- माननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री एवं सचिवसंग महासंघको प्रतिनिधिमण्डलद्वारा भेटघाट ६१
- CACCI का प्रतिनिधिमण्डलद्वारा सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष भेटघाट ६२
- संयुक्त राष्ट्र संघका आवासीय संयोजक श्री हाना सिंगर हमदीद्वारा भेट ६३
- आइएलओ देशिय निर्देशक नुमान ओजकानद्वारा भेट ६४
- अन्तर्राष्ट्रिय मुद्राकोषका प्रतिनिधिसंग भेट ६४
- GIZ का REEEP प्रोग्राम मेनेजरसंग भेटघाट ६४

- नेपाल, भारत तथा भुट्ानका लागि नेदरल्याण्डका राजदूत भेटघाट ६५
- अन्तर्राष्ट्रिय वित्त निगमका उपाध्यक्षसंग भेटघाट ६५
- नेपाल उद्योग परिसंघका पदाधिकारीसंग भेट ६६
- कर छुटको प्रमाणपत्र ६६
- परिषद्/प्रदेश/समिति/फोरमहरुका गतिविधिहरु ६७
- उद्योग वाणिज्य परिषद
- नवनिर्वाचित टिमको सम्मानमा स्वागत बधाई कार्यक्रम ६७
- अन्तर्राष्ट्रिय वित्त निगमसंग अन्तरक्रिया ६७
- नेपाल चाटर्ड एकान्टेन्ट्स संस्था (ICAN) बजेट पछिको कार्यक्रम ६७
- उद्योग वाणिज्य परिषदको पहिलो बैठक ६७
- भन्सार नाकाबाट आयात/निर्यात सहजिकरण ६८
- कार्य योजना गोष्ठी सम्पन्न ६८
- नव निर्वाचित कार्य समितिलाई बधाई ६८
- लगानीकर्ता ज्ञान अभिवृद्धिमा बोर्ड र महासंघबीच सहकार्य ६८
- नेपाली र चिनिया व्यवसायीहरू बीच छलफल कार्यक्रम ६९
- उद्योग वाणिज्य परिषदको दोस्रो बैठक ६९
- संस्थागत सहभागिता ७०
- वस्तुगत परिषद् ७०
- परिषदले प्राप्त गरेका उलब्धीहरू ७१
- परिषद्का तर्फबाट सम्पन्न कार्यक्रमहरुको संक्षिप्त विवरण ७१
- संस्थागत सहभागिता ७१
- रोजगार मेला ७१
- Capacity Building Workshop ७२
- सिप विकास तालीमका विषयमा छलफल ७२
- वन नियमावलीका विषयमा छलफल ७२
- Manufacturing (I) समूहका वस्तुगत संघहरुसंग छलफल ७३
- Sensitization workshop on WBL Guidelines,
- Green Jobs and Just Transition विषयक कार्यक्रम ७३
- Work-based Learning Guideline Consultative Program ७३
- २ दिने आवासीय कार्यक्रम ७३
- Green Growth Advisory Service स्थापना ७४
- Standard Operating Procedure-SOP Consultative Program ७४
- खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७७ उपर महासंघको संशोधन सुझाव पेश ७६

**प्रदेश च्याप्टरहरूको प्रतिवेदन**


- कोशी प्रदेश ८२
- मधेश प्रदेश ९१
- बागमती प्रदेश ९५
- गण्डकी प्रदेश १०३
- लुम्बिनी प्रदेश १०६
- कर्णाली प्रदेश ११४
- सुदूरपश्चिम प्रदेश ११६
- हार्डवेयर तेस्रो हार्डवेयर एक्स्पो २०८० ११९
- Sensitization Workshop WBL Guidelines १२०
- सुदूरपश्चिम प्रदेशका उद्योग वाणिज्य संघ-संस्थाहरुसंग अन्तरक्रिया १२२
- समिति/फोरम एवं परियोजनाका गतिविधिहरू १२२
- आगामी दिनमा गर्नुपर्ने मूख्य कामहरु १३२
- घरेलु तथा साना उद्योग १३५
- निर्यात प्रवर्द्धन १३९
- स्थल यातायात तथा पारवहन १४९
- स्वास्थ्य तथा विपद् व्यवस्थापन १५१
- संक्षिप्त गतिविधिः १५६
- स्टार्टअप एण्ड इनोभेशन १५८
- फोरमका सभापति उपस्थित भएका बैठकहरुको सूचीहरु १६९
- कृषि उद्यम केन्द्र सम्झौता १७०
- थप प्रतिवेदन : व्यापार मेला समिति १७९
- आ.व. २०७९/०८० को वासलात एवं आय-व्यय विवरणसहित १९७

**नेपाल उद्योग वाणिज्य महासंघको नयाँ नेतृत्वले कार्यभार सम्हालेको एक बर्ष पुगेको छ । यो एक बर्षको अवधि चुनौतिपूर्ण र उपलब्धिपूर्ण दुवै रह्यो ।**

यस अवधिमा मन्दीमा रहेको अर्थतन्त्र सुधारका लागि पैरवी, अध्ययन अनुसन्धानको प्रकासन, सदस्य सेवाका साथै विभिन्न अन्तराष्ट्रिय फोरममा महासंघको सहभागिता रह्यो ।

हाम्रो निरन्तर पैरवीले दुइ बर्षदेखि निक्कै कडा रुपमा प्रस्तुत भएको सरकार र विशेषगरि केन्द्रिय बैंक लचिलो बनको छ भने ६ महिनाको अवधिमा तीनवटा तिव्र आर्थिक विस्तार भैरहेका देशमा नेपालमा लगानी भित्र्याउन सम्मेलन आयोजना भए ।

पहिलो कार्यकारिणी समितिको वैठकमा निम्न प्राथमिकता सार्वजनिक गरिएको थियो ।

१) वर्तमान आर्थिक संकट समाधानका लागि पहल गर्ने,
२) स्वदेशी एवं विदेशी लगानीको वातावरण बनाउने,
३) राज्य र निजी क्षेत्र बीचको सार्वजनिक निजी साझेदारी सुदृढ गर्ने,
४) दक्ष जनशक्ति उत्पादन र रोजगारी सिर्जना गर्ने,
५) व्यवसायीहरुको मनोबल उच्च बनाउन राज्यको मर्यादाक्रममा निजी क्षेत्रको स्थान सुनिश्चित गर्ने ।

आर्थिक मन्दीबाट मुलुकलाई बाहिर निकाल्न विशेष पहल गरिए । आर्थिक बर्ष २०८०/८१ को बजेटमा केहि दीर्घकालीन बिषय समावेश भएपनि मन्दी कम गर्ने कार्यक्रम अटाउन सकेनन् ।

सुधारका लागि दबाव दिन मौद्रिक नीतिमा महासंघसंगै नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्श मिलेर संयुक्त रुपमा कार्यक्रम आयोजना गरिए । नीतिमा सुधारका बिषय खासै समेटिएनन् ।

यसले निराश बनाएपनि हतास बनाएन । महासंघको बाग्लुंगस्थित ढोरपाटनमा सम्पन्न तेस्रो कार्यकारिणी समितिको वैठकले दवाबमूलक कार्यक्रम आयोजना गर्ने निर्णसंगै राष्टिय बहस चलाउने निर्णय भयो । त्यसअघि हामीले प्रधानमन्त्री र अर्थमन्त्रीसंग भेट गरि समस्या समाधानका पहल भएको थियो । सबै ठिक भएको तर्क सरकारी निकायबाट धेरैपटक चर्को विरोध जनाउनुपरेको थियो ।

त्यसपछि २०८० असोज २५ गते राष्टिय आर्थिक बहस कार्यक्रम आयोजना गरियो । त्यसमा अर्थतन्त्रको सुधारमा अन्तरनिकाय समन्वय नभएको हुँदा एउटा उच्चस्तरिय संयन्त्रको माग महासंघले गरेको थियो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्रीले सर्वपक्षीय र सर्वदलीय भेला आयोजना गर्नुभयो । उक्त भेला महासंघको आग्रहमा आयोजना भएको थियो । जुन प्रधानमन्त्रीले पनि भन्नु भएको थियो । त्यसमा राष्टिय औद्योगिक बिकास सम्वाद परिषद व्युताउने प्रतिवद्धता जनाउनुभयो । यससंगै निजी क्षेत्र सम्मिलित राष्ट्रिय व्यापार सहजीकरण समितिको कार्यविधि बनाउन निर्देशन दिनुभएको छ । अहिले महासंघको एजेन्डालाई सरकारले सम्वेदनशील रुपमा लिन थालेको छ ।

अर्को तर्फ केन्द्रिय बैंकले पनि महासंघले उठाएका माग सम्बोधन गर्न थालेको छ । प्रथम त्रैमासिक समिक्षामा केन्द्रिय बैंकले नीतिगत दर घटाएको छ । यसले महासंघको सुझाव अनुरुप मुद्यति

निक्षेपको ब्याजदर घटन सहयोग पुगेको छ। तर धेरै युवा विदेशिएकाले मागको अवस्था आगामी दिनमा हामीले नियाल्नु नै पर्नेछ। समग्र माग घटेर उद्यम व्यवसाय चलायमान हुन नसकेको अवस्थामा हाम्रो ध्यान माग वृद्धि र निजी क्षेत्रले सम्मानित रुपमा उद्यम व्यवसाय गर्न पाउने वातावरणको सुनिश्चितता गर्नुपर्छ।

यसैगरि बैंक तथा वित्तीय संस्थाले समस्यामा परेका ऋणीहरुबाट प्राप्त निवेदनको विश्लेषणका आधारमा बक्यौता ब्याजको दश प्रतिशत रकम असूल गरी कर्जा पुनरसंरचना गर्न सक्ने अवधि २०८० चैत मसान्तसम्म कायम गरी पुनरसंरचना गर्न सक्ने क्षेत्रहरुको विस्तार गरिएको छ। यसले समस्यामा रहेका ऋणीलाई केहि सहुलियत दिनेछ। अबका दिनमा यी बिषय बैंक वित्तिय संस्था र सम्बन्धित ऋणीले बसेर समाधान गर्नसक्ने व्यवस्था केन्द्रिय बैंकले गर्नुपर्ने हाम्रो माग रहदै आएको छ।

साथै, बैंक तथा वित्तीय संस्थाले प्रदान गर्ने रियल स्टेट कर्जा र रु.५० लाखभन्दा बढीको सेयर धितो कर्जाको जोखिम भार घटाई १२५ प्रतिशत कायम गरिएको छ। रु ५० लाख सम्मको आवास कर्जा पनि सहज बनाइएको छ।

यसको सेयर बजारमा केहि सकारात्मक प्रभाव देखिएको छ। पुराना ऋणीको ब्याजदर सोचे अनुरुप घटेको छैन त्यसमा हामीले पैरवी गरिरहनुपर्नेछ। महासंघले आफै निर्णय गर्न सक्दैन छर निरन्तर लागि रहदा सुधार सम्भव छ। त्यसमा इमान्दार प्रयास जरि छ।

यसैबीचमा डेडिकेटेड र टंकलाइनको बिषय फेरि आयो। भदौ २५ मा सम्माननीय प्रधानमन्त्रीज्यूसंगको भेटमा लाइन नकाटने सहमति भएको थियो। एकाएक काटियो। हामीले यसको जोडदार विरोध गर्‍यौ।

महासंघ नेतृत्वले राष्ट्रपति र प्रधानमन्त्रीज्यू लगायत उच्च तहका व्यक्तित्वहरुको ध्यानाकर्षण गराइ रह्यो। विद्युत नियमन आयोग वा यस्तै प्रकृतिको न्यायिक आयोगबाट यसलाई सम्बोधन गर्नुपर्छ भन्ने महासंघको धारणा थियो।

सोही अनुरुप सरकारले उच्चस्तरिय आयोग गठन गरि काटिएको लाइन जोडेको छ। यसमा निरन्तर पैरवी आवश्यक छ। महासंघको नेतृत्वमा स्वदेश र विदेशमा पनि कार्यक्रम र पैरवीका कामले तिव्रता भएको छ।

दोस्रो प्रतिवद्धता स्वदेशी एवं विदेशी लगानी प्रवर्द्धन हो। भारत र चीनमा वृहद लगानी सम्मेलन आयोजना गरिए। भारतको सम्मेलनमा त्यहाँका उद्योग वाणिज्य मन्त्री पियुष गोयल र चीनको कार्यक्रममा वाणिज्य राज्यमन्त्री लि फेइको सहभागिता थियो। दुवै सम्मेलनमा दुइ सय हाराहारी उद्यमी व्यवसायीको सहभागिता थियो।

त्यसपछि दुवइमा नेपाल दुवइ बिजनेस फोरम आयोजना गर्‍यौ। विश्वभर नै निक्कै प्रभावशाली दुवई चेम्बर्ससंगको सह आयोजनामा कार्यक्रम गर्न सफल भइयो। दुबइ चेम्बर्ससंग नयाँ सम्बन्ध स्थापित गरि कार्यक्रम आयोजना गरियो। जसमा करिब एक सय ७० जनाको सहभागिता थियो।

यहाँहरुलाई विदितै छ कुल गार्हस्थ उत्पादनको करिब २ प्रतिशत विदेशी लगानी भित्रिने गरेको छ। गत बर्ष साढे ६ अर्ब मात्रै विदेशी लगानी आयो। नेपाल लगानीको गन्तव्यका रुपमा विश्वले चिनेकै

छैन । अझ युएइका लागि नेपाल मूलतः अदक्ष र अर्धदक्ष कामदार पठाउने मुलुक हो । जहाँ व्यापार व्यवसाय हुन्छ लगानीको सम्भावना छ भनेर चिनाउन सम्भव भयो । दुवइ चेम्बरका अधिकारी त्यहाँका अर्थसचिव समेतको सहभागिता रहेको कार्यक्रमले सकारात्मक सन्देश दिएको छ ।

यसपटक दक्षिण पुर्वी एसियाली मुलुकका चेम्बरहरुको संगठन क्यासीको सम्मेलन पनि नेपालमा आयोजना गरियो । क्याम्बोडियाले असमर्थता जनाएपछि नेपालमा आयोजित उक्त सम्मेलनमा करिब ६० जना विदेशी सहित करिब २ सय उद्यमी व्यवसायीको सहभागिता थियो । सम्माननीय राष्टपति रामचन्द्र पौडेलज्यूबाट उदघाटन भएको उक्त कार्यक्रमले नेपाललाई लगानी गन्तव्यका रुपमा थप परिचित बनाउन सम्भव भयो ।

वेलायत स्थित नेपाली राजदुतावासले आयोजना गरेको नेपालमा लगानी सम्भावना बिषयक कार्यक्रममा प्रस्तुति भयो । दिगो बिकास लक्ष्य सम्बन्धि पश्चिम एसियाली मुलुकहरुको सम्मेलन महासंघ सचिवालयमा आयोजना गरियो । महासंघ समेतको सह आयोजनामा आयोजित कार्यक्रमले महासंघको समाजिक उत्तरदायित्वमा आफ्नो प्रतिवद्धता समेत जनाउछ ।

तेस्रो कार्यकारिणी समितिको दोस्रो निर्णय अनुरुप सातै प्रदेशमा लगानी सम्मेलन आयोजना गर्ने बिषय अगाडि बढेको छ । सुदुर पश्चिम प्रदेशसंग सम्झौता नै भैसकेको छ । र सोही अनुरुप काम भैरहेको छ भने अन्य प्रदेशसंग पनि छलफल चलिरहेको छ ।

सोही कार्यकारणी समितिको निर्णय बमोजिम उद्यमी व्यवसायीको सहभागिता रहने लगानी कम्पनीको अवधारणा तयार भएको छ । यसको काम तदारुकताका साथ अगाडि बढाइनेछ ।

यसैगरि विदेशमा गरेका सम्मेलन पछिको फलो अप र लगानी सम्बन्धि अन्य काम गर्न एफडिआइ हेल्प डेस्कको सुदृढिकरणमा काम भैरहेको छ । यसका लागि युएसएडले सहयोग गर्ने करिब तय भएको छ । कार्यक्रम मात्रै आयोजना गर्ने नभई त्यसको फलोअप गरि केहि नतिजा आउने गरि काम गर्न चाहिरहेका छौं ।

सरकारले महासंघको आग्रहमा द्विपक्षीय लगानी सम्झौताको खाका तयार पारेको छ । जुन मन्त्रीपरिषदबाट पारित हुने क्रममा छ । बैसाखमा आयोजना हुने लगानी सम्मेलनलाई लक्षित गरि १२ कानुन तथा नियमावलीमा संसोधन भएको छ । निजी क्षेत्रको तर्फबाट परियोजनाहरु पनि सरकारलाई उपलब्ध गराइएको छ ।

यसैगरि यस अवधिमा भएका केहि सम्झौताले महासंघलाई बलियो बनाउनेछ । जस्तो कि धितोपत्र बोर्डसंगको समझदारीले धेरै ठाउँमा तालिम दिन सकिने छ । नेपाल राष्ट बैंकसंगको सम्झौताले नीतिगत सहकार्य, अध्ययन अनुसन्धानमा सहकार्यको ढोका खोलेको छ । आगामी दिनमा मौद्रिक नीति लगायत अन्य नीति निर्माणमा सहकार्य गर्नका लागि यसले बाटो खोलेको छ । संयूक्त टेड युनियनसंगको समझदारी श्रम सम्बन्ध सुधारमा कोशेढुंगा सावित हुनेछ ।

कोभिडपछि र विद्यमान आर्थिक मन्दीका बीचमा पनि अन्तराष्ट्रिय व्यापार मेलालाई हामीले पुनः शुरु गरेका छौ । ग्रिन ग्रोथ सेन्टरको स्थापना भएको छ ।

सरकारले कर सुधार सुझाव समिति गठन गरेको थियो । यसमा सुझाव दिन र १६ औ योजना र बजेट सुझावलाई व्यवस्थित र सहभागितामूलक बनाएका छौं ।

महासंघका सदस्यहरु यसको प्राण हुन् । उहाँहरुका विभिन्न माग र गुनासा छन् । श्रोतको कमी पनि छ । महासंघका सदस्यहरुका लागि महासंघले दिने सेवा प्रभावकारी बनाउने सम्बन्धमा रणनीति बनेको छ । कार्ययोजना बनाइ सेवा विस्तारको पहल भैरहेको छ ।

यसैगरि उद्यमी व्यवसायीको मान मर्दन भैरहेको सन्दर्भमा निजी क्षेत्रको योगदान, अन्य देशमा निजी क्षेत्रको महत्व, हामीले सामाजिक उत्तरदायित्वमा पुर्‍याएको योगदान, व्यवसायिक आचार संहिता समेतलाई समेटेर सम्मानित निजी क्षेत्रका लागि महासंघले एउटा क्याम्पेन नै शुरु गर्ने तयारी छ ।

निजी क्षेत्रको मर्यादा, सुरक्षा र सम्मानमा महासंघका सर्वोपरि ध्यान रहदै आएको छ । निजी क्षेत्रलाई पनि मर्यादाक्रममा समावेश गर्ने बिषयलाई जोडदार रुपमा उठाइएको छ । यसमा छलफल भैरहेको छ र आशा छ केही नतिजा आउनेछ ।

निजी क्षेत्रको सम्मानका लागि निजी क्षेत्रको योगदान देखाउनु आवश्यक थियो । अहिलेसम्म अर्थतन्त्रमा निजी क्षेत्रको योगदानबारे कुनै अध्ययन अनुसन्धान भएको थिएन । महासंघले पहिलोपटक प्रतिष्ठित अन्तराष्टिय वित्त निगम (आइएफसी) संगको सहकार्यमा अर्थतन्त्रमा निजी क्षेत्रको योगदानबारे प्रतिवेदन सार्वजनिक भएको छ । जसमा कुल गार्हस्थ्य उत्पादनमा निजी क्षेत्रको योगदान ८१ प्रतिशत, रोजगारीमा ८७ प्रतिशत र राजश्वमा प्रत्यक्ष अप्रत्यक्ष गरि ८५ प्रतिशत देखाएको छ ।

तर सरकारको रवैया निजी क्षेत्रप्रति सकारात्मक बनाउन अझै धेरै कसरत गर्न बाँकि छ । नयाँ कार्यसमितिले कार्यभार सम्हाल्ने वित्तिकै अख्तियारले पनि निजी क्षेत्रलाई हेर्ने गरि बनेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग सम्बन्धि विधेयक राष्टिय सभाले पारित गरेको थियो । जसलाई तत्कालका लागि रोक्न सफल भइएको छ । तर अझै पैरवी जारि राख्नुपर्ने अवस्था छ ।

नेपाल उद्योग वाणिज्य महासंघको ५८ औं वार्षिक साधारण सभामा कार्यकारिणी समितिको तर्फबाट प्रस्तुत यस वार्षिक प्रतिवेदनमा गत २०७९ चैत्र २८ र २९ गते सम्पन्न महासंघको ५७ औं वार्षिक साधारण सभा पश्चात यो एक वर्षको अवधिमा महासंघबाट सम्पन्न भएका प्रमुख गतिविधि, क्रियाकलाप, कार्यक्रमका अतिरिक्त देशको उद्योग वाणिज्य क्षेत्रका साथै आर्थिक विषयबस्तुहरु समावेश भएका छन् ।

यस अवधिमा महासंघ अन्तर्गत गठित उद्योग वाणिज्य परिषद्, वस्तुगत परिषद्, रोजगारदाता परिषद्, क्षेत्रगत समिति तथा फोरमहरु, उद्योग समिति, व्यापार समिति, घरेलु तथा साना उद्योग समिति, महिला उद्यमी विकास समिति, स्थल यातायात तथा पारवहन समिति, कर तथा राजस्व समिति, पर्यटन तथा हवाई यातायात समिति, सूचना तथा सञ्चार प्रविधि समिति, बैंक, वित्तीय तथा बीमा समिति, स्थानीय आर्थिक विकास समिति, निर्यात प्रवर्द्धन समिति, व्यापार मेला समिति, उर्जा तथा वातावरण समिति, शहरी विकास समिति, स्वास्थ्य तथा शीप विकास समिति, कानून, न्याय तथा संसदीय मामीला समिति, शिक्षा सीप विकास तथा रोजगार समिति, स्टार्ट अप एण्ड इनोभेसन फोरम, लगानी तथा अन्तराष्ट्रिय मामिला फोरम, पूंजी बजार फोरम, खेलकुद तथा मनोरन्ज फोरमबाट आ आफ्नो कार्यक्षेत्र अनुसारको समन्वयात्मक तवरले गतिविधि तथा क्रियाकलाप एवं कार्यक्रमहरु भएका छन् ।

यसैगरी सातवटै प्रदेश च्याप्टरहरुबाट समन्वयात्मक सक्रिय तथा प्रभावकारी रुपमा कार्यहरु आ आफ्नो प्रदेशमा उद्योग व्यवसाय क्षेत्रको विस्तारका लागि प्रदेश सरकार एवं सम्बन्धित निकायहरुसंगको समन्वय, सहयोग एवं सहकार्य गरी गतिविधिहरु भएका छन् ।

यसैगरी कृषि उद्यम केन्द्रबाट भएका गतिविधि तथा कार्यक्रमहरुको अतिरिक्त महासंघ अन्तरगत संचालित Employers' Led Labour Market Secretariat (ELMS) बाट भएका गतिविधिहरु पनि प्रतिवेदनमा समावेश भएको छ ।

## आर्थिक सुधारका लागि निरन्तर पैरवी

कोभिडपछिको तिव्र आर्थिक विस्तारलाई व्यवस्थापन गर्न नसक्दा मुलुक आर्थिक मन्दीमा रहेका वखत महासंघको ५७ औ बार्षिक साधारणसभाबाट यो कार्यसमिति चयन भएको थियो । नयाँ नेतृत्वको पहिलो प्राथमिकता मन्दीमा रहेको अर्थतन्त्रको सधारमा लक्षित थियो । सरकारले सार्वजनिक गर्ने बजेट मौद्रिक नीतिमात्र नभई आफैले विविध कार्यक्रम आयोजना गरि सुधारका लागि दबाव दिइरह्यो ।

## आ.व. २०८०/८१ को पूर्व बजेट कार्यक्रम र बजेट समिक्षाः

महासंघद्वारा वैशाख २७ गते माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत समक्ष नेपाल सरकारको आर्थिक वर्ष २०८०/८१ को बजेट एवं आर्थिक ऐनमा समावेश हुनुपर्ने विषयका सम्बन्धमा आफ्ना सबै सदस्यहरुबाट सुझाव संकलन गरी एकमुष्ठ सुझाव पेश गरियो । संघीय सरकारको वार्षिक बजेट मिति २०८० जेठ १५ गते संसदको संयुक्त सदनमा पेश भएको सरकारको वार्षिक बजेटमाथि महासंघले जेठ २२ गते महासंघले धारणा सार्वजनिक गर्दै निजी क्षेत्रलाई आर्थिक बिकासको सम्वाहकको रुपमा आत्मसात गर्दै, महासंघद्वारा प्रस्तुत सुझाव समेत समावेश भएको बजेटले दीर्घकालीन लगानीको सम्भावनालाई बढाए पनि तत्काल मन्दीको असर कम गर्ने उपाय अवलम्बन गर्न नसकेको जनाएको थियो । बजेटमा उपभोक्ता र व्यवसायीलाई पर्न सक्ने प्रभावको मुल्यांकन नगरी करको दर र दायरमा गरिएको विस्तारले बजारमा मन्दीलाई कायम राख्ने मात्र नभई थप नकारात्मक प्रभाव पर्ने साथै निर्यातमा अनुदान तीन तीन महिनामा दिइने व्यवस्था बजेटमा समावेश भए पनि संभाव्य निर्यातयोग्य वस्तुको प्रवर्द्धनमा मौन रहेको, धितोपत्र तथा घरजगाको कारोबारमा लाग्ने करको विषयमा पनि आर्थिक विधेयकले अन्यौलता थपिदिएको, बजारमा तरलता प्रवाह, बिकास निर्माण र माग सिर्जनाका लागि आवश्यक निर्माण व्यवसायीहरुको म्याद थप, मुल्य समायोजन र वक्यौता भुक्तानीमा बजेट मौन रहेको धारणा महासंघले प्रस्तुत गरिएको थियो ।



मन्दीको समयमा व्यवसाय निरुत्साहित हुने गरि गरिएका व्यवस्थामा सुधारका लागि महासंघ अर्थ मन्त्रालय र अन्य सरोकारवाला निकायसंग निरन्तर सम्वाद र छलफलमा रहने साथै सरकारले उद्यमी व्यवसायी र उपभोक्ताको सम्वेदनशीलता हेरि सुधार गर्दै जानेमा महासंघ विश्वस्त रहेको धारणा सार्वजनिक गरिएको थियो ।




## मौद्रिक नीति २०७९।८० को तेस्रो त्रैमासिक समीक्षाः

मिति २०८० वैशाख १५ गते महासंघका अध्यक्ष श्री ढकालको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले नेपाल राष्ट्र बैंकका गभर्नर श्री महाप्रसाद अधिकारीसंग भेट गरी मौद्रिक नीति २०७९/८० को तेस्रो त्रैमासिक समिक्षाका लागि सुझाव प्रस्तुत गरेको थियो । केन्द्रीय बैंकले मिति २०८० वैशाख २९ गते सार्वजनिक गरेको मौद्रिक नीतिको तेस्रो त्रैमासिक समिक्षा सार्वजनिक गरेको थियो ।




त्रैमासिक समिक्षाले महासंघद्वारा प्रस्तुत पुर्नसंरचना, पुर्नतालिकीकरण र पुर्नकर्जाको मागलाई आंशिक रुपमा सम्बोधन गऱ्यो । यसैगरि समीक्षा मार्फत बैंक दरलाई १ प्रतिशत विन्दुले घटाई ७.५ प्रतिशत कायम गरिएको थियो । साथै, बैंक तथा वित्तिय संस्थाबाट जारी भएका ऋणपत्रहरुलाई कर्जा निक्षेप अनुपात गणना गर्ने प्रयोजनाका लागि स्रोत

(निक्षेप) को रुपमा समेत गणना गर्न पाउने विद्यमान व्यवस्थालाई २०८० पौष मसान्तसम्मका लागि निरन्तरता दिएको थियो ।


मौद्रिक नीतिमा निजी क्षेत्रको फरक धारणा
आर्थिक गतिविधि चलायमान बनाउनेतर्फ लचिलो

FNCCI shows reservations over monetary policy review

मौद्रिक नीतिको समीक्षा पर्याप्त नभएको महासंघको ठहर

काठमाडौं / नेपाल उद्योग वाणिज्य महासंघले निजी क्षेत्रको सुझावलाई मौद्रिक नीतिको समीक्षाले आंशिक रुपमा मात्र सम्बोधन गरेको बताएको छ । महासंघले शुक्रबार विज्ञप्ति जारी गर्दै यो समीक्षाले तत्काल बजार चलायमान नहुने ठहर गरेको हो ।

## आ.व. २०८०/८१ को मौद्रिक नीतिमा निजी क्षेत्रको सुझावः

मिति २०८० असार २१ गते नेपाल राष्ट्र बैंकका गभर्नर श्री महाप्रसाद अधिकारीको उपस्थितिमा आ.व. २०८०/८१ को मौद्रिक नीतिले समेट्नु पर्ने विषयका सम्बन्धमा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्शले नेपाल राष्ट्रलाई निजी क्षेत्रको तर्फबाट संयुक्त रुपमा सुझाव प्रस्तुत गरिएको थियो ।

अर्थतन्त्र चलायमान बनाउनका लागि नेपाल राष्ट्र बैकले आगामी आर्थिक वर्षका लागि खुकुलो मौद्रिंक नीति ल्याउनुपर्ने, अर्थतन्त्र सुस्ताउनुका मुख्य कारण उच्च व्याजदर भएकाले व्याजदर घटाउनुपर्ने, बैंकदर, नीतिगतदर, व्याजदर र लगानी बीचको सम्बन्ध हेर्दा अर्थतन्त्र चलायनमान बनाउन नेपाल राष्ट्र बैंकको महत्पूर्ण भूमिका रहेकोले अर्थतन्त्रलाई मन्दिबाट बाहिर ल्याउन मौद्रिक नीतिले पहल गर्नुपर्ने सुझावहरु प्रस्तुत गरिएको थियो ।

## आ.व. २०८०/८१ को मौद्रिक नीतिका सम्बन्धमा निजी क्षेत्रको धारणा :

नेपाल राष्ट्र बैंकले जारी गरेको आ.व.२०८०/८१ को मौद्रिक नीतिका सम्बन्धमा निजी क्षेत्रको मिश्रित धारणा रहरयो । मौद्रिक नीतिमा उच्च व्याजदर, न्यून माग, कर्जा प्रवाहको समस्या, न्यून उत्पादन एवं रोजगारी कटौती, निजी क्षेत्रको मनोबल उच्च हुने बिषय नसमेटिएको र गत आ.व. को मौद्रिक नीतिले निजी क्षेत्रमा जाने ऋण लक्ष्य १२.६ भनिएता पनि चालु आ.व. को


'मौद्रिक नीतिले अर्थतन्त्र चलायमान बन्दैन'

मौद्रिक नीतिमा निजी क्षेत्रको असन्तुष्टि

बैंकद्वारा स्वागत, निजी क्षेत्रको असन्तुष्टि

'मौद्रिक नीतिले अर्थतन्त्र चलायमान बन्दैन'

यस्तो लक्ष्य ११.५ प्रतिशतमा झारिएको छ । यसरी निजी क्षेत्रमा जाने विस्तार हुने कर्जा संकुचित गर्दा बजेट मार्फत सरकारले लिएको ६ प्रतिशत आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न कठिन हुने धारणा व्यक्त गरिएको थियो ।

बैंक तथा वित्तिय संस्थाको माग अनुसार चालु पूजी कर्जा मार्गदर्शनमा आवश्यक पुनरावलोकन गरी बैंक र व्यवसायीलाई नै निर्णय गर्न दिइएमा बजारमा विश्वास बढाउने ठहर निजी क्षेत्रको रहेको र ठूला ऋणिको सुपरीवेक्षणलाई प्रावकारी बनाउन गत वर्ष जारी गरिएको छुट्टै मार्गदर्शनले चालु पूजी कर्जा मार्गदर्शनझैं निजी क्षेत्र निरुत्साहित हुने विषयमा ध्यानाकर्षण गराइएको थियो ।

## उच्चस्तरीय वैठक संयुक्त ज्ञापनपत्र :


अभियान
'अर्थतन्त्र सुधार्न निजीक्षेत्रको मनोबल उकास्नु पहिलो शर्त'
कारोबार
ग बढाउन बैंकले ल्याए नयाँ योजना
गोरखापत्र
अर्थतन्त्र सुधार्न प्रधानमन्त्रीलाई निजी क्षेत्रले दियो सुझाव
माग बढाएर अर्थतन्त्र चलायमान बनाउन प्रधानमन्त्रीलाई निजी क्षेत्रको सुझाव

अर्थतन्त्रको सुधारका लागि निजी क्षेत्रका माग सम्बोधन नभएपछि महासंघ नेतृत्व र पदाधिकारीले राजनीतिक नेतृत्वसंग निरन्तर औपचारिक र अनौपचारिक सम्बादलाई जारि राख्यो । यसैक्रममा निजी क्षेत्रका प्रतिनिधिमूलक संस्था र सम्मानननीय प्रधानमन्त्री पुष्पकमल दाहालबीच बीच मिति २०८० साउन ३० गते छलफल भयो । साथै साउन २६ गते निजी क्षेत्रले माननीय अर्थमन्त्री डा प्रकासशरण महतसंग पनि छलफल गरेको थियो । दुवै छलफलमा राष्ट बैंकका गभर्नर महाप्रसाद अधिकारीको सहभागिता थियो । निजी क्षेत्रको प्रतिनिधिमूलक संस्थाहरु नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्श र नेपाल उद्योग परिसंघका तर्फबाट आर्थिक क्षेत्रको सुधार सम्बन्धी सुझाव संयुक्त रुपमा सम्मानननीय प्रधानमन्त्री र माननीय अर्थ मन्त्रीज्यू समक्ष बुझाइएको थियो ।

संयुक्त ज्ञापनपत्रमा : यसैबीच निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाहरुले सुधारका लागि सरकारसमक्ष संयुक्त ज्ञापनपत्र पेश गरे । पूजीको लागत घटाई बजारमा रकम प्रवाह गर्न सरकारले भूमिका खेल्नुपर्ने, निर्माण व्यवसायीहरुको बक्यौता तत्काल भुक्तान गर्नुपर्ने, विदेशी लगानी भित्र्याउन नीतिगत स्थायित्व तथा सहज व्यवसायिक वातावरण बनाइनुपर्ने, मुलुकको सार्वभौम साख मुल्यांकन गरी निजी क्षेत्रलाई विदेशबाट रकम ल्याउन प्रोत्साहन गर्नुपर्ने, उत्पादित विजुली खेर जान नदिन प्रसारण लाइन निर्माणमा निजी क्षेत्रलाई सहभागी गराउनु पर्ने, उद्योग संचालन गर्दा जग्गाको हदबन्दी हटाउनुपर्ने, कित्ताकाट खोल्नुपर्ने, मध्यपूर्वी देशहरु नेपालमा लगानी गर्न इच्छुक देखिएको सन्दर्भमा द्विपक्षीय लगानी प्रवर्द्धन एवं संरक्षण (विप्पा) सम्झौता गर्नुपर्ने, साना मझौला उद्यमलाई आधारदरमा न्यून प्रिमियम लगाइने व्यवस्था गरिनुपर्ने लगायतका सुझावहरु उल्लेख गरिएको थियो ।

## सुधारका लागि राष्ट्रिय आर्थिक बहस :

निजी क्षेत्र र सर्वसाधारण सबैको मनोबल घटेर बजारमा लगानी र माग संकुचित हुँदा अर्थतन्त्रमा समस्या देखिएको स्थितिलाई दृष्टिगत गरी मुलुकको अर्थतन्त्र चलायमान बनाउने उपाय सहित सम्मानननीय

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डज्यूको प्रमुख आतिथ्यतामा महासंघद्धारा सबै सरोकारवालाहरुसंग **समस्या समाधानका लागि सहकार्य बिषयक राष्ट्रिय आर्थिक बहस** कार्यक्रम मिति २०८० असोज २५ गते काठमाडौंमा आयोजना गरिएको थियो । महासंघको ढोरपाटनमा सम्पन्न तेस्रो कार्यकारिणी समितिले गरेको निर्णय बमोजिम १० दिनभित्र राजधानीमा उक्त वृहद कार्यक्रम आयोजना गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री दाहालका साथै माननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री श्री रमेश रिजाल, अर्थ मन्त्रालयका बरिष्ठ आर्थिक सल्लाहकार डा पोषराज पाण्डे, योजना आयोगका माननीय सदस्य, नेपाल सरकारका मुख्य सचिव, नेपाल राष्ट्र बैंकका कामु गभर्नर, नेपाल उद्योग परिसंघका का वा अध्यक्ष, नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष, घरेलु तथा साना उद्योग महासंघका अध्यक्ष, राष्ट्रिय उद्योग व्यापार महासंघका अध्यक्ष, राष्ट्रिय उद्यमी व्यवसायी महासंघका प्रतिनिधि एवं नेपाल बैंकर्स संघका अध्यक्षको सहभागिता थियो ।




कार्यक्रममा स्वागत मन्तव्य राख्दै अध्यक्ष श्री चन्द्र प्रसाद ढकालले बहुराष्ट्रिय कम्पनीले राम्रो मुनाफा आर्जन गरिरहेको अवस्थामा पनि उल्लेख्य रुपमा विदेशी लगानी बढ्न नसक्नु, बजेटमा निजी क्षेत्रले आशा गरे अनुसारको सुहलियतको व्यवस्था नहुनु, मौद्रिक नीतिमा निजी क्षेत्रका सुझाव नसमेटिनु, अर्थतन्त्रलाई लयमा ल्याउनको लागि समयमा सही नीति लिन नसक्दा अर्थतन्त्र संवेदनशील मोडमा पुगेको उल्लेख गर्नु भयो । साथै उहांले उच्च व्याजदरको समस्या र नयां आर्थिक सुधारको लागि तत्काल नीतिगत कार्यक्रमको घोषणा गर्न आवश्यक देखिएको, सरकार, नियमन निकाय र निजी क्षेत्र सवैका कारण सिर्जित समस्याको समाधान सबै मिलेर गर्नुपर्ने कुरामा जोड दिदैं आर्थिक वृद्धिका लागि कर्जा प्रवाह मात्रै आवश्यक नभएर सरकारले खर्च गर्नु आवश्यक रहेको लगायतका धारणाहरु राख्नु भएको थियो । उहाँले समस्या समाधानका लागि सर्वपक्षीय छलफल गरि उच्चस्तरिय आयोग वा संयन्त्र निर्माण गर्नुपर्ने माग गर्नुभयो ।






कार्यक्रममा प्रा. डा. अच्यूत प्रसाद वाग्लेले आर्थिक सुधारका लागि सरकार, केन्द्रिय बैंक, निजी क्षेत्र, बैंक वित्तिय संस्था तथा अन्य सरोकारवालाहरु, अर्थविद् एवं मिडियाको भूमिका बारे प्रस्तुती गर्नु भएको थियो । प्रस्तुतीमा उहांले अर्थतन्त्रको समस्या समाधान भयो भने ८० देखि ९० प्रतिशत समस्या स्वतः समाधान हुने वताउनुभयो । तर लगानी, उत्पादकत्व, रोजगारी, वितरण, न्याय, समृद्धि, जीवनस्तर लगायतको पाटोमा बहस कुनै पनि तहमा नभएको उल्लेख गर्दै, विधिचक्र र समृद्धिचक्र उत्तिकै गतिमा घुम्नु पर्ने र विधिचक्र मात्रै घुमेको घुम्यै गरेको र समृद्धि चक्र माथि कुनै वहस हुन नसकेको बताउनु भयो । यी दुवैमा ओभरल्यापिङ्ग हुनुपर्ने र समृद्धिको मुख्य शर्त यही हो तर यो हुन नसकेको प्रस्तुती गर्नुभएको थियो ।


उच्चस्तरीय संयन्त्र गठनको तयारी

अर्थतन्त्र सुधार्न 'मेजर अप्रेसन' : प्रधानमन्त्री

Govt ready to form commission to cure economic ailments: PM

karobar

विकास साझेदारको दबाब स्वीकार गर्दिनं

त्यसैगरी व्यापार घाटा बढ्ने दयनीय अवस्था रहेको, पूजी पलायन, प्राथमिकतापूर्ण क्षेत्रमा लगानी गरेको तर त्यसले प्रतिफल दिने गरी फिस्कल स्पेसलाई उपयोग गर्ने भन्दा संकट र खाडल परिसकेपछि ऋण उठाएर तिर्ने जुन पद्दती छ यो फिस्कल स्पेसको प्रकृया र सदुपयोगलााई अलिक अगाडी लिएर जानुपर्ने कुरामा जोड दिदैं पूजीगत खर्च हुन नसकेको विषयमा छलफल हुन नसकेको, मौद्रिक नीति र वित्त नीति बीचको सहकार्य हुनुपर्ने, डायस्पोराको शक्तिलाई नेपालले


'माइनर अप्रेशन'ले अर्थतन्त्र सुधार असम्भव : प्रधानमन्त्री


अर्थतन्त्र सुधार्न उच्चस्तरीय संयन्त्रमा जोड


साहसिक निर्णय लिन्छु : प्रम


अर्थतन्त्र सुधारका लागि उच्चस्तरीय संयन्त्र बनाउन माग

उपयोग गर्न नसकेको, शेयर मार्केट सुधार आवशयक रहेको, कृषिलाई व्यवसायिकस्तरमा लाग्नुपर्ने, पर्यटकलाई भ्याल्यू टुरिजम तिर लिएर जानु पर्ने र त्यसको लागि वातावरण बनाउनुपर्ने, डिजिटल इकोनोमी र फाइनेन्सियल हवलाई अगाडी लिएर जानुपर्ने लगायतका विषयमा चर्चा गर्नुभएको थियो ।

नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष राजेन्द्र मल्लले निमायकको हस्तक्षेपका कारण उद्योगी व्यवसायी समस्यामा रहेको, घरजग्गाको कारोबारमा देखिएको समस्याले समग्र अर्थतन्त्र शिथिल बनाएको उल्लेख गर्दै पर्यटन उद्योगलाई सरकारले सहजीकरण गर्नुपर्ने बताउनु भएको यियो । परिसंघका कार्यवाहक अध्यक्ष श्री विरेन्द्र पाण्डेले उद्यमी व्यवसायीले भोग्नु परेका समस्या अवगत गराउनुभएको थियो । नेपाल उद्योग तथा व्यवसायी महासंघका अध्यक्ष भागीरथ सापकोटाले अर्थतन्त्रको सुधारका लागि सरकारले तत्काल आयोग घोषणा गर्नुपर्ने धारणा राख्नु भएको थियो भने नेपाल उद्योग व्यापार महासंघका अध्यक्ष खिमलाल भण्डारीले राष्ट्र बैंक, बैकिङ्ग क्षेत्र लगायत सवै क्षेत्रमा समस्या रहेकोले अर्थ व्यवस्थाको संरचनागत सुधार गर्नुपर्ने धारणा राख्नु भएको थियो । त्यसैगरी गैर आवासीय नेपाली संघका अध्यक्ष कुल आचार्यले नेपाली बैंकलाई विदेशी बैंकसंग जोड्नुपर्ने, शिक्षामा लगानी गरेर विदेशी लगानीको हव बनाउनुपर्ने, नेपाली सम्पत्ति बेचेर विदेशमा नलैजान आग्रह गर्नु भएको थियो । कार्यक्रममा वक्ताहरुले आ आफनो क्षेत्रको धारणा सहित समस्या समाधानका सम्बन्धमा विचारहरु राख्नु भएको थियो ।



पुष्पकमल दाहाल प्रचण्डले अर्थतन्त्रको समस्या समाधान गर्न उच्चस्तरीय संयन्त्र बनाउन सरकार त

कार्यक्रममा प्रमुख अतिथि प्रधानमन्त्री पुष्पकमल दाहाल “प्रचण्ड”ले अर्थतन्त्र माथि परेको दवावलाई समाधान गर्न बोल्ड डिसिजन आवश्यक रहेको, सरकारी कार्यक्रम बनाउने नीति, प्रकृया र विधि बजेट निर्माणको प्रकेया र विधिमा गम्भिर आत्मसमिक्षा गरिने वताउनुभयो । महासंघका अध्यक्ष

ढकालले राखेको प्रस्ताव अनुरुप नै समस्या समाधानका लागि सर्वपक्षीय छलफल आयोजना गर्ने र सुधारका लागि उच्चस्तरिय संयन्त्र निर्माण गर्ने आश्वासन उहाँले दिनुभयो। कतै न कतै समस्या रहेको स्वीकार गर्दै उहाँले निजी क्षेत्रको सुझाव अनुसार तत्कालिन आर्थिक सुधारको लागि एक उच्च स्तरीय संयन्त्र गठन गर्न आफु सकारात्मक रहेको बताउनु भयो।

कार्यक्रमको अन्त्यमा बरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले धन्यवाद ज्ञापन गर्नु भएको थियो। धन्यवाद ज्ञापनको क्रममा उहांले उचित नीतिगत निर्णयका साथै संरचनागत सुधार गर्दै जाने हो भने नेपालको आर्थिक समृद्धि चाडो हुने र यसको लागि नीति निर्माता, कर्मचारी प्रशासन, निजी क्षेत्र क्षेत्र पनि संरचनागत सुधार लागि तयार हुनुपर्ने धारणा राख्नु भएको थियो। साथै उहांले उत्पादन र बजारमुखी नीतिगत सुधार, प्रविधिको प्रयोग, अर्थतन्त्र सुदृढीकरण, संस्थागत सुधार, निजी क्षेत्रका लागि वैदेशिक ऋण र लगानीमा सहजीकरण, पूर्वाधार विकासमा राज्यको ध्यानकेन्द्रित हुनपर्ने, साना मझौला र ठूला उद्योगको प्रतिस्पर्धी क्षमता बढाउन नीतिगत र संरचनागत सुधार गर्नुपर्ने, दीगो अर्थतन्त्रको निर्माणको लागि उत्पादनमूलक उद्योगमा आधारित भ्याल्यु चेनमा जोड दिनुपर्ने, कृषि जडिबुटी, उर्जा, हस्तकला, पर्यटन, स्टार्टअप, सूचना प्रविधि उद्योगहरुलाई पर्याप्त नीतिगत संरक्षण र प्रोत्साहन दिई निर्याततर्फको प्रतिस्पर्धी क्षमता बढाउनुपर्ने धारणा राख्नु भएको थियो।

## सर्वपक्षीय छलफल आयोजना




नेपाल उद्योग वाणिज्य महासंघले मिति २०८० असोज २५ गते आयोजना गरेको राष्ट्रिय आर्थिक बहस कार्यक्रममा जनाइएको प्रतिवद्धता अनुरुप सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ले निजी क्षेत्र सहित सर्वदलीय र सर्वपक्षीय छलफल आयोजना गर्नुभयो। कार्यक्रममा सम्माननीय प्रधानमन्त्री दाहालले महासंघको आग्रह समेतलाई ध्यानमा राखी छलफल आयोजना गरिएको जानकारी गराउनुभयो। छलफलमा महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालले मिति २०८० असोज २५ गते महासंघले आयोजना गरेको राष्ट्रिय आर्थिक बहसले अर्थतन्त्र सुधारका लागि उच्चस्तरीय संयन्त्र निर्माणको प्रस्तावका साथै आर्थिक क्षेत्रसँग सम्बन्धित विभिन्न निकायहरुलाई थप सहयोग, समन्वय र सहजीकरण गर्नु पर्ने माग बमोजिम छलफल आयोजना गर्नुभएकोमा सम्माननीय प्रधानमन्त्रीलाई धन्यवाद दिनुभयो। छलफल कार्यक्रममा महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालले अर्थतन्त्र सुधारका लागि सरकारको तर्फबाट र केन्द्रिय बैंकबाट गर्नुपर्ने काम बुँदागत रुपमा प्रस्तुत गर्नुभयो। लगानी मैत्री वातावरण बनाई आर्थिक गतिविधि बढाउनुपर्ने, सरकारको पूजीगत खर्च बढाउने कामलाई गतिदिनुपर्ने, आर्थिक गतिविधिलाई असर गर्ने अराजक गतिविधिलाई नियन्त्रण गर्नुपर्ने, सरकारले आन्तरिकका साथै बाह्य ऋण लिएर विकासका कामलाई तिब्ररुपमा अघि बढाउनुपर्ने, अहिलेको अवस्थामा पर्याप्त

रुपमा रहेको विजुलीको खपत बढाउनुपर्ने र उद्योगलाई सहुलियत दिनुपर्ने, पर्यटन प्रवर्द्धनका लागि निर्माण सम्पन्न भएका विमानस्थलहरुलाई संचालनमा ल्याउनुपर्ने र सडक यातायात सहज बनाउनुपर्ने, अध्ययनको

लागि मुलुक बाहिर जानेको संख्या बढ्न गई पूजी बाहिर गएकोले केही खास प्राविधिक विषयका कलेजहरु खोल्नुपर्ने अध्यक्ष ढकालको भनाइ थियो । त्यसैगरी अर्थतन्त्रलाई चलायनमान बनाउन पूजी प्रवाहमा देखिएको अवरोधहरु हटाउनुपर्ने, साना तथा मझौला व्यवसायलाई प्रवाह हुने कर्जालाई सहज बनाउनुपर्ने, कृषि, पर्यटन पूर्वाधार र आइसिटि लगायतकासेवा तथा उत्पादनमूलक क्षेत्रमा पुर्नकर्जा र करमा सहुलियत सहितको प्याकेजको व्यवस्था हुनुपर्ने, गाउँसम्म सहजै  रेमिट्यान्स पुग्ने व्यवस्था हुनुपर्ने, बैंकहरुलाई ऋणीको अवस्था हेरि केहि समयका लागि पुर्नसंरचना र पुर्नतालिकीकरण लगायतको अधिकार दिईनुपर्ने लगायतका विषयमा आफ्नो धारणा व्यक्त गर्नु भएको थियो ।



कार्यक्रममा सम्माननीय प्रधानमन्त्री दाहालले विशेषगरि महासंघको माग बमोजिम उद्योग वाणिज्य प्रवर्द्धन सम्वाद परिषदलाई पुर्नजिवित गरिने र त्यसमा छलफल गरि आवश्यक भएमा निजी क्षेत्र सम्मिलित उच्चस्तरिय संयन्त्र पनि निर्माण गरिने वताउनुभयो ।

छलफलमा प्रधानमन्त्री दाहालले मुलुकको अर्थतन्त्र सुधारको लागि सरोकारवाला सवै पक्षबाट सरकारले सुझाव लिन चाहेको धारणा राख्नु भएको थियो । उक्त छलफलमा पुर्व प्रधानमन्त्री श्री माधव कुमार नेपाल, नेपाली कांग्रेसका महामन्त्री श्री गगन थापा, राष्ट्रिय स्वतन्त्र पार्टीका उप सभापति डा स्वर्णिम वाग्ले लगायतका नेता र उद्यमी व्यवसायीले अर्थतन्त्र सुधारका लागि आ आफ्नो धारणा राख्नुभएको थियो ।



अर्थतन्त्र सुधार्न तत्काल यसो गरौ

आत्मबल बढाउने योजना ल्याऊः निजी क्षेत्र

अर्थतन्त्रको अवरोध हटाउन संवाद परिषद् गठन

आर्थिक अराजकता बढेको ठहर



'sitting on their hands' as the economy falters

Govt seeks cooperation to improve economy

## चालुपूँजी कर्जा मार्गदर्शनमा आंशिक संसोधन


चालू पुँजी कर्जा मार्गदर्शन संशोधन सकारात्मक : महासंघ
तर, कर्जा सम्बन्धमा गरिएको व्यवस्थाप्रति ध्यानाकर्षण

संशोधनमा महासङ्घको असन्तुष्टि

'चालू पुँजी कर्जा मार्गदर्शनको संशोधन सकारात्मक'

नीतिले अर्थतन्त्र जटिल अवस्थामा'

चालु पुँजी कर्जा मार्गदर्शन संशोधनप्रति निजीक्षेत्रको असन्तुष्टि

नेपाल राष्ट्र बैंकले चालु पूजी कर्जा मार्गदर्शनमा संशोधन गरेको छ। सो संशोधनले महासंघद्वारा उठाउदै आएका माग आंशिक रूपमा संशोधन भएका छन्। तर राष्ट्र बैंकले एकिकृत निर्देशनमा संशोधन गरी कर्जा सम्बन्धमा गरिएको व्यवस्था प्रति महासंघको ध्यानाकर्षण भएकोछ। एकिकृत निर्देशनमा कुनै पनि कर्जा निष्कृय वर्गमा वर्गिकरण भएमा कर्जाको भाका नाघेको बक्यौता रकम भुक्तानी गरी लगातार ६ महिनासम्म कर्जाको किस्ता वा व्याज नियमित भएको अवस्थामा मात्र असल वर्गमा स्तरोन्तती गरी सोही बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने व्यवस्था गरिएबाट समस्या आउने देखिएको छ। त्यसैगरी कुनै समूहभित्रको कुनै एक ऋणिले लिएको कर्जा निष्कृय वर्गमा वर्गिकरण भएमा समूहमा रहेको अन्य ऋणिहरूको उक्त ऋणिसंगको व्यावसायिक अन्तरसम्बन्धबाट पर्ने असरको विश्लेष्ण गरी उक्त ऋणिबाट प्रत्यक्ष रूपमा प्रभावित हुने समूहका अन्य ऋणिहरूलाई समेत सोही निष्कृय वर्गमा वर्गिकरण गर्नुपर्ने व्यवस्था गरिएको छ। यी दुई प्रावधानले निजी क्षेत्रलाई हतोत्साहि बनाउनुका साथै बैक वित्तिय संस्थाको खराव कर्जा अनुपात बढ्न गई अर्थतन्तमा नै प्रतिकूल असर पर्ने भएकोले यसको तत्काल संशोधन आवश्यक रहेकोछ।

## मौद्रिक नीति २०८०।८१ को प्रथम त्रैमासिक समिक्षामा सम्बोधनः

महासंघको निरन्तरको पैरवी पछि सरकार र केन्द्रिय बैंक अर्थतन्त्र सुधारमा सम्वेदनशील देखिन थालेका छन्। चालु आर्थिक बर्षको मौद्रिक नीतिको प्रथम त्रैमासिक समिक्षामा महासंघका माग सम्बोधन भए।

प्रथम त्रैमासिक समिक्षामा केन्द्रिय बैंकले नीतिगत दर घटाएको छ। यसले महासंघको सुझाव अनुरुप मुद्यति निक्षेपको ब्याजदर घटन सहयोग पुग्नेछ। कोरिडोर प्रभावकारी रुपमा कार्यान्वयन भए ब्याजदर निक्कै तल जानबाट पनि रोकिने छ। जुन सकारात्मक हो।

यसैगरि बैंक तथा वित्तीय संस्थाले समस्यामा परेका ऋणीहरूबाट प्राप्त निवेदनको विश्लेषणका आधारमा बक्यौता ब्याजको दश प्रतिशत रकम असूल गरी कर्जा पुनरसंरचना गर्न सक्ने अवधि २०८० चैत मसान्तसम्म कायम गरी पुनरसंरचना गर्न सक्ने क्षेत्रहरूको विस्तार गरिएको छ। यसले समस्यामा रहेका ऋणीलाई केहि सहुलियत दिनेछ। महासंघले पुर्नसंरचना र पुर्नतालिकीकरणको अधिकार बैंक र ऋणीलाई नै दिन माग गरेका थियौ। हाम्रो माग आंशिक सम्बोधन भएको छ। अझै यसमा सहज बनाउन जरूरी छ।

साथै, बैंक तथा वित्तीय संस्थाले प्रदान गर्ने रियल स्टेट कर्जा र रू.५० लाखभन्दा बढीको सेयर धितो कर्जाको जोखिम भार घटाई १२५ प्रतिशत कायम गरिएको छ। रू.५० लाख सम्मको आवास कर्जाको हकमा मासिक किस्ता आम्दानी अनुपात बढाई ६० प्रतिशत कायम गरिएको छ। यसले घरजग्गा र सेयर बजारलाई चलायमान बनाउने अपेक्षा गरिएको छ। महासंघले घरजग्गा र सेयर बजार पनि अर्थतन्त्रको मुख्य हिस्सा रहेकोले यसमा सहजीकरणको माग गर्दै आइरहेको थियो। अब यसको प्रभाव बजारमा कस्तो पर्छ हेर्न बाकि छ। तर यो सकारात्मक दिशातिरको कदम हो।

स्थानीय विप्रेषण कारोवारको सीमासम्बन्धी व्यवस्थामा पुनरावलोकन गरिने समिक्षामा उल्लेख छ। आन्तरिक विप्रषण सेवा रोकिदा गाउमा रहेका अनौपचारिक क्षेत्रमा काम गर्ने र न्युन आय वर्ग बढि प्रभावित थिए। हामीले यसलाई खोल्न निरन्तर माग गरिरहका थियौ। यसमा पुनरावलोकन गर्ने बिषय सकारात्मक छ। यसलाई तत्काल कार्यान्वयन गर्नुपर्छ।

२०८० चैतसम्म निवेदन दिएमा त्यस्ता लघुवित्तका ऋणीहरूको कर्जालाई पुनरसंरचना गर्न सक्ने व्यवस्था गरिने छ। यसले साना ऋणीलाई सहयोग पुग्नेछ। मौद्रिक नीतिको कार्यदिशा, संरचना, लक्ष्य र उपकरणका सम्बन्धमा सुझावका लागि बाह्य विज्ञहरू सम्मिलित मौद्रिक नीति सल्लाहकार समिति गठन गरिने पनि समिक्षामा उल्लेख छ। विज्ञ सम्मिलित टोली गठन गरिने बिषय सकारात्मक छ। तर अर्थतन्त्रमा वहुआयामिक समस्या रहेकाले राष्ट बैंक सहित अन्य निकाय सम्मिलित संयन्त्र आवश्यक छ।

महासंघका माग समयमै सम्बोधन भएको भए अर्थतन्त्र ठूलो चाप पर्ने सम्भावना रहने थिएन। मुलतः आन्तरिक नीतिका कारण सिर्जित समस्या समाधानका लागि अझै पहल आवश्यक छ।

## लगानी प्रवर्द्धनमा विशेष पहल

आर्थिक बर्ष २०७९।८० मा वैदेशिक लगानी ६५ प्रतिशतले घट्यो। नेपालमा विदेशी लगानी र अर्थतन्त्रको अनुपात ०.२ प्रतिशत छ। शुरूमा तरलता अभाव, सरकारी नियन्त्रण र त्यसपछि न्युन मागका कारण स्वदेशी लगानी पनि संकुचित हुँदै गएको सन्दर्भमा लगानी अभिवृद्धिमा विशेष पहल गरियो। यसका लागि अन्तराष्टियस्तरमा सम्मेलन आयोजना गरिनुका साथै सातै प्रदेशमा लगानी सम्मेलन आयोजन गर्ने तयारी भैरहेको छ।

## नेपाल–भारत विजनेस समिट :

नेपाल उद्योग वाणिज्य महासंघ र साझेदार संस्था भारतीय उद्योग परिसंघको संयुक्त आयोजनामा भारतमा पहिलोपटक नेपाल-भारत बिजनेस समिटको आयोजना गरियो । सम्माननीय प्रधानमन्त्री पुष्प कमल दाहालको मिति २०८० जेष्ठ १७ गतेदेखि भएको ४ दिने औपचारिक भारत भ्रमणको क्रममा जेठ १८ गते सांझ नयां दिल्लीमा समिट आयोजना गरिएको थियो । प्रधानमन्त्री दाहाल प्रमुख अतिथि रहनुभएको उक्त समिटमा भारतीय वाणिज्य तथा उद्योग मन्त्री पीयूष गोयल विशिष्ट अतिथि हुनुहुन्थ्यो ।

समिटलाई सम्वोधन गर्दै प्रधानमन्त्री दाहालले भारतीय लगानीकर्तालाई नेपालमा वातावरण सुधार हुदै गएको र लगानी विस्तार गर्न आग्रह गर्नुभयो । मन्त्री गोयलले नेपाल भारत एकै परिवार रहेकोले एक अर्काको समृद्धिमा साथसाथै रहने वताउनुभयो । समिटलाई सम्वोधन गर्दै प्रधानमन्त्री दाहालले भारतीय लगानीकर्तालाई नेपालमा वातावरण सुधार हुदै गएको र लगानी विस्तार गर्न आग्रह गर्नुभयो ।

सम्मेलनमा महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालले लगानी मैत्री नीति, नियम तथा कानुनी सुधारमा भइरहेका प्रयासहरुले अहिले नेपालमा लगानी गर्ने उपयुक्त समय रहेको वताउनु भयो । यसैगरि उहाले नेपालमा रहेका भारतीय कम्पनीहरुले राम्रो नाफा आर्जन गरिरहेको दृष्टान्त पेश गर्दै यो सफलताको उदाहरण नै नेपालमा लगानी गर्न प्रर्याप्त आधार रहेको बताउनु भयो ।




भारतीय उद्योग परिसंघका अध्यक्ष आर दिनेशले भारत र नेपाल बीचको भौगोलिक निकटताको लाभ उठाउन र पारस्परिक विकासको लागि एक अर्काको बजारहरूका अवसर छोप्न उद्योगी व्यवसायीहरुलाई आग्रह गर्नुभयो । लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले अरुण तेस्रो जस्तो ठुलो आयोजनाको सफल कार्यान्वयनले नै नेपाल लगानीका लागि सहज छ भन्ने स्पष्ट संदेश दिएको बताउनुभएको थियो ।



## चीनको बेइजिङ्गमा नेपाल-चीन विजनेस समिटः




नेपाल उद्योग वाणिज्य महासंघ र चाइना काउन्सिल फर प्रोमोसन अफ इन्टरनेशनल टेड (CCPIT) को संयुक्त आयोजनामा चीनको बेइजिङ्गमा २०८० असोज ७ गते नेपाल-चीन बिजनेस समिटको आयोजना भएको थियो । सम्माननीय प्रधानमन्त्री पुष्प कमल दाहाल “प्रचण्ड” को असोज ६ गतेदेखि भएको साताव्यापी चीन भ्रमणको क्रममा असोज ७ गते चीनको बेइजिङ्गमा समिट आयोजना गरिएको थियो ।

सम्माननीय प्रधानमन्त्री पुष्प कमल दाहाल “प्रचण्ड” को प्रमुख आतिथ्यतामा चीन सरकारका उच्चपदस्थ अधिकारी र प्रधानमन्त्रीको भ्रमण दलमा सहभागी नेपाली उच्च अधिकारीहरु सहित चीनियां कम्पनीका करिव १२० जना प्रतिनिधि र नेपालका तर्फबाट महासंघका पदाधिकारी सहित करिव ५० जना उद्योगी व्यवसायीको सहभागिता रहेको उक्त समिटमा महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले चीनियां लगानीकर्ताहरुलाई आव्हान गर्नुको साथै दुई देश बीचको आपसी सम्बन्धले आर्थिक क्षेत्रको विकासका साथै प्रवर्द्धन, निर्यात प्रवर्द्धनका लागि यो समिट महत्वपूर्ण हुने धारणा राख्नु भएको थियो । यसैगरी अध्यक्ष श्री चन्द्र प्रसाद ढकालले विदेशी लगानी सहजीकरणको लागि महासंघमा विदेशी लगानी सहायता कक्ष स्थापना गरेको जानकारी गराउनु भएको थियो ।



CCPIT का उपाध्यक्ष झांग साओगांमले महासंघ पुरानो साझेदार संस्था रहेको उल्लेख गर्दै द्विपक्षीय व्यापार अभिवृद्धिका साथै नेपालमा लगानी बढाउन र नेपालका उत्पादन आयात गर्न CCPIT ले सहयोग गर्ने बताउनु भएको थियो ।



समिट शुरू हुनु भन्दा अघि महासंघ र CCPIT का पदाधिकारीहरू बीच दुई संस्थाको सहकार्य विस्तार, संयुक्त परियोजनाको कार्यान्वयन, नेपाल चीन लगानी एवं व्यापार सहजीकरणका विषयमा द्विपक्षीय छलफल




भएको थियो । छलफलमा महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकाल सहित निवर्तमान अध्यक्ष शेखर गोल्छा, बरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठ, उपाध्यक्षहरू हेमराज ढकाल र ज्योत्सना श्रेष्ठ, महसांघका कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउत, कर्णाली प्रदेशका अध्यक्ष पद्‌म बहादुर शाही, कार्यकारिणी समितिका सदस्यहरू मनोज पौडेल, हरिबहादुर कार्की, शोभा ज्ञवालीको बैठकमा सहभागिता रहेको थियो ।

## नेपाल दुवई विजनेश फोरमको आयोजना :

नेपाल उद्योग वाणिज्य महासंघले सम्भवतः पहिलोपटक दुवइमा नेपाल दुवइ बिजनेस फोरम आयोजना गऱ्यो । दुवइ चेम्बर्ससंगको सहकार्यमा आयोजित उक्त कार्यक्रममा सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल प्रचण्ड प्रमुख अतिथि हुनुहुन्थ्यो । विशेष अतिथिका रुपमा युएइका अर्थराज्य मन्त्री अर्थ राज्यमन्त्री अब्दुल्लाह अहमद एल सलेह हुनुहुन्थ्यो ।

नेपाल उद्योग वाणिज्य महासंघ र दुबई चेम्वरद्वारा संयुक्तरुपमा मिति २०८० मंसीर १४ गते दुबईमा आयोजना गरिएको नेपाल युएई बिजनेस फोरमलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले नेपाललाई लगानी गन्तव्य बनाउन आग्रह गर्नु भएको हो । सम्मेलन यूएईस्थित नेपाली राजदूतावासको सहयोगमा आयोजना गरिएको थियो ।




सो अवसरमा युएईका अर्थ राज्यमन्त्री अब्दुल्लाह अहमद एल सलेहले नेपालको ऊर्जा तथा पर्यटन क्षेत्रमा लगानी बढाउन सकिने बताउनु भयो । उहांले नेपाल र युएई बीच सुमधुर सम्बन्ध रहेकोले व्यवसायिक सम्बन्ध पनि बलियो बनाउंदै लैजान तयार रहेको विश्वास दिलाउनु भयो । सोही फोरमलाई सम्बोधन गर्नुहुंदै महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले पनि युएईका लगानीकर्ताहरूलाई नेपालमा लगानी बढाउन तथा नयां लगानीका अवसर छोप्न आग्रह गर्नु भयो । अध्यक्ष चन्द्र ढकालले नेपालको अर्थतन्त्रमा देखिएको सुधारले लगानीकर्ताहरूलाई नयां अवसरहरू सृजना भएको बताउनु भयो । अध्यक्ष ढकालले ऊर्जा, पर्यटन, कृषि प्रशोधन र आईसीटी गरी चार क्षेत्रहरूमा लगानीको आकर्षण रहेको बताउनु भयो । आफनै आन्तरिक बजार तथा भारत र बङ्गलादेशका क्षेत्रीय बजारहरूमा ऊर्जाको माग बढिरहेकाले नेपालको जलविद्युतमा गरिने लगानीले उच्च प्रतिफल दिने अध्यक्ष ढकालले उल्लेख गर्नु भयो । अध्यक्ष ढकालले थप पर्यटकहरूलाई स्वागत गर्न नेपालमा नयां अन्तर्राष्ट्रिय विमानस्थलहरू सञ्चालनमा आएको र निजी क्षेत्रले लक्जरी होटेल तथा रिसोर्टहरूमा लगानी बढाएको पनि उल्लेख गर्नु भयो । युएईका लगानीकर्ताहरूलाई होटल, केबलकार, थिम पार्क र हिल स्टेसन लगायतका पर्यटन पूर्वाधारमा लगानी साझेदारीका लागि समेत उहांले आग्रह गर्नु भयो । अध्यक्ष ढकालले नेपालको उच्च हिमाली क्षेत्रका कृषि उत्पादन तथा जडिबुटीको बिश्व बजारमा माग रहेको र कृषि प्रशोधनमा समेत लगानीका थप अवसरहरू रहेकोतर्फ युएईका लगानीकर्ताहरूको ध्यानाकर्षण गराउनु भयो । डिजिटल अर्थतन्त्रको विकासले आइसिटी क्षेत्रमा युवाहरूको आकर्षण बढेकाले यस क्षेत्रमा समेत लगानी साझेदारीका सम्भावनाहरू प्रशस्त रहेको उहांले सो अवसरमा उल्लेख गर्नु भयो । व्यापार र लगानीमा बैङ्किङ तथा वित्तीय क्षेत्रको महत्वपूर्ण भूमिका





रहेकोले नेपालको बैङ्किङ क्षेत्रमा युएईको लगानी प्रवर्द्धन गर्न पनि अध्यक्ष ढकालले आग्रह गर्नु भयो । कडा परिश्रम र इमानदारिताका लागि नेपाली श्रम शक्ति परिचित रहेकोतर्फ ध्यानाकर्षण गराउँदै अध्यक्ष ढकालले श्रमिकहरूलाई थप दक्ष बनाउन प्राविधिक तथा व्यावसायिक जनशक्ति विकासमा समेत लगानी गर्न सकिने सुझाव उहांको थियो । नेपाल युएई बीच द्विपक्षीय लगानी सम्झौताको मस्यौदा तयार गर्ने प्रधानमन्त्री दाहालको प्रतिवद्धताप्रति आभार व्यक्त गर्दै अध्यक्ष ढकालले लगानी प्रवर्द्धनमा सरकारको सहयोग महत्वपूर्ण हुने बताउनु भयो । दुई देशबीचको आर्थिक सम्बन्धलाई मजबुत बनाउन सबै तहमा सहकार्य गर्न नेपाल उद्योग वाणिज्य महासंघ तत्पर रहेको पनि अध्यक्ष ढकालले जानकारी गराउनु भयो ।

दुबई चेम्वर्सका अध्यक्ष तथा कार्यकारी प्रमुख मोहमद लूताहले महासंघको सहकार्यमा सम्मेलन आयोजना गर्नु सुखद भएको बताउनुभयो । साथै आगामी दिनमा पनि लगानी प्रवर्द्धनमा व्यापार विस्तार गर्न *महा*संघसंग सहकार्य गरिने बताउनु भयो । महासंघको लगानी तथा अन्तर्राष्ट्रिय सम्बन्ध फोरमका सभापति मनोज पौडेलले नेपालमा लगानी सम्भावना बारे प्रस्तुति गर्नुभयो । महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले धन्यवाद ज्ञापन गर्नु भएको थियो । दुबईमा आयोजित नेपाल युएई बिजनेस फोरममा दुई देशका करिब १७० गानीकर्ता, सरकारी अधिकारी, संचारकर्मी लगायतको उपस्थिति रहेको थियो ।




## <u>लगानी निरुत्साहित हुने कारण पहिचान गर्न अध्ययन</u>

नेपालमा संचालित अधिकांश वहुराष्टिय कम्पनी नाफामा संचालित भएपनि नयाँ लगानी आउन नसक्नुको कारण पहिल्याउन अध्ययन भएको छ । उक्त अध्ययनले नयाँ लगानी नआउनुका कारण पहिल्याउनुका साथै सुधारका उपाय पनि सुझाएको छ ।

## द्विपक्षीय लगानी सम्झौताको खाका तयार

नेपाल उद्योग वाणिज्य महासंघले सम्भावित लगानी हुने मुलुकसंग द्विपक्षीय लगानी सम्झौता आवश्यक रहेको माग राख्दै आएको थियो । विशेषगरि मध्यपूर्वका देशहरुले उक्त सम्झौताको आवश्यकतामा जोड दिएका थिए ।

महासंघको माग र सहभागितामा द्विपक्षीय लगानी सम्झौताको खाका उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले तयार पारेको छ । यसले लगानी बढाउन र नेपालप्रति विश्वास अभिवृद्धि गर्न मदत पुग्नेछ ।

## लगानी लक्षित १२ ऐन नियममा संसोधन

सरकारले आगामी वैशाखमा लगानी सम्मेलन आयोजना गर्न अर्थमन्त्रीको संयोजकत्वमा निर्देशक समिति, मुख्य सचिवको नेतृत्वमा कार्यान्वयन समिति, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवको संयोजकत्वमा प्राविधिक समिति र बोर्डका प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा सचिवालय गठन गरी काम अगाडि बढाएको छ ।




लगानी सम्मेलनलाई लक्षित गरी कानुनी सुधारको सुझाव पेस गर्न सरकारले निजी क्षेत्रको छाता संगठनको प्रतिनिधित्व समेत रहेको सुझाव कार्यदल गठन गरेको थियो ।

मुलुकमा स्वदेशी एवं विदेशी लगानी आकर्षित गर्न एक दर्जन कानुन र नियमावलीमा संशोधन प्रस्ताव सहित कार्यदलले मुख्यसचिव डा. बैकुण्ठ अर्याललाई सुझाव पेश गरेको थियो । औद्योगिक व्यवसाय ऐन २०७६, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५, विशेष आर्थिक क्षेत्र ऐन २०७३, वन ऐन २०७६, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९, भूमिसम्बन्धी ऐन २०२१, जग्गा प्राप्ति ऐन २०३४, वातावरण संरक्षण ऐन २०७६, विद्युतीय कारोबार ऐन २०६३, नागरिक उड्ययन ऐन २०५३, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ र वन नियमावली, २०७९ मा संशोधनको आवश्यकता औंल्याइ संशोधनको लागि सुझाव दिइएको थियो ।

लगानी सम्मेलन अघि यी ऐनको संसोधन पारित हुने अपेक्षा गरिएको छ ।

लगानी सहजीकरण, परियोजना कार्यान्वयन र सञ्चालन तथा नाफा फिर्ता लैजान सरल व्यवस्था गरी नेपाल लगानीको उत्कृष्ट गन्तव्य हो भन्ने सन्देश विश्व समुदायमा पुऱ्याउने उद्देश्य लगानी सम्मेलनको रहेको छ ।

लगानी सम्मेलन निर्देशक समितिको मिति २०८० माघ २५ गते बसेको बैठकले उद्योग, व्यवसाय एवम् लगानीमा देखिएका कानुनी तथा नीतिगत अवरोध हटाउने र निर्माण परियोजना कार्यान्वयनमा अनुभव गरिएका अप्ठ्यारा र ढिलासुस्ती हटाउने उद्देश्यले कानुन संशोधनको प्रस्ताव गरेको थियो ।


निजी क्षेत्रको मनोबल र लगानी सम्मेलन

बैठकमा नीति, कानुन तथा संरचनागत सुधार कार्यदलका संयोजक एवम् प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव एकनारायण अर्यालले कानुनी तथा नीतिगत सुधार सम्बन्धमा तयार भएको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । निजी क्षेत्रसमेतको सहभागितामा तयार गरिएको प्रतिवेदन मुख्य सचिव संयोजकत्वको लगानी सम्मेलन कार्यान्वयन समितिको बैठकमा प्राप्त पृष्ठपोषण समावेश गरी तयार भएको प्रतिवेदनमा आधारित रहेर उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमार्फत लगानी सहजीकरण गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक २०८० मन्त्रिपरिषद्को स्वीकृतिपछि अनुमोदनका लागि संसदीय प्रक्रियामा प्रवेश गर्नेछ ।

बैठकमा अर्थमन्त्री डाक्टर प्रकाशशरण महतले नेपालमा लगानी गर्न अन्तर्राष्ट्रिय लगानीकर्ताहरूले चासो दिइरहेको बताउँदै गम्भीरताका साथ परियोजनाहरूको तयारी गर्न निर्देशन दिनुभयो ।



**<u>एशिया प्रशान्त क्षेत्रीय उद्योग वाणिज्य परिसंघ (CACCI) को ३७ औं सम्मेलनको आयोजना :</u>**

एशिया प्रशान्त क्षेत्रीय उद्योग वाणिज्य परिसंघ (Confederation of Asia –Pacific Chambers of Commerce and Industry-CACCI) को ३७ औं सम्मेलन २०८० साल कार्तिक २० र २१ गते नेपाल उद्योग वाणिज्य महासंघसंगको सहकार्यमा काठमाडौंमा आयोजना भयो । विश्व आर्थिक मञ्चमा राम्रो पहिचान बनाउन सफल यस संस्थाको २६ औं सम्मेलन October 3-5, 2012 मा काठमाडौंमा सम्पन्न भएको थियो । यसवर्ष क्यासीको ३७ औं सम्मेलन पुन नेपालले आयोजना गरेको थियो ।

यस सम्मेलनमा एसिया प्यासिफिक क्षेत्रबाट सदस्य राष्ट्रका ६० भन्दा बढी व्यसायिक नेताहरु र नेपालका प्रतिष्ठित उद्यमी व्यवसायीहरु, सरकारी प्रतिनिधिहरु समेत गरी करिव २ सय भन्दा बढीको सहभागिता रहेको थियो ।

सम्मेलनमा स्वच्छ र नवीकरणीय ऊर्जा, क्षेत्रीय आर्थिक वृद्धि, खाद्य र कृषि, युवा उद्यमशिलता तथा सूचना प्रविधि, पर्यटन, लघु, घरेलु तथा साना उद्यम, जल, ऊर्जा र वातावरण, क्षेत्रीय व्यापार व्यवसाय संजाल विस्तार, एसिया-प्रशान्त क्षेत्रमा विकासका अवसर र चुनौती लगायतका महत्वपर्ण विषयहरुमा एशिया प्रशान्त क्षेत्रका निजी क्षेत्र, विकास साझेदार, दातृ निकाय तथा सरकारी प्रतिनिधिहरु र नीति निर्माताहरुले बिचार व्यक्त गर्नुभएको थियो । निजी क्षेत्रको प्रतिनिधिमुलुक संस्था नेपाल उद्योग वाणिज्य महासंघ यस संस्थाको संस्थापक सदस्य हो ।



सन् १९६६ मा स्थापना भएको संस्था CACCI ले एसिया-प्रशान्त क्षेत्रभित्रका व्यवसायिक संस्थाहरूलाई एकताबद्ध गर्दै यसका सदस्य राष्ट्रहरू बीच आर्थिक सहयोग, व्यापार र लगानी प्रवर्द्धनमा एक सक्रिय साझा मञ्चको रूपमा कार्य गर्दै आएको छ । यस बलियो संजाल र सशक्त पहलहरू मार्फत उद्यमशीलता, दिगो विकास र सीमापार व्यापार सहजीकरणलाई समर्थन गर्ने नीतिहरूको पैरवीमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ ।

संस्थाले नियमित सम्मेलनहरू, सेमिनारहरू र व्यापार फोरमहरू आयोजना गरी सदस्यहरूलाई छलफलमा संलग्न हुन, विचार आदानप्रदान गर्न, र साझेदारी र लगानीका अवसरहरूको अनुसन्धान गर्न साझा प्लेटफर्म समेत प्रदान गर्दै आएको छ ।




सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले समुदघाटन एवं सम्बोधन गर्नु भएको उक्त सम्मेलनको मुख्य थिम **“चेम्वर्स अफ कमर्स हेल्पिङ विजनेश गेट सेट फर द फयूचर”** रहेको थियो । समदुघाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुदै सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले नेपालमा लगानीका अवसरहरु बढ्दै गएकोले नेपालमा कृषि, पर्यटन र उर्जा क्षेत्रमा लगानी गर्न अन्तर्राष्ट्रिय उद्योगी व्यापारीहरुलाई आव्हान गर्नु भएको थियो । त्यसैगरी उहांले नेपाली विद्युतको बजार भारत र बंगलादेश पनि बढ्दै गएकोले जलविद्युतमा लगानी गर्न चाहने उद्यमीहरुका लागि महत्वपूर्ण अवसर बताउनु भएको थियो ।

सम्बोधनमा सम्माननीय राष्ट्रपतिज्यूले आर्थिक विकासको तिव्र चाहना बोकेको हाम्रो देशमा रहेको कृषि, जलश्रोत, पर्यटनजस्ता प्रचुर प्राकृतिक श्रोत र साधनलाई अन्तर्राष्ट्रिय जगतसंग जोड्न लगानी र व्यापारका क्षेत्रमा धेरै अवसर रहेको बताउनु भएको थियो। त्यसैगरी साना र मझौला उद्यमहरु आर्थिक वृद्धि, नविनता र रोजगारी सिर्जनामा महत्वपूर्ण भूमिका खेल्ने भएकोले आर्थिक क्षेत्रको विकास गर्नुपर्ने, आर्थिक वृद्धिलाई सीमापार सम्बन्ध विस्तार गर्नुपर्ने लगायतका विषयमा आफ्नो धारणा राख्नु भएको थियो। त्यसैगरी यो सम्मेलन नेपालको व्यापार, लगानी र एशिया प्रशान्त क्षेत्रका देशहरुसंगको कनेक्टिभिटीलाई आगामी दिनमा अगाडी बढाउने औजार हुने र सम्मेलनमा प्रस्तुत हुने विषय विश्वव्यापी चिन्ता मात्र होइन, नेपालको आर्थिक विकास र दीगोपनका लागि उत्तिकै सान्दर्भिक हुने विश्वास रहेको बताउनु भएको थियो।




कार्यक्रममा राष्ट्रपति रामचन्द्र पौडेलले मिति २०८० कार्तिक १७ गते शुक्रबार राती जाजरकोट र रुकुम पश्चिमका क्षेत्रमा गएको भुकम्पका कारण ठूलो धनजनको क्षति भएकोले पीडितहरुलाई सहयोग गर्न सबै उद्यमी व्यवसायीहरुलाई अपित गर्नु भएको थियो।




सम्मेलनको प्रारम्भमा स्वागत मन्तव्य दिनुहुँदै महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले दिगोपना, उद्यमशीलता र व्यापार, एशिया-प्रशान्त क्षेत्रको समृद्ध भविष्य सिर्जना गर्ने आधार रहेको बताउनु भएको थियो।

मन्तव्यको क्रममा अध्यक्ष श्री चन्द्र प्रसाद ढकालले दुई उदयीमान अर्थतन्त्रहरु चीन र भारतको बीच अवस्थित नेपाल एशिया प्रशान्त क्षेत्रका उद्यमीहरुका लागि आकर्षक लगानी गन्तव्य हुने धारणा राख्नु भएको थियो। एशिया प्रशान्त क्षेत्रका उद्यमी व्यवसायी, लगानीकर्ता, नीति निर्माता, सरकारी र निजी क्षेत्रको सहभागिता रहेको यो सम्मेलन नेपालका लागि थप फलदायी सहयोगी हुने विचार व्यक्त गर्दै नेपालको जलविद्युत, पर्यटन, सूचना प्रविधि र उत्पादनमूलक क्षेत्रमा लगानीको अवसर रहेको वताउनुभयो। पर्यटन पुर्वाधारहरु होटल, केवलकार, थिम पार्क उच्च प्रतिफल दिने क्षेत्र रहेको उहाले वताउनभयो। भारत र बंगलादेशमा नेपाली विद्युत निर्यातको सम्भावना बढदै गएकाले यस क्षेत्रमा लगानी गर्न पनि उहाँले आग्रह गर्नुभएको थियो।




क्यासीका अध्यक्ष पिटर म्याकमुलिन एम (Peter McMullin AM Presidnt, CACCI) ले क्यासीको ३७ औं सम्मेलन नेपालको विकास प्रयासमा सहयोगी हुने विश्वास व्यक्त गर्नुभयो भयो। नेपालमा लगानी, प्रविधि र विकास मोडललाई आकर्षण गर्न सम्मेलन कोशेढुंगा हुने उहांले बताउनु भएको थियो ।

सम्मेलनमा क्यासीका उपाध्यक्ष एवं महासंघका पूर्व अध्यक्ष प्रदीपकुमार श्रेष्ठले नेपालले दोस्रो पटक सम्मेलन आयोजना गर्न पाएकोमा खुशी प्रकट हुदै दीगे एव वातावरण मैत्री उद्यमशीलता विकास, आर्थिक विकासका अनुभव आदान प्रदान गर्न र हाम्रा आर्थिक सम्बन्धहरु विस्तार गर्न सम्मेलन ऐतिहासिक हुने धारणा राख्नु भएको थियो ।




सम्मेलनका मुख्य वक्ता पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईले बढ्दो मध्यम वर्ग, उदीयमान उपभोक्ता बजार नेपालको सवल पक्ष रहेको भन्दै खुद्रा, उपभोग्य वस्तु र सेवालगायतका क्षेत्रमा लगानीको ठूलो सम्भावना रहेको वताउनभयो। यूवा जनसंख्याको बाहुल्यता रहेको नेपालमा लगानीको ठूलो अवसर रहेकाले क्यासी जस्ता मन्चहरुमार्फत लगानी, प्रविधि र विकासका अनुभव ल्याउन हाम्रो प्रयास हुनु पर्ने धारणा उहांले राख्नु भएको थियो ।




अर्थमन्त्री डा. प्रकाशशरण महतले नेपालमा रहेको अवसरलाई सदुपयोग गर्न सम्मेलनका सहभागीहरुलाई आग्रह गर्नुभयो। नेपालमा नविकरणीय उर्जा, पर्यटन, पूर्वाधार, सूचना प्रविधि लगायतका क्षेत्रमा रहेको अपार सम्भावनाको सदुपयोग गर्दै यस क्षेत्रका जनताको जीवनस्तर सुधारमा क्यासी जस्ता संस्थाहरुको अर्थपूर्ण सहयोग नेपालले खोजेको बताउनु भएको थियो ।

समुद्घाटन कार्यक्रममा धन्यवाद मन्तव्य व्यक्त गर्नुहुदै बरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले सम्मेलनले एकता, सहयोग र समृद्ध भविष्यको लागि साझा दृष्टिकोण तय गर्ने विश्वास व्यक्त गर्नुभयो साथै उहांले सम्मेलनले दिने निश्कर्ष नेपाल लगायत एशिया प्रशान्त क्षेत्रकै समृद्धिको लागि महत्वपूर्ण हुने बताउनु भएको थियो ।







## बिमस्टेक बिजनेस फोरम प्रस्तावः

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री चन्द्र ढकालले जेष्ठ ३० गते भारतको कलकत्तामा आयोजित बिमस्टेक विजनेश कन्क्लेभलाई सम्वोधन गर्दै विम्सटेक बिजनेस फोरम स्थापना गर्ने प्रस्ताव गर्नुभयो ।




जसमा अधिकांश सदस्य मुलुकहरू सहमत हुंदै नभेम्बरमा बैंककमा आयोजना हुने विम्स्टेक शिखर सम्मेलन अगाडि फोरम स्थापना गर्नेबारे छलफल भएको छ । यसैगरि सो अवसरमा अध्यक्ष ढकालले बिमस्टेक राष्ट्रहरूमा अन्तरक्षेत्रीय व्यापार र लगानी प्रवर्द्धन गर्न कनेक्टीभीटीमा जोड दिनु भयो । बिमस्टेक राष्ट्रहरू बीचको राम्रो कनेक्टिभिटी र व्यापार व्यवस्थाले एफडिआईलाई आकर्षित गर्न मद्दत पुग्ने उहाँले संवोधनको क्रममा बताउनु भयो ।




विमस्टेक क्षेत्रका व्यवसायिक नेतृत्वको सहभागिता रहेको सो कार्यक्रमलाई संवोधन गर्दै अध्यक्ष ढकालले बिमस्टेकमा अन्तरक्षेत्रीय व्यापार र लगानीलाई प्रवर्द्धन गर्न बिमस्टेक फोरम गठन गर्न प्रस्ताव समेत राख्नु भयो । कन्क्लेभको जेठ ३२ गते आयोजना भएको महिला फोरमको एउटा सत्रलाई महासंघको महिला उद्यमी विकास समितिका सभापति कमला श्रेष्ठले र स्टार्ट अप सेसनलाई स्टार्ट अप तथा इनोभेसन समिति सभापति जुना माथेमाले संवोधन गर्नु भएको थियो ।

## डेडिकेटेड–ट्रंकलाइन विवाद समाधान र विद्युत जोडन सार्थक पहल

गत पौष महिनाको पहिलो साता ठूला उद्योगबाट विजुली काटेर बक्यौता उठाउन निर्देशन पश्चात विभिन्न ठूला उद्योगहरुको विजुली काटिएको सम्बन्धमा निजी क्षेत्रका संगठनहरुले आ आफ्ना धारणाहरु सार्वजनिक गरेका थिए । यसै सम्बन्धमा महासंघले प्रेस विज्ञप्ती मार्फत डेडिकेटेड ट्रंकलाइन सम्बन्धी विवाद समाधान गर्न उच्चस्तरीय अधिकार सम्पन्न आयोग गठन गर्न माग गरेको थियो ।


अर्थतन्त्र
विद्युत काटिएपछि सिमेन्ट उद्योग ठप्
विद्युत लाइन काटेकोमा उद्योगीको आपत्ति
कारोबार
डेडिकेटेड र ट्रंकलाइन विवाद समाधानमा महासंघको जोड
छानबिन समितिलाई चेम्बरको स्वागत

फलस्वरुपः विगतमा उद्योगमा जडित डेडिकेटेड र ट्रंकलाइनको भुक्तानी सम्बन्धि विवाद टुंगोमा नपुग्दै उद्योगहरुको विद्युत लाइन काटिएपछि सिर्जित समस्या समाधानका लागि महासंघले तत्काल लाइन जोडि यस सम्बन्धि विवाद निरुपणका लागि न्यायिक आयोग गठन गर्न माग गरे बमोजिम सरकारले न्यायिक आयोग गठन गरि तत्काल लाइन जोडन विद्युत प्राधिकरणलाई निर्देशन दिएको थियो । न्यायिक आयोगले दीर्घकालीन समाधान हुने अपेक्षा सहित नवगठित आयोगले विगतमा भएका अध्ययन, अहिलेको अवस्था, बिजुली उपभोग गरेको प्रमाण आदिको अध्ययन गरि राय सुझाव दिनेमा महासंघ विश्वस्त रहेको र विद्यमान आर्थिक मन्दीका समयमा निजी क्षेत्रका मुद्दालाई गम्भीरतापूर्वक लिइ समस्या समाधानमा सरकारले पहल गरेकोमा सरकारलाई धन्यवाद दिदैं आगामी दिनमा पनि निजी क्षेत्रका गतिविधिलाई असर पर्ने काम कहि कतैबाट हुन नहुने महासंघको धारणा छ ।


karobar
समस्या सुल्झाउन छानबिन आयोग गठन, उद्योगका लाइन जोडिने
विद्युत् महसुल नतिर्ने उद्योगीलाई किन लाइन जोड्दै छ सरकार ?
डेडिकेटेड र ट्रंकलाइन बक्यौता विवाद
निजी क्षेत्रको मागअनुरूप छानबिन गर्न आयोग गठन
आर्थिक
डेडिकेटेड र ट्रंक लाइनको महसुल विवादबारे छानबिन गर्न समिति गठन

## निजी क्षेत्रलाई अख्तियारले हेर्ने बिषय रोक्न पैरवीः

अख्तियार दूरूपयोग अनुसन्धान आयोगले निजी क्षेत्रलाई पनि हेर्ने गरी बनेको विधेयक राष्ट्रिय सभाबाट पारित भईसकेको सन्दर्भमा महासंघको पहलमा प्रतिनिधि सभाले थप छलफलका लागि रोकेको छ । उक्त विधेयकबाट सो प्रावधान हटाउन महासंघले सम्माननीय प्रधानमन्त्रीज्यू लगायत उच्च नेतृत्वसंग पहल गरेको थियो । यसै गरी नेपाली कांग्रेस संसदीय दलमा आयोजित कार्यक्रममा उक्त व्यबस्था हटाउन पैरवी गरेको थियो ।

यसैगरि नेपाली कांग्रेसको संसदीय दलको कार्यालयमा कार्यक्रम आयोजना गरिएको थियो । हाल प्रतिनिधि सभाको राज्य व्यवस्था समितिमा छलफल भैरहेको उक्त विधेयकमा निजी क्षेत्रको बिषय हटाउन अझै पहल आवश्यक छ ।



अख्तियारले निजी क्षेत्र हेर्ने व्यवस्था हटाउन नेता भेट्दै उद्यमी

'अख्तियारले निजी क्षेत्र हेर्न नमिल्नेमा शीर्षनेताहरू एकमत'

काठमाडौं/ निजी क्षेत्रलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारमा नपार्न लबिङ सुरु भएको छ । नेपाल उद्योग वाणिज्य महासंघका नवनिर्वाचित प्रतिनिधिमण्डलले शीर्षस्थ नेताहरूलाई भेटेर लबिङ अघि बढाएका हुन् । महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल नेतृत्वको प्रतिनिधिमण्डल आइतबार नेपाली कांग्रेस सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर

महासंघका प्रतिनिधि र पूर्व प्रधानमन्त्रीद्वयबीच भेटवार्ता

अख्तियारले निजीक्षेत्र समेत हेर्ने व्यवस्थाप्रति ध्यानाकर्षण

## अर्थतन्त्रमा निजी क्षेत्रको योगदानबारेका पहिलो प्रतिवेदन सार्वजनिकः

नेपाल उद्योग महासंघ र इन्टरनेशनल फाइनान्स कर्पोरेशन (IFC) ले आर्थिक वर्ष २०११/१२ देखि २०२०/२१ सम्मको तथ्यांकलाई विश्लेषण गर्दै पहिलो पटक नेपालको अर्थतन्त्रमा निजी क्षेत्रको योगदान विषयक एक अध्ययन प्रतिवेदन सार्वजनिक गरेको छ । माननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री श्री रमेश रिजालले जेठ ४ गते एक कार्यक्रम बीच प्रतिवेदन सार्वजनिक गर्नुभयो । प्रतिवेदनमा मुलुकको अर्थतन्त्रको विस्तार, रोजगारी सृजना, अर्थतन्त्रमा निजी क्षेत्रको योगदान लगायतका विषय समेटिएको छ ।




प्रतिवेदनमा नेपालमा प्रजातन्त्रको पुनस्थापना र त्यसपछिको उदारीकरणले अर्थतन्त्रमा भएको निजी क्षेत्रको विस्तारलाई समेटिएको छ । प्रतिवेदनका अनुसार मुलुकको कुल गार्हस्थ्य उत्पादनमा निजी क्षेत्रको ८१ दशमलव ५५ प्रतिशत योगदान रहेको छ ।

विगत तीन दशकमा निजी क्षेत्रका प्रतिष्ठानहरूको संख्या उल्लेखनीय रूपमा बढेको छ, सन १९८३ मा २८,६६० बाट सन २०१८ मा ९,२३,३५६ पुगेको छ । निजी क्षेत्रले कुल श्रमशक्तिको ८५.६ प्रतिशतलाई रोजगारी प्रदान गरेको छ । निजी क्षेत्रले करिब ५० लाखलाई रोजगारी दिएको छ, जबकि सार्वजनिक क्षेत्रमा ४ लाख २७ हजारमात्रै कार्यरत छन् ।

प्रतिवेदन सार्वजनिक कार्यक्रममा महासंघका अध्यक्ष श्री ढकालले स्वागत मन्तव्य, आइएफसीका नेपालका लागि प्रमुख, महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठ, आइएफसीका अधिकारीहरुले कार्यक्रमलाई संवोधन गर्नुभएको थियो । कार्यक्रममा उद्यमी व्यवसायी, सरकारी अधिकारी, एफएनसीसीआइका कार्य समिति सदस्यहरुको उपस्थिति थियो ।




## पहिलोपटक संघीय राजधानी बाहिर राष्ट्रिय महिला उद्यमी सम्मेलन :

देशभरिका महिला उद्यमी सम्मिलित दुई दिने 'राष्ट्रिय महिला उद्यमी सम्मेलन-२०८०' भैरहवामा मिति २०८० फागुन ४ र ५ गते आयोजना भएको थियो । 'महिलाको लगानी, घर-घरमा उद्यमी' नारा भन्ने नारासहित नेपाल उद्योग वाणिज्य महासंघको महिला उद्यमी विकास समितिको अघुवाइमा नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेश एवं सिद्धार्थ उद्योग वाणिज्य संघको समन्वयमा सम्मेलन आयोजना भएको थियो ।



उद्यम व्यवसाय सञ्चालनका लागि आवश्यक नीतिगत व्यवस्थासँगै प्रक्रियागत सहजता, तालिम, पूँजी, प्रविधि, दक्ष जनशक्ति र बजारीकरणसम्मका विद्यमान चुनौतीहरूबारे सम्मेलनमा उपस्थित महिला उद्यमीहरूले ध्यानाकर्षण गराउनुको साथै थोरै पूँजी लगानीबाटै स्थानीय स्रोत-साधनको परिचालन गरी व्यवसाय सञ्चालन गर्न सकिने भएकोले महिला उद्यमी एवं लघु, घरेलु तथा साना उद्योगबाट ठूलो आर्थिक उन्नतिको सम्भावना रहेको विषयमा छलफल भएको थियो ।




सम्मेलनमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले महिला उद्यमलाई लागत, खर्च र आयसँग जोड्ने बेला भएको साथै गाउँका उद्यमलाई शहरसँग जोड्नुपर्ने पनि बताउनुभएको थियो । महिलाहरूले कम्तिमा ३० हजारभन्दा माथि कसरी कमाउन सक्छन् भन्ने विषयमा लुम्बिनी प्रदेशले उद्यमशिलता कार्यक्रमका तयारी गरेको जानकारी दिनुभयो । 'अहिले युवाहरू विदेशिने समस्या छ, यस्तो अवस्थामा महिला उद्यमीहरू अग्रसर भई यस्तो सम्मेलन आयोजना गर्नुलाई हामीले ठूलो अवसरका रूपमा लिएका छौं,' मुख्यमन्त्री चौधरीले भन्नुभयो 'महिला उद्यमशिला प्रवर्द्धनका लागि आवश्यक आर्थिक स्रोत जुटाउन लुम्बिनी प्रदेश तयार छ । महिला उद्यमी सफल नभएसम्म देश सफल हुँदैन ।' मुख्यमन्त्री चौधरीले महिला सम्मेलनका निष्कर्षबारे सातै प्रदेशका मुख्यमन्त्रीसम्म पुर्‍याउने र अन्य आवश्यक पहल चाल्ने विषयमा आफुले जिम्मा लिने पनि दाबी गर्नुभयो।




प्रदेशका गृह मन्त्री सन्तोष पाण्डेयले महिला उद्यमीहरूलाई सहयोग गर्नु प्रदेश सरकारले आफ्नो दायित्व ठानेको र त्यसलाई पूरा गर्न गम्भिर रहेको बताउनुभयो । स्थानीय उत्पादनको बजार प्रवर्द्धन, ब्रान्डिङ, मार्केटिङमा सहयोग गर्नुका साथै महिला उद्यमशिलतालाई अर्थतन्त्रमा जोड्न लुम्बनी प्रदेश सरकारले पहल गरेको उहाँको भनाइ थियो । 'हामीले २ लाख युवालाई रोजगारी दिने लक्ष्य लिएका छौं, युवाहरूलाई उद्यमी बनाउने हाम्रो प्रयत्नमा निजी क्षेत्रको सहकार्य पनि खोजेका छौं,' उहाँले भन्नुभयो, 'अबको नीति तथा कार्यक्रम र बजेटमा महिला उद्यमीका लागि प्रदेश सरकारले के के विषय समावेश गर्नु उचित हुन्छ, त्यसबारे सुझाव उपलब्ध गराइदिन पनि अनुरोध गर्छु ।'




सम्मेलनमा महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले साना उद्योगीको प्रवर्द्धन, महिला उद्यमीको सशक्तीकरण र आर्थिक समृद्धिको प्रवर्द्धनसँगै दिगो व्यवसायका लागि सरकारले वातावरण तयार गर्नुपर्ने धारणा राख्नुभएको थियो । महिला उद्यमीलाई वित्तीय पहुँच उपलब्ध गराउन आवश्यक रहेको र त्यसका लागि परियोजना धितोमा कर्जा, सहुलियतपूर्ण कर्जा र पुनःकर्जाजस्ता सुविधा सहज र प्रभावकारी बनाइनुपर्ने विषयमा महासंघले सरोकारवालाई पटक-पटक ध्यानाकर्षण गराएको श्रेष्ठको भनाइ थियो । 'महिला उद्यमशिलताको बहुआयामिक फाइदा छन्, यो रोजगारी, आर्थिक वृद्धि र उद्यशिलतासँग मात्रै जोडिएको विषय होइन,' उहाँले भन्नुभयो, 'यो समानता र समन्यायिक समाज निर्माणको विषय पनि हो । हाल नेपालमा २७ प्रतिशत व्यवसाय महिलाको नाममा छन् तर यसमा सक्रियतापूर्वक लागेका महिलाको संख्या कम छ । हाम्रो समाजको समुन्नत विकास हुन नसक्नुमा यो पनि एउटा कारण हो ।'




महिलाको नाममा घरजग्गा राख्दा छुट दिने योजना सफल भए पनि उद्यमशीलतामा दिइएको छुटले नतिजा दिन नसकेको वरिष्ठ उपाध्यक्ष श्रेष्ठको भनाइ थियो । 'दर्तामा राजश्व केहि छुट भए पनि व्यवसाय निरन्तरताका लागि सहुलियत दिन सकिएको छैन,' उहाँले भन्नुभयो 'सहुलियत कर्जा पनि रोकिएको छ । व्यवसाय भनेको निरन्तर

चल्ने प्रक्रिया हो। त्यसैले नीतिगत स्थायित्व आवश्यक छ।' नेपाल अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुँदै गर्दा विशेषगरि युरोप र अन्य बिकसित देशमा नेपालले पाइरहेको भन्साररहित सुविधा बन्द हुने र त्यसबाट साना र विशेषगरि महिला उद्यमीहरू बढी प्रभावित हुने विषयमा ध्यान दिन आवश्यक रहेको उहाँले औंल्याउनुभयो।




महासघका उपाध्यक्ष हेमराज ढकालले महिला उद्मशीलता बिकासका लागि सरकार निजीक्षेत्र मिलेर काम गर्नुपर्ने वताउनुभयो। महासघले महिला उद्मशीलता बिकासका लागि काम गरिररहेको जानकारी पनि उहाँले गराउनुभयो।

महासघ लुम्बीनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माले मुलुकभर नै उद्यमी महिलाहरुका समस्या सुन्ने र उद्यमशीलता बिकासका लागि सहयोग पुग्ने गरि महिला उद्यमी सम्मेलन भैरहवामा आयोजना गरिएको वताउनुभयो। यसबाट संघीय राजधानी बाहिर पनि उद्यमशीलता बिकासमा सहयोग पुग्ने उहाँको भनाइ थियो।




त्यस्तै, महिला उद्यमी विकास समितिकी सभापति कमला श्रेष्ठले तीनै तहका सरकार र वित्तीय पदाधिकारीहरूलाई एकै थलोमा राखेर महिला उद्यमीका अवस्था, विद्यमान नीतिगत व्यवस्था, व्यवहारिक चुनौती र समाधानका उपायबारे विमर्श गर्ने उदेश्यले सम्मेलन आयोजना गरिएको जानकारी दिनुभयो। पछिल्लो समय उद्यमशिलतामा महिलाको सक्रिया बढ्दै गएको, श्रमशक्तीमा महिला सहभागिता वृद्धि हुनु खुशीको कुरा भएको उहाँले बताउनुभयो। 'सन् १९७१ देखि २०२१ सम्म आर्थिक रूपमा सक्रिय दश वर्षभन्दा माथिका महिलाको जनसंख्या प्रतिशत २९.२ बाट


CM Chaudhary emphasises women's entrepreneurship

भैरहवामा दुई दिने राष्ट्रिय महिला उद्यमी सम्मेलन

भैरहवामा पहिलोपटक राष्ट्रिय महिला उद्यमी सम्मेलन

बढेर ६०.४ प्रतिशत पुगेको छ,' श्रेष्ठले भनिन्, 'श्रमशक्तीमा महिला सहभागिता १ प्रतिशतले मात्रै बढ्यो भने पनि नेपालको कुल गार्हस्थ्य उत्पादनमा ०.३ प्रतिशिले वृद्धि आउने कुरा छ।' कतिपय महिलाहरू अझै पनि आफ्ना व्यावसायकि कार्यभन्दा घरायसी जिम्मेवारी र हेरचाहमा लाग्नु चुनौती भएको उहाँको बुझाइ छ।


भैरहवामा राष्ट्रिय महिला उद्यमी सम्मेलन सुरु

सम्मेलन अविधिमा देशभरबाट ३ सय ५० महिला उद्यमी व्यवसायी तथा व्यवसाय संचालनका लागि इच्छुक महिलाहरू भैरहवास्थित उद्योग वाणिज्य महासंघमा भेला भएका थिए। सम्मेलनमा महिला उद्यमशिलतासँग सम्बन्धित कानुनी व्यवस्था र त्यसको कार्यान्वयन पक्षबारे 'महिला उद्यमशिलता नीति र नजिता' विषयमा छलफल गरिएको थियो। दोस्रो सत्रमा महिलाको वित्तिय पहुँचबारे मन्थन हुँदै गर्दा तेस्रो सत्रमा भने बजार पहुँचबारे विमर्श गरिएको थियो।

**महासंघमा पहिलोपटक दक्षिण–पश्चिम एशिया एसडीजी सम्मेलनः**




राष्ट्रिय योजना आयोग र संयुक्त राष्ट्र संघको सहकार्यमा महासंघले सातौं दक्षिण तथा दक्षिण–पश्चिम एशिया उपक्षेत्रीय मञ्च (एसडीजी) को मिति २०८० असोज २३ गतेदेखि २५ गतेसम्म आयोजना गरिएको थियो। महासंघ सचिवालयको सभाहलमा यस क्षेत्रका करिब एक सय विज्ञ र सहभागि रहेको उक्त कार्यक्रम पहिलोपटक आयोजना गरिएको थियो। दिगो बिकास लक्ष्यमा निजी क्षेत्रको योगदान लगायतका बिषयमा छलफल केन्द्रित थियो। कार्यक्रममा अध्यक्ष श्री चन्द्र प्रसाद ढकालले एसडीजी हासिल गर्न सहकार्य र नवीनताको आवश्यकतामा जोड दिनुका साथै गरिवी न्यूनीकरण, भोकमरीको अन्त्य, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र वातावरण संरक्षण, न्याय र दीगो साझेदारी, रोजगारी सिर्जना, स्वास्थ्य, सेवा र शिक्षामा लगानी, लैङ्गिक समानता, पूर्वाधार विकास, आर्थिक वृद्धि, रोजगारी सिर्जना लगायतका विषयमा पुर्‍याई रहेको योगदानका चर्चा गर्नु भएको थियो।

## स्टार्टअप नेशन २०३० :




नेपाल उद्योग वाणिज्य महासंघको पहलमा नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, महासंघ  Pum Netherlands, UGC, ICIMOD र अन्तरप्रेरणा प्रा.लि. को संयुक्त आयोजनामा अगष्ट २८ र २९, २०२३ दुई दिन आयोजना गरिएको थियो ।

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल उद्योग वाणिज्य महासंघ, विश्वविद्यालय अनुदान आयोग, पम नेदरल्याण्डस, ICIMOD र अर्न्तप्रेरणाको संयुक्त आयोजनामा २०८० भाद्र ११ र १२ गतेका दिन काठमाण्डौंमा आयोजित स्टार्टअप नेशन २०३० सम्मेलनले आगामी २०३० सम्म नेपालीहरुमा उद्यमशिलता विकास, नविन स्टार्टअप अनुकूल वातावरण निर्माणमा प्रोत्साहन गर्दै जाने; उद्यमशिलता र प्रविधिमा भएका प्रगतीहरुको प्रवर्द्धनका साथै नविन विचारहरुको प्रवर्द्धनार्थ नीतिहरु बनाउन पैरवी तथा पहल गर्दै जाने; बाँकी ७ बर्षको अवधिमा १० हजार स्टार्टअप र १ लाख नयाँ रोजगारीका अवसरहरु सृजना गर्न प्रेरित गर्ने तथा; स्थानीय स्रोत साधन र प्रतिभाहरुको प्रयोग मार्फत वातावरणमैत्री, स्वतन्त्र, समावेसी र लचिलो अर्थतन्त्रको विकासमा सबै नेपालीहरुलाई प्रोत्साहन गर्ने विषयहरुमा सहकार्य गर्ने घोषणा सहित २ दिने सम्मेलन सम्पन्न भएको थियो । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका माननीय मन्त्री रमेश रिजालको प्रमुख आतिथ्यता तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकाल विषेश अतिथि रहेको उक्त सम्मेलनमा ३०० जना भन्दा बढीको सहभागीता रहेको थियो ।



## समझदारीपत्रमा हस्ताक्षर

## नेपाल धितोपत्र बोर्ड र महासंघ बीच समझदारी पत्रमा हस्ताक्षर :




पूजी बजार सम्बन्धी शिक्षा तथा सचेतना अभिवृद्धिका लागि लगानीकर्ता प्रशिक्षण कार्यक्रम संचालन गर्न विश्व लगानीकर्ता सप्ताह २०२३ को अवसरमा मिति २०८० असोज १८ गते नेउवामहासंघ र नेपाल धितोपत्र बोर्ड बीच समझदारी पत्रमा हस्ताक्षर भएको थियो । समझदारी पत्रमा महासंघका अध्यक्ष श्री चन्द प्रसाद ढकाल र नेपाल धितोपत्र बोर्डका अध्यक्ष श्री रमेश कुमार हमालले हस्ताक्षर गर्नु भएको थियो । समझदारीको उद्देश्य देशव्यापी संजाल रहेको महासंघ मार्फत धितोपत्र बजारको सम्बन्धमा सुसुचित गर्ने लगानी गर्ने कार्यलाई विश्सनीय बनाउन लगानीकर्ता शिक्षा तथा सचेतना अभिवृद्धि कार्यलाई निरन्तररुपमा संचालन गरी दीर्घकालिन रुपमा धितोपत्र बजारमा सुसुचित लगानी मार्फत बजारमा स्थायित्व अभिवृद्धि गर्न योगदान पुर्‍याउनु रहेको छ ।

## सुदुरपश्चिम सरकार र महासंघ बीच समझदारीपत्रमा हस्ताक्षर :

सुदुरपश्चिम प्रदेशमा लगानी प्रवर्द्धन र विकासका गतिविधि संचालनका लागि सहकार्य गर्ने उद्देश्यले महासंघ र सुदुरपश्चिम सरकार बीच २०८० कार्तिक ४ गते समझदारीपत्रमा हस्ताक्षर भएको थियो । उक्त समझदारीपत्रमा सुदुरपश्चिम प्रदेशका मुख्यमन्त्री कमल बहादुर शाह र महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालले हस्ताक्षर गर्नुभएको थियो ।

समझदारी पत्रमा सुदुरपश्चिम प्रदेश सरकार र महासंघले सुदुरपश्चिम प्रदेशमा लगानी प्रवर्द्धन गर्न र प्रदेशको आर्थिक विकास एवं समृद्धिमा योगदान पुर्‍याउन सहकार्य गर्ने, प्रदेश सरकार र महासंघको संयुक्त आयोजनामा आगामी २०८० फागुन २३ र २४ गते "सुदुरपश्चिम लगानी तथा विकास सम्मेलन" आयोजना गर्ने र उक्त सम्मेलन सफल पार्नको लागि महासंघले सहजीकरण गर्ने रहेको छ ।

हस्ताक्षर कार्यक्रममा सुदुरपश्चिम प्रदेशका मुख्यमन्त्री कमद बहादुर शाहले महासंघको सहकार्यमा प्रस्तावित लगानी तथा विकास सम्मेलन प्रभावकारी हुने अपेक्षा व्यक्त गर्नुका साथै सम्मेलनका अवसरमा यस क्षेत्रमा लगानीको प्रतिवद्धता आउने विश्वास व्यक्त गर्नुभयो । यसैगरी यस क्षेत्रका आर्थिक मामिला

मन्त्री नरेश शाहीले सुदुरपश्चिममा लगानीको पर्याप्त अवसर भएको र लगानी गर्ने कार्यमा प्रदेश सरकारले सहजीकरण गर्ने बताउनुभएको थियो । कार्यक्रममा महासंघका उपाध्यक्षहरु श्री हेमराज ढकाल, श्री ज्यौत्सना श्रेष्ठ, लगानी तथा विदेश मामिला फोरमका सभापति श्री मनोज पौडेलले प्रदेश सरकारसंगको सहकार्य र सम्झौताबाट लगानी प्रर्वद्धन गर्न महत्वपूर्ण भएको धारणा भएको थियो ।




महासंघको तेस्रो कार्यकारिणी समितिको वैठकले सबै प्रदेशमा लगानी सम्मेलन आयोजना गर्ने निर्णय गरेको र सोही निर्णय अनुसार सुदुरपश्चिम प्रदेश सरकारसंग पहिलो सम्झौता भएको हो ।




सुदुरपश्चिम प्रदेश लगानीको पर्याप्त अवसर भएको तर लगानी आउन नसकेको अवस्थामा प्रदेश सरकारको सकृयताामा आयोजना हुने सम्मेलनले प्रदेशको आर्थिक विकास लागि सहयोग पुग्ने विश्वास रहेको छ ।

## वृहत आर्थिक नीति निर्माणमा सहकार्य गर्न महासंघ र नेपाल राष्ट्र बैंक बीच समझदारीः



मिति २०८० कार्तिक १७ गते महासंघ र नेपाल राष्ट्र बैंक बीच वृहत आर्थिक नीति निर्माण र औद्योगिक एवं व्यवसायिक सम्बन्ध सुदृढ बनाउने सम्बन्धमा समझदारी भएको छ । सहझादारी अनुसार महासंघ र नेपाल राष्ट्र बैंकले विविध विषयमा तथ्य र तथ्यांकमा आधारित अध्ययन अनुसन्धान गर्ने, आगामी दिनमा नीति निर्माणमा निजी क्षेत्रको सहभागिता बढ्ने, समय समयमा गर्ने अध्ययनमा महासंघ र सदस्य संघ/संस्थाहरुले आवश्यक सूचना, जानकारी दिई प्राविधिक सहयोग महासंघले नेपाल राष्ट्र बैंकलाई उपलब्ध गराउने साथै आवश्यकता अनुसार संयुक्त अध्ययन अनुसन्धान गर्ने लगायतका बिषयका साथै पांच वर्षसम्मको लागि भएको समझदारी कार्यान्वयनका लागि सहजीकरण सेल स्थापना हुने कुरा समझदारी पत्रमा उल्लेख गरिएका छ ।



Business

NRB and FNCCI to formulate economic policies

NRB and FNCCI sign MoU to cooperate in creating macroeconomic policies

नेपाल राष्ट्र बैंकमा आयोजित समझादारी हस्ताक्षर कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी, डेपुटी गभर्नर डा. निलम ढुंगाना महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकाल लगायत पदाधिकारीहरुको उपस्थितिमा नेपाल राष्ट्र बैंक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. प्रकाश कुमार श्रेष्ठ र महासंघका महानिर्देशक गोकर्णराज अवस्थीले समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको थियो ।

## नेउवामहासंघ र संयुक्त ट्रेड यूनियन समन्वय केन्द्र बीच समझदारी :

सुमधुर सम्बन्ध विकास, आपसी सहयोग र सहकार्य गर्ने उद्देश्यले नेपाल उद्योग वाणिज्य महासंघ र ट्रेड यूनियन महासंघको प्रतिनिधित्व गर्ने संस्था संयुक्त ट्रेड यूनियन समन्वय केन्द्र बीच २०८० मंसीर २४ गते

समभ्रुदारी पत्रमा हस्ताक्षर भएको छ । उक्त समभ्रुदारी पत्रमा महासंघका तर्फबाट अध्यक्ष श्री चन्द्र प्रसाद ढकाल र केन्द्रका तर्फबाट अध्यक्ष श्री विनोद श्रेष्ठले हस्ताक्षर गर्नुभएको थियो । समभ्रुदारीको मुख्य उद्देश्य रोजगारदाता र श्रमिक बीच असल श्रम सम्बन्धको विकास, आपसी सहयोग, उत्पादकत्व वृद्धि, श्रम क्षेत्रको सुधार एवं समग्र आर्थिक विकासमा योगदान पुर्‍याउनु रहेको छ ।



## महासंघ र नेपाल सरकार लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र बीच समभ्रुदारीपत्रमा हस्ताक्षर



घरेलु तथा साना उद्योग प्रवर्द्धनका क्षेत्रमा साभ्रेदारी र सहकार्य गर्ने उद्देश्यले नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल सरकार, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र बीच मिति २०८० पौष १८ एक समभ्रुदारीपत्रमा हस्ताक्षर भएको छ ।

समभ्रुदारीपत्रमा महासंघका महानिर्देशक गोकर्णराज अवस्थी र केन्द्रका कार्यकारी निर्देशक दिपक घिमिरेले हस्ताक्षर गर्नु भयो । समभ्रुदारी अनुसार दुवै संस्थाको संयुक्त सहकार्यमा घरेलु



तथा साना उद्योग प्रवर्द्धनका क्षेत्रमा साभ्रेदारी र सहकार्यको आधारमा कार्यक्रमहरु संचालन गरिनेछ । त्यसैगरी नेपाल सरकारको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम कार्यान्वयन हुने विषयहरुको सफल कार्यान्वयनका लागि महासंघ र केन्द्रले एक आपसमा सकृय सहकार्य गर्ने, कार्यस्थलमा

आधारित रोजगारमूलक प्रशिक्षण कार्यक्रम कार्यान्वयन सम्बन्धमा महासंघले सहजीकरण गर्ने, घरेलु तथा साना उद्योगलाई प्रवर्द्धन गर्न आवश्यक शीप तथा प्रविधि हस्तान्तरणका क्षेत्रमा सहकार्य गर्न दुवै संस्था सहमत भएका छन् ।



FNCCI, govt sign MoU to promote cottage, small industries

BY A STAFF REPORTER
Kathmandu, Jan. 3

The Federation of Nepalese Chambers of Commerce and Industry (FNCCI) and Centre for the Promotion of Cottage and Small Industries of the Government of Nepal signed a Memorandum of Understanding (MoU) to forge partnership and cooperation for promoting cottage and small industries in Nepal.

The MoU was signed by Gokarna Raj Awasthi, Director General of the FNCCI, and Deepak Ghimire, Executive Director of the Centre.

According to the agreement, partnership and cooperation programmes will be conducted in the field of promotion of cottage and small industries in cooperation of both organisations.

The two organisations will actively cooperate with each other to make the government announced programmes in this sector successful.

The federation will facilitate the implementation of workplace-based employment training programmes while both the organisations will cooperate to transfer skills and technology necessary to promote cottage and small industries.

Speaking at the MoU signing programme, Vice-president of the FNCCI, Sur Krishna Vaidya, expressed the commitment that the business organisation, which has a large network of industrialists and businessmen, will work in cooperation with the government in the development of cottage and small industries in the country and that they will move ahead together for the development and promotion of this sector in the future.

Similarly, Ghimire expressed his belief that the programmes of the centre would be successful when working together with the FNCCI.



FNCCI and MCSIPC ink agreement

Himalayan News Service
Kathmandu, January 3

A memorandum of understanding (MoU) was signed today between the Federation of Nepalese Chambers of Commerce and Industry (FNCCI) and Micro, Cottage and Small Industry Promotion Centre (MCSIPC) to foster partnership and cooperation in promoting

## महासंघ र जर्मन व्यवसायिक संघ (BVMW) बीच समझदारी :

महासंघले जर्मन कम्पनीहरूले नेपालमा लगानी गर्ने र नेपाली व्यवसायसँग सहकार्य गर्ने सम्भावना खोज्न BVMW जर्मनीसँग मिति २०८० माघ २४ गते एक समझदारी पत्रमा हस्ताक्षर गरेको छ । समझदारीमा महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल र बीभीएमडब्लुका कार्यकारी अध्यक्ष क्रिस्टोफ अहलहसले हस्ताक्षर गरेका थिए ।

सहमति पत्र हस्ताक्षर कार्यक्रमको अवसरमा अध्यक्ष ढकालले नेपाल LDG समूहबाट विकासोन्मुख मुलुकको सूचीमा नेपालले युरोप निर्यातमा भन्सारमुक्त पहुँच गुमाउने भएकाले सबैभन्दा बढी असर साना तथा मझौला उद्योगमा पर्ने बताए । उनले विशेषगरी महिलाद्वारा सञ्चालित साना तथा मझौला उद्योगहरूलाई सहयोग गर्नुपर्नेमा जोड दिए। उनले साना तथा मझौला उद्योगको प्रवर्द्धन र विकासका लागि FNCCI र BVMW ले सहकार्य गर्नुपर्ने बताए ।

सहझदारीको प्रमुख उद्देश्य FNCCI र BVMW बीचको सहकार्य अभिवृद्धि गर्नु र लगानी प्रवर्द्धनमा सहकार्य गर्न व्यावहारिक रूपरेखा स्थापना गर्नु हो । समझदारीले आपसी सहयोग मार्फत संस्थागत सम्बन्ध सुदृढ गर्ने र क्षमता अभिवृद्धिमा जोड दिएको छ ।



## आर्थिक कुटनीति बिषयमा नवनियुक्त राजदूत र उच्च सरकारी पदाधिकारीहरु संग छलफल

मिति २०८० भदौ १४ गते महासंघको पहलमा प्रभावकारी आर्थिक कुटनीतिका लागि नेपाली नियोग र निजी क्षेत्र सहकार्य बिषयक महासंघले आयोजना गरेको छलफल कार्यक्रम आयोजना गरियो । छलफल कार्यक्रममा मुलुकको अर्थतन्त्र समस्यामा रहेका बेला उत्पादन र उत्पादकत्व बढाउन आवश्यक वैदेशिक लगानी र निर्यात प्रवर्द्धनमा नेपाली नियोग र निजी क्षेत्रबीच सहकार्य हुनुपर्ने विषयमा छलफल भएको थियो ।






आर्थिक

'आर्थिक कूटनीतिमा
निजीक्षेत्रसँग सहकार्य अपरिहार्य'

Business

Collaboration crucial in economic diplomacy



'आर्थिक कूटनीतिमा निजी क्षेत्रसँग सहकार्य अपरिहार्य'

माननीय परराष्ट्रमन्त्री एनपी साउद, नेपाल सरकार सुरक्षा परिषदका सल्लाहकार एवं पूर्व मुख्य तथा परराष्ट्र सचिव शंकरदास वैरागी, मुख्य सचिव वैकुण्ठ अर्याल, श्रम, रोजगार तथा सामाजिक सुरक्षा सचिव केवल प्रसाद भण्डारी, अर्थसचिव अर्जुन पोखरेल, वाणिज्य सचिव मधु मरासिनी, प्रधानमन्त्री कार्यालयका सचिव गणेश पाण्डे, पर्यटन सचिव भरतमणी सुवेदी, संघीय मामिला सचिव विनोद सिंहको उपस्थिति रहेको छलफल कार्यक्रममा फ्रान्सका लागि नवनियुक्त राजदूतहरु सुधीर भट्टराई, थाइल्याण्डका लागि धन वहादुर वली, युएइका लागि तेज वहादुर क्षेत्री, ओमानका लागि घनश्याम लम्साल, स्वीट्जरल्याण्डका लागि रामप्रसाद सुवेदी लगायत न्युयोर्कस्थित राष्ट्र संघ नियोगका लागि नियुक्त आवासीय प्रतिनिधि लोकवहादुर थापाको सहभागिता थियो ।

छलफलमा निर्यात एवं पर्यटन प्रवर्द्धन र विदेशी लगानी आकर्षित गर्न निजी क्षेत्रको सक्रिय भूमिका रहेको, विभिन्न मुलुकका लागि नेपालको तर्फबाट नियुक्त राजदुतहरुले पनि निजी क्षेत्रसंगको सहकार्य गर्नुपर्ने, नेपाली नियोगहरुले आफ्नो कामको दायरा विस्तार गरि निजी क्षेत्रसंग सहकार्य गर्नुपर्ने, आर्थिक कुटनीति विस्तारका लागि वहुपक्षीय निकायहरुसंगको सहकार्य पनि आवश्यक रहेको साथै निजी क्षेत्रले पनि वस्तु र बजार विविधिकरणमा ध्यान दिनुपर्ने, आर्थिक कुटनीतिलाई श्रम कुटनीति भन्नुपर्ने, आर्थिक कुटनीति विस्तारका लागि आवश्यक बजेट व्यवस्था गरिने, विश्व व्यापार संगठनमा समेत मुलुकको भूमिका बढाउन

आवश्यक रहेको, अतिकम बिकसित मुलुकबाट स्तरोन्नति हुँदा पर्ने प्रभाव पनि विश्लेषण गर्नुपर्ने, नया खुलेका पोखरा र गौतम वुद्ध अन्तराष्ट्रिय विमानस्थल संचालनमा नियोगहरुको भूमिका महत्वपूर्ण रहने लगायतका विषयमा छलफल भएको थियो ।

## <u>नेपाल अन्तर्राष्ट्रिय व्यापार मेलाको नवौं संस्करण</u> :



नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सहयोगमा नेपाल उद्योग वाणिज्य महासंघले समय समयमा नेपाल अन्तर्राष्ट्रिय व्यापार मेला आयोजना गर्दै आएको सन्दर्भमा यस वर्ष २०८० मंसीर १४ गतदेखि १८ गतेसम्म नेपाल अन्तर्राष्ट्रिय व्यापार मेलाको नवौं संस्करण आयोजना गर्‍यो। मेलाको उद्घाटन प्रतिनिधि सभाका सम्माननीय सभामुख श्री देवराज घिमिरेले गर्नुभएको थियो। विदेश स्थित नेपाली कूटनीतिक नियोगहरू, नेपाल स्थित विदेशी नियोगहरू, वस्तुगत संघ लगायत Made in Nepal पेभेलियनको समन्वयमा आयोजना भएको उक्त मेलाको उद्देश्य निर्यातयोग्य वस्तुहरूको प्रचार प्रसार र ती वस्तुहरूका अन्तर्राष्ट्रिय क्रेताहरूलाई नेपालमा आमन्त्रण गरी नेपाली उत्पादनकर्ताहरूसंग प्रत्यक्ष अन्तरक्रिया गराउन रहेको थियो। मेलामा नेपाल सहित भारत, चीन, बंगलादेश र पाकिस्तानका समेत गरी करिव २१० वटा स्टल रहेको थियो।




मेलामा नेपाली युवा उद्यमी मन्चद्धारा Made in Nepal पेभेलियन र जुत्ता उत्पादक संघको तर्फबाट ४० वटा स्टल सहितको पेभेलियन रहेको थियो। मेलामा चीनबाट ५५, भारतबाट ३०, बंगलादेश र पाकिस्तानबाट ८/८ स्टलहरु राखिएका थिए। २१० वटा स्टलहरु मार्फत मेलामा स्वदेशी एवं विदेशी वस्तु तथा सेवाको प्रर्दशनी रहेको थियो। नेपाल सरकार/उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयको सहयोगमा व्यापार तथा निकासी प्रबर्द्धन केन्द्रको प्रबर्द्धन तथा ललितपुर उद्योग वाणिज्य संघ र नेपाल

हस्तकला महासंघको सह आयोजनामा क्यालेन्डर इभेन्टको रुपमा आयोजना भएको मेला नेपाल अन्तराष्ट्रिय व्यापार मेला २०२३ नवौं संस्करण रहेको थियो ।



मेलामा IME Pay प्रमुख प्रायोजक रहेको थियो भने इन्सोरेनस पार्टनरको रुपमा सगरमाथा लुम्बिनी इन्सोरेन्स कम्पनी प्रा.लि., सह प्रायोजक Heritage Flooring Carpet Industry, IMS group र इन्टरनेट पाटनरको रुपमा मर्केन्टाइल कम्युनिकेशन प्रा.लि. रहेको थियो ।

मिति २०८० मंसीर १५ गते चीनको गान्छु प्रदेशबाट मेलामा सहभागी हुन आएको १२ जना व्यापारिक प्रतिनिधिमण्डल र नेपाली व्यापारिक प्रतिनिधिमण्डल बीच छलफल एवं Business Matchmaking कार्यक्रम समेत राखिएको थियो । उक्त छलफल कार्यक्रममा कृषि, जडिबुटी, औधषी, हस्तकला एवं दैनिक उपभोग्य वस्तुका विषयमा छलफल भएको थियो ।



'नेपाल अन्तर्राष्ट्रिय व्यापार मेला-२०२३' को आयोजना हुने

काठमाडौंमा अन्तरराष्ट्रिय व्यापार मेला शुरु

Int'l Trade Fair kicks off
Speaker assure to take initiative for constructing exhibition venue

नवौं नेपाल अन्तर्राष्ट्रिय व्यापार मेला

नेपाल अन्तर्राष्ट्रिय व्यापार मेला सुरु

## विदेशमा आयोजित कार्यक्रममा महासंघको सहभागिता

## दुबईमा आयोजना भएको वर्ल्ड गभर्न्स समिटमा महासंघको सहभागिता :

महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले मिति २०८० फागुन १ गते दुबईमा आयोजना भएको वर्ल्ड गभर्न्स समिटमा आफ्नो मन्तव्यमा नेपालले अन्य मुलुकसँगको व्यापारिक सम्बन्धलाई सुधार र स्तरोन्नतीका लागि कसरी काम गरिरहेको छ भन्ने कुरा बताउनुभयो । उनले समिटमा नेपालको निजी क्षेत्रको प्रतिनिधित्व गरेका थिए ।




'शेपिङ फ्युचर गभर्नमेन्ट' भन्ने नाराका साथ भएको सम्मेलनमा विश्वभरका सरकार, अन्तर्राष्ट्रिय संघसंस्था, विचारधाराका नेता र निजी क्षेत्रका नेताहरू सहभागी हुनेछन् । अन्तर्राष्ट्रिय सहयोगलाई थप अभिवृद्धि गर्न र सरकारहरूलाई भविष्यका चुनौतीहरूको लागि नवीन समाधानहरू पहिचान गर्न र सरकारहरूको आगामी पुस्तालाई सशक्तिकरण गर्न सक्षम बनाउन विश्व सरकारको शिखर सम्मेलन २०२४आयोजना गरिएको थियो ।

शिखर सम्मेलनमा ढकालले नेपालको अर्थतन्त्र र देशको अर्थतन्त्रको विकासमा निजी क्षेत्रको भूमिकाका बारेमा चर्चा गरेका थिए । उहाँले नेपालमा आर्थिक वृद्धि र विकासको अपार सम्भावना रहेको भेलालाई जानकारी दिनुभयो । ढकालले नेपाल सरकारले व्यवसायिक प्रक्रियालाई सरल बनाउन, नियामकको बोझ घटाउन र पारदर्शिता अभिवृद्धि गर्नका लागि सुधार कार्यान्वयन गरी व्यवसायिक वातावरण सुधार गर्न पहल गरिरहेको बताउनु भएको थियो ।

यसका साथै ढकालले नेपालले यही अप्रिल २८(२९ मा आयोजना गर्न लागेको लगानी शिखर सम्मेलन २०२४ बारे सम्मेलनका सहभागीहरुलाई जानकारी गराए । सरकारले निजी क्षेत्रको सहभागितामा नेपालमा लगानीको अनुकूल वातावरण बनाउन केही ऐन-नियममा संशोधनको प्रस्ताव गरेको उनले बताए ।



'लगानीका अवसरहरूको लागि नेपाल भर्जिन भूमि,' : एफयेनसीसीआइ अध्यक्ष

ढकालले सरकारले द्विपक्षीय लगानी सम्झौताको ढाँचालाई अन्तिम रुप दिएको र सम्भावित साझेदार मुलुकसँग छिट्टै सम्झौता गर्ने जानकारी पनि ढकालले जानकारी दिनु भएको थियो ।

उनले जलविद्युत्, पर्यटन, कृषि र उत्पादन जस्ता अप्रयुक्त सम्भावना भएका क्षेत्रमा लगानी गर्ने अवसर सदुपयोग गर्न लगानी सम्मेलन २०२४ मा सहभागी हुन आग्रह गरे। सम्मेलनमा ढकालले देशले कनेक्टिभिटी सुधार, यातायात खर्च घटाउन र आर्थिक वृद्धिदर बढाउन पूर्वाधार विकासमा लगानी गरिरहेको जानकारी दिनु भएको थियो ।

अध्यक्ष श्री चन्द्र प्रसाद ढकालले विगत ७ महिनामा भारत, चीन र युएईमा पनि महसंघले व्यापार शिखर सम्मेलन आयोजना गरेको बताउनु हुदै कार्यक्रम आयोजना गर्न सहयोग गरेकोमा युएई सरकार र दुबई चेम्बरलाई धन्यवाद समेत दिए ।

## सातौ चीन दक्षिण एसिया मेला एवं बिजनेस फोरममा सहभागिता



चीन दक्षीण एसिया विजनेश फोरम र व्यापार मेलामा महासंघको सहभागिता रह्यो । अगष्ट १६ देखि १७, २०२३ सम्म आयोजना भएको फोरमलाई अध्यक्ष चन्द्र प्रसाद ढकालले सम्वोधन गर्नुभयो । यसपटक फोरमको अध्यक्ष नेपाल रहेको थियो । अध्यक्ष ढकालले चीनिया लगानीकर्ताहरू



Vice President Yadav urges China for more investment in Nepal




लाई नेपालमा लगानीको लागि आग्रह गर्नु भएको थियो । उक्त कार्यक्रमलाई नेपालका तर्फबाट वाणिज्य सचिव मधुकुमार मरासिनी र सार्क चेम्बर अफ कमर्शका उपाध्यक्ष एवं महासंघका पूर्व अध्यक्ष श्री चण्डीराज ढकालले पनि सम्बोधन गर्नुभएको थियो । व्यापार मेलामा नेपालका ९६ स्टल सहित सहभागिता थियो ।

## तेह्रौ वर्ल्ड चेम्बर कांग्रेस जेनेभामा महासंघको सहभागिता



महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालले स्वीजरल्याण्डको जेनेवामा आयोजित १३ औं वर्ल्ड चेम्बर कांग्रेसमा सहभागिता जनाउनु भएको थियो । उक्त सम्मेलनमा अध्यक्ष श्री चन्द्र प्रसाद ढकालले इन्टरनेशनल चेम्बर अफ कमर्शका महासचिव जोन डेन्टनसंग आपसी सहयोग र सहकार्यका विषयमा छलफल गर्नुभएको थियो ।

## बेलायतमा रहेको नेपाली दूतावासद्वारा आयोजित लगानी सम्मेलनमा महासंघको सहभागिता :

मिति २०८० कार्तिक १५ गते बेलायत स्थित नेपाली दूतावासको पहलमा नेपालका अर्थमन्त्री डा. प्रकाश शरण महत बेलायतको अन्तर्राष्ट्रिय लगानी निकायका उच्च अधिकारीहरु तथा बेलायती निजी लगानीकर्ताहरुको सहभागिता रहेको लगानी सम्मेलनमा महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकाल सहभागिता हुनु भएको थियो । अध्यक्ष श्री चन्द्र प्रसाद ढकालले सम्मेलनलाई सम्बोधन गर्दै नेपाल लगानीको अवसर रहेको र ठूला

पूर्वाधार विकास एवं जलविद्युतमा बाह्य लगानी खोजिरहेकोले विदेशी निजी लगानीकर्ता तथा विकास साझेदारहरुलाई लगानीको लागि आग्रह गर्नुभएको थियो ।




साथै उहाँले नेपालको पर्यटन क्षेत्र प्रवर्द्धनका लागि केबलकार, रिसोर्ट, थिमपार्क, हिल स्टेशन साथै स्तरीय होटल जस्ता पर्यटन पूर्वाधारमा लगानीको लागि प्रशस्त संभावना भएको धारणा राख्नु भयो। साथै बेलायती पर्यटकका लागि पहिलेदेखि नै नेपाल लोकप्रिय गन्तव्य रहेकोले बेलायती पर्यटकहरुलाई नेपालमा स्वागत गर्न उत्साहित रहेको बताउनु भएको थियो । उहांले नेपालमा थप दुई वटा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरिएकाले पर्यटकहरुलाई नेपाल घुम्न सहज भएको बताउनु भएको थियो । साथै उहँले नेपालमा संचालित वहुराष्ट्रिय कम्पनीले उच्च प्रतिफल प्राप्त गरिरहेकोले उत्पादनमूलक उद्योग, कृषि, सेवा, आइसिटी लगायतका क्षेत्रहरुमा लगानीको प्रशस्त संभावना रहेको वताउनुभयो । नेपालको निर्यात बजार विस्तार भईरहेको तथा विभिन्न मुलुकहरुसंग सहुलियतपूर्ण व्यापारका सम्झौताहरु समेत भएकाले निर्यात केन्द्रित लगानीको अवसर रहेको तर्फ अध्यक्ष ढकालले लगानीकर्ताहरुको ध्यानाकर्षण गराउनुभयो ।

## एसिया प्रसान्त क्षेत्रीय रोजगारदाता सम्मेलनमा सहभागिता:



garikneiwork.com/news/fncci-president-dhakal-stresses-regional-collaboration-at-ioe-a

**FNCCI President Dhakal stresses regional collaboration at IOE Asia Employers' Summit**

Published On: September 21, 2023 08:15 PM NPT By: Republica | @RepublicaNepal

KATHMANDU, Sept 21: President of the Federation of Nepalese Chambers of Commerce and Industry (FNCCI), Chandra Prasad Dhakal emphasized the imperative need for stability, cooperation, and peace to overcome the multifaceted challenges at hand.

Addressing the IOE Asia Employers' Summit in Tokyo, Japan, Dhakal emphasized the importance of working together to achieve these objectives.

The FNCCI President reiterated the shared goals of the Asia-Pacific region, including sustainable economic growth, job creation, labor migration, and skill development.

The event brought together business leaders and representatives from across



FNCCI stresses regional collaboration at IOE Asia Employers' Summit

नयाँ पत्रिका

**लगानी भित्र्याउने पहल लिन गैरआवासीय नेपालीलाई अध्यक्ष ढकालको आग्रह**

जापानको टोकियोमा 21st-22nd September 2023 मा International Organization of Employers' (IOE) जापानको व्यवसाय ले आयोजना गरेको Asia Employers' Summit मा अध्यक्ष श्री चन्द्र प्रसाद ढकालले भाग लिनु भएको थियो। एशिया प्रशान्त क्षेत्रका रोजगारदाता तथा व्यवसायिक संगठनका

प्रतिनिधिहरूको सहभागिता रहेको उक्त सम्मेलनको विशेष सत्रलाई सम्बोधन गर्नुहुदै अध्यक्ष श्री चन्द्र प्रसाद ढकालले स्थायित्व, सहकार्य, दीगो आर्थिक वृद्धि, रोजगारी सिर्जना, सिप विकास लगायतका लक्ष्यहरू प्राप्त गर्नको लागि मिलेर अघि बढ्नुपर्ने धारणा राख्नु भएको थियो । साथै उहांले एशिया प्रशान्त क्षेत्रले सामना गरिरहेको आर्थिक वृद्धि र रोजगारी सिर्जनामा देखिएका चुनौतीहरूलाई सम्बोधन गर्न आपसी सहयोगमा जोड दिनुको साथै नयां चुनौतिको सामना गर्न सम्मेलनमा हुने छलफल महत्वपूर्ण हुनेमा विश्वास व्यक्त गर्नुभएको थियो ।

**केयर अर्थतन्त्रबारेको कार्यक्रममा सहभागिता** :

फिलिपिन्सको मनिलामा 29-30 September 2023 मा आयोजना भएको Regional Care Roundtable investing in the Care Economy कार्यक्रममा उपाध्यक्ष एवं रोजगारदाता परिषद्का सभापति श्री ज्योत्सना श्रेष्ठले भाग लिनु भएको थियो ।

**आइएलओ विश्व सम्मेलनमा सहभागिताः**




जेनेभामा जुन ५ देखि १६ सम्म आयोजना भएको अन्तर्राष्ट्रिय श्रम संगठनको १११ औं सम्मेलनलाई महासंघको रोजगारदाता परिषद्का सभापति एवं उपाध्यक्ष ज्योत्सना श्रेष्ठले नेपालको रोजगारदाताको तर्फबाट मिति २०८० जेठ ३१ संवोधन गर्नुभयो । १७६ भन्दा वढी मुलुकका सरकार, रोजगारदाता र ट्रेड युनियन प्रतिनिधिहरूको सहभागिता रहेको सो सम्मेलनलाई संवोधन गर्नुहुंदै उहांले नेपालमा श्रम ऐन सुधारका साथै योगदानमा आधारित सामाजिक सुरक्षा योजनाहरू लागू भइरहेको उल्लेख गर्दै कार्य अवस्था सुधार, मर्यादित रोजगारी सिर्जना र सामाजिक संबादको प्रवर्द्धन तर्फ प्रयास भईसकेको बताउनुभयो ।

महासंघको रोजगारदाता परिषद्का सभापति श्रेष्ठको साथै सम्मेलनमा शिक्षा, सिप विकास तथा रोजगार समितिका सभापति गोपाल खनाल,नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका अध्यक्ष अशोक कुमार अग्रवाल (टेमानी), महासंघका वरिष्ठ विज्ञ हंसराम पाण्डे सम्मेलनमा सहभागी हुनु भएको थियो ।

**इण्डुज फुड २०२४ मा महासंघको सहभागिता** :

खाद्य तथा पेयपदार्थ सम्बन्धी दक्षिण एशियाकै सवैभन्दा ठूलो अन्तर्राष्ट्रिय प्रदर्शनी इण्डुज फुड टेक २०२४ भारतको ग्रेटर नोयडामा जनवरी ७ देखि ७, २०२४ सम्म आयोजना भएको थियो । भारत सहित दक्षिण एशियाली राष्ट्रहरुलाई अन्तर्राष्ट्रिय फुड चेनमा जोड्ने उद्देश्यले आयोजना भएको उक्त कार्यक्रममा महासंघको वस्तुगत परिषद्का सभापति एवं उपाध्यक्ष हेमराज ढकालको नेतृत्वमा महासंघका उपाध्यक्ष

ज्योत्सना श्रेष्ठ, कोषाध्यक्ष निरक के.सी, घरेलु तथा साना उद्योग समितिका सभापति श्री नरेन्द्र कुमार खड्का, व्यापार मेला समितिका सभापति श्री उमेश डालमिया, स्वास्थ्य तथा विपत व्यवस्थापन समितिका सभापति श्री भक्त बहादुर हमाल, उप सभापति श्री सविनलाल श्रेष्ठ, कार्यकारिणी समितिका सदस्य श्री केशव भण्डारी लगायतका उद्यमी व्यवसायीको सहभागिता रहेको थियो । इण्डुज फुड टेकमा महासंघको वस्तुगत संघ सदस्यहरु नेपाल अलैची व्यवसायी संघ, नेपाल डेरी एशोसिएशन, नेपाल कफि व्यवसायी महासंघ, नेपाल हर्व एण्ड हर्वल उत्पादक संघ मार्फत विभिन्न ७ वटा नेपाली कम्पनीहरुले स्टल राखेका थिए भने अन्य नेपाली कम्पनीहरुको पनि सहभागिता रहेको थियो । प्रदर्शनीमा नेपाली कफि, चिया, जडिबुटी, खाद्य प्रशोधन, खाद्यान्न उत्पादन लगायतका स्टलहरु रहेको थिए ।






प्रदर्शनीमा भारतीय वाणिज्य सचिव श्री वर्थवालसंग नेपाल व्यापारी प्रतिनिधिमण्डलले भेट गर्नुभई नेपाल भारत बीचको आर्थिक व्यापारिक सम्बन्ध, नेपाल कृषि उत्पादनको भारत निर्यातमा क्यारेन्टाइन, ल्याव टेष्ट लगायतमा रहेका समस्या समाधानका विषयमा छलफल भएको थियो ।

## भुकम्प पीडितलाई महासंघद्वारा राहत सामग्री हस्तान्तरण

मिति २०८० कार्तिक १७ शुक्रवार राती जाजरकोट र रूकुम पश्चिममा गएको भुकम्पबाट पीडित जनताका लागि महासंघद्वारा राहत सामग्री वितरण गरिएको थियो । महासंघ कर्णाली च्याप्टर मार्फत कार्तिक १७ गते पहिलो चरणको राहत सामाग्री हस्तान्तरण गरिएको थियो भने त्यसपछि कर्णाली च्याप्टर मार्फत नै सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूको समुपस्थितिमा दोस्रो चरणको राहत सामग्री हस्तान्तरण गरिएको थियो । महासंघले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण




महासंघद्वारा हालसम्म २२ लाखको राहत वितरण

भूकम्प प्रभावितलाई महासंघद्वारा राहत सामग्री हस्तान्तरण

मार्फत मिति २०८० साल कार्तिक २२ गते तेस्रो चरणको राहत सामाग्री हस्तान्तरण गरेको थियो ।

महासंघले भुकम्पबाट पिडित जनतालाई सबै सदस्य उद्योग वाणिज्य संघहरू, उद्यमी व्यवसायीहरू र व्यवसायिक संघ संस्थाहरूलाई उद्दार र राहतमा सहयोग गर्न आव्हान गरेको थियो ।

## <u>रोजगार मेलाको आयोजना :</u>

महासंघले गत जेष्ठ १६ र १७ गते महासंघ सचिवालयमा रोजगार मेलाको आयोजना गरयो । मेला नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र अन्तराष्ट्रिय श्रम संगठनको सहयोगमा रोजगार सेवा केन्द्र एवं मेरो जवको प्राविधिक सहायतामा आयोजना गरिएको थियो । मेलाको उद्घाटन महासंघका अध्यक्ष श्री ढकाल र प्रधानमन्त्री रोजगार कार्यक्रमका राष्ट्रिय निर्देशक एवं सहसचिव रामचन्द्र ढकालले गर्नु भएको थियो । उद्घाटनको अवसरमा महासंघका अध्यक्ष श्री ढकालले स्वागत मन्तव्य राख्नु भएको थियो । महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले समापन मन्तव्य राख्नु भएको मेलाको उद्घाटन कार्यक्रमको सभापतित्व महासंघको वस्तुगत परिषद्का सभापति हेमराज ढकालले गर्नु भएको थियो ।




कार्यक्रममा महासंघका पदाधिकारीहरु, कार्य समिति सदस्य, आइएलओ, नेपाल सरकार, उद्यमी व्यवसायीहरु, कम्पनीका प्रतिनिधिहरुको उपस्थिति थियो ।



## कार्यसमितिले १०० दिन पूरा गरेको अवसरमा कार्यक्रमको आयोजना

अध्यक्ष श्री चन्द्र प्रसाद ढकालको नेतृत्वको नया कार्यसमितिले १०० दिन पूरा भएको अवसरमा महासंघले मिति २०८० साउन १८ गते एक कार्यक्रमको आयोजना गर्‍यो। उक्त अवसरमा अध्यक्ष ढकालले कार्यभार ग्रहण गर्दा आफुले घोषणा गरेको ५ प्राथमकिताको उद्देश्य अनुरूप कार्य गर्दै आर्थिक संकट समाधानको लागि पहल गर्दै निजी क्षेत्रमैत्री कानून निर्माणदेखि राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रहरूमा आर्थिक बहस र पैरवी गर्न महासंघ सफल भएको बताउनु भएको थियो। उहँले अर्थतन्त्र मन्दीमा गएको हुँदा यसको सुधारका लागि सबै सरोकारवालाहरुले पहल गर्नुपर्ने कुरामा जोड दिनुभयो। सो कार्यक्रममा वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले सरकारले निजी क्षेत्र मैत्री नीति ल्याउन नखोजेको बताउनुभयो। सोही दिन आर्थिक पत्रकारहरुका लागि बजेट सम्बन्धि तालिम कार्यक्रम पनि आयोजना गरिएको थियो।




## ग्रीनग्रोथ एडभाइजरी सेवा स्थापना :



हरित अर्थतन्त्रको प्रवर्द्धनमा काम गर्ने उद्देश्यले महासंघमा सचिवालय हरित व्यवसाय वृद्धि सल्लाह सेवा (Green Growth Advisor Service) इकाईको स्थापना भएको छ। अन्तर्राष्ट्रिय श्रम संगठनको प्राविधिक सहयोगमा स्थापना भएको उक्त सल्लाह सेवा इकाईको शुभारम्भ राष्ट्रिय सभामा दीगो विकास एवं सुशासन समितिका सभापति माननीय प्रकाश पन्थ, महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकाल र अन्तर्राष्ट्रिय श्रम संगठनका देशिय निर्देशक नुमान ओजकानले संयुक्त रुपमा गर्नुभएको थियो। हरित उत्पादन र व्यवसायसंग सम्बन्धित ज्ञानहरु, प्रविधि र

उत्कृष्ट अभ्यासहरु आदान प्रदान गर्नुका साथै सरोकारवाला निकायहरुसंगको सहकार्यमा एडभाइजरीले काम गर्नेछ ।

औद्योगिक करिडोर, औद्योगिक क्षेत्र र उद्योग ग्राहकहरुमा विशेष जोड दिएर रोजगारमूलक सीप विकास, हरित रोजगारी र न्यायोचित परिवर्तनमा केन्द्रित हुदै केन्द्र, प्रदेश र स्थानीयस्तरमा सचेतना अभियान आयोजना गरिनेछ ।

व्यवसाय र उद्योगहरुमा हरित वृद्धि अभ्यासहरु अंगाल्दा वातावरण र समाजलाई मात्र फाइदा नपुगी आर्थिक वृद्धि, बजार प्रतिस्पर्धा र दीर्घकालिन दीगोपनका लागि अवसरहरु पनि सिर्जना हुने साथै निजी क्षेत्रको क्षमता विकास, जनशक्ति विकास, असल श्रम सम्बन्ध विकास हुने अपेक्षा गरिएको छ ।




## शुभकामना आदान प्रदान कार्यक्रमको आयोजना :





महासंघले नेपालीहरुको महान पर्व दशै, तिहार, छठ र नेपाल सम्बत ११४४ को अवसरमा नेपाल सरकारका उच्च पदस्थ पदाधिकारी, संवैधानिक निकायका पदाधिकारीहरु, दातृ निकायका पदाधिकारीहरु लगायत राजनैतिक दलका नेताहरुको उपस्थितिमा शुभकामना आदान प्रदान कार्यक्रमको आयोजना गरियो ।

## इण्डोनेशिया नेपाल विजिनेस फोरमको वैठक आयोजना :


Indonesia-Nepal Business Forum focuses on narrowing trade gap

Business forum held to promote Indonesian investment in Nepal

मिति २०८० असोज १८ गते महासंघ र नेपालका लागि इण्डोनेशियाली राजदूतावासको संयुक्त आयोजनामा इण्डोनेशिया नेपाल विजिनेस फोरमको वैठकको आयोजना गरिएको थियो । वैठकमा महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालले नेपाल र इण्डोनेशिया बीच द्विपक्षीय लगानी विस्तार, व्यापार वृद्धि लगायत पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले फोरमको वैठक आयोजना गरिएको बताउनु हुदै इण्डोनेशियाली लगानीकर्ताहरुलाई नेपालमा लगानीको लागि आव्हान गर्नुभएको थियो । साथै वैठकमा उहांले इण्डोनेशियाली सरकारलाई नेपाली उत्पादन इण्डोनेशिया बजारमा पुर्‍याउन इण्डोनेसिया सरकारबाट सहुलियतको माग पनि गर्नुभएको थियो ।

सो अवसरमा इण्डोनेशियाली राजदूत Heru H. Subolo ले नेपाल र इण्डोनेशिया बीच आर्थिक, व्यापारिक, द्विपक्षीय लगानी विस्तार, पर्यटन प्रवर्द्धन लगायतका क्षेत्रमा नेपाललाई इण्डोनेशिया सरकारको सहयोगको लागि आफ्नो तर्फबाट पहल गर्ने बताउनु भएको थियो । नेपाल र इण्डोनेशिया बीच सुमधुर सम्बन्ध स्थापना गर्ने उद्देश्यले प्रत्येक वर्ष इण्डोनिशया नेपाल विजिनेश फोरमको वैठक आयोजना हुने गर्दछ । साथै राजदूत Heru H. Subolo ले अक्टोबर १८–२२ सम्म इण्डोनेशियाको टंगेरन शहरमा आयोजना हुने व्यापार मेला प्रर्द्धशनी बारे जानकारी गराउदै व्यापार मेला प्रर्द्धशनीमा निर्यात हुने इण्डोनेशियाली वस्तु तथा सेवाहरुको प्रदर्शनी हुने जानकारी गराउनु भएको थियो । वैठकमा राजदूत Heru H. Subolo ले मेला अवलोकनको लागि नेपाली उद्योगी व्यवसायीहरुलाई आव्हान गर्नु भएको थियो । उक्त वैठकमा महासंघका पदाधिकारी, कार्यकारिणी समितिका सदस्यहरु, वस्तुगत संघका पदाधिकारीहरु लगायत इण्डोनेशियाली उद्योगी व्यवसायीहरुको उपस्थित रहेको थियो ।

## पहिलोपटक आर्टिफिसिएल इन्टिलिजेन्सबारे कार्यक्रमको आयोजना

महासंघ र रोबोटिक्स एशोशियन अफ नेपालको संयुक्त आयोजना नेपालको सूचना प्रविधि क्षेत्रमा योगदान पुर्‍याउने उद्देश्यले मिति २०८० माघ १९ गते Brainstorming Workshop on AI: Public Private Partnership for Artificial Intelligence कार्यक्रमको आयोजना गरियो । नेपाल सरकारका प्रतिनिधि, निजी क्षेत्र, विज्ञहरू तथा सरोकारवाला निकायहरूको सहभागिता रहेको उक्त कार्यक्रमको उद्देश्य औद्योगिक क्षेत्रमा नवप्रवर्तन सहित AI प्रविधिको उपयोग गरी नेपालको क्षमता बढाउँदै सार्वजनिक निजी साझेदारी मार्फत नेपालको सूचना प्रविधि क्षेत्रको विकासका माध्यमबाट मुलुकको आर्थिक

वृद्धि गर्ने रहेको थियो। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तयार गरिरहेको AI नीतिको मस्यौदाको लागि समेत यस कार्यक्रमले सहयोग पुऱ्याउने अपेक्षा लिएको छ। कार्यक्रम प्रमुख आतिथ्यता शिक्षा, विज्ञान तथा प्रविधिका पूर्व मन्त्री श्री गणेश शाह, विज्ञान, अतिथि प्रविधि सचिब श्रीमती प्रमिला देवी बज्राचार्य लगायत नेपाल सरकार, शिक्षा क्षेत्र, निजी क्षेत्र तथा अन्य सरोकारवाला निकायहरुको सहभागिता रहेको थियो।




**<u>स्टार्टअप उद्यम कर्जा संचालन कार्यविधि माथि छलफलको आयोजना :</u>**

स्टार्टअप कार्यविधि २०८० सरकारले पारित गरेसंगै अहिले औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले स्टार्टअप उद्यम कर्जा प्रस्ताव आव्हान समेत गरेको छ। सोही कार्य विधि र कर्जाका विषयमा वृहद जानकारी गराउने उद्देश्यले मिति २०८० फागुन २ गते उद्यमी व्यवसायीहरु बीच स्टार्टअप उद्यम कर्जा संचालन कार्यविधिका विषयमा छलफल कार्यक्रमको आयोजना गरिएको थियो। छलफल कार्यक्रममा सहुलियत कर्जा लिएका स्टार्टअप, नवउद्यमी, लघु तथा साना उद्योगीहरुले पुन प्रस्ताव पेश गर्न पाउने वा नपाउने, आमा बुवाको नाममा दर्ता भएको तर छोराछोरीले संचालन गरेको हकमा के हुने, शैक्षिक संस्था, होस्टेल र सबसिडरी उद्यम यसको दायरामा पर्ने नपर्ने, प्यान भ्याटमा दर्ता हुन पर्ने नपर्ने लगायतका जिज्ञासाको कार्यकारि निर्देशक उमेश कुमार गुप्ताले स्पष्ट पार्नु भएको थियो।

कार्यक्रममा महासंघका उपाध्यक्ष सुरकृष्ण वैधले प्रदेश, जिल्ला र स्थानीयस्तरसम्म यस्ता छलफल चलाउनु पर्ने, स्थानीयतहसम्म यस्ता विषयमा सुचित गराउनुपर्ने, स्टार्टअप नव उद्यम विस्तार हुन सहयोग पुग्ने र सरकारले आव्हान गरेको स्टार्टअप उद्यम कर्जा आव्हानमा आम सहभागिता बढ्ने लगायतका विषयमा आफ्ना धारणा राख्नु भएको थियो। महासंघले प्राज्ञिक संस्था त्रिभुवन विश्वबिद्यालयसंग मिलेर पनि स्टार्टअपका विषयमा सहकार्य गर्न नीतिगत निर्णय गरिसकेको सो अवसरमा जानकारी गराउनुभयो।

महासंघका उपाध्यक्ष ज्योत्सना श्रेष्ठले स्टार्टअप फोरमको निरन्तर प्रयासका कारण स्टार्टअप उद्यम कर्जा परियोजनाले सार्थकता पाउनेमा महासंघ विश्वस्त रहेको बताउनु भयो ।



महासंघ स्टार्टअप एण्ड ईन्नोभेशन फोरमका सभापति जुना माथेमाले महासंघले स्टार्टअप नेशनल सन्जाल बनाएको र त्यसबाट पनि सदस्यहरुबाट आएका जिज्ञासाहरुको समाधान गर्ने काम भैरहेको जानकारी गराउँदै यो कार्यक्रम, परियोजना कर्जा लिई स्टार्टअपलाई अगाडि बढाउन चाहानु भएका सवै यूवा उद्यमीहरुका लाभदायी भएको विश्वास प्रकट गर्नुभयो ।

## भेटघाट तथा छलफलः

### सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूसंग महासंघ प्रतिनिधिमण्डलको भेटः



सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूसंग अध्यक्ष श्री चन्द्र प्रसाद ढकालको नेतृत्वमा गएको महासंघको प्रतिनिधिमण्डलले मिति २०८० भदौ ७ गते भेटघाट गरेको थियो । भेटघाटका अवसरमा देशका अर्थतन्त्रका केही सूचकहरु सकारात्मक रहे पनि आमनागरिक र व्यवसायीहरुको आत्मविश्वास बढाएर अर्थतन्त्रलाई चलायनमान हुन नसकेको, बजारमा माग सिर्जना गर्न केन्द्रिय बैंक र निजी क्षेत्रले एक आपसमा सहकार्य गर्नुपर्ने, शतप्रतिशत व्यवसाय चल्न नसक्दा लक्ष्य गरिएको राजश्व संकलन हुन नसकेको बिषय सम्माननीय राष्टपतिज्यू समक्ष जानकारी गराइएको थियो । उक्त भेटघाटमा सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलले निजी क्षेत्रको उत्साहजनक सहभागिताले मात्र आर्थिक क्षेत्रको विकास संभव भएको हुंदा सरकार र निजी क्षेत्र बीच समन्वय एवं सहकार्य गरी उद्योग व्यवसाय क्षेत्रको प्रवर्द्धन मार्फत देशको आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा योगदान पुर्‍याउन आवश्यक भएको धारणा राख्नु भएको थियो ।



'अर्थतन्त्र सुधार्न निजी क्षेत्रसँग सहकार्य आवश्यक'

अर्थबज

कृषि उत्पादन बढाउनेतर्फ ध्यान केन्द्रित गर्नु पर्छ : राष्ट्रपति

निजी क्षेत्र सहकार्यमा राष्ट्रपतिको जोड

निजी क्षेत्रको उत्साहजनक सहभागिताले मात्रै आर्थिक विकास सम्भव : राष्ट्रपति पौडेल

'अर्थतन्त्र सुधार्न सरकार र निजी क्षेत्रबीच सहकार्य आवश्यक'

## सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल प्रचण्डसंग भेट :



महासंघका अध्यक्ष श्री ढकालको नेतृत्व गएको प्रतिनिधिमण्डलले मिति २०८० जेठ ८ गते सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल प्रचण्डसंग भेट गरयो । उक्त भेटमा राष्ट्रिय सभाबाट पारित भई प्रतिनिधि सभामा आएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग सम्बन्धी विधेयकमा निजी क्षेत्र समेत अख्तियारले आफ्नो कार्य क्षेत्र भित्र ल्याई छानविन गर्न सक्ने व्यवस्था भएकोले उक्त व्यवस्था हटाउने सम्बन्धमा छलफल भएको थियो । सो अवसरमा सम्माननीय प्रधानमन्त्री श्री दाहालले विधेयकमा रहेको व्यवस्था लागु नहुने गरी विधेयक पारित हुने आश्वासन दिनुभयो । साथै विद्यमान अर्थतन्त्रको सुधारका लागि निजी क्षेत्रको साथ चाहिएको उहाले वताउनुभयो ।

भेटमा महासंघ अध्यक्ष ढकालले निजी क्षेत्र निरुत्साहित हुदा सबैतिर असर पर्ने भएकाले निजी क्षेत्रलाई सम्मानको वातावरण वनाउन आग्रह गर्नुभयो ।

## सम्माननीय प्रधानमन्त्री र निजी क्षेत्र छाता संस्था अध्यक्ष भेटवार्ता :

मिति २०८० फागुन १३ गते सम्माननीय प्रधानमन्त्री दाहालले नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकाल, नेपाल उद्योग परिसंघका अध्यक्ष राजेश कुमार अग्रवाल र नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष राजन्द्र मल्ल गरी तिनै संस्थाका अध्यक्षहरुसंग भेट गरी अर्थतन्त्रका बारे जानकारी लिनु भएको थियो । प्रधानमन्त्रीसंगको भेटमा अर्थतन्त्र सुधार गर्न सरकार गम्भीर हुनुपर्ने साथै वाह्य क्षेत्र सुधार हुँदै गएपनि बजार चलायमान हुन नसक्दा अर्थतन्त्र अझैपनि जोखिममा रहेको तर्फ ध्यानाकर्षण गराउँदै व्यवसायिक वातावरण निर्माण गर्न निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाका अध्यक्षहरुले आग्रह गर्न भएको थियो ।



भेटमा न्युन मागका कारण औसतमा उद्योगहरु ४० प्रतिशत भन्दा कम क्षमतामा चलिरहेका, कोभिडपछिको तिव्र विस्तार व्यवस्थापन गर्न नसक्दा अपनाइएका नीतिले भुक्तानी सन्तुलन र विदेशी वनिमय संचितिमा उच्च सुधार भएपनि बजारमा कारोबार निक्कै सुस्ताएको, सरकार र अन्य नियामक निकायहरुको नीतिका कारण अर्थतन्त्रमा साना व्यवसायीबाट शुरु भएको समस्या बैंक वित्तिय संस्थामा पुगिसकेको, बैंक वित्तीय संस्थापछि यसको असर सरकारको राजश्वमा समेत परिरहेको लगायतका तर्फ निजी क्षेत्रले सरकारको ध्यानाकर्षण गराएको थियो ।

भेटमा बजारमा माग बढाउन सरकारको पूँजीगत खर्च बढाउनुपर्ने, गाउँ र साना शहरहरुमा रकम प्रवाह हुने गरि पुर्नकर्जा लगायतको कर्जा सुविधा विस्तार गर्नुपर्ने, अख्तियार, सतर्कता केन्द्र जस्ता निकायले निजी क्षेत्रलाई हेर्ने प्रावधान न्यायसंगत नभएको हुँदा प्रस्तावित विधेयकहरुबाट यसलाई हटाउनुपर्ने, व्यवसायीको सम्मानका लागि निजी क्षेत्रलाई पनि मर्यादाक्रममा समावेश गर्नुपर्ने, व्यवसायीहरुलाई निर्वाध काम गर्ने वतावरण हुनुपर्ने, पूजीगत लाभकरमा लाग्दै आएको दोहोरो कर हटाउनुपर्ने, धेरै निकायले निजी क्षेत्रलाई हेर्ने व्यवस्थाको अन्त्य गर्नुपर्ने, ऋणको पुर्नसंरचना र पुर्नतालिकीकरण गरिनुपर्ने, घरजग्गा र सेयर कर्जामा रहेको जोखिम भारको व्यवस्थालाई अहिले १२५ प्रतिशत जोखिम भारलाई एक सय प्रतिशतमा झार्नुपर्ने, चालु पूँजी कर्जाको बिषय बैंक र ऋणीले नै तय गर्न सक्ने गरि छुट दिइनुपर्ने, सरकारबाट स्वीकृति लिएर काम शुरु गरेका आयोजनामा अनावश्यक अवरोध भैरहेकोले निर्वाध संचालनका लागि सरकारले सहयोग प्रदान गर्नुपर्ने लगायतका सुझावहरु निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाका अध्यक्षज्यूहरुले सुझाव प्रस्तुत गर्नुभएको थियो ।


व्यावसायिक वातावरण निर्माण गर्न प्रधानमन्त्रीलाई निजी क्षेत्रको आग्रह

व्यावसायिक वातावरण निर्माणमा गम्भीर बन्न निजीक्षेत्रको माग

व्यावसायिक वातावरण निर्माण गर्न प्रधानमन्त्रीसँग निजी क्षेत्रको आग्रह

अचानक बोलाइयो निजी क्षेत्रलाई

व्यावसायिक वातावरण निर्माण गर्न निजी क्षेत्रको आग्रह

व्यावसायिक वातावरण बनाउन निजी क्षेत्रको आग्रह

भेटका क्रममा प्रधानमन्त्री दाहालले निजी क्षेत्रको सुझाव अनुरुप अर्थतन्त्र सुधारका लागि सरकारले पहल गर्ने, निजी क्षेत्र र सरकारी परियोजनाको काम समयमै सक्न सरकारले पहल गर्ने लगायत वताउनुभयो । भेटमा नेपाल सरकारका मुख्य सचिव डा वैकुण्ठ अर्यालको पनि उपस्थिति थियो ।

## मानननीय अर्थमन्त्री डा. प्रकाश शरण महतसंग भेटः


महासंघका पदाधिकारीलाई अर्थमन्त्रीको बधाई

सरकार र निजी क्षेत्र मिलेर अप्ठ्यारा हटाउनुपर्छ'

कार्यक्षमता बढाउन चुनौती

सरकार र निजी क्षेत्रको सहकार्य आवश्यक : महत

'अर्थतन्त्रका समस्या समाधानका लागि पहल गरौं'

महासंघका अध्यक्ष श्री ढकालको नेतृत्वमा गएको पदाधिकारी सम्मिलित प्रतिनिधिमण्डलले मिति २०८० वैशाख ४ गते माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महतज्यूसंग भेट गरेको थियो। उक्त भेटमा अध्यक्ष ढकालले नेपाली अर्थतन्त्र न्यून माग र उच्च मुल्य वृद्धिका



कारण सिर्जित समस्याबाट गुज्रिरहेकाले समस्या समाधानका लागि ठोस पहल हुनुपर्ने, बजारमा मन्दीको अवस्था सिर्जना हुन सक्ने भएकाले अर्थतन्त्रको अहिलेको संकट समाधानका लागि मन्त्रालयले ठोस पहल गर्नुपर्ने, बजारमा माग नहुदा निर्माण क्षेत्र, सवारी साधन बिक्री वितरण घर जग्गा कारोबार, शेयर बजार लगायतका क्षेत्रमा असर देखिएको र त्यसको प्रत्यक्ष प्रभाव राजश्व संकलनमा पनि देखिएको हुंदा अवस्था सहज बनाउन सरकारले उत्पादनमूलक क्षेत्रमा लगानी बढाउने वातवारण बनाउनुपर्ने सुझाव प्रस्तुत गर्नुभएको थियो।

## पूर्व प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति श्री शेर वहादुर देउवासंग भेट :



मिति २०८० वैशाख १० गते अध्यक्ष श्री ढकालको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले पूर्व प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति श्री शेरबहादुर देउवाज्यूसंग भेट गरयो। उक्त भेटमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग सम्बन्धी विधेयकमा निजी क्षेत्र पनि अख्तियारको कार्य क्षेत्रमा आउने प्रावधान हटाइनु पर्नेमा जोड दिइयो। पूव प्रधानमन्त्री देउवाले आफ्नो पार्टि खुला अर्थतन्त्रको पक्षधर रहेकाले निजी क्षेॅत्रलाई अप्ठेरो नहुने कुरामा ढुक्क हुन उद्यमी व्यवसायीलाई आग्रह गर्नुभयो। भेटमा अध्यक्ष ढकालले निजी क्षेत्रको मनोबल बढाउन सबैले सहयोग गर्नुपर्ने वताउनुभयो।

## पूर्व प्रधानमन्त्री एवं नेकपा एमाले अध्यक्ष श्री केपी शर्मा ओली:



मिति २०८० वैशाख १० गते अध्यक्ष श्री ढकालको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले पूर्व प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष श्री के.पी शर्मा ओलीज्यूसंग भेट गरयो। उक्त भेटमा निजी क्षेत्रलाई समेत समेट्ने गरी राष्ट्रिय सभाबाट प्रतिनिधि सभामा आएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग सम्बन्धी विधेयकमा भएको व्यवस्था हटाउनु अनुरोध गरियो। उहाले उक्त प्रावधान निजी क्षेत्र मैत्री नभएकाले हटाउन पहल गर्ने वताउनुभयो।

भेटमा अध्यक्ष ढकालले निजी क्षेत्रको विस्तारमा सबैंको सहयोग आवश्यक रहेको वताउनुभयो।

## रक्षा, कानून तथा न्याय मन्त्री श्री पूर्ण वहादुर खड्कासंग भेट:



अध्यक्ष श्री ढकालको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले मिति २०८० वैशाख ७ गते माननीय रक्षा तथा कानून मन्त्री श्री पूर्ण बहादुर खड्काज्यूसंग भेट गरयो। सो भेटमा अख्तियारले निजी क्षेत्रलाई हेर्ने अधिकार संविधानमा समेत नभएको अवस्थामा मुलुकको अर्थतन्त्रको ८० प्रतिशत हिस्सा ओगट्ने निजी क्षेत्रलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्न सक्ने गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन संशोधन विधेयकमा यस्तो प्रावधान राखिएको र यो व्यवस्थाले लगानीको वातावरण विग्रिने र मुलुकको अर्थतन्त्रमा समेत असर पर्ने हुंदा त्यस्तो प्रावधान हटाउन अनुरोध गरियो।

## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री सरतसिंह भण्डारी:



महासंघका अध्यक्ष श्री ढकालको नेतृत्वमा महासंघको पदाधिकारी प्रतिनिधिमण्डलले मिति २०८० वैशाख २६ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री माननीय शरतसिंह भण्डारी समक्ष भेटवार्ता गरयो। सो अवसरमा श्रम बजारको माग अनुसारको शीप विकासमा जोड दिइयो। वैदेशिक रोजगारीमा जांदा लिइने केही अव्यवहारिक नीति नियमको पुनरावलोकन हुनुपर्नेमा पनि मन्त्री भण्डारीको ध्यानाकर्षण गराइएको थियो।

## सुदूरपश्चिमका सांसद एवं जनप्रतिनिधिसंग भेटः



खप्तडमा पर्यटन सहित लगानी प्रवर्द्धनका विषयमा मिति २०८० जेठ २ गते महासंघमा भेटघाट एवं छलफल भएको थियो ।

सुदुरपश्चिमको पर्यटकीय पूर्वाधार निर्माण एवं पर्यटन क्षेत्रको प्रवर्द्धनका लागि महासंघसंगको सहकार्यका लागि छलफल गर्न आएको सुदुरपश्चिम प्रदेशको प्रतिनिधित्व गर्ने संघीय सांसद र प्रदेशसभा सदस्यहरुको टोली र महासंघका अध्यक्ष लगायतका पदाधिकारीसंग भएको छलफल एवं भेटवार्तामा आन्तरिक तथा बाह्य पर्यटकहरुको आकर्षण रहेको सुदुरपश्चिमको खप्तड क्षेत्रलाई पर्यटनस्थलको रुपमा प्रवर्द्धन गर्नुपर्ने र यसको लागि सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप कार्य अघि बढाई यस क्षेत्रको विकासलाई अगाडी बढ्ाउनुपर्नेमा जोड दिइयो ।

## नेपाल राष्ट्र बैंक गभर्नर श्री महाप्रसाद अधिकारीसंग भेटः



अध्यक्ष श्री ढकालको नेतृत्वमा गएको प्रतिनिधि मण्डलले मिति २०८० वैशाख ६ गते राष्ट्र बैंकका गभर्नर श्री महाप्रसाद अधिकारीज्यूसग भेट गर्‍यो । उक्त भेटमा मुल्यवृद्धि, तरलता व्यवस्थापन, व्याजदर नियन्त्रण, कर्जाको सावा व्याज तिर्न नसक्ने अवस्था भएकाले २०८० असार मसान्तसम्मका लागि पुर्नसंरचना र पुनतालिकिकरणको सुविधा दिनुपर्ने लगायतका विषयमा छलफल भएको थियो ।

## नवनियुक्त मुख्य सचिव डा. बैकुण्ठ अर्यालसंग भेटः



मिति २०८० असार २ गते अध्यक्ष श्री ढकालको नेतृत्वमा गएको महासंघको प्रतिनिधिमण्डलले नवनियुक्त मुख्य सचिव डा. बैंकुण्ठ अर्यालसंग भेट गरी व्यवसायिक लागत घटाउन सरकारले विशेष पहल गर्नुपर्ने, हालको आर्थिक अवस्था सुधारका लागि सरोकारवाल निकायसंग समन्वय गर्नुपर्ने, विद्यमान मन्दीको अवस्थाबाट अर्थतन्त्रलाई बाहिर ल्याउन सरकारले विशेष पहल गर्नुपर्ने, आर्थिक विधेयकमा


'सरकारले व्यावसायिक लागत घटाउँछ'

व्यावसायिक लागत घटाउन सरकारले काम गर्छ : मुख्यसचिव अर्याल

बजार/समाचार 3

गरिएको परिवर्तनले विभिन्न उद्यम व्यवसायमा नकाारत्मक प्रभाव देखिएकोले संशोधनको लागि पहल गर्नुपर्ने साथै जिल्ला नगरमा आयोजना हुने मेला महोत्सव व्यवस्थित बनाउन जिल्ला नगर उद्योग वापिणज्य संघले आयोजन ागर्ने गरी व्यवस्था मिलाउनुपर्ने, निजी क्षेत्र बारेमा प्रष्ट नीति हुनुपर्ने, बढ्दो व्याजदरका कारण साना व्यवसायी प्रभावित रहेकाले व्यवसायिक लागत घटाउन सरकारले पहल गर्नुपर्ने लगायतका विषयमा छलफल भएको थियो ।

## मानननीय उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठसंग भेट :



उप प्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठसंग महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालको नेतृत्वमा गएको महासंघ प्रतिनिधिमण्डलले मिति २०८० भदौं २५ गते भेटघाट गरेको थियो ।

उक्त भेटमा विद्यमान आर्थिक मन्दीबाट अर्थतन्त्र सुधार गर्न निजी क्षेत्रको मनोबल बढाउनु पर्ने, अर्थतन्त्रलाई चलायमान बनाउन केन्द्रिय बैंक र सरकार दुवैको भूमिका रहेको, निजी क्षेत्रको मर्यादाक्रमको व्यवस्था गरिनुपर्ने, सीमा क्षेत्रमा हुने अवैध आयात निर्यात नियन्त्रणका लागि विशेष ध्यान दिनुपर्ने, गौरीफन्टामा रहेको क्वारेन्टाइन पुनः संचालन गर्नुपर्ने, गिटी वालुवा लगायतका वस्तुहरु निकाल्न आवश्यक वातवारणीय प्रभाव अध्ययन गरि निकासी गर्न दिइनुपर्ने, नयां बनेका पोखरा र गौतमबुद्ध विमानस्थल संचालनका लागि सरकारले विशेष कार्यक्रम ल्याउनुपर्ने, सरकारले पूजीगत खर्च गर्न नसकिरहेको अवस्थामा बजारमा रकम प्रवाह गर्न विकास निर्माणमा सरकारी लगानी आवश्यक रहेको लगायत अर्थतन्त्र सुधारका लागि सरकारले सरोकारवाला सवैसंग छलफल गरी अगाडी बढ्नु पर्ने लगायतका विषयमा छलफल भएको थियो ।

## सेजनका नयां कार्यकारिणी समितिका सदस्यहरुसंग भेटघाट :





व्यवसायीको मनोबल बढाउन आग्रह

नयाँ पत्रिका

व्यवसायीको मनोबल बढाउन सरकारले पहल गर्नुपर्छ : अध्यक्ष ढकाल

२०८० साल असोज २९ महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकाल लगायत पदाधिकारीहरुले नेपाल आर्थिक पत्रकार समाज (सेजन) को नवनिर्वाचित कार्यकारिणी समितिसंग भेटवार्ता गर्नु भएको थियो । उक्त भेटघाटमा अध्यक्ष श्री चन्द्र प्रसाद ढकालले अर्थतन्त्रको सुधारको लागि निजी क्षेत्र सहित सवै सरोकारवालाहरुको सामूहिक प्रयास आवश्यक भएकोले आर्थिक सुधारका लागि उच्चस्तरीय आयोग वा संयन्त्र निर्माण गरी सहकार्य गर्न आवश्यक भएकोले यसमा सेजनसंगको सहकार्य पनि महत्वपूर्ण हुने धारणा व्यक्त गर्नु भएको थियो ।

उक्त भेटघाटमा सेजन अध्यक्ष सुजन ओलीले आर्थिक मन्दीका समयमा विभिन्न वस्तुगत र जिल्लाका उद्यमी व्यवसायी समस्यामा रहेको हुंदा सुधारका लागि महासंघसंग सहकार्य गरिने बताउनु भएको थियो । उक्त कार्यक्रममा बरिष्ठ उपाध्यक्ष श्री अञ्जन श्रेष्ठले मुलुकभर नै उद्यमी व्यवसायी मन्दीका कारण प्रभावित भएको हुदा सवै क्षेत्रको विशेष पहल आवश्यक रहेको बताउनु भएको थियो । सोअवसरमा उपाध्यक्षद्वय हेमराज ढकाल र ज्योत्सना श्रेष्ठले उद्योग व्यवसायको प्रवर्द्धन र उद्यमी व्यवसायीका समस्या समाधान सम्बन्धमा सेजनले गरिरहेको कामको प्रशंसा गर्नुभएको थियो ।

## माननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री एवं सचिवसंग महासंघको प्रतिनिधिमण्डलद्वारा भेटघाटः



माननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री श्री रमेश रिजाल र उद्योग वाणिज्य तथा आपूर्ति सचिव श्री मुकुन्द प्रसाद निरौलासंग मिति २०८० कार्तिक १४ गते महासंघका उपाध्यक्ष श्री ज्योत्सना श्रेष्ठको नेतृत्व गएको प्रतिनिधिण्डलले भेटघाट गरेको थियो । उक्त भेटघाट

अवसरमा देशको समग्र आर्थिक, सामाजिक र दीगो विकासमा युवा तथा नव युवा उद्यमीहरुको महत्वपूर्ण भूमिका रहेकाले उनीहरुसंगको सहकार्यलाई सुव्यवस्थित गरी अगाडी बढाउने रणनीतिक योजनाहरु, स्टार्टअप नीति, स्टार्टअप धितो कोष संचालन कार्यविधि लगायतका विषयमा माननीय मन्त्रीज्यू समक्ष छलफल गरिएको थियो ।

## CACCI का प्रतिनिधिमण्डलद्वारा सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष भेटघाट :


सिया क्षेत्रका व्यावसायिक लिडरलाई लगानी आग्रह

क्यासी प्रतिनिधिमण्डल र प्रधानमन्त्री भेट

नयाँ पत्रिका

समृद्धि यात्रामा सहयोग गर्न क्यासीका उद्यमीलाई प्रधानमन्त्रीको आह्वान

PM Dahal urges Asia-Pacific business leaders to invest in the country

अभियान

नेपालमा लगानी गर्न क्यासीलाई प्रधानमन्त्रीको आग्रह

सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल प्रचण्डसंग महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालको नेतृत्वमा गएको एशिया प्रशान्त क्षेत्रीय उद्योग वाणिज्य परिसंघ (Confederation of Asia –Pacific Chambers of Commerce and Industry-CACCI) का अध्यक्ष Peter McMullin सहितको प्रतिनिधिमण्डलले २०८० साल कार्तिक २१ गते शिष्टाचार भेटघाट गरेको थियो । उक्त भेटघाटमा नेपालको आर्थिक विकासमा एशिया प्रशान्त क्षेत्रबाट लगानी, प्रविधि एवं विकास मोडल आकर्षण गर्न क्यासीबाट हुन सक्ने सहयोगका विषयमा छलफल भएको थियो ।

उक्त अवसरमा महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले क्यासी सम्मेलन नेपालको आर्थिक विकासका मुद्दामा केन्द्रित भएको र सम्मेलन मार्फत नेपालमा एशिया प्रशान्त क्षेत्रबाट



लगानी एवं प्रविधि भित्र्याउन महासंघले पहल गर्ने बताउनु भएको थियो । त्यसैगरी क्यासीका अध्यक्ष पिटरले नेपालमा लगानी एवं आर्थिक व्यवसायिक सम्बन्ध विस्तारमा सहयोग पुर्‍याउन क्यासी तयार गरेको प्रतिवद्धता पनि व्यक्त गर्नुभएको थियो ।

सो अवसरमा सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल प्रचण्डले नेपालमा लगानी वातावरण बनेकोले नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीकर्ताहरूलाई लगानीको आव्हान गरिरहेकोले एशिया प्रशान्त क्षेत्रका लगानीकर्ताहरूलाई पनि लगानी गर्न आग्रह गर्नुभएको थियो ।

## द्विपक्षीय आर्थिक एवं व्यापारिक सम्बन्ध विस्तार बारे भेटघाट एवं छलफल :

### संयुक्त राष्ट्र संघका आवासीय संयोजक श्री हाना सिंगर हमदीद्वारा भेट :



मिति २०८० वैशाख ११ गते महासंघका अध्यक्ष श्री ढकाल र नेपालका लागि संयुक्त राष्ट्र संघका आवासीय संयोजक हाना सिंगर-हमदी (Ms. Hanaa Singer-Hamdy, United Nations Resident Coordinator in Nepal) बीच महासंघ सचिवालयमा औपचारिक भेटवार्ता भयो ।



आर्थिक संकट समाधानमा सहकार्य गर्न आग्रह

FNCCI seeks UN assistance to boost industry, economy

BY A STAFF REPORTER
Kathmandu, May 25

President of the Federation of Nepalese Chambers of Commerce and Industry (FNCCI), Chandra Prasad Dhakal, has sought the support of development partners in formulating the strategy in managing the current economic crisis, creating an investment-friendly environment, developing skilled manpower and creating more jobs.

He proposed a deeper cooperation between the business community and development partners during a meeting with Hanaa Singer-Hamdy ...

the Least Developed Countries (LDCs) on business were the key agenda of discussion. There was also a discussion for capacity enhancement of small and medium enterprises, production of skilled manpower, cooperation with the private sector and the government.

Dhakal stated that the FNCCI could be a close partner of the government and the UN in achieving sustainable development goals because it has a strong network throughout the nation and a structure that can reach the grassroots level.

On the occasion, Singer-Hamdy said that she took the issues raised by the president of FNCCI ...

भेटवार्तामा  दुई संस्थाबीच दीगो विकासका लक्ष्यहरू कार्यान्वयन र  अतिकम विकसित मुलुकबाट नेपालको स्तरोन्तीबाट पर्न सक्ने प्रभाव न्यूनिकरणका लागि सहकार्य गर्ने, साना तथा मझौला उद्योग व्यवसायको क्षमता विकास, दक्ष जनशक्ति उत्पादन, निजी क्षेत्र र तीनै तहका सरकारसंगको साझेदारी रहने लगायतका विषयमा छलफल भएको थियो ।

## आइएलओ देशिय निर्देशक नुमान ओजकानद्वारा भेट :



मिति २०८० वैशाख २६ गते अध्यक्ष श्री ढकाल र अन्तर्राष्ट्रिय श्रम संगठन नेपालका लागि देशिय निर्देशक नुमान ओजकान (Mr. Numan Ozcan, Country Director, ILO to Nepal) बीच औपचारिक भेटवार्ता भयो । सो अवसरमा दक्ष जनशक्ति विकास, पेशागत स्वास्थ्य सुरक्षा, सामाजिक सुरक्षा र सामाजिक सम्बादको विषयमा छलफल भएको थियो । भेटमा आइएलओका निर्देशकले समावेशी आर्थिक विकासको लागि महासंघको प्राथमिकतालाई सफल पर्न आइएलओले सहकार्य गर्ने विश्वास दिलाउनु भयो । यसैगरि महासघका महानिर्देशक गोकर्णराज अवस्थीले ILO Geneva का Macroeconomic and Employment Policies Specialist Mr. Kee Beom Kim संग मिति २०८० असार ६ गते भेटघाट गर्नु भई नेपालको रोजगार नीतिका विषयमा निजी क्षेत्रको धारणा सहित नेपालको श्रम बजारको वारेमा छलफल गर्नुभएको थियो ।

## अन्तर्राष्ट्रिय मुद्राकोषका प्रतिनिधिसंग भेट



मिति २०८० असार २२ गते अध्यक्ष श्री चन्द्र प्रसाद ढकालसंग अन्तर्राष्ट्रिय मुद्रा कोषका प्रतिनिधि टेरेसा सान्जेजसंग महासंघको सचिवालयमा भेटघाट गर्नुभएको थियो । उक्त भेटघाटमा नेपालको अर्थतन्त्र सुधारका साथै आर्थिक स्थायित्वका लागि अन्तर्राष्ट्रिय मुद्रा कोषको सहकार्यका सम्बन्धमा छलफल भएको थियो । नेपाल राष्ट्र बैंकको आ.व. २०८०/८१ को मौद्रिक नीति मार्फत व्याजदर घटाउने, चालु पूजी कर्जा मार्गदर्शन परिमार्जन एवं कर्जाको पुनसंरचना एवं पुनर्तालिकीकरण गर्न प्रोभिजनिङमा लचकताको लागि महासंघले नेपाल राष्ट्र बैंकसंग आग्रह गरेको र यसको लागि अन्तर्राष्ट्रिय मुद्राकोषको पनि सहयोग आवश्यक रहेको सम्बन्धमा छलफल भएको थियो ।

## GIZ का REEEP प्रोग्राम मेनेजरसंग भेटघाट :



गत असार २२ गते महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालले GIZ का Renewable Energy and Energy Efficiency Programme Manager Mr. Frank Boemer संग महासंघमा भेटघाट गर्नु भएको थियो । उक्त भेटमा महासंघ र GIZ बीच आगामी दिनमा गरिने उर्जा दक्षता सम्बन्धमा सहकार्य सम्बन्धी विषयमा छलफल भएको थियो ।

## नेपाल, भारत तथा भुट्‌ानका लागि नेदरल्याण्डका राजदूत भेटघाट :


epal and the Netherlands
scuss investment opportunities

Dutch envoy pledges to facilitate investment in Nepal

mpletes

अध्यक्ष श्री चन्द्र प्रसाद ढकालसंग मिति २०८० असार २८ गते नेपाल, भारत एवं भुटानका लागि नेदमरल्याण्डका राजदुत Mr. Marten Van Den Berg ले महासंघको सचिवालयमा भेट गर्नुभएको थियो । उक्त भेटमा नेपाल र नेटरल्याण्ड बीच दुई देश बीच आर्थिक सम्बन्धमा विस्तार, नेपालको आर्थिक स्थायित्व, लगानी प्रवर्द्धन लगायतका विषयमा छलफल भएको थियो । अध्यक्ष श्री चन्द्र प्रसाद ढकालले नेपालमा लगानीका क्षेत्रहरू जस्तै उत्पादन, सूचना प्रविधि, कृषि, पर्यटन, उर्जा लगायत सेवाका क्षेत्रहरूमा प्रशस्त लगानीको संभाव्यता भएकोले यस क्षेत्रको लगानीको लागि आव्हान गर्नुको साथै नेपाली कामदारको सीप विकास लागि नेटरल्याण्डको सहयोगको लागि आव्हान गर्नु भएको थियो । त्यसैगरी नेदरल्याण्डका राजदूत वर्गले नेपालमा स्टार्टअप र अन्य क्षेत्रमा सहयोग पुर्‌याउने उद्देश्यले भारतको नयां दिल्लीस्थित आर्थिक इकाईसंग परामर्श गर्ने साथै विद्यमान संजाल र श्रोतहरूको सदुपयोग गरेर उद्यमशीलता र स्टार्टअपको वृद्धिका सार्थ समग्र नेपालको अर्थतन्त्रको विकासमा आफ्नो तर्फबाट योगदान गर्ने विषयमा छलफल भएको थियो ।

## अन्तर्राष्ट्रिय वित्त निगमका उपाध्यक्षसंग भेटघाटः


FNCCI and IFC to work in tandem to navigate present economic challenges

भेटवार्ता

IFC pledges support for Nepali private sector

FNCCI seeks IFC support for economic recovery

वित्त निगम निजीक्षेत्रसँग काम गर्न इच्छुक

महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालसंग नेपालको भ्रमण आउनु भएका अन्तर्राष्ट्रिय वित्त निगमका उपाध्यक्ष सुसन लनले मति २०८० साउन १६ गते महासंघमा भेट गर्नुभएको थियो । उक्त भेटमा आर्थिक सुधार, पूर्वाधार विकास र उद्यमशीलता प्रवर्द्धनमा सहकार्य गर्ने, विद्यमान आर्थिक मन्दिको अवस्थाबाट अर्थतन्त्रको सुधारका साथै वित्तिय पहुच वृद्धि, साना तथा मझौला उद्यमको विकास, पर्यटन जलविद्युत लगायतका पूर्वाधार विकास एवं लगानी प्रवर्द्धनका लागि महासंघ र निगमको सहकार्य हुने लगायतका विषयमा  छलफल भएको थियो । भेटघाटमा महासंघका बारिष्ठ उपाध्यक्ष श्री अञ्जन श्रेष्ठ, उपाध्यक्ष श्री ज्योत्सना श्रेष्ठ, लगानी तथा अन्तर्राष्ट्रिय मामिला फोरमका सभापति श्री मनोज पौडेलेको सहभागिता

रहेको थियो । अन्तर्राष्ट्रिय वित्त निगमले निजी क्षेत्रको योगदान सम्बन्धी प्रतिवेदन तयार गर्नुका साथै लघु, घरेलु, साना तथा मझौला उद्योग व्यवसाय क्षेत्रको विकास, विस्तार एवं प्रवर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यले लघु, घरेलु साना एवं मझौला उद्यम सम्मेलनको आयोजना गर्न सहयोग पुर्‍याएको थियो ।

## नेपाल उद्योग परिसंघका पदाधिकारीसंग भेटः

नेपाल उद्योग परिसंघका नवनिर्वाचित पदाधिकारीहरूका लागि मिति २०८० असार १८ गते महासंघमा स्वागत एवं भेटघाट कार्यक्रम आयोजना गरियो । उक्त भेटघाटमा निजी क्षेत्रको हकहित, आर्थिक विकासका लागि महासंघ र परिसंघ बीच सहकार्य हुने, दुई संस्थाको संयुक्त रूपमा आगामी आर्थिक वर्षको लागि मौद्रिक नीतिमा सुझाव पेश गर्ने लगायतका विषयमा छलफल भएको थियो ।




## कर छुटको प्रमाणपत्र

महासंघ सचिवालयको लेखा र प्रशासनको काम कारवाहीलाई क्रमशः डिजिटल बनाउदै लगिएको छ । उत्पत्तिको प्रमाणपत्र सम्बन्धि विवरणलाई पनि सफ्टवेयर मार्फत व्यवस्थापन गर्ने प्रक्रिया शुरू भएको छ । प्रदेश च्याप्टरहरू महासंघको सफ्टवेयरमा जोडिएका छन् । सदस्यताको नविकरण लगायतको भुक्तानी अनलाइनबाट भुक्तानी गर्ने व्यवस्था मिलाइएको छ । यसैगरि महासंघले लामो समयदेखि नपाएको कर छुटको प्रमाणपत्र यस बर्षदेखि प्राप्त गरेको छ ।



नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय त्रिपुरेश्वर

फोन नं. ४२३०४९४, ४२३०४६६, ४२३९९४६
फ्याक्स नं.: ४२३०५६३
email:tripureshwor@ird.gov.np

च.नं. ६०८
प.सं. २०८०/०८१

### आयकर छुट प्रमाणपत्र

आयकर छुट प्रमाणपत्र नम्बरः १४/२०८०/०८१ जारी मितिः२०८०।१०।१४

देहायमा उल्लेख भएको संस्था आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ध) को उपखण्ड (१) को (क) मा उल्लेख भए बमोजिम सामाजिक तथा सामुदायिक सेवा गर्ने गरी नाफा नकमाउने उद्देश्यले गठन भएको सामाजिक संस्था रहेको देखिएकोले आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ध) को उपखण्ड (१) तथा आयकर नियमावली, २०५९ को नियम ३ को उपनियम (२) बमोजिम सो संस्थालाई आयकर छुट पाउने संस्थाको रुपमा दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

**१. संस्था सम्बन्धी बिवरणः**

क) स्थायी लेखा नम्बर : ६००८०७९००
ख) नामः श्री नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल
ग) ठेगानाः का.म.न.पा.१२, टेकु ,काठमाडौं
घ) फोन नम्बरः ९८५१२१८३३०
ङ) ईमेल ठेगाना/वेबसाईटः fncci@mos.com.np
च) संस्थाको उद्देश्यः सामाजिक सेवा गर्ने ।
छ) भौगोलिक कार्यक्षेत्रः नेपाल राज्यभर ।

**२. संस्थाको प्रारम्भिक दर्ता सम्बन्धी बिवरण**

क) दर्ता गर्ने निकायः गृह मन्त्रालय, काठमाण्डौं ।
ख) दर्ता नम्बरः १६८०
ग) दर्ता मितिः २०६९।१०।०२

**३.मुख्य व्यक्तिको बिवरण**

क) नाम र ठेगानाः सुरज बैध
ख) फोन र मोवाइल नम्बरः ९८५१२१८३३०
ग) इमेल : fncci@mos.com.np

कर अधिकृत
२०८०।१०।१८
रामकृष्ण श्रेष्ठ
(कर अधिकृत)

## परिषद्/प्रदेश/समिति/फोरमहरुका गतिविधिहरु

यो एक वर्षको अवधिमा महासंघ अन्तरगतका परिषद्/प्रदेश/समिति/फोरम/परियोजनाका विभिन्न गतिविधिहरुको संक्षिप्त विवरण देहाय बमोजिमका रहेका छन् ।

## उद्योग वाणिज्य परिषद

### नवनिर्वाचित टिमको सम्मानमा स्वागत बधाई कार्यक्रमः

नेपाल उद्योग वाणिज्य महासंघको जिल्ला नगर परिषद्का तर्फबाट बैशाख १५ गते नुवाकोट उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष लगायत कार्यसमिति सदस्यहरूको सम्मानमा महासंघ सचिवालयमा स्वागत कार्यक्रमको आयोजना गरियो । कार्यक्रममा हाल व्यापार व्यवसायमा देखिएको अवस्थाका साथै आगामी दिनहरूमा यस क्षेत्रको विकासको लागि गर्नुपर्ने कार्यक्रमका साथै व्याजदर, तरलताको समस्या, उद्योग व्यवसाय क्षेत्रको विकासमा जिल्ला नगर उवासंघको भूमिका, सस्थागत विकास, न्यूनतम पारिश्रमिक सम्बन्धमा सुझाव लगायतका विषयमा छलफल भएको थियो ।

### अन्तर्राष्ट्रिय वित्त निगमसंग अन्तरक्रियाः

अन्तर्राष्ट्रिय वित्त निगम (IFC) का आवाशिय प्रतिनिधि एव कार्यालय प्रमुख Mr. Babacar S.Faye को नेतृत्वले बुटवल र सिद्धार्थनगर उवासंघमा जेष्ठ १० गते, उद्योग वाणिज्य संघ चितवनमा जेठ १४ गते र वीरगन्जमा जेष्ठ १६ गते उद्योगी व्यवसायीहरूसंग अन्तरक्रिया कार्यक्रमको लागि यस महासंघमा समय मिलाई दिन अनुरोध भए अनुसार यस महासंघले उक्त संघहरूमा आवश्यक समन्वय गरी आइएफसीका प्रमुखसंग भेटघाट एवं अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । सो अवसरमा आइएफसी र संघहरू बीचको आपसी सहयोग एवं सहकार्यका विषयमा छलफल भएको थियो ।

### नेपाल चाटर्ड एकान्टेन्ट्स संस्था(ICAN) बजेट पछिको कार्यक्रम

नेपाल चाटर्ड एकान्टेन्ट्स संस्था (ICAN)द्वारा जेठ १९ गते आयोजित बजेट पछिको कार्यक्रममा उपाध्यक्ष श्री सुरकृष्ण बैधको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा उपाध्यक्ष वैधले मुलुकभरका जिल्ला तथा नगर उद्योग वाणिज्य संघमा लेखा तथा कर सम्बन्धी ज्ञान भएको व्यक्तिको आवश्यकता रहेको र यसका लागि आन्तरिक राजस्व विभाग, नेपाल उद्योग वाणिज्य महासंघ र ICAN मिलेर संयुक्त रुपमा कर तथा लेखा सम्बन्धी तालिम संचालन गर्नुपर्ने लगायतका विषयमा आफ्नो धारणा राख्नु भएको थियो ।

साथै उक्त लेखामान वोर्डले Implementation of Reporting Standards विषयमा अन्तरक्रिया कार्यक्रममा कोशी, लुम्विनी, बागमती र गण्डकी प्रदेशबाट सहभागिता गराई दिन अनुरोध भए अनुसार सो प्रदेशहरुको सहभागिताको लागि आवश्यक समन्वय समेत गरिएको थियो ।

### उद्योग वाणिज्य परिषदको पहिलो बैठक

परिषदको पहिलो बैठक जेठ ३२ र असार १ गते आयोजना गरिएको थियो । उक्त वैठकबाट परिषदमा उपसभापति चयन, आ.व. २०८०।८१ बजेटले पारेको प्रभावको समीक्षा, बजेट सम्बन्धी संघका सदस्यहरूले भोग्नु परेका समस्या एवं सुझाव, उद्योग वाणिज्य परिषदको वार्षिक बजेट, महासंघको विधान संशोधन सम्बन्धमा, मौद्रिक नीति सम्बन्धमा, मर्यादाक्रम सम्बन्धमा, मेला महोत्सव सम्बन्धमा, गुणस्तर तथा नापतौल नविकरण लगायतका विषयमा छलफल भई राय सुझाव प्रस्तुत गरिएको थियो ।

**भन्सार नाकाबाट आयात/निर्यात सहजिकरण:**

विभिन्न जिल्लाहरुको भंसार नाका आसपासका महासंघका सदस्य जिल्ला नगर विभिन्न नाकाका अध्यक्षज्यूहरुसंग असार १७ र २७ गते छलफल आयोजना गरिएको थियो । सो अवसरमा भन्सार तथा अनुगमनबाट व्यवसायीहरुले भोग्नु परेको समस्या माथि छलफल गरिएको थियो । उक्त बैठकमा आ.व २०८०।८१ को बजेट मार्फत भएका व्यवस्थाले आयात /निर्यातमा ठूलो समस्या उत्पन्न भएको सो अवसरमा व्यक्त गरियो ।

छलफलबाट आएका सुझावहरुलाई भन्सार विभागका महानिर्देशक श्री शोभाकर पौडललाई महासंघका वरिष्ठ उपाध्यक्ष श्री अन्जन श्रेष्ठले हस्तान्तरण गर्नुभयो ।

उक्त बैठकमा उपाध्यक्षहरु श्री सुरकृष्ण बैद्य, श्री हेमराज ढकाल, श्री ज्योत्सना श्रेष्ठ, नेउवामहासंघ वागमती प्रदेशका अध्यक्ष श्री अशोक टेमानी, कार्यकारिणी समिति सदस्यहरु श्री अम्बिका प्रसाद पौडेल,श्री अमरेश वैदार लगायत जिल्ला तथा नगर उद्योग वाणिज्य संघका अध्यक्षज्यूहरु सहभागी हुनु भएको थियो ।

**कार्य योजना गोष्ठी सम्पन्न:**

देउखुरी उद्योग वाणिज्य संघको नवनिर्वाचित पदाधिकारी एवं कार्य समिति सदस्यहरुका लागि महासंघ सचिवालयमा असोज १९ गते कार्यशाला कार्यक्रमको आयोजना गरियो । संघका नवनिर्वाचित कार्य समितिको कार्यकालमा आयोजना गरिने कार्ययोजनाहरुलाई सफल रुपमा सम्पन्न गर्ने कार्यमा सहयोग पुरयाउने उद्देश्यले सो कार्यक्रमको आयोजना गरिएको हो ।

सो कार्यक्रमलाई संवोधन गर्नुहुंलै महासंघका उपाध्यक्ष एवं उद्योग वाणिज्य परिषदका सभापति श्री सुरकृष्ण वैद्यले नव निर्वाचित अध्यक्ष लगायत कार्य समिति सदस्यहरुलाई बधाई तथा स्वागत गर्नु भएको थियो । साथै यस कार्य योजना संघको लागि मेरुदण्डको रुपमा रहने भएकोले नै महासंघले देउखुरी उवासंघलाई कार्य योजना कार्यशाला गोष्ठीको लागि सहयोग गरेको बताउनु भयो । उक्त अवसरमा महासंघका कार्यकारिणी समिति सदस्यहरु श्री अमरेश बैदार, श्री प्रयास कार्की उपस्थित हुनु भएको थियो ।

उक्त कार्यशाला गोष्ठीमा संघका अध्यक्ष श्री कमल जंग सिंह ठकुरीको नेतृत्वमा जम्मा १५ जना सदस्यहरुको सहभागिता रहेको थियो । उक्त योजना अनुसार संघको आर्थिक सबलीकरणमा संघको रु. १० लाखको स्थायी कोष र संघको वार्षिक आम्दानी रु. १० लाख पुऱ्याउने लक्ष्य लिइएको थियो ।

**नव निर्वाचित कार्य समितिलाई बधाई**

दाङ्ग जिल्ला उद्योग वाणिज्य संघका नव निर्वाचित पदाधिकारी एवं कार्य समिति सदस्यहरुलाई महासंघको सचिवालयमा मंसीर ६ गते बधाई तथा स्वागत कार्यक्रमको आयोजना गरिएको थियो । महासंघका उपाध्यक्ष एवं उद्योग वाणिज्य परिषदका सभापति श्री सूरकृष्ण वैद्यको सभापतित्वमा आयोजित कार्यक्रममा महासंघका वरिष्ठ उपाध्यक्ष श्री अञ्जन श्रेष्ठले नव निर्वाचित टिमलाई बधाई तथा स्वागत गर्नु भएको थियो उक्त कार्यक्रममा महासंघका कार्यकारिणी समिति सदस्यहरुमा श्री तारावबहादुर कार्की, श्री सविन श्रेष्ठ, मन्जु कुमार कोजु, उमेश डालमिया, श्री नरेन्द्र कुमार खडका उपस्थितिरहेको थियो ।

**लगानीकर्ता ज्ञान अभिवृद्धिमा बोर्ड र महासंघबीच सहकार्य**

पूंजीबजार सम्बन्धी शिक्षा तथा सचेतना अभिवृद्धि गरी सुसुचित एवं विश्वसनीय धितोपत्र बजार विकास गर्ने उद्देश्यले नेपाल धितोपत्रबोर्ड र नेपाल उद्योग वाणिज्य महासंघ बीच पूंजी बजार

सम्बन्धी ज्ञान तथा जनचेतना अभिवृद्धिका लागि लगानीकर्ता प्रशिक्षण कार्यक्रम संचालन गर्ने एक समझदारी पत्रमा हस्ताक्षर भयो । उक्त समझदारी पत्रमा बोर्डका अध्यक्ष श्री रमेश कुमार हमाल र महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालले हस्ताक्षर गर्नु भएको थियो ।

विश्व लगानीकर्ता सप्ताह २०२३ को अवसरमा असोज १८ गते महासंघ सचिवालयमा सो कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा महासंघका उपाध्यक्ष श्री सुरकृष्ण बैधले स्वागत मन्तव्य दिनु भएको थियो । क्रममा महासंघका उपाध्यक्ष बैधले धितोपत्र बजारमा लगानीकर्ताको सहभागिताको अवस्थालाई हेर्दा बजार सम्बन्धी ज्ञान बढाउनु पर्ने आवश्यकता देखि समझदारी गर्ने प्रकृया अगाडि बढाइएको भनाई राख्नु भयो । महासंघका उपाध्यक्ष श्री हेमराज ढकाल र श्री ज्योत्सना श्रेष्ठले पूंजी बजार विस्तारमा आपसी समझदारीले सहयोग पुग्ने बताउनु भयो । कार्यक्रममा बोर्डका कार्यकारी निर्देशक तथा विश्व लगानीकर्ता सप्ताह २०२३ संचालन समितिका संयोजक डा. नवराज अधिकारीले धन्यवाद ज्ञापन गर्नु भएको थियो । उक्त कार्यक्रममा महासंघका कार्यकारिणी समिति सदस्यहरु, जिल्ला तथा नगर उद्योग वाणिज्य संघका पदाधिकारी तथा बस्तुगत संघका पदाधिकारीहरु, धितोबोर्डका निर्देशक, बोर्डका पदाधिकारीहरु, लगानीकर्ता संघ सस्थाका प्रतिनिधि धितोपत्र व्यवसायी संघ सस्थाका पदाधिकारीको उपस्थिति रहेको थियो ।

## नेपाली र चिनिया व्यवसायीहरू बीच छलफल कार्यक्रम

नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष श्री सुरकृष्ण वैध सभापतित्वमा नेपाली र चिनीया व्यवसायीहरुबीच मंसिर २५ गते महासंघ सचिवालयमा नेपालमा उत्पादित खाद्यान समानहरु जस्तै स्याउको सुकुटी, चाउचाउ, बिस्कुट, छुर्पी, आटा आदि २५ वटा बस्तुहरु चिनमा खपत हुने भएकोले सो सामान विक्री वितरण वारे बैठकको आयोजना गरिएको थियो ।

नेपालमा उत्पादित २५ वटा बस्तु चीनमा पठाउने विषयमा छलफल हुंदा तातोपानी नाकाबाट चीनमा पठाउंदा व्यवसायीहरुलाई त्यति समस्या नभएको तर केरुङ ट्रान्सपोर्टेस्नको कारणले गर्दा समस्या उत्पन्न भएकोले सो समस्या समाधानको लागि विस्तृत छलफल हुंदा सोको सहजताका लागि चिनिया व्यवसायीहरुलाई सहयोगको लागि अनुरोध गरिएको थियो । यस विषयमा नेपाली र चिनीया व्यवसायी दुबै पक्षबीच एउटा B2B र Transport Clearing को बैठक उहांहरुकै कार्यालयमा बस्न उपयुक्त हुने भएकोले बैठक बस्ने गरी समेत निर्णय गरियो ।

उक्त बैठकमा नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष सुरकृष्ण वैध, नेउवामहासंघका का.का सदस्य एवं कृषि उद्यम केन्द्रका सभापति श्री डि.वि वस्नेत, नेउवामहासंघ का.का.सदस्य एवं उद्योग गाणिज्य परिषदका उप सभापति श्री वेद बहादुर श्रेष्ठ, जाजरकोट उद्येग वाणिज्य संघका अध्यक्ष श्री रमेश के.सी लगायत अन्य व्यवसायीहरु र चिनिया व्यवसायीहरु बैठकमा उपस्थित हुनु भएको थियो ।

## उद्योग वाणिज्य परिषदको दोस्रो बैठक

मिति २०८० साल पौष १२ गते विहिवार महासंघको सचिवालय टेकूमा नेपाल उद्योग बाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष श्री अञ्जन श्रेष्ठको समेत सहभागितामा महासंघका उपाध्यक्ष एवं उद्योग वाणिज्य परिषदका सभापति श्री सुरकृष्ण वैद्यको अध्यक्षतामा उद्योग वाणिज्य परिषदको दोस्रो वैठक बसी जिल्ला/नगर उद्योग वाणिज्य संघका विविध समस्याहरूका विषयमा छलफल भएको थियो । उक्त वैठकमा

महासंघका उपाध्यक्ष श्री हेमराज ढकाल, श्री ज्योत्सना श्रेष्ठ र कोषाध्यक्ष श्री निरक के.सी लगायत उद्योग वाणिज्य परिषदका सदस्यहरू पनि प्रत्यक्ष तथा जुममा सहभागिता रहेको थियो ।

**संस्थागत सहभागिता**

यो एक वर्षको अवधिमा नेपाल उद्योग वाणिज्य महासंघका प्रदेश च्याप्टरहरू, सदस्य जिल्ला नगर उद्योग वाणिज्य संघहरू, वस्तुगत संघहरू, द्विराष्ट्रिय उद्योग वाणिज्य संघहरू, नेपाल सरकारका मन्त्रालय, विभाग, कार्यालय, राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थाहरू, विकास साझेदार तथा दातृ निकायहरूले निमन्त्रणा गरी पठाएका वार्षिक साधारण सभा लगायतका कार्यक्रमहरूमा महासंघका अध्यक्ष, निवर्तमान अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरू, जिल्ला/नगर परिषद्का सभापति एवं उपाध्यक्ष सुरकृष्ण वैध, परिषद्का पदाधिकारी, कार्यकारिणी समितिका सदस्य(वस्तुगत)हरूले संस्थागत सहभागिता जनाउनुका साथै ती कार्यक्रमहरूलाई महासंघका पदाधिकारीहरूले संवोधन समेत गर्नु भएको थियो ।

## वस्तुगत परिषद् :

नेपाल उद्योग वाणिज्य महासंघको वस्तुगत परिषद्लाई विद्यमान विधानको दफा ३९.२.२ ले निर्दिष्ट गरेको काम, कर्तव्य बमोजिम क्रियाशिल बनाउनेतर्फ परिषद्का गतिविधिहरू केन्द्रीत छन् ।

महासंघका १२३ वटा सदस्य वस्तुगत संघहरुको नेतृत्वदायी भूमिकामा रहेर काम गर्ने, सदस्यहरूको क्षमता विकास, संस्थागत विकास समेतलाई मुख्य केन्द्रमा राखी परिषद्ले आफना कार्यक्रमहरू गर्दै आएको छ ।

परिषद्का उद्देश्य र प्राथमिकता अनुसार काम गर्न र परिषद्लाई प्रभावकारी रुपमा नेतृत्व दिन महासंघको वस्तुगत उपाध्यक्ष श्री हेमराज ढकालको सभापतित्वमा गठन भएको परिषद्मा ४ जना उपसभापतिहरु, सदस्यहरु, विशेष आमन्त्रित र सल्लाहकारहरुको टिम क्रियाशिल छ ।

परिषद्मा वस्तुगततर्फबाट निर्वाचित १४ कार्यकारिणी समितिका सदस्यहरुको समन्वय रहने गरी वस्तुगत संघहरुलाई विभिन्न १४ समूहमा राखी वस्तुगत संघहरुसंग नियमित संवाद, छलफल अन्तरक्रिया शुरु गरियो ।

त्यसैगरी परिषद्बाट विशेष गरी सदस्य संघहरुलाई capacatited बनाउने कार्यमा निकै धेरै कार्यहरु सम्पन्न भए । परिषद्लाई गतिशिल बनाउन अर्थपूर्ण पहल भयो । सदस्यहरुको संस्थागत विकास, क्षमता अभिवृद्धि, Green Economy Green Skill जस्ता नयां इस्यूहरुमा सुसुचित बनाउने कार्यमा विभिन्न कार्यक्रम भयो ।

महासंघ सचिवालय भित्रै Green Growth Advisory service स्थापना भयो । यसले हरित अर्थतन्त्र र वातावरणका इस्यूहरुमा सिंगो निजी क्षेत्रले नेतृत्व लिंदै यसको प्रवर्द्धनमा महासंघको चासो र गम्भीरतालाई प्रतिविम्बित गरेको छ ।

त्यसैगरी बजारमा रहेका युवा जनशक्ति र रोजगारदाताहरुलाई एकै थलोमा भेला गराई उद्योग प्रतिष्ठानहरुले चाहेको जनशक्ति जुटाई दिने महत्वपूर्ण कार्यक्रम रोजगार मेला महासंघ सचिवालय देखि मुख्य मुख्य औद्योगिक शहरहरुमा सम्पन्न भयो । त्यसैगरी रोजगार भेलाहरु पनि आयोजना भए ।

यसले रोजगारदाता र रोजगारी खोजीरहेकालाई एकै थलोमा भेला गराई आफूलाई चाहिएको जनशक्ति छनौटमा सहयोग गर्न परिषद् सफल भयो । सम्पन्न गतिविधिहरुबाट परिषद् थप सक्रिय हुनुका साथै सदस्य र महासंघ बीचको सम्बन्ध सहकार्य कार्यलाई थप मजवुद बनाउन सहयोग पुग्यो ।

महासंघले सदस्य वस्तुगत संघहरुका नवनिर्वाचित टिमलाई महासंघ सचिवालयमा वोलाएर स्वागत गर्ने, नयां टिमको कुराहरु सुन्ने र उनीहरुका चासोका विषयलाई संवोधन गर्ने कार्यलाई थप प्रभावकारी रुपमा आयोजना गर्दै आएको छ । यसलाई सदस्यहरुले निकै चासोपूर्वक लिएका र कार्यक्रम निकै महत्वपूर्ण रहेको प्रतिक्रिया दिएका छन् भने यसको निरन्तरतामा उनीहरुको जोड छ ।

यस अवधिमा परिषद्बाट अन्तराष्ट्रिय श्रम संगठन (ILO) को सहयोगमा **RBSA Skills Program** संचालन गरियो । साढे २ महिना चलेको उक्त कार्यक्रमबाट परिषद्ले मुलत देहायका उपलब्धीहरु प्राप्त गरेको छः

**परिषदले प्राप्त गरेका उलव्धीहरूः**

क) कार्यस्थलमा आधारित शिप सिकाई तालीम **(WBL)** निर्देशिका प्रकाशन

ख) स्तरीय कार्यसंचालन प्रक्रिया **(Standard Operating Procedure-SOP)** प्रकाशन

ग) **Integrating Green Growth in Nepal Report** प्रकाशन

घ) **FDI Attraction in Nepal: Perspectives and Constraints Report** प्रकाशन

## परिषद्का तर्फबाट सम्पन्न कार्यक्रमहरुको संक्षिप्त विवरण

## Employers Meet:

वैशाख २१ गते महासंघको सचिवालयमा रोजगार भेला कार्यक्रम **(Employers Meet)** सम्पन्न भयो । कार्यक्रममा देशका मुख्य मुख्य उद्योग प्रतिष्ठान, व्यावसायिक घरानाहरू गरी जम्मा ३२ वटा कम्पनी, उद्योग, प्रतिष्ठानको सहभागिता थियो ।

### संस्थागत सहभागिता

यो एक वर्षको अवधिमा नेपाल उद्योग वाणिज्य महासंघका प्रदेश च्याप्टरहरू, सदस्य जिल्ला नगर उद्योग वाणिज्य संघहरू, वस्तुगत संघहरू, द्विराष्ट्रिय उद्योग वाणिज्य संघहरू, नेपाल सरकारका मन्त्रालय, विभाग, कार्यालय, राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थाहरू, विकास साझेदार तथा दातृ निकायहरूले निमन्त्रणा गरी पठाएका कार्यक्रमहरूमा महासंघका अध्यक्ष, निवर्तमान अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरू, परिषद्का सभापति एवं उपाध्यक्ष हेमराज ढकाल, परिषद्का पदाधिकारी, कार्यकारिणी समितिका सदस्य( वस्तुगत)हरूले संस्थागत सहभागिता सहित कार्यक्रमहरुलाई महासंघका पदाधिकारीहरुले संवोधन समेत गर्नु भएको थियो ।

## रोजगार मेलाः

महासंघले वीरगंज उद्योग वाणिज्य संघको सहकार्यमा वीरगंजमा वैशाख २८ र २९ गते, बुटवल उद्योग वाणिज्य संघको सहकार्यमा बुटवलमा जेठ ९ र १० र काठमाडौंमा जेठ १६ र १७ गते रोजगार मेला आयोजना गरयो । सबै कार्यक्रममा स्थानीय सरकारको पनि सहकार्य रहेको थियो । काठमाडौंमा आयोजना

गरिएको मेलामा नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको पनि सहयोग रहेको थियो ।

बीरगंजको रोजगार मेलामा १५ वटा कम्पनीहरूको सहभागिता थियो । मेलामा सहभागी कम्पनीहरूले विभिन्न पदका लागि ७५ वटा आवदेन खुला गरेका थिए । मेलामा प्राविधिक स्कुल, तालीम केन्द्र र जव सेन्टर गरी ५ वटा संस्थाको पनि सहभागिता थियो । मेलाको ५ सय भन्दा बढीले अवलोकन गरेका थिए । त्यस्तै बुटवलमा आयोजना भएको रोजगार मेलामा २५ वटा कम्पनी उद्योग प्रतिष्ठानहरूले भाग लिएका थिए । मेलामा सहभागी कम्पनी उद्योग प्रतिष्ठानले विभिन्न पदका लागि ५ सय वटा आवेदन खुला गरेका थिए । मेलाको ६ सयले अवलोकन गरेका थिए भने करिव ३० प्रतिशतले रोजगारी पाएको प्रारम्भिक अनुमान छ । त्यस्तै महासंघ सचिवालय टेकूमा आयोजना गरिएको रोजगार मेलामा करिव ५५ वटा कम्पनीहरूले भाग लिएका थिए । मेलामा सहभागी कम्पनीहरूले विभिन्न पदका लागि ७ सयभन्दा बढी आवदेन खुला गरेका थिए । मेलाको २ हजार यूवाहरूले अवलोकन गरेका थिए भने करिव १० प्रतिशतले रोजगारी पाएको प्रारम्भिक अनुमान छ ।

## Capacity Building Workshop:

जेठ २९ गते महासंघ सचिवालयमा वस्तुगत संघहरूका लागि एक दिने **Capacity Building Workshop** कार्यक्रम आयोजना गरियो । कार्यक्रममा २५ वटा वस्तुगत संघहरूबाट पदाधिकारी र सचिवालयका कर्मचारी गरी ५० जनाको सहभागिता थियो । वस्तुगत परिषद्का सभापति हेमराज ढकालको सभापतित्वमा सम्पन्न कार्यक्रममा आइएलओका राष्ट्रिय कार्यक्रम संयोजक शौरभराम जोशीले **Green Jobs and Just Transtation** र विज्ञ डोलराज भुसालले **Work Based Training** र प्रभावकारी सचिवालय संचालनका विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

## सिप विकास तालीमका विषयमा छलफल:

असार ५ गते महासंघका उपाध्यक्ष श्री हेमराज ढकालज्यूको उपस्थितिमा महासंघ सचिवालयमा नेपाल हस्तकला महासंघ, फुटवेयर म्यानुफ्याक्चरर्स एशोसिएशन अफ नेपाल,नेपाल उनी फेल्ट तथा निर्यातक संघ, रेष्टुरेन्ट एण्ड बार एसोसिएसन नेपाल,नेपाल मुद्रण उद्योग महासंघ,होटल व्यवसायी महासंघ नेपाल र रूद्राक्ष व्यवसायी संघका अध्यक्ष एवं पदाधिकारीज्यूहरूसंग सिप विकास तालीमका विषयमा छलफल भयो । सो अवसरमा महासंघका उपाध्यक्ष ढकालले तालीममा सहभागिता जनाउन संघहरूले महासंघले तय गरेका फर्म तथा डकुमेन्टहरू समयमै पेश गरी कार्यक्रमलाई अगाडी बढाउने कार्यमा सहयोग गर्न आग्रह गर्नुभयो । सिप विकासका लागि आइएलओबाट थप ८० सिट तालीमका लागि प्रस्ताव आएको छ ।

## वन नियमावलीका विषयमा छलफल:

वन नियमावली २०७९ का विषयमा वनसंग आवद्ध महासंघका सदस्य वस्तुगत संघहरूसंग असार १० गते छलफल कार्यक्रम आयोजना गरियो । कार्यक्रम वन नियमावलीबाट वनसंग आवद्ध उद्यम व्यवसायमा परेका समस्या र तीनका संशोधनमा पहल गर्ने उद्देश्यले आयोजना गरिएको थियो । उक्त छलफलबाट आएका सुझावलाई समेटेर छिट्टै वृहद कार्यक्रमको आयोजना गरी संशोधनका वुंदाहरूलाई अन्तिम रूप दिई नेपाल सरकारमा पेश गर्ने निर्णय भएको थियो ।

## Manufacturing (I) समूहका वस्तुगत संघहरुसंग छलफलः

नेपाल उद्योग वाणिज्य महासंघका वस्तुगत परिषद्का सभापति श्री हेमराज ढकालको उपस्थितिमा Manufacturing (I) समूहमा रहेका वस्तुगत संघहरुको बैठक उक्त समूहका समन्वयकर्ता श्री पशुपति देव पाण्डेको सभापतित्वमा भाद्र २९ गते, शुक्रवार महासंघ सचिवालयमा बस्यो । बैठकमा सदस्यहरुबाट नयां अध्यायको थालनी भएकोमा खुशी प्रकट गर्दै यसबाट सकारात्मक परिणाम निस्कने गरी काम गर्न सुझाव दिनु भयो । बैठकमा महासंघबाट नीतिगत सुधारमा काम गर्नुपर्ने, सदस्य संघहरु बीच पनि कतिपय अवस्थामा क्षेत्रगत र कार्यगत समस्याहरु रहेकाले त्यस्ता समस्या रहेका सदस्यहरुलाई एकै ठाउंमा राखेर समस्या समाधानमा महासंघले पहल गर्नुपर्ने सुझाव दिइएको थियो ।

### Sensitization workshop on WBL Guidelines, Green Jobs and Just Transition विषयक कार्यक्रमः




महासंघ, आइएलओ र महासंघको सुदूरपश्चिमाञ्चल प्रदेश च्याप्टरसको सहकार्यमा धनगढीमा **Sensitization workshop on WBL Guidelines, Green Jobs and Just Transition** विषयमा एक दिने कार्यक्रम सम्पन्न भयो । महासंघको वस्तुगत परिषद्का सभापति एवं उपाध्यक्ष श्री हेमराज ढकालको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा महासंघको प्रदेश च्याप्टरका अध्यक्ष श्री शंकर वोगटी, कार्यकारिणी समितिका सदस्यहरु श्री पुष्पराज कुंवर, श्री कल्पना गैरे र त्यस क्षेत्रका उद्योग वाणिज्य संघका अध्यक्षहरु, उद्यमी व्यवसायीहरुको सहभागिता थियो । कार्यक्रममा परियोजनाका परामर्शदाता डा. विजय थापा र महासंघका वरिष्ठ विज्ञ हंसराम पाण्डेले क्रमशः **Green Jobs and Just Transition** र **WBL Guideline** का विषयमा सहभागीहरुलाई सुशुचित गराउनु भएको थियो ।

### Work-based Learning Guideline Consultative Program:

महासंघले आइएलओको सहयोगमा तयार गरेको **Work-based Learning Guideline** का विषयमा **Consultative Program** सम्पन्न भयो । महासंघको वस्तुगत परिषद्का सभापति एवं उपाध्यक्ष श्री हेमराज ढकालको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा महासंघका उपाध्यक्ष ज्योत्सना श्रेष्ठ, कार्यकारिणी समितिका सदस्यहरु, परिषद्का पदाधिकारी, सदस्यहरु, सदस्य वस्तुगत संघका अध्यक्ष एव पदाधिकारीहरु र उद्यमी व्यवसायीहरुको सहभागिता रहेको थियो ।। कार्यक्रममा महासंघका वरिष्ठ विज्ञ हंसराम पाण्डेले **Work-based Learning Guideline** को मस्यौदा पेश गर्दै सुझाव दिनु आग्रह गर्नु भएको थियो । कार्यक्रममा सहभागीहरुले आआफना सुझाव राख्नु भएको थियो ।

### २ दिने आवासीय कार्यक्रमः

महासंघ र आइएलओको संयुक्त आयोजनामा **Capacity Development Program on WBL Guidelines and Integration of Skills for Green & Just Transition** विषयमा २ दिने आवासीय कार्यक्रम सम्पन्न भयो । महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा अन्तराष्ट्रिय

श्रम संगठनका देशिय निर्देशक नुमान ओजकान **(Mr. Numan Ozcan, ILO Country Director to Nepal)** विशेष अतिथि हुनुहुन्थ्यो । वस्तुगत परिषद्का सभापति एव उपाध्यक्ष श्री हेमराज ढकालको सभापतित्वमा सम्पन्न कार्यक्रममा महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठ,उपाध्यक्ष ज्योत्सना श्रेष्ठ, परिषद्का उपसभापतिहरु र सदस्यहरुको उपस्थिति थियो । कार्यक्रममा आइएलओका राष्ट्रिय परियोजना निर्देशक शौरभराम जोशी, परियोजनाका परामर्शदाता डा. बिजय थापा र महासंघका वरिष्ठ विज्ञ हंसराम पाण्डेले सम्बन्धित विषयमा कार्यपत्र प्रस्तुतीमार्फत सहभागीहरुलाई सुशुचित गराउनुभएको थियो ।



## Green Growth Advisory Service स्थापनाः

महासंघ सचिवालयमा **Green Growth Advisory Service** को स्थापना गरियो । महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकाल, राष्ट्रिय सभाको सुशासन तथा दीगो विकास समितिका सभापति श्री प्रकाश पन्थ र अन्तराष्ट्रिय श्रम संगठनका देशिय निर्देशक श्री नुमान ओजकान **(Mr. Numan Ozcan, ILO Country Director to Nepal)** ले संयुक्त रुपमा शुभारम्भ गर्नुभयो । त्यसअघि शुभारम्भ कार्यक्रममा महासंघका अध्यक्ष श्री ढकाल, समिति सभापति श्री पन्थ, आइएलओका देशिय निर्देशक श्री ओजकान, वरिष्ठ उपाध्यक्ष श्री अन्जन श्रेष्ठ, परिषद्का सभापति एवं उपाध्यक्ष श्री हेमराज ढकालले **Green Growth Advisory Service** मार्फत आर्थिक वृद्धिलाई बढावा दिंदै वातावरणीय रूपमा दिगो अभ्यासहरू अपनाउन सक्रिय रूपमा वकालत गर्ने कार्यमा सहयोग पुग्ने बताउनु भयो । एडभाइजरीमार्फत औद्योगिक करिडोर, औद्योगिक क्षेत्र र ग्रामहरुमा विशेष जोड दिएर रोजगारमूलक सीप विकास, हरित रोजगारी र न्यायोचित परिवर्तन **(Just Transition)** मा केन्द्रित हुंदै केन्द्र, प्रदेश र स्थानीयस्तरमा सचेतना अभियानहरू आयोजना गरिने छ । **Advisory Service** ले दिने सेवालाई प्रभावकारी बनाउन **Advisory Service** गठन गरिएको थियो । **Advisory Service** को पहिलो बैठक पनि महासंघ सचिवालयमा सम्पन्न भएको थियो ।

## Standard Operating Procedure-SOP Consultative Program:

महासंघले सदस्य वस्तुगत संघहरुको सचिवालयलाई प्रभावकारी संचालननमा सहयोग पुरयाउने उद्देश्यले आइएलओको सहयोगमा परामर्शदाताबाट तयार गरिएको वस्तुगत संघहरुका लागि स्तरीय कार्यसंचालन प्रक्रिया **(Standard Operating Procedure-SOP)** को मस्यौदामाथि सदस्य वस्तुगत संघहरुबाट सुझाव लिने कार्यका लागि **Consultative Program** सम्पन्न भयो । परिषद्का सभापति एवं महासंघका उपाध्यक्ष श्री हेमराज ढकालको सभापतित्वमा सम्पन्न कार्यक्रममा **SOP** निर्माण सम्बन्धी कार्यका लागि जिम्मेवारी दिएकी टिम लिडर श्री द्युती बराल र उहांको टिमले **SOP** को मस्यौदा प्रस्तुत गरेको थियो । सो अवसरमा महासंघका उपाध्यक्ष श्री ज्योत्सना श्रेष्ठ, आइएलओका राष्ट्रिय परियोजना निर्देशक श्री शौरभराज जोशीको पनि सहभागिता थियो । सो कार्यक्रममा सहभागी सदस्य संघका पदाधिकारीहरुले आआफना सुझाव दिनु भएको थियो ।

**FDI Attraction in Nepal: Perspectives and Constraints**

नेपाल वाह्य लगानीको प्रशस्त सम्भावना हुदाहुदै पनि अपेक्षाकृत लगानी आउन सकेको छैन । यसका पछाडि के कारण हुन सक्छन् भनि महासंघले आइएलओको सहयोगमा विज्ञहरुमार्फत **FDI Attraction in Nepal: Perspectives and Constraints** विषयमा अध्ययन गर्न लगाएको थियो। सोही अध्ययन प्रतिवेदनको मस्यौदा माथि अन्तिम राय सल्लाह लिन **Consultative Program** आयोजना गरिएको थियो । परिषद्का सभापति एवं महासंघका उपाध्यक्ष श्री हेमराज ढकालको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रमुख परामर्शदाता डा. अनुज तिवारीको टिमले **Study Report** को मस्यौदा प्रस्तुत गरेको थियो । सो कार्यक्रममा अध्ययन प्रतिवेदनको मस्यौदामाथि उद्योग विभागका महानिर्देशक श्री वावुराम गौतम, महासंघको लगानी एवं अन्तराष्ट्रिय मामिला फोरमका सभापति श्री मनोज पौडेल र आइएलओका राष्ट्रिय परियोजना निर्देशक श्री शौरभराज जोशी सहित सहभागी उद्यमी व्यवसायीहरुले आआफना सुझावहरु दिनु भएको थियो ।

## पर्यटन समूहमा रहेका संघहरुसंग छलफलः

महासंघको सदस्य सेवा प्रभावकारी बनाउन सदस्य वस्तुगत संघहरूलाई विभिन्न १४ वटा समूहमा राखेर काम गर्ने र समूहमा वस्तुगततर्फबाट निर्वाचित कार्यकारिणी समितिज्यूहरूलाई समन्वयकर्ताको जिम्मेवारी दिने निर्णय अनुसार श्री राजकुमार कार्कीको समन्वयमा पर्यटन समुहमा परेका सदस्य वस्तुगत संघहरूको पहिलो बैठक महासंघको वस्तुगत परिषद्का सभापति एवं उपाध्यक्ष श्री हेमराज ढकालको समुपस्थितिमा मंसिर २७ गते महासंघ सचिवालय बस्यो ।

बैठकमा पर्यटन समूहमा रहेको छ वटा वस्तुगत संघका अध्यक्ष एवं पदाधिकारीहरूको सहभागिता रहेको थियो । विशेष गरी बैठकमा भैरहवा र पोखरा अन्तराष्ट्रिय विमानस्थल संचालन, पर्यटक यातायातलाई पार्किङको व्यवस्था, पर्यटक यातायातलाई छुट्टै इम्वुस नम्वरको व्यवस्था, पर्यटन ऐनको संशोधन, राष्ट्रिय अन्तराष्ट्रियस्तरमा नेपालको पर्यटन प्रवर्द्धनमा पर्यटन वोर्डको ध्यानकर्षण गराउनुपर्ने, ट्रेकिङ रुटको संरक्षण, रेष्टुरेन्टहरुलाई उद्योग मान्यता दिनुपर्ने, रयाफटिङका लागि कहलिएका नदी संरक्षण, पर्वतिय पर्यटन संरक्षणमा महासंघले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिइएको थियो ।

## नयां टिमको स्वागतः

सदस्य वस्तुगत संघहरूको हालै सम्पन्न वार्षिक साधारण सभाबाट निर्वाचित पदाधिकारीहरूको सम्मानमा महासंघद्वारा साउन ९ गते र पौष २ गते स्वागत/बधाई एवं छलफल कार्यक्रममा आयोजना गरिएको थियो ।

सो अवसरमा महासंघको वस्तुगत परिषद्का सभापति हेमराज ढकाल, उपाध्यक्ष ज्योत्सना श्रेष्ठ र कोषाध्यक्ष निरक केसीले नवनिर्वाचित अध्यक्ष एवं पदाधिकारीहरुलाई खादा लगाई महासंघको तर्फबाट बधाई दिनु भएको थियो ।

सो अवसरमा महासंघका सदस्यहरु नेपाल शैक्षिक परामर्श सेवा संघ,स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था नेपाल,नेपाल गलैचा उत्पादक तथा निकासीकर्ता संघ,नेपाल कफी व्यवसायी महासंघ,नेपाल मैदा उद्योग संघ,नेपाल जग्गा तथा आवास विकास संघ,नेपाल मसलन्द तथा शैक्षिक सामाग्री उद्योग संघ रनेपाल वनस्पती घ्यू तेल उत्पादक संघ, नेपाल रत्न आभुषण संघ, नेपाल आयुर्वेद औषधि उत्पादक संघ, नेपाल कुरियर सेवा संघ,महिला उद्यमी महासंघ नेपाल,नेपाल कृषि मेशिनरी व्यवसायी संघ,नेपाल औषधि

व्यवसायी संघ, नेपाल वित्तिय संस्था संघ,नेपाल एल.पि. ग्यास उद्योग संघ,नेपाल पर्यटक यातायात व्यवसायी संघका पदाधिकारीहरुलाई बधाई एवं स्वागत गरिएको थियो ।

कार्यक्रममा सदस्य संघका नवनिर्वाचित पदाधिकारीहरुको सम्मानमा महासंघले थालनी गरेको बधाई कार्यक्रम निकै नै महत्वपूर्ण रहेको र यसले महासंघ-संघ र संघ-संघ बीच बलियो सम्बन्ध विस्तारमा सहयोग पुरयाउने विश्वास व्यक्त गरिएको थियो ।

## खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विद्येयक, २०७७ उपर महासंघको संशोधन सुझाव पेशः

नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठको नेतृत्वमा महासंघको प्रतिनिधिमण्डलले माघ १५ गते संसदको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका सभापति माननीय डा. आरजु राणा समक्ष खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विद्येयक, २०७७ का सम्बन्धमा महासंघले तयार गरेको तीन महले सुझाव पेश गर्नुभयो । सोही अवसरमा महासंघको सुझाव माननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री श्री रमेश रिजाललाई पनि वरिष्ठ उपाध्यक्षले हस्तान्तरण गर्नुभयो ।

सोही दिन उक्त विधेयकमाथि संशोधन दर्ता गराउने माननीय सांसदहरुले आफनो सुझाव राख्नु भएपश्चात सरोकारवालाकातर्फबाट वरिष्ठ उपाध्यक्ष श्री श्रेष्ठलाई सभापति राणाले धारणा राख्न समय दिनु भएको थियो ।

सो अवसरमा वरिष्ठ उपाध्यक्ष श्री श्रेष्ठले महासंघले विज्ञको समेत सहयोगमा तयार गरेको सुझाव अनुसार विधेयक संशोधन हुन अनुरोध गर्नुभयो । अहिलेकै प्रस्तावित विधेक जस्ताको तस्तै पास भएमा मुलुकभित्र खाद्यसंग सम्बन्धित कुनै पनि उद्योग व्यवसाय संचालन गर्न कठिन हुने र यस क्षेत्रमा लगानी समेत निरुत्साहित हुने हुंदा यसमा गम्भीर भएर विधेयक संशोधन हुनुपर्नेमा समितिको ध्यानाकर्षण गराउनु भयो ।

महासघले दिएका सुझावमा यससंग सम्बन्धित नियमावली बनेपछिमात्र कार्यान्वयनमा लगिनुपर्ने, अन्तराष्ट्रिय अभ्याससमेतका आधारमा Food Handler protocols and food safety rules उल्लेख भएका प्याकिंग खाद्य पदार्थमा उपभोगको निमित्त अधिकतम राम्रो मिति (Best before date) लेवलमा खुलाउन पाउने कानूनी व्यवस्था गर्नुपर्ने, सार्वजनिक रुपमा सुचना प्रकाशित गरी त्रुटिपूर्ण वा न्यून गुणस्तरको कुनै ब्याच वा एक लटको खाद्य पदार्थ फिर्ता माग गर्ने व्यवस्था गर्दा खाद्य व्यवसायीले उत्पादन वा प्रशोधन गरेको अन्य ब्याच वा लटको खाद्य पदार्थको बिक्री वितरणसमेत गंभीररुपमा प्रभावित हुने हुंदा जुन लटमा समस्या हो सो लटमात्र फिर्ता गर्ने प्रावधान हुनुपर्ने, खाद्य व्यवसायीलाई कैदको सजायको व्यवस्था गर्दा व्यापार ब्यवसायमा नै गंभीर असर पर्ने गरी गर्न नहुने, **यसै ऐन बमोजिम हुने** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिए जतिमा यसै ऐन बमोजिम हुने व्यवस्था गरिनु पर्ने आदि छन् ।

सो विधेयकमाथि महासंघले यसअघि राष्ट्रिय सभाको विधायन समितिको बैठकमा समेत सुझाव पेश गरेको थियो । हाल सो विधेयक राष्ट्रिय सभाबाट पारित भई प्रतिनिधि सभाको कृषि समितिमा छलफलमा लगिएको छ ।

## संस्थागत सहभागिता

यो एक वर्षको अवधिमा नेपाल उद्योग वाणिज्य महासंघका प्रदेश च्याप्टरहरु, सदस्य जिल्ला नगर उद्योग वाणिज्य संघहरु, वस्तुगत संघहरु, द्विराष्ट्रिय उद्योग वाणिज्य संघहरु, नेपाल सरकारका मन्त्रालय, विभाग, कार्यालय, राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थाहरु, विकास साझेदार तथा दातृ निकायहरुले निमन्त्रणा गरी पठाएका वार्षिक साधारण सभा लगायतका कार्यक्रमहरुमा महासंघका अध्यक्ष, निवर्तमान अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरु, वस्तुगत परिषद्का सभापति एवं उपाध्यक्ष हेमराज ढकाल, परिषद्का पदाधिकारी, कार्यकारिणी समितिका सदस्य(वस्तुगत)हरुले संस्थागत सहभागिता सहित कार्यक्रमहरुलाई महासंघका पदाधिकारीहरुले संवोधन समेत गर्नु भएको थियो ।

## रोजगारदाता परिषद

- मिति २०८०/१/१४ गते ILO को सहयोगमा Minimum Wage Fixation विषयमा तयार भएको अध्ययन प्रतिवेदन माथि छलफल गर्न Validation workshop को आयोजना भयो । गोष्ठीमा वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठ, रोजगारदाता परिषदका सभापति ज्योत्सना श्रेष्ठ र कार्यकारिणी समितिका सदस्यहरुको सहभागिता रहेको थियो ।
- JTUCC द्वारा १३४ औं मे दिवसको अवसरमा २०८०/१/१६ गते आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठ, उपाध्यक्षहरु सुरकृष्ण वैद्य, हेमराज ढकाल र ज्योत्सना श्रेष्ठको सहभागिता रहेको थियो ।
- 1st May 2023 को अवसरमा GEFONT र ANTUF द्वारा आयोजित शुभकामना कार्यक्रममा रोजगारदाता परिषदकी सभापति ज्योत्सना श्रेष्ठ सहभागी हुनु भएको थियो । उक्त कार्यक्रममा सभापति श्रेष्ठले केही वर्ष यता देखी नेपालको श्रम सम्बन्धमा सुधार हुदै गएको, श्रम विवादको संख्यामा कमि आएको उल्लेख गर्दै श्रम सम्वन्धलाई वलियो वनाउन सहकार्य र संवादमा जोड दिनु भयो ।
- 1st May 2023 को अवसरमा श्रम मन्त्रालय र NTUC द्वारा आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा महासंघका कार्यकारिणी समिति सदस्य एवं परिषदका उपसभापति वाबुकाजी कार्कीको सहभागिता रहेको थियो । कार्यक्रममा कार्कीले श्रम सम्बन्ध सुधार र श्रम क्षेत्रमा समस्या सामाधान गर्नेतर्फ उल्लेखनीय सफलता प्राप्त गरेको र लामो समय सम्मको छलफल र सहकार्यको फलस्वरुप श्रम ऐनको संशोधन र योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली लागू गर्न कानूनी र संस्थागत व्यवस्था भएको कुरा उल्लेख गर्नु भएको थियो ।
- मिति २०८० वैशाख २६ गते ILO का country Director Mr. Numan Ozcan नेउवामहासंघ सचिवालयमा महासंघका अध्यक्ष र पदाधिकारी संग भेट गर्नुभयो । भेटमा Ozcan ले नेपालको श्रम सम्वन्धको अवस्था वारे संतोष व्यक्त गर्दै श्रम सम्वन्ध सुधार क्षेत्रमा सहयोग र सहकार्य गर्ने धारणा राख्नु भएको थियो । सो भेटका अवसरमा महासंघका अध्यक्षले ILO वाट प्राप्त भईरहेको सहयोगको लागि धन्यवाद दिदै सीप विकास लगायत महासंघले अघि सारेका प्राथमिकताका विषयमा ILO का निर्देशकबाट थप सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो । सो भेटका अवसरमा रोजगारदाता परिषदका सभापति श्री ज्योत्सना श्रेष्ठले रोजगारदाता परिषदले ILO संग निरन्तर काम गर्दै आएको उल्लेख गर्दै र थप सहयोगको अपेक्षा गर्नुभएको थियो ।

- मिति २०८० वैशाख २६ गते संयूक्त ट्रेड यूनियन समन्वय समिति (JTUCC) द्वारा होटल र्‍याडिसनमा आयोजित बधाई, शुभकामना तथा द्विपक्षीय वैठकमा महासंघका अध्यक्ष सहित पदाधिकारीहरुको सहभागिता रहेको थियो । वैठकमा रोजगारदाता र श्रमिक पक्षले श्रम क्षेको सुधार र व्यवसायको विकासको लागि सहकार्य गरी अगाडी वढनुपर्ने कुरामा छलफल भएको थियो ।
- सभापति ज्योत्सना श्रेष्ठको अध्यक्षतामा रोजगारदाता परिषदको पहिलो वैठक मिति २०८०/२/४ गते नेउवामहासंघ सचिवालयमा वस्यो । वैठकले उपसभापतिको चयन र समसामयिक विषयमा छलफल गरेको थियो ।
- मिति २०८०/२/७ गते न्यूनतम ज्याला निर्धारण सम्बन्धमा रोजगारदाताको अवधारणा वारे नेउवामहासंघ सचिवालयमा छलफल भयो । छलफल कार्यक्रममा सभापति ज्योत्सना श्रेष्ठ, उप-सभापतिहरु अरनिको राजभण्डारी र वावुकाजी कार्कीको उपस्थिति रहेको थियो ।
- मिति २०८०/२/८ गते श्रम मन्त्रालयद्वारा आयोजित न्यूनतम पारिश्रमिक निर्धारण समितिको वैठकमा उपसभापतिहरु बाबुकाजी कार्की र अरनिको राजभण्डारीको सहभागिता रहेको थियो । छलफलको क्रममा न्यूनतम पारिश्रमिक निर्धारण सम्वन्धमा महासंघको अवधारणा प्रस्तुत भएको थियो ।
- May 24 देखी 25 सम्म चिया वगान र अलैची व्यवसायसंग सम्बन्धी विभिन्न कम्पनीका Management Team हरुलाई व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धी ToT झापाको विर्तामोडमा आयोजना गरियो । तालिममा विभिन्न कम्पनीवाट २५ जनाको सहभागिता रहेको थियो ।
- May 26 का दिन झापाको विर्तामोडमा व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धी छलफल कार्यक्रमको आयोजना गरियो । छलफलमा झापा जिल्लाका उद्योग वाणिज्य संघका प्रतिनिधिहरु, विभिन्न Stakeholder का प्रतिनिधिहरु र महासंघका कार्यकारिणी समितिका सदस्य उमेश डालमिया, गोकुल श्रेष्ठको सहभागिता रहेको थियो ।
- प्रदेश स्तरमा त्रिपक्षीय श्रम सल्लाहकार परिषद गठन गर्ने सम्बन्धमा जानकारी एवं छलफल गर्ने उदेश्ले मिति २०८०/२/१७ गते धनगढीमा अन्तरक्रिया गोष्ठीको आयोजना गरियो । गोष्ठीमा प्रदेश स्तरका सरकारी, रोजगारदाता र ट्रेडयूनियनका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।
- रोजगारदाता परिषदका सभापति श्री ज्योत्सना श्रेष्ठले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव श्री केवल प्रसाद भण्डारीसंग भेट गर्नु भयो । भेटका अवसरमा उपाध्यक्ष एवं सभापति श्रेष्ठले अहिलेको आर्थिक र उद्योग व्यवसायको अवस्था, रोजगारी र श्रमिकको न्यूनतम पारिश्रमिक निर्धारणका वारेमा जानकारी गराउनु भएको थियो ।
- मिति २०८०/३/७ गते होटल ले हिमालय काठमाडौंमा योगदानमा आधारित सामाजिक सुरक्षामा रोजगारदाताको धारणा विषयमा आयोजित गोष्ठीमा परिषदका सभापति ज्योत्सना श्रेष्ठको सहभागिता रहेको थियो । उक्त कार्यशालामा सामाजिक सुरक्षामा रोजगारदाताको अवधारणा प्रस्तुत गरिएको थियो। कार्याशालामा सात वटै प्रदेश उद्योग वाणिज्य महासंघका अध्यक्षहरु र सचिवालयको सहभागिता रहेको थियो ।
- मिति २०८०/३/७ गते होटल ले हिमालय काठमाडौंमा प्रदेश उद्योग वाणिज्य महासंघका अध्यक्ष लगायत पदाधिकारीहरुसंग न्यूनतम पारिश्रमिक विषयमा छलफल भएको थियो । उत्त छलफलमा परिषदका सभापतिले न्यूनतम पारिश्रमिक निर्धारणका विषयमा न्यूनतम पारिश्रमिक निर्धारण समितिमा छलफल भईरहेको जानकारी गराउदै कसरी पारिश्रमिक निर्धारणको विषयलाई टुËमा

पुऱ्याउने विषयमा सहमति कायम गर्ने सो वारे सुझाव र सल्लाहको लागि वैठक राखिएको वताउनु भयो । वैठकमा सहभागी प्रदेश उद्योग वाणिज्य महासंघका अध्यक्ष तथा पदाधिकारीहरुले अहिले उद्योग व्यवसाय निकै अप्ठेरो अवस्थामा रहेकाले पारिश्रमिक वृद्धि गर्दा हुने असरवारे प्रदेशमा पनि छलफल गर्न सल्लाह दिनु भएको थियो ।

- महासंघ रोजगारदाता परिषदले प्रतिष्ठानमा काम गर्ने श्रमिकहरुको लागि न्यूनतम पारिश्रमिक निर्धारण सम्बन्धमा वस्तुगत संघ, एशोसिएट सदस्य संस्थाका प्रतिनिधिहरुको लागि महासंघ सचिवालयम टेकूमा २०८० आषाढ १० गते छलफल वैठकको आयोजना गऱ्यो । वैठकमा उपाध्यक्ष एवं रोजगारदाता परिषदका सभापति ज्योत्सना श्रेष्ठले उद्योग प्रतिष्ठानमा काम गर्ने श्रमिकहरुको लागि न्यूनतम पारिश्रमिक निर्धारण गर्ने विषयमा श्रम मन्त्रालयमा त्रिपक्षीय समितिमा छलफल भईरहेको जानकारी गराउदै न्यूनतम पारिश्रमिक निर्धारणका विषयमा राय सुझाव लिन वैठक आयोजना गरिएको वताउनु भयो । वैठकमा सहभागि संघ संस्थाका पदाधिकारी, प्रतिनिधिहरुले अहिले उद्योग व्यवसाय कठीन अवस्था रहेकाले पारिश्रमिक वृद्धि गर्दा झन समस्या आउने धारणा राख्दै न्यूनतम पारिश्रमिकमा थोरै मात्र वृद्धि हुने गरी महासंघले पहल गर्नुपर्ने सुझाव दिनु भयो ।
- ○ वैठकमा वस्तुगत संघका अध्यक्ष, पदाधिकारी, विभिन्न प्रतिष्ठानका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।
- उपाध्यक्ष एवं रोजगारदाता परिषदका सभापति ज्योत्सना श्रेष्ठले २०८० आषाढ ११ गते माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री सरत सिंह भण्डारीसंग भेट गर्नुभयो । भेटका अवसरमा उद्योग व्यवसाय क्षेत्र अप्ठेरोमा रहेको स्थितिमा श्रमिकको न्यूनतम ज्याला निर्धारणवाट उत्पन्न हुने समस्याका वारेमा जानकारी गराउनु भयो ।
- न्यूनतम पारिश्रमिक निर्धारणको विषयमा भैरहवा, वीरगंज, पोखरा र विराटनगरमा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । भैरहवामा आयोजना गरिएको कार्यक्रममा परिषदका सभापति ज्योत्सना श्रेष्ठ र उपाध्यक्षहरु सुरकृष्ण वैद्य र हेमराज ढकालको पनि सहभागिता रहेको थियो । पोखरा र वीरगंजमा आयोजना भएको कार्यक्रममा रोजगारदाता परिषदका उपसभापतिहरु अरनिको राजभण्डारी र वावुकाजी कार्कीले भाग लिनु भएको थियो । विराटनगरमा आयोजित अन्तरक्रिया कार्यक्रममा महासंघ कोशी प्रदेशका अध्यक्ष राजेन्द्र वहादुर राउतको सहभागिता थियो ।
- रोजगारदाता परिषदको दोश्रो वैठक मिति २०८०/३/२८ गते नेउवामहासंघ सचिवालयमा वस्यो । वैठकमा न्यूनतम पारिश्रमिक निर्धारणका विषयमा सरकार र ट्रेडयूनियनसंग औपचारिक तथा अनौपचारिक रुपमा छलफल गरी सहमति कायम गर्ने प्रयास भईरहेको जानकारी दिईयो ।
- रोजगारदाता परिषदको तेश्रो वैठक मिति २०८०/४/२५ गते नेउवामहासंघ सचिवालयमा वस्यो । वैठकमा न्यूनतम पारिश्रमिक सम्बन्धी छलफल गरी सहमतिको लागि प्रयास जारी रहेको कुरा वैठकमा प्रस्तुत भएको थियो ।
- रोजगारदाता परिषदको चौथो वैठक मिति २०८०/५/१ गते नेउवामहासंघ सचिवालयमा वस्यो । वैठकमा  नेपाल सरकार श्रम मन्त्रालयद्वारा श्रमिकको न्यूनतम पारिश्रमिक निर्धारण गरी राजपत्रमा सूचना आईसकेको स्थितिमा के कसरी अघि वढने विषयमा छलफल भएको थियो ।
- रोजगारदाता परिषदको पांचौ वैठक मिति २०८०/६/२६ गते नेउवामहासंघ सचिवालयमा वस्यो । वैठकमा श्रम सम्बन्धी समसामयिक विषयमा छलफलका साथै ट्रेडयूनियनहरुसंग सुमधुर औद्योगिक

सम्बन्ध विकास गर्न द्विपक्षीय समझदारी आवश्यकता भएकोले यस सम्वन्धमा यस महासंघ र ट्रेडयूनियन महासंघ वीच समझदारी गर्ने विषयमा छलफल भएको थियो ।

- ILO Delhi को सहयोग अर्न्तगत वैदेशिक रोजगारीवाट फर्केकाहरुको पुर्न एकिकरण विषयमा Guideline तयार गर्ने क्रममा रोजगारदातावाट राय सुझाव लिन कोशी, मधेश र कर्णाली प्रदेशमा अर्न्तक्रिया कार्यक्रम आयोजना गरियो । Guideline सम्बन्धमा २०८० मंसिर ६ मा काठामाडौंमा राष्ट्रिय कार्याशाला आयोजना  भएको थियो । कार्याशाला गोष्ठीमा ५० जनाको सहभागिता रहेको थियो । अंग्रेजी भाषामा तयार भएको Guideline को नेपाली अनुवाद गरी प्रकाशनको कार्य अन्तिम चरणमा रहेको छ ।
- नेपाल उद्योग वाणिज्य महासंघ र ILO को संयूक्त आयोजनामा नेपालमा यूवा उद्यमशिलता Eco - System विषयमा नेपाल उद्योग वाणिज्य महासंघ र ILO Nepal द्वारा संयूक्त लोकार्णपण गर्ने कार्यक्रम २०८० मंसिर ८ गते होटल मेरियटमा सम्पन्न भयो । लोकापर्ण कार्यक्रममा महासंघका अध्यक्ष र रोजगारदाता परिषदका सभापतिको सहभागिता रहेको थियो ।
- September देखी November २०२३ सम्म का लागि ILO नेपाल र ILO Delhi वाट दुई छुट्टा छुट्टै परियोजना हस्ताक्षर भए अनुसार ILO नेपालले ईलाम र झापामा रहेका ३० चिया र अलैचि उद्योगमा गठन भएका व्यवसायजन्य सुरक्षा र स्वास्थ्य समितिलाई  तालिम तथा स्थानिय सरकारसंगको समन्वय र पैरवी सम्बन्धमा झापा र ईलाममा ३ वटा कार्याशाला संचालन गरियो । साथै यही विषयमा काठमाडौंमा मिति २०८० मंसिर ११ गते राष्ट्रिय कार्याशाला आयोजना गरिएको थियो र सो कार्यक्रममा रोजगारदाता परिषदका सभापति ज्योत्सना श्रेष्ठ, उपाध्यक्ष हेमराज ढकाल, रोजगारदाता परिषदका सदस्यहरु र कार्यकारिणी समितिका सदस्यहरुको सहभागिता रहेको थियो ।
- मिति २०८० मंसिर २४ गते होटल र्‍याडिसनमा नेउवामहासंघ र संयुक्त ट्रेडयूनियन समन्वय केन्द्र वींच सुमधुर औद्योगिक सम्बन्ध विकास, आपसी सहयोग र सहकार्यको लागि समझदारी पत्रमा हस्ताक्षर भएको छ । नेउवामहासंघका तर्फवाट अध्यक्ष श्री चन्द्र प्रसाद ढकाल एवं रोजगारदाता परिषदका सभापति श्री ज्योत्सना श्रेष्ठ र जेटियूसिसिका तर्फवाट अध्यक्ष श्री विनोद श्रेष्ठ एवं महासचिव श्री चिरागमान सिंह कुंवरले हस्ताक्षर गर्नुभएको थियो ।
- २०८० पौष ४ गते (20 December 2023) ILO द्वारा तयार गरिएको Decent Work Country Program 2023-2027 कार्यान्वयन सम्वन्धी समझदारी पत्र (MOU) मा ILO, श्रम मन्त्रालय, नेउवामहासंघ र संयुक्त ट्रेडयूनियन समन्वय केन्द्रद्वारा हस्ताक्षर कार्यक्रममा महासंघका अध्यक्ष, रोजगारदाता परिषदका सभापति, परिषदका उपसभापतिहरुको सहभागिता रहेको थियो ।
- त्रिभुवन विश्वविद्यालय आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र (CEDA) द्वारा मिति २०८० पौष ६ गते शुक्रवार आयोजित नेपालमा भारतीय श्रम-आप्रसनको प्रभाव सम्वन्धि Inception Workshop (शुभारम्भ कार्यशाला) मा नेउवामहासंघको तर्फबाट रोजगार परिषदका उपसभापति वाबुकाजी कार्कीको सहभागिता रहेको थियो ।
- मिति २०८०/१०/१४ गते कार्यस्थलमा यौनजन्य हिंसा र दुर्यव्यवहार सम्वन्धमा ILO को आर्थिक सहयोग एवं नेउवामहासंघको समन्वयमा उद्योगी व्यवसायीहरुका लागि अनलाईन कक्षा निर्माण तथा अध्यापन गराउने सम्वन्धमा Fight Back नेपाल संग हस्ताक्षर भएको छ ।
- मिति २०८०/१०/१५ गते UN Women र International Laour Organization (ILO) को संयूक्त रुपमा रहेको z कार्यक्रमको समन्वयका लागि राष्ट्रिय योजना आयोगको संयोजकत्वमा गठित

National Steering Committee को वैठकमा उपाध्यक्ष ज्योत्सना श्रेष्ठको सहभागिता रहेको थियो । वैठकमा मुलुकको अनौपचारिक तथा स्याहार अर्थतन्त्रलाई व्यवस्थापन गर्ने सन्दर्भ र Care working group गठन गर्ने विषयमा छलफल भएको थियो ।

- मिति २०८०/१०/१७ गते नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा गठित केन्द्रिय श्रम सल्लाहकार परिषदको वैठकमा रोजगारदाता परिषदका उपाध्यक्ष एवं सभापति ज्योत्सना श्रेष्ठ र उपसभापति वावुकार्जीको सहभागिता रहेको थियो । वैठकमा ILO का महासन्धी अनुमोदन सम्वन्धी कार्ययोजना, Informality को निदान सम्वन्धी हाल सम्म भएको प्रगति समिक्षा तथा सुझावहरु, २०८० को दशकलाई आन्तरिक रोजगारी प्रवर्द्धन दशकको रुपमा मनाउने, प्रतिष्ठानका कर्मचारीका सेवा सर्त सम्वन्धी विनियमावलहरुमा विद्यमान श्रम कानूनमा भएका व्यवस्था लगायत विविध विषयमा छलफल भएको थियो ।
- रोजगारदाता परिषदको छैठौं वैठक मिति २०८०/१०/२३ गते नेउवामहासंघ सचिवालयमा वस्यो । वैठकमा नेपाल सरकारले अनुमोदनका लागि प्रस्ताव गरेका अन्तराष्ट्रिय श्रम संगठनका convention 87, 81 लगायत अन्य convention, श्रम सम्वन्धी ऐन/नियम संशोधन, आगामी आ.व.को वजेटमा समावेश गरिने सुझाव सम्वन्धमा छलफल भएको थियो ।
- February 8 देखी 10 सम्म भारतको न्यू दिल्लीमा आयोजित South Asian Forum of Employers' (SAFE) को वैठकमा महासंघका उपाध्यक्ष एवं रोजगारदाता परिषदकी सभापति ज्योत्सना श्रेष्ठले भाग लिनु भएको थियो ।

**अन्य बैठक तथा छलफलहरुमा परिषदका सभापति, उपसभापतिहरु, सदस्यहरु र सचिवालयको प्रतिनिधित्व यस प्रकार रहेको छ ।**

- जून ५ देखी १६, २०२३ सम्म जेनेभामा भएको ILO को १११ औं अर्न्तराष्ट्रिय श्रम सम्मेलनमा ज्योत्सना श्रेष्ठ, गोपाल खनाल, अशोक कुमार अग्रवाल, हंसराम पाण्डेयले भाग लिनु भएको थियो । साथै जून १३ मा उपाध्यक्ष एवं सभापति श्री ज्योत्सना श्रेष्ठले नेपालको रोजगारदाताको तर्फबाट सम्बोधन गर्नुभएको ।
- केन्द्रिय श्रम सल्लाहकार समितिको वैठक श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका माननीयज्यूको अध्यक्षतामा संचालन भएको केन्द्रिय श्रम सल्लाहकार परिषदको वैठकमा उपाध्यक्ष एवं रोजगारदाता परिषदका सभापति श्री ज्योत्सना श्रेष्ठ र वावुकाजी कार्कीले भाग लिनु भएको थियो । सभापति श्रेष्ठले छलफलमा भाग लिदै अनौपचारिक क्षेत्र निकै ठूलो रहेको सर्न्दभमा क्षेत्र पहिचान गरी क्रमश औपचारिककरण तर्फको कार्ययोजना वनाउन सल्लाह दिदै सीप मुलक जनशक्तिको अभाव रहेकोले यसमा मन्त्रालयले निजी क्षेत्रसंग सहकार्य गरी तालिम संचालन गर्नुपर्ने धारणा राख्नु भयो ।
- 1 September 2023 ILO Nepal द्वारा आयोजित दिगो विकास लक्ष्य (SDG) कार्यान्वयनको हाल सम्मको स्थिति र नीजि क्षेत्रले गर्न पर्ने पहलका वारेमा आयोजित छलफल कार्यक्रम सम्वन्धी वैठकमा सभापति ज्योत्सना श्रेष्ठले भाग लिनु भएको थियो ।
- 21-22 September 2023 मा International organization of Employers' द्वारा जापानमा आयोजित IOE Asia Employers’ Summit मा अध्यक्ष चन्द्र प्रसाद ढकालको सहभागिता रहेको थियो ।

- 29-30 September 2023 मा ILO द्वारा फिलिपिन्समा आयोजित Regional Roundtable: Investing in Childcare to Advance Gender Equality and Decent Work in Asia and the Pacific कार्यक्रममा सभापति ज्योत्सना श्रेष्ठको सहभागिता रहेको थियो ।
- २०८० मंसीर ११ गते सामाजिक सुरक्षा कोषद्वारा आयोजित सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहालको प्रमुख आतिथ्यतामा भएको सामाजिक सुरक्षा दिवसमा महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालले शुभकामना मन्तव्य राख्नु भएको थियो ।

**आगामी प्रस्तावित कार्यक्रमहरु**

- Care Economy का सम्वन्धमा GSP + र अन्तराष्ट्रिय श्रम मापदण्ड विषयक राष्ट्रिय कार्याशाला काठमाडौंमा आगामी फागुन २९ गते गर्ने गरी पूताव गरिएको ।
- महिला शशत्तिकरण, समृद्ध नेपाल कार्यक्रम २०२४ December सम्म मधेश, कर्णाली र सुदर पश्चिममा योजना रहेको छ ।

# प्रदेश च्याप्टरहरूको प्रतिवेदन

## कोशी प्रदेशः

### स्टार्टअप नीति तर्जुमा संवादः

उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश र यस नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको संयुक्त आयोजनामा वैशाख १४ गते प्रादेशिक स्टार्टअप नीति तर्जुमा संवाद कार्यक्रमको आयोजना गरिएको थियो । माननीय उद्योग, कृषि तथा सहकारी मन्त्री भक्ति सिटौलाको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा स्टार्टअप नीति समयसापेक्ष बनाउने, प्रदेशभरीका स्टार्टअपहरुको विवरण अध्यावधिक गर्ने, नीतिमा समावेश गर्ने कुराहरुको पहिचान गर्ने, लगानीको तौरतरिका र प्रविधिको प्रयोग वारे धारणा विकास गर्ने लगायतका विषयमा महासंघको कोशी प्रदेश च्याप्टरका अध्यक्ष श्री राजेन्द्र राउतले राय सुझावहरु दिनु भएको थियो । कार्यक्रममा विभिन्न मन्त्रालयका उच्च पदस्थ कर्मचारी, उद्योगी व्यवसायी, स्टार्टअप व्यवसायी लगायत यस महासंघका पदाधिकारी एवं सदस्यहरुको सहभागिता थियो ।

### क्रिकेट टोलीको सम्मानमा स्वागत कार्यक्रमः

एसिसि प्रिमियर कपमा नेपाली राष्ट्रिय क्रिकेट टिमले ऐतिहासिक जित हासिल गरेकोमा राष्ट्रिय क्रिकेट खेलाडीहरुको सम्मानमा नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेश, मोरंग व्यापार संघ र उद्योग संगठन मोरंगको संयुक्त आयोजनामा वैशाख २७ गते विराटनगरमा कार्यक्रम गरिएको थियो । कोशी प्रदेशका माननीय मुख्यमन्त्री श्री हिक्मत कार्कीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको उक्त सम्मान कार्यक्रम भन्दा अगाडी आयोजक संस्थाका अध्यक्षहरु, कार्य समितिका पदाधिकारी, सदस्यहरु लगायत उद्योगी व्यवसायी, क्रिकेट प्रेमी खेलाडी तथा अन्य सर्वसाधारणले राष्ट्रिय क्रिकेट टिमका खेलाडीहरुलाई नगर परिक्रमा गराइएको थियो । उक्त सम्मान कार्यक्रममा यस महासंघका अध्यक्ष श्री राजेन्द्र राउतले एसिसि प्रिमियर कपमा विजयी भई ऐतिहासिक सफलता हासिल गरेकोमा बधाई दिंदै क्रिकेट खेलको विकासका लागि विराटनगरमा क्रिकेट मैदानको निर्माण गरिनु पर्ने धारणा राख्नु भएको थियो । उक्त अवसरमा आयोजक संस्थाका तर्फबाट राष्ट्रिय टिमका ट्रेनर अव्दुल सतारको स्वास्थ्य उपचारमा सहयोगार्थ नगद रु. सात लाख प्रदान गरिएको थियो ।

### कृषि बजार विकास कार्यक्रमका सम्बन्धमा छलफलः

स्वीस कन्ट्याक्ट अन्तरगत संचालित नेपाल कृषि बजार विकास कार्यक्रम (सहज) परियोजनाको मध्यावधि पुनरावलोकन टोलिसंग महासंघको सचिवालयमा परियोजनाको गतिविधि लगायत कोशी प्रदेशको कृषि लगायतका क्षेत्रमा कस्ता कार्यक्रमहरु प्रभावकारी हुनसक्दछन् भन्ने विषयमा वैशाख २९ गते छलफल भएको थियो । छलफल कार्यक्रममा महासंघका अध्यक्ष श्री राजेन्द्र राउत, कोषाध्यक्ष श्री सुवाष आचार्य र नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय सदस्य श्री अविनाश बोहरा सहभागी हुनुभएको थियो ।

इण्डियन चेम्बर अफ कमर्स उत्तर बंगाल च्याप्टरका अध्यक्ष श्री सञ्जय गोयलको नेतृत्वमा आएको उद्योगी व्यवसायीहरुको टोलीसंग महासंघको कोशी प्रदेशले झापाको विर्तामोडमा बैशाख ३० गते स्वागत तथा भेटघाट कार्यक्रम आयोजना गरेको थियो । उक्त अवसरमा पूर्वी नेपाल र उत्तर बंगाल भारतका उद्योगी व्यवसायी बीच सिमापार उद्योग व्यवसायको प्रवर्द्धन तथा आयात निर्यातका समस्या पहिचान र समाधानका उपाय खोजीका विषयमा बृहत छलफल भएको थियो । उक्त अवसरमा नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका निवर्तमान अध्यक्ष श्री टिकाराज ढकाल, केन्द्रिय सदस्य श्री उमेश डालमिया, श्री दिपक नेपाल, कोशी प्रदेशका उपाध्यक्ष श्री कुमारमणि पोखरेल का.का. सदस्य श्री राजन श्रेष्ठ, श्री भविष श्रेष्ठ, श्री प्रकाश शिवाकोटी कोशी प्रदेशका जिल्ला/नगर उ.वा.संघका अध्यक्षहरु, पर्यटन व्यवसायी लगायतको उपस्थिति रहेको थियो ।

### कोशी प्रदेशको पदस्थापन कार्यक्रमः

महासंघको कोशी प्रदेशको तेस्रो पदस्थापन कार्यक्रम बैशाख ३१ गते नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री चन्द्रप्रसाद ढकालको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । नवनिर्वाचित अध्यक्ष श्री राजेन्द्र राउतलाई निवर्तमान हुनु भएका अध्यक्ष श्री टिकाराज ढकालले शपथ गराई पद हस्तान्तरण गर्नु भएको थियो । तत्पश्चात् नवनिर्वाचित अध्यक्षले आफ्नो कार्य समितिका पदाधिकारी एवं सदस्यहरुलाई सपथ गराउनु भएको थियो । उक्त समारोहमा अध्यक्षले कार्यसमितिमा २ जना सदस्य (एकजना महिला)लाई मनोनित गर्नु भएको थियो भने ७ जना सदस्यलाई आमन्त्रित सदस्यमा मनोनित गर्नु भएको थियो । कार्यक्रममा महासंघका पूर्व अध्यक्ष एवं सार्क चेम्वर अफ कमर्शका उपाध्यक्ष श्री चण्डीराज ढकाल, वरिष्ठ उपाध्यक्ष श्री अन्जन श्रेष्ठ, उपाध्यक्षहरु श्री सुरकृष्ण वैध, श्री हेमराज ढकाल, श्रीमती ज्योत्सना श्रेष्ठ, कोषाध्यक्ष श्री निरक के.सी., महासंघको मधेश प्रदेशका अध्यक्ष श्री अशोक कुमार टेमानी, केन्द्रिय सदस्य श्री अविनाश बोहरा, श्री नरेन्द्रकुमार खड्का, श्री उमेश डालमिया, श्री देशबन्धु बस्नेत, श्री डि.वि. बस्नेत, श्री अमरेशचन्द्र वैदार, श्री वेदवहादुर श्रेष्ठ, श्री तारावहादुर कार्की, श्री प्रयास कार्की, श्री मनोज पौडेल, पूर्व उपाध्यक्ष श्री किशोर प्रधान, विभिन्न जिल्ला नगर उद्योग वाणिज्य संघ, वस्तुगत संघका अध्यक्षहरु एवं प्रतिनिधिहरु लगायत उद्योगी व्यवसायी एवं अन्य गण्यमान्य महानुभावहरुको उपस्थिति रहेको थियो । उक्त अवसरमा नेपाल उद्योग वाणिज्य महासंघ केन्द्रका नवनिर्वाचित अध्यक्ष, उपाध्यक्ष, केन्द्रिय सदस्यहरुलाई बधाई दिंदै सम्मान समेत गरिएको थियो ।

### निर्वाचित टिमको सम्मानमा स्वागत बधाई कार्यक्रमः

नेपाल उद्योग वाणिज्य महासंघको कोशी प्रदेशका नवनिर्वाचित अध्यक्ष श्री राजेन्द्र राउत लगायत कार्यसमितिका पदाधिकारी एवं सदस्यहरुलाई The Asia Foundation, Nepal Institute for Urban

Regional Qmudies (NIURS), V-Rock & Company (V-ROCK)/Community Engagement Outreach Pvt. Ltd. (CEO) & South Asia Watch on Trade, Economic and Environment (SAWTEE) ले जेठ ४ गते संयुक्त रुपमा बधाई तथा सम्मान कार्यक्रमको आयोजना गरेको थियो । उक्त अवसरमा अध्यक्षले सम्मान गर्नु हुने सवै संस्थाहरुलाई धन्यवाद दिँदै आगामी दिनमा आपसी समन्वय गरी कोशी प्रदेशको आर्थिक विकासका लागि योजनाहरु बनाई काम गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।

विराटनगर महानगरपालिकाका प्रमुख श्री नागेश कोइरालाले जेठ ५ गते नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका नवनिर्वाचित अध्यक्ष श्री राजेन्द्र राउत लगायत कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुलाई महानगर पालिकाको सचिवालयमा बधाई तथा सम्मान कार्यक्रमको आयोजना गर्नु भएको थियो । उक्त अवसरमा महानगरका प्रमुखज्यूले अध्यक्ष लगायत सबैलाई बधाई दिदै शुभकामना दिनु भएको थियो । साथै महानगरको विकासका लागि निजी क्षेत्रसग हातेमालो गर्दै महासंघको कोशी प्रदेशको वर्तमान कार्यसमितिसंग सहकार्य गर्ने बताउनु भएको थियो । नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका अध्यक्ष राउतले महानगरका प्रमुखले कार्यक्रम गरि सम्मान गर्नु भएकोमा आभार सहित धन्यवाद दिनु भयो साथै विराटनगरमा प्रदर्शनी केन्द्रको स्थापनाका लागि महानगरपालिका अग्रसर हुनु पर्ने भन्दै यसमा निजी क्षेत्रको पूर्ण सहयोग रहने र अन्य विकास निर्माणका कार्यमा समेत सहकार्य हुने बताउनु भएको थियो ।

२०८० भाद्र २२ गते फोकस नेपालले आयोजना गरेको राष्ट्रिय उत्कृष्ट व्यवसायी सम्मान २०८० बाट नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका अध्यक्ष श्री राजेन्द्र राउतज्यू सम्मानित हुनु भएको थियो । उक्त सम्मान कार्यक्रम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री माननीय रमेश रिजालको प्रमुख अतिथ्यतामा सम्पन्न भएको थियो ।

**पूर्व बजेट अन्तरक्रियाः**

नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको आयोजना तथा कोशी प्रदेशका माननीय मुख्यमन्त्री हिक्मत कार्कीको प्रमुख आतिथ्यतमा प्रदेश सरकारबाट प्रस्तुत गरिने आ. व. २०८०/८१ को बजेटका सन्दर्भमा जेठ ४ गते पुर्व बजेट अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । कार्यक्रममा विराटनगर महानगरपालिकाका मेयर श्री नागेश कोइराला, कोशी प्रदेशका जिल्ला नगर उद्योग वाणिज्य संघ, वस्तुगत संघका अध्यक्ष, तथा प्रतिनिधिहरु, कोशी प्रदेश सरकारका विभिन्न मन्त्रालयका सचिव, योजना महाशाखाका प्रमुख, उद्योगी व्यवसायी लगायत सरोकारवालाहरुको सहभागिता रहेको थियो । उक्त अवसरमा नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशकातर्फबाट अध्यक्षले बुंदागत रुपमा रायसुझावहरु प्रस्तुत गर्नु भएको थियो ।

**कोशीका सम्भाव्यता विषयमा कार्यशालाः**

नेपाल उद्योग वाणिज्य महासंघः कृषि उद्यम केन्द्र, काठमाडौंले आयोजना गरेको कोशी प्रदेशमा स्थानीय स्रोतमा आधारित उद्यमहरुको सम्भावना अध्ययन प्रतिवेदन माथि छलफल गर्न यस महासंघको आयोजनामा असार ३ गते प्रदेश स्तरीय कार्यशाला गोष्ठि गरिएको थियो । अध्यक्ष श्री राजेन्द्र राउतको अध्यक्षतामा भएको उक्त कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ कृषि उद्यम केन्द्रका सभापति श्री डि.वि. बस्नेत, उद्योग, कृषि तथा सहकारी मन्त्रालयका उच्च अधिकृतहरु, विभिन्न जिल्ला नगर उद्योग वाणिज्य संघका अध्यक्षहरु, नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका कार्य समितिका सदस्यहरुको सहभागिता रहेको थियो ।

**सार्वजनिक निजी संवाद कार्यक्रमः**

नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको आयोजनामा स्थानीय तहले सम्पन्न गरेको भूउपयोग क्षेत्र निर्धारणले कृषि र उद्योग क्षेत्रको प्रवर्द्धनका लागि पार्ने प्रभावका सम्वन्धमा असार ५ गते सार्वजनिक निजी सम्वाद कार्यक्रम गरिएको थियो । महासंघको कोशी प्रदेश च्याप्टरका अध्यक्ष श्री राजेन्द्र राउतको अध्यक्षता एवं प्रदेश योजना आयोगका माननीय उपाध्यक्ष डिल्लीप्रसाद उप्रेतीको प्रमुख आतिथ्यतामा भएको उक्त कार्यक्रममा आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव श्री सुरेश राउत, प्रदेश लगानी बोर्डका प्रमुख कार्यकारी निर्देशक डा. सरोज कोइराला, उद्योग कृषि तथा सहकारी मन्त्रालय योजना महाशाखा प्रमुख श्री पशुपति पोखरेल, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका प्रमुख मनोजकुमार यादव, नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका कार्य समितिका सदस्यहरु, विभिन्न जिल्ला/नगर उद्योग वाणिज्य संघका अध्यक्ष तथा प्रतिनिध एंव स्थानीय निकायका प्रतिनिधिहरुको सहभागीता रहेको थियो ।

**योगदानमा आधारित सामाजिक सुरक्षा कोषः**

नेपाल उद्योग वाणिज्य महासंघ केन्द्रिय कार्यालयले असार ७ गते आयोजना गरेको योगदानमा आधारित सामाजिक सुरक्षा कोषका कार्यक्रमका सम्वन्धमा तयार गरिएको अवधारणा विषयक छलफल कार्यक्रममा महासंघको कोशी प्रदेश च्यापटरका अध्यक्ष श्री राजेन्द्र राउत सहभागी हुनु भएको थियो ।

उद्योग प्रतिष्ठानमा काम गर्ने श्रमिकहरुको लागि न्यूनतम पारिश्रमिक निर्धारण गर्न नेपाल सरकार, रोजगारदाता र ट्रेड यूनियन प्रतिनिधि रहेको त्रिपक्षिय समितिले काम गरिरहेको सन्दर्भमा विभिन्न संघका प्रतिनिधहरु, उद्योग प्रतिष्ठानका संचालकहरु बीच असार १२ गते छलफल कार्यक्रम यस महासंघको नेतृत्वमा आयोजना गरिएको थियो ।

**कृषि उत्पादन प्रवर्द्धन छलफलः**

VROCk\ & Company बाट Feed, Dairy, Fishery / Vegetable & Fruits को कोशी प्रदेशमा कस्तो अवस्था रहेको र आगामी दिनमा यी वस्तुको प्रवर्धनका लागि कस्तो नीति हुनु पर्दछ भन्ने विषयमा साउन ३ गते सम्पन्न छलफल कार्यक्रममा अध्यक्ष श्री राजेन्द्र राउतले राय सुझाब राख्नु भएको थियो ।

**महिला उद्यमीका लागि अवसर र चूनौती अन्तरक्रिया**

नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेश र कम्यूनिटी इन्गेजमेन्ट आउटरिच प्रा. लि. काठमाडौंको सहकार्यमा कोशी प्रदेशको औद्योगिक कोरिडोर क्षेत्रमा महिला उद्यमीका लागि उपलब्ध अवसर र चुनौती विषयमा साउन २३ गते एक अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । महासंघको कोशी प्रदेश च्याप्टर महिला उद्यम विकास समितिका सभापति सरु केसीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा सामाजिक विकास मन्त्रालय कोशी प्रदेश र स्थानीय तहका उद्यम विकास शाखाका प्रतिनिधिहरूले प्रदेश र स्थानीय सरकारले सञ्चालन गरेका उद्यम विकास सम्बन्धी कार्यक्रम र सेवा प्रभाव सम्बन्धी जानकारी गराएका थिए ।

नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेश र कम्यूनिटी इन्गेजमेन्ट आउटरिच प्रा. लि. काठमाण्डौंको सहकार्यमा कोशी प्रदेशको औद्योगिक कोरिडोर क्षेत्रमा उत्पादन मुलक उद्योगको प्रबर्द्धन तथा वातावरण संरक्षणमा अन्तर स्थानीय तह, स्थानीय तहकासरकार र निजी क्षेत्र बीच सहकार्य प्रवर्द्धन सम्बन्धी कार्यशाला साउन २४ गते आयोजना गरिएको थियो । महासंघको कोशी प्रदेश च्याप्टरका अध्यक्ष श्री राजेन्द्र राउतको अध्यक्षतामा भएको कार्यक्रममा औद्योगिक कोरिडोरमा रहेका विराटनगर

महानगरपालिका, इटहरी उपमहानगरपालिका, दुहबी नगरपालिका, बुढीगंगा गाउँपालिका, कटहरी गाउँपालिका र जहदा गाउँपालिकाका प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतहरुको सहभागिता रहेको थियो ।

**समिति विस्तारः**

नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका अध्यक्ष श्री राजेन्द्र राउत र पर्यटन तथा हवाई यातायात समितिका सभापति श्री भविष कुमार श्रेष्ठको उपस्थितिमा भदौं १७ गते महासंघमा एक कार्यक्रमका बीच उक्त समितिको विस्तार गरिएको थियो । कोशी प्रदेशको पर्यटन क्षेत्रलाई प्रवर्द्धन गरी प्रदेशमा ठूलो संख्यामा स्वदेशी तथा विदेशी पर्यटक भित्राउने उद्देश्य सहित गठन भएको उक्त समितिको उपसभापतिमा श्री पुण्य भट्टराई तथा सदस्य श्री उदय श्रेष्ठ, श्री बासु बराल, श्री सुरज श्रेष्ठ, श्री विनोद पौडेल, श्री कमला बास्कोटा रिजाल, श्री खेमराज बन र श्री रामसुन्दर श्रेष्ठ मनोनयन गरिएको थियो । यसैगरी आमन्त्रित सदस्यहरुमा श्री इन्दिरा श्रेष्ठ, श्री रमेश श्रेष्ठ, श्री प्रेमकुमार सुब्बा, श्री रुद्र घिमिरे, श्री श्रृजना लामा फोम्बो, श्री मोक्ष पोखरेल, श्री सरोज पौडेल, श्री पदमलाल लम्साललाई मनोनयन गरिएको थियो । साथै समितिको सल्लाहकारमा होटल संघ नेपाल कोशीका अध्यक्ष श्री राजन श्रेष्ठ, होटल व्यवसायी महासंघ कोशीका अध्यक्ष श्री राजन दंगाल र इलाम उद्योग वाणिज्य संघकी पूर्व अध्यक्ष श्री शुशिला सापकोटालाई मनोनयन गरिएको थियो ।

त्यसैगरी कार्यकारिणी सदस्य श्री सरु केसीको सभापतित्वमा गठन भएको महिला उद्यम विकास समिति असोज २६ गते विस्तार भएको छ ।

महासघं कोशी प्रदेशले कार्यकारिणी सदस्य श्री राजन श्रेष्ठको सभापतित्वमा गठन भएको स्वास्थ्य तथा सीप विकास समितिको विस्तार मंसिर १० गते भएको थियो । महासंघका अध्यक्ष राजेन्द्र राउत र सभापति राजन श्रेष्ठको उपस्थितिमा उक्त समिति विस्तार भएको थियो ।

त्यसैगरी कार्यकारिणी सदस्य श्री रबिन कुमार दाहालको शिक्षा तथा सुचना समिति, श्री देवकीनन्दन अग्रवालको कर तथा राजश्व समिति, श्री सुवाष आचार्यको सभापतित्वमा गठन भएको बैंक तथा वित्तिय विमा समिति र श्री यूनेश श्रेष्ठको सभापतित्वमा स्टार्टअप एण्ड इनोभेशन समिति विस्तार भएको थियो । विस्तारित सवै समितिका सदस्यहरुलाई प्रमाणपत्र हस्तान्तरण गर्दै महासंघको कोशी प्रदेश च्याप्टरका अध्यक्ष श्री राजेन्द्र राउतले विषयगत समितिहरुले प्रभावकारी रुपमा काम गरी प्रदेश च्याप्टरको गरिमालाई अझ उचाईमा पुरयाउने विश्वास प्रकट गर्नु भएको थियो ।

**आइएफसीसंग कार्यक्रम आयोजनाः**

अन्तर्राष्ट्रिय वित्त निगमले नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेश च्याप्टरको सहकार्यमा भदौ १९ गते छलफल कार्यक्रमको आयोजना गरेको थियो । कार्यक्रममा अध्यक्ष श्री राजेन्द्र राउत, उपाध्यक्षहरु श्री भीम पौडेल, श्री कुमारमणि पोखरेल, का.का.सदस्यहरु श्री भविष श्रेष्ठ, श्री श्रवण कुमार अग्रवाल, श्री विरेन्द्र कुमार साह, श्री सरु केसी, श्री देवकीनन्दन अग्रवाल लगायत उद्योगी व्यवसायीहरुको सहभागिता रहेको थियो ।

**कृषि क्षेत्रमा सार्बजनिक निजी साझेदारी संवाद**

नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको आयोजनामा भदौ २९ गते कृषि क्षेत्रको व्यवसायीकरणका लागि निजी क्षेत्र र सरकारी क्षेत्र बीच सहकार्य बढाउने उद्देश्यले कोशी प्रदेशको कृषि क्षेत्रमा सार्बजनिक निजी साझेदारी संवाद कार्यक्रम अयोजना गरिएको थियो । अध्यक्ष श्री राजेन्द्र राउतको अध्यक्षतामा

भएको उक्त कार्यक्रमका प्रमुख अतिथि कृषि, उद्योग तथा सहकारी मन्त्रालयका सचिव डा. लेखराज दाहाल हुनुहुन्थ्यो । कार्यक्रममा डा. राजेन्द्र उप्रेतीले सम्बन्धित विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । नेपाल कृषि बजार विकास कार्यक्रम (सहज) का प्रबन्धक विष्णु काफ्ले, विभिन्न जिल्ला/नगर संघका अध्यक्ष एवं प्रतिनिधिहरुको सहभागितामा भएको कार्यक्रममा धन्यवाद तथा समापन यस महासंघका उपाध्यक्ष श्री भीम पौडेलले गर्नुभएको थियो ।

**कोशीमा लगानीकर्ता सम्मेलनः**

नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेश समेतको आयोजनामा असोज ४ गते लगानीकर्ता सम्मेलन कार्यक्रम सम्पन्न भएको थियो । कोशी प्रदेशका माननीय मुख्यमन्त्री हिक्मत कार्कीको प्रमुख आतिथ्यतामा भएको उक्त कार्यक्रममा महासंघ कोशी प्रदेशका अध्यक्ष श्री राजेन्द्र राउतले उद्यमशीलताको विकास र नविनतम् खोजलाई प्रबर्द्धन गर्दै उनीहरुको क्षमता विकासमा निजी क्षेत्रले सदैब सहयोग गर्दै आएको बताउनु भएको थियो । आध्यान्त फण्ड म्यानेजमेन्ट लि. र प्रदेश लगानी प्राधिकरण समेतको आयोजनामा भएको उक्त कार्यक्रममा विशेष गरी कृषि क्षेत्रसंग सम्बन्धित उद्यमका लगानीमा करिब २० करोडको प्रतिबद्धता आएको थियो ।

**अध्यक्ष रावतको चीन भ्रमणः**

सम्मानीय प्रधानमन्त्री पुष्पकमल दाहाल असोज ५ देखि गर्नुभएको चीनको औपचारीक भ्रमणका क्रममा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री चन्द्रप्रसाद ढकाल सहितको उद्योगी व्यवसायीहरुको भ्रमण टोलीमा महासंघको कोशी प्रदेश च्याप्टरका अध्यक्ष श्री राजेन्द्र राउत पनि सहभागी हुनु भएको थियो ।

**पुनः एकिकरण निर्देशिकाका सम्बन्धमा प्रारम्भिक छलफल कार्यक्रमः**

अन्तराष्ट्रिय श्रम संगठन दिल्लीको सहयोग तथा नेपाल उद्योग वाणिज्य महासंघ केन्द्रिय कार्यालयको आयोजना तथा यस महासंघको सहकार्यमा वैदेशिक रोजगारीबाट फर्किएकाहरुको पुनः एकिकरण निर्देशिका (नीजि क्षेत्रको पहलमा) बन्ने क्रममा सरोकारवालाहरुसंग प्रारम्भिक चरणको अन्तरक्रिया कार्यक्रम असोज ११ गते आयोजना भएको थियो । कार्यक्रममा यस महासंघको कोशी प्रदेश च्याप्टरका उपाध्यक्ष श्री भीम बहादुर पौडेल, कोषाध्यक्ष श्री सुवाष आचार्य, का.का.सदस्य श्री रविन दाहाल, राजन श्रेष्ठ, वीरेन्द्र साह, भविष श्रेष्ठ, केन्द्रिय सदस्य डा. अविनाश बोहरा एंव कार्यकारी निर्देशकको सहभागिता रहेको उक्त कार्यक्रममा महासंघका उपाध्यक्ष श्री भीम पौडेलले मन्तव्य राख्नुभएको थियो ।

**कृषि व्यापार प्रवर्द्धन रणनीति कार्यशालाः**

नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको आयोजनामा असोज १६ गते कोशी प्रदेशको कृषि व्यापार प्रवर्द्धन रणनीति सम्बन्धी कार्यशालाको आयोजना गरिएको थियो। अध्यक्ष श्री राजेन्द्र राउतको अध्यक्षतामा भएको उक्त कार्यक्रमको प्रमुख अतिथि उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेशका राज्यमन्त्री माननीय राम प्रसाद महतो, विशिष्ठ अतिथि कृषि सचिव डा. लेखराज दाहाल रहनु भएको थियो। उक्त कार्यक्रममा प्रदेश लगानी प्राधिकरणका डा. सरोज कोइराला, प्रधानमन्त्री कृषि आधुनिकिकरणका प्रमुख श्री मनोज यादव, एग्रिग्रीन नेपालका कार्यकारी निर्देशक डा. राजेन्द्र उप्रेतीले कृषि व्यापार प्रबर्द्धनका लागि चाल्नुपर्ने कदमका विषयमा आ-आफ्नो धारणा राख्नु भएको थियो ।

**संस्थागत सबलीकरण कार्यशालाः**

द एशिया फाउण्डेशनको सहयोग, नेपाल शहरी तथा क्षेत्रिय अध्ययन प्रतिष्ठानको सहकार्य तथा यस नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको आयोजनामा असोज १८ र १९ गते कोशी प्रदेशका उद्योग वाणिज्य संघहरुको क्षमता अभिबृद्धि र संस्थागत सबलीकरण गर्ने उद्देश्यले कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । उक्त अवसरमा अध्यक्ष श्री राजेन्द्र राउतले कोशी प्रदेशका उद्योग वाणिज्य र वस्तुगत संघका अध्यक्ष, पदाधिकारी, सदस्य र सचिवालयका कर्मचारीलाई सहभागि गराएर उनीहरुको क्षमता अभिबृद्धि र संस्थागत सबलीकरणको काम अघि बढाउने उद्देश्य सहित उक्त कार्यक्रमको आयोजना गरिएको बताउनु भएको थियो ।

**भुकम्प पीडितलाई सहयोगः**

पश्चिम नेपालको जाजरकोट र रुकुम पश्चिममा आएको विनाशकारी भुकम्पबाट ठूलो जनधनको क्षति भएकोमा २०८० कार्तिक २७ गते यस महासंघबाट रु १,२१,०००।- (एक लाख एक्काइस हजार मात्र) सहयोग गर्ने निर्णय गरिएको थियो । साथै कोशी प्रदेशका सबै जिल्ला/नगर उद्योग वाणिज्य संघहरुलाई भुकम्प पिडितका लागि यथासक्य सहयोग गर्न अपिल गरिएको थियो ।

**संचारकर्मीहरुका लागि अभिमुखीकरण कार्यक्रमः**

नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशले कोशी प्रदेशका सञ्चारकर्मीहरुका लागि मंसिर ११ गते कृषि समाचार सम्प्रेषण सम्बन्धी एक दिने अभिमुखिकरण कार्यक्रम आयोजना गरेको थियो । अध्यक्ष राजेन्द्र राउतको अध्यक्षतामा भएको उक्त कार्यक्रममा कोशी प्रदेशमा कार्यरत पत्रकारहरुको सहभागिता रहेको थियो ।

**कोशी प्रदेश च्याप्टरको बधाईः**

आन्तरिक राजस्व कार्यालय विराटनगरका प्रमुख कर अधिकृत डा. डि.बि. क्षेत्री नेपाल भरीका आन्तरीक राजस्व कार्यालयका प्रमुख कर अधिकृत मध्येबाट उत्कृष्ट भई कर दिवसको अवसरमा सम्मानीत हुनुभएकोमा यस महासंघबाट बधाई तथा शुभकामना व्यक्त गरिएको थियो । उक्त अवसरमा यस महासंघका कार्यसमिति सदस्य एंव कर तथा राजस्व समितिका सभापति श्री देवकीनन्दन अग्रवाल र समितिका सदस्य श्री अश्विनी बंशलले फुलगुच्छा सहित बधाई दिनु भएको थियो ।

**स्थानीय सरकार र निजी क्षेत्र सहकार्य**

नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको आयोजनामा मंसिर १७ गते उद्योग व्यवसाय प्रवर्द्धन र वातावरण संरक्षणमा स्थानीय सरकार र निजी क्षेत्रका बीच सहकार्य सम्वन्धी स्थानीयतह स्तरीय अन्तरक्रिया कार्यक्रम आयोजना बुढिगंगा गाँउपालिकामा गरेको थियो । उक्त गाँउपालिका क्षेत्रमा क्रियाशिल उद्योग व्यवसाय सम्वद्ध संगठन र स्थानीय सरकारका प्रतिनिधिका बीच भएको अन्तरक्रिया कार्यक्रममा यस महासंघका कार्यकारी निर्देशक श्री राधारमण भण्डारी (श्याम), गाउँपालिकाका अध्यक्ष श्री जीतनारायण थापा मगर, उपाध्यक्ष श्री अमृता गच्छदार लगायत पालिकाका विभिन्न महाशाखा प्रमुखहरु लगायत उक्त क्षेत्रका उद्योगी व्यवसायीहरुको सहभागिता रहेको थियो ।

नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको आयोजनामा कटहरी गाँउपालिकामा उद्योग व्यवसाय प्रवर्द्धन र वातावरण संरक्षणमा स्थानीय सरकार र निजी क्षेत्रका बीच सहकार्य सम्वन्धी स्थानीय तह स्तरीय अन्तरक्रिया कार्यक्रम मंसिर १७ गते आयोजना गरेको थियो । उक्त गाँउपालिका क्षेत्रमा

क्रियाशिल उद्योग व्यवसाय सम्वद्ध संगठन र स्थानीय सरकारका प्रतिनिधीका बीच भएको अन्तरक्रिया कार्यक्रममा गाउँपालिकाका अध्यक्ष श्री देवराज चौधरी, उपाध्यक्ष श्री सितादेवी राजवंशी लगायत पालिकाका विभिन्न महाशाखा प्रमुख लगायत उक्त क्षेत्रका उद्योगी व्यवसायीहरुको सहभागिता रहेको थियो ।

**उद्योग व्यवसाय प्रवर्द्धन र वातावरण संरक्षण अन्तरक्रियाः**

नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशले विराटनरमा मंसिर १८ गते "उद्योग व्यवसाय प्रवर्द्धन र वातावरण संरक्षणमा स्थानीय सरकार र निजी क्षेत्रका बीच सहकार्य सम्वन्धी स्थानीय तह स्तरीय अन्तरक्रिया गरेको थियो । कार्यक्रममा का.का. सदस्य श्री भविष कुमार श्रेष्ठ, यस क्षेत्रका उद्योगी व्यवसायी लगायतको सहभागितामा थियो ।

नेपाल उद्योग वाणिज्य महासंघको कोशी प्रदेशको आयोजना तथा दुहबी नगरपालिकाको सहकार्यमा उद्योग व्यवसाय प्रवर्द्धन र वातावरण संरक्षणमा स्थानीय सरकार र निजी क्षेत्रका बीच सहकार्य सम्वन्धी स्थानीय तह स्तरीय अन्तरक्रिया कार्यक्रम मंसिर १९ गते आयोजना गरिएको थियो । दुहबी नगरपालिकाका प्रमुख श्री बेदनारायण गच्छदारको अध्यक्षतामा भएको उक्त क्षेत्रमा क्रियाशिल उद्योग व्यवसाय सम्वद्ध संगठन र स्थानीय सरकारका प्रतिनिधीका बीचको अन्तरक्रिया कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत श्री राजकुमार केसी लगायत पालिकाका विभिन्न महाशाखा प्रमुखहरुको सहभागिता रहेको थियो ।

**जलवायु वित्त र बजेट सम्वन्धी अन्तरक्रियाः**

नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको आयोजनामा मंसिर २७ गते द एशिया फाउण्डेशनको सहयोग र कम्यूनिटि इन्गेजमेन्ट आउटरिच प्रा.लि.को सहकार्यमा जलवायु वित्त र बजेट सम्वन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा मानव विकासको वर्तमान युगमा आइपुग्दा बैज्ञानिक आविष्कारको उपयुक्त प्रयोग नगर्दा सृजित गलत परिणामका रुपमा जलवायु परिवर्तनलाई हेरिनुपर्ने विषय रहेको उNलेख गर्दै कार्यक्रमको प्रमुख अतिथि प्रदेश योजना आयोगका उपाध्यक्ष माननीय पुरञ्जन आचार्यले बताउनु भएको थियो । नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउतको सभापतित्वमा भएको उक्त कार्यक्रममा अध्यक्षज्यूले जलवायु परिवर्तन न्यूनीकरण र अनुकुलनमा सरकार र निजी क्षेत्रको साझेदारी आवश्यक देखिएकोले प्रदेश सरकारलाई निजी क्षेत्रसँग हातेमालो गर्न समेत आग्रह गर्नुभएको थियो ।

**कोशी प्रदेश प्रोफाइल सार्वजनिकः**

नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशले प्रकाशन गरेको कोशी प्रदेशको आर्थिक प्रोफाइलको कोशी प्रदेशका माननीय मुख्यमन्त्री केदार कार्कीले पौष २ गते एक समारोह बीच सार्वजनिक गर्नु भएको थियो । अध्यक्ष श्री राजेन्द्र राउतको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा प्रदेश योजना आयोगका माननीय उपाध्यक्ष पुरञ्जन आचार्य, आर्थिक मामीला तथा योजना मन्त्रालयका सचिव श्री श्याम प्रसाद भण्डारी, मोरंगका प्रमुख जिल्ला अधिकारी श्री प्रेम भट्टराई, शसस्त्र प्रहरी बल कोशीका प्रहरी नायव महानिरीक्षक श्री अन्जन कुमार पोखरेल, मोरंगका प्रहरी उपनिरिक्षक श्री दिपक पोखरेल, द एसिया फाउण्डेशनका प्रतिनिधि, भिरकका अध्यक्ष श्री राधेश पन्त, नियर्सका अध्यक्ष श्री डा. जगदीश चन्द्र पोखरेल, CEO का अध्यक्ष श्री जयदिप हाडा, साउतिका कार्यकारी निर्देशक श्री पारस खरेल लगायत नेपाल उद्योग वाणिज्य कोशी प्रदेशका सदस्यहरु, कोशी प्रदेशका विभिन्न उद्योग वाणिज्य संघका अध्यक्ष

एवं प्रतिनिधिहरु, पत्रकार तथा उद्योगी व्यवसायीहरुको सहभागिता रहेको थियो ।

**दुग्धजन्य व्यवसायीक सम्बन्ध स्थापना B2B कार्यक्रमः**

नेपाल उद्योग वाणिज्य महासंघ अन्तरगत कृषि उद्यम केन्द्रको सहयोगमा नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशले पौष २१ गते आयोजना गरेको कृषि उपजका मुल्य श्रृंखला पात्रहरु बीच दुग्धजन्य व्यवसायीक सम्बन्ध स्थापना B2B कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा यस महासंघका प्रशासकीय अधिकृत श्री सन्जोग शिवाकोटीले कृषि उपजको बजारीकरणमा कृषकको क्षमता विकास गर्नुपर्ने उल्लेख गर्नु भएको थियो भने सहभागीहरुले दुग्घजन्य उत्पादनहरुको बजारीकरणको रणनीति बनाएर जानुपर्नेमा जोड दिनुभएको थियो ।

नेपाल उद्योग वाणिज्य महासंघ अन्तरगत कृषि उद्यम केन्द्रको सहयोगमा नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशले पौष २५ गते आयोजना गरेको कृषि उपजका मुल्य श्रृंखला पात्रहरु बीच तरकारीको व्यवसायीक सम्बन्ध स्थापना B2B कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा यस महासंघका प्रशासकीय अधिकृत श्री सन्जोग शिवाकोटीले कृषि उपजको बजारीकरणको लागि यस महासंघले विभिन्न कार्यक्रमहरु संचालन गरिरहेको जानकारी समेत दिनुभएको थियो ।

**करदाताको समस्याहरुका सम्वन्धमा अन्तरक्रियाः**

Glz ले पौष २३ गते AARC / TP Adhikari and Associate लाई नियुक्त गरी आन्तरीक राजस्व विभागको Business Process Re-engineering (BPR) को काम भइरहेको सन्दर्भमा आयकर, मुल्य अभिवृद्धि कर तथा अन्तःशुल्कमा करदाताको समस्याहरुका सम्वन्ध यस महासंघको सचिवालयमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो ।

**विभिन्न कार्यक्रमहरुमा प्रतिनिधित्वः**

उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश अन्तरगतको संचालन हुन गइरहेको पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको बैशाख १९ गते आयोजना भएको प्रदेश स्तरीय अभिमुखीकरण कार्यक्रममा अध्यक्ष श्री राजेन्द्र राउतको सहभागिता रहेको थियो । कोशी प्रदेशका माननीय मुख्यमन्त्री हिकमत कार्कीको प्रमुख आतिथ्यतामा भएको उक्त कार्यक्रममा यस महासंघका अध्यक्ष राउतले काष्ठफल तथा फलफूल विकासका लागि अपनाउनु पर्ने विधिका सम्वन्धमा राय सुझावहरु दिनु भएको थियो ।

आर्थिक मामिला तथा योजना मन्त्रालयले जेठ ४ गते आयोजना गरेको राजस्व परामर्श समितिको बैठकमा यस महासंघका अध्यक्ष श्री राजेन्द्र राउत र उपाध्यक्ष श्री भीमबहादुर पौडेल सहभागी हुनु भई प्रदेश सरकारले आ.व. २०८०।८१ का लागि ल्याउने बजेटमा राजस्व लगायत आर्थिक क्षेत्रका विषयमा राय सुझाव दिनु भएको थियो ।

उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेशको आयोजनामा भएको प्रदेश स्टार्ट अप उद्यम नीति-२०८० का सम्बन्धमा प्रदेशस्तरीय मुख्य सरोकारवालाहरु बीच परिमार्जित मस्यौदा उपर असार ११ गते आयोजना गरिएको छलफल कार्यक्रममा यस महासंघका अध्यक्ष श्री राजेन्द्र राउत सहभागी भई निजी क्षेत्रको सुझाव राख्नु भएको थियो ।

FOUND परियोजनाको आयोजनामा साउन २५ गते आयोजना भएको रोजगार विहीन अपाङ्गता भएका

व्यक्तिहरुका लागि उर्जाशील अवसर एवं पृष्ठपोषण संकलन अन्तरक्रिया कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका अध्यक्ष श्री राजेन्द्र राउतले कार्यक्रमको उदघाटन गर्दै अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगार दिने, स्वरोजगार बनाउने तथा शिपमुलक तालिम दिने कार्य नीजि छेत्रको सहभागितामा भई रहेको बताउनु भएको थियो ।

इटहरी उद्योग वाणिज्य संघ, सुनसरीको महिला उद्यमी उप-समितिको आयोजनामा आर्थिक विकासको पहिलो खुडकिलोका रुपमा रहेका लघु तथा साना व्यवसायहरुलाई प्रभावकारी बनाउन उद्यमीहरुको उत्पादनलाई बजारीकरणमा सहयोग पुऱ्याउने उद्देश्यले भदौ १५ र १६ गते आयोजना गरिएको २ दिने कोशी प्रदेश स्तरीय महिला उद्यमी मेलाको आयोजनामा यस महासंघका तर्फबाट का.का. सदस्य श्री सरु केसीको सहभागिता रहेको थियो ।

जिल्ला प्रशासन कार्यालय मोरङमा संघीय सांसद, प्रतिनिधि सभा, उद्योग तथा वाणिज्य, श्रम तथा उपभोक्ता हित समितिले मंसिर १५ गते आयोजना गरेको उद्योग, कल कारखाना, रुग्ण उद्योग औद्योगिक क्षेत्र वस्तुको आयात निर्यातको अवस्था, उपभोक्ता हित सम्बन्धी विषय र जनसरोकार विषयक अन्तरक्रिया कार्यक्रममा यस महासंघका कार्यसमितिका सदस्य श्री देवकीनन्दन अग्रवाल सहभागी भई राय सुझाव दिनु भएको थियो ।

Customs Engaging Traditional and New Partners with purpose नाराका साथ ७२ औं अन्तराष्ट्रिय भंसार दिवस मनाउने सन्दर्भमा विराटनगर भंसार कार्यालयले माघ १२ गते आयोजना गरेको कार्यक्रममा यस महासंघका अध्यक्ष श्री राजेन्द्र राउत र का.का. सदस्य श्री देवकीनन्दन अग्रवाल सहभागी हुनुभएको थियो । उक्त अवसरमा अध्यक्ष श्री राजेन्द्र राउतले ७२औं अन्तराष्ट्रिय भंसार दिवसको नारा अनुरुप नै भंसारको काम कारबाही अगाडी बढ्नुपर्ने भन्दै शुभकामना मन्तव्य दिनुभएको थियो ।

## मधेश प्रदेश

### समृद्ध मधेश श्रृंखला प्रारम्भः

मधेश विकासको मार्गचित्र पहिल्याउने उद्देश्यका साथ नेपाल उद्योग वाणिज्य महासंघको मधेश च्याप्टरबाट समृद्ध मधेश श्रृंखलाको शूरूवात गरिएको छ । यस बीचमा जनकपुर, कलैया र वीरगंजमा गरी ३ वटा कार्यक्रम सम्पन्न भैसकेका छन् । प्रदेशमा पर्ने आठ वटै जिल्लामा उद्योग, ब्यापार, कृषि, पर्यटन, शिक्षा, स्वाथ्य लगायत सामाजिक तथा आर्थिक परिदृश्य कस्तो छ, प्रदेशको कूल गार्हस्थ उत्पादनमा आठ वटा जिल्लाको योगदान तथा जिल्लाहरूलाई समृद्धशाली बनाउन के भूमिका हुनु पर्दछ भन्ने विषयमा निहित रहेर यो कार्यक्रमको शूरूवात गरिएको हो । यसलाई च्याप्टरको ठोस कार्यक्रमको रूपमा लिइएको छ । अर्थ सामाजिक रुपान्तरणको अभियानका साथ थालनी गरिएको यो कार्यक्रमलाई न्यू विजनेश एज प्रा.लि.ले साथ दिएको छ । यसको पहिलो कार्यक्रम साउन २४ गते धार्मिक एवं पर्यटकीय नगरी जनकपुरबाट शूरूवात गरिएको थियो ।
मिति २०८० माघ ११ गते वीरगंजमा र माघ १२ कलैयामा मधेश समृद्धि शृंखला दोस्रो र तेस्रो श्रृंखला सम्पन्न भयो । ती कार्यक्रमहरुमा प्रदेश च्याप्टरका अध्यक्ष श्री अशोक टेमानी सम्बन्धित जिल्लाका उद्योग वाणिज्य संघका अध्यक्ष एवं पदाधिकारीहरु, उद्यमी व्यवसायीहरु, स्थानीय सरकारका पदाधिकारीहरु, विकासविद, अर्थवीदहरुको महत्वपूर्ण सहभागिता रहेको थियो ।

त्यसैगरी महासंघ मधेश प्रदेशका कार्यसमिति तथा जिल्ला नगरका अध्यक्षहरुद्वारा मंसिर १५ गते पत्रकार सम्मेलन गरी जनकपुर घोषणा पत्र जारि गरियो । सो कार्यक्रममा मधेश प्रदेशको समृद्धिका लागी बुदागत छलफल गरिएको थियो ।

**प्रदेश च्याप्टर कार्यालय उद्घाटनः**

नेपाल उद्योग वाणिज्य महासंघको मधेश प्रदेश च्याप्टर कार्यालयको साउन २४ गते उदघाटन गरिएको छ। महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले उद्घाटन गर्नु भएको हो। कार्यक्रमा प्रदेश च्यापटरका पदाधिकारीहरू सहित जिल्ला तथा नगर उद्योग वाणिज्य संघका अध्यक्षज्युहरूको उपस्थिति थियो । हाल भाडामा रहेको महासंघको प्रदेश च्याप्टरले स्थायी भवनको लागि आवश्यक जग्गा उपलव्ध गराईदिन वीरगंज उपमहानगरपालिकासंग अनुरोध गर्दै आएको छ ।

**कर राजस्व,भंसार विषयमा छलफलः**

मधेश प्रदेश च्याप्टरले यस बीचमा नेपाल सरकारका माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत, अर्थमन्त्रालय अन्तरगतका विभिन्न निकायका उच्च अधिकारीहरूसंग कार्यक्रम आयोजना भेटवार्तामार्फत कर राजस्व भंसार लगायतका क्षेत्रमा रहेका समस्या समाधानमा पहल गरयो ।
सोही क्रममा प्रदेश च्याप्टरमार्फत मिति २०८० बैशाख २६ गते आन्तरिक राजस्व कार्यालय बीरगंजका प्रमुख श्री ढाकाराम तिवारीसंग ब्यापार तथा ब्यापारीहरूको कर तथा राजश्वसंग सम्बन्धित समस्याहरूको वारेमा छलफल गरिएको थियो ।

त्यसैगरी साउन १४ गते बीरगंज ICP तथा सुख्खा बन्दरगाहसंग सम्बन्धित कार्यक्रममा  बीरगंज भन्सारका प्रमुख भन्सार प्रशासक श्री डिलाराम पन्थी, बीरगंज सुख्खा बन्दरगाह प्रमुख राम मैनाली साथै बीरगंज भासारका प्रमुख भन्सार अधिकृत श्री राजेन्द्र ढुंगानाको उपस्थितिमा भएको कार्यक्रममा बैदेशिक व्यापारका प्रक्रियाहरू पारदर्शी हुनुपर्ने, अनलाइन र स्वचालित प्रणालीहरू बढावा दिदा पारदर्शी प्रवर्द्धन हुने तथा नेपाल भारत एकिकृत जांच चौकीको सफ्टवेयरलाई आवद्ध गर्दा सघाउ पुग्ने कुरा राखिएको थियो । सरकारले  ल्याएको एक पछि अर्को  नीति नियमका कारण उद्योग ब्यापार शिथिल बनेको, अनिधिकृत व्यापारले पश्रय पाएका लगायतका सुझाव गुनासो गरिएको थियो ।

साउन १८ गते माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महतको समुपस्थितिमा आयोजना भएको स्वागत तथा अन्तरक्रिया कार्यक्रममा मधेश प्रदेश च्याप्टरका अध्यक्ष अशोक कुमार टेमानीले सरकारले पारवहन सेवामा देखिएको समस्या बारे गम्भीर भएर लाग्नु पर्नेसुझाव दिनु भएको थियो ।

महासंघ मधेश प्रदेशका कार्यसमिति तथा जिल्ला नगरका अध्यक्षहरुद्वारा आन्तरिक राजस्व विभाग, लाजिम्पाट अन्तर्गत रहेका कर सुधार आयोगका सदस्यहरुलाई मंसीर १४ गते भेट गरि भन्सार, आयकर, मूल्य अभिवृद्धि कर, अन्तः शुल्क, क्रेडिट एक्ट लगायतको सुझावहरुको पत्र वुझाइएको थियो  ।

सबै कार्यक्रमहरूमा मधेश प्रदेशका अध्यक्ष टेमानी सहित निवर्तमान अध्यक्ष गणेश प्रसाद लाठ, बीरगंज उवासंघका अध्यक्ष अनिल अग्रवाल,वरिष्ठ उपाध्यक्ष हरिप्रसाद गौतम,  पुर्व अध्यक्ष अशोक बैद्य, प्रदीप केडिया सहितको सभागिता  थियो ।

**महत्वपूर्ण भेटवार्ता एवं सुझाव पेश:**

महासंघको मधेश प्रदेश च्याप्टरको अग्रसरमा यो एक वर्षको वीचका विभिन्न महत्वपूर्ण व्यक्तिहरूसंग भेटवार्ता गरी मधेश प्रदेशका विकासका लागि पहलहरूको भएको छ ।

सो क्रममा मधेश प्रदेशका मुख्य मन्त्री श्री सरोज कुमार यादव समक्ष भेटवार्ता गरी मधेशका विकास एवं कार्ययोजनाका विषयमा छलफल भयो ।

महासंघका उपाध्यक्ष श्री ज्योत्सना श्रेष्ठ, मधेश प्रदेशका अध्यक्ष श्री अशोक कुमार टेमानी, सिमरा नगर पालिकाका मेयर श्री राजन पौडेल, रोजगारदाता परिषद्का सह संयोजक श्री बाबु काजि कार्की, बारा पर्सा अधौगिक करिडोरका सभापति श्री संजय साह सहितको टोलीले श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री माननीय शरत सिंह भण्डारीसंग भेटघाट गरि प्रदेश श्रमिक अस्पताल बनाउने सम्बन्धमा छलफल गरयो ।

त्यसैगरी मंसिर १५ गते कृषि तथा पशु पन्छी विकास मन्त्री माननीय डा. वेदु राम भुसाललाई सिंहदरवारमा भेटी मधेश प्रदेशमा कृषिमा रहेका विद्यमान्य चुनौती तथा समस्याहरुबाट अवगत गराउनुका साथै समस्याहरुको निराकरणका लागी सुझाव पेश गरिएको थियो ।

मधेश प्रदेश च्याप्टरका अध्यक्ष श्री टेमानीको नेतृत्वमा मधेश प्रदेशका मुख्यमन्त्री श्री सरोज कुमार यादव तथा भौतिक पूर्वाधार विकास मन्त्री श्री कृष्ण यादव, प्रमुख सचिव श्री दिनेस घिमिरेलाई मंसिर १९ गते भेटी उद्योग दर्ता गर्दा IEE तथा EIA सम्बन्धमा छलफल भयो । मधेश प्रदेशका पर्यटन, कृषि थोक बजारको आवश्यकता विषयमा छलफल सहित सुझाव पत्र समेत वुझाइएको थियो ।

महासंघ मधेश प्रदेशका अध्यक्ष श्री अशोक कुमार टेमानीद्वारा नेपालका लागि ब्रिटिश राजदुत महामहिम Robert Dominic Russell Fenn संग मङ्सिर २६ गते ओपचारिक भेटवार्ता गरी मधेश प्रदेशका आर्थिक विकास, निजी क्षेत्रको विकास, व्यापारको वातावरणको अवस्था, कृषिको अवस्था बारे छलफल भएको थियो । कार्यक्रममा संस्थाका पदाधिकारी पूर्व पदाधिकारीहरुको उपस्थिति थियो ।

ललितपुर उद्योग वाणिज्य संघका कार्यकारिणी सदस्यहरूसंग मंसिर १५ गते भएको भेटमा मधेश प्रदेश तथा वागमति प्रदेशमा उत्पादित हस्तकलाको वस्तुहरूको बजार प्रवर्द्धन तथा अन्तर प्रदेश व्यापारिक आदान प्रदानका विषयमा छलफल भएको थियो ।

रोजगारदाता संस्थालाई NSTB/ NVQS को रोजगारी सूचना प्रणालीमा आवद्धता सम्बन्धि छलफल कार्यशाला गोष्ठी मंसिर १५ गते आयोजना गरियो । कार्यक्रम मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्रालयका सचिव श्री लक्ष्मी प्रसाद भट्टराईको अध्यक्षता, बीरगंज महानगरपालिकाका मेयर श्री राजेश मान सिंहको प्रमुख आतिथ्यता र नेपाल उद्योग वाणिज्य महासंघ मधेशका अध्यक्ष श्री अशोक कुमार टेमानीको विशिष्ट अतिथ्यतामा सम्पनन भएको थियो । कार्यक्रममा बारा तथा पर्सा जिल्लाका रोजगारदाताहरुको सहभागिता रहेको थियो ।

**विश्वविद्यालय सभामा मनोनयन:**

मधेश विश्वविद्यालय सभामा महासंघको मधेश प्रदेश च्याप्टरलाई पनि मनोनयन गरिएको छ । मधेश विश्वविद्यालयको प्रथम वार्षिकोत्सव कार्यक्रममा प्रदेश च्याप्टरका अध्यक्ष श्री अशोक कुमार टेमानी मनोनयन गरिएको हो । यसले प्रदेश च्याप्टमार्फत अहिलेको आवश्यकता अनुसार विश्वविद्यालयको शैक्षिक कोर्ष विकासमा सहयोग पुग्ने विश्वास गरिएको छ ।

**सीप विकासमा पहलः**

निजी क्षेत्रलाई चाहिएको आवश्यक सीपयुक्त जनशक्ति विकासमा निजी क्षेत्रको संलग्नता Curriculum Development, Labor Market Analysis, Occupational Standard Development, Work Based Learning, Sector Skill Council को विषयमा प्रदेश च्याप्टरले छलफल अगाडि बढाएको छ। यस सम्बन्धमा कार्तिक १७ गते एक छलफल समेत भयो । महासंघको मधेश प्रदेश च्याप्टरका जिल्ला नगरका उपाध्यक्ष श्री जितेन्द्र कुमार महासेठको अध्यक्षमा बसेको Elam Project का Lead श्री चन्द्रकान्त अधिकारी,सीएनआईका कार्यकारी निर्देशक श्री दिपक लामा, FNCSI का प्रदेश अध्यक्ष श्री सत्यनारायण अग्रवाल, HAN का सदस्य श्री बिसन थापा क्षेत्री, अवलोकनकर्ता श्री सुजन न्यौपाने सहितको सहभागिता थियो ।

त्यसैगरी नेउवामहासंघ मधेश प्रदेशका अध्यक्ष श्री अशोक कुमार टेमानीको अध्यक्षता तथा नेपाल उद्योग वाणिज्य महासंघको Education Skill Development and Employment committee का उपसभापति श्री उपेन्द्र घिमिरेको प्रमुख आतिथ्यतामा FNCCI, FNCSI, CFN,CNI, HAN को संयुक्त आयोजना British Council को सहयोगमा भएको TVET Working Group formation कार्यशाला गोष्ठी आयोजना गरियो । सो कार्यक्रममा आगामी दिनमा संयुक्तरुपमा TVET सम्बन्धि कार्य गर्नका लागि कार्यदल समेत गठन गरिएको थियो ।

Birgung Collage द्वारा भदौ २ देखि ९ गतेसम्म संचालित Business Accounting Training नेउवामहासंघ मधेश प्रदेशका अध्यक्ष श्री अशोक कुमार टेमानीले उदघाटन गर्नु भएको थियो ।

**सम्मान एवं स्वागत कार्यक्रमः**

मधेश प्रदेश च्याप्टरको आयोजनामा यस बीचमा विभिन्न संघ संस्थाका पदाधिकारीहरूलाई स्वागत,सम्मान भेटवार्ता लगायतका कार्यक्रम सम्पन्न भयो । सो क्रममा नेपाल उद्योग वाणिज्य महासंघका नवनिर्वाचित पदाधिकारीहरूको स्वागत सम्मान सहित संक्षिप्त छलफल कार्यक्रम राखिएको थियो । त्यसैगरी नेता उपेन्द्र यादवलाई निर्वाचित भएको बधाई दिइयो ।
त्यसैगरी प्रदेश च्याप्टरका अध्यक्ष टेमानीलाई वीरगंज उद्योग वाणिज्य संघले सम्मान गरेको थियो ।
त्यसैगरी कार्तिक १७ गते मधेश प्रदेशका प्रमुख सचिव दिनेश घिमिरेको स्वागत सहित छलफल आयोजना गरिएको थियो । मंसिर ८ गते भारतीय दूतावास बीरगंजका Council General देवी सहाय मिनाको स्वागत सहित अन्तरक्रिया पनि आयोजना गरिएको थियो ।

**चौथो कार्य समितिः**

नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशको चौथौं कार्य समिति बैठक मंसिर १४ गते काठमाडौंमा सम्पन्न भएको थियो । सो बैठकबाट जिल्ला नगरतर्फ निजगढ नगर उद्योग वाणिज्य संघ, महागढ़ी माई नगर उद्योग वाणिज्य संघ, एसोसिएटतर्फ मारुती प्रिन्ट एण्ड प्याक प्रा. ली., पतंजली आयुर्वेद प्रा. ली. तथा OCB Foods and Feed Pvt Ltd सदस्यता दिने निर्णय समेत गरियो ।

**Province Investment Climate Assessment (PICA) अन्तरक्रियाः**

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले आयोजना गरेको व्यवसायिक वातावरण सहजीकरण मार्फत लगानीको वातावरण निर्माणका लागि विश्व बैंकको प्रविधिक सहयोगमा Post Covid–

19 Private Sector Recovery Program (PSRP) कार्यक्रम अन्तरगत प्रदेश तहमा प्रादेशिक लगानीको वातावरण मूल्यांकन Province Investment Climate Assessment (PICA) का सम्बन्धमा काठमाण्डौंमा भएको अन्तरक्रिया कार्यक्रममा नेउवामहासंघ मधेश प्रदेशका अध्यक्ष श्री अशोक कुमार टेमानी प्यानल स्पिकरको रूपमा सहभागि भई मधेश प्रदेशको आर्थिक विकासका सम्बन्धमा राय सुझाव दिनु भयो ।

**Joint Business Meeting:**

नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेश तथा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्षको सभापतित्वमा मंसिर १३ गते Joint Business Meeting कार्यक्रम सम्पन्न भयो । नेपाल उद्योग वाणिज्य महासंघका जिल्ला नगरतर्फका उपाध्यक्ष श्री शुर कृष्ण वैद्यको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा मधेश प्रदेश तथा बागमती प्रदेशका जिल्ला/ नगर , एसोसिएट तथा वस्तुगत संगका सदस्यहरुको सहभागिता रहेको थियो, कार्यक्रममा आउने दिनमा साझा न्युनतम कार्यक्रम निर्माण गरि अगाडी जाने तथा व्यावसायिक वातावारणको निर्माण सम्बन्धी गहन छलफल गरिएको थियो ।

**संस्थागत सहभागिता:**

नेपाल उद्योग वाणिज्य महासंघ, महासंघ अन्तरगतका सदस्य संघ संस्थाहरु र नेपाल सराकारका विभिन्न निकायहरु, प्राज्ञिक संस्था, स्थानीय निकाय, मिडिया, सामाजिक संस्था, राष्ट्रिय अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरुबाट यो एक वर्षको अवधिमा आयोजना गरिएका विभिन्न महत्वपुर्ण कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेश च्याप्टरका अध्यक्ष श्री अशोक कुमार टेमानी र च्याप्टरका पदाधिकारी एवं सचिवालयकातर्फबाट संस्थागत सहभागिता रहयो । यसले च्याप्टर र ती संस्थाहरु बीचको आपसी सम्बन्ध सहकार्यमा थप सहयोग पुग्ने विश्वास गरिएको छ ।

## बागमती प्रदेश:

**पदस्थापन कार्यक्रम:**

महासंघको बागमती प्रदेश च्याप्टरको पदस्थापना कार्यक्रम वैशाख १६ गते सम्पन्न भयो । बागमती प्रदेशका नवनिर्वाचित अध्यक्ष दिल सुन्दर श्रेष्ठको अध्यक्षतामा आयोजित कार्यक्रममा महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकाल प्रमुख अतिथि हुनुहुन्थ्यो । सो अवसरमा प्रमुख अतिथिबाट प्रदेशका सबै नवनिर्वाचित पदाधिकारी तथा कार्यकारिणी सदस्यहरुलाई प्रमाण पत्र वितरणसहित शपथग्रहण गराउनु भएको थियो ।

सोही समारोशमा प्रदेश च्याप्टरबाट महासंघका नवनिर्वाचित अध्यक्ष एवं पदाधिकारीहरु र बागमती प्रदेशबाट निर्वाचित कार्यकारिणी सदस्यहरुको सम्मानमा स्वागत एवं बधाई कार्यक्रम गरिएको थियो । सो कार्यक्रमलाई महासंघका अध्यक्ष श्री ढकालले संवोधन गर्नुभएको थियो ।

कार्यक्रममा महासंघ बरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठ, उपाध्यक्षहरु सुरकृष्ण वैध, ज्योत्सना श्रेष्ठ, हेमराज ढकाल, कार्यकारिणी समिति सदस्य एवम् कृषि उद्यम केन्द्रका सभापति डि.बी. बस्नेत, मधेश प्रदेशका अध्यक्ष अशोक कुमार टेमानीले पनि शुभकामना मन्तव्य राख्नुभएको थियो ।

पदस्थापना कार्यक्रममा वर्तमान अवस्थामा उद्योगी व्यवसायीहरुले भोग्नु परिरहेको समस्याहरु, बैंक व्याज वृद्धि, जिल्ला नगर उद्योग वाणिज्य संघहरुको संस्थागत विकासलगायतका विषयहरुमाथि धारणा राख्नु भएको थियो । कार्यक्रमका सभापति श्रेष्ठले स्वागत मन्तव्य,बागमती प्रदेशका उपाध्यक्ष दुर्गाराज श्रेष्ठले

संचालन गर्नुभएको पदस्थापना कार्यक्रमको समापन उपाध्यक्ष गुणराज श्रेष्ठले धन्यवाद ज्ञापनसहित गर्नुभएको थियो ।

### नवनिर्वाचित कार्यकारिणी समितिको पहिलो बैठकः

छैठौं प्रदेश सभाबाट निर्वाचित कार्यकारिणी समितिको पहिलो बैठक वैशाख १६ गते काठमाडौंस्थित होटल यलो प्यागोडामा सम्पन्न भयो । बैठकबाट रूद्रबहादुर खत्री, गीता अमात्य र ग्रुवेन तौजलेलाई मनोनित कार्यकारिणी समिति सदस्यमा मनोनयन गरिएको थियो भने उत्तमशर्मा ढकाल, बसु नारायण श्रेष्ठ, राज्यलक्ष्मी शाक्य, रोशनी धौबञ्जा र लक्ष्मी खनाललाई विशेष आमन्त्रित सदस्यमा मनोनयन गरिएको थियो ।

सोही बैठकबाट श्री दिलसुन्दर श्रेष्ठको संयोजकत्वमा भवन निर्माण समिति, श्री जीवनकाजी माकजु श्रेष्ठको संयोजकत्वमा राजस्व समिति, श्री शिव प्रसाद मानन्धरको संयोजकत्वमा बैंक तथा बीमा समिति, श्री विरेन्द्रनाथ भट्टराईको संयोजकत्वमा रोजगार समिति, श्री कृष्ण भक्त श्रेष्ठको संयोजकत्वमा कृषि समिति, श्री राजन कार्कीको संयोजकत्वमा मेला समिति, श्री सनत थापाको संयोजकत्वमा यातायात समिति, श्री प्रेमहरि मैनालीको संयोजकत्वमा उद्योग समिति, श्री रूद्र बहादुर खत्रीको संयोजकत्वमा वाणिज्य तथा आपूर्ति समिति, श्री गीता अमात्यको संयोजकत्वमा महिला उद्यमी विकास समिति, श्री ग्रुवेन तौजलेको संयोजत्वमा सीप विकास तथा तालीम समिति, श्री उत्तमशर्मा ढकालको संयोजकत्वमा सचिवालय व्यवस्थापन समिति, श्री वसुनारायण श्रेष्ठको संयोजकत्वमा सामाजिक विकास समिति, श्री राज्य लक्ष्मी शाक्यको संयोजकत्वमा पर्यटन समिति, श्री रोशनी मैया धौबञ्जाको संयोजकत्वमा सूचना प्रविधि तथा प्रकाशन समिति, श्री लक्ष्मी खनालको संयोजकतवमा लघु तथा घरेलुउद्योग समिति गठन भएको छ ।

साथै पहिलो बैठकबाट प्रदेश सचिवालय निर्माणका लागि रू. १० लाखको भवन निर्माण कोष पनि स्थापना गर्ने निर्णय गरियो ।

### राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन अभिमुखीकरणः

नेपाल सरकार बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गत कार्यान्वयनमा रहेको राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको कार्यक्रम अनुसार राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनमा निजी क्षेत्रसंगको सहकार्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम विभिन्न जिल्लाहरुमा विभिन्न मितिमा सम्पन्न भयो । महासंघको वागमती प्रदेश च्याप्टरको समन्वयमा ती कार्यक्रमहरु सम्पन्न गरिएका हुन ।

काठमाडौंमा वैशाख २२ गते काठमाडौंमा, असार ३ गते दोलखा उद्योग वाणिज्य संघ, असार ४ गते रामेछाप उद्योग वाणिज्य संघ, असार १४ गते नुवाकोट उद्योग वाणिज्य संघ, असार १५ गते सिन्धुपाल्चोक उद्योग वाणिज्य संघ, असोज २४ गते चितवन उद्योग वाणिज्य संघ र रत्ननगर उद्योग वाणिज्य संघर पौष २० गते ललितपुर उद्योग वाणिज्य संघ र पौष २५ गते खैरहनी उद्योग वाणिज्यसंग समन्वय गरी सम्बन्धित जिल्लाका उद्योगी व्यवसायीहरुलाई समेटी आयोजना गरिएको थियो ।

अभिमुखीकरण कार्यक्रममा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली, यसको आवश्यकता र अन्तर्राष्ट्रिय अभ्यास, यसको कार्यान्वयनमा प्रदेश सरकार र निजी क्षेत्रको भूमिका र रोजगारदाता सम्बन्धी अनलाईन डाटाबेस सिष्टमको विषयहरुमाथि चर्चा गरिएको थियो ।

सबै अभिमुखीकरण कार्यक्रममा वागमती प्रदेश सामाजिक विकास मन्त्रालयद्वारा महासंघको बागमती प्रदेशको संयोजनमा आयोजित अभिमुखीकरण कार्यक्रममा महासंघको वागमती प्रदेश च्याप्टरका अध्यक्ष दिल सुन्दर श्रेष्ठ सहित प्रदेश च्याप्टरका पदाधिकारीहरु, सम्बन्धित जिल्ला नगर उद्योग वाणिज्य संघहरु, मन्त्रालयका उच्च अधिकारीहरुको उपस्थिति थियो ।

**पूर्व बजेट अन्तरक्रिया सम्पन्नः**

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशले आ.व. २०८०/८१ को पूर्व बजेट अन्तरक्रिया कार्यक्रम हेटौंडामा आयोजना गरेको थियो । प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठको अध्यक्षतामा आयोजित कार्यक्रमका प्रमुख अतिथि बागमती प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जम्मरकट्टेलले निजी क्षेत्रसंगको समस्या आफूले लामो समयदेखि बुझ्दै आएको र हरसम्भव समाधानमा सदैव लागिपरेको बताउनुभएको थियो ।

अन्तरक्रिया कार्यक्रममा आर्थिक मामिला तथा योजना मन्त्री बहादुर सिंह लामा, महासंघका जिल्ला नगर उपाध्यक्ष सुरकृष्ण बैध, महासंघका केन्द्रीय सदस्य सबिन श्रेष्ठ, आन्तरिक मामिला तथा कानून मन्त्री गंगा नारायण श्रेष्ठ, श्रम, रोजगार तथा यातायात मन्त्री लक्ष्मण लम्साल, सांसद श्रीराम लामिछाने, सामाजिक विकास मन्त्रालयका तात्कालिन सचिव रामकृष्ण पुडासैनीलगायतले निजी क्षेत्रका धारणा उपर आफ्नो विचारहरु राख्नुभएको थियो ।

महासंघ बागमती प्रदेशका उपाध्यक्ष गुणराज श्रेष्ठले संचालन गर्नुभएको कार्यक्रममा उपाध्यक्ष दुर्गाराज श्रेष्ठले धन्यवादज्ञापन सहित कार्यक्रम समापन गर्नुभएको थियो । अन्तरक्रिया कार्यक्रममा पर्यटन, उद्योग तथा सहकारी मन्त्री पुकार महर्जन, सांसद सुना कर्ण, कञ्चन वादे श्रेष्ठ, महासंघका कार्यकारिणी समिति सदस्यहरु, बागमती प्रदेशका पदाधिकारी, कार्यकारिणी सदस्यहरु, विभिन्न जिल्ला नगर उद्योग वाणिज्य संघका अध्यक्ष, पदाधिकारी, कार्यसमिति सदस्यहरु, बस्तुगत संघका अध्यक्ष एवम् प्रतिनिधिहरु र सञ्चारकर्मीहरुको उपस्थिति थियो ।

**प्रदेशको सचिवालय स्थानान्तरणः**

महासंघको बागमती प्रदेश च्याप्टरको सचिवालय हेटौंडा उपमहानगरपालिका वडा नं. ४ हुप्रचौर नजिकै स्थानान्तरण गरिएको छ। स्थानान्तरण गरिएको सचिवालयमा अध्यक्षको कार्यकक्ष, कार्यकारी निर्देशकको कार्यकक्ष, स्टोर, अतिथि गृह, रिसेप्सन र एउटा मिनी सभाहल रहेको छ। छुट्टै टेलिफोन, ईन्टरनेटसहित सचिवालय व्यवस्थित रुपमा स्थापना गरिएको सचिवालय व्यवस्थापन समितिका संयोजक उत्तमशर्मा ढकालले बताउनुभएको छ । प्रदेश महासंघको सचिवालय यस अघि मकवानपुर उद्योग वाणिज्य संघको भवनको २ वटा कोठामा सीमित रहेको थियो ।

**बागमती प्रदेश पर्यटन विकास समितिको स्वागतः**

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश पर्यटन विकास समितिका पदाधिकारीहरुको सम्मानमा भक्तपुर पर्यटन विकास समितिले जेठ ३० गते स्वागत तथा परिचयात्मक कार्यक्रम आयोजना गरेको थियो। भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष दिपेश राज शर्मा र समिति सदस्य रीता सुवालले बागमती प्रदेश पर्यटन विकास समितिका सबैलाई टिका, कोखा र सगुन प्रदान गरी स्वागत गर्नुभएको थियो। स्वागत तथा छलफल कार्यक्रममा दुवै संस्थाले र नेपाल सरकारसंग मिलेर पर्यटनको विकासमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो। विशेष गरी जिल्लागत चिनारीको ब्राण्डिङ्ग, बस्तुको विविधिकरण र बजारीकरण, कोसेली घर, फ्यामिली स्टे कार्यक्रमको प्रवर्द्धन, बागमती प्रदेशको सबै जिल्लाको पर्यटकीय टुरिष्ट गाईड बुक प्रकाशन जस्ता विषयमा छलफल केन्द्रित रहेको थियो। स्वागत

तथा परिचयात्मक कार्यक्रममा बागमती प्रदेश पर्यटन विकास समितिका सभापति राज्यलक्ष्मी शाक्य, उपसभापति राम सुन्दर भेले, सदस्य आपुलाल अवाले, जुलिया माकजु श्रेष्ठ, निला कुमार श्रेष्ठ, कार्यकारिणी सदस्य रोशनी मैंया धौबञ्जा, नेउवामहासंघ बागमती प्रदेशका कार्यकारी निर्देशक विवेक मानन्धर, भक्तपुर पर्यटन विकास समिति सदस्य अल्बर्ट बज्राचार्य र विशेष सल्लाहकार राधेश्याम मालाकारको उपस्थिति रहेको थियो ।

स्वागत तथा छलफल कार्यक्रम पश्चात बसेको पर्यटन विकास समितिको बैठकले असार ८ गते नुवाकोट जिल्लाको ऐतिहासिक, पर्यटकीय, धार्मिक क्षेत्रहरुको संरक्षण संवर्द्धनका लागि उक्त क्षेत्रको अवलोकन भ्रमण गर्ने र असार १५ गते सूर्यविनायकमा हुन गईरहेको पर्यटन सम्बन्धी महोत्सवको अवसरमा सोही स्थानमा आगामी बैठक तथा छलफल कार्यक्रम आयोजना गर्ने निर्णय गरेको थियो ।

**सबै प्रदेशलाई लेखा सम्बन्धी अनलाईन तालिमः**

नेपाल उद्योग वाणिज्य महासंघबाट सबै प्रदेशलाई आ.व. २०८०।८१ बाट अनिवार्य लागू गर्ने गरी नयाँ लेखा सम्बन्धी सफ्टवेयर प्रयोग गर्ने तालिम प्रदान गरिएको थियो । नयाँ आ.व. को पूर्वसन्ध्यामा असार २८ गते सातै प्रदेश उद्योग वाणिज्य महासंघलाई अनलाईन तालिम प्रदान गरिएको थियो । प्रादेशिक कार्यालयहरुमा लेखा प्रणालीलाई एकरुपता प्रदान गर्ने हेतुले दिईएको तालिमको सहजीकरण महासंघका सहायक निर्देशक परशुराम नेपालले गर्नुभएको थियो ।

जुममार्फत प्रदान गरिएको तालिम कार्यक्रममा सातै प्रदेशका कार्यकारी निर्देशकहरु र लेखा हेर्ने कर्मचारीहरुको उपस्थिति रहेको थियो भने महासंघका प्रमुख वित्त अधिकृत ब्रजेश वर्मा, निर्देशक सूर्यराज पौडेल र उप-निर्देशक विकास बज्राचार्यको उपस्थिति थियो । बागमती प्रदेशबाट तालिममा कार्यकारी निर्देशक विवेक मानन्धर र कार्यालय सहायक श्रृष्टि पुडासैनीले सहभागिता जनाउनुभएको थियो । सोही तालिम बमोजिम आ.व. ०८०/८१ देखि नयां सफ्टवेयर अनुसार नै लेखा प्रणाली व्यवस्थित गरिंदै आएको छ ।

**उद्योगी व्यवसायीहरुले भोग्नु परिरहेको समस्या सम्बन्धी छलफलः**

महासंघको बागमती प्रदेश अन्तर्गतका सम्पूर्ण विषयगत समितिहरुबीच परिचयात्मक कार्यक्रम र उद्योग व्यवसायीहरुले भोग्नु परिरहेको समस्या सम्बन्धी छलफल कार्यक्रम थाहा नगरपालिका, मकवानपुरमा साउन ३२ गते सफलतापूर्वक सम्पन्न भयो ।

बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठको सभापतित्वमा आयोजित कार्यक्रममा विभिन्न १६ वटा विषयगत समितिका संयोजक, उप-संयोजक, सदस्य, आमन्त्रित सदस्य, सल्लाहकारहरुलाई प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथिहरु मार्फत खादा लगाई मनोनयन पत्र प्रदान गरिएको थियो । कार्यक्रमको उद्देश्यमाथि वागमती प्रदेशका अध्यक्ष श्रेष्ठले प्रकाश पार्नु भएको थियो । उहांले वर्तमान अवस्थामा उद्योगी व्यवसायीहरुले भोग्नु परिरहेको विविध समस्याहरुको विषय उजागर गर्न कार्यक्रमको आयोजना गरिएको पनि स्पष्ट गर्नु भएको थियो ।

उहांले सबै प्रदेशका सम्बन्धित विषयगत समितिहरुलाई महासंघका तत्तत समितिहरुसंग समन्वय गराउन पहल गर्ने प्रतिवद्धता पनि जनाउनु भयो । महासंघका जिल्ला नगर उपाध्यक्ष सुरकृष्ण बैद्यको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा उद्योगी व्यवसायीहरुले भोग्नु परिरहेको समस्याहरु जिल्ला नगर उवासंघका अध्यक्षहरुले राख्नु भएको थियो ।

बैंकको चर्को व्याज, चालु पूंजी कर्जाका प्रावधानहरु, कच्चा पदार्थमा लगाईएको अन्तः शुल्क, कर समस्या, सहकारी समस्या, न्यूनतम पारिश्रमिक बृद्धि, महिला उद्यमीका समस्याहरुको विषयहरु उठान भएका थिए ।

उद्योगी व्यसायीहरुले खेप्नु परेको समस्याहरुसम्बन्धमा भक्तपुर उवासंघका तात्कालिन अध्यक्ष तथा बागमती प्रदेशका कार्यकारिणी सदस्य शिव प्रसाद मानन्धर, सिन्धुली उवासंघका अध्यक्ष अर्जुन कुमार श्रेष्ठ, पनौती उवासंघका अध्यक्ष भोला थापा, कीर्तिपुर नगर उवासंघका अध्यक्ष तथा बागमती प्रदेशका कार्यकारिणी सदस्य राज्यलक्ष्मी शाक्य, बागमती प्रदेशका कार्यकारिणी सदस्य जीवनकाजी माकजु श्रेष्ठ, रसुवा उवासंघका अध्यक्ष सुकसाङ्ग तामाङ्ग, महालक्ष्मी नगर उवासंघका अध्यक्ष नविन्द्र देव महर्जन, नुवाकोट उवासंघका बरिष्ठ उपाध्यक्ष सन्तोष उप्रेती, उवासंघ खैरहनीका अध्यक्ष दिपेन श्रेष्ठ र गोदावरी उवासंघका उपाध्यक्ष कवि बस्नेतले धारणा राख्नु भएकोथियो ।

महासंघका उपाध्यक्ष हेमराज ढकाल, नेपाल उद्योग वाणिज्य संघ काठमाडौंका अध्यक्ष दिनेश श्रेष्ठ, महासंघको कार्यकारिणी समिति सदस्य अमरेश चन्द्र बैदार, ताराबहादुर कार्की, थाहा नगर प्रमुख विष्णु बहादुर विष्टलगायतले छलफलमा केन्द्रित रहेर आ-आफ्नो मन्तव्य राख्नुभएको थियो । कार्यक्रमकै अवसरमा नेपाल टेलरिङ्ग व्यवसायी महासंघका नवनिर्वाचित अध्यक्ष सदिश श्रेष्ठ, बरिष्ठ उपाध्यक्ष राजमान डंगोललाई बधाई पत्र समेत प्रदान गरिएको थियो ।

बागमती प्रदेशका उपाध्यक्ष दुर्गाराज श्रेष्ठले कार्यक्रम संचालन गर्नुभएको थियो भने कार्यक्रमको समापन उपाध्यक्ष गुणराज श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

कार्यक्रम व्यवस्थापन र न्यानो आतिथ्यताको लागि थाहानगर उवासंघ र थाहा नगरपालिकालाई धन्यवाद पनि व्यक्त गरिएको थियो ।

**बागमती प्रदेशको प्रतिनिधिमण्डलको चीन भ्रमणः**

उद्योगी व्यवसायीहरुको क्षमता अभिवृद्धि तथा व्यावसायिक कृयाकलापको अवसर प्रदान गर्न उद्देश्यले नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका सदस्य व्यवसायीहरु चीन भ्रमणमा जानुभएको थियो । चाईना ट्रेड प्रमोसन सेन्टरको आमन्त्रण र नेपाल ट्रेड प्रमोसन सेन्टरको संयोजनमा व्यवसायीहरुको १० दिनको चीन भ्रमणमा जानुभएको थियो ।

भ्रमणको सफलताको शुभकामना दिन आयोजित कार्यक्रममा महासंघ बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठले भक्तपुरस्थित होटल हेरिटेजमा सबै सहभागीहरुलाई भ्रमणको सफलताको शुभकामना दिनुभएको थियो । यस्ता भ्रमण कार्यक्रमहरुका लागि महासंघको बागमती प्रदेशले आवश्यक समन्वय र सहजीकरण गर्दै आईरहेको छ ।

टोलीले भाद्र ३१ देखि असोज ९ गतेसम्म भएको भ्रमण कार्यक्रममा चीनको छेङ्दु, बेईजिङ्ग र सिन्ताई शहरहरुको अवलोकन गर्नुभएको थियो । अध्ययन अवलोकन भ्रमण टोलीका सदस्य रमेश रत्न तुलाधरको भ्रमणकै क्रममा असामयिक निधन भएकोमा कार्यकारिणी समितिले शोक प्रस्ताव समेत पारित गरेको थियो ।

**चौथो कार्यकारिणी समिति बैठक**

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको चौथो कार्यकारिणी समितिको बैठक नेपाल उद्योग वाणिज्य महासंघको सचिवालय टेकुमा असोज १२ गते सम्पन्न भयो । अध्यक्ष दिल सुन्दर श्रेष्ठको अध्यक्षतामा बसेको बैठकमा पूर्णता पाउन बांकी समितिहरुलाई पूर्णता प्रदान गरिएको थियो भने प्रदेश

महासंघ अन्तर्गत गठित समितिका गतिविधिहरुको विषयमा कार्यकारिणी समितिलाई जानकारी गराइएको थियो । त्यसैगरी बैठकबाट हेटौंडा उपमहानगरपालिका कार्यालयबाट प्रदेश महासंघकोलागि प्राप्त जग्गामा भवन निर्माणका लागि नक्सा एवम् ईष्टिमेटलगायतका कार्यहरु सम्पन्न भईसकेको र आगामी चरणमा जग्गामा भवन बनाउने कार्य अघि बढाउनु अघि क्याबिनेट बैठकबाट लिजमा लिने कार्य अघि बढाएर मात्रै अघि बढ्ने र वर्तमान अवस्थामा उद्योगी व्यवसायीहरुले भोग्नु परिरहेको समस्याहरु समाधानका लागि केन्द्रीय महासंघमा घच्घच्याउने निर्णय गरिएको थियो । त्यसैगरी चीनको अध्ययन अवलोकन भ्रमण टोलीका सदस्य रमेश रत्न तुलाधरको असामयिक निधनप्रति शोक प्रस्ताव पनि पास गरिएको थियो ।

**कृषि उद्यम केन्द्र र बागमती प्रदेश च्याप्टर बीच छलफलः**

कृषि उद्यम केन्द्र र महासंघ बागमती प्रदेश च्याप्टर बीच विविध विषयमा असोज १२ गते महासंघ सचिवालय टेकूमा छलफल भएको छ । महासंघका का.वा. अध्यक्ष अञ्जन श्रेष्ठको विशेष उपस्थितिमा आयोजित छलफल कार्यक्रम विशेषत एक गाउ एक उत्पादन कार्यक्रम निर्देशिका २०८० को मस्यौदा उपर केन्द्रित रहेको थियो । प्रदेशका सबै जिल्ला नगर उवासंघहरु मार्फत विगतमा झैं एक गाउं एक उत्पादन कार्यक्रम संचालन गर्ने अभिप्रायले छलफल राखिएको नेउवामहासंघ कृषि उद्यम केन्द्रका सभापति डि.बी. बस्नेतले बताउनुभएको थियो ।

कृषि उद्यम केन्द्रका उपसभापति राजकुमार कार्कीले स्वागत मन्तव्य राख्नुभएको कार्यक्रममा केन्द्रका प्रमुख कार्यकारीले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नुभएको थियो ।

बागमती प्रदेश उद्योग वाणिज्य महासंघका पदाधिकारी तथा कार्यकारिणी समिति सदस्यहरु, कृषि उद्यम समिति र उद्योग समितिका सदस्यहरुको उपस्थिति रहेको कार्यक्रममा कृषि उद्यम केन्द्रकातर्फबाट निर्देशिकाको मस्यौदा र प्रादेशिक बजेटको विषयमा प्रस्तुतिकरण गरिएको थियो । कार्यक्रममा बागमती प्रदेश उद्योग वाणिज्य महासंघका अध्यक्ष दिलसुन्दर श्रेष्ठले देश आत्मनिर्भर बनाउने सशक्त माध्यम नै कृषि भएको बताउनुहुदै कृषि उद्यम केन्द्र र प्रादेशिक मन्त्रालयहरुसंग सहकार्य गर्दै अघि बढ्ने प्रतिवद्धता जनाउनु भयो ।

नेपाल उद्योग वाणिज्य महासंघका का.वा. अध्यक्ष अञ्जन श्रेष्ठले एक गाउ एक उत्पादन कार्यक्रम नेउवामहासंघको एउटा ब्राण्ड बनिसकेको अवस्थामा एक जिल्ला एक उत्पादन कार्यक्रम अन्तर्गत स्थापना भएका उद्योगहरु संचालन हुन नसक्नु दुःखद भएको बताउनुहुदै आर्थिक अनुशासन कायम रहेको खण्डमा कुनै पनि उद्योग व्यवसाय पलायन हुन नपर्ने बताउनुभएको थियो ।

कार्यक्रममा कृषि उद्यम केन्द्रका सभापति डि.बी. बस्नेतले सहभागीहरुबाट उठेका जिज्ञासाहरुको जवाफ दिनुभएको थियो ।

**उद्योगीहरुले राहतको साँस फेर्न पाउनेः**

प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ बमोजिम उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रीको अध्यक्षतामा गठित उद्योग तथा लगानी प्रवर्द्धन समितिको २०८० असोज २३ गते मन्त्रालयमा बसेको बैठकका निर्णयहरुबाट दुई वर्षदेखि सहमतिका लागि कुरेका उद्योगीहरुले राहतको साँस फेर्न पाएका छन् ।

बैठकमा महासंघ बागमती प्रदेशकातर्फबाट उद्योगी व्यवसायीहरुले सहमतिका लागि मात्र लामो समयसम्म कुर्न नपर्ने उपाय सुझाइएको थियो । ऐनमा अधिकार प्रत्यायोजनको व्यवस्था भएकोले उहांकै सुझाव अनुसार समितिले बैठक उप्रान्त ५० लाखसम्मका उद्योग व्यवसायको सहमति लिन मन्त्रालयका सचिवलाई नै उक्त अधिकार प्रत्यायोजन गरी उद्योगी व्यवसायीहरुलाई राहत प्रदान गर्ने निर्णय गरेको थियो । ५०

लाखभन्दा माथिका उद्योग व्यवसायको हकमा ऐन बमोजिम निवेदन प्राप्त भएको १५ दिनभित्र समितिको बैठक बसी निर्णय दिने पनि निर्णय गरिएको थियो ।

बैठकमा विभिन्न मन्त्रालयका सचिवहरु, विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । चुरोट, खैनी, सुर्तीजन्य वस्तु उत्पादन गर्ने उद्योग, मदिरा उत्पादन गर्ने उद्योग, ढुंगा गिट्टी, बालुवा उत्खनन, प्रशोधन गर्ने मझौला तथा ठूला उद्योग, रेडियो सञ्चार उपकरण उत्पादन गर्ने उद्योग, चुनढुंगा, मार्बल, ग्रेनाईट, खरिढुंगा, ईट्टा, टायल, स्लेट, ब्लक, ब्लक टायल, ह्युम पाईप, बहुमूल्य खनिज उत्खनन, पेट्रोलियम पदार्थ उत्खनन जस्ता उद्योगहरु संचालन गर्नुपूर्व उद्योग तथा लगानी प्रवर्द्धन समितिको सहमति लिनुपर्ने नीतिगत व्यवस्था रही आएको छ ।

**स्थानीय तथा क्षेत्रीय आर्थिक विकास तालिममा सहभागिताः**

महासंघको बागमती प्रदेशका कार्यकारिणी सदस्य यादव दाहालले जीआईजेडद्वारा मंसिर ८ देखि ११ र पौष २ देखि ४ गतेसम्म सुर्खेतमा प्रदान गरिएको तालिममा सहभागिता जनाउनु भएको थियो । तालिम आधारभूत स्थानीय तथा क्षेत्रीय आर्थिक विकाससंग सम्बन्धित रहेको थियो । तालिममा सबै प्रदेश उद्योग वाणिज्य महासंघबाट प्रतिनिधित्व रहेको थियो ।

**प्रदेश च्याप्टर बीच संयुक्त व्यावसायिक बैठकः**

नेपाल उद्योग वाणिज्य महासंघको बागमती र मधेश प्रदेश च्याप्टर बीच मंसिर १३ गते संयुक्त व्यावसायिक बैठक आयोजना गरिएको थियो । दुवै प्रदेशका अध्यक्षद्वय दिल सुन्दर श्रेष्ठ र अशोक कुमार टेमानीको संयुक्त सभापतित्व र महासंघका जिल्ला नगर उपाध्यक्ष सुर कृष्ण बैधको प्रमुख आतिथ्यतामा काठमाडौंमा बैठक आयोजना गरिएको थियो । प्रमुख अतिथि सुरकृष्ण बैद्यले यस किसिमका बैठकहरुले एक प्रदेशसंग अर्को प्रदेशको सम्बन्ध थप सुदृढ हुनाका साथै एक आपसका व्यावसायिक सम्भावनाहरुको पनि ढोका खोलिने बताउनुभएको थियो ।

कार्यक्रममा दुवै प्रदेश अध्यक्षहरुले एक अर्काको प्रदेशका व्यावसायिक सम्भावनाहरु उजागर गर्नुभएको थियो भने सबै सहभागीहरुले एक अर्काको व्यावसायिक परिचय आदान प्रदान गर्नुभएको थियो । कार्यक्रममा महासंघका बस्तुगत उपाध्यक्ष हेमराज ढकाल, पूर्व उपाध्यक्ष तथा नेपाल उद्योग वाणिज्य सघ काठमाडौंका अध्यक्ष दिनेश श्रेष्ठ, कार्यकारिणी सदस्य डि.बी. बस्नेत, सविन श्रेष्ठ, अमरेश चन्द्र बैदार, मञ्जु कुमार श्रेष्ठ कोजु, ताराबहादुर कार्की, उमेश डालमिया, अरुण कुमार प्रधान, केशव भण्डारी, दुवै प्रदेशका पदाधिकारी तथा कार्यकारिणी सदस्यहरु, विभिन्न जिल्ला नगर उवासंघका अध्यक्ष एवम् प्रतिनिधिहरु, विभिन्न बस्तुगत संघका अध्यक्ष एवम् प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

**स्वमूल्यांकन सम्बन्धी आधारभूत प्रशिक्षणः**

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश र पतञ्जली योग समिति काभ्रेको संयुक्त आयोजनामा बनेपामा पौष २८ गते स्वमूल्यांकन सम्बन्धी आधारभूत प्रशिक्षण प्रदान गरिएको थियो ।

महासंघ बागमती प्रदेशका कार्यकारिणी सदस्य तथा सीप विकास तथा तालिम समितिका संयोजक योगाचार्य ग्रवेन तौजलेले उक्त प्रशिक्षण प्रदान गर्नुभएको थियो । ६ दिनसम्म आयोजित उक्त प्रशिक्षणमा १२८ जना प्रशिक्षार्थीहरुले प्रशिक्षण प्राप्त गर्नुभएको थियो ।

बनेपामा आयोजना गरिएको प्रशिक्षणमा सहभागी सबै प्रशिक्षार्थीहरुलाई महासंघ बागमती प्रदेशका अध्यक्ष दिलसुन्दर श्रेष्ठले प्रमाणपत्र प्रदान गर्नुभएको थियो । कार्यक्रममा महासंघ बागमती प्रदेश अन्तर्गत गठित

सीप विकास तथा तालिम समितिका उपसंयोजक कुमार खनाल र सदस्य सोनुकुमारी झा गुभाजुको पनि उपस्थिति रहेको थियो । समितिका संयोजक तौजलेले आगामी दिनहरुमा बागमती प्रदेशका १३ वटै जिल्लाका उद्योगी व्यवसायीहरुलाई पनि स्वमूल्यांकन सम्बन्धी आधारभूत प्रशिक्षण प्रदान गर्ने तयारी भईरहेको बताउनुभएको थियो ।

**पांचौ कार्य समिति बैठकः**

महासंघ बागमती प्रदेशको पांचौं कार्यकारिणी समितिको बैठक काठमाडौं, बानेश्वरस्थित अल्फा ब्यांक्वेटमा विभिन्न निर्णयहरु गरेर सम्पन्न गरिएको थियो । प्रदेश महासंघका अध्यक्ष दिल सुन्दर श्रेष्ठको अध्यक्षतामा बसेको बैठकले आगामी सातौं प्रदेश सभा फागुन ११ गते हेटौंडामा आयोजना गर्ने निर्णय गरेको थियो ।

बैठकले हेटौंडामा रहेको जग्गामा सचिवालय भवन निर्माण कार्य अघि बढाउन रकम संकलन कार्य पनि अघि बढाएको थियो । बैठकबाटै अध्यक्ष दिल सुन्दर श्रेष्ठबाट रु. ५ लाख, उपाध्यक्षद्वय गुणराज श्रेष्ठ र दुर्गाराज श्रेष्ठबाट जनही १ लाख ५० हजार, कार्यकारिणी सदस्यद्वय रोशनी मैंया धौबञ्जा र प्रेमहरि मैनालीबाट जनही १ लाख, नेउवामहासंघ कार्यकारिणी सदस्य तथा प्रदेश महासंघका पदेन सदस्य सविन श्रेष्ठबाट १ लाख ५० हजार, अमरेश चन्द्र बैदारबाट १ लाख गरी साढे १२ लाख रकम संकलन भएको थियो ।

बैठकमा प्रदेश महासंघका कार्यकारिणी सदस्य रोशनी मैंया धौबञ्जा भक्तपुर उद्योग वाणिज्य संघको अध्यक्ष हुनुभएकोमा, प्रदेश महासंघका कार्यकारिणी सदस्य राज्यलक्ष्मी शाक्य कीर्तिपुर उद्योग वाणिज्य संघका पुनः अध्यक्ष निर्वाचित हुनुभएकोमा, प्रदेश महासंघका कार्यकारिणी सदस्य प्रेमहरि मैनाली नेपाल वितरक संघको उपाध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा, प्रदेश महासंघका कार्यकारिणी सदस्य बिरेन्द्रनाथ भट्टराई नेपाल औद्योगिक क्षेत्र उद्योग महासंघको प्रथम उपाध्यक्ष हुनुभएकोमा, नेउवामहासंघका केन्द्रीय कार्यकारिणी सदस्य तथा प्रदेश महासंघका पदेन सदस्य, कृषि उद्यम केन्द्रका सभापति डि.बी. बस्नेत राष्ट्रिय महासंघको उपाध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा बधाई ज्ञापन गरिएको थियो ।

बैठकमा जिल्ला नगर उद्योग वाणिज्य संघ संचालन गर्न आईपरेका समस्याहरु उपर विस्तृत रुपमा छलफल गरी संघहरुको आयस्रोत वृद्धिका लागि नीतिगत रुपमा कार्ययोजना बनाई अघि बढ्नुपर्ने सुझाव कार्यकारिणी सदस्यहरुबाट प्राप्त भएका थिए। बैठकले विविध निर्णयहरुसंगै सचिवालय भवन निर्माणकालागि नेपाल उद्योग वाणिज्य महासंघमा रकम उपलब्ध गराउन पत्राचार गर्ने निर्णय गरेको थियो ।

**विभिन्न समितिका गतिविधिहरुः**

महासंघ बागमती प्रदेश अन्तर्गत गठित समितिहरुले समय समयमा प्रत्यक्ष तथा अनलाईन बैठकहरु बसी विभिन्न कृयाकलापहरु गर्दै आईरहेको छ । भवन निर्माण समितिमार्फत भवनको डिजाईन, नक्सालगायतका कार्यहरु सम्पन्न गरिएको छ भने विभिन्न निकायहरुमा भवन निर्माणको लागि सहयोग माग गरिएको छ । राजस्व समितिमार्फत विभिन्न निकायहरुमा राजस्व सम्बन्धी सुझावहरु पेश गरिएको छ । बैंक तथा बीमा समितिमार्फत बैंक व्याज बृद्धिलगायतका समस्याहरु उठान गरिएको छ ।

त्यसैगरी मेला समितिमार्फत जिल्ला नगर उवासंघहरुले आयोजना गर्ने मेला महोत्सवहरुको बारेमा जानकारी लिई मेला महोत्सवको प्रचार प्रसार प्रदेश महासंघको वेबसाईट मार्फत गरिंदै आएको छ। महिला उद्यमी विकास समितिमार्फत विभिन्न मन्त्रालयहरुमा तालिम तथा अन्य कार्यक्रमहरु आयोजना गर्न प्रस्ताव पेश गरिएको छ। सीप विकास तथा तालिम समितिमार्फत स्वमूल्यांकन सम्बन्धी आधारभूत

तालिम प्रदान गरिएको छ। पर्यटन समितिमार्फत बागमती प्रदेशका सबै जिल्ला नगर उवासघहरुबाट पर्यटकीय क्षेत्रहरुको विवरण माग गरिएको छ।

त्यस्तै सूचना प्रविधि तथा प्रकाशन समितिमार्फत बागमती प्रदेशस्तरीय बिजनेस डाईरेक्ट्री प्रकाशन गर्नका लागि सबै जिल्ला नगर उवासंघहरुबाट आवयक सूचनाहरु प्राप्त हुने क्रम जारी छ। लघु तथा घरेलु उद्योग समितिमार्फत विभिन्न निकायहरुमा कार्यक्रम आयोजना गर्नका लागि प्रस्तावहरु पेश गरिएको छ। अन्य समितिहरुले पनि तत् तत् क्षेत्रको वृद्धि विकासका लागि आवश्यक कार्यहरु अघि बढाउने कार्य जारी छ।

### उद्योग वाणिज्य संघलाई सहयोग

महासंघ बागमती प्रदेश च्याप्टरले आफ्नो क्षमताले भ्याएसम्म बागमती प्रदेश अन्तर्गतका उद्योग वाणिज्य संघहरुको संस्थागत विकासकालागि आर्थिक, भौतिक र नैतिक सहयोग गर्ने गरेको छ। यस वर्ष आर्थिक स्रोतको अभाव भएतापनि प्रदेशले राप्ती उद्योग वाणिज्य संघको कार्यशाला गोष्ठीको लागि सहजकर्ता उपलब्ध गराई सहयोग गरेको थियो।

### हार्दिक बधाई एवं शुभकामनाः

नेपाल उद्योग वाणिज्य महासंघ वागमती प्रदेशका अध्यक्षकोतर्फबाट यस अवधिमा सम्पन्न विभिन्न संघ संस्थाको वार्षिक साधारण सभाबाट निर्वाचित अध्यक्ष, पदाधिकारी एवं कार्य समिति सदस्यज्यहरुलाई बधाई सहित शुभकामना प्रदान गरिएको थियो।

### संस्थागत सहभागिताः

नेपाल उद्योग वाणिज्य महासंघ, महासंघ अन्तरगतका सदस्य संघ संस्थाहरु र नेपाल सराकारका विभिन्न निकायहरु, प्राज्ञिक संस्था, स्थानीय निकाय, मिडिया, सामाजिक संस्था, राष्ट्रिय अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरुबाट यो एक वर्षको अवधिमा आयोजना गरिएका विभिन्न महत्वपुर्ण कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ वागमती प्रदेश च्याप्टरका अध्यक्ष श्री दिलसुन्दर श्रेष्ठ र च्याप्टरका पदाधिकारी एवं सचिवालयकातर्फबाट संस्थागत सहभागिता रहयो। यसले च्याप्टर र ती संस्थाहरु बीचको आपसी सम्बन्ध सहकार्यमा थप सहयोग पुग्ने विश्वास गरिएको छ।

## <u>गण्डकी प्रदेशः</u>

### सामाजिक कार्यमा गण्डकी प्रदेश च्याप्टरः

संस्थागत सामाजिक उत्तरदायित्व (सीएसआर) बहन नेपालको निजी क्षेत्रको निरन्तर संचालित अभियान हो। यो अभियानमा नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश च्याप्टर स्थापनाकालदेखि नै समर्पित हुँदै आएको छ। गच्छे अनुसारको सहयोगको परम्परालाई कायम राख्ने क्रममा हामीले पोखराको मुख्य पर्यटकीय क्षेत्र लेकसाइडमा सार्वजनिक शौचालयको आवश्यकता महशुस गऱ्यौं। तर, यो कार्य हाम्रो एकल प्रयासले मात्र सम्भव थिएन। अभियान सम्पन्न गर्न सूर्य नेपाल प्रालिले सहयोगको हात अगाडि बढायो। फलस्वरुप २०८० साल जेठ १० गते पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यज्यूको प्रमुख आतिथ्यतामा शौचालय निर्माणको सुरुवात भयो। सो अभियानलाई सूर्य नेपाल प्रालिले १ करोड ५० लाख रुपैयाँ सहयोग प्रदान गरिरहँदा नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश सेतु बन्यो। निकट भविष्यमा निर्माण सम्पन्न हुने सो शौचालयले पोखरा आउने पर्यटकहरुलाई ठूलो राहत प्रदान गर्नेमा हामी विश्वस्त छौं। शौचालयहरु ठूला सहरहरुका आवश्यकता हुन् र निर्माण कार्य द्रूत गतिमा होस् भन्ने

विषयमा हामी गम्भीर छौं । यो अभियानमा सघाउने सूर्य नेपाल प्रालिलाई हामी धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

**रक्तदानः**

रक्तदान कार्यक्रमको आयोजना सामान्यजस्तो लाग्छ । तर, रगतको अभावले ज्यान गुमाउन नपरोस् र रक्तदानप्रति सकारात्मक भावना जागृह पनि होस् भन्ने उद्धेश्यले नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश च्याप्टरले २०८० साल जेठ २६ गते आफ्नो स्थापना दिवसको अवसर पारेर गैंडाकोट २,नवलपुरमा रक्तदान कार्यक्रमको आयोजना गरेको थियो । रक्तदान कार्यक्रममा १५० जना रक्तदान गरेका थिए ।

त्यसै गरी जेठ २७ गते देवचुली १० पृथ्वी माध्यमिक विद्यालय परिसरमा निः शुल्क स्वास्थ्य शिविर एवं औषधि वितरण कार्यक्रमा सम्पन्न गरियो । सो कार्यक्रमबाट ४५० जना लाभान्वित भएका थिए । कार्यक्रमको देवचुली नगरपालिकाका प्रमुख हरिप्रसाद न्यौपानेले शुभारम्भ गर्नु भएको थियो । त्यस्तै जेष्ठ २७-३० गते चरक मेमोरियल हस्पिटल पोखरामा निशुल्क मुटु जांच शिविर संचालन गरियो । सो शिविरबाट २८० जना उद्योगी व्यवसायी र सर्वसाधारणले सेवा लिनुभएको थियो ।

**स्वागत सम्मानः**

नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशले गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री,मन्त्रीहरु तथा महासंघका नवनिवार्चित अध्यक्ष, पदाधिकारी तथा कार्यसमिति सदस्यहरुलाई स्वागत सम्मान तथा प्रि बजेटसम्बन्धी अन्तरक्रिया कार्यक्रम २०८० साल जेठ १४ गते आयोजना गरिएको व्यहोरा पनि स्मरण गराउन चाहन्छु । निजी क्षेत्रले दिएका सवै सुझावहरु चालु आर्थिक वर्षको बजेटमा नसमेटिए पनि हाम्रा केही समस्या संवोधनमा गण्डकी प्रदेश सरकारले देखाएको सद्भावप्रति पनि हामी कृतज्ञ छौं ।

**सामाजिक सुरक्षा कोष सम्बन्धी सुझाव संकलन कार्यक्रमः**

नेपाल उद्योग वाणिज्य महसंघ गण्डकी प्रदेश च्याप्टरले २०८० साल असार १२ गते श्रमिकहरुका न्यूनतम पारिश्रमिक निर्धारण तथा श्रमिकहरुको सामाजिक सुरक्षा कोषसम्बन्धी सुझाव संकलन कार्यक्रम आयोजना गरेको थियो । महासंघका रोजगारदाता परिषदका उपसभापति श्री अरनीको राजभण्डारीको प्रमुख अतिथ्यतामा उक्त कार्यक्रम सम्पन्न भएको थियो ।

**चौथो कार्य समिति बैठकः**

नेपाल उद्योग वाणिज्य महसंघ गण्डकी प्रदेशको चौथो कार्यसमितिको बैठक अध्यक्ष अमृत भट्टचनको अध्यक्षतामा असार १२ गते पोखरामा सम्पन्न भएको थियो । बैठकमा प्रदेशभित्रका उद्यमी व्यवसायीहरुका विभिन्न समस्याहरुमा गहन छलफल भएको थियो ।

**नेपाल राष्ट्र बैंकलाई ज्ञापन पत्रः**

नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश च्याप्टरले असार १२ गते बैंक तथा वित्तीय संस्थाहरुद्धारा वृद्धि गरिएको ब्याजदर र धरपकडपछि उत्पन्न परिस्थितिले निम्त्याएको विषमता चिर्नको लागि आवश्यक सुझाव एवं रणनीति तय गर्न विशेष भेला आयोजना गरेको थियो ।

त्यसैगरी प्रदेश च्याप्टरका बैंक तथा वित्तीय संस्था सहजीकरण समितिका सभापति संजीवबहादुर कोइरालाले तयार पार्नुभएको बैंक तथा वित्तय संस्थाहरुद्धारा वृद्धि गरिएको व्याजदर र धरपकड सम्बन्धी गण्डकी प्रदेशभरिका जिल्ला नगर उद्योग वाणिज्य संघहरुले सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयमार्फत् असार १७ गते नेपाल राष्ट्र बैंकलाई ज्ञापन पत्र बुझाइएको थियो ।

**समितिबाट प्रजिअलाई प्रतिवेदन पेशः**

नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशका संस्थापक अध्यक्ष संजीबबहादुर कोइरालाको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालाय काश्कीका प्रमुख जिल्ला अधिकारीको निर्देशन अनुसार पोखरा हङकङ बजारका व्यवसायी र गुडलक कम्पनीबीच गुडलकका कम्पनी प्रालिबाट एकै पटक ७००% सम्म भाडा वृद्धि गरेको विषयमा दुवै पक्ष बीच समझदारी गर्नका लागि नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशको सचिवालयमा बैठकको आयोजना मात्र गरेन, दुवै पक्षलाई सहमतिको बिन्दुमा ल्याउन एवं निजी क्षेत्रका व्यवसायीको हक अधिकार रक्षाको लागि पहल कदमी पनि लियो । तर,आन्दोलनरत पक्षको अव्यवहारिक र गैरकानूनी मागका काण सहमति जुटेन । पटकपटक बसेको बैठकबाट आ-आफ्नो अडानका कार्यमै रहेको हुँदा सहमति जुटाउन नसकिएपछि जिल्ला प्रशासन कार्यालाय कास्कीका प्रमुख जिल्ला अधिकारीलाई २०८० साल भदौ २४ गते प्रतिवेदन पेश गरिएको थियो । सो सम्बन्धमा प्रदेश च्याप्टर र कम्पनी बीच भदौ १९,२० र २४ गते गरी पटक पटक छलफल र सहमतिका लागि प्रयास गरिएको थियो ।

**स्वागत कार्यक्रम**

नेपाल उद्योग वाणिज्य महासंघ कृषि उद्यम केन्द्रका सभापति डि.बी बस्नेतलाई गण्डकी प्रदेश च्याप्टरका कोषध्यक्ष नवराज सुबेदी र कार्यसमिति सदस्य झलकलाल श्रेष्ठले महासंघको सचिवालयमा स्वागत गर्नुभएको थियो ।

**पाँचौं कार्य समिति बैठकः**

नेपाल उद्योग वाणिज्य महसंघ गण्डकी प्रदेशको पाँचौं कार्यसमितिको बैठक अध्यक्ष अमृत भट्टचनको अध्यक्षतामा असोज ३० गते पोखरामा सम्पन्न भयो । बैठकमा प्रदेशभित्रका विविध उद्यमी व्यवसायीहरुका विभिन्न समस्याहरुमा गहन छलफल भएको थियो ।

**शुभकामना आदान प्रदानः**

नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशको आयोजनामा २०८० साल असोज ३० गते नेपालीहरुको महान पर्व विजया दशमी, शुम दिपावली,नेपाल सम्बत ११४४ तथा छठ पर्व २०८० को पावन अवसरमा शुभकामना आदान प्रदान कार्यक्रमको आयोजना गरियो ।

**भेटवार्ताः**

नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशका उपाध्यक्ष श्री सूर्य बहादुर भुजेलको नेतृत्वमा नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक कविराज अधिकारी लागायत विभिन्न सरकारवाला व्यक्तिहरुसंग भेटघाट तथा अन्तरक्रिया कार्यक्रम पोखरा उद्योग वाणिज्य संघको सचिवालयमा सम्पन्न भयो ।

**२५ औं सडक महोत्सवमा सहयोगः**

रेष्टुरेन्ट बार एशोसिएसनले पौष १२ देखि १६ सम्म पोखरामा आयोजना गरेको २५ औं सडक महोत्सवमा नेपाल उद्योग वाणिज्य महासंघ गण्डको प्रदेशले नेपाल हस्तकला महासंघलाई १०वटा स्टल र कास्की हस्तकला संघ पोखरालाई ५ बटा स्टल गरी जम्मा १५ बटा स्टल निःशुल्क उपलब्ध गराएको थियो ।

**छैठौं कार्य समिति बैठकः**

नेपाल उद्योग वाणिज्य महसंघ गण्डकी प्रदेशको छैठौं कार्यसमितिको बैठक अध्यक्ष अमृत भट्टचनको अध्यक्षतामा माघ ३ गतेसम्पन्न भयो । बैठकमा प्रदेशभित्रका विविध उद्यमी व्यवसायीहरुका विभिन्न समस्याहरुमा गहन छलफल भएको थियो ।

**उपभोक्ता अधिकार संरक्षण तथा बजार अनुगमनसम्बन्धी अन्तरक्रियाः**

नेपाल सरकार उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य,आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको आयोजना तथा नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशको समन्वयमा माघ २५ गते व्यापार व्यवसायसंग सम्बन्धीत नियम, कानुन, त्यसको कार्यान्वयन र समस्या तथा वाणिज्य क्षेत्रमा उद्योगी व्यवसायीहरुले भोग्नु परेका समस्यासंग सम्बन्धित विषयहरुमा उपभोक्ता अधिकार संरक्षण तथा बजार अनुगमन सम्बन्धी १ दिने अन्तरक्रिया कार्यक्रम पोखरामा सम्पन्न भयो। कार्यक्रममा ३८ जना व्यवसायीहरुको उपस्थिति थियो ।

**संस्थागत सहभागिताः**

नेपाल उद्योग वाणिज्य महासंघ, महासंघ अन्तरगतका सदस्य संघ संस्थाहरु र नेपाल सराकारका विभिन्न निकायहरु, प्राज्ञिक संस्था, स्थानीय निकाय, मिडिया, सामाजिक संस्था, राष्ट्रिय अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरुबाट यो एक वर्षको अवधिमा आयोजना गरिएका विभिन्न महत्वपुर्ण कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश च्याप्टरका अध्यक्ष श्री अमृत भट्चन र च्याप्टरका पदाधिकारी एवं सचिवालयकातर्फबाट संस्थागत सहभागिता रहयो । यसले च्याप्टर र ती संस्थाहरु बीचको आपसी सम्बन्ध सहकार्यमा थप सहयोग पुग्ने विश्वास गरिएको छ ।

**<u>लुम्विनी प्रदेश :</u>**

**संस्थागत प्रतिवद्धताः**

आर्थिक विकास, रोजगारी सृजना, अन्तरआवद्धता, पर्यटन प्रवर्द्धन तथा सुशासनलाई प्रमुख सिद्धान्त मानि लुम्बिनी प्रदेशको समग्र विकास र समृद्धिका लागि सरकारले अगाडी बढाएका महत्वपूर्ण कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गरी लक्षित उद्देश्य प्राप्त गर्न सरकारी र निजी क्षेत्र बीच सहकार्य र समन्वय हुनु पर्नेमा नेपाल उद्योग वणिज्य महासंघ लुम्बिनी प्रदेशले सधै जोड दिंदै आएको छ ।

महासंघ लुम्बिनी प्रदेशमा रहेका १२ जिल्लाका ३७ वटा जिल्ला तथा नगर उद्योग वाणिज्य संघहरु आवद्ध करिव ७० हजार उद्यागी व्यवसायीहरुलाई प्रदेशको आर्थिक विकासका सम्वाहकका रुपमा लिनको लागि महासंघ लुम्बिनी प्रदेशले तीनै तहका सरकार र सरोकारवालाहरु समक्ष अनुरोध गर्दै आफनो संजाललाई सोही अनूरुप परिचालन समेत गर्दै आएको छ ।

२ वर्षमा २ लाख रोजगारीको सृजना गर्ने उद्देश्यका राखेको लुम्बिनी प्रदेश सरकारको उद्देश्य पुरा गर्न निजी क्षेत्रलाइ हेर्ने दृष्टिकोणमा परिवर्तन आउनु पर्दछ । कर र जरिवानाबाट राजस्व बढाउने नीति भन्दा पनि उद्योग व्यापारको सहजिकरणलाई प्राथमिकतामा राखी निजी क्षेत्रको समस्याहरु समाधान गरिनु पर्नेमा प्रदेश च्याप्टरले निरन्तर ध्यानाकर्षण गराउंदै आएको छ ।

व्यवसायीक शुद्धता हाम्रो प्रतिवद्धता सम्मानित निजी क्षेत्र समुन्नत नेपाल भन्ने अभियानका साथ प्रदेश भित्र रहेका उद्योगी व्यवसायीहरुलाई जिम्मेवार सामाजिक उत्तरदायित्व सहितको व्यवसाय गर्न उत्प्रेरित

गर्दै, उद्योगी व्यवसायीहरुका समस्याहरु समाधानका लागि सरकरा समक्ष माग गर्दै  लुम्बिनी प्रदेशलाई आर्थिक र पर्यटकिय रुपमा समृद्ध समुन्नत बनाउदै समस्त देशकै आर्थिक विकासमा टेवा पुर्याउन महासंघको लुम्बिनी प्रदेश च्याप्टरले आफना गतिविधिलाई केन्द्रीत गरेको छ ।

**च्याप्टरबाट बैशाख देखि पौष मसान्तसम्म भएका मुख्य गतिविधि तथा कार्यहरु यस प्रकार छन् :**

**बेलायती सैनिक अधिकृतहरुसंग अन्तरक्रिया कार्यक्रम**

लण्डन स्थित Royal College of Defense studies RCDS का सैनिक कमान्डर तथा अधिकृतहरुको अध्ययन टोलीसंग बैशाख २७ गते भैरहवामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । अन्तरक्रिया कार्यक्रममा विदेशी पाउनाहरुलाई स्वागत गर्दै महासंघको लुम्बिनी प्रदेशका अध्यक्ष कृणप्रसाद शर्माले नेपालको प्रथम मित्र राष्ट्र बेलायतबाट नेपालको विकासका लागि गरेका सहयोगका लागि धन्यवाद दिंदै विश्व शान्तिको मुहान गौतमबुद्धको जन्म स्थलमा निजी क्षेत्रको तर्फबाट स्वागत गर्नु हुंदै लुम्बिनी प्रदेश आर्थिक तथा पर्यटकिय रुपमा सम्भावनाको प्रदेश रहेको जानकारी गराउनु भयो । बेलायती राजदुताबासको अनुरोधमा अध्ययन भ्रमणमा रहेका विदेशि विशिष्ठ अधिकृतहरुसंग लुम्बिनी प्रदेशको आर्थिक सम्भावना र चुनौती बारे अन्तरक्रिया गरिएको थियो । उक्त टोलीमा बेलायती सैनिक अधिकृतहरुसंगै नेपाली सेनाका कमान्डर तथा अधिकृतहरु र बेलायती दुतावासका अधिकृतहरुको सहभागिता रहेको थियो ।

**मनोनित सदस्यलाई प्रमाण तथा सम्मान कार्यकम**

कार्यकारिणी समितिको तेस्रो बैठकको अवसरमा निर्वाचन पश्चात विधानमा व्यवस्था भए बमोजिम कार्यकारिणी समितिलाई पूर्णता दिन कार्यकारिणी समिति सदस्यमा श्री विरेन्द्र कुमार अग्रहरी र महिला सदस्यमा श्री रञ्जना कुमारी अर्याल  मनोनित गरिएको थियो । उक्त निर्णय अनुसार मनोनित सदस्यलाई जेठ ०३ गते प्रमाण पत्र प्रदान गरिएको थियो ।

**ILO प्रतिनिधिहरुसंग छलफल**

महासंघको लुम्विनी प्रदेश च्याप्टरका पदाधिकारी र अन्तराष्ट्रिय श्रम संगठनका प्रतिनिधिहरुसंग जेठ १० गते भैरहवामा औपचारिक भेटवार्ता भयो । सो अवसरमा आपसी सहयोगका विषयमा छलफल भयो ।

**प्रदेशमन्त्री समक्ष बजेट माग**

नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशद्वारा सरकारी निजी साझेदारी कार्यक्रम अन्तर्गत व्यवसायीक अभिमुखिकरण कार्यक्रम, उद्यमशिलता तालिम, पर्यटन महोत्सवहरु संचलनका लागि प्रदेश सरकारसंग बजेट माग सहितको प्रस्ताव पेश गरिएको छ ।

अध्यक्ष कृष्ण प्रसाद शर्माले जेठ १८ गते लुम्बिनी प्रदेश आन्तरिक मामिला कानुन तथा सहकारी मन्त्रालय लुम्बिनी प्रदेशका माननीय मन्त्री सन्तोष पाण्डेलाई भेटी प्रदेशकातर्फबाट औपचारिक प्रस्ताव पेश गर्नुभएको हो ।

सो पत्रमा व्यवसायीक अभिमुखिकरण कार्यक्रम, उद्यमशिलता तालिम, पर्यटन महोत्सवहरु संचलनका लागि आवश्यक बजेट सहित महासंघको प्रदेश कार्यालय निर्माणका लागि प्रदेश मुकाम देउखुरीमा जग्गा उपलब्ध गराउन समेत अनुरोध गरिएको छ । सो अवसरमा अध्यक्ष शर्माले नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेश सरकारसंग  अर्थिक विकासका लागि सहकार्य गरी अघि बढ्न चाहेको बताउनु भयो ।

**अध्यक्ष शर्मा र इण्डोनेसियाका राजदुत बीच औपचारिक भेटवार्ता:**

नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा र नेपाल र बगंलादेशका लागि इन्डोनेसियका राजदुत महामहिम Excellency Heru Hartanto Subolo बीच जेठ २७ गते लुम्विनीमा औपचारिक भेटवार्ता भयो । लुम्बिनीको भ्रमणमा आउनुहुंदा विमानस्थलमा प्रदेश च्याप्टका पदाधिकारीहरुबाट राजदूतको स्वागत गरिएको थियो । सोहि दिन सँझ महामहिम राजदुतसंग नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्षको नेतृत्वमा पदाधिकारी सहितको टोलीले औपचारिक छलफल गरेको थियो । छलफलका क्रममा  दुई देश बीचको आर्थिक व्यापारिक सम्बन्ध, लगानी प्रवर्द्धन, साना तथा मझौला उद्योगको विकासमा इन्डोनेशियाको सहयोगका साथै मुख्यरुपमा इन्डोनेशियाको जकार्ताबाट गौतमबुद्ध अन्तराष्ट्रिय बिमानस्थल भैरहवासम्म नियमित हवाई उडानका लागि अनुरोध गरिएको थियो ।

अध्यक्ष कृष्ण प्रसाद शर्माज्यूले लम्बिनी प्रदेशलाई महत्व दिदै बुद्ध जन्मस्थल लुम्बिनी भ्रमणमा आउनु भएकोमा  महामहिम राजदुतलाई धन्यवाद दिनु भएको थियो ।

सो अवसरमा  महामहिम राजदूत Heru Hartanto Subolo ले  प्रदेश महासंघसंगको भेट आफना लागि महत्वपुर्ण रहेको तथा आफ्नो कार्यकालमा जकार्ता र गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल बीच हवाई उडान गराई लुम्बिनी र इन्डोनेशियाको पर्यटन पवर्द्धनमा सहयोग पुऱ्याउन भूमिका खेल्ने प्रतिवद्धता जनाउनु भयो । साथै यस बर्ष जुलाई  महिनामा आयोजना हुने इन्डोनेशिया अन्तराष्ट्रिय व्यापारिक  महोत्सवमा भ्रमणको लागि निमन्त्रणा समेत दिनु भएको थियो ।  इन्डोनशियाको भ्रमण टोलीमा महामहिम राजदुद संगै राजदुतावासका आर्थिक सचिव, र व्यवसायीहरुको सहभागिता रहेको थियो भने महामहिम राजदुतबाट पवित्र लुम्बिनीको भ्रमण समेत गर्नु भएको थियो ।

**समस्या समाधान गरिदिन मुख्यमन्त्रीलाई आग्रह:**

नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष श्री कृष्ण प्रसाद शर्माको नेतृत्वमा साउन ३ गते मुख्यमन्त्रीलाई भेटी लुम्बिनी प्रदेश सरकारले सिमेन्ट उत्पादनमा लगाएको कर तथा वर्तमान अवस्थामा उद्योग ब्यबसायमा देखापरेका विविध समस्याहरुको समाधान एवं आपसी सहकार्यका लागि छलफल सहित ज्ञापनपत्र पेश गरिएको थियो । छलफल पश्चात माननीय मुख्य मन्त्रीले नीजि क्षेत्रको विकास तथा आर्थिक विकासका लागि महासंघसंग सहकार्य गर्न आफु तयार रहेको विश्वास दिलाउनु भएको थियो ।

**न्युनतम पारिश्रमिक निर्धारण विषयमा छलफल:**

नेपाल उद्योग वाणिज्य महासंघ रोजगारदाता परिषद एवं नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेश च्याप्टरको आयोजनामा प्रदेशस्तरीय श्रमिकहरूको न्युनतम पारिश्रमिक निर्धारण तथा पुनराबलोकन बिषयक सुझाव संकलन एवं छलफल कार्यक्रम असार १३ गते भैरहवामा सम्पन्न गरियो । महासंघका जिल्ला नगर उपाध्यक्ष श्री सुरकृष्ण वैध, वस्तुगत उपाध्यक्ष हेमराज ढकालको उपस्थिति र रोजगारदाता परिषदका सभापति एवं महासंघका उपाध्यक्ष श्री जोत्सना श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रदेश अध्यक्ष श्री कृष्णप्रसाद शर्माले उपस्थित सबैलाई स्वागत गदै अहिलेको यो बिषम् परिस्थितिमा व्यवसायमा ह्रास,लगानी योग्य पुजीको अभाव, बैंकको ब्याज दर, कारोबारमा घाटाका कारण न्युनतम पारिश्रमिक बढाउन नसकिने भएकाले आगामी बर्षसम्मको लागि पुनरावलोकन कार्यलाई स्थगित गर्नु पर्ने सुझाव राख्नुभयो । लुम्बिनी प्रदेशस्तरीय सुझाव संकलन कार्यक्रममा भौगोलिक क्षेत्रको आधारमा पारिश्रमिक तोकिनु पर्ने, देशैभरी एउटै न्युनतम पारिश्रमिक दर सबै उद्योग व्यवसायका लागि तोक्ने अहिलेसम्मको

प्रचलन व्यवहारिक नरहेकोले श्रम ऐनमा समेत आवश्यक संसोधन गरिनुपर्ने धारणा सहभागीहरुले राख्नु भएको थियो । कार्यक्रममा बुटवल, पाल्पा, सिद्धार्थ, नवलपरासी, कपिलवस्तु, बर्दघाट लगायतका उद्योग वाणिज्य संघका अध्यक्षहरु तथा प्रतिनिधि र रोजगारदाता उद्योगीहरुको सहभागिता रहेको थियो ।

**औद्योगिक व्यवस्थापन दस्तुर संसोधनको माग:**

नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रेदश सचिवालयमा प्रदेश अध्यक्ष श्री कृष्णप्रसाद शर्माको अध्यक्षतामा तथा सिमेन्ट उद्योगीहरुको उपस्थितिमा असार २७ गते लुम्बिनी प्रदेशको सरकारको प्रदेश आर्थिक ऐन २०७९ को दफा ९ मा भएको व्यबस्था बमोजिम प्रदेश भित्र सिमेन्ट उत्पादन गर्ने उद्योगले उत्पादित सिमन्ट उद्योगबाट निकासी गर्दा प्रति बोरा ५० के.जी मा एक रुपैया को दरले वातावरण तथा औद्योगिक व्यवस्थापन दस्तुर लगायतको बिषयले उद्योगीहरुलाई पारेको प्रभाव बारे छलफल सम्पन्न गरियो । आर्थिक मन्दी तथा सुस्तता लगायतका प्रभावका कारण सिमेन्ट उद्योगहरुको उत्पादन क्षमता वितरण र बजारीकरणमा गिरावट आएकोले उक्त दस्तुर तिर्न उद्योगीहरु असक्षम रहेको उद्योगीहरुले बताएका थिए । बिषम परिस्थितिमा उद्योगहरुको संरक्षण र प्रोत्साहन गर्नुपर्ने प्रदेश सरकारको दायित्व हुनुपर्नेमा आर्थिक ऐनलाई टेकेर सरोकारवाला उद्योगी तथा प्रतिनिधिमूलक संघसंस्था संग छलफल नै नगरी एकतर्फीरुपमा कार्यान्वयनको पाटोमा जांदा उद्योगीहरु हतोत्साहित हुन पुगेकोले प्रदेश महासंघले यस बिषयमा लुम्बिनी प्रदेश सरकारसंग संसोधनका लागि पहल र छलफल गर्ने अध्यक्ष शर्माले प्रतिबद्धता जनाउनु भएको थियो ।

सोही विषयमा साउन ३० गते पनि सिमेन्ट उद्योगीहरुको उपस्थितिमा रुपन्देही सिमेन्ट संघका पदाधिकारी तथा उद्योगीहरुसंग छलफल भएको थियो । उक्त छलफलमा महासंघको उद्योग समिति सभापति श्री राजेशकुमार अग्रवालको बिषेश उपस्थिति रहेको थियो ।

**राष्ट्रिय महिला उद्यमी समिति सम्मेलन बारे छलफल**

नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेश सचिवालयमा साउन २८ गते नेपाल उद्योग वाणिज्य महासंघको महिला उद्यमी समितिको आयोजनामा गरिने राष्ट्रिय महिला उद्यमी सम्मेलनबारे छलफल कार्यक्रमको आयोजना गरियो । नेपाल उद्योग वाणिज्य महासंघ महिला उद्यमी विकास समिति सभापति श्रीमती कमला श्रेष्ठज्यूको अध्यक्षता तथा प्रदेश अध्यक्ष श्री कृष्णप्रसाद शर्माको प्रमुख आतिथ्यमा भएको छलफल कार्यक्रममा उक्त सम्मेलन लुम्बिनी प्रदेश, रुपन्देही जिल्लाको भैरहवामा आयोजना गर्दा उपयुक्त हुने धारणा सहित महासंघको प्रतिष्ठा संग गाँसिएको सम्मेलन भएकोले सबैले सम्मेलन सफल पार्न आफ्नो आफ्नो तर्फबाट सहयोग गर्ने प्रतिबद्धता ब्यक्त गर्नु भएको थियो । उक्त छलफल कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका लुम्बिनी प्रदेशबाट प्रतिनिधित्व गर्नुहुने कार्यकारिणी सदस्यज्यूहरु, प्रदेशका पदाधिकारी एवं कार्यसमिति सदस्यज्यूहरु महिला उद्यमी सदस्यहरुको उपस्थिति रहेको थियो ।

**चामल उद्योगको समस्या बारे छलफल**

प्रदेश सचिवालयमा प्रदेश अध्यक्ष श्री कृष्ण प्रसाद शर्माको अध्यक्षतामा साउन ३० गते यस क्षेत्रका राइस मिल उद्योगीहरुका समस्या बारे छलफल आयोजना गरियो । छलफलको क्रममा भारतले चामल निर्यातमा लगाएको प्रतिबन्ध तथा कतिपय सरकारका निति नियमले आगामी दिनमा चामल उद्योगीहरुलाई प्रभाव पार्ने देखिएकोले महासंघ मार्फत भारतले लगाएको चामल निर्यातको प्रतिबन्ध फुकुवाको लागि पहल गर्ने लगायत बैंक ब्याजले पारेको असर बारे छलफल गरिएको निजि छलफलको क्रममा अध्यक्षज्यूले चामल

निर्यात प्रतिबन्ध फुकुवाको लागि महासंघ मार्फत पहल गरिने बताउनु भएको थियो उक्त छलफल कार्यक्रममा निवर्तमान अध्यक्ष , उपाध्यक्ष तथा सल्लाहकार एवंम उद्योगीहरुको उपस्थिति रहेको थियो ।

## बेलायती लगानी ल्याउन राजदुत समक्ष आग्रह

मित्रराष्ट्र बेलायतका महामहिम राजदूत रोब फेन  र नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेश बीच असोज ५ गते लुम्बिनीमा भेटघाट तथा छलफल कार्यक्रम सम्पन्न भयो ।  भेटवार्तामा बर्तमान आर्थिक अवस्था बारे छलफल सहित प्रदेशकोतर्फबाट लुम्बिनी प्रदेशमा मुख्यगरी पर्यटन ,कृषि र नवप्रबर्तनको क्षेत्रमा वेलायती लागानीको लागि अनुरोध गरिएको थियो । साथै गौतमबुद्ध अन्तर्राष्ट्रिय बिमानस्थल र बेलायत बीच अन्तर्राष्ट्रिय उडान संचालनका लागि पनि सो अवसरमा आग्रह गरियो ।

त्यसैगरी मिति २०८० असोज १६ गते महासंघ लुम्बिनी प्रदेश सचिवालयमा बेलायती दुतावासका प्रतिनिधिहरु र प्रदेशका पदाधिकारीहरु बीच Green Growth Nepal (GGN) लगानीका क्षेत्रहरु वारे छलफल भयो । छलफलको क्रममा वातावरण प्रदुषणले विश्वव्यापीरुपमा असर पारिरहेकोले अबको लगानी वातावरण मैत्री हुनुपर्ने जसले दीर्घकालिन रुपमा उद्योगी व्यवसायी तथा राष्ट्रलाईनै सहयोग पुग्ने भएकोले हरित लगानीका लागि लाग्नु पर्नेमा जोड दिइएको थियो ।

## ईनर मंगोलियाका प्रतिनिधिहरुसंग छलफलः

ईनर मंगोलियाबाट आएको प्रतिनिधिमण्डल र नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेश च्याप्टरका पदाधिकारी बीच असोज ३० गते लुम्बिनीमा भेटघाट एवं छलफल भयो । अध्यक्ष श्री कृष्णप्रसाद शर्माको अध्यक्षतामा भएको उक्त भेटघाटमा अध्यक्ष शर्माले इनर मंगोलियाको कृषि तथा पशुपालनमा भएको अनुभव तथा प्राविधिक सहयोग नेपाली कृषकहरुका लागि महत्वपूर्ण हुने भएकोले प्राविधिक सहयोगका लागि अनुरोध गर्नु भएको थियो । उक्त भेटघाट तथा छलफल कार्यक्रममा लुम्बिनी प्रदेशमा रहेर ह्याचरी, विउ विजन, कृषि औजारमा संलग्न उद्यमीहरु तथा महासंघका पदाधिकारीहरुको उपस्थिति रहेको थियो । इनर मंगोलिया प्रादेशिक स्थायी कमिटि अध्यक्ष सहितको समुह तथा कृषि उद्यमीहरुको समुहबाट लुम्बिनी प्रदेशका कृषकहरुलाई प्राविधिक सहयोगका लागि आफुहरुले प्रयास गर्ने प्रतिवद्धता आएको थियो ।

## युनान र भैरहवा सिधा उडानका लागि अनुरोधः

मित्रराष्ट्र चाईनाको  युनान प्रान्तको प्रतिनिधिमण्डल र महासंघको प्रदेश च्याप्टरका पदाधिकारीहरु बीच कार्तिक २४ गते प्रदेश सचिवालयमा औपचारिक भेटवार्ता सम्पन्न भयो । सो अवसरमा विभिन्न व्यवासायीक लगानीका सम्बन्धमा छलफल तथा विशेष गरी कुनमिङ प्रान्त र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल रुपन्देही बीच सिधा उडानका लागि अध्यक्ष कृष्ण प्रसाद शर्माले अनुरोध गर्नु भयो । दुई प्रदेश बीच कृषि क्षेत्र, उत्पादन क्षेत्रमा लगानीका लागि सहयोग गर्न महासंघ लुम्बिनी प्रदेशको तर्फबाट अनुरोध गरियो भने China Council for the Promotion of International Trade-CCPIT का तर्फबाट अध्यक्ष Liu Qilin ले सम्भावना हेरी लुम्बिनी प्रदेशमा लगानीको लागि आफुहरु तयार रहेको बताउनु भएको थियो ।

## गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण संचालनका लागि ध्यानाकर्षण

नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष श्री कृष्णप्रसाद शर्माले पूर्व प्रधानमन्त्री माननीय शेरबहादुर देउबालाई मंसिर १२ गते भैरहवामा भेट गरी गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्णरूपमा

सञ्चालन गर्न समन्वयात्मक भूमिका निर्वाह गरिदिन आग्रह गर्नुभयो । अध्यक्ष शर्माले ४३ अर्ब भन्दा बढी लगानीमा निर्माण भएको अन्तर्राष्ट्रिय विमानस्थल र ८० अर्बको निजी क्षेत्रको लगानी जोखिममा रहेकोले शीघ्र विमानस्थल संचालनका लागी समन्वय गर्न माग गर्नु भएको थियो । सो अवसरमा पूर्व प्रधानमन्त्री देउवाले प्रदेश उद्योग वाणिज्य महासंघको मागप्रति आफू सकारात्मक रहेको र विमानस्थल पूर्णसञ्चालनका लागि आवश्यक पहल गर्ने प्रतिवद्धता जनाउनु भएको थियो ।

**सामाजिक सुरक्षा कोषका विषयमा छलफल**

अध्यक्ष श्री कृष्णप्रसाद शर्माको अध्यक्षतमा नेपाल सरकार सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक कविराज अधिकारीसंग मंसिर १९ गते महासंघ लुम्बिनी प्रदेश सचिवालयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । छलफलमा अध्यक्ष शर्माले विद्यमान आर्थिक संकट र ३०/४० प्रतिशतको क्षमतामा चल्दै गरेका तथा बन्द हुदै गरेका उद्योगी व्यवसायीले कसरी सामाजिक सुरक्षा कोषमा निरन्तरता दिन सक्छन् भन्ने बिषयमा गम्भिर हुनुपर्ने तथा कोषमा बचत भएको अरबौं रकम सहुलियत व्याज दरमा उद्योगी व्यावसायीका लागी ऋण प्रवाह गनुपर्ने धारणा व्यक्त गर्नु भएको थियो । उपस्थित उद्योगी व्यवसायीहरुले रोजगारदाताको हितमा सामाजिक सुरक्षा कोषले सोच्नु पर्ने, ऐच्छिक बनाउंदा दायरा विस्तार हुन सक्ने धारणाहरु राखेका थिए । सो अवसरमा कार्यकारी निर्देशकले त्रिपक्षीय सम्झौताबाट लागु गरिएको सामाजिक सुरक्षा कोष रोजगारदाता, श्रमिकको हितमा रहेकोले यसलाई सबैले सकारात्मक रुपमा लिनुपर्ने धारणा व्यक्त गर्नु भएको थियो । सो कार्यक्रममा उद्योग वाणिज्य संघका अध्यक्षहरु, वस्तुगत उद्योगीहरु, पदाधिकारीहरु एवं उद्योगी व्यवसायीहरुको सहभागिता रहेको थियो ।

**ट्रंक/डेडिकेटेड महशुल विवाद समाधान गर्न आग्रहः**

रुपन्देहीका उद्योगीहरुले उद्योगहरुको विद्युतलाईन कटौतिका विरुद्ध विद्युत प्राधिकरण भैरहवा वितरण शाखामा पुष २२ गते आयोजना गरेको धर्ना तथा विरोध कार्यक्रममा लुम्बिनी प्रदेश उद्योग वाणिज्य महासंघकोतर्फबाट अध्यक्ष श्री कृष्ण प्रसाद शर्माले पिडित उद्योगीहरुको विद्युत लाइन काट्नु सरकार र विद्युत प्राधिकरणको खेदजनक कार्य भएकोले तत्काल विद्युत लाइन जडान गरिनु पर्ने बताउनु भयो । अध्यक्ष शर्माले सो अवसरमा ट्रंक तथा डेडिकेटेड विद्युत महशुल समस्याको दिगो समाधान गर्न सरकार तथा प्राधिकरणलाई आग्रह गर्दै लुम्बिनी प्रदेशका उद्योगीहरुको समस्या समाधानका लागि नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशले पहल गरिरहेको पनि सो अवसरमा जानकारी गराउनु भयो ।

**भुकम्प प्रभावितहरुलाई राहत सामाग्री वितरणः**

जाजरकोटमा गएको भुकम्पबाट प्रभावितहरुलाई राहत स्वरुप नेपाल उद्योग वाणिज्य महांसघ लुम्बिनी प्रदेशवाट कार्तिक १७ गते रु. ७५००० ।- पचहत्तर हजार रुपैया बराबरको चामल, दाल, नुन, लगायतका खाद्यान्न समाग्री खरिद गरी हस्तान्तरण गरि सिद्धार्थनगर नगरपालिकासंगको सहकार्यमा वितरणको व्यवस्था गरिएको थियो । साथै प्रदेश अन्तर्गतका जिल्ला नगर गा.पा उद्योग वाणिज्य संघहरुलाई पनि भुकम्प प्रभावितहरुलाई राहत सहयोगका लागि अनुरोध तथा समन्वय गरिएको थियो ।

**प्रदेश सरकार, योजना आयोग र राष्ट्र बैंकलाई सुझाव पेश**

नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशकातर्फबाट लुम्बिनी प्रदेश सरकार, प्रदेश योजना आयोग र नेपाल राष्ट्र बैंक भैरहवा शाखालाई प्रदेश भित्र उद्योग व्यवसायको विकास, लगानी विस्तार तथा प्रदेशलाई लगानीको आकर्षण क्षेत्रको रुपमा प्रस्तुत गर्न छुट्छुटै सुझाव पेश गरेको छ ।

महासंघले प्रदेश सरकारलाई बुझाएको सुझावमा रेमट्यान्स प्रोत्साहन कार्ययोजना, प्रतिष्पर्धी निर्यात नीति, पर्यटन प्रवर्द्धनका बिशेष जोड,कृषि उत्पादनमा बिशेष जोड,आयात प्रतिस्थापनलाई मुख्य प्राथमिकता करको दर भन्दा दायरामा बृद्धि र शुसासन कायम गर्ने सरकारको मुल नीति आउनु पर्ने रहेको छ ।

अर्थतन्त्र अत्यन्त संवेदनशील अवस्थामा रहेको, बैंक वित्तिय संस्थाहरुसँग करिब ५ खर्ब रुपैयाँ लगानीयोग्य रकम थुप्रिएको,रेमिट्यान्स आप्रवाह पनि हालसम्मकै उच्च रहेको, विदेशी विनिमय संचिति सकारात्मक,पर्यटन क्षेत्रका सामान्य सुधार देखिएको,चालु आर्थिक वर्षमा सोधनान्तर अवस्था निरन्तर सकारात्मक रहेको छ । तर अर्कोतर्फ सरकारी खाता घाटामा चलिरहेको,चालु खर्च र वित्तीय व्यवस्थापनका लागि छुट्याएको बजेट निरन्तर बढिरहेको,पूँजीगत खर्च वा विकास खर्च अत्यासलाग्दो गरी न्यून रहेको,मुल्यवृद्धिदर २० महिनायता ७ प्रतिशतभन्दा माथि रहेको, निजी क्षेत्रद्वारा सञ्चालित निमार्णजन्य उद्योग सिमेन्ट छडजस्ता उद्योगहरु ४० प्रतिशतभन्दा कम क्षमतामा चलिरहेको,साना तथा मझौला व्यवसायीका सटरहरु वन्द भएका, कृषि उत्पादनले थप बजार गुमाउँदै गएका,विदेशिनेहरुमा साना व्यवसाय वा कृषि गरिरहेका युवाहरु बढिरहेका र आर्थिक चलायमान शुन्य र अस्थिर सरकारी नीतिले उद्योगी व्यवसायीको मनोवल उठ्न नसकेका कारण मुलुकको संकटउन्मुख अर्थतन्त्रलाई सुधार गर्न सरकारले गम्भीर गृहकार्य गर्नुपर्ने सुझाव लुम्बिनी प्रदेश च्याप्टरले प्रदेश सरकालाई दिएको छ ।

त्यसैगरी **वाणिज्य सम्बन्धि सुधार गर्नुपर्ने नीतिगत सुझावतर्फ** उधारो संकलनगर्ने कानुन बनाइनुपर्ने,घरधनी र व्यवसायी बीच घरबहाल कानून नहुनाको कारणले समय समयमा जटिल समस्या सृजना हुने गरेको हुंदा तत्काल घर बहाल सम्बन्धी कानून निर्माण गर्नुपर्ने, कालाबजारी एबं अन्य सामाजिक अपराध तथा सजाय सम्बन्धी ऐन २०३२ लाई समय सापेक्ष परिवर्तन गर्नुपर्ने, २० प्रतिशत भन्दा बढी नाफा लिन नपाउने व्यवस्थालाई खारेज गर्नुपर्ने,एजेन्सी दर्ता, फर्म दर्ता र खारेजी र EXIM Code खारेजी गर्ने प्रक्रिया सहज गर्नुपर्ने लगायतका छन ।

उद्योगमा गर्नुपर्ने सुधारतर्फ उद्योग स्थापना गर्दाका क्ष्भ्भ्, भ्क्ष्छ लगायतका प्रशासनिक प्रक्रिया, नियमन र बर्हिगमन एकद्वार मार्फत गर्नुपर्ने, पूर्वाधार सहितको औद्योगिक क्षेत्र वा ग्राम स्थापना गर्नुपर्ने,कच्चा पद्धार्थमा लाग्ने भन्सार महसुल तयारी वस्तु भन्दा तीन तह कम हुनुपर्ने, औद्योगिक व्यवसाय ऐन २०७६ को दफा ले प्रत्याभुत गरेका सुविधा अर्को ऐनले काट्न नपाउने व्यवस्था गर्नुपर्ने,तीस प्रतिशत भन्दाबढी मूल्य अभिबृद्धि गर्ने र आयात प्रतिस्थापनमा मद्दत पुग्ने उद्योगहरुलाई प्रोत्साहन दिई औद्योगिकरण लाई प्रवर्द्धन गर्नुपर्ने, बिजुलीको निर्यात दरमा नै स्वदेशी उद्योगलाई विजुली उपलब्ध गराउनु पर्ने आदि रहेका छन् ।

**लुम्बिनी प्रदेश योजना आयोगलाई पेश गरिएको सुझावमा:**

- साना तथा मझौला उद्योगीहरुको लागि उद्यमशिलता तालिमको व्यवस्था गरिनुपर्ने ।
- लुम्बिनी प्रदेशको निर्यात जन्य वस्तु पहिचान गरी सोको उत्पादन र बजारीकरणको लाग योजना बनाउनु पर्ने ।
- लुम्बिनी प्रदेशको एक मात्र अन्तराष्ट्रिय बिमानस्थलको दिगो र प्रभावकारी संचालनको लागि योजना निर्माण ।
- रुपन्देही भैरहवामा स्थापना र संचालन भएको विशेष आर्थिक क्षेत्र सेजको संचालनको लागि योजना निर्माण ।

- लुम्बिनी प्रदेशमा रहेका ठूला उद्योगहरुको लागि आवश्यक दक्ष श्रमिक, प्राविधिकरु उत्पादन गर्ने स्तरको प्राविधिक विद्यालयहरुको स्थापना गरिनु पर्ने ।
- लुम्बिनी प्रदेशमा संचालनमा रहेका निर्यात जन्य उद्योगहरुको लागि निर्यात प्रर्वधनमा सहयोग पुग्ने नीति निर्माण गरिनु पर्ने ।
- लुम्बिनी प्रदेशलाई पर्यटकिय गन्तब्य प्रदेशको रुपमा विकासका लागि आवश्यक नीति निर्माण गरिनु पर्ने ।
- स्वदेशी उद्योगहरुको संरक्षणको प्रदेश भित्र रहेका उद्योगहरुलाई सस्तो दरमा विद्युत उपलब्ध गराउनु पर्ने ।
- भन्सार नाकाबाट हुने अबैध करोवारहरु रोक्न आवश्यक नीति बनाई स्वदेशी बजारको प्रवर्द्धन हुने गरी नीति निर्माण गरिनु पर्ने ।

**राष्ट्र बैक भैरहवा मार्फत केन्द्रिय बैंकलाई पेश गरिएको सुझावमाः**

- हालको आर्थिक अवस्था मुलतः खराब कर्जाको जोखिम, बढ्दै गएको मुद्रास्फिति, उच्च ब्याजदर लगायतका समस्यालाई ठोस र पर्याप्त उपाय अवलम्वन गरी आर्थिक चलायमान बनाउनु पर्ने ।
- आर्थिक गतिविधिहरु शिथिल हुंदा उद्यमी व्यवसायीहरुमा कर्जाको साँवा ब्याज तिर्न सक्ने क्षमता कम हुंदै गएको सन्दर्भमा आंशिक रुपमा ऋृणको पुर्नतालिकीकरण र पुर्नसंरचनाको सुविधालाई निरन्तरता दिनु पर्ने ।
- उत्पादनमूलक क्षेत्र तथा पर्यटन क्षेत्रमा प्रवाह भएको कर्जालाई २०८१ असार मसान्त सम्म पुनर्संरचना र पुनर्तालिकीकरण गर्न सक्ने सुविधा दिइनु पर्ने ।
- अघिल्लो समिक्षामा बैंक दरलाई १ प्रतिशत विन्दुले घटाई ७.५ प्रतिशत कायम गरिएको सकारात्मक भए पनि त्यसले हाल सम्म कर्जाको ब्याजदर नघट्को हुँदा ब्याजदर कम गर्ने ठोष नीति आउनु पर्ने ।
- चालू पूँजी कर्जाको सीमा २५ प्रतिशत मात्र गरिनु अव्यवहारिक भएको हुँदा हटाउनु पर्ने ।
- उत्पादनमुलक क्षेत्रमा दिइने कर्जाको व्याज दर कम हुने नीतिगत व्यवस्थाको यथाशीघ्र कार्यान्वयन गरिनुपर्ने ।
- मन्दीतर्फ उन्मुख अर्थतन्त्र उकास्न बजेटबाट पनि ठोष कार्यक्रम नआएको अवस्थामा मौद्रिक नीतले ठोष कार्यक्रम ल्याई आर्थिक चालयमान गराउने वातावरण सृजना गरिनु पर्ने ।
- बैंक तथा वित्तीय संस्था भन्दा बाहिर भएको तरलता प्रणालीमा ल्याउन रणनीति बनाउनुपर्ने ।
- सि.डि रेसियो तथा सि.आर.आर. रेसियोका पुनरावलोकन गरिनुपर्ने ।
- निर्यात नगद प्रोत्साहन दिंदा निर्यात परिमाण र मूल्य अभिवृद्धिको आधारमा बढाउंदै लैजानुपर्ने तथा भुक्तानी प्रक्रिया सहज गरिनुर्ने ।
- उधारो कारोबार नियमन गर्न यससम्बन्धी कानुनी व्यवस्था गरिनुपर्ने ।
- बैंकिङ्ग प्रणालीका प्रक्रिया सरल बनाइनु पर्ने तथा कागजातमा एकरुपता ल्याउनु पर्ने । अनावश्यक कागजपत्र हटााउनुपर्ने ।

- बैंक तथा वित्तीय संस्थाहरूले गर्ने प्रशासनिक तथा व्यवस्थापन खर्चको बैंक तथा बित्तीय संस्थाको वर्गका आधारमा निश्चित मापदण्डको दरिलो आधार निर्माण गरी अनुत्पादक खर्च कटौतिका साथ आधार ब्याज दर घटाउने तर्फ आवश्यक कदम चाल्नुपर्ने ।

- रु. ५० हजार भन्दा बढीको भुक्तानी एकाउन्ट पेई चेक मार्फत गर्ने नियमले साना मझौला तथा ग्रामिण भेगका व्यावसायीलाई समस्या परेको देखिएकाले हाल देखिएको कारोवारको व्यापकतलाई हेर्दा यसमा सरलीकरण  गरिनु पर्ने ।

- लघु घरेलु तथा साना उद्योगी व्यवसायीले सुन धितो राखेमा कर्जा दिनुपर्ने साथै सुन धितो राखी कर्जा लिँदा मुल्याङ्कनको ८०-९० .प्रतिशत सम्म कर्जा दिनुपर्ने ।

- व्यवसाय सुचारु गर्नको लागि आवश्यक पर्ने नगद प्रवाह व्यवस्थापनको लागि लिएको ऋण र धितोमा नै बिना शर्त सबै ऋणीलाई ३०प्रतिसत सम्म न्यून ब्याजमा ऋण दिने सरल र सहज ब्यबस्था गर्नु पर्ने ।

**संस्थागत सहभागिताः**

नेपाल उद्योग वाणिज्य महासंघ, महासंघ अन्तरगतका सदस्य संघ संस्थाहरु र नेपाल सराकारका विभिन्न निकायहरु, प्राज्ञिक संस्था, स्थानीय निकाय, मिडिया, सामाजिक संस्था, राष्ट्रिय अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरुबाट यो एक वर्षको अवधिमा आयोजना गरिएका विभिन्न महत्वपुर्ण कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेश च्याप्टरका अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा र च्याप्टरका पदाधिकारी एवं सचिवालयकातर्फबाट संस्थागत सहभागिता रहयो । यसले च्याप्टर र ती संस्थाहरु बीचको आपसी सम्बन्ध सहकार्यमा थप सहयोग पुग्ने विश्वास गरिएको छ ।

## कर्णाली प्रदेशः

**मुख्यमन्त्रीलाई बजेट सुझाव पेशः**

नेपाल उद्योग वाणिज्य महासंघको कर्णाली प्रदेशकातर्फबाट वैशाख २१ गते, आ.व. २०८०/०८१ को बजेट तथा नीति,कार्यक्रममा समावेश गर्नका लागि कर्णाली प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय कृष्ण कुमार बि.सि.मार्फत सुझाव पेश गरिएको थियो । त्यसैगरी वैशाख २४ गते कर्णाली प्रदेश सरकारलाई निजी क्षेत्रकोतर्फबाट पुर्वाधार निर्माण,आवश्यक दक्ष जनशक्ति उत्पादन, सार्वजनिक निजी साझेदारी कार्यक्रम, बित्तिय समस्या समाधानका उपाय, कर्णाली प्रदेशमा उद्योग स्थापनाका चुनौति तथा समाधानका उपायहरु लगायतका बिबिध बिषय समेटी  माननीय मुख्यमन्त्री राजकुमार शर्मा समक्ष सुझाव पेश गरिएको थियो । त्यस्तै जेठ १ गते, सोही विषयमा प्रदेशका माननीय मन्त्री बेदराज सिंहमार्फत प्रदेश सरकारलाई सुझाव पेश गरिएको थियो ।

**प्रदेशको आर्थिक विकासका छलफलः**

नेपाल उद्योग वाणिज्य महासंघको कर्णाली प्रदेशकातर्फबाट भाद्र २४ गते कर्णाली प्रदेशको पर्यटन बिकास तथा पर्यटकीय क्षेत्रको प्रचारप्रसार सम्बन्धि अर्न्तक्रिया कार्यक्रम वीरेन्द्रनगरमा सम्पन्न भयो । सो अवसरमा सहभागी उद्यमी व्यवसायीहरुले कर्णालीको पर्यटन विकासका सम्भावना र चुनौतीका विषयमा आआफना धारणा तथा सुझाज राख्नु भएको थियो । त्यस्तै भाद्र १२ र १३ गते प्रदेशस्तरीय रणनैतिक कार्ययोजना निर्माण सम्पन्न गरिएको थियो ।  बैदेशिक रोजगारीबाट फर्केर आएकाहरुको नेपालमा नै पुर्नस्थापनाका लागि बन्दै गरेको निर्देशिका सम्बन्धी छलफल आयोजना गरिएको थियो ।

**भुकम्प पिडीतलाई सहयोग:**

नेपाल उद्योग वाणिज्य महासंघको कर्णाली प्रदेशकातर्फबाट एक विज्ञिप्ति प्रकाशित गर्दै मिति २०८० कार्तिक १७ गते जाजरकोटको रामिडांडामा केन्द्रबिन्दु बनाई गएको भुकम्पबाट ज्यान गुमाएका परिवारप्रति समवेदना प्रकट गर्दै भुकम्पबाट भएको क्षतिप्रति दुख ब्यक्त गरियो ।

महासंघ कर्णाली प्रदेश च्याप्टरकातर्फबाट भुकम्पले बढि प्रभावित जाजरकोट र रुकुमपश्चिमका नागरिकहरुका लागि तत्काल कार्तिक १८ गते नै १ लाख बराबरको राहत सामग्री र ३७,९२५ रुपैया बराबरको औषधि बितरण गरिएको थियो ।

त्यसैगरी कार्तिक १ गते नेपाल उद्योग बाणिज्य महासंघ,काठमाडौको सहयोगमा सम्माननिय राष्टपतिज्युको उपस्थितिमा दोस्रो पटक ५,००,०००। रुपैया बराबरको राहत सामग्री बितरण गरिएको थियो ।

**कर राजस्व सम्बन्धी सुझाव पेश:**

नेपाल उद्योग वाणिज्य महासंघको कर्णाली प्रदेशकातर्फबाट मंसिर ५ गते आय कर,मुल्य अभिबृद्धि कर,अन्तःशुल्क कर,भन्सार र राजस्वमा गर्नुपर्ने सुधार सम्बन्धी सुझाव प्रदेश सरकारमा पेश गरिएको थियो । उक्त सुझावमा निजी क्षेत्र मैत्रि नीति निर्माण सम्बन्धि सुझावहरु समेत समेटिएको थियो । त्यस्तै प्रदेश च्याप्टरकै अगुवाईमा मंसिर ७ गते बैंक तथा बित्तिय संस्थाहरुले ब्यावसायीहरु माथी गरेको कार्य प्रति खवरदारी गरिएको थियो ।

नेपाल उद्योग बाणिज्य महासंघ कर्णाली प्रदेशको आयोजना तथा कर्णाली प्रदेश सरकार प्रमुख प्रतिपक्षि दलका नेता तथा सुर्खेत क्षेत्र नं. २ प्रदेश सभा क बाट निर्वाचित माननिय यामलाल कंडेलको प्रमुख आतिथ्यता र बिभिन्न क्षेत्रको प्रतिनिधित्व गर्ने उद्योगि,ब्यावसायीहरुको बिशेष उपस्थितिमा सुर्खेत बिमानस्थल बिस्तारका बारेमा सम्बन्धमा माघ १० गते छलफल सम्पन्न गरियो । महासंघ,कर्णाली प्रदेश अध्यक्ष पदम बहादुर शाहीको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा बिभिन्न क्षेत्रको प्रतिनिधित्व गर्ने उद्योगी,ब्यावसायीहरुको बिशेष उपस्थिति रहेको थियो ।

**कार्ययोजना निर्माण गोष्ठी:**

नेपाल उद्योग बाणिज्य महासंघ,कर्णाली प्रदेशको आयोजनामा मुगु जिल्लाको रारामा जेष्ठ २० र २१ गते कर्णाली प्रदेशको कार्ययोजना निर्माण गोष्ठी सम्पन्न भएको थियो। तत्पश्चात ५ बर्षिय रणनैतिक कार्ययोजनाको मस्यौदा माथि छलफल गरि रणनैतिक कार्ययोजनालाई अन्तिमरुप दिईएको थियो ।

**प्रदेश च्याप्टरबाट विभिन्न कार्यक्रम सम्पन्न:**

उद्योग,वाणिज्य तथा आपुर्ति मन्त्रालय,ब्यापार तथा निकासि प्रबर्द्धन केन्द्रको आयोजना र नेपाल उद्योग वाणिज्य महासंघ,कर्णाली प्रदेशको सह आयोजनामा मिति २०८० जेष्ठ २६ गते नेपाल ब्यापार सुचना पोर्टल सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो ।

त्यसैगरी महासंघ कर्णाली प्रदेश च्याप्टर र नेपालका लागि बेलायती दुतावास काठमाडौं बीच वातावरण मैत्री आर्थिक बिकास सम्बन्धि अन्तरक्रिया तथा छलफल कार्यक्रम मिति २०८० आश्विन २३ गते आयोजना गरिएको थियो ।

कर्णाली प्रदेश सरकारबाट जारि गरिएको उद्योग दर्ता तथा नविकरण सम्बन्धी ऐन २०८० मा भएका केहि दफाहरु ब्यावसायीहरुलाई अहित हुने खालका भएको हुंदा हुनुपर्ने बुदाहरु सहित कर्णाली प्रदेशका माननीय उद्योग,पर्यटन वन तथा वातावरण मन्त्री कृष्ण कुमार बि.सि.मार्फत कर्णाली प्रदेश सरकारलाई लिखित रुपमा आश्विन २६ गते सुझाव पेश गरियको ।

**प्रदेशस्तरीय प्रदर्शनी स्थल निर्माणका विषयमा छलफलः**

कर्णाली प्रदेशमा उत्पादित बस्तुहरुलाई प्रदर्शन गराउनका लागि प्रदेशस्तरीय प्रदर्शनीस्थल निर्माणका विषयमा पौष ४ गते वीरेन्द्रनगरमा एक अन्तरक्रिया कार्यक्रम आयोजना गरियो । कर्णाली प्रदेश सरकारका माननिय मुख्यमन्त्री राजकुमार शर्मा, माननिय उद्योग पर्यटन वन तथा वातावरण मन्त्रि कृष्ण कुमार वि.सि,ब्यापार तथा निकासी प्रर्वद्धन केन्द्रका कार्यकारी प्रमुख शरदबिक्रम राणा तथा सहायक प्रमुख सिद्दिचरण दाहालको उपस्थितिमा आयोजना गरिएको उक्त छलफल कार्यक्रम नेपाल उद्योग वाणिज्य महासघ कर्णाली प्रदेशका अध्यक्ष पदम बहादुर शाहीको अध्यक्षतामा भएको थियो ।

**संस्थागत सहभागिताः**

नेपाल उद्योग वाणिज्य महासंघ, महासंघ अन्तरगतका सदस्य संघ संस्थाहरु र नेपाल सराकारका विभिन्न निकायहरु, प्राज्ञिक संस्था, स्थानीय निकाय, मिडिया, सामाजिक संस्था, राष्ट्रिय अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरुबाट यो एक वर्षको अवधिमा आयोजना गरिएका विभिन्न महत्वपुर्ण कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ कर्णाली प्रदेश च्याप्टरका अध्यक्ष श्री पदम बहादुर शाही र च्याप्टरका पदाधिकारी एवं सचिवालयकातर्फबाट संस्थागत सहभागिता रहयो । यसले च्याप्टर र ती संस्थाहरु बीचको आपसी सम्बन्ध सहकार्यमा थप सहयोग पुग्ने विश्वास गरिएको छ ।

## सुदूरपश्चिम प्रदेशः

**जलवायु परिवर्तनमा नीजि क्षेत्रको भूमिकाः**

नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशको टोली र Mercy Corps को टोली बीच प्रदेश महासंघकै सभाहलमा विपत व्यवस्थापन र जलवायुको परिवर्तनमा निजी क्षेत्रको प्रयास, भूमिका र सहकार्य सम्बन्धमा बैशाख ११ गते छलफल भएको थियो । उक्त छलफल तथा अन्तरक्रिया कार्यक्रममा Mercy Corps को टोलीमा सहभागी स्वदेशी तथा विदेशी Delegates हरुले सुदूरपश्चिम प्रदेशमा विपत व्यवस्थापन र जलवायु परिवर्तनका क्षेत्रमा निजी क्षेत्रले के कस्ता प्रयासहरु गर्दै आइरहेको छ सो सम्बन्धमा जिज्ञासा राख्नु भएको थियो । उक्त कार्यक्रममा यस महासंघ-सुदूरपश्चिम प्रदेशका उपाध्यक्ष( जिल्ला तथा नगर) श्री मदन राज पन्त, उपाध्यक्ष(एशोसियट) श्री अनिल कुमार,कार्यसमिति सदस्यहरु श्री शंकर खड्का र लोकराज भट्ट सहितको सहभागिता रहेको थियो ।

**आर्थिक मामिला मन्त्रीसंग भेटघाटः**

नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका उपाध्यक्ष श्री अनिल कुमारले सुदूरपश्चिम प्रदेशका अर्थमन्त्री श्री नरेश कुमार शाहीको कार्यकक्षमा बैशाख १३ गते भेटगरी बजेट सम्बन्धमा छलफल गर्नु भएको थियो । उक्त कार्यक्रममा समग्र सुदूरपश्चिम प्रदेशको आर्थिक विकासमा निजी क्षेत्र र प्रदेश सरकार बीच के कस्तो भूमिका समन्वय र सहकार्य हुन सक्छ भन्ने विषयमा छलफल भएको थियो ।

**सामाजिक संवादलाई प्रवर्द्धनमा छलफलः**

नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशको संयुक्त आयोजना तथा अन्तराष्ट्रिय श्रम संगठनको ९क्षिइ० को आर्थिक सहयोगमा सुदूरपश्चिम प्रदेश स्तरीय सामाजिक संवाद संयन्त्रको स्थापना र कार्यान्वयनका लागि त्रिपक्षिय संवाद कार्यक्रम, सामाजिक संवादलाई प्रवर्द्धन गर्न भएका प्रयास र उपलब्धिका बारेमा छलफल एवं अन्तरक्रिया कार्यक्रम जेठ १७ गते बुधवारका दिन सम्पन्न गरियो । उक्त कार्यक्रममा प्रमुख अतिथि आर्थिक मामिला मन्त्रालयका सचिव डा. नारायण प्रसाद रेग्मी रहनु भएको थियो । सो छलफल एवं अन्तरक्रिया कार्यक्रममा जिल्ला तथा नगर उद्योग वाणिज्य संघका अध्यक्ष एवं पदाधिकारी, ट्रेड युनियनहरु, रोजगारदाताहरु, प्रदेश सरकार, स्थानिय सरकार, श्रम कार्यालय आदिको उपस्थिति रहेको थियो ।

**बजेट पूर्व निजी क्षेत्रसंग अन्तरक्रियाः**

नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशको समन्वय र आर्थिक मामिला मन्त्रालय सुदूरपश्चिम प्रदेशको आयोजनामा जेठ २१ गतेका दिन माननीय आर्थिक मामिला मन्त्री श्री नरेश शाही र मन्त्रालयकै सचिव डा. नारायण प्रसाद रेग्मीको उपस्थितिमा सुदूरपश्चिम प्रदेशको आ.व.०८०/०८१ को बजेटका सम्बन्धमा निजी क्षेत्रसंग छलफल एवं अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त अन्तरक्रिया एवं छलफल कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका पदाधिकारी एवं सदस्यहरु, जिल्ला तथा नगर उद्योग वाणिज्य संघका अध्यक्ष एवं पदाधिकारीहरु, वस्तुगत संघ संस्थाको प्रतिनिधिहरु, सहकारीका अध्यक्ष एवं प्रतिनिधिहरु, उद्योगी व्यवसायीहरु, महिला उद्यमीहरुको सहभागिता रहेको थियो ।

**आर्थिक विकास सम्बन्धी वहसः**

नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशको समन्वय र आर्थिक मामिला मन्त्रालय सुदूरपश्चिम प्रदेशको आयोजनामा असार २३ र २४ गते "आर्थिक विकास सम्बनधी वहस, पैरवी तथा परिसम्बाद" विषयमा दुई दिने कार्यक्रम सम्पन्न भयो । उक्त पैरवी तथा परिसम्बाद कार्यक्रममा जिल्ला तथा नगर उद्योग वाणिज्य संघका अध्यक्ष एवं पदाधिकारीहरु, वस्तुगत संघका अध्यक्ष एवं पदाधिकारीहरु, महिला उद्यमीहरु, उद्योगी व्यवसायीको उपस्थिति रहेको थियो ।

**सुदूरपश्चिम प्रदेशभित्र सञ्चालन हुने TSLC औद्योगिक प्रशिक्षणः**

नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशको समन्वयमा ENSSURE परियोजना अन्तर्गत आ.व.२०८०/०८१ मा सुदूरपश्चिम प्रदेशभित्र सञ्चालन हुने TSLC औद्योगिक प्रशिक्षण एवं अभिमुखिकरण कार्यक्रम असार २७ गते सम्पन्न भएको थियो । उक्त कार्यक्रममा जिल्ला तथा नगर उद्योग वाणिज्य संघका अध्यक्ष एवं प्रतिनिधिहरु, वस्तुगत संघका अध्यक्ष एवं प्रतिनिधिहरु, महिला उद्यमीहरु, उद्योगी व्यवसायीहरुको उपस्थिति रहेको थियो ।

**अन्तरक्रिया कार्यक्रम**

नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेश र ADB को टीम बीच सुदूरपश्चिमको आर्थिक र सामाजिक विकासलाई अगाडि बढाउन पर्यटनका सम्भावना र विकासका सम्बन्धमा साउन ८ गते भेटघाट तथा अन्तरक्रिया कार्यक्रम भएको थियो । उक्त भेटघाटमा यस नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका उपाध्यक्ष अनिल कुमार सहितको उपस्थिति रहेको थियो ।

**आइएलओ प्रतिनिधिसंग भेटघाटः**

अन्तराष्ट्रिय श्रम संगठन (ILO) का राष्ट्रिय परियोजना संयोजक शौरभ शाहसंग नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेश कार्यालयमा साउन १७ गते भेटघाट एवं छलफल कार्यक्रम सम्पन्न भएको

थियो । उक्त भेटमा प्रदेश महासंघ र अन्तराष्ट्रिय श्रम संगठन (ILO) बीचमा के कस्ता सहकार्यहरु हुन सक्छन् साथै श्रमका सम्बन्धमा निजी क्षेत्रले के कस्ता भूमिकाहरु खेल्न सक्छन् भन्ने विषयमा पनि छलफल भएको थियो ।

**त्रिपक्षिय संबाद कार्यक्रम**

आर्थिक मामिला मन्त्रालय सुदूरपश्चिम प्रदेशका सचिव डा. नारायण प्रसाद रेग्मीको प्रमुख आतिथ्यतामा, नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशको समन्वयमा र अन्तराष्ट्रिय श्रम संगठन (ILO) को सहयोगमा प्रादेशिक श्रम सल्लाहकार परिषद गठन गर्ने सम्बन्धमा निजी क्षेत्र, ट्रेड युनियन र सरकारी निकाय बीच साउन १८ गते त्रिपक्षीय संबाद कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा पदाधिकारी एवं प्रतिनिधिहरु, ट्रेड युनियनका अध्यक्षहरु, वस्तुगत संघका अध्यक्षहरु, विभिन्न सरकारी निकायका प्रतिनिधिहरु आदिको सहभागिता रहेको थियो ।

**सामाजिक विकास मन्त्रालयका सचिवसंग भेटघाटः**

नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेश, नेपाल ट्रेड युनियन महासंघ सुदूरपश्चिम प्रदेश (JTUCC) र अन्तराष्ट्रिय श्रम संगठन (ILO) को संयुक्त टोलील साउन १९ गते सामाजिक विकास मन्त्रालय सुदूरपश्चिम प्रदेशका सचिव ज्ञान प्रसाद ढकाललाई र २० गते सामाजिक विकास मन्त्रालय सुदूरपश्चिम प्रदेशका उप-सचिव गणेश बहादुर सिंहलाई उहांहरुकै कार्यकक्षमा भेटी प्रदेश श्रम सल्लाहकार परिषद गठन गर्ने र अन्य श्रमसंग सम्बन्धित विषयमा छलफल गरिएको थियो । उक्त भेटघाट एवं छलफल कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका उपाध्यक्षद्वय मदन राज पन्त र अनिल कुमार,अन्तराष्ट्रिय श्रम संगठन (ILO) का Specialist on Local strategies for Decent Work Mr. Andre Bongestabs, राष्ट्रिय परियोजना संयोजक सौरभ शाह, JTUCC सुदूरपश्चिम प्रदेशका अध्यक्ष जित बहादुर मल्लको सहभागिता रहेको थियो ।

**कार्यकारिणी समितिको दोस्रो बैठक**

नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशको कार्यकारिणी समितिको दोस्रो बैठक प्रदेश अध्यक्ष श्री शंकर बहादुर बोगटीको अध्यक्षतामा साउन ३२ गते सम्पन्न भयो । उक्त बैठकमा कार्यकारिणी समितिका सदस्य र सल्लाहकार समिति सदस्यहरु मनोनित गर्नुका साथै विभिन्न समितिहरु गठन गर्दै ती समितिका सभापतिहरु पनि चयन गरिएको थियो ।

**बधाई एवं शुभकामना कार्यक्रम**

नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशले प्रदेश महासंघकै सभाहलमा एक औपचारिक कार्यक्रम गरि मनोनित कार्यकारिणी समितिका सदस्यहरु, सल्लाहकार समितिका सदस्यहरुलाई मनोनयन गरिएको पत्र प्रदेश अध्यक्ष श्री शंकर बहादुर बोगटीबाट हस्तान्तरण गरिएको थियो । साथै सोही अवसरमा महासंघका नव-निर्वाचित केन्द्रिय सदस्य श्री पुष्प राज कुंवर र अत्तरिया उद्योग वाणिज्य संघको नव निर्वाचित कार्यसमितिको सम्मानमा प्रदेश महासंघद्वारा बधाई एवं शुभकामना कार्यक्रम समेत राखेको थियो ।

**माननीय मुख्यमन्त्रीसंग छलफलः**

नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेश, कैलाली उद्योग वाणिज्य संघ, नाट्टा सुदूरपश्चिम, होटल व्यवसायी संघ कैलाली, होटल व्यवसायी महासंघ सुदूरपश्चिम प्रदेश र नेपाल पत्राकार महासंघ

सुदूरपश्चिम प्रदेशको संयुक्त टोलीले सम्माननीय प्रधानमन्त्रीको चीन भ्रमण पूर्व सुदूरपश्चिम प्रदेशका माननीय मुख्यमन्त्री कमल बहादुर शाहलाई भाद्र १७ गते भेटी प्रधानमन्त्रीको चीन भ्रमणका क्रममा बझाङको उरै नाका खोल्ने सम्बन्धमा आवश्यक पहल हुन अनुरोध सहितको ध्यानाकर्षण पत्र बुझाइएको थियो ।

साथै उक्त भेटमा गौरीफन्टा नाकाबाट प्लान्ट क्वारेन्टाइन हटाईको सम्बन्धमा प्रदेश सरकार र निजी क्षेत्र बीचको सहकार्यका सम्बन्धमा छलफल भएको थियो । सो छलफल कार्यक्रममा सुदूरपश्चिम प्रदेशका आर्थिक मामिला मन्त्री माननीय नरेश बहादुर शाहीको पनि उपस्थिति रहेको थियो ।

### प्लान्ट क्वारेन्टाइन सुचारु गर्न पहलः

नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका अध्यक्ष श्री शंकर बहादुर बोगटीको नेतृत्वमा, सुदूरपश्चिम प्रदेशकै प्रमुख भन्सार नाका कैलालीको त्रीनगर नाकामा अबस्थित बन्द रहेको प्लान्ट क्वारेन्टाइन सुचारु गर्नका लागि सम्माननीय प्रधानमन्त्री पुष्प कमल दाहाल, अर्थमन्त्री प्रकाशशरण महत, कृषि मन्त्री बेदुराम भुसालसंग भदौ २६ गते भेटगरी प्लान्ट क्वारेन्टाइन यथाशिघ्र सञ्चालनका लागि माग गर्नु भएको थियो । सुदूरपश्चिमको प्रमुख भन्सार नाका कैलालीको कारण भारतबाट आयात हुने खाद्यान्न, फलफूल र तरकारी आयात ठप्प रहेको छ । उक्त भेटमा सम्माननीय प्रधानमन्त्री, अर्थमन्त्री र कृषि मन्त्रीले यथाशिघ्र उक्त क्वारेन्टाइन सुचारु गर्ने आश्वासन दिनु भएको थियो । उक्त भेटमा कैलाली उद्योग वाणिज्य संघका पदाधिकारीहरुको पनि सहभागिता रहेको थियो ।

### हार्डवेयर तेस्रो हार्डवेयर एक्स्पो २०८०:

हार्डवेयर व्यवसायी संघको आयोजना र नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशको समन्वयमा असोज १० गते देखि १४ गतेसम्म धनगढीमा तेस्रो हार्डवेयर एक्सपो २०८० सम्पन्न भयो । उक्त कार्यक्रमको उद्घाटन सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री माननीय कमल बहादुर शाहले गर्नु भएको थियो भने समापन प्रदेश प्रमुख माननीय देवराज जोशीले गर्नु भएको थियो ।  उक्त एक्स्पोमा निर्माण तथा हार्डवेयर सामाग्रीसंग सम्बन्धित करिब ५५ वटा स्टल निर्माण गरिएको थियो । हार्डवेयर तथा निर्माण सामाग्री उत्पादक कम्पनीहरुले स्टलहरु बुकिङ् गरी स्टलमा निर्माण सामाग्री र सोको विषयमा जानकारीहरु राखेका थिए । अवलोकनकर्ताले निर्माण तथा हार्डवेयरसंग सम्बन्धित सम्पूर्ण सामाग्री एउटै छानामुनि अवलोकन गरेर ती सामाग्रीहरुको बारेमा जानकारी प्राप्त गरेका थिए ।

सरिया, सिमेन्टदेखि संरचना निर्माण गर्दा आवश्यक पर्ने सबै प्रकारका सामाग्री , टायल, मार्वल, धारा, रङरोगन लगाएत फिनिसिङका सामाग्रीहरु प्रदर्शनीमा राखिएको थियो । व्यवसायिक तथा घर निर्माण कर्जाबारे जानकारी दिन केही बैंकका स्टलहरु समेत राखिएको थियो ।

### सु.प.को विकास सम्भावना र चुनौती विषयक अन्तरक्रियाः

नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशको सहकार्यमा र हार्डवेयर व्यवसायी संघको आयोजनामा Third Hardware Expo 2080 को अवसरमै सुदूरपश्चिम प्रदेशका माननीय मुख्यमन्त्री कमल बहादुर शाहको प्रमुख आतिथ्यता र सुदूरपश्चिम प्रदेशका भौतिक पूर्वाधर विकास मन्त्री माननीय प्रकाश बहादुर देउबाको विशिष्ट आतिथ्यतामा **"सुदूरपश्चिम प्रदेशको विकासको वर्तमान अवस्था, सम्भावना र चुनौती"** विषयक अन्तरक्रिया गोष्ठी असोज १२ गते सम्पन्न भएको थियो । उक्त गोष्ठीमा प्रदेश नीति तथा योजना आयोगका सचिव श्री पदम राज जोशीले "सुदूरपश्चिम प्रदेशको वर्तमान अवस्था", सुदूरपश्चिम विश्वविद्यालयका उप-प्राध्यापक श्री डा. दिपक चन्द्र भट्टले "सुदूरपश्चिम प्रदेशको

विकासको चुनौती" गरी ३ ओटा विषयमा आफ्नो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा प्रदेश सभा सदस्य माननीय अक्कल बहादुर रावल, माननीय शिव सिंह ओली, सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपती अम्मराज जोशी, सुदूरपश्चिम प्रदेशका प्रमुख सचिव नारायण प्रसाद शर्मा दुवाडी, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष अनुप कुमार उपाध्याय,स्थानीय निकायका प्रमुखहरु, प्रदेश महासंघका पदाधिकारीहरु, जिल्ला/नगर उद्योग वाणिज्य संघका अध्यक्ष एवं पदाधिकारीहरु, कैलाली हार्डवेयर व्यवसायी संघका अध्यक्ष/पूर्व अध्यक्ष एवं कार्यसमिति परिवार, अन्य वस्तुगत संघका अध्यक्ष एवं पदाधिकारीहरु, उद्योगपति एवं वरिष्ठ व्यवसायी लगायत बुद्धिजिविहरुको उपस्थिति रहनुको साथै उहाँहरुको सक्रिय सहभागिता रहेको थियो ।

**भूकम्प पीडितहरुलाई राहत सामाग्री सहयोगः**

बझाङ जिल्लामा भुकम्प जाँदा मानवीय क्षतिसँगै भौतिक क्षति भएको थियो । भुकम्पबाट पीडित परिवारको सहयोगार्थ नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेश, कैलाली उद्योग वाणिज्य संघबाट संकलित सात लाख बराबरको सहयोग सामाग्री सहयोग गरिएको थियो । त्रीपाल - १५० थान, चामाल १६५ बोरा, चिउरा -२५ बोरा, स्वयाविन ३० बोरा र कैलाली उद्योग वाणिज्य संघबाट प्राप्त त्रीपाल १५० थान सहयोग सामाग्री बझाङ उद्योग वाणिज्य संघका महासचिव नरेन्द्र खड्कालाई हस्तान्तरण गरी बझाङ पठाइएको थियो ।

**Sensitization Workshop WBL Guidelines:**

नेपाल उद्योग वाणिज्य महासंघको आयोजना, अन्तराष्ट्रिय श्रम संगठन (ILO) को सहयोग र नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशको सहकार्य र समन्वयमा कार्यस्थलमा आधारित सिकाई निर्देशिका (Work based Learning Guideline) र हरित रोजगार एवं न्यायोचित परिवर्तन (Green Jobs and Just Transition) का सम्बन्धमा उद्यमी व्यवसायीलाई सुसुचित गराउदै सम्बन्धित विषयमा उनीहरुको क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउने उद्देश्यले कात्तिक २ गते Sensitization Workshop on Work based Learning, WBL Guideline, Green Jobs and Just Transition विषयक कार्यक्रम धनगढीमा आयोजना गरिएको थियो । पर्यावरणीय दिगोपना सुनिश्चित गर्दै आर्थिक अवसरहरु सिर्जना गर्नुपर्नेमा कार्यक्रममा सहभागी उद्यमी व्यवसायीहरुले जोड दिएका छन् । यसका लागि उद्योग क्षेत्रमा हरित बृद्धि (Green Growth) को अवधारणा महत्वपूर्ण हुने धारणा उनीहरुको छ । वातावरणका issues मा नेपालले गरेको विश्वव्यापी प्रतिबद्धताहरु पूरा गर्न व्यापार र उद्योग क्षेत्रका लागि हरित बृद्धिको अवधारणा महत्वपूर्ण हुने भनि कार्यक्रममा सहभागि उद्यमी व्यवसायीहरुले बताए ।

नेपाल उद्योग वाणिज्य महासंघले ILO को सहयोगमा Strengthen Empowers Capacity for Improved Desent Work Through Promoting Work based Learning Skill as well as Safety and Health Project सञ्चालन गरिएको छ । सोही परियोजना अन्तर्गत आयोजना गरिएको कार्यस्थलमा आधारित सीप विकास तथा ग्रीन इकोनोमी विषयक कार्यक्रमका सहभागीहरुको हरित वृद्धि अभ्यासहरु अंगाल्दा वातावरण र समाजलाई समेत फाइदा पुग्ने कुरा सबैलाई बुझाउनु पर्ने सुझाव थियो । हरित वृद्धिका अभ्यासहरु अंगाल्दा आर्थिक वृद्धि बजार प्रतिस्पर्धी र दीर्घकालिन अवसरहरु समेत सृजना हुने धारणा सहभागी विज्ञहरु राख्नु भयो ।

जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्दा वैज्ञानिक समावेशी र सामाजिक सुरक्षाका उपाय अवलम्बन गर्नुपर्ने सुझाव उहांहरुको थियो । कार्यक्रमलाई संवोधन गर्नु हुदै महासंघका उपाध्यक्ष एवं वस्तुगत परिषदको सभापति हेमराज ढकालले महासंघले निजी क्षेत्रलाई वातावरण परिवर्तनका मुद्दामा सचेत

गराउँदा दिगो आर्थिक विकासमा काम गर्न सहयोग पुऱ्याउने अभिप्रायले यो कार्यक्रमको आयोजना गरिएको वताउनु भयो । महासंघ-सुदूरपश्चिम प्रदेशका अध्यक्ष श्री शंकर बहादुर बोगटीले कार्यक्रमबाट कार्यस्थलमा आधारित तालिम र दीगो आर्थिक विकासमा पर्यावरणको महत्व विषयमा सहभागीहरु बीच बुझ्न सहयोग पुगेको बताउनु भयो । महासंघका वरिष्ठ परामर्शदाता हंसराम पाण्डे, वातावरण विज्ञ तथा परामर्शदाता डा.विजय थापा डव्लूवीएल र ग्रीनग्रोथका विषयमा प्रस्तुती दिनु भएको थियो ।

करिव ७५ जना उद्यमी व्यवसायीहरुको सहभागिता रहेको सो कार्यक्रममा महासंघका केन्द्रिय सदस्य कल्पना गैरे, पुष्प राज कुंवर, प्रदेश महासंघका पदाधिकारी/कार्यकारिणी सदस्य/सल्लाहकार, जिल्ला तथा नगर उद्योग वाणिज्य संघ, वस्तुगत संघका अध्यक्ष एवं पदाधिकारीहरु, उद्यमी व्यवसायी, पत्रकार महासंघ, महिला उद्यमीहरु, लगायतको समेत सहभागिता रहेको थियो ।

**तेस्रो बैठक एवं सपथ ग्रहण कार्यक्रम**

नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका अध्यक्ष श्री शंकर बहादुर बोगटीको अध्यक्षतामा कार्यकारिणी समितिको तेस्रो बैठक एवं मनोनित सदस्यहरुको सपथ ग्रहण कार्यक्रम प्रदेश सचिवालयको सभाहलमा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा प्रदेश महासंघका अध्यक्षले मनोनित सदस्यहरुलाई सपथ ग्रहण गराउनु भएको थियो ।

साथै सुदूरपश्चिम प्रदेशले फागुन २३ र २४ गते आयोजना गर्ने लगानी सम्मेलन सफल पार्न महासंघ-सुदूरपश्चिम प्रदेश कार्यकारिणी समितिको पनि गृहकार्य सुरु भएको छ । उक्त बैठकबाट प्रदेशमा हुन लागेको लगानी सम्मेलनलाई उपलब्धीमुलक बनाउन आफ्नो क्षेत्रबाट गर्नुपर्ने सबै सहयोग गर्न सदैव तयार रहने भनि निर्णय भएको छ । प्रदेश कार्यसमितिको बैठकले प्रदेशभित्र रहेका सबै जिल्ला तथा नगर उद्योग वाणिज्य संघहरुलाई आ-आफ्नो ठाउंमा ठुला ठुला लगानी गर्न सकिने सम्भावनाका क्षेत्रहरु, समस्या र समाधानका उपाय सहित सुझावहरु संकलन गर्ने भनि उक्त बैठकबाट निर्णय भएको छ ।

**विषयगत समितिहरु गठनः**

मिति २०८० साल मंसिर २३ गते बसेको यस महासंघको दोस्रो कार्यकारिणी समितिको बैठकबाट विभिन्न १६ वटा विषयगत समिति गठन गरिएका थियो । श्री शंकर बहादुर वोगटीको सभापतित्वमा व्यापार मेला समिति, श्री मदनराज पन्तको सभातित्वमा कर तथा राजस्व समिति, श्री अनिल कुमारको सभापतित्वमा भंसार समन्वय समिति र रोजगारदाता समिति, श्री लालमणी पन्तको सभापतित्वमा आर्थिक व्यवस्थापन समिति,श्री शंकर बहादुर खड्काको सभापतित्वमा सदस्यता वृद्धि तथा वितरण समिति,श्री पदमराज चौलागाईको सभापतित्वमा बैंक, वित्तिय तथा विमा समिति, श्री कृष्ण बहादुर तामाङ्को सभापतित्वमा कृषि उद्यम समिति, श्री लोकराज भट्टको सभापतित्वमा पर्यटन तथा हवाई यातायात समिति, श्री मेखराज दाहालको सभापतित्वमा वस्तुगत समन्वय समिति, श्री भीम बहादुर शाहीको सभापतित्वमा सूचना तथा संचार प्रविधि समिति,श्री सीता भट्टराईको सभापतित्वमा महिला उद्यमी विकास समिति,श्री बासुदेव गौतमको सभापतित्वमा ऐन कानून, नीति निर्माण समिति, श्री सन्तोष खड्काको सभापतित्वमा Startup & innovation समिति,श्री कृष्ण कुंवरको सभापतित्वमा निजी तथा साझेदारी समन्वय समिति, श्री तेज बमको सभापतित्वमा घरेलु तथा साना उद्योग विकास समिति गठन गरिएको छ ।

**लगानी सम्मेलन मूल आयोजक समितिको पहिलो बैठकः**

सुदूरपश्चिम प्रदेश लगानी तथा विकास सम्मेलन २०८० मूल आयोजक समितिमा यस नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशका अध्यक्ष श्री शंकर बहादुर बोगटी सुदूरपश्चिम प्रदेशका लागि

मनोनित भएपछि मूल आयोजक समितिको पहिलो बैठकमा अध्यक्ष बोगटी उपस्थित हुनु भएको थियो । उक्त बैठकमा उहांले लगानी सम्मेलनलाई उपलब्धी मुलक बनाउन आफूले गर्नुपर्ने सहयोगको लागि सदैव तत्पर रहने भनि प्रतिबद्धता जाहेर गर्नुभएको थियो ।

**सुदूरपश्चिम प्रदेशका उद्योग वाणिज्य संघ-संस्थाहरुसंग अन्तरक्रियाः**

नेपाल उद्योग वाणिज्य महासंघ-सुदूरपश्चिम प्रदेशको समन्वय र वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग काठमाडौंको आयोजनामा पुस १९ गते यस "उद्योग वाणिज्यसँग सम्बन्धित नीतिगत कानूनी व्यवस्था र कार्यान्वयनको अवस्था, उद्योगी व्यवसायीले भोग्नु परेका समस्या र आगामी दिनमा सम्बन्धित पक्षहरुमा गर्नुपर्ने सुधार विषयक अन्तरक्रिया कार्यक्रम" सम्पन्न भएको थियो ।

**संस्थागत सहभागिताः**

नेपाल उद्योग वाणिज्य महासंघ, महासंघ अन्तरगतका सदस्य संघ संस्थाहरु र नेपाल सराकारका विभिन्न निकायहरु, प्राज्ञिक संस्था, स्थानीय निकाय, मिडिया, सामाजिक संस्था, राष्ट्रिय अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरुबाट यो एक वर्षको अवधिमा आयोजना गरिएका विभिन्न महत्वपुर्ण कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ सुदूरपश्चिम प्रदेश च्याप्टरका अध्यक्ष श्री शंकर बहादुर बोगटी र च्याप्टरका पदाधिकारी एवं सचिवालयकातर्फबाट संस्थागत सहभागिता रहयो । यसले च्याप्टर र ती संस्थाहरु बीचको आपसी सम्बन्ध सहकार्यमा थप सहयोग पुग्ने विश्वास गरिएको छ ।

## समिति/फोरम एवं परियोजनाका गतिविधिहरूः

### उद्योग :

- उद्योग समितिको बैठक मिति २०८०/७/१९ गते समिति सभापति श्री राजेश अग्रवालको सभापतित्वमा तपशील अनुसार छलफल तथा निर्णय भयो ।

  - चालु आ.व.को पहिलो त्रैमासमा पनि अर्थतन्त्रमा मन्दी देखिएको । चाडपर्व लक्षित बजारको चहलपहल बढ्ने यो समयमा पनि बजारको मागमा बृद्धि हुन सकेन फलस्वरुप उत्पादन बढ्न सकेन । विदेशी संचितिमा सुधारको स्थिति र बैंकमा तरलताको सहज उपलब्धता हुंदाहुंदै पनि बजारमा उपभोक्ताको माग बढ्न नसक्दा उद्योगी व्यवसायीले कर्जा लिने प्रवृत्ति घटेको । उद्यैग व्यवसायहरू विभिन्न कठिनाइहरूसंग संघर्ष गर्नु परिरहेको । यस्तो समयमा, हाम्रो अर्थतन्त्रको वृद्धिलाई बढावा दिने नीतिहरू तर्जुमा गर्न सरकारसंग सहकार्य गर्नु महत्वपूर्ण देखिन्छ ।

    यी अत्यावश्यक मुद्दाहरूलाई संबोधन गर्नका लागि नेपालमा व्यवसायहरूले सामना गर्नुपरेका चुनौतिहरूको संकलन गर्न तथा यसका समाधानका उपायहरू पत्ता लगाउन महासंघका सदस्यहरुसंग एक सर्वेक्षण गनु पर्ने विषयमा छलफल भयो ।

  - महासंघले सातै प्रदेशमा प्रदेश उद्योग वाणिज्य महासंघको सहकार्यमा अन्तरक्रिया कार्यक्रमहरु आयोजना गरी सोबाट आएका सुझाव एकत्रित गरी सम्बन्धित निकायमा प्रस्तुत गर्ने सम्बन्धमा छलफल भयो ।

  - नेपाल विद्युत प्राधिकरणले उद्योगहरुलाई डेडिकेटेड, फिडर र ट्रङ्कलाइनको बक्यौता महशुल चुक्ता नगर्ने उद्योगहरुको विद्युत आपूर्ति बन्द गर्ने विषयमा सम्माननीय प्रधानमन्त्रीज्यूलाई भेट गरी ध्यानाकर्षण गराएको थियो ।

- नेपालमा कुनै पनि वस्तु उत्पादन गर्ने उद्योग स्थापना गर्दा त्यसको आवश्यकता मूल्यांकन गर्ने परिपाटि नभएको तथा माग र उत्पादनको सम्बन्ध पुष्ट्याईं गर्ने तथ्यांकको अभावमा एकै क्षेत्रमा उद्योगको संख्या बढिरहेको र आवश्यक भन्दा बढी उत्पादन भैरहेको छ। यस्तो अवस्थामा सरकारले उद्योग दर्ताकै चरणमा यस सम्बन्धमा अध्ययन तथा विश्लेषण गरी Red Flag र आवश्यक वस्तु उत्पादनमा Red Carpet का साथ स्वागत गर्ने प्रणालीको विकास गर्नुपर्ने देखिएको ।

- वस्तु तथा सेवाको उत्पादन लागत, वित्तिय लागत, उर्जा लागत, पूर्वाधार तथा श्रम लागत, प्रशासनिक र कर आदि क्षेत्रमा लागत बृद्धि हुंदै गएकोले उद्योगहरुले आफ्ना वस्तुको बजार पाउन कठिनाई भएको, भरपर्दो विद्युत आपूर्ति, गुणस्तरीय पूर्वाधार, कच्चा पदार्थको आपूर्ति व्यवस्था, जग्गा प्राप्ति तथा मूल्य तथा सरकारी नीति नियममा भईरहने छिटो छिटो परिवर्तनले उद्यैंगको लागत बढ्न गएको, मानव संसाधनमा प्रविधिमैत्री ज्ञान, आवश्यक सीप तथा अनुभव अभावका कारण उद्योग कलकारखानाको प्रतिस्पर्धी क्षमता कमजोर रहनुको साथै न्यून उत्पादकत्व रहेको व्यहोरा उल्लेख गर्दै विशेष आर्थिक क्षेत्रमा उद्यैंग स्थापनाको लागि निजी क्षेत्रलाई आकर्षित गर्न जग्गाको बहाल दरमा पुनरावलोकनका साथै यस आ.व.को वजेट बक्तब्यमा उल्लेख भए अनुसार उत्पादनको न्युनतम तीस प्रतिशत निकासी गर्ने उद्योगले विशेष आर्थिक क्षेत्रमा उद्योग संचालन गर्न पाउने लगायतका कानूनी व्यवस्था मिलाइने विषय उल्लेखमा सो व्यवस्था कार्यान्वयनका लागि उद्योग वाणिज्य तथा आपूर्ति मंन्त्रालयका श्रीमान् सचिवज्यू लाई संबोधन गरी महासंघबाट मिति २०८०/५/०६ गते पत्राचार गरिएको ।

- उत्पत्तिको प्रमाण पत्र जारी गर्ने सम्बन्धी कार्यविधि, २०७७ मा भएको व्यवस्था अनुसार नेपालमा उत्पादित औद्यैंगिक बस्तुलाई भारतीय बजारमा सहुलियति निर्यातको निमित्त सिफारिश गर्ने सम्बन्धमा उद्योग विभागका महानिर्देशकको अध्यक्षतामा गठित प्राविधिक समितिको बैठकमा उद्योग समितिबाट प्रतिनिधित्व हुने व्यवस्था हुंदै आएको । यस अवधिमा विभिन्न ६० वटा उद्योगका उत्पादनलाई भारतमा सहुलियति निर्यातको लागि सिफारिश गरिएको छ ।

- माननीय उद्यैंग, वाणिज्य तथा आपूर्ति मन्त्रीज्यूको अध्यक्षतामा गठित नेपाल गुणस्तर परिषद्को मिति २०८०/९/२४ गते बसेको १११ औं बैठकमा निर्यात प्रबर्द्धन समितिका उपसभापति श्री पशुपति देव पाण्डेले भाग लिनु भएको थियो। परिरषद् बैठकले NS XXXX: 2079 Sports footwear specification, ISO 34-1:2022 Rubber, Vulcanized of thermoplastic लगायत का विभिन्न १४ वटा विधामा गुणस्तर प्रमाण चिन्ह प्रदान गर्ने निर्णय भयो ।

- मिति २०८० असार २४ गते उद्यैंग समितिका सभापति श्री राजेश कुमार अग्रवालको नेतृत्वमा गएको उद्योग समि तिका सदस्य सम्मिलित प्रतिनिधिमण्डलले माननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री श्री रमेश रिजालज्यूसंग भेट गरी नेपालमा उद्योग व्यवसाय क्षेत्रले भोग्नु परेका समस्याका विषयहरुमा छलफल गऱ्यो । औद्योगिक वस्तुहरुको उत्पादन लागत, वित्तिय लागत, उर्जा लागत, पूर्वाधार तथा श्रम लागत, प्रशासनिक र कर आदि क्षेत्रमा लागत बृद्धि हुंदै गएकोले उद्योगहरुले आफ्ना वस्तुको बजार पाउन कठिनाई भएको । त्यस्तै भरपर्दो विद्युत आपूर्ति, गुणस्तरीय पूर्वाधार, कच्चा पदार्थको आपूर्ति व्यवस्था, कर्पोरेट करको दर, जग्गा प्राप्ति तथा मूल्य तथा सरकारी नीति नियममा भईरहने छिटो छिटो परिवर्तनले उद्यैंगको लागत बढ्न गएको आदि विषयमा छलफल भयो । उक्त भेटघाट कार्यक्रममा समिति उपसभापतिहरु, सदस्यहरु एवं आमन्त्रित सदस्यहरुको उपस्थिति रहेको थियो ।

- मिति २०८० असार २२ गते महासंघमा आयोजित मनोनयन पत्र हस्तान्तरण कार्यक्रममा महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालबाट उद्योग समितिमा मनोनित हुनु हुने उपसभापतिहरु, समिति सदस्यहरु, विशेष आमन्त्रित सदस्यहरु, आमन्त्रित सदस्यहरु तथा सल्लाहकारहरुलाई मनोनयन पत्र हस्तान्तरण गरिएको थियो । सो अवसरमा वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्षँ एवं कार्यसमितिका सदस्यहरुको उपस्थिति रहेको थियो ।

- नेउवामहांसंघमा गठित उद्योग समितिको पहिलो बैठक मिति २०८० असार २२ गते शुक्रबार उद्यँग समितिका सभापति श्री राजेश कुमार अग्रवालको सभापतित्वमा बस्यो । बैठकमा सभापतिले विषय प्रबेश गर्दै कृषि क्षेत्रको विकास, प्राकृतिक श्रोत र साधनहरुको भरपुर प्रयोग एवं परिचालन, औद्योगिक क्षेत्रको विकास, रोजगारीका अवसरहरुको सृजना नगरी देशको आर्थिक विकास संभव नहुने भएता पनि औद्योगिक क्षेत्रमा लागत बृद्धि हुँदै गएकोले उद्योगहरुले आफ्ना वस्तुको बजार पाउन कठिनाई भएको । त्यस्तै भरपर्दो विद्युत आपूर्ति, गुणस्तरीय पूर्वाधार, कच्चा पदार्थको आपूर्ति व्यवस्था, कर्पोरेट करको दर, जग्गा प्राप्ति तथा मूल्य तथा सरकारी नीति नियममा भईरहने छिटो छिटो परिवर्तनले उद्यँगको लागत बढ्न गएको । मानव संसाधनमा प्रविधिमैत्री ज्ञान, आवश्यक सीप तथा अनुभव अभावका कारण उद्योग कलकारखानाको प्रतिस्पर्धी क्षमता कमजोर रहनुको साथै न्यून उत्पादकत्व रहेको ।

  औद्योगिक व्यवसाय ऐनमा भएको व्यवस्था बमोजिम समदर निर्धारण हुन नसक्दा निकासीजन्य उद्योगहरुले कच्चा पदार्थको पैठारीमा भन्सार विन्दूमा तिरेको भन्सार महशुल फिर्ता (ड्युटी ड्र व्याक) सुविधा प्राप्त गर्न नसकिरहेको । सरकारी निकायहरुमा कामका सिलसिलामा हुने गरेका प्रशासनिक ढिलासुस्तिबाट उद्यँगी व्यवसायीहरुलाई मर्का पर्ने गरेको लगायतका विषयमा बैठकमा जानकारी गराउनु भयो ।

  **<u>बैठकमा निम्न विषयहरुमा छलफल तथा निर्णय भयो :</u>**

  गत आ.व. २०७९/८० को बजेट बक्तव्यको बुंदा नं. ७७ मा कानून तथा कर प्रणालीमा सुधार र पूर्वाधार सुविधा उपलब्ध गराई उद्योग व्यवसाय गर्न लाग्ने समय र लागत घटाइने उल्लेख भएकोमा उत्पादनमूलक उद्योगको Overhead cost बढेको छ । उत्पादनमूलक उद्योगका लागि आवश्यक पर्ने सामानहरुमा भन्सार दर घटाउनु पर्नेमा सो हुन नसकिरहेको अवस्था रहेको ।

  गत आ.व. २०७९/८० को बजेट बक्तव्यको बुंदा नं ७२ मा उल्लेख भएको मासिक १० करोड भन्दा बढिको विद्युत खपत गर्ने उद्योगलाई विद्युत महशुलमा २ देखि १५ प्रतिशतसम्मको छुट दिने व्यवस्था भएकोमा उक्त सुविधा उद्योग क्षेत्रले प्राप्त गर्न नसकेको अवस्था छ ।

  स्वदेशी उद्योगलाई प्रोत्साहन एवं प्रबर्द्धन गर्न सबै उत्पादनमूलक उद्योगहरुलाई विद्युत महशुलमा १५ प्रतिशतसम्मको छुट दिने व्यवस्था गर्नुपर्ने । साथै निरन्तर विद्युत आपूर्तिलाई विश्वसनिय बनाउनु पर्ने ।

  त्यस्तै लोडसेडिङ्ग गर्नुपर्ने भएमा विद्युत प्राधिकरणबाट लिखित जानकारी गराउनु पर्ने, मौखिक वा विना जानकारी विद्युत काटेमा भारतमाझैं क्षतिपूर्ति दिनु पर्ने । विद्यूत आपूर्ति नभएको समयको र Trapping भै उत्पादनमा हानी हुंदा डिमान्ड चार्ज ५० प्रतिशतले छुट हुनु पर्ने ।

- अनियमितरुपमा विद्युतको आपूर्ति बन्द हुंदा मेशिन बिग्रने, उत्पादनमा ह्रास आउने, श्रम खर्चमा बृद्धि हुने, गुणस्तरीय बस्तु उत्पादनमा कठिनाई भईरहेकोले यसबाट उत्पादन लागतमा समेत बृद्धि हुन गएको छ ।
- उद्योगको लागि आवश्यक पर्ने जग्गाको हदबन्दी लगाउने प्रावधान अव्यवहारिक भएको र उद्योगको लागि आवश्यक जग्गाको अभावमा उद्योग स्थापना तथा सन्चालन गर्न कठिनाइ हुदै आएको छ ।
- नेपाल छालाजन्य जुत्ता तथा चप्पलमा आत्मनिर्भर भई सकेको बर्तमान अवस्थामा भन्सार दरमा तयारी बस्तु भन्दा कच्चा पदार्थमा एक तह कम हुने व्यवस्थालाई कार्यान्वयनमा ल्याउनु पर्ने ।
- उद्योगको लागि आवश्यक पर्ने जग्गाको हदबन्दी लगाउने प्रावधान अव्यवहारिक भएको हुंदा उचित/आवश्यक हुने जग्गाको क्षेत्रफलमा हदबन्दी सम्बन्धी व्यवस्थालाई खारेज गरी उद्योगका लागि प्रयाप्त जग्गाको व्यवस्था खुल्ला गरिनु पर्ने ।
- उद्योगको लागि आवश्यक पर्ने जग्गाको हदबन्दी लगाउने प्रावधान अव्यवहारिक भएको सन्दर्भमा यस आ.व.को वजेट बक्तव्यको बुंदा नं ७१ मा उल्लेख भए अनुसार उत्पादनमूलक तथा निर्यातजन्य उद्योग स्थापनाका लागि आवश्यक पर्ने जग्गाको सहज उपलब्धताको लागि लिज र हदबन्दी सम्बन्धी कानूनी व्यवस्थामा पुनराबलोकन गर्नुपर्ने ।
- स्वदेशमा संचालनमा रहेका सबै उद्योगहरुको प्रबर्द्धन तथा विकास गरी रोजगारीका अवसरहरुको सिर्जना गर्न स्वदेशमा उत्पादन हुने सबै स्वदेशी वस्तुहरु/सामानहरु सबै सार्वजनिक निकायहरुले अनिबार्य रुपमा खरिद गरी स्वदेशी उत्पादनलाई प्रबर्द्धन गर्नु पर्ने हुंदा सार्वजनिक खरिद ऐन तथा नियमावलीलाई सोही अनुसार संशोधन गरी कार्यान्वयनमा ल्याउनु पर्ने ।
- औद्योगिक व्यवसाय ऐन, २०७६ मा भएको व्यवस्था बमोजिम समदर निर्धारण हुन नसक्दा निकासीजन्य उद्योगहरुले कच्चा पदार्थको पैठारीमा भन्सार विन्दूमा तिरेको भन्सार महशुल फिर्ता ( ड्युटी ड्र व्याक) सुविधा उद्योग विभाग एकल विन्दू सेवा केन्द्रबाट उपलब्ध गराउने व्यवस्था भएता पनि हालसम्म प्राप्त गर्न नसकिरहेको हुंदा उद्योगहरुलाई आर्थिक भार पर्न गएकोले ऐनमा भएको व्यवस्था बमोजिम समदर निर्धारणका साथै उद्योग विभाग एकल बिन्दू सेवा केन्द्रबाट यथाशीघ्र उक्त सुविधा प्रदान गर्नु पर्ने ।
- औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५४ बमोजिम व्यवसायिक सामाजिक उत्तरदायित्वमा गरिएको १ प्रतिशत खर्च खर्च ऐन बमोजिम आयकर प्रयोजनार्थ कट्टीगर्न पाउने व्यवस्थालाई आन्तरिक राजश्व विभाग तथा ठूला करदाता कार्यालयले अमान्य गर्ने गरेको हुंदा औद्योगिक व्यवसाय ऐनको व्यवस्था लागु हुने गरी कार्यान्वियन गर्नु पर्ने ।

माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीज्यूको अध्यक्षतामा गठन भएको नेपाल गुणस्तर परिषद्को बैठकमा महासंघबाट उपाध्यक्ष श्री हेमराज ढकालले प्रतिनिधित्व गर्ने गरी व्यवस्था भएको। उक्त परिषद्को मिति २०८० बैशाख ११ गते बसेको १०८ औं बैठकमा उपाध्यक्ष श्री हेमराज ढकालले भाग लिनु भएको । उक्त बैठकहरुबाट Bottle Natural Spring Water, Green Coffee लगायतका बस्तुहरुमा गुणस्तर प्रमाण चिन्ह दिने गरी निर्णय भएको थियो ।

नेपाल गुणस्तर तथा नापतौल विभागका महानिर्देशकको अध्यक्षतामा गठित प्रयोगशाला प्रमाणिकरण समितिमा महासंघबाट उद्योग समितिका सभापति श्री राजेश अग्रवालले प्रतिनिधित्व गर्ने गरी व्यवस्था भएको ।

बस्तुहरुमा गुणस्तर प्रमाण चिन्ह दिने सम्बन्धमा नेपाल गुणस्तर तथा नापतौल विभागका महानिर्देशकको अध्यक्षतामा गठित प्रविधिक समितिमा उद्योग समितिबाट प्रतिनिधित्व गर्ने गरी व्यवस्था भएको । यसै सन्दर्भमा मिति २०८०/९/८ गते बसेको वस्तु प्रमाणीकरण (ISO 17065-2012) तथा प्रणाली प्रमाणीकरण (ISO 17021-1-2018) संग सम्बन्धित निष्पक्षता समितिको बैठकमा समिति उपसभापति श्री ऋषि अग्रवालले प्रतिनिधित्व गर्नु भएको थियो ।

## व्यापार :

### व्यापार क्षेत्रको विद्यमान अवस्था

- चालु आर्थिक वर्ष २०८०।८१ को पहिलो ६ महिना (श्रावण-पुष) को अवधीमा कुल व्यापार रु.८४३.१४ अर्ब तथा व्यापार घाटा रु.६९३.२० अर्ब रहेको छ। जुन चाहि गत आर्थिक वर्षको सोही अवधीको तुलनामा क्रमशः ३.५ प्रतिशत तथा २.६ प्रतिशतले कमी आएको देखिन्छ। निर्यातमा ७.२ प्रतिशतले कमी आई रु.७४.९७ अर्ब तथा आयातमा ३.१ प्रतिशतले कमी आई रु.७६८.१७ अर्बमा कायम भएको छ।
- समिक्षा अवधीमा निर्यात-आयातको अनुपात १:१०.२ रहेको छ भने सोही अवधीको तुलनामा गत वर्षको निर्यात-आयातको अनुपात १:९.८ रहेको थियो। समिक्षा अवधीमा निम्नानुसारका प्रमुख वस्तुहरुको निर्यात तथा आयात भएको देखिन्छ।[1]

| क्र.सं. | निर्यात | रकम (रु. अर्ब) | वृद्धि (ह्रास) % |
|---|---|---|---|
| १. | फलाम तथा तिनका उत्पादन | ८.७ | ८३.५ |
| २. | यार्न | ५.८३ | (३.५) |
| ३. | ऊनी गलैंचा | ५.२३ | (४.३) |
| ४. | तयारी पोशाक | ४.९७ | १६.१ |
| ५. | जुट तथा जुटका उत्पादन | ३.७९ | (६.५) |
| ६. | ऊनी फेल्ट | २.४८ | (६.१) |
| ७. | जुस | ३.८ | ४५ |
| ८. | पामतेल | २.७२ | (७९.२) |
| ९. | अलैंची | ३.९ | ४.४ |
| १०. | चिया | २.१४ | (१४.६) |
| ११. | अदुवा | ०.९४ | ७२.४ |

| क्र.सं. | आयात | रकम (रु. अर्ब) | वृद्धि (ह्रास) % |
|---|---|---|---|
| १. | पेट्रोलियम पदार्थ | १४१.३४ | (४.५) |
| २. | फलाम तथा स्टील र तिनका उत्पादन | ७६.४८ | (२.१) |

[1] https://www.tepc.gov.np/news_events/full_story/nepali-post-34

| | | | |
|---|---|---|---|
| ३. | मशिनरी पार्ट्स | ४८ | (१.५) |
| ४. | कच्चा भटमास तेल | ७.८१ | (६७.१) |
| ५. | अषधी | १९.९६ | (१०) |
| ६. | इलेक्ट्रीक र इलेक्ट्रोनिक | ३२.६५ | ४.२ |
| ७. | यातायात साधन र तिनका पार्टपुर्जा | ३६.३१ | ३७.२ |
| ८. | कच्चा पामतेल | ६.४८ | (६१.२) |
| ९. | अन्न | २२.२३ | (२०.७) |
| १०. | तयारी पोशाक | १९.२८ | ४६ |
| ११. | दुरसंचार सामाग्री | १९.२२ | (२.२) |
| १२. | सुन | ११.८८ | (५९.३) |

- व्यापार घाटाको रकमको आधारमा प्रमुख १० वटा मुलुकहरु निम्नानुसार रहेको छन् ।[२]

| **क्र.सं.** | **मुलुक** | **आयात** | **निर्यात रकम** | **व्यापार घाटा (रु** अर्बमा) |
|---|---|---|---|---|
| १. | भारत | ४७४.८९ | ५०.४५ | (४२४.४५) |
| २. | चीन | १४७.४० | १.६१ | (१४५.७९) |
| ३. | युएई | १३.५० | १.२४ | (१२.२६) |
| ४. | युक्रेन | ९.९६६ | ०.०००११७ | (९.९६६) |
| ५. | मलेशिया | ८.७५ | ०.१४ | (८.६१) |
| ६. | अष्ट्रेलिया | ७.७० | ०.८६ | (६.८४) |
| ७. | इण्डोनेशिया | ६.४४ | ०.१३ | (६.३१) |
| ८. | अर्जेण्टिना | ६.२८६ | ०.००१२४५ | (६.२८५) |
| ९. | फ्रान्स | ६.०१ | १.१ | (४.९१) |
| १०. | थाइलेण्ड | ४.६४ | ०.०५७ | (४.५८) |

- उपरोक्त तथ्यांक अनुसार व्यापार घाटामा केही ह्रास आएको आफैंमा सकारात्मक भएता पनि निर्यात-आयातको अनुपात गत वर्षको तुलनामा बढेको देखिन्छ । अर्थात् मुलुकको निर्यात क्षमता झन् खस्किदै गएको छ । साथै नेपाल सन् २०२६ मा अतिकम विकसित राष्ट्रबाट विकासशिल मुलुकमा स्तरोन्नती हुने पश्चात् अतिकम विकसित राष्ट्रको हैसियतले पाएका सहुलियत तथा विशेष सुविधाहरु समेत गुम्ने छन् भने मुलुकको व्यापार विशेषगरि निर्यातमा थप चुनौतीहरु देखापर्ने छन् ।

[2] https://www.customs.gov.np/page/fts-fy-208081

- साथै बढ्दो क्षेत्रिय तथा वैश्विक भूराजनितिक तनाव, युद्ध तथा विश्वव्यापी महामारी लगायतका समय समय विभिन्न खाले समस्याहरु आउँदा समग्र आपूर्ति श्रृखला प्रभावीत भई समग्र उद्योग व्यापारहरुका संचालनमा निकै अवरोधहरु समेत खडा हुँदै आएका छन् ।

- यसर्थ यस विषयमा सरकार तथा निजिक्षेत्र दुवैपक्षहरुले समयमा सचेत भई आवश्यक पूर्व तयारीहरु गर्न जरुरी देखिन्छ । त्यसैगरि आन्तरिक उत्पादत्व बढाउनुमा जोड दिनुका साथै निकासी भईरहेका तथा सम्भावना भएका वस्तु तथा सेवाहरुको उत्पादनवृद्धिमा विशेष जोड दिनुपर्ने आजको प्रमुख आवश्यकता हो । साथै मुलुकको आन्तरिक बजार मांगानुसार वस्तु तथा सेवाहरुको आपूर्ति निर्वाध रुपमा गर्न/गराउन आयातका कोटा तथा प्रकृया समय सापेक्ष परिमार्जन गर्न आवश्यक छ भने मुलुकको समग्र आर्थिक कारोबारको वृद्धिमा बल दिन आधारभूत पूर्वाधारहरु जस्तै अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको प्रयोगशाला, एक्सप्रेसवे तथा कनेक्टीभिटी, विशेष आर्थिक क्षेत्र लगायतका अन्य सरकारी नीति, ऐन, प्रकृया, सुविधा तथा सेवाहरुमा सुधारका लागि अभिलम्ब आवश्यक कदम लिनुपर्ने देखिन्छ ।

- तसर्थ, विद्यमान व्यापारको अवस्थालाई ध्यानमा राखि निजीक्षेत्रको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघद्वारा व्यापार क्षेत्रमा विद्यमान तथा आईपर्ने समस्याहरुका समाधानका लागि सरकारका निकायहरुसंग आवश्यक समन्वय तथा सहकार्य गर्न, आवश्यक नीति तथा कानूनहरुको निर्माण तथा संशोधनमा सुझाव दिन र साथै समग्र व्यापार क्षेत्रको विकास एवं प्रवर्द्धन गर्ने प्रमुख उद्देश्यले महासंघको संरचना अन्तर्गत व्यापार समितिको गठन गरिएको हो ।

- कुल सदस्य संख्या १७ जना रहेको व्यापार समितिको गठन महासंघका कार्यकारिणी समिति सदस्य श्री सुबोध गुप्ताको सभापतित्वमा भई नियमित रुपमा विभिन्न गतिविधिहरु संचालन गर्दै आएको छ ।

**<u>मुख्य विषयवस्तुहरु</u>**

- समितिद्वारा प्रारम्भिक चरण देखि नै सरकारका सम्बन्धित निकायहरु (उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय, वाणिज्य विभाग तथा भन्सार विभाग) का माननीय मन्त्रीज्यूहरु तथा वरिष्ठ अधिकृतज्यूहरुलाई भेटि व्यापार क्षेत्रका विद्यमान समस्याहरुमाथि छलफल गरि तत्काल संबोधन गर्न सुझाव पत्र सहित अनुरोध गरेको छ ।

- समितिको हालसम्म बसेको विभिन्न ३ वटा बैठकहरु तथा सम्बन्धित वस्तुगत र जिल्ला उवासंघहरुसंगको समन्वय मार्फत देहायका विषयहरु पहिचान गरिएका छन् ।

  - भन्सारमा मलसमानको मुल्यांकन अन्तर्राष्ट्रिय अभ्यास अनुसार वास्तविक बजार मुल्य अनुसार गरिनुपर्ने । हाल भन्सारमा मालसमानको मुल्यांकन सन्दर्भपुस्तिका (Reference Book) मा तोकिएको मुल्य अनुसार गर्ने गरिन्छ जुन चाहि व्यवहारिक नरहेको र यसबाट मालसमानको अवैज्ञानिक ढंगले मुल्य बढ्ने गरेको छ ।

  - Integrated Check Post (ICP) सबै मुख्य भन्सार नाकाहरुमा हुनुपर्ने । हाल बिरगंज नाकामा मात्र ICP संचालित छ भने नेपालगंज भन्सार नाकामा निर्माणधिन रहेको छ । बिरगंज नाकामा संचालित ICP ले गर्दा मालसमानको चेकजाँच समयमा सहज एवं प्रभावकारी ढंगले हुनुकासाथै समग्र व्यापार लागत कम गर्नमा निकै महत्वपूर्ण सहयोग पुगेको छ ।

- आयात तथा निर्यात हुने खाद्यान्न तथा केमिकलको खाद्य प्रयोशालामा परीक्षण सहज तथा सुरक्षित बनाउन Integrated Check Post (ICP) मा नेपाल तथा भारतीय भन्सार कार्यालयबाट मान्यता प्राप्त सुविधा सम्पन्न अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको परिक्षण हुने गरि क्वारेन्टाईन तथा खाद्य प्रयोगशालाको भारत सरकारसंग पहल गरि स्थापना हुनुपर्ने ।

- नेपाली आयातका लागि अन्य भारतीय पोर्ट प्रयोगमा गर्न पाउने सुविधा हुनुपर्ने । तेस्रो मुलुकसँगको व्यापारका लागि नेपाललाई भारतले कोलकाता, हल्दिया तथा विशाखापटनम पोर्ट उपलब्ध गराएको छ । उक्त पोर्टहरुमा समय समयमा विभिन्न व्यवधान, अवरोधका साथै नेपालमा आयात बढ्दो क्रममा रहेकोले आयातलाई थप सहज बनाउन गुजरातको मुन्द्रा पोर्ट, उडिसाको धमरा पोर्ट, मुम्बई पोर्टका साथै अन्य पहुँच भएका पोर्टहरु मार्फत समेत आयात गर्न सकिने व्यवस्थाका लागि पहल गर्नुपर्ने ।

- भारत नेपालको व्यापारिक कारोबारका क्रममा दुई देशका व्यापारीहरु बीच विभिन्न विषयमा समय समयमा मनमोटाव, द्विविधा उत्पन्न हुने गरेको छ । यस्ता द्विविधाहरुको समाधानका लागि नेपाल सरकार वाणिज्य मन्त्रालय र भारतीय वाणिज्य मन्त्रालयको सामुहिक सहकार्यमा कुनै निश्चित स्थानमा वा अनलाईन छलफल हुने गरी एक Dispute Settlement Mechanism (including Arbitration Body) को गठन हुनु पर्ने ।

- साना व्यवसायीहरुलाई Turnover को आधारमा कर नलगाई Flat tax लगाईनु पर्ने । साना व्यवसायीहरु प्रायः परिवारिक तथा न्यून कर्मचारीको सहयोगमा संचालन आएका हुन्छन् । जसले गर्दा व्यवसायको प्रभावकारी ढंगले व्यवस्थापन आफैं निकै चुनौतीपूर्ण रहेको हुन्छ भने उनीहरुलाई करसंग सम्बन्धित नियमनहरुको प्रयाप्त ज्ञान तथा सिप नहुनाले व्यवसाय संचालनमा निकै प्रशासनिक बाधा तथा अवरोधहरु आईरहेको हुन्छ । Flat tax लगाउँदा साना व्यवसायीहरुलाई व्यवसाय संचालनमा सहजता हुने र साथै समग्र साना व्यवसायहरुको विकास तथा विस्तारमा महत्वपूर्ण बल पुग्ने ।

- Trade मा लगाईने Tax rate अन्य क्षेत्र सरह न्यायोचित ढंगले निर्धारण गरि समान रुपमा लगाईनुपर्ने ।

- विद्यमान विशेष आर्थिक क्षेत्र (Special Economic Zone-SEZ) हरु भित्र धेरै उद्योगहरुको स्थापना एवं संचालनका नियमहरु जस्तै अनिवार्य रुपमा निकासी गर्नुपर्ने, महंगो भाडादर, आदिलाई सहज बनाई आवश्यक पूर्वाधारहरु सडक, विजुली, प्रयोगशाला सुरक्षा, बैंक तथा अन्य आधारभूत संरचना एवं सुविधाहरुको SEZ को मापदण्ड अनुसार व्यवस्था हुनुपर्ने ।

- जिल्ला अनुगमन समितिद्वारा समय समयमा गरिने अनुगमनको टोलीमा खटाईने कर्मचारीहरु अनुगमनका प्रकृया बुझेको तथा अनुगमन गरिने वस्तु वा सेवाबारे दक्ष एवं अनुभवी हुनुपर्ने । साथै अनुगमन कार्यलाई प्रभावकारी बनाउन यस अनुगमन समितिमा निजिक्षेत्रको समेत प्रतिनिधि रहने व्यवस्था हुनुपर्ने ।

- नापतौललाई स्थानीय स्तरबाटै प्रमाणीकरण गर्ने व्यवस्था हुनुपर्ने । नाप यन्त्र खरिद गरेको विजक जारी भएको मितिले ३० दिन भित्र नबिकरण गर्नुपर्ने बाध्यकारी व्यवस्थालाई संशोधन गरि कारोवार शुरु अगावै दर्ता प्रमाणीकरण गर्ने गरि व्यवस्था हुनुपर्ने ।

- मालवस्तु ढुवानी साधन अनुगमन प्रणाली -Vehicle and Consignment Tracking System -VCTS) मा लगाईने जरिवानाको रकम बढी भएकोले कम गरिनुपर्ने । साथै साना व्यवसाय विशेषगरि बजारीकरण गर्दै विक्रि वितरण गरिने मालवाहक ढुवानी साधनहरुलाई VCTS छुट हुनु पर्ने । VCTS ले गर्दा यस्ता साना व्यवसायहरुको संचालनमा स्थानीयस्तर प्रशासनबाट विभिन्न प्रकारका अवरोधहरु सृजना भईरहेको छन् ।
- ट्रेडर्सलाई पनि Trade Mark दर्ता गर्न पाउनुपर्ने । यसबाट उपभोक्ताहरुलाई गुणस्तर सुनिश्चित रहेका उत्पादन बजारमा उपलब्ध हुनुका साथै ट्रेडमार्क पहिचान हुने व्यापारीहरुलाई थप जिम्मेवारीको बोध हुनेछ भने बजारलाई थप प्रतिस्पर्धी बनाउन सकिने ।
- बैंक व्याजदर क्रमशः कम गर्दै व्याजदर स्थायित्वका लागि उपलब्ध उपकरणहरु प्रयोग गर्नुपर्ने ।
- निर्यातमा दिईने Incentive को प्रकृयालाई सहज एवं छरितो बनाई भन्सारको विन्दुबाट Incentive को भुक्तानी हुने व्यवस्था हुनुपर्ने । निर्यात हुन सक्ने सम्भावित वस्तुहरु पहिचान गरि उचित Incentive को व्यवस्था समेत हुनुपर्ने ।
- उद्योग व्यवसायको प्रवर्द्धन एवं विस्तारका लागि स्थानीय तहमा सृजना गरिने अनेकौं प्रकारका समस्याहरुको अन्त गरि एकद्वार प्रणाली मार्फत उद्योग व्यवसायलाई सेवा दिईनुपर्ने ।
- पेट्रोलियम पदार्थसंग सम्बन्धित ऐन नभएकोले सोको ऐन ल्याउनुपर्ने । साथै पेट्रोलियम पम्पको नामतौल तथा मर्मत संभार गर्न विभागले तोकेको कम्पनीबाट गर्ने अभ्यासलाई खारेज गरि तोकिएको मापदण्ड अनुसार निजि क्षेत्रलाई गर्न/गराउन दिनुपर्ने । यसबाट व्यवासयमा सहजता आई लागत समेत घट्ने हुन्छ ।
- भन्सारबाट हुने चोरीनिकासीको नियन्त्रणका लागि बोर्डर सेक्यूरिटीलाई डिजिटल सेक्यूरिटीमा लानुपर्ने ।
- उधारो कारोबारलाई सहजीकरण एवं नियन्त्रण गर्न र व्यवसायीहरुलाई सुरक्षा प्रदान गर्न Credit Recovery Act ल्याउनुपर्ने ।
- उद्योग विकासका लागि उद्योगमा प्रयोग हुने मेशनरीको साइज र परिमाणमा लगाएको बन्देज हटाउनुपर्ने । हाल फर्निचर उद्योगमा ३६ इन्च भन्दा माथिको वैण्ड सको प्रयोगमा बन्देज लगाइएको छ ।
- आयातित काठहरुभन्दा स्वदेशी काठको आपूर्तीलाई सहज बनाई बजारमूल्य कम हुनुपर्ने । फर्निचर व्यवसायीहरुले सःमील व्यवसायीहरु सरह सरकारी टेण्डरमा भाग लिन पाउने व्यवस्था हुनुपर्ने ।
- तयारी वस्तुभन्दा कच्दा पदार्थको रुपमा पैठारीहुने वस्तुहरुमा भन्सार शुल्क बढी लगाउने जस्तै दालको तयारी वस्तुमा ९ प्रतिशत र कच्चा पदार्थमा १० प्रतिशत, यस किसिमको अव्यवहारिक प्रावधान अभिलम्ब खारेज गरि स्वदेशी उद्योग व्यवसायलाई प्रतिस्पर्धी बनाउन कच्चा पदार्थमा लगाईने भन्सार शुल्क तयारी वस्तुभन्दा कम हुनुपर्ने । साथै विद्यमान १३ प्रतिशत मूल्य अभिवृद्धि करलाई क्रमशः कम गरिनुपर्ने ।
- उद्योगले आयात गर्ने मेसनरीका स्पेयर पार्टस् तथा पैकेजिङ्गका आवश्यक वस्तुहरुमा भन्सार शुल्क शून्य हुनुपर्ने ।

- हाल नेपाली अलैंची ट्रेडमार्कको भारतमा मान्यता (Recognition) नभएकोले अलैंची निर्यातमा कठ्नाई देखिएकोले नेपाली अलैंचीको ट्रेडमार्कलाई भारतमा मान्यता दिनुपर्ने । सोको लागि भारतसंग आवश्यक पहल गर्नुपर्ने ।

- ग्याँस जस्तो प्रज्वलशील पदार्थहरुको डिलर्स राख्न आवश्यक मापदण्ड पुरा गरि मात्र खुल्न पाउने प्रावधानको व्यवस्था हुनुपर्ने । साथै प्रज्वलशील पदार्थ एल पी ग्यासको प्रयोगमा स्थानीय स्तरबाटै जनचेतनामुलक कार्यक्रम आयोजना गर्नुपर्ने । त्यसैगरि गुणस्तरहीन रेगुलेटर, पाईप आदि वस्तुहरुको पैठारीमा रोक लगाउनुका साथै कम्तीमा स्वस्थ्य तथा प्रज्वलशील पदार्थहरु संग सम्बन्धित वस्तुहरुको गुणस्तर सुनिश्चित गरि मात्र पैठारी हुन दिने ।

- ग्याँस विक्रेता प्रमाणीकरण कार्यविधिको प्रभावकारी ढंगले कार्यन्वयन नभएकोले सोको प्रभावकारी कार्यन्वयन हुनुपर्ने । साथै ग्याँस पाईप तथा चुल्होको समेत मापदण्ड निर्धारण गरिनुपर्ने ।

- भारतबाट गहुँ, धान र चिनी आयात कोटा परिमाणलाई थप गर्नुपर्ने । भारत सरकारले नेपाललाई गहुँ, धान आयात गर्न निर्धारण गरेको कोटा, बढ्दो माग र विभिन्न कारणले आन्तरिक उत्पादनको कमीले गर्दा अपुग हुने गरेकोले छ । जसले गर्दा एकतिर खाद्यान्न आपूर्तिमा समस्या आउने गरेको अवस्था छ भने अर्कोतिर कच्चा पदार्थको कमिले गर्दा नेपालका चामल उद्योग, मैदा तथा चाकलेट उद्योगहरुको सञ्चालनमा रोक लाग्ने गरेको छ । यसर्थ दिर्घकालिन रुपमा आन्तरिक उत्पादनको वृद्धिमा जोड दिनुका साथै हाललाई खाद्यान्न अभावका समस्याको समाधान एवं अपूर्ति सहज बनाउन भारतद्वारा निर्धारण गरिएको गहुँ, धान र चिनी आयात कोटा परिमाणलाई समय सापेक्ष थप गर्नुपर्ने ।

- मुलुकको वार्षिक चिनी खपत ३ लाख मेट्रिकटन रहेको तर उत्पादन मात्र १.५ लाख मेट्रिकटन भएकोले भारतबाट थप कम्तीमा १ लाख मेट्रिकटन आयात गर्न पाउने कोटाको व्यवस्था हुनुपर्ने ।

- व्यापारलाई नियमन गर्ने ऐन, नियम तथा कार्यविधिको तर्जुमा गर्ने समितिामा सरोकारवाला निजिक्षेत्रको प्रतिनिधि हुनुपर्ने । साथै निजिक्षेत्रसंग गरिएका सहमतिहरुको कार्यन्वयन यथाशिघ्र गराउनुपर्ने ।

- मुलुक भित्र खाद्यान्न सुरक्षा सुनिश्चित गर्न कृषि क्षेत्रलाई आधुनिकरण गर्नुको अर्को विकल्प छैन । त्यसैगरि कृषि क्षेत्रको आधुनिकरण बिना मुलुकभित्र औद्योगिक क्रान्ति सम्भव छैन ।

- Export-Import लाई व्यवस्थित बनाउन SMEs लाई आवश्यक तालिम एवं अभिमुखिकरण तालिम दिनुपर्ने ।

- Skilled तथा Semi-skilled उद्यमी एवं दक्ष कामदार विकासका लागि निजि क्षेत्रको आवश्यकताको आधार एवं सहभागितामा समग्र सिप विकास नीति तथा कार्यक्रम तर्जुमा हुनुपर्ने ।

**हालसम्मका उपलब्धीहरु**

- व्यापार क्षेत्रका विद्यमान समास्याहरु सहित समाधानका सुझावहरु तयार भएको ।
- अर्थ मन्त्रालय तथा वाणिज्य मन्त्रालयका माननीय मन्त्रीज्यूहरुबाट व्यापार क्षेत्रका विद्यमान समस्याहरुको समाधानका लागि आवश्यक कदम लिने आश्वासन प्राप्त भयो ।

- चाडपर्वको दौरान गरिने अनुगमन मर्यादित ढंगले गर्न महासंघ तथा वाणिज्य विभाग बिच समन्वय गर्ने सहमति भएको ।
- महासंघको पहलमा भारत सरकारलाई गैर बासमति चामलमा लगाईएका प्रतिबन्ध हटाउन तथा थप कोटा उपलब्ध गराउन अनुरोध गरिएकोमा भारत सरकारले प्रतिबन्ध हटाई व्यवसायीहरुलाई प्रति फर्म ५००० मे.टनमा नबढ्ने गरि खरिद कोटा थप गरेको ।
- चिनीको अभावको समस्या समाधानका लागि अल्पकालीन, मध्यकालीन एवं दिर्घकालीन सुझावहरु तयार गरियो ।

**आगामी दिनमा गर्नुपर्ने मूख्य कामहरु**

- उपभोक्त संरक्षण ऐन, २०७५ र कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को संशोधनका लागि महासंघबाट तयार गरियो सुझाव मस्यौदाहरू माथि समितिमा छलफल गरि अन्तिम रूप दिने र सम्बन्धित सरकारका निकायहरूमा पेश गर्ने ।
- माथि उठान गरिएका व्यापार क्षेत्रका समस्याहरुलाई थप पहिचान गर्दै जाने र पहिचान गरिएकालाई विषय अथवा क्षेत्रगत एउटा निश्चित ढाँचा अनुसार वर्गीकृत गरि समाधानका लागि सुझाव तयार गर्ने ।
- त्यसैगरि, तत्काल संबोधन गरिनुपर्ने व्यापारका मुद्दाहरूको समाधानका लागि सम्बन्धित सरकारका सम्बन्धित निकायहरूसंग थप समन्वय, संवाद एवं अर्न्तक्रिया मार्फत वहस तथा पैरवीका गतिविधिहरू अगाडी बढाउने ।

## महिला उद्यमी विकास :

देशको आर्थिक क्रियाकलापको महत्वपूर्ण हिस्सा समेटेको महिला उद्यमशीलता क्षेत्रको विकास, विस्तार एवं प्रवर्द्धन गरी यो क्षेत्रको दायरालाई अझ फराकिलो बनाई मुलुकको अर्थतन्त्रमा अझ बढि योगदान पुऱ्याउनु पर्ने आजको आवश्यकता भएको वर्तमान परिप्रेक्ष्यमा समितिले यो क्षेत्रलाई गतिशीलता दिन नेपाल सरकारका सम्बन्धित निकाय, दातृ निकाय एवं अन्य सरोकारवाला निकायहरुको सहयोग, समन्वय एवं सहकार्यमा मुख्यतया नीतिगत विषय, क्षमता अभिबृद्धि, बजार प्रवर्द्धन लगायतका क्षेत्रहरुमा विभिन्न कार्यक्रमहरु तालिम, गोष्ठी, मेला महोत्सव, सम्मेलन, अन्तरक्रिया जस्ता कार्यक्रहरु आयोजना गर्दै आएको छ, । साथै सरोकारवाला निकायहरुबाट आयोजित विभिन्न कार्यक्रमहरुमा प्रतिनिधित्व समेत गर्दै आएको छ ।

- यसै सन्दर्भमा समितिले मिति २०८० फागुन ४ र ५ गते लुम्बिनी प्रदेश, भैरहवामा राष्ट्रिय महिला उद्यमी सम्मेलन अयोजना गर्ने तय गरेको छ । सम्मेलनमा नेपाल सरकारका संघीय, प्रादेशिक एवं स्थानिय प्रतिनिधिहरु, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय, प्रदेशस्तरिय एवं स्थानिय प्रतिनिधिहरु, ७७ वटै जिल्लाका महिला उद्यमी व्यवसायीहरु, सरोकारवाला निकायका प्रतिनिधिहरु, सम्बन्धित विज्ञहरु लगायत पत्रकारहरु गरी २५० देखि ३०० जनालाई सहभागि गराउने योजना रहेको छ । महिला उद्यमीहरुको विकास, विस्तार एवं प्रवर्द्धनका साथै महिला सशक्तिकरणम सहयोग पुऱ्याउने उद्देश्यले आयोजना गर्न लागिएको उक्त सम्मेलनमा महिला उद्यमशीलता र नतिजा, वित्तिय पहुंच, बजार पहुंच, पर्यटनका सम्भावना र चुनौति, युवा महिला/स्टार्टअपका लागि गरिएका पहल साथै भएका व्यवस्था लगायतका विषयमा छलफल गरिनेछ । समितिले सम्मेलनको अवधारणा तयार

गरी आवश्यक बजेटका लागि नेपाल सरकार लगायत विभिन्न संघ/संस्थाहरुमा पत्राचार गरी भेटघाट एवं छलफल गर्दै आएको छ। यसै क्रममा लुम्बिनी प्रदेशका माननीय मुख्यमन्त्री श्री डिल्ली बहादुर चौधरी साथै महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव श्री सुमन राज अर्यालसंग भेटघाट एवं छलफल भएको थियो। समितिले सम्मेलनको तयारीका लागि आवश्यक कार्यलाई अगाडी आएको छ।

- USAID ले महिला उद्यमीहरुबाट संचालित MSMEs लाई वित्तिय पहुंच, बजार पहुंच, गुणस्तर बृद्धि आदि विषयहरुमा सहयोग पुऱ्याउने उद्देश्यले "USAID Nepali Women in Business Activity" शिर्षकमा मिति २०८० मंसीर ६ गते भित्र पेश गर्ने गरी अवधारणा पत्र माग गरेको थियो। अवधारणा तयार गर्नका लागि समितिले Women Act, SAARC Business Association of Home-Based Workers (SABAH) Nepal, MicroSave Consulting लायतका संस्थाहरुसंग आश्विन २९ गते कार्यशाला गोष्ठी आयोजना गरी छलफल गरेको थियो। छलफल पश्चात उक्त संस्थाहरुको सहकार्यमा अवधारणा तयार गरी USAID मा पेश गरिएको छ।
- **महिला उद्यमशीलता प्रदर्शनी २०८०** : समिति र उद्योग वाणिज्य संघ, ईटहरीको महिला उद्यमी विकास समितिको संयुक्त आयोजनामा कोशी प्रदेशका महिला उद्यमीहरुबाट उत्पादित वस्तुहरुको बजार प्रवर्द्धन गर्ने उद्देश्यले इटहरी, सुनसरीमा मिति २०८० साल भाद १५ देखि १७ गतेसम्म "महिला उद्यमशीलता प्रदर्शनी", २०८० सम्पन्न भएको थियो। प्रतिनिधिसभाका उपसभामुख माननीय श्री ईन्दिरा रानाको प्रमुख आतिथ्यतामा समुद्घाटन गरिएको कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष श्री सुरकृष्ण वैद्य साथै समितिका सभापति श्री कमला श्रेष्ठले शुभकामना मन्तव्य दिनुभएको थियो। करिव १०० वटा स्टलहरुमा दैनिक उपभोग्यका वस्तुहरु, कृषिजन्य वस्तुहरु तथा जडिबुटीहरु, हस्तकलाका सामानहरु, प्राकृतिक सौन्दर्य सम्बन्धी सामानहरु लगायतका वस्तुहरु प्रदर्शनी गरिएको उक्त प्रदर्शनीको करिव १५ देखि २० हजार अवलोकनकर्ताबाट अवलोकन गरिएको थियो।
- **कौसीखेती एवं फोहोर व्यवस्थापन** : समितिले २०८० श्रावण ११ गते "कौसीखेती एवं फोहोर व्यवस्थापन" सम्बन्धी एक दिने तालिम कार्यक्रम सम्पन्न गरेको थियो। समिति र एन.टि.एस. ईण्डष्ट्रिज प्रा.लि. को सहकार्यमा आयोजना गरिएको उक्त तालिम कार्यक्रममा उपत्यकास्थित करिव ३० जना स्थानिय महिला उद्यमीहरुको सहभागिता रहेको थियो। तालिममा एन.टि.एस. ईण्डष्ट्रिज प्रा.लि. अध्यक्ष एवं कौसीखेती एवं फोहोर व्यवस्थापनका विषेशज्ञ श्री खोजराज कटुवालबाट सहभागिहरुलाई सैद्धान्तिक रुपमा तालिम प्रदान गर्दै सितापाइलास्थित निजी निवासमा कौसीखेती एवं फोहोर व्यवस्थापनको स्थलगत भ्रमण समेत गराईएको थियो। साथै तरकारीका बेर्ना उमार्न आवश्यक कोकोपिट, मल, वीऊ, पानी लगायतका सामाग्री सहितको व्यवहारिक विधिमार्फत प्रशिक्षण दिनुभएको थियो।
- **कर सम्बन्धी तालिम** : समितिले कर तथा राजश्व समितिसंगको सहकार्य एवं GIZ को प्राविधिक सहयोगमा मिति २०८० साल आश्विन ४ र ५ गते काठमाडौंमा महिला उद्यमीहरुलाई कर सम्बन्धी २ दिने तालिम प्रदान गरेको थियो। काठमाडौं उपत्यका भित्रका करिव ६० जना महिला उद्यमीहरुको सहभागिता रहेको उक्त तालिममा सम्बन्धित विषय विज्ञहरुबाट कर सम्बन्धी विभिन्न विषयहरु जस्तैः व्यवसाय दर्ता तथा नविकरणमा लाग्ने खर्च, आयकर तथा मूल्य अभिबृद्धि करमा लाग्ने खर्च, दण्ड तथा जरिवानामा लाग्ने कर लगायतका विषयहरुमा जानकारी प्रदान गरिएको थियो।

- BIMSTEC BUSINESS CONCLAVE : मिति २०८० साल जेठ ३० देखि ३२ (जुन १३ देखि १५) सम्म भारतको कोलकत्तामा आयोजित BIMSTEC BUSINESS CONCLAVE मा महासंघका अध्यक्षज्यू सहित समितिका सभापति श्री कमला श्रेष्ठको समेत सहभागिता रहेको थियो। २ दिन सम्म संचालन भएको उक्त कार्यक्रमको BIMSTEC Women Forum मा Exploring Opportunities for Collaboration among Women Entrepreneurs विषयमा सभापति श्री कमला श्रेष्ठले समेत प्रस्तुतिकरण गर्नुभएको थियो।

- राष्ट्रिय महिला उद्यमी सम्मेलन : यसै सन्दर्भमा समितिले नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेश र सिद्धार्थ उद्योग वाणिज्य संघको समन्वय एवं सहकार्यमा यही मिति २०८० फागुन ४ र ५ गते लुम्बिनी प्रदेश, भैरहवामा राष्ट्रिय महिला उद्यमी सम्मेलन आयोजना गऱ्यो।

- लुम्बिनी प्रदेशका माननीय गृहमन्त्री श्री सन्तोष कुमार पाण्डेयको प्रमुख आतिथ्यतामा आयोजित उक्त सम्मेलनमा माननीय मुख्य मन्त्री श्री डिल्ली बहादुर चौधरी, माननीय सामाजिक विकास मन्त्री श्री चन्द्रकेश (सि.के.) गुप्ता, नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष श्री अञ्जन श्रेष्ठ, उपाध्यक्ष श्री हेमराज ढकाल, बुटवल उपमहनगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेय, उपप्रमुख श्री, सावित्रा अर्याल, महासंघका महिला उद्यमी विकास समितिका सभापति श्री कमला श्रेष्ठ, नेउवामहासंघ लुम्बिनी प्रदेशका अध्यक्ष श्री कृष्ण प्रसाद शर्मा, सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष श्री ठाकुर प्रसाद श्रेष्ठ लगायतका प्रतिनिधिहरुले आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो। सम्मेलनमा नेपाल सरकारका संघीय, प्रादेशिक एवं स्थानिय प्रतिनिधिहरु, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय, प्रदेशस्तरिय एवं स्थानिय प्रतिनिधिहरु, ७७ वटै जिल्लाका महिला उद्यमी व्यवसायीहरु, सरोकारवाला निकायका प्रतिनिधिहरु, सम्बन्धित विज्ञहरु लगायत पत्रकारहरु गरी करिव ३५० जना प्रतिनिधिहरुको उपस्थिति रहको थियो।

- सम्मेलनलाई सफलतापूर्वक सम्पन्न गर्न लुम्बिनी प्रदेश सरकार, बुटवल उपमहानगरपालिका, सिद्धार्थनगर नगरपालिका, तिलोत्तमा नगरपालिका लगायतका लुम्बिनी प्रदेशका स्थानीय निकायहरु, आई.एम.ई. ग्रुप, लक्ष्मी ग्रुप, हेरिटेज फ्लोर एण्ड कार्पेट प्रा.लि., मेरिगोल्ड, सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी, मेटलाइफ इन्स्योरेन्स कम्पनी र बोटलर्स नेपाल प्रा.लि. को सहयोग/प्रायोजन रहेको छ। सम्मेलनको समयमा सातै प्रदेशका महिला उद्यमीहरुको उत्पादनका साथै प्रायोजकहरु गरी १० वटा स्टलहरुबाट प्रदर्शनी गरिएको थियो।

- महिला उद्यमीहरुको विकास, विस्तार एवं प्रवर्द्धनका साथै महिला सशक्तिकरणम सहयोग पुऱ्याउने उद्देश्यले आयोजना गरिएको उक्त सम्मेलनमा महिला उद्यमशीलता र नतिजा, वित्तिय पहुंच, बजार पहुंच, पर्यटनका सम्भावना र चुनौति, युवा महिला/स्टार्टअपका लागि गरिएका पहल साथै भएका व्यवस्था लगायतका विषयमा सम्बन्धित विज्ञहरुसंग छुट्टा छुट्टै छलफल गरी १० बुंदे निश्कर्ष/सुझाव पारित गरिएको छ। उक्त १० बुंदे निश्कर्ष/सुझाव सहितको प्रतिवेदन तयार गरी नेपाल सरकार एवं सम्बन्धित निकायहरुमा पेश गर्ने समितिको योजना रहेको छ।

- समितिले नेपाल सरकार एवं विभिन्न सरोकारवाला निकायहरुबाट आयोजित कार्यक्रमहरुमा प्रतिनिधित्व समेत गर्दै आएको छ । यसै सन्दर्भमा संघ/संस्थाहरुबाट संचालित निम्न कार्यक्रमहरुमा समितिको संस्थागत सहभागिता रहेको छः

- राष्ट्रिय योजना आयोग, UN Woman र आई.एल.ओ. को आयोजनामा Gendered Employment Analysis and Policy Recommendations through Social Accounting Matrix / Input-Output Analysis विषयक Workshop सदस्य श्री रोशनी धौबन्जाको सहभागिता ।
- राष्ट्रिय योजना आयोग, UN Woman र आई.एल.ओ.को आयोजनामा Public Investments in Care Economy: A High Road to Decent Work विषयक Panel Discussion समितिको सहभागिता ।
- राष्ट्रिय योजना आयोग, UN Woman र आई.एल.ओ. को आयोजनामा National Level Sharing Workshop on GESI Review of WASH Policy and Regulations and Women WASH Alliance विषयक कायक्रममा समितिको सहभागिता ।
- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र दक्षिण एशियाली महिला विकास मञ्चको सहकार्य लघु, घरेलु तथा साना उद्योग प्रबर्द्धन नीति, २०८० को मस्यौदामा छलफल साथै महिला उद्यमीहरूका विषयहरूबारे थपघट गर्ने उद्देश्यले आयोजित राष्ट्रिय परामर्श कार्यशालामा समितिको सदस्यको सहभागिता ।

## घरेलु तथा साना उद्योग

- समितिको पहिलो वैठक श्रावण ९ गते बसेको थियो । वैठकमा अध्यक्षज्यूबाट समितिमा मनोनित सदस्यहरुलाई मनोनयन पत्र हस्तान्तरण गरिनुको साथै घरेलु तथा साना उद्योग समितिले घरेलु तथा साना उद्योगको विकास विस्तारको एक वर्ष भित्र गरिने कार्यक्रमका साथै कार्यक्रमको लागि साधन तथा श्रोतको व्यवस्थापनमा समितिका सदस्यहरुबाट सुझावहरु माग गर्ने सम्बन्धमा छलफल भएको ।
- समितिको दोश्रो वैठक भदौ १३ गते बसेको र वैठकमा कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण कार्यक्रम संचालन कार्यविधि २०७९ मा संशोधनको लागि सरोकारवालाहरुबाट थप राय सुझावको लागि महासंघमा पत्र आएकोले सो सम्बन्धमा छलफल गरियो । छलफल पश्चात महासंघले कार्यविधिमा संशोधनका लागि आवश्यक सुझाव तयार गरी केन्द्रमा पठाईसकेको छ ।

**प्रस्तुत गरिएको सुझावमा मुख्यतया निम्नानुसार रहेको छः**

- कार्यस्थलमा आधारित प्रशिक्षण कार्यक्रम संचालनको लागि नेपाल सरकारले तोकेको लक्ष्य तथा स्वीकृत गरेको बजेटको परिधि भित्र रही प्रशिक्षार्थीका लागि तोकिएको न्यूनतम पारिश्रमिक रकम, प्रशिक्षणको पारिश्रमिक र प्रशिक्षण संचालनको क्रममा हुने खर्च रकम केन्द्रले भुक्तानी गर्नेछ ।
- केन्द्रले तोकेको रोजगार समन्वय अधिकारीको रोहवरमा सम्बन्धित उद्योग र प्रशिक्षार्थी कामदार बीच ३ महिना तालीम पश्चात प्रशिक्षार्थीको रुपमा काममा लगाउने सम्बन्धमा कार्यविधिको अनुसूची (३) बमोजिम सम्झौता हुनेछ ।
- तीन महिनाको तालीम सम्पन्न भए पश्चात उद्योगले यो कार्यविधि अनुसार तोकिएको समयसम्मका लागि थप तालीम दिन ईन्कार गरेमा वा तालीम नदिएमा प्रशिक्षार्थी कामदारको तालीम वापत लागेको खर्च सम्बन्धित उद्योगबाट सरकारी बांकी सरह असुल उपर गरिनेछ ।
- विशेष परिस्थिति वा काबु बाहिरको अवस्थाका उद्योग बन्द वा संचालनमा समस्या आएमा वा प्रशिक्षार्थी कामदार काममा नआएमा वा कुनै कारण प्रशिक्षार्थीको रुपमा काम नगर्ने जानकारी गराएको खण्डमा उद्योगबाट प्रशिक्षार्थीलाई तोकिएको समयसम्म काममा लगाउने सुनिश्चितता नभएको मानिने छैन ।

- कामको प्रकृतिको आधारमा तालीम संचालन गर्ने उद्योग वा प्रशिक्षण सम्बन्धी विज्ञ वा संस्थाले तालीम अवधि तीन महिना भन्दा बढी निर्धारण गर्न सक्नेछ ।

- प्रशिक्षण अवधि निर्धारण गर्दा सामान्यतया प्रतिदिन आठ घण्टाको हिसावले र हप्तामा ६ दिन तालीम संचालन हुने गरी गर्नुपर्नेछ । तालीम अवधिमा हप्ताको एक दिन पारिश्रमिक सहितको हप्ता विदा दिनुपर्ने ।

- तालीम अवधि तीन महिना भन्दा बढी निर्धारण भएको अवस्थामा तीन महिना भन्दा बढी अवधिको लागि लाग्ने कुनै पनि तालीम सम्बन्धी खर्च केन्द्रबाट व्यहोरिने छैन ।

- प्रतिष्ठानले संचालन गर्न लागेको कुनै प्रशिक्षण वा तालीमको विषयमा नेपाल सरकारको कुनै निकाय वा तालीम दिने संस्था वा अन्य कुनै प्रतिष्ठानले पाठ्क्रम तयार गरेको रहेछ भने त्यस्तो पाठ्यक्रममा प्रयोग गरी प्रशिक्षण कार्यक्रम संचालन गर्न सकिनेछ ।

- प्रशिक्षणसंग सम्बन्धित विषयमा कुनै पाठ्यक्रम तयार भएको रहनेछ भने प्रशिक्षण दिने उद्योगले शीपमूलक तालीम दिने संस्थासंग समन्वय गरी वा विज्ञको सहयोग लिई प्रशिक्षणको विषय र सीप सिकाई सहयोग लिई प्रशिक्षणको विाय र सीप सिकाई सुनिश्चित हुने गरी पाठ्यक्रम तयार गर्नुपर्नेछ ।

- कार्यस्थलमा आधारित तीन महिनाको प्रशिक्षण पूरा भएपछि उद्योगले त्यस्ता प्रशिक्षार्थीलाई यस कार्यविधिमा उल्लेख भए बमोजिम कम्तिमा १२ महिनासम्म प्रशिक्षार्थीको रुपमा काममा लगाउनु पर्नेछ ।

- यस कार्यविधि बमोजिम सम्झौता गरी उद्योगले प्रशिक्षार्थीको रुपमा तालीममा निरन्तरता दिइ काममा लगाइएका प्रशिक्षार्थीको प्रशिक्षण अवधि पूरा भएपछि त्यस्तो प्रशिक्षार्थी कामदारलाई श्रमिकको रुपमा रोजगारीमा निरन्रता दिन उद्योग बाध्य हुनेछैन । तीन महिना पछि प्रशिक्षार्थीको रुपमा काम गर्ने व्यक्तिलाई उद्योग वा प्रतिष्ठानले प्रचलित कानून बमोजिम तोकिएको न्यूनतम पारिश्रमिक दिनुपर्नेछ ।

- प्रशिक्षार्थी कामदारको तीन महिनाको न्यूनतम पारिश्रमिक, प्रशिक्षकको पारिश्रमिक र उद्योगले तालीम संचालन सम्बन्धी तोकिए बमोजिमको खर्चका साथै प्रशिक्षण संचालनसंग सम्बन्धित केन्द्रबाट भएको खर्च समेत केन्द्रबाट व्यहोरिनेछ ।

• लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रद्वारा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा आयोजना गरिएको केन्द्रको चालु आ.व. २०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रम अन्तरगत कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण कार्यक्रम संचालनका लागि कार्यविधि तयारी सम्बन्धमा छलफलको लागि एप्रेन्टिसिप कार्यक्रम निर्देशक समितिको वैठकमा महासंघका उपाध्यक्ष श्री सुरकृष्ण वैद्यको सहभागिता रहेको थियो । वैठकमा कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण कार्यक्रम संचालन कार्यविधि २०७९ संशोधनका लागि सरोकारवालहरुबाट थप सुझाव संकलन गरी तयार गरिएको कार्यविधि सम्बन्धमा छलफल भएको थियो ।

• लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको मिति २०८०/८/०६ मा कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण कार्यक्रम संचालन कार्यविधि २०८० को दफा २१ बमोजिम कार्यक्रम समन्वय र सहजीकरण समितिको वैठकमा सभापति श्री नरेन्द्र कुमार खड्कको सहभागिता रहेको थियो । उक्त

वैठकबाट कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण कार्यक्रम सम्बन्धमा प्रदेशका उद्योगीहरुलाई जानकारीको लागि अभिमुखीकरण कार्यक्रम आयोजना गरिनुपर्ने सम्बन्धमा छलफल भई निर्णय गरियो । सोही निर्णयानुसार मिति २०८०/०८/१५ मा झापा, २०८०/०८/१८ मा हेटौडा र मिति २०८०/०८/२२ गते बुटवल, रुपन्देही आयोजना गर्ने निर्णय गरियो ।

- मिति २०८०/०८/१५ मा झापामा आयोजना गरिएको अभिमुखीकरण कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ संयोजक संस्थाको रुपमा लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्दले तोकेको थियो । जस अनुसार मेची उद्योग वाणिज्य संघ, झापाले कोशी प्रदेश भित्रका उद्योग वाणिज्य संघ, वस्तुगत संघ र उद्योग प्रतिष्ठानका ४० जना प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

- त्यसैगरी मिति २०८०/०८/१८ गते हेटौडामा आयोजना गरिएको अभिमुखीकरण कार्यक्रममा नेपाल घरेलु तथा साना उद्योग महासंघलाई संयोजक संस्थाको रुपमा तोकिएको थियो । अभिमुखीकरण कार्यक्रममा वाग्मती प्रदेशभित्रका उद्योग वाणिज्य संघ, वस्तुगत संघ र उद्योग प्रतिष्ठानका ४० जना प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

- मिति २०८०/८/२२ गते बुटवल, रुपन्देहीमा केन्द्र तोकिएको संयोजक संस्थाको रुपमा नेपाल उद्योग परिसंघ रहेको थियो । कार्यक्रममा लुम्बिनी प्रदेश भित्रका करिव ४० जना उद्योगीहरु उद्योग वाणिज्य संघ, वस्तुगत संघ तथा उद्योग प्रतिष्ठानहरुको प्रतिनिधित्वको रुपमा सहभागिता रहेको थियो ।

- उक्त अभिमुखीकरण कार्यक्रमहरुमा लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रद्वारा कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण कार्यक्रम संचालन कार्यविधि २०८० सम्बन्धमा प्रस्तुतीकरण गरिएको थियो । साथै प्रस्तुतीकरण पश्चात सहभागीहरुबाट कार्यविधि सम्बन्धमा धारणा प्रस्तुत गरिएको थियो ।

  सहभागीहरुबाट आएका धारणाहरुमा : प्रशिक्षणको अवधि ३ महिनाको अवधि बढाएर ६ महिना गरिनुपर्ने, तालीमको अवधिमा तालिमका लागि प्रयोग हुने पाठ्यवस्तु उद्योग आफैले बनाउनुपर्ने वा अन्यत्र सम्बर्न्धन प्राप्त निकायबाट ल्याउनुपर्ने भएमा लाग्ने खर्च केन्द्रद्वारा भुक्तान गर्नुपर्ने, प्रशिक्षार्थी कामदकारलाई कम्तिमा १८ महिना अवधिसम्म अनिवार्य रोजगारी उपलब्ध गराउनुपर्नेमा अवधि घटाएर १२ महिना गरिनुपर्ने, तालीम अवधि पूरा भए पछि उद्योग रोजगारी दिन बाध्य नहुने, काबु बाहिरको वा विषम परिस्थितिमा बाहेक उद्योगको कारणबाट रोजगारीको सुनिश्चितता नभएमा उद्योगबाट सरकारी बांकी सरह असुल उपर गरिने भन्ने विषयमा बाध्य नहुने, कार्यक्रममा प्रयोग हुने कच्चा पदार्थ केन्द्रद्वारा उपलब्ध गराईदिनु पर्ने, नेपालको तुलनात्मक लाभको क्षेत्र पहिचान गर्नसक्नुपर्ने, १० जना प्रशिक्षार्थी भन्दा कम प्रशिक्षार्थी उपलब्ध हुने उद्योगमा सोही प्रकृतिका अन्य उद्योगसंग मिलेर कार्यक्रम संचालन गर्नपर्ने, १८ महिना रोजगारी साथै प्रमाणपत्र लगायनका प्रावधानहरु हटाउन सकेको खण्डमा यो कार्यविधि उपयोगी हुने, लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको Potal बाट उद्योगले थाहा पाउने व्यवस्था हुनुपर्ने लगायतका कार्यक्रमका आएका थिए ।

## कर तथा राजस्व

- २०८० वैशाख २७ गते माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत समक्ष नेपाल सरकारको आर्थिक वर्ष २०८०/८१ को बजेट एवं आर्थिक ऐनमा समावेश हुनुपर्ने विषयका सम्बन्धमा आफ्ना सवै सदस्यहरुबाट सुझाव संकलन गरी एकमुष्ठ सुझाव पेश गरियो । कार्यक्रममा महासंघका पदाधिकारी, कार्यकारिणी समिति सदस्य, सदस्य संघ संस्थाका पदाधिकारीहरु, संचारमाध्यमहरुको उपस्थिति थियो ।

- सरकारको वार्षिक बजेटमाथि महासंघले जेठ २२ गते धारणा सार्वजनिक गर्दै निजी क्षेत्रलाई आर्थिक बिकासको सम्वाहकको रुपमा आत्मसात गर्दै, महासंघद्वारा प्रस्तुत सुझाव समेत समावेश भएको बजेटले दीर्घकालीन लगानीको सम्भावनालाई बढाए पनि तत्काल मन्दीको असर कम गर्ने उपाय अवलम्बन गर्न नसकेको जनायो । बजेटमा उपभोक्ता र व्यवसायीलाई पर्न सक्ने प्रभावको मुल्यांकन नगरी करको दर र दायरमा गरिएको विस्तारले बजारमा मन्दीलाई कायम राख्ने मात्र नभई थप नकारात्मक प्रभाव पर्ने साथै निर्यातमा अनुदान तीन तीन महिनामा दिइने व्यवस्था बजेटमा समावेश भए पनि संभाव्य निर्यातयोग्य वस्तुको प्रवर्द्धनमा मौन रहेको, धितोपत्र तथा घरजगाको कारोबारमा लाग्ने करको विषयमा पनि आर्थिक विधेयकले अन्यौलता थपिदिएको, बजारमा तरलता प्रवाह, बिकास निर्माण र माग सिर्जनाका लागि आवश्यक निर्माण व्यवसायीहरुको म्याद थप, मुल्य समायोजन र वक्यौता भुक्तानीमा बजेट मौन रहेको धारणा महासंघले राख्यो ।
- कर तथा राजस्व समितिको बैठक हाल सम्म चारपटक बसेको छ । बैठकमा करका सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र प्रशासनिक सुधारका सम्बन्धमा छलफल भएको छ । बैंक तथा वित्तीय संस्थाको मर्जर र एफ.पी.ओ.मा भूतप्रभावि कानून लगाई कर असुल्न नहुने । पाँचतारे र सो भन्दा माथिका तारे होटल तथा लक्जरी रिसोर्टले प्रदान गर्ने सेवामा लाग्ने विलासिता शुल्क हटाउनुपर्ने । मदिरा, चुरोट, सूर्तिजन्य वस्तुवहेकमा लागेको अन्तःशुल्क हटाउनुपर्ने । कर सम्बन्धी विवादको सिघ्र समाधान गर्न आवश्यक संयन्त्र गठन गर्नुपर्ने । मूल्य अभिबृद्धि करको दर घटाउनुपर्ने । औद्योगिक व्यवसायिक ऐनले दिएका सुविधालाई आय कर ऐनमा उल्लेख गर्नुपर्ने । बैंक तथा वित्तीय संस्थालाई लाग्ने संस्थागत आय करको दर २५ प्रतिशत गर्नु पर्ने । कर तिरे पछि करदाताले राज्यबाट पाउने सुविधको सुनिश्चिता गर्नुपर्ने । भन्सार कार्यालयले जाँचपास गरेपछि राजस्व अनुसन्धानले बिचबाटोमा ट्रक रोकेर खानतलासि गर्न नहुने । खुला सीमानाका कारण हुने चोरी पैठारी नियन्त्रण गर्नु पर्ने लगायतका विषयमा छलफल गरी समस्या समाधानका लागि सम्बन्धित निकाय संग पहल गर्ने विषयमा छलफल भएको छ ।
- संवत् २०८० साल साउन १ गते पछि पैठारी हुने तयारी मालवस्तु बजारमा बिक्री वितरणका लागि पठाउनु अघि त्यस्ता मालबस्तुको प्याकिङ्गमा आयातकर्ता र बजार बितरकको पूरा विवरण भएको लेवल लगाएर मात्र पठाउनु पर्ने नयाँ व्यवस्थाले केही असहजता भएकोले भन्सार विभागका महानिर्देशकलाई महासंघको प्रतिनिधी मण्डलले भेटगरी यसलाई थप प्रस्टयाई सहज बनाउन आग्रह गरेको थियो ।
- GIZ- Revenue Administration Support Project को सहयोगमा साना तथा मझौला उद्यमीलाई लक्षित गरी दुईदिनको आयकर र मूल्य अभिबृद्धि कर सम्बन्धी तालिम सम्पन्न भएको छ । यस परियोजनाबाट सातै प्रदेश समेटिने गरी पाल्पामा २०८० जेठ ३० र ३१ गते, कैलाली २०८० असार १८ र १९ गते, डडेल्धुरा २०८० असार २१ र २२ गते, बर्दिया २०८० असार २४ र २५ गते, सुनसरी २०८० श्रावण ८ र ९ गते, कपिलवस्तु २०८० श्रावण १५ र १६ गते, बारा २०८० श्रावण २२ र २३ गते, सर्लाही २०८० श्रावण २५ र २६ गते, मकवानपुर २०८० श्रावण ३० र ३१ गते, पाँचथर २०८० भाद्र ४ र ५ गते, इलाम २०८० भाद्र ७ र ८ गते, धादिङ्गको मलेखु २०८० भाद्र १७ र १८ गते, रामेछाप २०८० भाद्र २२ र २३ गते, बागलुङ्ग २०८० भाद्र २७ र २८ गते, काठमाडौं ( महिला उद्यमी) २०८० असोज ४ र ५ गते, दैलेख २०८० असोज ८ र ९ गते, सुर्खेत २०८० असोज १० र ११ गते, काठमाडौं २०८० असोज १६ र १७, भक्तपुर २०८० असोज ३०, काठमाडौं २०८०

कार्तिक १ गते गरी २० वटा स्थानमा तालिम सम्पन्न भएको छ । तालिममा २३८२ जना उद्यमी तथा तिनका लेखाका कर्मचारि सहभागि थिए ।

उक्त परियोजना अन्तरगत कर सम्बन्धी जानकारी पुस्तिका प्रकाशन भएको छ ।

- नेपाल अडिटर्स एशोसियसन (अडान) ले २०८० श्रावण २० गते करका दरमा बारम्बार हुने परिवर्तनले लगानीका परेको जोखिम विषयक कार्यपत्र माथी कर तथा राजस्व समितिका सभापतिले टिप्पणी तथा राय व्यक्त गर्नूभएको छ ।
- २०८० असोज १० गते बहुदरको मूल्य अभिबृद्धि करका सम्बन्धमा जर्मनीको कर विज्ञ संग महासंघको सचिवालयमा छलफल भएको छ ।
- कर प्रणाली सुधार सम्बन्धी उच्चस्तरीय सुझाव समितिका अध्यक्ष तथा सदस्यहरु र महासंघका पदाधिकारीहरु बिच २०८० मंसिर २४ गते महासंघको सचिवालयमा छलफल भएको छ। उक्त छलफलमा कर प्रणालीमा हुनुपर्ने सुधारका सम्बन्धमा छलफल भएको छ ।
- कर प्रणाली सुधार सम्बन्धी उच्चस्तरीय सुझाव समितिलाई महासंघले सुझाव दिने छ । उक्त सुझाव बनाउने कार्य भइरहेको छ । सुझाव चाटर्ड एकाउन्टेन्ट फर्मले बनाइरहेको छ ।
- कर प्रणालीमा गनुपर्ने सुधारका लागि महासंघका सदस्य वस्तुगत संघहरु र एसोसियट सदस्यहरु संग छलफल भएको छ । साथै, महासंघका सम्पूर्ण सदस्यहरु संग सुझाव माग गरिएको छ ।
- काठमाडौं महानगरमा रहेको स्थानीय राजस्व परामर्श समितिमा महासंघबाट प्रतिनिधित्व भइरहेको छ ।

## निर्यात प्रवर्द्धन

### विद्यमान अवस्था

विश्वका सवै विकसित एवं विकासशिल देशहरुले निर्यात व्यापारलाई आर्थिक विकासको मेरुदण्डको रुपमा अंगिकार गरी यसको विकास एवं प्रवर्द्धनमा निरन्तर तवरले लागि रहेका छन् । तर हाम्रो जस्तो अतिकम विकसित देशको आयात व्यापारको तुलनामा निर्यातको मात्रा निकै कम छ । आ.व. २०७९।८० मा नेपालको कूल बैदेशिक व्यापार रु १७ खर्व ६८ अर्व ८७ करोड भएकोमा निर्यात आयातको अनुपात १ : १०.३ रहेको थियो । निर्यात रु १ खर्व ५७ अर्व मात्र भएको थियो भने आयात रु १६ खर्व १२ अर्व भएको थियो । जस्ले गर्दा रु १४ खर्व ५५ अर्व बराबरको व्यापार घाटा रहेको थियो । यसैगरी आ.व. २०८०/८१ को प्रथम ६ महीनाको अवधिमा नेपालको कुल वैदेशिक व्यापार अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३.५ प्रतिशतले ह्रास आई रु.८४३.११ अर्वमा सीमित हुन पुगेको छ। कुल व्यापारमा निकासी तथा पैठारीको योगदान क्रमशः ८.९ प्रतिशत रहेको छ। यस छ महिनामा कुल निकासी ७.२ प्रतिशतले ह्रास आई रु ७४.९७ अर्व भएको छ। यस छ महिनाको अवधिमा नेपालबाट निकासी भएका प्रमुख वस्तुहरुमा फलाम तथा फलामका उत्पादनहरु, यार्न, ऊनी गलैंचा, तयारी पोशाक, जुस, अलैंची, प्लाइउड, जुट तथा जुटका सामानहरु, उनी फेल्टका उत्पादन, पामतेल, चिया, पश्मिना शल, कुकुर विरालाका आहारा, पिना, जडीबुटी, कपडा, चाऊचाऊ, सिमेन्ट क्लिंकर र तामा तथा तामाका उत्पादन प्रमुख रुपमा रहेका छन ्। चालु आर्थिक वर्ष २०८०/८१ को प्रथम ६ महिनामा कूल व्यापारघाटा रु. ६९३.२० अर्व हुन पुगेको छ ।

यसबाट  के देखिन्छ भने अझै पनि नेपालको अन्तर्राष्ट्रिय व्यापारमा निर्यात प्रवर्द्धनका लागि भएका पहलहरु प्रभावहिन भएको देखिन्छ ।

नेपालको आयात निर्यातको स्थिति निम्न चित्रबाट बुझ्न सकिन्छ ।




विशेषगरी सामुन्द्रिक बन्दरगाहसम्म पहुच नहुनु, चर्को हवाई एवम् कार्गो ढुवानी खर्च, चर्को बैक ब्याजका कारण नेपाली निर्यातका वस्तुहरू छिमेकी मुलुकहरूको दाजोमा महंगो भई न्यून प्रतिस्पर्धात्मक हुनपुगेका छन् । हाम्रो ढुवानी भाडा छिमेकी देशहरूको भन्दा २०– २६ प्रतिशत ले बढि छ जसले गर्दा Cost of doing Business महंगो हुन आउछ ।
सन् २०२६ देखि बंगलादेश र लाओस संगै नेपाललाई पनि संयुक्त राष्ट्र संघले मध्यम आय भएको विकासोन्मुख मुलुकमा स्तरोन्नति गर्दैछ । त्यसपछि अविकसित मुलुकको रूपमा नेपालले पाइरहेको निर्यात भन्सार महशुल रहित बजार, बहुपक्षीय सहयोग र अनुदान एवम् सरसुविधाहरू कटौती हुने छन् र समग्र निर्यात प्रणालीमा ४% ले कमी आउने कुरा अध्ययनले देखाएको छ । त्यसैले स्तरोन्नती पछी त्यसको प्रभाव कम गर्नका लागि अहिले देखिनै तयारी गर्नु पर्दछ ।

## मुख्य विषयहरु

- अन्तर्राष्ट्रियस्तरको मान्यता प्राप्त ल्यावको अभावले गर्दा निर्यात गर्न सकिने विभिन्न निर्यात संभावना भएका वस्तुहरु पनि निर्यात हुन नसकिरहको अवस्था छ । साथै, भन्सार Clearing मा लामो समय लाग्ने र कृषिजन्य वस्तुहरु विग्रेर खेर जाने गरेको ।
- निर्यात गर्ने उद्योगहरुलाई पनि कृषि जस्तै प्राथमिकता क्षेत्र मानी राष्ट्र बैंकबाट कुल ऋण प्रवाहको १३% सहुलियत कर्जा को व्यवस्थ सम्बन्धमा ।
- निर्यातमा नगद अनुदान (Cash Incentive)
- अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तुको निकासी बढाउनका साथै सहज र भरपर्दो रुपमा भुक्तानी प्राप्त गर्नको लागि विद्युतीय व्यापार (e-commerce) कारोबार गर्ने व्यवस्था
- सन् २०२६ पछि नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति हुने हुँदा तत् पश्चात निर्यातमा देखिने थप चुनौतिहरुलाई सम्बोधन गर्नको लागि आवश्यक तयारी

- अमेरिकी सरकारले NEPAL TRADE PREFERENCE PROGRAM (NTPP) मार्फत उपलब्ध गराएको ७७ वस्तुको भन्सार रहित सुविधा सन् २०२५ मा समाप्त हुँदैछ । उक्त NTPP को अवधि थप र निर्यातको प्रचुर संभावना भएका Fast Moving र Core Competence Items लाई पनि समावेश गराउनको लागि पहल
- निर्यातमा जोखिमलाई न्युनिकरण गर्न विश्वव्यापी रुपमा अवलम्बन हुँदै आएको Export Credit Insurance (ECI) नेपालमा पनि लागू गर्न आवश्यक

**हालसम्मका उपलब्धीहरु**

नयां निर्यात प्रबर्द्धन समितिको गठन भएपछि यस अवधीमा समितिका सभापति श्री नरेशलाल श्रेष्ठको अध्यक्षतामा दुई पटक निर्यात प्रबर्द्धन समितिको वैठक बसेको थियो । उक्त बैठकहरुबाट निर्यातमा रहेका समस्याहरुको पहिचान र गर्नु पर्ने कामका बारेमा छलफल भएको थियो जस्तैः आ. व. २०८०/८१ को बजेटमा धैरै जसो कच्चा पदार्थमा भ्याट लाग्ने उल्लेख भएकाले उक्त भ्याट हटाउनको लागि पहल गर्नु पर्ने, आ. व. २०८०/८१ को बजेटमा ढुवानी सेवामा पनि भ्याट लाग्ने उल्लेख भएकाले नेपाली वस्तुको लागत बढ्न जाने हुदा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्प्रर्धा गर्न गाह्रो् हुने भएकोले उक्त भ्याट चभखष्कभ को लागि पहल गर्नु पर्ने, नेपाली निर्यात जन्य वस्तुहरुको प्रदशनीको लागि प्रर्दशनी केन्द्र स्थापनाको लागि पहल गर्नु पर्ने, निर्यातमा रहेका समस्याहरु र तिनीहरुको समाधानका उपायहरु पहिचानका गर्नको लागि निर्यात सम्बन्धी कार्यशाला गोष्ठीको आयोजना गर्ने, सम्भव भए सम्म सबै प्रदेशहरुमा निर्यात प्रबर्द्धन समितिको बैठक आयोजना गर्ने । निर्यात प्रवर्द्धन समितिको प्रतिनिधी मण्डलले माननीय अर्थ मन्त्री श्री प्रकाश शरण महतलाई भेट गरी निर्यात प्रवर्द्धनको लागि गर्नु पर्ने कार्यहरुको बारेमा सुझावहरु पेश गरेको थियो । नेपाल सन् २०२६ मा अल्पविकसीत मूलुकबाट विकासोन्मूख देशमा स्तरोन्नोती हुंदा त्यसले नेपालको समग्र निर्यात क्षेत्रमा कस्तो प्रभाव पार्छ र त्यसको प्रभाव कसरी न्यून गर्न सकीन्छ भन्ने विषयमा सबै निर्यात मुलक वस्तुगत संघका प्रतिनिधीको सहभागितामा मिति २०८० असार २६ गते महासंघमा छलफल कार्यकमको आयोजना गरीएको थियो । नेपाल अल्पविकसीत मूलुकबाट विकासोन्मूख देशमा स्तरोन्नोती हुंदा त्यसले बिभिन्न क्षेत्रको निर्यातमा पार्ने प्रभाव र त्यसको न्यूनिकरणका लागि राय सुझाव संकलन भई नेपाल सरकार लाई उक्त राय सुझाव दिदा त्यसले आगामी निर्यात रणनिती बनाउन सहयोग पुग्ने छ ।

माननीय अर्थ मन्त्री श्री प्रकाश शरण महतलाई भेट गरी निर्यात प्रवर्द्धनको लागि गर्नु पर्ने कार्यहरुको बारेमा सुझावहरु पेश गरे पछि रोक्की रहेको निर्यातमा नगद अनुदान पूनः पद्रान भईरहेको छ ।

**आगामी दिनमा गर्नुपर्ने मूख्य कामहरु**

- हाल पाइरहेको निर्यात नगद अनुदान (Cash Incentive) को लागि उद्योग विभागले छुट्याएको रकमको बजेट सकियो भनेर सिफारिश गर्न बन्द गरेकोले यस सम्बन्धमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र नेपाल राष्ट्र बैंक बीच समन्वय गरी सबै निर्यात भएका वस्तुहरुले निर्वाध रुपमा निर्यात नगद अनुदान पाउने व्यवस्था हुनु पर्ने । हाल निर्यातमा दिँदै आइरहेको नगद प्रोत्साहन ४५ बाट बढाई न्यूनतम १०५ कायम गर्नुपर्ने । बिना कुनै निर्यातको तह अर्थात् रु. ५० करोडको निर्यात गर्नुपर्ने व्यवस्थाको साटो एकै स्वरुपको अनुदान दर रहनुपर्ने र निर्यात बिन्दूबाट निर्यात भएको ३५ दिन भित्र स्वतः उद्योगीको बैंक खातामा रकम जम्मा हुने व्यवस्था गरिनु पर्ने ।
- कच्चा पदार्थ र ढुवानी भाडामा भएको अप्रत्यासित मूल्य वृद्धिका कारण साना उद्योगहरु धराशायी हुने अवस्था रहेको छ । निर्यात गर्ने उद्योगहरुलाई पनि कृषि जस्तै प्राथमिकता क्षेत्र मानी राष्ट्र बैंकबाट

कुल ऋण प्रवाहको १३५ सहुलियत कर्जा कृषि क्षेत्रलाई गर्नुपर्ने बाध्यात्मक व्यवस्था भएजस्तै निर्यातजन्य उद्योगलाई पनि अर्थ मन्त्रालय मार्फत् नेपाल राष्ट्र बैंकलाई सोही प्रकृतिका सुविधा दिन निर्देशन दिई निर्यातलाई राज्यको प्रमुख प्राथमिकतामा राखिनु पर्ने ।

- नेपाल सरकार अर्थ मन्त्रालयद्वारा नेपाली कपडा एवं धागो उद्योगलाई उपलब्ध गराईएको बार्षिक ५५ ब्याजदरको सहुलियतपूर्ण कर्जाको सुविधा नेपाली तयारी पोशाक उद्योगलाई पनि प्रदान गरिनु पर्ने । स्मरण रहोस् Textile and Apparel (RMG) लाई एकै महलमा राख्ने अन्तर्राष्ट्रिय प्रचलन नै छ ।
- अन्तर्राष्ट्रियस्तरको मान्यता प्राप्त ल्यावको अभावले गर्दा निर्यात गर्न सकिने विभिन्न निर्यात संभावना भएका वस्तुहरु पनि निर्यात हुन नसकिरहको अवस्था छ । साथै, भन्सार Clearing मा लामो समय लाग्ने र कृषिजन्य वस्तुहरु विग्रेर खेर जाने गरेको छ । त्यसैले अन्तर्राष्ट्रियस्तरको मान्यता प्राप्त (Accredited Lab) प्रयोगशाला नेपालमै स्थापना गर्नुपर्ने र त्यस्तो खालको प्रयोगशाला स्थापना नहुँदासम्म अन्तर्राष्ट्रियस्तरको मान्यता प्राप्त ल्याव टेस्ट गर्ने कम्पनीको शाखा चाँडै नेपालमा स्थापना गर्नुपर्ने । उक्त ल्याब स्थापना नभए सम्मको लागि नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको गुणस्तर तथा नापतौल विभागलाई आवश्यक बजेट व्यवस्था गरी सक्षम बनाउनुपर्ने ।
- निर्यात प्रवर्द्धनका लागि स्वदेशमा अन्तर्राष्ट्रिय स्तरका क्रेताहरुलाई आमन्त्रण गरी सरकारी स्तरबाट वर्षेनी व्यापार मेला आयोजना गर्नुपर्ने । निर्यात प्रवर्द्धनमा विदेशस्थित नेपाली नियोगहरु र स्वदेशस्थित विदेशी नियोगहरुलाई परिचालन गर्नुपर्ने ।
- अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तुको निकासी बढाउनका साथै सहज र भरपर्दो रुपमा भुक्तानी प्राप्त गर्नको लागि विद्युतीय व्यापार (e-commerce) कारोबार गर्ने व्यवस्था गर्नुपर्ने । यसको लागि विदेशी विनिमय नियमन ऐन २०१९ लाई परिमार्जन गरी यस सम्बन्धी नयाँ व्यवस्था लागु गर्नु पर्ने । अन्तर्राष्ट्रिय बजारमा नेपाली बस्तुको निकासी बढाउनका साथै सहज र भरपर्दो रुपमा व्यवसाय गरी भुक्तानी प्राप्त गर्ने सूचना प्रविधि जस्तैMPayment Gateway-ebay, paypal जस्ता माध्यमहरु अवलम्बन गरी त्यसलाई सहज बनाई यथाशीघ्र प्रयोगमा ल्याउनुपर्ने । यसैगरी, ढुवानीको लागि भरपर्दो सरकारी संयन्त्र हुलाक सेवालाई प्रभावकारी बनाई निर्यातजन्य वस्तु पोका निर्यातको लागि द्रुतसेवा (Express Mail Service) लाई चुस्त र प्रभावकारी बनाई मूल्यमा पनि प्रतिस्पर्धात्मक बनाइनुपर्ने ।
- विदेशमा हुने व्यापार मेला तथा प्रदर्शनीहरुमा बजार सर्वेक्षण तथा अनुसन्धान गरी वस्तु विविधिकरणका आधारमा संभाव्य क्षेत्र पहिचान गरी सहभागिता जनाउन कूल निर्यातको १५ प्लाइउड, फलाम, अदुवा, अलैंची, अम्रिसो, तामा, चाउचाउ, सिसा, गलैंचा, हस्तकला, पशुआहार, तयारी पोशाक, पश्मिना, ऊनी पदार्थ, चिया, प्लाष्टिकका सामान, जडीबुटी, जुस, धागो लगायतका उद्योगलाई निर्यात प्रवर्द्धनका कार्यक्रममा खर्च गर्ने गरी उपलब्ध गराउनुपर्ने ।
- सन् २०२६ पछि नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति हुने हुँदा तत् पश्चात विशेष गरी युरोपियन मुलुकहरुको निर्यातमा देखिने थप चुनौतिहरुलाई सम्बोधन गर्न युरोपियन मुलुकबाट वर्तमान समयमा GSP सुविधा प्रदान हुँदै आएकोमा उक्त सुविधालाई निरन्तरता दिनका लागि र सन् २०२९ पछि युरोपियन लगायतका मुलुकहरुसंग GSP एगिक सुविधा सहजरुपमा माग गर्नका लागि पहल गरिनु पर्ने । यसमा आवद्ध हुनको लागि नेपाल सरकारले अनुमोदन गर्नुपर्ने २७ वटा विभिन्न International Conventions बारे अध्ययन गरी समयमै आफ्नो तयारी पूरा गर्नुपर्ने । GSP एगिक सुविधा पाउन

Double Stage Transformation हुनुपर्ने हुँदा आवश्यक कच्चा पदार्थ उत्पादन गर्ने उद्योग स्वदेशमै खोल्न पहल गर्नुपर्ने ।

- नेपाल राष्ट्र बैंक मार्फत निर्यातजन्य उद्योगलाई चालु पुँजी कर्जा (Working Capital Loan) ८०% सम्म लिन पाउने व्यवस्था हुनुपर्ने ।
- विश्व कोरोना महामारीको कारण सन् २०१९ र २०२० मा धेरै नेपाली व्यवसायी तथा विदेशी केतालाई पनि समस्या भई अर्डर रद्द भएको हुँदा आउने दिनमा विदेशमा गरिने निर्यात
- पश्चात विदेशी मुद्रा आर्जन हुने जोखिमलाई न्युनिकरण गर्न विश्वव्यापी रुपमा अवलम्बन हुँदै आएको Export Credit Insurance (ECI) नेपालमा पनि लागू गर्नको लागि अर्थ
- मन्त्रालयबाट पहल गरिनुपर्ने । यसबाट नियत खराब राखी अर्डर रद्द गराई भुक्तानी नआउने र व्यवसायीको लगानी डुब्ने अवस्थाको अन्त्य हुनेछ ।
- विश्व बैंक नेपाल अफिसबाट प्रकाशित Nepal Development Update 2021 अनुसार वर्तमान समयमा नेपालद्वारा ९ अर्व २० करोड अमेरिकी डलर बराबरको बस्तु र सेवा निर्यात गर्न सकिने सम्भावनालाई बिभिन्न कारणवश गुमाईएको छ । तसर्थ यति धेरै सम्भावना भएको वस्तु तथा सेवाहरुको निर्यात प्रवर्द्धनका लागि राज्यकै तर्फबाट अध्ययन अनुसन्धान गरी तदनुकुल नीतिगत व्यवस्था एवं सुविधा तथा सहुलियतहरु उपलब्ध गराईनु पर्ने । निर्यात हुने विविध वस्तुहरुको निर्यात बढाउन चाल्नुपर्ने कदम सम्बन्धमा सम्बन्धित निकायमा एक अनुसन्धान केन्द्र खोल्नुपर्ने ।
- अमेरिकी सरकारले NEPAL TRADE PREFERENCE PROGRAM (NTPP) मार्फत उपलब्ध गराएको ७७ वस्तुको भन्सार रहित सुविधा सन् २०२५ मा समाप्त हुँदैछ । उक्त NTPP को अवधि थप गरिनुका साथै उक्त कार्यक्रममा निर्यातको प्रचुर संभावना भएका Fast Moving / Core Competence Items लाई पनि समावेश गराउन पहल गरिनुपर्ने । नेपाल तथा संयुक्त राज्य अमेरिकी सरकार बीचको सम्बन्ध थप सौहार्दपूर्ण भएको वर्तमान अवस्थामा नेपाली तयारी पोशाक लगायतका वस्तुहरुलाई संयुक्त राज्य अमेरिकाको बजारमा Multi Fiber Agreement बहाल रहेको बेलामा जस्तै भंसार रहित सुविधा उपलब्ध गराउन विशेष पहल गर्नुपर्ने देखिन्छ । साथै, TIFA Council बैठकको निर्णय कार्यान्वयन गरी निर्यात प्रवर्द्धन गर्नु पर्ने देखिन्छ ।
- कोभिड-१९ को महामारी पश्चात् कार्गो ढुवानीको भाडा धेरै गुणा वृद्धि भई निर्यात लागतमा अत्यधिक चाप पर्न गएको हुँदा सोको उचित व्यवस्थापन हुनुपर्ने । यसका लागि पारवहन विन्दु (Transit point) सम्म राष्ट्रिय ध्वजा बाहकले लागत बराबरकै मूल्यमा (Cost-to-cost basis) ढुवानी सेवा दिनु उपयुक्त देखिन्छ । औद्योगिक सुरक्षाका साथै भविष्यमा कुनै कारणले वन्द हड्ताल हुँदा निर्यातजन्य वस्तुको ढुवानी निर्वाध रुपमा गर्नको लागि अन्तर्राष्ट्रिय प्रचलन अनुसार निर्यातजन्य मालवस्तु ढुवानी गर्ने साधनलाई अत्यावश्यक ठानी Export Cargo Ambulance सरह मान्यता दिने व्यवस्था हुनुपर्ने ।
- विदेशमा काम गरी फर्किएका नेपालीहरुको विमान स्थलमा सीप विवरण संकलन गर्ने व्यवस्था गर्दा विदेशमा सीप सिकेर फर्केका कामदारको पहिचान हुनाका साथै उद्योगलाई आवश्यक कामदार सजिलै उपलब्ध जाने हुँदा सोको कार्यान्वयन गरिनु पर्ने । सरकारले व्यक्ति निर्यात घटाई बस्तु निर्यातमा जोड दिनुको साथै नेपालमा उत्पादित बस्तुका साथै स्वदेशमा उत्पादित बस्तुको प्रयोगका लागि जनचेतनामूलक कार्यक्रम समेत संचालन गरिनुपर्ने ।

- नेपाल सरकारद्वारा छिमेकी मुलुकहरुलाई विद्युत् निकासी गर्नु राम्रै कुरा हो तथापि स्वदेशमै संचालित उद्योगहरुको लागि सस्तो दरमा बिजुली उपलब्ध गराई बजार सहितको विदेशी लगानी (FDI) भित्र्याएर निर्यात बढाउन पहल गर्नुपर्ने ।
- हालको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको नाममा "निर्यात" शब्द समेत थपी उद्योग, वाणिज्य, आपूर्ति तथा निर्यात मन्त्रालयको रुपमा नामाकरण गर्नुपर्ने । यदि तत्काल यसो गर्न नसकिएमा सम्माननीय प्रधानमन्त्रीज्यू अध्यक्ष रहने गरी एक उच्चस्तरीय निर्यात डेस्कको स्थापना हुनुपर्ने । उक्त समितिमा निर्यात सम्बन्धी सरोकारवाला मन्त्रालय तथा निकायहरु जस्तै, अर्थ, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, परराष्ट्र मन्त्रालय, कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, नेपाल राष्ट्र बैंक, राष्ट्रिय योजना आयोग, नेपाल उद्योग वाणिज्य महासंघ लगायत निर्यातमूलक, विषयगत तथा वस्तुगत संघ समेत सदस्य र निर्यात सम्बन्धी जानकार एवम् विषयगत ज्ञाता विद्वान्लाई सल्लाहकार राख्नुपर्ने ।
- वस्तु विविधिकरण अर्न्तगत विश्व बजारमा प्रचलित नयाँ प्रविधिको प्रयोग गरी विविध विषयहरुमा स्वदेशमै दक्ष प्राविधिक तयार गर्न कच्चा वस्तुहरुदेखि निर्यात विन्दूसम्मको आवश्यक ज्ञान र सीपको अध्ययन, विकास र प्रवर्द्धन गर्ने गरी एक निर्यातजन्य प्राविधिक विश्वविद्यालय खोल्नुपर्ने ।
- विशेष आर्थिक क्षेत्रमा जान चाहने उद्योगहरुलाई पाँच वर्षको कर नलाग्ने सुविधा (Tax holiday) प्रदान गरिनुपर्ने । साना तथा मझौला निर्यातजन्य उद्योगहरुलाई उपत्यका नजिकै ५०० रोपनी जग्गा मिलाई ीहउयचत एचयअयतष्यल खीबिनभ को रुपमा स्थापना र प्रवर्द्धन गरिनुपर्ने । यसो गर्दा मझौला साना विदेशी क्रेताहहरुलाई एकै ठाउँमा खरीद गर्न सजिलो हुन्छ ।
- एकै प्रकार र प्रकृतिका कच्चावस्तु र तयारी मालवस्तुमा सरकारद्वारा प्रदान गरिने सेवा, सुविधा र सहुलियतहरु कानूनपिच्छे फरक देखिन गई एकआपसमा बाझिएको हुँदा त्यस्तो
- बाझिएको हदसम्म अमान्य गरी कानूनी झञ्झटहरुबाट मुक्त गरी एकद्वार प्रणालीबाट एकैनाशको सेवा प्रवाह गरिनुपर्ने ।
- अन्तर्राष्ट्रिय स्तरमा स्वस्थ प्रतिस्पर्धा गरी निर्यातलाई प्रभावकारी र अर्थतन्त्रको दरिलो सहयोगी बनाउनका लागि सहुलियतपूर्ण ब्याजदरमा कर्जा उपलब्ध गराउन विशेष पहल गरिनुपर्ने ।
- अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्थाहरुबीच प्रभावकारी समन्वय नहुँदा एकीकृत निर्देशिका अनुसारको सहुलियत सबै उद्योगी व्यवसायीले समान आधारमा पाइरहेका छैनन् । सुविधा पाउने कुरामा बैंकहरुको व्यवहार फरक-फरक देखिन्छ । उद्योगी-व्यवसायीलाई बैंक तथा वित्तीय संस्थाले हेर्ने दृष्टिकोण सबैले सबैलाई एकैनाशको हुनुपर्ने तर्फ माननीय मन्त्रीज्यूबाट विशेष ध्यान जानुपर्ने ।
- SEZ को भाडा महंगो भएका कारण उद्योगीहरु SEZ मा जान अर्न्ईच्छुक भएका छन त्यसैले कार्यविधी संसोधन गरेर भाडालाई घटाउन पर्ने साथै SEZ मा जाने उद्योगहरुलाई पांच वर्षसम्मको लागि कर छुटको व्यवस्था हुन पर्ने ।
- अहिलेको विषम परीस्थितीमा सरकारले आ.व. २०८०/८१ बाट औद्योगीक कच्चा पदार्थ (जस्तैः ऊन, ऊनी धागो, डाईङ आदी) मा मुल्य अभिवृद्धी कर र ढुवानी सेवामा त्म्क लगाइएको छ । जसले गर्दा नेपाली सामानको लागत बढन गई अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तुले प्रतिस्पर्धा गर्न नसक्ने भएकोले नेपालको निर्यात व्यापारमा ह्रास आई झन व्यापार घाटा बढ्ने देखिएको छ । त्यसैले आ.व.

२०८०/८१ को बजेटमा घोषणा भएको औद्योगीक कच्चा पदार्थमा लगाइएको मुल्य अभिवृद्धि कर र ढुवानी सेवामा लगाइएको त्म्क स्थगन हुन पर्ने ।

- निकासी व्यापारमा निर्यातकर्ता व्यवसायीहरुको महत्वपूर्ण भूमिका हुने भएकोले निकासी व्यवसायमा संलग्न निकासीकर्ता व्यवसायीहरुलाई पनि निकासी जन्य उद्योगहरुले पाए सरह निकासीमा नगद प्रोत्साहन र अन्य सुविधाहरु पाउने व्यवस्था हुनु पर्ने ।
- सुन चादी आयातमा उच्च भन्सार महसुल लाग्नाले नेपाली सुन चादीका गरगहना तथा वस्तुहरुको लागत मूल्य बढ्न गई बिदेशी बजारमा प्रतिस्पर्धी क्षमता घट्दै जानुको साथै निकासी व्यापार अनौपौचारिक हुने तर्फ उन्मुख हुदै गएको छ । निकासी प्रयोजनको लागि उद्योगी व्यवसायीहरुलाई कच्चा सुन चादी सहजरुपमा निरन्तर रुपमा उपलव्ध गराउनु पर्ने । साथै सुन चादीका हस्तकलाका वस्तु र गरगहना निकासी गर्ने निकासीकर्ताहरुलाई duty drawback को व्यवस्था हुनु पर्ने ।

***कार्यक्रममा सहभागिता :***

- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय । चालु आ.व २०८०/८१ को वजेटमा उल्लेख निर्यातमा प्रदान गरिने नगद अनुदानलाई तीन तीन महिनमा भुक्तानी हुने व्यवस्था र विद्यमान कार्यविधि २०७९ आवश्यकता अनुरुप पुनरावलोकन गर्ने प्रावधान अनुसार अनुदान भुक्तानी प्रकृयालाई सरलीकरण गर्ने सम्बन्धी छलफल कार्यकममा निर्यातकर्ताले निर्यात भएको भन्सार बिन्दुमा नै सबै डकुमेन्ट बुझाउने (एक द्वार प्रणाली) र त्यहाबाट सिधै नेपाल राष्ट्र बैक पठाउने व्यवस्था मिलाउनु पर्ने यसरी डकुमेन्ट बुझाएको १५ दिन भित्र निर्यातकर्ताको खातामा निर्यात नगद अनुदान जम्मा हुन पने, एकै प्रकारका वस्तुहरुको लागि सबै कम्पनीहरुले भ्यालु एड (Value add) गरी राख्न नपर्ने गरी वस्तुगत संगको सिफारीसमा एक कम्पनीको को लागि भ्यालु एड भए पुग्ने व्यवस्था गर्नु पर्ने, निर्यात गर्ने कम्पनीहरुलाई पनि निर्यात नगद अनुदान प्रदान गर्नु पर्ने लगायतका सुझावहरु प्रस्तुत भएको थियो । कार्यक्रममा समतिकि सभापतिको उपस्थिति रहेको थियो ।
- मिति २०८० भदौ ४ गते भन्सार बिभागले आयोजना गरेको Authorized Business person (ABP) and Expedited Shipments सम्बन्धी छलफल कार्यकममा यो विषयमा आयात तथा निर्यातकर्तालाई जानकारी गराउनु पर्ने, भन्सार व्यवसायी मैत्री हुन पर्ने जसले गर्दा व्यवसायीको समय र खर्चको बचत हुने लगायतका सुझावहरु प्रस्तुत गरिएको थियो । कार्यक्रममा समितिका उपसभापतिज्यूको उपस्थिति रहेको थियो ।
- मिति २०८० माघ २ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आयोजना गरेको निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधी, २०७५ को समितिको बैठकमा निर्यातकर्ताले निर्यात भएको भन्सार बिन्दुमा नै सबै डकुमेन्ट बुझाउने (एक द्वार प्रणली) र त्यहाबाट सिधै नेपाल राष्ट्र बैक पठाउने व्यवस्था मिलाउनु पर्ने यसरी डकुमेन्ट बुझाएको १५ दिन भित्र निर्यातकर्ताको खातामा निर्यात नगद अनुदान जम्मा हुन पने, एकै प्रकारका वस्तुहरुको लागि सबै कम्पनीहरुले भ्यालु एड (Value add) गरी राख्न नपर्ने गरी वस्तुगत संगको सिफारीसमा एक कम्पनीको को लागि भ्यालु एड भए पुग्ने व्यवस्था गर्नु पर्ने, निर्यात गर्ने कम्पनीहरुलाई पनि निर्यात नगद अनुदान प्रदान गर्नु पर्ने लगायतका सुझावहरु प्रस्तत् गरिएको थियो । कार्यक्रममा समितिका सभापतिज्यूको सहभागिता रहेको थियो ।
- मिति २०८० माघ १५ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आयोजना गरेको ब्रान्डिङ र प्याकेजिङ्ग सम्बन्धी छलफल कार्यकममा समितिका उप सभापतिज्यूको सहभागिता रहेको थियो ।
- मिति २०८० माघ २१ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आयोजना गरेको NTIS सम्बन्धी राष्ट्रिय निर्देशक समितिको बैठकमा समितिका सभापतिज्यूको सहभागिता रहेको थियो ।

**बैंक, वित्तिय तथा बीमा**

- आ.व. २०७९।८० को मौद्रिक नीतिमा भएका कतिपय व्यवस्थाहरु कार्यान्वयन हुन नसकेको र उद्योग व्यवसाय सञ्चालन एवं विस्तारका लागि केहि नीति तथा कार्यक्रम परिमार्जन एवं थप गर्नुपर्ने

रायसहित तेस्रो त्रैमासिक समिक्षाको लागि सुझाव तयार गरी नेपाल राष्ट्र बैंक पठाइएको थियो । समिक्षामार्फत आर्थिक गतिविधिहरु शिथिल हुंदा उद्यमी व्यवसायीहरुमा कर्जाको सावा ब्याज तिर्न सक्ने क्षमता कम हुँदै गएको सन्दर्भमा आंशिक रुपमा ऋणको पुर्नतालिकीकरण र पुर्नसंरचनाको सुविधा दिएको थियो ।

होटल तथा रेस्टुरेन्ट, पशुपंक्षी पालन, निर्माण क्षेत्रसंग सम्बन्धित कर्जा र पांच करोडसम्मको अन्य क्षेत्रमा प्रवाह भएको कर्जालाई २०८० असार मसान्तभित्र पुनर्संरचना र पुनर्तालिकीकरण गर्न सक्ने सुविधा दिएको थियो । यसै सम्बन्धमा यो व्यवस्था निर्माण व्यवसाय क्षेत्रसंग सम्बन्धित कर्जाको लागि मात्र भएको र सिमेण्ट, छड उद्योगसंग सम्बन्धित कर्जाको लागि नभएको ब्याख्या आएको हुंदा यस सम्बन्धमा स्पष्ट पारिदिन राष्ट्र बैंकलाई अनुरोध गरिएको थियो । उपरोक्त सम्बन्धमा केन्द्रीय बैंकले थप सूचना प्रकाशित गरी यो व्यवस्था सिमेण्ट छड व्यवसायसंग सम्बन्धित उद्योगलाई समेट समेटेको जानकारी गराएको थियो ।

- नेपाल राष्ट्र बैंकले सार्वजनिक गर्ने आ.व. २०८०।८१ को मौद्रिक नीतिमा समावेश हुनका लागि महासंघको तर्फबाट सुझाव तयार गर्न पटक पटक बैठक बसेको थियो । सुझाव मुख्यतया कर्जाको व्याजदर घटाउने तर्फ केन्द्रित रही तयार गरिएको थियो ।

- निजी क्षेत्रका छाता संगठन नेउवामहासंघ, परिसंघ र नेपाल चेम्बर अफ कमर्शको संयुक्त आयोजनामा मिति २०८० असार २१ गते एभरेष्ट होटलमा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीको प्रमुख आतिथ्यतामा आ.व. २०८०।८१को पूर्व मौद्रिक नीति अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा निजी क्षेत्रबाट तयार गरिएका सुझाव संयुक्त रुपमा गभर्नरलाई हस्तान्तरण गरिएको थियो । सुझावमा समेटिएका मुख्य विषय निम्न वमोजिम रहेका थिए ।
  - हालको परिस्थितिमा बैंकिङ्ग प्रणालीमा करिव चार खर्ब अधिक तरलता भएपनि निजी क्षेत्रको न्यून मागको कारण बैंकहरुले लगानी गर्न सकिरहेका छैनन् । उच्च बेस रेटको कारण व्याजदर पनि उच्च अंकमा नै रहने हुंदा यो अवस्था सिर्जना भएको स्थिति मनन गरी बेसरेटलाई तल झार्नुपर्ने ।
  - व्याजदर बृद्धि गर्दा पनि निक्षेप बढ्न नसकेको र निक्षेप अस्थिरता हेरी Net Liquidity Asset लाई २० बाट १५ प्रतिशतमा ल्याइनुपर्ने जसले गर्दा बजारमा करिब २५० अर्ब बढी तरलता प्रवाह हुन जान्छ ।
  - छोटो समयका आवधिक मुद्दतीमा फरक व्याजदर कायम गरिनुपर्ने ।
  - नेपालको वैदेशिक व्यापारको दुइतिहाई व्यापार छिमेकी देश भारतसंग हुने हुंदा त्यहांको व्याजदर स्थिति, भारतीय रिजर्भ बैंकले अवलम्बन गरेका उपकरणहरुको अध्ययन गरी त्यसको सेरोफेरोमा ल्व्द्य ले पनि नीति बनाउनु पर्ने ।
  - संस्थागत निक्षेपमा निश्चित अवधि (कम्तिमा पांच वर्ष) को लागि स्थिर व्याजदर दिइने व्यवस्था हुनुपर्ने ।
  - चालुपूंजी कर्जाको सदुपयोग भए नभएको अनुगमन गरी दुरुपयोग गर्नेलाई कारवाही गर्ने व्यवस्था गर्ने तथा ऋणी र बैंकबिचको आपसी समझदारीमा चालुपूंजी कर्जा उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने ।
  - विगत दुई आ.व.मा Rate of Return (ROE) तीन प्रतिशत भन्दा माथि भएका कम्पनीहरु पुनरकर्जाको लागि योग्य नहुने व्यवस्था परिमार्जन गरिनुपर्ने ।

- नेपाल राष्ट्र बैंकले आ.व. २०८०।८१ को लागि श्रावण ७ गते आइतबार मौद्रिक नीति सार्वजनिक गरेको थियो । मौद्रिक नीतिमाथि निजी क्षेत्रले संयुक्तरुपमा धारणा सार्वजनिक गरेको थियो । नीतिले विद्यमान अर्थतन्त्रका समस्या समाधान गर्न नसक्ने निजी क्षेत्रले महसुस गरेको छ । उच्च व्याजदर, न्युन माग, नगद प्रवाहमा भएको समस्या, न्युन उत्पादन एवं रोजगारी कटौती, निजी क्षेत्रको घट्दो मनोबल तथा नयां लगानीका योजना स्थगन लगायतका विद्यमान अर्थतन्त्रका चुनौतीहरुको सामना गर्ने गरी मौद्रिक नीति आउने अपेक्षा निजी क्षेत्रको थियो । तर, मौद्रिक नीतिमार्फत केन्द्रिय बैंकले लिएको नीतिले अर्थतन्त्रलाई मन्दिको अवस्थाबाट उकास्न सहयोग पुग्ने आधार नदेखिएको धारणा प्रस्तुत भएको थियो ।
- व्यवसायजन्य वीमा जस्तै सम्पत्ति वीमा, वीमा दर आदि सम्बन्धमा सदस्यहरुसंग सुझाव माग गरिएको र सोही सुझावहरुका आधारमा मिति २०८० श्रावण १९ गते नेपाल वीमा प्राधिकरणका अध्यक्ष श्री सूर्य सिलवालसंग वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठसहित, उपाध्यक्ष ज्योत्सना श्रेष्ठ तथा समिति सभापति आनन्द वगरियाले भेट गरी सुझाव प्रस्तुत गरिएको ।
- २०८० श्रावण १८ गते "आ.व. २०८०।८१ को मौद्रिक नीति र आर्थिक ऐनमा र भएका व्यवस्था र यसको प्रभाव" विषयमा आर्थिक पत्रकारहरुलाई जानकारी गराउन कार्यक्रम गरिएको । वरिष्ठ चार्टर्ड एकाउण्टेण्ट सुदर्शनराज पाण्डेले आर्थिक र मौद्रिक नीतिमा भएका परिवर्तित व्यवस्था विषयमा आर्थिक पत्रकारहरुलाई थप स्पष्ट जानकारी प्रदान गर्नुभएको थियो ।
- चालु पुंजी कर्जासम्बन्धी मार्गदर्शन २०७९: नेपाल राष्ट्र बैंकले आ. व. २०८०।८१ को मौद्रिक नीतिमा बैंक तथा वित्तीय संस्थाको सुझाव समेतको आधारमा चालु पुंजी कर्जासम्बन्धी मार्गदर्शनमा आवश्यक पुनरावलोकन गरिने व्यवस्था गरेको थियो । सोही विषयलाई आधार मानेर महासंघले बैंकर्स संघका पदाधिकारीसंग बैठक बसी २ करोड भन्दा बढी चालू पूजी कर्जाको सीमा निर्धारण गर्दा २५ प्रतिशत मात्र गरिनु अव्यवहारिक हुने भएकोले व्यवसायको प्रकृति अनुसार बैंक स्वयमले निर्धारण गर्न पाउनु पर्ने साथै व्यवसाय र उत्पादनमूलक उद्योगको कर्जा सीमामा भिन्नता गरिनु पर्ने लगायतका सुझाव संयुक्त रुपमा सुझाव तयार गरी राष्ट्र बैंकलाई प्रस्तुत गरिएको थियो ।
- केन्द्रीय बैंकले २०८० भाद्र ११ गते मार्गदर्शनको दोस्रो संशोधन गर्दै महासंघद्धारा उठाउंदै आएका मागहरु आंशिक रुपमा संबोधन गरेको थियो । व्यवसाय र उत्पादनमूलक उद्योग क्षेत्रको चालु पूंजी कर्जाको सीमा निर्धारण गर्दा फरक गरिनुपर्ने सुझाव यो पटकको संशोधनले समेटेको छ । साथै संशोधनमा सम्बन्धित बैंकले उद्योगको प्रकृति अनुसार अधिकतम ५० प्रतिशत सीमा निर्धारण गर्न सक्ने व्यवस्था गरेको छ । यस संशोधनले गरेका व्यवस्थालाई सकरात्मक रुपमा लिंदै महासंघले आफ्नो धारणा सार्वजनिक गरेको थियो ।
- भाद्र ११ मा राष्ट्र बैंकले जारी गरेको एकिकृत निर्देशनमा तत्काल संसोधन गर्नु पर्ने सुझाव सहित कर्जा सम्बन्धमा गरिएको व्यवस्थाप्रति महासंघले गम्भीर ध्यानाकर्षण गराएको छ । एकिकृत निर्देशनमा ***"कुनै पनि कर्जा निष्कृय वर्गमा (पुनर्संरचना र पुनर्तालिकीकरण बाहेक) वर्गीकरण भएमा कर्जाको भाखा नाघेको बक्यौता रकम भुक्तानी गरी लगातार ६ महिनासम्म कर्जाको किस्ता वा ब्याज नियमित भएको अवस्थामा मात्र असल वर्गमा स्तरोन्नति गरी सोहि बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्ने व्यवस्था गरिएको छ ।"***

  यसैगरि ***"कुनै समुहभित्रको कुनै एक ऋणीले लिएको कर्जा निष्कृय वर्गमा वर्गीकरण भएमा समुहमा रहेका अन्य ऋणीहरुको उक्त ऋणीसंगको व्यावसायिक अन्तर्सम्बन्धबाट पर्ने असरको विश्लेषण गरी***

***उक्त ऋणीबाट प्रत्यक्ष रुपमा प्रभावित हुने समुहका अन्य ऋणीहरुलाई समेत सोहि निष्कृय वर्गमा वर्गीकरण गर्नु पर्ने व्यवस्था पनि गरिएको छ।"*** यी दुइ प्रावधानले निजी क्षेत्रलाई हतोत्साही वनाउनुका साथै बैंक वित्तिय संस्थाको खराब कर्जा अनुपात बढ्न गई अर्थतन्त्रमा नै प्रतिकुल असर पर्ने देखिएकोले यसमा तत्काल संशोधन गर्नु पर्ने सुझाव सहित आफ्नो धारणा सार्वजनिक गरेको थियो ।

- यस सम्बन्धमा २०८० मंसीर १५ मा राष्ट्र बैंकले परिपत्र जारी गर्दै जे.भी. मा आवद्ध कुनै फर्म/कम्पनी कालोसूचीमा परेको कारणले मात्र सोही जे.भी. मा आवद्ध अन्य फर्म/कम्पनीहरुलाई **कालोसूचीमा राख्न अनिवार्य नहुने** व्यवस्था गरेको थियो।
- त्यसैगरी ऋणिलाई कालोसूचीमा समावेश गर्नुपूर्व ऋणीले सुरक्षणस्वरुप राखेको **धितो लिलाम गरी असुली** गर्नुपर्नेछ। यस्तो सुरक्षणबाट भएको असुली पर्याप्त नभई बैंकको लेना रकम बाँकी रहेमा सोको भुक्तानीका लागि जमानतदातालाई **९० दिनको** समय प्रदान गर्नुपर्नेछ। सो सूचना अवधिपश्चात मात्र जमानतदातालाई कालोसूचीमा समावेश गर्नुपर्ने व्यवस्था गरेको थियो ।
- आ.व. २०८०।८१ को मौद्रिक नीति प्रथम त्रैमासिक समिक्षामा समावेश हुनुपर्ने विषयहरु समेटेर महासंघबाट सुझाव तयार गरी नेपाल राष्ट्र बैंकमा पठाइएको ।

  सुझावमा विषेशगरी नेपालको विद्यमान अर्थतन्त्र संवेदनशील मोडमा रहेको अवस्थालाई ध्यानमा राखी मौद्रिक नीतिको समिक्षा गर्न अनुरोध गरिएको थियो। बैंक वित्तिय संस्थाहरुसँग करिब ५ खर्ब रुपैयँ लगानीयोग्य रकम रहेको तर बजारको न्युन मागका कारण आर्थिक गतिविधि सुस्ताएर लगानी विस्तार हुन सकेको छैन। यसले राजस्वमा समेत नकारात्मक असर परेको छ। चालु आर्थिक वर्षमा बाऽ्य क्षेत्र सन्तुलत तथा सोधनान्तर अवस्था निरन्तर सकारात्मक रहेको, तर पनि अर्को तर्फ, उद्योगहरु ३० प्रतिशतभन्दा कम उत्पादन क्षमतामा चलिरहेका छन्। साना तथा मझौला व्यवसायीका कैयौं सटरहरु बन्द भएका छन्। कृषि उत्पादनले थप बजार गुमाउदै छन्। विदेशिनेहरुमा साना व्यवसाय वा कृषि गरिरहेका युवाहरु बढि छन्। विगत दश बर्षको बैंकदर, नीतिगत दर, ब्याजदर र लगानीबीचको सम्बन्ध समेत हेर्दा अर्थतन्त्र चलायमान बनाउन केन्द्रीय बैंकको भूमिका महत्वपूर्ण रहने हुंदा अर्थतन्त्रलाई मन्दीबाट बाहिर ल्याउन **निजी क्षेत्रलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने** तर्फ मौद्रिक नीतिको समिक्षाले पहल गर्नुपर्ने विषय सुझावमा समेटिएका थिए।
- **केन्द्रीय बैंकको मौद्रिक नीतिको समिक्षा तथा परिपत्रमार्फत महासंघले प्रस्तुत गरेका सुझावहरु निम्नवमोजिम आंशिक रुपमा सम्वोधन भएका थिए।**
  - विद्यमान मुद्रास्फीतिलाई प्रभाव पार्ने विभिन्न पक्षहरुको विश्लेषण, शोधनान्तर स्थिति र निजी क्षेत्रतर्फ जाने बैंक कर्जाको वृद्धिदरलाई दृष्टिगत गरी **बैंक दरलाई ७.५ प्रतिशतबाट घटाई ७ प्रतिशत, नीतिगत दरलाई ६.५ प्रतिशतबाट घटाई ५.५ प्रतिशत र निक्षेप संकलन बोलकबोल दरलाई ४.५ प्रतिशतबाट घटाई ३.० प्रतिशत कायम गरिएको छ।** *यसले महासंघको सुझाव अनुरुप मुद्यति निक्षेपको ब्याजदर घट्न सहयोग पुग्नेछ।*
  - बैंक तथा वित्तीय क्षेत्रमा नियतवश कर्जा भुक्तान नगर्ने ऋणीहरु उपरको कारवाहीलाई थप प्रभावकारी बनाउंदै **परिस्थितिजन्य कारणले समस्यामा परेका ऋणीहरुलाई कर्जा पुनरसंरचना र पुनरतालिकीकरण** लगायतका माध्यमबाट सहजीकरण गर्न बैंकहरुले बक्यौता ब्याजको दश प्रतिशत रकम असूल गरी **२०८० चैत मसान्तसम्मको अवधि** कायम गरी पुनरसंरचना गर्न सक्ने क्षेत्रहरुको

विस्तार गरेको छ। *महासंघले पुर्नसंरचना र पुर्नतालिकीकरणको अधिकार बैंक र ऋणीलाई नै दिन माग गरेको थियो।*

- बैंक तथा वित्तीय संस्थाले प्रदान गर्ने **रियल स्टेट कर्जा र रु.५० लाखभन्दा बढीको सेयर धितो कर्जाको जोखिम भार घटाई १२५ प्रतिशत** कायम गरेको। रु.५० लाख सम्मको आवास कर्जाको हकमा **मासिक किस्ता आम्दानी अनुपात बढाई ६० प्रतिशत** कायम गरेको छ। यसले घरजग्गा र सेयर बजारलाई चलायमान बनाउनेछ। *हामीले घरजग्गा र शेयर बजार पनि अर्थतन्त्रको मुख्य हिस्सा रहेकोले यसमा सहजीकरणको माग गर्दै आइरहेका थियौं।*
- ननडेलिभरेबल फरवार्ड कारोवार र **स्थानीय विप्रेषण कारोवारको सीमासम्बन्धी व्यवस्थामा पुनरावलोकन गरिनेछ।** आन्तरिक विप्रषण सेवा रोकिंदा गाउंमा रहेका अनौपचारिक क्षेत्रमा काम गर्ने र न्युन आय वर्ग बढि प्रभावित थिए।
- लघुवित्त वित्तीय संस्थाले आफ्नो नियमित सम्पर्कमा रहेका तर परिस्थितिजन्य कारणले समस्यामा परी कर्जालाई नियमित गर्न नसकेका ऋणीहरुले **कर्जा पुनरसंरचनाका लागि संस्थामा २०८०** चैतसम्म निवेदन दिएमा त्यस्ता ऋणीहरुको कर्जालाई पुनरसंरचना गर्न सक्ने व्यवस्था गरेको छ।
- ब्याज पुंजीकरण गरिएको परियोजना व्यावसायिक रुपमा सञ्चालनमा आएको अवस्थामा Interest Capitalization Term Loan (ICTL) मा रहेको सम्पूर्ण रकमलाई Interest Capitalize Reserve (ICR) बाट घटाई संचित मुनाफा हिसाबमा सार्न सकिने व्यवस्था गरेको छ।

## स्थल यातायात तथा पारवहन

### विद्यमान अवस्था

नेपालको भौगोलिक विशेषता जस्तै भुपरिबेष्टित राष्ट्र, पहाडी भूभाग र अविकसित पूर्वाधारहरुका कारण नेपाली लोजिष्टिक्स क्षेत्र निकै चुनौतीपूर्ण रहेको छ। देशको आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेलिरहेको यस क्षेत्रलाई अगाडी बढाउनका लागि यस क्षेत्रसंग प्रत्यक्ष जोडीएका पाटोहरु जस्तै यातायात पूर्वाधार, हवाई क्षेत्र, बन्दरगाहहरुसंगको पहुँच, परिवहन समस्या, आदिलाई समय सापेक्ष परिमार्जित गरि लोजिष्टिक्स प्रणालीमा सुधारका ल्याउन अति आवश्यक भएको छ। २०७९ फाल्गुन सम्म १७ हजार ४ सय ८० किलोमिटर कालोपत्रे, ७९५६ किलोमिटर ग्रावेल र ८,६६४ किलोमिटर कच्ची सडक गरी हालसम्म संघीय सरकारबाट निर्माण भएको सडकको लम्बाइ ३४ हजार १ सय किलोमिटर पुगेको छ। कुल सडकमध्ये कालोपत्रे ५१.३ प्रतिशत, ग्रावेल २३.३ प्रतिशत र कच्ची सडक २५.४ प्रतिशत रहेको छ। नेपालमा अहिले ४० लाखको हाराहारी जति सवारी साधन दर्ता छन्। ती मध्ये करिब २० लाख सवारी काठमाडौ उपत्यकमा मात्र गुडिरहेका छन्। जसमध्ये करिब ७० प्रतिशत मोटरसाइकल , १२ प्रतिशत निजी कार छन् भने सार्वजनिक सवारी ४ प्रतिशत हाराहारी मात्र छन्। बर्सेनि १५-१७ प्रतिशतका दरले निजी गाडी बढिरहेका छन्। जसरी गाडीमा बृद्धि भईरहेको छ सो अनुसारको सडक विस्तार र ट्राफिक व्यवस्थापन भएको पाईदैन। Yes Parking लेखेको काहिपनि देखिदैन, No Parking लेखिएको जताततता देख्न पाईन्छ। जसले गर्दा काठमाडौ लगायत देशका अन्न ठाउहरुमा ढुवानीका साधनहरुको लागि पर्किङ्गको व्यवस्था नहुदा समस्या भईरहेको छ।

नेपालमा हाल छ वटा सुक्खा बन्दरगाह (वीरगंज, भैरहवा, तातोपानी, रसुवा, चोभार, दोधारा चाँदनी) रहेका छन। यसै गरी चार वटा एकीकृत जाँच चौकी (वीरगंज एकीकृत जाँच चौकी, विराटनगर, भैरहवा, नेपालगञ्ज) रहेका छन्।

## मुख्य विषयहरु

क. आ.व. २०८०/८१ बाट ढुवानी सेवामा मुल्य अभिवृद्धी कर लगाइएको ।

ख. VCTS को नाममा प्रहरीवाट ढुवानीका साधनहरुलाई बीच बीचमा रोकेर दुःख दिने गरेको र राजश्व अनुसुन्धन कार्यलयमा लगि धेरै दिन सम्म ढुवानीका साधनहरुलाई रोक्ने गरेको ।

ग. मल्टीमोडल लजिस्टिक पार्क र निजी क्षेत्रमा ऋँकरक्ष्ऋम सम्भाव्यता सम्बन्धी अध्ययन ।

### हालसम्मका उपलब्धीहरु

स्थल यातायात तथा पारवहन समितिको गठन भएपछि यस अवधीमा समितिका सभापति श्री शिव प्रसाद घिमीरेको अध्यक्षतामा तीन पटक समितिको वैठक बसेको थियो । उक्त बैठकहरुबाट पारवहनमा रहेका समस्याहरुको पहिचान र गर्नु पर्ने कामका बारेमा छलफल भएको थियो । स्थल यातायात तथा पारवहन समितिले आगामी तीन वर्षको समितिको कार्ययोजना तयार पारेकोछ । आ. व. २०८०/८१ को बजेटमा ढुवानी सेवामा पनि भ्याट लाग्ने उल्लेख भएकाले उक्त भ्याट फिर्ताको लागि पहल भएको थियो । ढुवानी तथा पारवहन संग सम्बन्धीत निजी क्षेत्र र नेपाल सरकारकारका सरोकारवाला निकायहरु सहितको उपस्थितीमा यस क्षेत्रमा रहेका समस्याहरुको पहिचान र तिनीहरुको समाधानका उपायहरु पहिचान गर्नको लागि बृहत छलफल कार्यकमको आयोजना गर्ने । मिति २०८० साल असार २० गते भन्सार बिभागले आयोजना गरेको भन्सार सहजीकरण सम्बन्धी छलफल कार्यकममा समितिका सभापति श्री शिव प्रसाद घिमिरे सहभागी हुन भई भन्सारमा हुने ढिला सुस्तीलाई छिटो छरितो गर्नु पर्ने, भन्सारको आधुनिकरण गर्नु पर्ने, भन्सार ढुवानी मैत्री हुन पर्ने कुराहरु व्यक्त गर्नु भएको थियो । मिति २०८० भदौ ४ गते भन्सार बिभागले आयोजना गरेको Authorized Business person (ABP) and Expedited Shipments सम्बन्धी छलफल कार्यकममा समितिका सभापति श्री शिव प्रसाद घिमिरे सहभागी हुन भई वस्तुमा लेवलिङ गर्दा सबैमा एउटै प्रकारको तरीका लागु नहुन सक्छ। त्यसैले वस्तुको प्रकृती हेरी लेवलिङको नियम लागु गर्नु पर्छ भन्ने कुराहरु राख्नु भएको थियो ।

## आगामी दिनमा गर्नुपर्ने मूख्य कामहरु

- ढुवानी तथा पारवहन संग सम्बन्धीत निजी क्षेत्र र नेपाल सरकारकारका सरोकारवाला निकायहरु सहितको उपस्थितीमा यस क्षेत्रमा रहेका समस्याहरुको पहिचान र तिनीहरुको समाधानका उपायहरु पहिचान गर्नको लागि बृहत छलफल कार्यकमको आयोजना गर्नु पर्ने ।

- VCTS को नाममा प्रहरीवाट ढुवानीका साधनहरुलाई बीच बीचमा रोकेर दुःख दिने गरेको र राजश्व अनुसुन्धन कार्यलयमा लगि धेरै दिन सम्म ढुवानीका साधनहरुलाई रोक्ने गरेकोछ । यसैले यस क्षत्रमा संलग्न व्यवसायीहरुलाई निकै गाह्रो भईरहेकोले यो समस्या समाधानको लागि सरकारका सम्बन्धीत निकायहरुमा पहल गर्नु पर्ने ।

- आ.व. २०८०/८१ बाट ढुवानी सेवामा मुल्य अभिवृद्धी कर लगाइएको छ । जसले गर्दा प्रत्यक्ष रुपमा नेपालको समग्र ढुवानी सेवा प्रभावीत हने भएकोले मुल्य अभिवृद्धी कर लाई स्थगनको लागि पहल गर्नु पर्ने ।

- ECTS को नाममा नेपाली ढुवानी व्यवसायीहरूले प्रत्येक कण्टेनरको लागि रू ३५०० रकम तिर्दै आईरहेकोले यसबारेमा पनि छलफल गरी यसलाई व्यवस्थीत गर्नु पर्ने ।

- नेपाल पारवहन तथा गोदाम व्यवस्थान कं. लि. ले कोलकोता पोर्ट र हल्दिया पोर्ट एरियामा रहेको जमिनमा आवश्यक पूर्वाधारहरू निर्माण गरी नेपाली आयात/निर्यातका सामान तथा कन्टेनरहरू

राख्नको लागि प्रयोगमा ल्याउन जरुरी देखिएको र सो पूर्वाधार निर्माण गर्नमा कम्पनी स्वयम् सक्षम नभएमा निजी क्षेत्रसँग साझेदारी गरी Public Private Partnership model मा आवश्यक पूर्वाधार निर्माण गरी संचालन गर्नेतर्फ पहल गर्नु पर्ने ।

- मिति २०८० साल असार २० गते भन्सार बिभागले आयोजना गरेको भन्सार सहजीकरण सम्बन्धी छलफल कार्यकममा भन्सारमा हुने ढिला सुस्तीलाई छिटो छरितो गर्नु पर्ने, भन्सारको आधुनिकरण गर्नु पर्ने, भन्सार ढुवानी मैत्री हुन पर्ने लगायतका विषयमा सुझावहरु प्रस्तुत गरिएको थियो । कार्यक्रममा समितिका सभापति, सहसभापति एवं सल्लाहकारज्यूको सहभागिता रहेको थियो ।
- मिति २०८० भदौ ४ गते भन्सार बिभागले आयोजना गरेको Authorized Business person (ABP) and Expedited Shipments सम्बन्धी छलफल कार्यक्रममा वस्तुमा लेवलिङ्ग गर्दा सबैमा एउटै प्रकारको तरीका लागु नहुन सक्छ । त्यसैले वस्तुको प्रकृती हेरी लेवलिङ्गको नियम लागु गर्नुपर्ने, भन्सारमा हुने ढिला सुस्तीलाई कसरी हटाउन सकिन्छ त्यसको लागि भन्सारबाट पहल गर्नु पर्ने लगायतका सुझाव प्रस्तुत गरिएको थियो । कार्यक्रममा समितिका सभापतिज्यूको सहभागिता रहेको थियो ।

## स्वास्थ्य तथा विपद् व्यवस्थापन

नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी समिति सदस्य एवं स्वास्थ्य तथा विपद व्यवस्थापन समितिका सभापति श्री भक्त बहादुर हमालको सभापतित्वमा मिति २०८० अषाढ २२ गते महासंघको सचिवालयमा पहिलो बैठक वसेको थियो । उक्त बैठकमा समितिका उपसभापति, सदस्यहरू, सल्लाहकारहरू एवं आमन्त्रित सदस्यहरूलाई स्वागत गर्नुहुदै सभापति श्री हमालले समिति गठनको पृष्ठभूमि, महासंघले स्वास्थ्य एवं विपद सम्बन्धी थुप्रै कार्य गर्दै आएको । मुलुकले विभिन्न किसिमको विपद सामना गरिरहनु पर्ने र त्यसको मारमा उद्यॆगी व्यवसायीहरू प्रत्यक्ष असर परिरहने हुंदा विपत पूर्व नै तयारीमा जुट्नु पर्ने । नेपाल सरकार गृह मन्त्रीज्यूको संयोजकत्वमा राष्ट्रिय विपद व्यवस्थापन समिति गठन भएको र त्यसमा नेउवामसंघको समेत प्रतिनिधित्व गर्दै आएको ।

**विपद जोखिम व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रमको आयोजना** :

- विपद व्यवस्थापन र व्यवसाय निरन्रता योजना सम्बन्धी अन्तरक्रिया कार्यक्रम गत साउन ८ गते महासंघको स्वास्थ्य विपद व्यवस्था समिति र यूनिसेफको सहकार्यमा आयोजना गरियो । विपद केहो, यसको जोखिम के के हुन सक्छन, विपदले व्यवसायमा कसरी हानी गर्न सक्दछ, यसको न्यूनिकरण गर्न के के गर्नुपर्दछ लगायतका विभिन्न विषयहरूको बारेमा जानकारी गराउने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरियो ।
- २०८० कार्तिक १७ गते राती जाजरकोट र रुकुम पश्चिममा गएको भुकम्पबाट प्रभावितलाई सहयोग पुऱ्याउने उद्देश्यले स्वास्थ्य तथा विपद व्यवस्थापन समितिको बैठकले पिडितहरुलाई अत्यावश्यक पर्ने चिसोबाट केहि राहत हुने भएकाले ब्लाङ्केट तथा म्याट्रेस तत्काल उपलब्ध गराउने निर्णय बमोजिम ५००/५०० थान ब्लाङ्केट र म्याट्रेस राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण काठमाडौ मार्फत पिडितहरुलाई उपलब्ध गराउनुको साथै जाजरकोट भुकम्प पिडितलाई राहत संगै सरकारको राहत सामग्री त्रिपाल वितरण गर्न शसस्त्र प्रहरी बल, नेपाल नं.

२२ गण हे.क्वा, गुहेश्वरी भक्तपुरबाट ढुवानीको लागि अनुरोध भए अनुसार महासंघबाट दुई वटा ट्रकबाट ढुवानी गराइएको थियो ।

## सूचना तथा संचार प्रविधि विकास :

- सूचना तथा संचार प्रविधि विकास समितिको प्रथम वैठक अध्यक्ष श्री चन्द्र प्रसाद ढकालको उपस्थितिमा मिति २०८० पौष ४ गते बस्यो । वैठकमा अध्यक्ष श्री चन्द्र प्रसाद ढकालले सूचना तथा संचार प्रविधि विकास समितिलाई महासंघले प्राथमिकताका साथ राखेको कुरा उल्लेख गर्नु भयो । समितिले यस क्षेत्रको विकास तथा विस्तार, प्रविधिको प्रयोगको साथै नीति निर्माणमा समेत निजी क्षेत्रको तर्फबाट महत्वपूर्ण सुझाव एवं कार्यदिशा निर्माणमा जोड दिनुपर्ने लगायतका राख्नु भयो ।

- वैठक सभापति श्री शक्ति कुमार वेगानीले समितिको आगामी दिन गर्नुपर्ने कार्ययोजना सम्बन्धमा छलफल गर्नुभएको थियो । छलफलमा समितिका सदस्यहरुबाट यस क्षेत्रको विकास तथा विस्तराको लागि सुझाव संकलन गर्नुका साथै समितिको कार्ययोजना तयार गरी अगाडी बढ्ने र यसको लागि समितिका सदस्यहरुबाट सहयोग प्राप्त गर्नेमा आफु विश्वास रहेको बताउनु भएको थियो ।

- मिति २०८० माघ १९ गते सूचना तथा संचार प्रविधि विकास समितिले रोबोटिक्स एशोसिएशन अफ नेपालसंग सहकार्य गरी Brainstorming Workshop on AI: Public Private Partnership for Artificial Intelligence कार्यक्रमको महासंघमा आयोजना गरियो । औद्योगिक क्षेत्रमा नवप्रवर्तन सहित AI प्रविधिको उपयोग गरी नेपालको क्षमता बढाउँदै सार्वजनिक निजी साझेदारी मार्फत नेपालको सूचना प्रविधि क्षेत्रमा योगदान पुर्‍याउँदै मुलुकको आर्थिक वृद्धि गर्ने उद्देश्य आयोजना गरिएको थियो । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तयार गरिरहेको AI नीतिको मस्यौदाको लागि समेत यस कार्यक्रमले सहयोग पुर्‍याउने अपेक्षा लिएको छ । कार्यक्रम प्रमुख आतिथ्यता शिक्षा, विज्ञान तथा प्रविधिका पूर्व मन्त्री श्री गणेश शाह, विज्ञान, अतिथि प्रविधि सचिब श्रीमती प्रमिला देवी बज्राचार्य लगायत नेपाल सरकार, शिक्षा क्षेत्र, निजी क्षेत्र तथा अन्य सरोकारवाला निकायहरुको सहभागिता रहेको थियो ।

## स्थानीय आर्थिक विकास

- मिति २०८० साल असोज १७ गते बुधवार नेउवामहासंघको सचिवालय, टेकुमा स्थानीय आर्थिक विकास समितिका सभापति श्री किशोर कुमार आचार्यको सभापतित्वमा पहिलो बैठक वसी उक्त बैठकमा उपस्थित सवैलाई स्वागत गर्नुहुंदै  निम्न निर्णय भयो ।

### नेउवामहासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूबाट मनोनय पत्र हस्तातरण एवं बधाई

- उक्त बैठकमा महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूले स्थानीय आर्थिक विकास समितिमा मनोनय हुनभएका उपस्थित सदस्यहरू, आमन्त्रित सदस्यज्यूहरू र सल्लाहकारज्यूलाई पत्र हस्तान्तरण एवं बधाई ज्ञापन गर्नहुंदै सदस्यहरूले यस समिति ज्यादै महत्वपूर्ण रहेकोले यसलाई सकृय रूपमा काम गर्न अनुरोध गर्नु हुंदै यसको लागि के सहयोग गर्नुपर्ने हो सो खवर पाउन अनुरोध गर्नु भएको थियो ।

- बैठकमा समितिका सभापतिज्यू एवं सदस्यहरूले आ आफ्नो राय सुझाव प्रस्तुत गर्नुहुनेहरू

- उक्त बैठकमा महासंघको TOR यहाहरूलाई उपलब्ध गराउने, Whats app Group मार्फत सूचना आदान प्रदान, सम्वन्धित मन्त्रालयका सचिवज्यूहरूसंग भेटघाट गर्ने, गाउं तथा नगरपालिका महासंघसंग एउटा समन्वय बैठक राख्ने लगायतको निर्णय भएको थियो ।

<u>LRED Training</u>

- नेपालमा LRED मा बढदो चासोको साथ GIZ Lped/grape Project ले प्राविधिक सहजीकरण र क्षमता विकास मार्फत नयां फ्ल्यागशिप कार्यक्रम सहित LED पहललाई समर्थ गर्न इच्छुक रहेका । परियोजनाले २०२३ र २०२४ मा आधारभूत, उन्नत र मास्टरक्लास प्रशिक्षण सत्रहरूको शृंखला सञ्चालन गर्ने कार्यक्रम रहेको उक्त कार्यक्रम महासंघको तर्फबाट निम्म व्यक्तिहरू सहभागिताको लागि मनोनयन भै सहभागिता जनाउनु भएको थियो :

  (क) श्री राधाकृष्ण सापकोटा, सदस्य, स्थानीय आर्थिक विकास समिति नेउवामहासंघ ।

  (ख) श्री माधव मुल्मी, उप निर्देशक, नेउवामहासंघ

  (ग) श्री सर्मिला गोदार, नेउवामहासंघ लुम्विनी प्रदेश ।

  (घ) श्री यादव दाहाल, नेउवामहासंघ बागमती प्रदेश ।

  (ङ) श्री केदार प्रसाद पराजुली नेउवामहासंघ गण्डकी प्रदेश ।

  (च) श्री ज्योति भट्ट नेउवामहासंघ सुदूर पश्चिम प्रदेश ।

## <u>कानून, न्याय तथा संसदीय मामिला :</u>

- कानून न्याय तथा संसदीय मामिला समितिका सभापति डा. रामशरण थपलियाको अध्यक्षतामा समितिको पहिलो वैठक मिति २०८० आश्विन २१ गते महासंघ सचिवालयमा वस्यो । वैठकमा सदस्यको स्वागत सहित समितिको कार्यक्षेत्रका वारेमा छलफल हुनुको साथै वागमती प्रदेश सरकारसंग मिलेर भूमि बैंकको स्थापना गर्न पहल गर्ने, ठूला नदिले छोडेर गएका भूमिहरुलाई सदुपयोग गर्न सम्बन्धित निकायसंग आवश्यक पहल गर्ने र व्यवसाय सम्वन्धी भएका कानूनलाई परिमार्जन गर्नु पर्ने कुरामा छलफल भएको थियो ।

- कानून न्याय तथा संसदीय मामिला समितिका सभापति डा. रामशरण थपलियाको अध्यक्षतामा समितिको दोश्रो वैठक मिति २०८० पौष १ गते महासंघ सचिवालयमा वस्यो । वैठकमा निम्न विषयमा छलफल भएको थियो ।

  (क) भूमि वैंक स्थापना सम्वन्धी अवधारणा वारे छलफल भयो । छलफल पश्चात भूमि वैंक सम्वन्धी आवश्यक नीति ऐन कानून निर्माणका विषयमा वाग्मती प्रदेश सरकारका उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रीसंग भेट गर्ने निर्णय भयो ।

  (ख) संघिय संसदमा हाल दर्ता भएका विद्येयकको अध्ययन र राय सुझाव तयार गर्ने ।

- मिति २०८० पौष २ गते वागमती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री माननीय श्री रामकृष्ण चित्रकारसंग भेटघाट गरिएको थियो । भेटघाटका क्रममा भुमि बैंक स्थापना वारे छलफलको साथै महासंघको तर्फवाट सो सम्वन्धी पत्र हस्तातरण गरिएको थियो ।

- लगानी विस्तारका लागि नेपाल सरकारद्वारा महासंघवाट लगानी तथा औद्योगिक ऐन नियमहरुसंग सम्बन्धित सुझावहरु प्रदान गर्न आवाञ्हान भए अनुसार १४ वटा ऐन ( औद्योगिक व्यवसाय ऐन, श्रम ऐन, वातावरण संरक्षण ऐन, भूमि सम्बन्धी ऐन, राजश्व न्यायधिकरण ऐन, मूल्य अभिवृद्धि कर ऐन, सम्पत्ति सुद्धिकरण निवारण ऐन, वन ऐन, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, विदेशी लगानी तथा प्रविधि हरुतान्तरण ऐन, उपभोक्ता संरक्षण ऐन, कालोवजार तथा केही अन्य सामाजिक अपराध तथा सजाए ऐन र राजश्व चुहावट ऐन) तथा ४ वटा नियमावली (विदेशी लगानी तथा प्रविधि हरुतान्तरण नियमावली, वन नियमावली, वातावरण संरक्षण नियमावली र श्रम नियमावली) मा आवश्यक सुझावका लागि ३ महले तयार गरी नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वन मन्त्रालय र नेपाल लगानी बोर्डको कार्यालयमा पेश गर्नाका साथै तत्तद निकायवाट वोलाइए अनुसार दफावार छलफलमा अध्यक्ष, वरिष्ठ उपाध्यक्ष र सचिवालयको सहभागिता रहेको थियो ।
- मिति २०८०/१०/२४ गते कानून न्याय तथा संसदीय मामिला समितिका सभापति डा. रामशरण थपलियाको अध्यक्षतामा समितिको तेस्रो वैठक वस्यो । वैठकमा ऐन नियममा संशोधन र आगामी वजेटमा पठाउनु पर्ने सुझावका विषयमा छलफल भएको थियो ।

## पूंजी बजार

नेपाल राष्ट्र बैंकले आ.व. २०८०।८१ को लागि सार्वजनिक गर्ने मौद्रिक नीतिमा समावेश हुने गरी शेयर कर्जामा लाग्दै आएको १२ करोडको सीमा पुनरावलोकन गर्न तथा शेयर कर्जाको जोखिम भार १५० प्रतिशतबाट घटाउन केन्द्रीय बैंक समक्ष सुझाव पठाइएको । यसै वमोजिम नेपाल राष्ट्र बैंकले रु.५० लाखभन्दा बढीको शेयर धितो कर्जाको जोखिम भार घटाई १२५ प्रतिशत कायम हुने व्यवस्था गरेको साथै शेयर कर्जामा लाग्दै आएको १२ करोडको सीमा पुनरावलोकन गरी एकल ग्राहक कर्जा सीमा १५ करोड र संस्थागत लगानी सीमा २० करोड पुऱ्याएको छ ।

## शिक्षा, सिप विकास तथा रोजगार :

- २०८० पौष ४ गते समितिको पहिलो बैठक नेउवामहासंघको कार्यालय टेकुमा बसेको थियो । बैठकका पाँच मुख्य एजेण्डा मध्य पहिलो एजेण्डा महासंगका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूबाट समितिमा मनोनयन भएका उप सभापती, सदस्य तथा सल्लाहकारलाई मनोनयन पत्र हस्तान्तरण र बधाई दिने काम भएको थियो । मनोनयन पत्र हस्तान्तरण लगत्यै समितिका सदस्यहरुको काम, कर्तव्य र अधिकार बारे जानकारी गराउने भन्ने एजेण्डामा समिति सभापतीले सो बिषयलाई प्रष्ट पारिएको थियो । तत्पश्चात, अन्य ३ वटा एजेण्डाहरु नर्सिङ शिक्षा, बैदेशिक रोजगारीमा जाने कामदारको सिप र कक्षा १२ सकाएर बिदेश पढ्न जाने ट्रेण्ड आदिका साथै यि बिषयहरुमा समितिले खेल्न सक्ने भूमिकाहरुका बारेमा पनि छलफल भएको थियो । महासंघका अध्यक्ष तथा उपाध्यक्षहरु सहित समितिमा मनोनित त्रि.वि. व्यवस्थापन संकायका डिन, प्राबिधिक शिक्षालायका उपाध्क्षका साथै स्वास्थ्य तथा बिज्ञान प्रबिधि मञ्च, नेपाल बैदेशिक रोजगार व्यवसायी संघ, नेपाल शैक्षिक परामर्श संघ, काठमाण्डौं टेक्निीकल स्कूलका अध्यक्ष, पूर्व तथा निवर्तमान अध्यक्ष, कार्यकारी निर्देशक, सहायक क्याम्पस प्रमुखहरुको उपस्थितीमा पहिलो बैठक भएको थियो । बैठकको अन्त्यमा समिति सभापती गोपाल खनालले छलफलमा उठेका बिषयहरुलाई आगामी बैठकमा व्यापक छलफल तथा योजना निर्माण गरेर काम गर्दजाने कुराका साथै समितिले आवश्यकताका आधारमा आमन्त्रित सदस्यहरुथप गर्दै जान सक्ने कुरालाई पनि बैठकमा जानकारी गराईएको थियो ।

**समितिका अन्य गतिविधिहरुः**

- **राष्ट्रिय व्यवसायीक प्रशिक्षण प्रतिष्ठान विकास समितिको बैठकः** राष्ट्रिय व्यवसायीक प्रशिक्षण प्रतिष्ठनका लागि समितिबाट मनोनित समितिका उप-सभापति उपेन्द्र शर्मा घिमिरेले सहभागीता जनाई राष्ट्रिय व्यवसायीक प्रशिक्षण विकास समिति गठन आदेशका बारेमा छलफल हुनका साथै उक्त समितिमा नेउवामहासंघको प्रतिनिधित्वका बारेमा छलफल गरिएको बताईएको थियो ।
- **राष्ट्रिय सीप परिक्षण समितिको बैठकः** प्राविधिक शिक्षा तथा व्यवसायीक तालीम परिष अर्न्तगत राष्ट्रिय सीप परिक्षण समितिको मिति २०८० पौष २६ गते बसेको बैठकमा समितिका सभापती गोपाल खनाल स्वयम सहभागी भएर सीप परिक्षणको नतिजा अनुमोदन, राष्ट्रिय व्यवसायीक सीप प्रमाणिका स्वीकृत, समति सदस्यहरुको पदावधि, सीप परिक्षण र शुल्क सम्बन्धमा छलफल तथा निर्णय भएको बताईएको थियो ।
- **E-Beam Technology**: नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रबिधि मन्त्रालयको पारमाणविक पदार्थ व्यवस्थापन महाशाखाद्धारा मिति २०८० फागुन १६ गतेका लागि आयोजीत Sustainable Dialogue on peaceful use – constructive visit and prefeasibility study for E-Beam technology for food irradiation in Nepal बिषयक छलफलमा समिति सभापती स्वयम सहभागीहुनु भै रोजगारदाताहरुका तर्फबाट यस बिषयमा आफ्ना बिचारहरु राखेको वताईयो ।

## पर्यटन तथा हवाई यातायात :

कार्यकारिणी समितिका सदस्य श्री देशबन्धु बस्नेत (अजित) को सभापतित्वमा पर्यटन तथा हवाई यातायात समितिको विस्तार १० भाद्र २०८० मा भएको छ ।

समितिको गठन पूर्व समितिका सभापति देशबन्धु बस्नेतको आमन्त्रणामा पर्यटन तथा हवाई यातायातसंग सम्बन्धित व्यवसायी तथा विज्ञहरुसंग महासंघमा एक अन्तरक्रिया बैठक आयोजना गरिएको थियो । उक्त बैठकमा समिति र सरकार बीच पर्यटन क्षेत्रको पुनरुत्थान, देशका प्रदेशहरुको पर्यटनका सम्भावना, भिजिट नेपाल दशक र विशेष पर्यटन वर्ष मनाउनका लागि सरकारलाई सुझाव दिने र सहकार्य गर्ने, समितिका आगामि वर्षका लागि कार्ययोजना तयार पार्ने आदि विषयमा छलफल भएको थियो ।

**समितिले आगामी दिनहरुमा गर्ने मुख्य कार्यहरु निम्नानुसार रहेको छः**

**सरकारसंग गर्ने पैरवीहरुः**

- विदेश भ्रमण गर्दा हवाई टिकटमा लगाएको १३ प्रतिशत भ्याटलाई पुनविर्चार गराउने ।
- एअरलाइन्स अपरेटरहरुलाई लगाएको १३ प्रतिशत भ्याटलाई पुनविर्चार गराउने ।
- चार तारे र पांच तारे होटलहरुमा लगाएको २ प्रतिशत विलासिता करलाई पुनविर्चार गराउने ।
- पर्यटन क्षेत्रलाई उद्योगको रुपमा मान्यता प्राप्त गराउने ।
- भारतीय पर्यटन प्रवर्द्धनका लागि भारतीय पर्यटकहरुको खर्च सीमा २५,००० भा.रु. लाई बढाएर ५०,००० भा.रु. सम्म पुराउन ।

**सरकारसंग सहकार्यहरुः**

- आन्तरिक पर्यटनको विकास र प्रवर्दनको लागि कार्यक्रमहरु ल्याउन ।

**समितिका अन्य कार्ययोजनाहरुः**

- कृषि पर्यटन, खेलकुद पर्यटन, मनोरन्जन पर्यटन, दीगो पर्यटन, साहसिक पर्यटन आदिका लागि नयां आयामहरुको पहिचान गर्ने ।
- सांस्कृतिक तथा धार्मिक पर्यटनका विकास तथा प्रवर्द्धन गर्ने ।
- Hindu Circuit तथा Buddha Circuit हरुको पहिचान तथा प्रवर्द्धन गर्ने ।
- पर्यटन उद्योग व्यवसाय सम्बन्धि विभिन्न विषयहरुमा Talk Program हरुको आयोजना गर्ने ।
- नेपालमा International Tourism Conclave आयोजनाको लागि तयारी गर्ने ।
- भारत र नेपाल, एवं चीन र नेपाल बीच पर्यटन प्रवर्द्धन गर्न रोड शो एवं कन्क्लेभहरुको तयारी गर्ने ।
- प्रदेशहरुमा Tourism Conclave हरुको आयोजना गर्ने ।
- विभिन्न देशका राजदूतहरु एवं कुटनितिक निकायहरुसंगको सहभागिता र समन्वयमा नेपालको पर्यटन प्रवर्द्धन गर्ने ।
- नेपाल भित्रका पर्यटकीय गन्तव्यहरुको पहिचान गरी प्रवर्द्धन गर्ने ।

**संक्षिप्त गतिविधिः**

**४ असार २०८० (१९ जुन २०२३)** मा पर्यटन तथा हवाई यातायात समितिका सभापति देशबन्धु बस्नेतको आमन्त्रणमा पर्यटन तथा हवाई यातायातसंग सम्बन्धित व्यवसायी तथा विज्ञहरुसंग महासंघमा अन्तरक्रिया बैठक आयोजना भयो । उक्त बैठकमा समिति र सरकार बीच पर्यटन क्षेत्रको पुनरुत्थान, देशका प्रदेशहरुको पर्यटनका सम्भावना, भिजिट नेपाल दशक र विशेष पर्यटन वर्ष मनाउनका लागि सरकारलाई सुझाव दिने र सहकार्य गर्ने, समितिका आगामि वर्षका लागि कार्ययोजना तयार पार्ने आदि विषयमा छलफल भएको थियो ।

**२० असार २०८० (५ जुलाई २०२३)** मा समितिका सभापति देशबन्धु बस्नेत र नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत डा. धनन्जय रेग्मी बीच नेपाल पर्यटन बोर्डमा भेटवार्ता ।

**२४ असार २०८० (९ जुलाई २०२३)** मा समितिका सभापति देशबन्धु बस्नेत र माननीय संस्कृति पर्यटन तथा हवाई उड्डयन मन्त्री सचिव सुरेश अधिकारी बीच संस्कृति पर्यटन तथा हवाई उड्डयन मन्त्रालयमा भेटवार्ता भएको थियो ।

**१५ श्रावण २०८० (३१ जुलाई** २०२३) मा समितिका सभापति देशबन्धु बस्नेत र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव मुकुन्द प्रसाद निरौला बीच उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा संशोधित बैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन (FITTA) ले पर्यटन व्यवसायमा पार्ने प्रभाव र पर्यटन व्यवसायलाई उद्योगको रुपमा मान्यता प्राप्त गराउने सम्बन्धमा भेटवार्ता ।

**१६ श्रावण २०८० (१ अगस्त २०२३)** मा उद्योग विभागमा समितिका सभापति देशबन्धु बस्नेत तथा होटल एशोसियशन नेपालका प्रतिनिधि सहित उद्योग विभागका महानिर्देशक बाबुराम गौतमसंग संशोधित बैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन (FITTA) ले पर्यटन व्यवसायमा पार्ने प्रभाव र पर्यटन व्यवसायलाई उद्योगको रुपमा मान्यता प्राप्त गराउने सम्बन्धमा भेटवार्ता भएको थियो ।

**९ भाद्र २०८० (२६ अगस्त २०२३)** मा समितिका सभापति श्री देशबन्धु बस्नेत नेपाल एसोशियसन अफ राफि्टङ एजेन्सिज (नारा) ले बाग्मति पुल, कुपण्डोलमा आयोजना गरेको बागमति महाजल जात्रा कार्यक्रममा महासंघको तर्फबाट सहभागी ।

**१० भाद्र २०८० (२७ अगस्त** २०२३) मा समितिको पहिलो बैठक महासंघ सचिवालयमा सम्पन्न । बैठकमा समितिको आगामी कार्य योजना तय गर्ने बारे छलफल भयो ।

**१२ भाद्र २०८० (२९ अगस्त २०२३)** मा महासंघका उपाध्यक्ष हेमराज ढकाल र समितिका सभापति देशबन्धु वस्नेतको नेतत्वमा गएको समितिको प्रतिनिधिमण्डलले संस्कुति पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयका सचिव श्री भरतमणी सुवेदीसंग संस्कुति पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयमा भेट गरेको थियो ।

**१२ भाद्र २०८० (२९ अगस्त २०२३)** मा महासंघका उपाध्यक्ष हेमराज ढकाल र समितिका सभापति देशबन्धु वस्नेतको नेतत्वमा गएको समितिको प्रतिनिधिमण्डलले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका **सचिव मुकुन्द प्रसाद निरौलालाई** भेट गरेको थियो । उक्त अवसरमा समितिले उद्योग सचिव निरौलालाई ज्ञापनपत्र बुझाउँदै होटल क्षेत्रलाई राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगमा वर्गिकरण गरी उत्पादनमुलक उद्योग सरह मान्यता दिई उद्योग सरहको सुविधा प्रदान गर्न र बैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन (FITTA) मा अन्तरराष्ट्रिय ब्राण्डका होटलहरुले कूल विक्रिको ५ प्रतिशत भन्दा बढि रोयल्टी पठाउन पाउने प्रावधानको लागि ऐन परिमार्जन गर्न सहजिकरणको लागि माग गरेको थियो ।

**१४ असोज २०८० (१ अक्टोबर २०२३)** मा महासंघका उपाध्यक्ष हेमराज ढकाल र समितिका सभापति देशबन्धु वस्नेतको नेतत्वमा गएको समितिको प्रतिनिधिमण्डलका सदस्यहरु लगायतका व्यवसायीहरुले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका माननीय **मन्त्री श्री रमेश रिजाललाई** भेटेर होटल व्यवसायलाई उद्योग सरह सुविधा दिनमा ज्ञापन पत्र बुझाउँदै माग गरेको थियो । उक्त भेटमा यस क्षेत्रलाई औद्योगिक व्यवसाय ऐन २०७६ मा पर्यटनमा मात्र वर्गीकरण नगरी राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग क्षेत्रमा समावेश गरी उत्पादनमूलक उद्योग सरहको सुविधा दिन समितिको माग रहेको छ । साथै, सोका लागि होटल व्यवसायका लागि विद्युत्को सहुलियत दर रेट करमा विशेष छुट सहित उद्योग सरहको सुविधा उपलब्ध गराउन उक्त समितिले आग्रह गरेको छ । समितिले होटल व्यवसायमा विदेशी लगानी भित्र्याउन हाल भएको विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ परिमार्जन गर्नुपर्ने माग अघि सारेको छ ।

उक्त भेटघाटमा माननीय मन्त्री रमेश रिजालले प्रतिनिधिमण्डलको ज्ञापन पत्रको अध्ययन गर्ने र समस्या समाधानका लागि महत्वपूर्ण भूमिका खेल्ने गरी प्रतिवेदन तयार गर्न उद्योग सचिव र उद्योग विभागका महानिर्देशकलाई अनुरोध गरेको थियो ।

नेपाल उद्योग वाणिज्य महासंघले २५ असोज २०८० मा आयोजना गरेको 'राष्ट्रिय आर्थिक बहस, सुधारका लागि सहकार्य' कार्यक्रममा बोल्दै उद्योग मन्त्री रमेश रिजालले अबका दिनमा पर्यटन व्यवसायीलाई उद्योगमा वर्गिकरण गर्ने बताएका छन् ।

पर्यटन तथा हवाई उड्डयन समिति एवं होटल एसोशियसन नेपालको संयुक्त पहलको हालसम्मको उपलब्धि स्वरुप, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले माननीय मन्त्रीस्तरको निर्णय अनुसार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई मिति २०८०/०७/२४ को पत्रबाट १) औद्योगिक व्यवसाय ऐनमा पर्यटकीय तथा तारे होटललाई राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगको रुपमा समावेश गरिनुपर्ने, २) उक्त ऐनमा होटल क्षेत्रलाई उत्पादनमूलक उद्योग सरह मान्यता दिई कर छुट एवम् विद्युतमा सहुलियत

लगायत सुविधा प्रदान गर्नुपर्ने, र ३) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनमा व्यवस्था भए अनुसार कूल विक्रिको ५ प्रतिशत भन्दा बढी रोयल्टी शुल्क बढी नहुने गरी पठाउन पाउने प्रावधानले मुलुकमा अन्तरराष्ट्रिय स्तरीय होटल रिसोर्टको संचालनमा नकारात्मक असर पुग्ने देखिएकोले सो को दायरा फराकिलो बनाउनु पर्ने, उल्लेख गरी सिफारिस गरेको छ ।

**८ पुष २०८० (२४ डिसेम्बर २०२३) मा** महासंघका उपाध्यक्ष हेमराज ढकाल र समितिका सभापति देशबन्धु वस्नेतको नेतत्वमा गएको समितिको प्रतिनिधिमण्डलका सदस्यहरु लगायतका व्यवसायीहरुले माननीय अर्थमन्त्री **डा. प्रकाश शरण महतलाई भेटेर** १) औद्योगिक व्यवसाय ऐनमा पर्यटकीय तथा तारे होटललाई राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगको रुपमा समावेश गरिनुपर्ने, २) उक्त ऐनमा होटल क्षेत्रलाई उत्पादनमूलक उद्योग सरह मान्यता दिई कर छुट एवम् विद्युतमा सहुलियत लगायत सुविधा प्रदान गर्नुपर्ने, लगायतका माग सहित ज्ञापन पत्र बुझाएको थियो ।

**१९ पुष २०८० (४ जनवरी २०२४) मा** महासंघका उपाध्यक्ष हेमराज ढकाल र समितिका सभापति देशबन्धु वस्नेतको नेतत्वमा गएको समितिको प्रतिनिधिमण्डलका सदस्यहरु लगायतका व्यवसायीहरुले **माननीय कानून न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुंगलाई** भेटेर उपरोक्त ज्ञापन पत्र बुझाएका थिए ।

## स्टार्टअप एण्ड इनोभेशन

### परिचयः

नेपाल उद्योग वाणिज्य महासंघ, स्टार्टअप तथा इन्नोभेसन फोरम नवउद्यमी तथा नवप्रवर्तकद्धारा नेपाललाई स्टार्टअप राष्ट्र बनाउने उद्देश्यका साथ सम्बाद, अन्वेषण र नविन नीति निर्देशिका लागि छलफल तथा पैरवी गर्ने संगठका रुपमा महासंघमा पहिलो पटक बि.सं. २०७७/२०७९ मा स्थापना भएको थियो । फोरमको दोस्रो कार्यकाल (२०८०/२०८३) को नेतृत्व निर्वाचीत कार्यसमिति सदस्य श्री जूना माथेमाले गर्दै आउनु भएको छ। दोस्रोपटकका लागि गठित फोरमको पहिलो वैठक मिति २०८०।०३।२२ मा सम्पन्न भएको थियो भने अहिले सम्म (माध २०८०) ६ वटा बैठकहरु सम्पन्न भएका छन् । यस अवधिमा मुख्यत ३ दिने स्टार्टअप नेशन, २०३० आयोजनाका अलवा १ दिने रणनीतिक कार्यशाला आयोजना गरी सो कार्यशालाबाट ५ मुख्य रणनिति तय गरेर महासंघ पदाधिकारी तथा नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका मन्त्रिलाई भेटेर बुझाईएको थियो । साथै मस्यौदा स्टार्टअप नीति,२०८० स्टार्टअप ऋण कार्यबिधि, २०८० र बिद्युतिय व्यापार बिधेयक, २०८० मा दफावार छलफलका लागि तिन महले सुझावहरु पेश गर्न गर्नका अलवा छलफल सहभागी हुदै आएको छ । फोरमले यो अवधिमा गतिविधिहरु यसप्रकार छन् ;

### १. पहिलो बैठक

फोरमको पहिलो तथा समितिका सदस्यहरुलाई महासंघका अध्यक्षद्धारा सदस्यता हस्तान्तरण बैठक मिति २०८० असार २२ गते बसेको थियो ।। उक्त बैठकमा महासंघ र स्टार्टअप तथा इन्नोभेसन फोरम र फोरमको ToR बारे फोरमका सभापती जूना माथेमाले सदस्यहरुका बिच छलफल गराउनु भएको थियो । पहिलो बैठकले फोरमको नियमीत मासिक बैठक प्रत्येक नेपाली महिनाको दोस्रो सोमबार ४ बजे बस्ने निर्णयका साथ दोस्रो बैठक फोरमको रणनीतिक योजना तर्जुमा बैठक हुने र सो बैठक २०८० श्रावण १६ गते आयोजना गर्ने निर्णय गरेको थियो ।

## २. दोस्रो तथा रणनीतिक योजना तर्जुमा बैठक

फोरमको दोस्रो तथा रणनीतिक योजना तर्जुमा बैठक मिति २०८० श्रावण १६ गते स्क्वार होटल, पुलचोकमा बसेको थियो । ३ बर्षे रणनीतिक योजना तर्जुमा बैठकले फोरमका लागि महत्वपूर्ण ७ बिषयहरु क्रमशः (क) नीति, पैरवी र जनचेतना, (ख) अनुसन्धान, अध्ययन र ज्ञान (इन्क्यूवेसन) केन्द्र स्थापना, (ग) क्षमता निर्माण तालिम, कार्यशाला र सेमिनार (घ) स्टार्टअप र उद्यमशिलता प्रवर्द्धन, (ङ) नेटवर्किङ, सहकार्य र समझदारी, (च) बित्त र वित्तिय साक्षरता, र (छ) भिजिबिलिटी र जनचेतना पहिचान गर्नका साथै ति बिषयहरुको सफल कार्यान्वयनका लागि २७ वटा गतिबिधिहरु पहिचान गरेको थियो । सो योजना तर्जुमा बैठकमा महासंघका उपसभापतीद्धय श्री सुरकृष्ण बैद्य र श्री ज्योत्सना श्रेष्ठको पनि उपस्थिती रहेको थियो ।

## ३. तेस्रो तथा बिषयगत उपसमिति संयोजक तोक्ने र स्टार्टअप नेशन, २०३० सम्मेलन तयारी बैठक

फोरमको तेस्रो बैठक मिति २०८० भाद्र ६ गते बस्यो । बैठकमा दोस्रो बैठकले तय गरेका ७ प्रमुख बिषयहरुलाई ५ वटामा समयोजना गरी फोरममा आबद्ध सबै सदस्यहरुको समान सहभागीताका लागि बिषय अनुसार ५ जना उपसमिति संयोजक तोकी यस प्रकार (क) नीति, पैरवी र जनचेतना, सदस्य श्री निरज खनाल (ख) अनुसन्धान, अध्ययन र ज्ञान (इन्क्यूवेसन) केन्द्र स्थापना, सदस्य श्री निभिता प्रधान (ग) क्षमता निर्माण तालिम, कार्यशाला र सेमिनार, सदस्य श्री प्रसन्ना बस्नेत (घ) स्टार्टअप र उद्यमशिलता प्रवर्द्धन, सदस्य श्री अनुभव श्रेष्ठ र (ङ) नेटवर्किङ, सहकार्य र समझदारी, सदस्य श्री रन्जिभ श्रेष्ठ मा जिम्मेबारी बाँडफाँड गरियो । त्यस्तै, बैठकले २०८० भाद्र ११ र १२ गतेका लागि तय भएको स्टार्टअप नेशन २०३० सम्मेलनमा सबै १७ जना फोरम सदस्य, आमन्त्रीत र सल्लाहकारहरुलाई सम्मेलनमा सहभागी हुन र सम्मेलन आयोजक समितिले तोकेको काममा सकृय रहन फोरम सभापतिले सबैलाई अनुरोध गर्नु भयो ।

## ४. स्टार्टअप नेशन २०३० सम्मेलन

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल उद्योग वाणिज्य महासंघ, विश्वविद्यालय अनुदान आयोग, पम नेदरल्याण्डस, ICIMOD र अर्न्तप्रेरणाको संयुक्त आयोजनामा २०८० भाद्र ११ र १२ गतेका दिन काठमाण्डौंमा आयोजित स्टार्टअप नेशन २०३० सम्मेलनले आगामी २०३० सम्म नेपालीहरुमा उद्यमशिलता विकास, नविन स्टार्टअप अनुकूल वातावरण निर्माणमा प्रोत्साहन गर्दै जाने; उद्यमशिलता र प्राविधिमा भएका प्रगतीहरुको प्रवर्द्धनका साथै नविन विचारहरुको प्रवर्द्धनार्थ नीतिहरु बनाउन पैरवी तथा पहल गर्दै जाने; बाँकी ७ बर्षको अवधिमा १० हजार स्टार्टअप र १ लाख नयाँ रोजगारीका आवसरहरु सृजना गर्न प्रेरित गर्ने तथा; स्थानीय स्रोत साधन र प्रतिभाहरुको प्रयोग मार्फत वातावरणमैत्री, स्वतन्त्र, समावेसी र लचिलो अर्थतन्त्रको विकासमा सबै नेपालीहरुलाई प्रोत्साहन गर्ने विषयहरुमा सहकार्य गर्ने घोषणा सहित २ दिने सम्मेलन सम्पन्न भएको । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका माननीय मन्त्रि रमेश रिजालको प्रमुख आतिथ्यता तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकाल विषेश अतिथि रहेको उक्त सम्मेलनमा २ दिन गरी ६०० जना भन्दा बढीको सहभागीता रहेको थियो ।

## ५. चौंथो बैठक

फोरमको चौंथो बैठक मिति २०८० असोज ०९ गते नेउवामहासंघमा बसेको थियो। बैठकमा फोरम सभापतीद्धारा स्टार्टअप तथा इन्नोभेसन फोरमले तिन बर्षका लागि तय गरेका प्रमुख ५ रणनीतिमा काम गर्न यस अधि तेस्रो बैठकले प्रस्ताव गरेका ५ संयोजकहरुलाई सहयोग गर्न बाँकी सदस्य तथा आमन्त्रीतहरु मध्यबाट पुनः ५ जनालाई क्रमशः (क) **नीति, पैरवी र जनचेतना** - निरज खनालको संयोजकत्वमा **निर्देश दाव**, (ख) **अनुसन्धान, अध्ययन र ज्ञान (इन्क्यूवेसन) केन्द्र स्थापना -** निभिता प्रधान संयाजकत्वमा **सुरेन्द्र बोहरा** (ग) **क्षमता निर्माण तालिम, कार्यशाला र सेमिनार** - प्रसन्ना बस्नेतको संयोजकत्वमा - **अनुप अग्रवाल र दिपक पनेरु** (घ) **स्टार्टअप र उद्यमशिलता प्रवर्द्धन** - अनुभव श्रेष्ठको संयोजकत्वमा (प्रस्ताव गर्न बाँकी) र (ङ) **नेटवर्किङ, सहकार्य र समझदारी** - रान्जीब श्रेष्ठको संयोजकत्वमा **सामराज्यमान श्रेष्ठ** ले सहयोग गर्ने गरि सह-संयोजक प्रस्ताव गरिएको थियो। साथै सभापतीज्यूले सबै संयोजक र सह-संयोजक तथा बाँकी सदस्यहरुलाई आ-आफ्नो क्षमता अनुसार जिम्मेबारी लिनका साथै महासंघको नीति नियम अर्न्तगत संयोजक र सभापतीको सल्लाहमा काम गर्न जोड दिनुभएको थियो। यस बाहेक २०८० को बडा दशै अगावै बैठकमा स्टार्टअप एण्ड इन्नोभेशनका रणनीतिहरुलाई टु पेजर सिमित गराएर छपाई गर्न तथा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीलाई भेटेर ति रणनीतिहरु हस्तान्तरण र फोरमको राष्ट्रिय संजाल गठन आदिको चाँजोपाँजो मिलाउन सभापति जूना माथेमा र सचिवालयका तर्फबाट हरि पौडेललाई जिम्मेवारी दिने निर्णय गरेको थियो।

## ६. फोरमको मन्त्री तथा उद्योग सचिव संग डेलीगेसन

२०८० कार्तिक १ गते बुधबार  नेउवामहासंघका उपाध्यक्ष ज्योत्सना श्रेष्ठको नेतृत्वमाको गएको महासंघ स्टार्टअप तथा ईन्नोभशन फोरमका सभापती श्री जूना माथेमाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजाल तथा उद्योग सचिवलाई भेटेर महासंघ अर्न्तगत स्टार्टअप एण्ड इन्नोभेशन फोरमको परिचयका साथै स्टार्टअप नेशन २०३० लाई सफल पार्न फोरमले अपनत्व गरेका रणनीतिक योजनाहरु पेश गरेको थियो। उक्त भेटका क्रममा प्रतिनीधिमण्डलले देशको ठूलो हिस्सा ओगटेको युवा र नव युवाउद्यमीहरुका नविनतम सोचहरुको महत्व र प्रभावलाई बुझेर स्टार्टअप नीति, स्टार्टअप धितो कोष संचालन कार्यबिधि, २०८०, आदिको कार्यान्वयनमा ल्याउने प्रकृया तथा वातावरणलाई तिब्रता दिनुपर्नेमा जोड दिईएको र माननिय मन्त्रीज्यूले हाम्रा सरकोकारहरुलाई ग्रहण गर्नका साथै यसलाई पुरा गर्न मिलेर काम गर्ने प्रतिबद्ध व्यक्त गरिएको थियो। उक्त भेटमा प्रकाशन भएको न्यूजको लिंक यस प्रकार रहेकोछः https://www.onlinekhabar.com/2023/11/1392153 .

## ७. पाँचौ बैठक

फोरमको पाँचौ बैठक सह-सभापती प्रस्ताव, नेउवामहासंघ राष्ट्रिय नेटवर्क स्थापना, स्टार्टअप अवार्ड २०८०, अन्तरदेशिय भ्रमणका उपलब्धी, र प्रादेशिक एवं राष्ट्रि स्टार्टअप सम्मेलन आदि बिषयहरुमा छलफला गर्न मिति २०८० मंसिर २० गते नेउवामहासंघमा बस्यो। बैठकमा सर्वप्रथम सभापतीले फोरमको उप-सभापतीका लागि फोरमका सदस्य रान्जिभ श्रेष्ठलाई नियुक्तिका लागि प्रस्ताव गरियो र सबैबाट सर्वसम्मतीले उक्त प्रस्ताव पारित गऱ्यो। लगत्तै, फोरमका नयाँ आमन्त्रीत सदस्य श्री निश्चल भण्डारी र नवनियुक्त सह -सभापतीलाई फोरममा स्वागत तथा नियुक्ति पत्र हस्तान्तरण गरियो। त्यसपछि, सभापतीले बैठकको दोस्रो प्रस्ताव अर्न्तगत फोरमले "स्टार्टअप राष्ट्रिय नेटवर्क" का लागि प्रदेश उद्योग वाणिज्य संघ, जिल्ला तथा नगर उद्योग वाणिज्य संघ, बस्तुगत संघ लगायत नेपाल युवा उद्यमी फोरमहरुलाई पत्राचार गरीए अनुसार सिफारीस गरिएका नामहरुबाट वाट्यापमा संजाल बनाईएको बारे जानकारी गरायो। तत्पश्चात, पुनः सभापतीद्धार क्ष्न्ऋक्ष्इम द्धारा आयोजीत स्टार्टअप भरत भ्रमण टोलीमा

जाँदा, कोप सम्मेलन २०२३, दुवई र फोरमले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रि तथा सचिवलाई भेटेर फोरमका रणनीति र स्टार्टअप नीति तथा स्टार्टअप लोन कार्यबिधि छिटो भन्दा छिटो ल्याउन सुझाव दिएका बारे प्रस्तुती दिईएको थियो ।

## ८. नेउवामहासंघ राष्ट्रिय स्टार्टअप नेटवर्क गठन

स्टार्टअप एण्ड इन्नोभेशन फोरमको पाँचौ बैठकमा स्टार्टअपलाई देशव्यापी बनाउन भएको छलफल अनुसार सबै जिल्ला नगर उद्योग वाणिज्य संघ, बस्तुगत संघ, नेपाल युवा उद्यमी मञ्च सबैलाई फोकल व्यक्ति तोक्न महासंघले अनुरोध गर्न भएको निर्णय अनुसार मिति २०८० असोज २९ गते सबै पत्राचार गरि फोकल पर्सन तोकिदिन अनुरोध पठाईएको । सो अनुसार हाल सम्म ५ प्रदेश च्यापटरहरु, १८ जिल्ला तथा नगर उद्योग वाणिज्य संघहरु, ३ वस्तुगत संघहरु र १८ नेपाल युवा उद्यमी मञ्चका शाखाहरुबाट फोकल पर्सन तोकि पठाई सकिएको छ ।

## ९. छैठौं बैठक

यस फोरमको छैठौ बैठक स्टार्टअप नेशनल नेटवर्कलाई vibrant बनाउन फोरमले गर्न पर्ने काम तथा सूदुरपश्चिम र कर्णाली प्रदेश स्तरीय लगानी सम्मेलन संगसंगै २०८१ बैशाख महिनामा नेपाल सरकारद्धारा आयोजना गर्न लागेको राष्ट्रिय स्तरको सम्मेलनमा महासंघका साथमा फोरमको भूमिकाका बारेमा नेउवामहासंघ लगानी तथा अन्तराष्ट्रिय फोरम सभापती समेतको सहभागीतमा मिति २०८० माघ ०८ गते श्री जूना माथेमाको सभापतित्वमा बसेको थियो ।

## १०. उद्यमी व्यवसायीहरु बीच स्टार्टअप उद्यम कर्जा संचालन कार्यविधि माथि छलफल

उद्यमी व्यवसायीहरु बीच स्टार्टअप उद्यम कर्जा संचालन कार्यविधिका विषयमा २०८० फागुन २ गते काठमाडौंमा वृहद छलफल भएको छ । स्टार्टअप कार्यविधि २०८० सरकारले पारित गरेसंगै औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले स्टार्टअप उद्यम कर्जा प्रस्ताव आव्हान समेत गरेको संदर्भमा कार्यविधि र कर्जाका विषयमा वृहद जानकारी गराउने उद्देश्यले वुधवार नेपाल उद्योग वाणिज्य महासंघको स्टार्टअप एण्ड ईन्नोभेशन फोरमले महासंघ सचिवालयमा आयोजना गरेको छलफल कार्यक्रममा सरकार तथा निजी क्षेत्रका पदाधिकारीहरुले स्टार्टअप कर्जाका विषयमा आएका सबै जिज्ञासाहरुलाई स्पष्ट पार्ने काम भएको थियो । प्रत्यक्ष र भर्चुअल दुवै माध्यमबाट संचालन गरिएको कायक्रमकमा महासंघका कार्यकारीणी सदस्य, स्टार्टअप, नवउद्यमी, साना तथा लघु उद्यमी, आदि गरी करिव १ सय जनाको सहभागिता रहेको थियो । महासंघको स्टार्टअप एण्ड ईन्नोभेशन फोरमलेस्टार्टअपका विषयमा निरन्तर काम गरिरहेको छ । फोरमले, स्टार्टअपमा लागेका र नयां व्यवसाय थालनी गर्ने योजना बनाएकाहरुबाट निरन्तर यस विषयमा छलफल गर्न आग्रह र जिज्ञासा आएपछि कार्यक्रमको आयोजना गरिएको हो । छलफल कार्यक्रममा स्टार्टअप परियोजना कर्जाका विषयमा औद्योगिक व्यवसाय विकास प्रतिष्ठानका कार्यकारी निर्देशक उमेश कुमार गुप्ताले सहभागीहरुलाई स्पष्ट पार्नु भएको थियो । सहुलियत कर्जा लिएका स्टार्टअप, नवउद्यमी, लघु तथा साना उद्योगीहरुले पुन प्रस्ताव पेश गर्न पाउने वा नपाउने, आमा बुवाको नाममा दर्ता भएको तर छोराछोरीले संचालन गरेको हकमा के हुने, शैक्षिक संस्था, होस्टेल र सबसिडरी उद्यम यसको दायरामा पर्ने नपर्ने, प्यान भ्याटमा दर्ता हुन पर्ने नपर्ने लगायतका जिज्ञासाको कार्यकारि निर्देशकले स्पष्ट पार्नु भएको थियो । कार्यक्रममा महासंघका उपाध्यक्ष सुरकृष्ण वैधले प्रदेश, जिल्ला र स्थानीयस्तरसम्म यस्ता छलफल चलाउनु पर्नेमा जोड दिनु भयो । स्थानीयतहसम्म यस्ता विषयमा सुचित गराउन सकियो भने स्टार्टअप नव उद्यम विस्तार हुन सहयोग पुग्ने र सरकारले आव्हान गरेको स्टार्टअप उद्यम कर्जा आव्हानमा आम

सहभागिता बढ्ने विश्वास व्यक्त गर्नुभयो । महासंघले प्राज्ञिक संस्था त्रिभुवन विश्वविद्यालयसंग मिलेर पनि स्टार्टअपका विषयमा सहकार्य गर्न नीतिगत निर्णय गरिसकेको सो अवसरमा जानकारी गराउनुभयो । महासंघका उपाध्यक्ष ज्योत्सना श्रेष्ठलेस्टार्टअप फोरमको निरन्तर प्रयासका कारण स्टार्टअप उद्यम कर्जा परियोजनाले सार्थकता पाउनेमा महासंघ विश्वस्त रहेको बताउनु भयो। महासंघ स्टार्टअप एण्ड ईन्नोभेशन फोरमका सभापती जुना माथेमाले महासंघले स्टार्टअप नेशनल सन्जाल बनाएको र त्यसबाट पनि सदस्यहरुबाट आएका जिज्ञासाहरुको समाधान गर्ने काम भैरहेको जानकारी गराउँदै यो कार्यक्रम, परियोजना कर्जा लिई स्टार्टअपलाई अगाडि बढाउन चाहानु भएका सवै यूवा उद्यमीहरुका लाभदायी भएको विश्वास प्रकट गर्नुभयो ।

## ११. अन्तरष्ट्रिय फोरमहरुमा सभागीता

- ILO टयुरिनद्धारा आप्रबासबाट फर्केका कामदारहरुको स्वदेशमै पुर्नस्थापना सम्बन्धी १० दिने तालिममा सहभागी भै यस बारेमा नेपालका लागि अवधारणापत्र विकास गरिएको ।
- कन्फेडेरेसन अफ एसिय प्यासिफिक चेम्बर्स अफ कमर्स एण्ड ईण्डस्ट्री (CACCI) को नेपलामा आयोजीत सम्मेलन "परिवर्तन व्यवस्थापनमा साना तथा मझौला उद्योगहरुको नीजी क्षेत्र र सरकारी सहयोग" विषयमा प्रस्तुत गरिइको थियो ।
- स्टार्टअप ईकोसिस्टमका बारेमा ICIMOD Nepal द्धारा आयोजित भारत भ्रमण गएको । उक्त भ्रमणका क्रममा भारतले स्टार्टअपलाई बलियो बनाउन गरेको सर्मपणका कार्यहरु र स्टार्टअप फस्टाउन गर्न पर्ने वातावरणको विकास आदीका बारेमा महुमूल्य जानकारी प्राप्त हुनका साथै T-Hub, T-Work / AGHub संगको भेटी सिप विकास र उद्यमशिलताको भूमिका, व्यपक नीति, विशेष संस्था र प्रभावकारीताका बारेमा जानकारी लिएको । उक्त भ्रमणका क्रममा नेपालसंग स्टार्टअप प्रवर्द्धनमा भारतको सहयोगका विषयहरुमा पनि छलफल भएको बताईएको थियो ।

## ११. अन्य बैठक तथा छलफलहरुमा फोरम सभापती र सदस्यहरुको प्रतिनिधित्व यस प्रकार रहेको छः

- दोस्रो कार्यकारीणी समितिको बैठक २०८० असार १५ र १६ मा गोदावरी, ललितपुरमा सम्पन्न भएको बैठकमा रिसर्च र विकासमा महासंघको आफ्नै एप र युवा उद्यमशिलताका बिषयहरुलाई प्राथामिकतामा राख्न प्रस्ताव गरेको ।
- महासंघ व्यवसायीक बौद्धिकता सफ्टवेयर बिषयमा एसिया फाउण्डेसन मिति २०८० असार १७ मा अनुसन्धान समूह नै गठन गरेर यस बिषयमा अगाडि बड् पर्ने धारणा रखेको ।
- मिति २०८० आसर १८ गते नेउवामहासंघ र ILO द्धारा संयुक्तरुपमा उद्यमशिलाता इकोसिस्टमको (Entrepreneurship ecosystem) प्रतिवेदन प्रमाणिकरण सम्बन्धमा ILO भर्चुअल छलफल गरेको ।
- नेउवामहासंघद्धार २०८० असार १८ मा CNI का नवनिर्वाचित पदाधिकारीका लागि राखेको स्वागत कार्यक्रममा सहभागी भएको ।
- मिति २०८० असार १९ उद्योग दर्ता, नविकरण आवेदनको ढाँचा र प्रक्रियालाई छिटोछरितो बनाउनका साथै नीति अनुसन्धान परिषदद्धारा बनाईदै गरेको स्टार्टअप नीति आदि बिषयमा उद्योग विभागका महानिर्देशसंग छलफल गरेको ।

- मिति २०८० असार २० गते नेउवामहासंघ अर्न्तगतको iHub मा भएको क्षेत्रिय स्टार्टअप संजाल गठनात्मक कार्यशालामा बिशेष अतिथि रुपमा सहभागी भएको ।
- अन्तरष्ट्रिय श्रम संगठन अन्तराष्ट्रिय तालिम केन्द्रद्धारा ईटलीको ट्युरिनमा आयोजित आप्रबासबाट फर्केका कामदारहरुको स्वदेशमै पुर्नस्थापना सम्बन्धी १० दिने तालिममा महासंघका तर्फबाट सहभागी भएर पुनःएकिकरण अवधारणापत्र तयार पारेको ।
- मिति २०८० असार २७ गते ITCILO का रोजारदाता कार्यक्रम हेर्ने सान्ड्रो पेटिनियो र रिचार्ड जिङगारा चावणसंग संगको समन्वयमा ट्युरिनको फेडरेसन अफ कमर्सका स्टार्टअप, माईग्रेसन र एफडीआई एकाईहरु संग भेट गरि नेपालमा यसको विकासका लागि सहयोग गर्न अनुरोध गरिएको ।
- राष्ट्रिय युवा परिषद, सानोठिमी, भक्तपुर मिति २०८० श्रावणमा आयोजित युवा नवप्रर्वतन तथा इन्क्युवेसन संजाल बैठक भाग लिएको ।
- राष्ट्रिया सभामा बिचाराधिन बिद्युतिय व्यवापार बिद्येयक, २०८० का बारेमा नीति अनुसन्धान परिषद, काठमाण्डौले आयोजना गरेको कार्यक्रममा महासंघको तर्फबाट बिद्येयक उपर दफावार छलफलमा सहभागी भै जरिवाना तथा सजायमा सुधार हुन पर्ने कुरामा अडिग रहेको ।
- ईकोसिष्टम विकास प्रणाली र ईन्क्युवेटर सम्बन्धमा स्टार्टअप नेशन २०३० संचालन नेशनल नेटर्वक टास्कफोर्सको मिति २०८० श्रावण ९ को बैठकमा सहभागी भएर समिटको नेतृत्व महासंघले गर्न पर्ने कुरामा प्रस्तुत भएको ।
- महासंघ सचिवालय, स्वयंसेवक र सदस्यहरुका लागि समुदायमा आधारित ईन्क्यूवेटरका बारेमा अन्लाईन तालिम दिने सम्बन्धमा FNCCI- PUM को सहकार्यका लागि मिति २०८० श्रवण ९ गते नेदरल्याण्ड स्थित पम संस्थाका पिम दे ब्रोक्स संग भर्चुअल छलफल भएको ।
- स्टार्टअप नेशन २०३० संचालन सम्बन्धमा गठित नेशन टास्कफोर्सको बैठक सम्मेलन संचालनमा मिति २०८० श्रावण १२ का दिन महासंघमा छलफल गरिएको ।
- क्यूरियस वी थिंक, एक्ट र चेन्जको आयोजनामा पुलचोक क्याम्पसमा मिति २०८० श्रावण १२ मै आयोजना गरिएको १६ स्टार्टअप व्यवसायहरुको मुल्यांकन आईडियल पिचको जज गरिएको ।
- स्टार्टअप नेशन २०३० सम्मेलनको तयारी सम्बन्धमा मिति २०८० श्रावण १८ का दिन व्लिट्ज मेडियाको त्रिपुरेश्वर स्थित कार्यालयमा आयोजीत बैठकमा सम्मेलन तयारी समितिका संयोजकबाट सम्मेलनको तयारी सम्बन्धमा जानकारी लिएको ।
- मिति २०८० श्रावण १८ का दिन स्टार्टअपहरुका लागि अस्थायी पान नं. दिनपर्ने, साना व्यवसाय दर्ता गर्न र तिनीहरुको कानुनी अस्तित्व दिई राज्यको नियमनमा ल्याउने बिषयमा राष्ट्रिय सभाका सदस्यहरुसंग छलफल गरेको ।
- महासंघद्धारा कार्यकारीणी समिति गठनको १०० दिन पुगेको उपलक्ष्यमा मिति २०८० श्रावण १८ मा दुसित प्रिन्समा आयोजित बैठकमा सहभागी भएको ।
- नेपालमा स्टार्टअपको प्रवर्द्धनका लागि नेउवामहासंघ र बृहत नेपाल डायस्पोराका पृतु आधिकारी बिच सहकार्य सम्बन्धमा मिति २०८० श्राबण २३ मा भर्चुअल बैठका गरिएको ।

- मिति २०८० श्रावण २३ मै फोरमका सदस्यहरुलाई रणनीतिक योजना बैठकले पहिचाल गरेका प्रमुख कामहरुको सम्मादनका लागि समितिहरुबाट उपसंयोजक तोक्न फोरमको बैठक महासंघमा आयोजना गरेको ।
- न्यूनतम ज्याला निर्धारण सम्बन्धमा रोजागरदाता परिषदले मिति २०८० श्रावण २५ को बैठकमा सहभागी रहेको । बैठक महासंघको सचिवालय टेकुमा आयोजना गरिएको थियो ।
- अन्तराष्ट्रिय श्रम संगठन सेल परियोजनाका सिटीए थोमसलाई अन्तराष्ट्रिय श्रम संगठन नेपाल कार्यालय मै भेटेर परियोजनाको समिक्षा साथै आगामी रणनीतिका बारेमा मिति २०८० श्रावणमा २६ दिन छलफल गरेको ।
- संग भेट गरि परियोजनाको प्रभावकारीता र आगामी साझेदारीका बारेमा छलफला भएको
- उद्यमशिलता प्रवर्द्धनमा नेउवामहासंघ र अन्तराष्ट्रिय श्रम संगठनको सहकार्यका सम्बन्धमा अन्तराष्ट्रिय श्रम संगठनका अधिकारीहरु संग २०८० श्रावण ३१ म हिमायल होटलमा भेट गरेको ।
- मिति २०८० श्रावण ३१ ऋ दिन दिगो विकास लक्ष्य एकसेलेरेसन भिजनीङका सम्बन्धमा महासंघका तर्फबाट भर्चुअल छलफल बैठकमा सहभागीता जनाएको ।
- दिगो विकास लक्ष्य एकसेलेरेसन भिजनीङ कार्यशाला २०८० श्रावण ३१ का दिन महासंघका तर्फबाट प्यानलीष्ट रहेको र त्यसमा "दिगो विकास लक्ष्य र निजी क्षेत्र" बिषयमा प्रस्तुती दिएको ।
- स्टार्टअप नेशन २०३० सम्मेलनको अन्तिम तयारीका सम्बन्धमा समिती विच मिति २०८० भाद्र १ गते भर्चुअल छलफल गरिएको ।
- हेरचाह, सभ्य रोजगारी र समष्टिगत आर्थिक नीतिहरुमा लैंगिक उत्तरदायित्वका सम्बनधमा २०८० भाद्र १ गते नै होटल हिमालय, कुपन्डोमा आयोजना भएको सम्बाद कार्यक्रममा सहभागी रहि महासंघको प्रतिनिधित्व गरेको ।
- मिति २०८० भाद्र ४ स्टार्टअप नेशन २०३० सम्मेलन आयोजक समिति (टास्क फोर्स) का सदस्यहरुद्धारा स्टार्टअप नेशन २०३० सम्मेलनको तयारी तथा प्रमुख अतिथिको निमन्त्रणा र विविध बिषयमा माननीय उद्योग मन्त्रि श्री रमेश रिजाल र सचिव मधु मरासिनी र मुकुन्द प्रसाद निरौलासंग उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालायमा छलफल गरेको ।
- नेपाल युवा परिषदको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा मिति २०८० भाद्र ४ गते नै आयोजना गरेको कार्यक्रमले "उद्यमशिलता तथा नवप्रर्वतन र इन्क्युवेसन संजल तथा त्यसको काम कर्तव्य" लाई अन्तिम रुप दिएको ।
- नेपालको स्टार्टअप प्रवर्द्धन सम्बन्धमा सहकार्य गर्ने सम्बन्धमा नेउवामहासंघ अध्यक्ष र पम नेदरल्याण्डस प्रतिनीधि श्री पिम दे बोक्स बिच मिति २०८० भाद्र ०५ गते नेउबामहासंघमा भेटघाट गरिएको ।
- २०८० भाद्र ११ र १२ का दिनहरुमा काठमाण्डौमा आयोजना गरिन लागेको "स्टार्टअप नेशन २०३० सम्मेलन" को पूर्व संध्या २०८० भाद्र ०९ का दिन सम्मेलनको अन्तिम तयारी, प्रमुख अतिथि, बिशेष अतिथि लगाएत अतिथिहरुको बसाई, प्यानलिकस्ट आदिका बारेमा सम्मेलन आयोजक समितिको अन्तिम तयारी बैठक महासंघमा बसेको ।

- माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रि श्री रमेश रिजालज्यूको प्रमुख अतिथ्यितामा २०८० भाद्र ११ र १२ गते "स्टार्टअप नेशन २०३० सम्मेलन" काठमाण्डौको सोल्टि होटलमा आयोजना गरिएको । सम्मेलनबाट नेपाललाई "स्टार्टअप मैत्री राष्ट्र" बनाउने सम्बन्धमा ४ बुँदे घोषणापत्र जारी गरेको । सम्मेलन आयोजक समितिमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेउवामहासंघ, युजिसी, ईसिमोड, पम नेदरल्याण्डस र अन्तरप्रेरणा रहेका थिए ।
- स्टार्टअप नेशन २०३० सम्मेलन सकिएको भोलीपल्ट सम्मेलन आयोजक समितिको समिक्षा बैठक मिति २०८० भाद्र १३ गते ICIMOD मा सम्पन्न भएको । समिक्षा बैठकमा सम्मेलनका सबै पक्षमा सदस्यहरुको धारणा लिनका साथै सम्मेलनको प्रतिवेदन, स्टार्टअप नेसन २०३० को आफ्नै वेभसाईट, आगामी १ बर्षे रणनीति आदि बिषयमा छलफल तथा जिम्मेवारी तोकिएकोमा नेउवामहासंघले आगामी सम्मेलनको नेतृत्व गर्ने भएको छ ।
- २०८० भाद्र १४ का दिन "श्रम माग्रेसन" सम्बन्धमा अमेरीकी कांग्रेसका सदस्यहरुसंग होटल द्वारीकाज, पुरानोबानेश्वरमा छलफलमा फोरम सभापती सहभागी हुनुभएको ।
- कन्फेडेरेसन अफ एसिय प्यासिफिक चेम्बर्स अफ कमर्स एण्ड ईण्डस्ट्री (CACCI) को नेपलामा हुने सम्मेलनको आयोजना बारे प्रदिप श्रेष्ठ र फोरम सभापती बिच २०८० भाद्र १५ गते ललितपुरमा भेटघाट तथा छलफल भएको ।
- नेपाललाई सन २०३० सम्म स्टार्टअप नेशन बनाउने सम्बन्धमा नेउवामहासंघ र पम नेदरल्याण्डस बिच १९ भाद्र २०८० का दिन नेउवामहासंघका तर्फबाट महानिर्देशक गोकर्ण राज अवस्थी र पम नेदरल्याण्डसका तर्फबाट व्यवस्थापक पिम दी ब्रोक्स बिच आशयपत्रमा हस्ताक्षर सम्पन्न ।
- स्टार्टअप कर्जा संचालन कार्यबिधि, २०८० मन्त्रालयले आवहान गरेको छलफलमा आ.ब. २०७८/७९ का लागि आवहान भएको स्टार्टअप प्रस्तावनाका आवेदनहरु, तिनको डिजिटल्ली डाटाबेस, प्रस्तावको मूल्यांकनमा संबन्धित वित्तिय संस्थाहरु समेत रहने व्यवस्था र स्टार्टअप नीतिमा समावेस परिभाषा तगायत आवश्यक परिमार्जनका लागि मिति २०८० भाद्र २४ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई लिखित सुझाव पेश गरिएको ।
- २०८० असोज १ मा स्टार्टअप फोरमले महासंघका महानिर्देशकलाई भेटेर स्टार्टअपलाई राष्ट्रव्यापी बनाउने सम्बन्धमा सबै महासंघ प्रदेश कार्यालय, जिल्ला नगर, बस्तुगत संघ तथा नेपाल युवा उद्यमी मञ्च लगायतलाई फोकल व्यक्ति तोकि पठाउने सम्बन्धमा पत्र लेखेर सचिवालयको ईमेल मार्फत पत्राचार गर्ने, पत्रमा महानिर्देशकले हस्ताक्षर गर्ने र महासंघ सदस्यहरुको तथ्यांक अध्यावधिक गर्न अनुसन्धान र विकास ईकाई गठन गर्ने र ईकाई संचालनका लागि सचिवालयका तर्फबाट श्री विकास बर्ज्राचार्य उप निर्देशक तोक्ने बिषयहरुमा छलफल भएको ।
- नेउवामहासंघले अन्तराष्ट्रिय श्रम संगठनको सहयोगमा तयार गर्दैगरेको बैदेशिक रोजगारीबाट फर्केर आएकाहरुको पुन:एकिकरण निर्देशिका सम्बन्धमा सो कामका लागि छनौट भएका परामर्शदाता उद्धव राज पौडयाल संग जुम बैठक गरि डकुमेण्ट पुनरावलोकन, अन्र्तवार्ता र समूह छलफलमा सोधिने र निर्देशिकाका आवश्यक पक्षहरुमा सोधकर्तासंग मिति २०८० असोज ११ गते छलफल गरिएको ।
- २०८० असोज १५ गते महासंघको तेस्रो कार्यकारीणी समिति बैठकमा जुम बाट सहभागी भएको ।

- स्टार्टअप नेपाल प्रवर्द्धनका बारेमा PUM नेदरल्यण्डसका देशिय संयोजक संग बैठक गरी नेउवामहासंघ स्टार्टअप एण्ड ईन्नोभेशन फोरमले तयार परेको रणनीति र त्यसको कार्यान्वयनमा PUM को सहयोग सम्बन्धमा मिति २०८० असोज २२ मा छलफल गरिएको ।
- मिति २०८० असोज २४ गते युवा आर्थिक मञ्च द्वारा "आर्थिक समृद्धिका लागि युवा सशक्तिकरण" कार्यशालामा "आधुनिक औद्योगीक ल्याण्डस्केप र त्यसको विकास संचालन पक्षहरु" बिषयम महासंघका तर्फ फोरम सभापतीले प्रस्तुती दिनुभएको ।
- मिति २०८० असोज २६ मा फोरम सभापती चन्द्रागिरीमा आयोजीत "मास्टर्स अफ बिजनेस एडमिनिस्ट्रेसन आउटरिच" अभिमूखिकरण कार्यक्रमको प्रमुख अतिथी र वक्ताका रुपमा सहभागी हुनु भएको ।
- २०८० असोज २८ र २९ गते नेपाल युवा उद्यमी मञ्चले आयोजना गर्ने तेस्रो स्टार्टअप अवार्ड २०२३ को प्रि-प्रेस बैठकहरुमा सभापती स्वम उपस्थित भै कार्यक्रमको ढाँचा र मिडिया निमन्त्रणा साथै महासंघले स्टार्टअप संस्कृतिलाई गरेको उत्प्रेरणाका बारेमा छलफल छलफल गर्नु भएको ।
- २०८० असोज २९ मै आर्थिक पत्रकार मञ्च (सेजन) ले महासंघका नवनिर्वाचित कार्यकारीणी समितिको स्वागतार्थ आयोजना गरेको कार्यक्रममा फोरम सभापती सहभागी हुनुभएको ।
- इसिमोड नेपालद्धारा २०८० कार्तिक १४ दखि १८ लाई आयोजित स्टार्टअप भारत अध्ययन ( exposure visit) को महासंघ देखि फोरमका सभापतिले प्रतिनिधित्व गर्नु भएको र भ्रमणका क्रममा स्टार्टअप ईकोसिस्टममा भारतको स्थिति, स्टार्टअपलाई बलियो बनाउन गरेको सर्मपणका कार्यहरु र स्टार्टअप फस्टाउन गर्न पर्ने वातावरणको विकास आदीका बारेमा महुमूल्य जानकारी प्राप्त गरेको बताएको थियो। भ्रमणका क्रममा T-Hub, T-Work / AGHub भेटेको र सिप विकासमा उद्यमशिलताको भूमिका, व्यापक नीति, विशेष संस्था र प्रभावकारीताका बारेमा जोड दिएर भ्रमण टोली अगाडि बठेको बताईएको थियो। उक्त भ्रमणका क्रममा नेपालमा स्टार्टअपको प्रवर्द्धनमा सहयकार्यका विषयमा पनि बिभिन्न स्टार्टअप संग छलफल भएको कताईएको थियो ।
- मिति २०८० कार्तिक २१ र २२ मा ३७औं एसिया प्यासिफिक चेम्बर अफ कमर्स एण्डस्ट्री (CACCI) सम्मेलनमा सभापतीले भाग लिदै "परिवर्तन व्यवस्थापनमा साना तथा मझौला उद्योगहरुको नीजी क्षेत्र र सरकारी सहयोग" विषयमा प्रस्तुती समेत दिनुभएको ।
- २०८० कार्तिक २३ मा स्टार्टअप नेशन २०३० मा साझेदार थप्ने बिषयको कन्सोरटिएमको बैठकमा सभापती जूना माथेमाले भाग लिनु भएको थियो ।
- स्टार्टअप तथा उद्यमशिलताका बारेमा ILO संग साझेदारीका बिषयमा २०८० कार्तिक २४ गते महासंघमा फोरमका तर्फबाट ILO प्रतिनिधिहरु संग छलफल भएको। छलफलमा फोरमले पहिचान गरेका रणनीतिसंग सम्बन्धित गतिविधिहरुका साथै महासंघले योजना गरेको प्रादेशिक सम्मेलन, स्टार्टअप नीति लगाएत राष्ट्रिय पैरवी सम्मेलन, एकिकृत लगानी सम्बन्धी अध्ययन र FACT sheet सम्बन्धमा छलफल भएको थियो ।
- ILO नेपाल र नेउवामहासंघले संयुक्त रुपमा तयार गरेको "नेपालमा उद्यमशिलता इकोसिस्टम निर्माण" प्रतिवेदनको ८ मंसिरलाई तयभएको सार्वजनिक कार्यशाला तयारी सम्बन्धमा ILO नेपाल र महासंघ स्टार्टअपका बिच मिति २०८० कार्तिक २७ का दिन भर्चुअल बैठक आयोजना गरिएको ।

- महासंघद्धारा २०८० मंसिर ०६ मा आयोजित “बैदेशिक रोजगारबाट फर्केकाहरुको पुनःएकिकरण निर्देशिका” सार्वजनीकरण कार्यशालामा फोरमका तर्फबाट सभापती जूना माथेमा स्वयम सहभागी भै पूर्ण निर्देशिकाका र लैंगिक समावेसि पुनएकिकरण र प्रक्रिया लगायत प्रतिवेदन सिफारीस गरेका कार्ययोजनाहरुमा सुझावहरु प्रदान गरिएको ।
- नेउवामहासंघ र अन्तराष्ट्रिय श्रम संगठन नेपालको संयुक्त आयोजनामा महासंघका अध्यक्ष र क्षेइ का देशिय निर्देशकको उपस्थितीमा उद्यमशिलतामा नेपाली युवा उद्यमीहरुले सामना गर्नु परेका चुनौतीहरुलाई केन्द्रमा राखेर काठमाण्डौ र पोखरा गरिएको अध्ययन “नेपालमा उद्यमशिलता इकोसिस्टम निर्माण” को मिति २०८० मंसिर ०८ सार्वजनिकीकरण गरिनका साथै नेपालका अध्यानमा सहभागी महासंघका स्टार्टअप एण्ड ईन्नोभेशन फोरमका सभापती जूना माथेमाले अध्ययनका क्रममा पाईएका बिषयमा कार्यपत्र प्रस्तुत गरिएको । कार्यक्रममा नेपाल स्थित बिभिन्न वाणिज्यदूतका प्रतिनिधि तथा डोनरका प्रतिनिधिहरुको उपस्थिती रहेको थियो । कार्यक्रम होटल मेरियट, नक्शालमा आयोजना गरिएको थियो ।
- मिति २०८० मंसिर ११ मा अन्तराष्ट्रिय श्रम संगठन नेपालको सहयोगमा महासंघद्धारा चिया र अलैंची उद्योगहरुमा संचालीत व्यवसायजन्य सुरक्षा र स्वास्थ्य कार्यक्रमको प्रगति प्रविबेदन सार्वजनिकीकरण राष्ट्रिय कार्यशालामा फोरम सभापती एवं सदस्यह सहभागी भै उक्त प्रतिवेदन उपर छलफल गरिएको ।
- सोही दिन ११ मंसिरमा महासंघ सदस्यहरुको डाटावेस र आर एण्ड डी सम्बन्धमा एशिया फाण्डेशन र महासंघ बिच सहकार्य बारेमा भएको छलफलमा फोरम सभापती सहभागी हुनु भएको ।
- स्टार्टअप नेशन २०३० कन्सोंटियम साझेदारहरुको २०८० मंसिरमा भर्चुअप बैठक बसी नेउवामहासंघका सदस्य तथा कर्मचारीलाई “र्भचुअल स्टार्टअप मास्टर काक्षा” संचालनका बारेमा छलफल गरिएको ।
- नेपाल प्रकृति संरक्षण कोष खुमलटारद्धारा २०८० मंसिर ३० मा आयोजित "Accelerating Circular Economy and Sustainable Business" बिषयमा फोरम सभापतीले महासंघका तर्फबाट पेपर प्रस्तुत गरिएको ।
- फोरम सभापतीले नेपाल युवा उद्यमी मञ्चद्धारा आयोजना गर्न लागेको स्टार्टअप अवार्ड शिर्ष ७ छनौट समितिको बैठक २०८० पौष ५ को प्रमुख रहेर आवेदको प्रभावकारी छनौटका बिधि तथा उपाएहरुका बारेमा छलफल गरिएको ।
- CNIYEF नेपालले २०८० पौष ७ मा आयोजित स्टार्टअप फेष्ट २०३० मा महासंघका स्टार्टअप एण्ड ईन्नोभेशनका सभापती ले Breaking Boundries बिषय बिचारहरु प्रस्तुत गर्नु भएको ।
- २०८० पौष १६ को महासंघ चौथो कार्यसमिति बैठकमा फोरम सभापतीद्धारा कोप २९, स्टार्टअप नीति, महासंघको डाटा एप, नेपाल युवा उद्यमी मञ्चद्धारा आयोजना गर्ने स्टार्टअप अवाड, स्टार्टअप नेशनल नेटवर्क, आवधिक अन्तर समिति बैठकमा महासंघको योगदानका सम्न्धमा बिचार राखेको ।
- ज्ञान र श्रोत आदानप्रदान, कल्याण पर्यटनको सम्भावना र नेपालमा क्यानडाको व्याक एण्ड प्राबिधिक कार्यालयका बारेमा मिति २०८० पौष ७ गते क्यानडियन हिन्दु वाणिज्य संघ संगको भेटवार्तामा फोरम सभापतीको सहभागीत रहेको ।

- २०८० पौष ७ गते नै NYEF स्टार्टअप अवार्ड २०२३ को अन्तिम मध्येको मेन्टरीङ सत्रका बारेमा भूमिस्थान र फोरम सभापतीका बिच कुराकानी गरिएको ।
- महासंघका सदस्यहहरुको डाटावेस विकास गर्ने क्रममा भेरिएवल र आवश्यक जानकारीका बारेमा महासंघ र एशिया फाण्डेशनका बिच २०८० फौष २० मा महासंघमा आयोजित छलफलमा फोरम सभापती सहभागी रहेको ।
- मस्यौदा स्टार्टअप नीति-२०८०, स्टार्टअप कर्जा संचालन कार्यबिधि-२०८० र ईन्क्यूवेसनका सम्बन्धमा फोरम सभापती जूना माथेमा र औद्योगीक उद्यम विकास प्रतिष्ठानका नवनियुक्त कार्यकारी निर्देशक उमेश कुमार गुप्ता बिच २०८० पौष २३ मा प्रतिष्ठानको कार्यालय त्रिपुरेश्वरमा छलफल गरिएको ।
- २०८० पौष २४ मा क्यानडाका लागि नियुक्त राजदुत भरत राज पौडेल र महासंघ अध्यक्ष बिच महासंघमा भएको बैठकमा फोरम सभापती सहभागी रहनुभएको ।
- २०८० पौष २७ मा NYEF द्धारा होटल सोल्टिमा आयोजित "स्टार्टअप अवार्ड-२०८०" मा स्टार्टअप एण्ड ईन्नोभेशन फोरम सभापतीका साथै सदस्यहरु सहभागी भएको ।
- २०८० माघ ११ मा स्टार्टअप कर्जा संचालन कार्यबिधि-२०८० र परियोजना कार्जाका सम्बन्धमा महासंघ स्टार्टअप फोरम र IEDI का बिच सहकार्य सम्बन्धमा महासंघका सचिवालय कर्मचारी सहित स्टार्टअप फोरम सभापती र IEDI का कार्यकारी निर्देशक बिच प्रतिष्ठानको कार्यालय त्रिपुरेश्वरमा छलफल भएको ।
- कृषि व्यवसायमा कर्जा उवलब्ध गराउदाका अवसर र चुनौतीहरुका बारेमा बैंक तथा बित्तिय संस्थाहरु संग महासंघ कृषि उद्यम केन्द्रले २०८० माघ १५ मा महासंघमा आयोजित छलफल कार्यक्रममा फोरम सभापती सहभागी रहनुभएको ।
- महासंघद्धारा आगामी दिनमा आयोजना गर्न प्रस्ताव गरेका प्रदेश तथा राष्ट्रिय स्टार्टअप सम्मेलनहरुमा IEDI संगको सहकार्यका बिषयमा फोरम सभापती र IEDI का कार्यकारी निर्देशक बिच प्रतिष्ठानको कार्यालय त्रिपुरेश्वरमा मिति २०८० माघ २४ का दिन छलफल गरिएको ।
- २०८० फागुन ३ मा महासंघ एसोसिएट सदस्यहरुका बिच आर्थिक बर्ष २०८०/८१ को बजेट सम्बन्धमा सुझाव संकलन गर्न आयोजित बैठकमा फोरम सभापती स्वम सहभागी भै "सबै भन्दा पहिला बिगत बर्षहरुमा उद्योग व्यवसाय प्रवर्द्धनार्थ सरकारले योजना गरेका क्रियाकलाप र बजेटबारे समिक्षा गरेर मात्र आगामी बजेटका लागि सुझाव तयार गर्न उचित हुने धारणा" राख्नु भएको थियो ।
- २०८० फागुन ४ र ५ मा महासंघ महिला उद्यमी विकास समितिद्धार लुम्बिनीमा आयोजीत २ दिने राष्ट्रिय सम्मेलनमा फोरम सभापती स्वय सहभागी भएर स्टार्टअप र उद्यमशीलताका बारेमा महासंघको धारणाका बारेमा प्रस्तुती दिनुभएको बताईएको थियो ।

## ६. आगामी योजनाः

- उद्यमशिलाता र स्टार्टअपलाई स्थानीय स्तरमा पुर्याउन यस आ.ब. का लागि कम्तिमा ३ वटा प्रदेश सम्मेलन र स्टार्टअप नीतिको अन्तिम सार्वजनकिकरण सम्बन्धमा १ राष्ट्रिय सम्मेलन आयोजनाका लागि अन्तराष्ट्रिय श्रम संगठन नेपाल लाई परियोजना प्रस्ताव गर्ने ।
- फोरम र फोरमका सदस्यको क्षमता अभिबृद्धिका कार्यक्रम आयोजना गर्ने ।

- स्टार्टअप तथा इन्नोभेसन फोरमको आठौ बैठक ।

## लगानी तथा अन्तराष्ट्रिय मामिला

लगानी र अन्तर्राष्ट्रिय मामिला फोरम नेपाल उद्योग वाणिज्य महासंघ (FNCCI) भित्रको गतिशील फोरम हो । फोरमको प्रमुख उद्देश्य नेपालमा दिगो आर्थिक विकासलाई प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय लगानी आकर्षित गर्ने र स्वदेशी लगानी प्रवर्द्धन गर्नु हो । फोरमले सरोकारवालाहरूसँग नेपालको निजी क्षेत्रका लागि बहुमूल्य स्रोतहरू, विशेषज्ञता र विश्वव्यापी सन्जालहरूमा पहुँच प्राप्त गर्न पनि सहकार्य गर्दछ । यी साझेदारीहरूले ज्ञान बाँडफाँड, प्राविधिक सहयोग र वित्तीय सहयोगलाई सहज बनाउदै अन्ततः नेपालमा लगानी र विकास गर्न फोरमको क्षमता अभिवृद्धि गर्नेछ । लगानी तथा अन्तर्राष्ट्रिय मामिला फोरमको प्रयास नेपालको समृद्ध निजी क्षेत्र र दिगो आर्थिक विकासको परिकल्पनालाई साकार पार्ने हो । हालका गतिविधिहरू र उपलब्धिहरूले फोरमको सक्रिय दृष्टिकोण र सकारात्मक परिवर्तन गर्ने प्रतिबद्धता देखाउँछन् । अगाडि बढ्दै गर्दा, फोरमको योजना प्रमुख महत्वका क्षेत्रहरूसँग एकाकार हुदै साझेदारीलाई सुदृढ गर्ने, दिगो लगानी अभ्यासहरू प्रवर्द्धन गर्ने र उद्यमशीलतालाई बढावा दिने लक्ष्य राखिएको छ ।

**फोरमका सभापति उपस्थित भएका वैठकहरुको सूचीहरु:**

- फोरमका सभापतिको Chief of Party Ms. Agnes Luz, IMF Resident Representative Ms. Teresa Daban Sanchet , Ambassador of Saudi to Nepal H.E Saad Nasser Abdullah Abu Haimed, Global Vice Chair of IFC, Ms. Susan Marie Lund लगायतका विशिष्ठ व्यक्तिहरुसंगको वैठकमा सहभागिता रहेको थियो ।
- उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखाद्वारा आयोजित " One stop Service Center- OSCC" बारे अन्तरक्रिया, परराष्ट्र मन्त्रालयद्वारा आयोजित Pre Consultation meeting on ' Sub Regional Workshop on Enhancing the Implementation of the Biological Weapons Convention in South Asia र Mumbai, India मा Fintech Convergence Council द्वारा आयोजिना भएको "Global Fintech Fest" Global Collaboration for a Responsible Financial Ecosystem, मा महासंघको तर्फबाट फोरमका सभापतिको सहभागिता रहेको थियो ।

**(16 Asoj 2080) – 12 Nov 2023 (26 Magsir 2080)**

**7 November 2023 (21 Kartik 2080):**

- काठमाडौंमा ६-७ नोभेम्बर २०२३ सम्म आयोजित CACCI सम्मेलनको ब्रेकआउट सत्रहरूमा प्यानेलिस्टहरू मध्ये एकको रूपमा भाग लिइया । सत्रको फोकल विषयवस्तु थियो "SME's निजी क्षेत्र र SMEs को लागि परिवर्तन व्यवस्थापनमा सरकारी सहयोग" सत्रको समयमा सभापति श्री पौडेलले गतिशील बजार वातावरणको बीचमा उद्देश्यलाई साकार पार्नको लागि स्थानमा रहेको समवर्ती सरकारी नीतिहरूमा जोड दिँदै, साना तथा मझौला उद्योगहरूको विकास र विकासमा निजी क्षेत्रको भूमिकाबारे विस्तृत अन्तर्दृष्टि प्रदान गर्नुभयो।

**8 November 2023 (22 Kartik 2080):**

- नेपाल स्थित कोरियाली राजदूतावासले काठमाडौंमा आयोजना गरेको लगानी सेमिनारमा सहभागी हुनुभएको थियो ।

**27 November 2023 (11 Mangsir 2080):**

- नेपालमा प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई) वातावरणको बारेमा बृहत् प्रतिवेदन तयार गरिएको थियो । प्रतिवेदनमा जानकारी सङ्कलन गर्न सरोकारवालाहरूसँग परामर्श कार्यक्रम सञ्चालन गरियेको थियो भने प्रतिवेदनले प्रमुख क्षेत्र र अवसरहरूमा अध्ययन गर्दै नेपालमा लगानीको वातावरणको मूल्याङ्कनमा केन्द्रित थियो।

**30 November 2023 (14 Mangsir 2080):**

- सम्माननीय प्रधानमन्त्रीज्यूको नेतृत्वमा र सचिवालयको सहयोगमा दुबईमा दुबई चेम्बरसँगको साझेदारीमा “नेपाल-दुबई बिजनेस फोरम“ आयोजना गरियो। कार्यक्रममा एक सयभन्दा बढी व्यवसायीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा फोरमका अध्यक्षले “नेपालमा लगानीका अवसरहरू“ सम्बन्धी प्रस्तुति दिए। लगानी र अन्तर्राष्ट्रिय मामिला मञ्चले नेपालको सम्भावित क्षेत्रहरूको महत्त्वपूर्ण जानकारी समेटेर एक लगानी ज्ञापनपत्र तयार गरेको थियो, जुन प्रस्तुतीकरणको क्रममा प्रदर्शन गरिएको थियो। प्रधानमन्त्रीको प्रतिनिधिमण्डल दुबई, युएई गएको छ ।

**01 December 2023 (15 Mangsir 2080):**

- दुबई, UAE मा आयोजित COP 28 शिखर सम्मेलन मा सहभागी ।

**04 December 2023 (18 Mangsir 2080):**

- सार्कका महासचिव श्री मोहम्मद गुलाम सरवरसँग सार्क सचिवालय काठमाडौंमा शिष्टाचार भेटवार्तामा सारिक।

**12 December 2023 (26 Mangsir 2080):**

- फोरमका सभापति श्री मनोज पौडेलले FNCCI मा नयाँ दिल्लीस्थित क्यानडा उच्च आयोगबाट आएका प्रतिनिधिहरूसँग अन्तरक्रियात्मक बैठक आयोजना गर्नुभयो । नेपालमा लगानीको वातावरण, विद्यमान अवसर र क्यानाडाली उच्च आयोगसँगको सम्भावित सहकार्यका बारेमा छलफल भएको थियो । कार्यक्रममा एफएनसीसीआईकी उपाध्यक्ष एवं रोजगारदाताका सभापति श्री ज्योत्स्ना श्रेष्ठ र स्वास्थ्य तथा विपद् व्यवस्थापन समितिका अध्यक्ष भक्त हमालको पनि सक्रिय सहभागिता रहेको थियो । छलफल, अर्थपूर्ण संवादलाई बढावा दिने प्रतिबद्धतालाई जोड दिँदै बैठकले क्यानाडाका प्रमुख व्यापार प्रतिनिधिहरू समावेश गर्ने लगानी सेमिनारको लागि योजनाहरू सहित थप सहयोगको लागि पारस्परिक प्रतिबद्धताको साथ समाप्त भयो।

**12 December 2023 (26 Mangsir 2080):**

- नेपालस्थित भारतीय दूतावासले दिएको निमन्त्रणामा फोरमका अध्यक्ष श्री मनोज पौडेलले “डिजिटल पब्लिक इन्फ्रास्ट्रक्चरः इनोभेटिङ्ग टुगेदर टु इण्डिया-नेपाल डिजिटल ब्रिज“ शीर्षकको सेमिनारमा सक्रिय रूपमा भाग लिनुभयो। दुई देशबीच डिजिटल पूर्वाधारको क्षेत्रमा अन्तर्दृष्टिपूर्ण छलफल र सहयोगी अन्वेषणको लागि मञ्च प्रदान गर्दै काठमाडौंमा कार्यक्रमको आयोजना गरियो ।

**नोट :**

- माथि उल्लिखित पहलहरूका अतिरिक्त, फोरमका अध्यक्ष र यसका सदस्यहरू आगामी राष्ट्रिय लगानी शिखर सम्मेलनमा केन्द्रित गतिविधिहरू व्यवस्थित र समन्वय गर्न रणनीतिक प्रयासहरूमा सक्रिय रूपमा संलग्न छन्। फोरम अध्यक्षले FNCCI को FDI सपोर्ट डेस्कको निर्बाध सञ्चालनका लागि उनीहरूको सहयोग र समर्थन खोज्दै विकास एजेन्सीहरूसँग निरन्तर सम्पर्क राख्दै आएको छ।
- यसका अतिरिक्त फोरमले लगानीसँग सम्बन्धित नीतिहरूमा सुझाव पत्रहरू तयार गर्न सक्रिय रूपमा काम गरिरहेको छ। फोरम लगानीको लागि अनुकूल वातावरण सिर्जना गर्न र बदलिँदो आर्थिक परिस्थितिहरूमा अद्यावधिक रहन समर्पित छ।
- फोरमले लगानीसंग सम्बन्धित नीतिहरुमा सुझावहरु तयार गर्न सकृय रुपमा काम गरिरहेको छ भने नेपालमा लगानीको लागि अनकूल वातावरण सिर्जनाको बदलिदो आर्थिक परिस्थितिहरुमा अद्यावधिक रहने प्रयत्न गरिरहेको छ।

## कृषि उद्यम केन्द्र :

## सम्झौता

- मिति २०८०।०५।२६ मा नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र र International Maize and Wheat Improvement Center (CIMMYT) का बीच सम्झौता पत्रमा हस्ताक्षर सम्पन्न भयो। MSMEs Support for Growth & Resilence Building परियोजना मार्फत कृषिव्यवसायसंग सम्बन्धित Micro,Small and Medium Enterprises (MSMEs) का सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्दै लाने लक्ष्य परियोजनाले राखेको छ।

  सम्झौता पत्रमा सभापति श्री डि.बी. बस्नेत र CIMMYT का प्रमुख डा. द्युतीमान चौधरीले हस्ताक्षर गर्नु भएको थियो। सम्झौता हस्ताक्षर कार्यक्रममा नेउवामहासंघका उपाध्यक्ष श्री हेमराज ढकाल, महानिर्देशक श्री गोकर्ण राज अवस्थी र कृषि उद्यम केन्द्रका संचालक समितिका सदस्यहरु डा. रत्न कार्की, श्री सुनिता न्हेम्हाफुकी र प्रमुख कार्यकारी अधिकृत डा. दिनेश प्रसाद पराजुलीको समेत उपस्थिती रहेको थियो। सम्झौता गरिएको परियोजना लुम्बिनी प्रदेशको बांके, बर्दिया, दाङ्ग, कपिलवस्तु र सुदुरपश्चिमान्चल प्रदेशको कैलाली र कंचनपुर जिल्लाहरुमा लागु हुनेछ।

  मिति २०८०।०९।१२ गते कृषि उद्यम केन्द्र र Commerical Agriculture for Smallholders and Agribusiness(CASA) का बीचमा मधेश तथा लुम्बिनी प्रदेशमा Policy ialogues/rountable discussion सम्बन्धित सरोकारवालाहरुसंग अन्तरक्रिया तथा छलफल गरी प्रदेशमा उपयुक्त नीति नियम बनाउन आवश्यक सहयोग गर्ने उद्देश्य ले संयुक्तरुपमा कार्य गर्न गरी कृषि उद्यम केन्द्रका सभापति श्री डि.बी. बस्नेत र ऋब्क्ब को तर्फबाट कन्द्रि मेनेजर श्री सिद्धार्थ खडका समझदारी पत्रमा हस्ताक्षर गर्नु भयो। सम्झौता अनुसार मधेश र लुम्बिनी प्रदेशमा Policy Dialogue का लागि दुई,दुईवटा छलफल कार्यक्रमहरुको आयोजना गरिनेछ।

- **कार्यशाला/अन्तरक्रिया**

  मिति २०८०।०३।२९ मा कृषि उद्यम केन्द्र र CIMMYT नेपालले USAID को सहयोगमा संचालित Nepal Seed and Fertilizer(NSAF) परियोजनाको संयुक्त आयोजनामा Strengthening Agribusiness Micro, Small and Meduum Enterprises for Agriculture Commercialization(MSMEs) सम्बन्धीको कार्याशाला गोष्ठी सम्पन्न भयो। कार्याशाला गोष्ठीको

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव श्री सवनम शिवाकोटी, प्रमुख अतिथि रहनु भएको थियो भने कृषि उद्यम केन्द्रका सभापति श्री डि.बी बस्नेत, अतिथीको रुपमा उपस्थित हुनु भएको सो कार्यक्रममा लक्षित बर्गले लाभ लिन सक्ने कार्यक्रम ल्याउन दातालाई निर्देशन दिदै कृषि उद्यम केन्द्रले Policy Dialogue कार्यक्रमलाई निरन्तरता दिनु पर्ने माथि सहसचिव श्री शिवाकोटी जोड दिनु भएको थियो ।

- घरेलु तथा साना उद्योग समिति नै गठन गरेर नेउवामहासंघले MSMEs हरूको मुद्दालाई उच्च प्राथमिकतामा राखेको, कृषि उद्यम केन्द्र Nepal Seed and Fertilizer(NSAF) साझेदार संस्थाको रुपमा परियोजनामा कार्य गर्न तयार रहेको सभापति श्री बस्नेतले बताउनु भयो । परियोजनाको संयोजक श्री द्युतीमान चौधरीले परियोजना अझै १ बर्ष ६ महिना बांकी रहेकोले कृषि उद्यम केन्द्रसंग सहकार्य गर्ने र यसबाट परियोजनाको उपलब्धि प्राप्तीको लागि यो कार्यक्रम कोशे ढुंगा रहने विश्वास व्यक्त गर्नु भयो । कार्याशाला गोष्ठीमा कृषि उद्यम केन्द्रका प्रवन्ध निर्देशक डा. दिनेश प्रसाद पराजुलीले Challenge and opportunities for strengthening agibusiness MSMES for Agriculture commercialization बारेमा प्रस्तुतिकरण गर्नु भएको थियो । कार्यशाला गोष्ठीमा विभिन्न सरोकारवालाहरुको समेत उपस्थिति रहेको थियो ।

- मिति २०८०।०५।२७ गते कृषि उद्यम केन्द्रको आयोजनामा कृषि वस्तुको व्यवसाय विकास र बजार प्रवर्द्धनको लागी कृषि उद्यमी,व्यवसायी र किसानहरु संग हाल भोगीरहेको समस्या र उपयुक्त नीति नियम तयार गर्न सुझाव संकलन गर्ने उद्देश्यले कार्यशाला गोष्ठी सम्पन्न भयो ।

  कृषि उद्यम केन्द्रका सह-सभापति श्री राज कुमार कार्कीले सरोकारवालाहरुको समस्या बारे केन्द्रले जानकारी लिई त्यसलाई सम्बन्धित निकायमा दवाव श्रृजना गर्ने कार्यमा केन्द्र लागी पर्ने प्रतिवद्धता जनाउदै व्यवसायी हक हितको लागी सरोकारवालाहरुले पनि केन्द्रलाई सही सुचना दिनु पर्ने आवश्यकता माथि जोड दिनु भएको थियो ।

  कार्यशाला गोष्ठीमा चिया,अलैची,कुचो,अदुवा,सुपारी र कफीसंग सम्बन्धित उद्यमी, व्यवसायीहरु गरी ७ जना सरोकारवालाहरुको उपस्थिती रहेको थियो ।

- मिति २०८०।०६।०४ र ७ गते कृषि उद्यम केन्द्रको आयोजनामा कृषि वस्तुको व्यवसाय विकास र बजार प्रवर्द्धनको लागी कृषि उद्यमी,व्यवसायी र किसानहरु संग हाल भोगीरहेको समस्या र उपयुक्त नीति नियम तयार गर्न सुझाव संकलन गर्ने उद्देश्यले अन्य सरोकारवालाहरु संग पुनः अन्तरक्रिया कार्यक्रम गरिएको थियो ।

  कृषि उद्यम केन्द्रका सभापति श्री डिबी बस्नेतले प्राप्त सुभावलाई पुनः विज्ञहरुको सुझाव लिइ एकिकृत रुपमा सुझावहरुलाई संकलन गरी सम्बन्धीत मन्त्रालयमा पेश गर्ने केन्द्रको योजना रहेकोले सरोकारवालाहरुले पनि केन्द्रलाई सही सुचना दिनु पर्ने आवश्यकता माथि जोड दिनु भएको थियो ।

  कार्यशाला गोष्ठीमा कृषि तर्फको बस्तुगत संघको प्रतिनिधित्व गर्दै २० जना सरोकारवालाहरुको उपस्थिती रहेको सो छलफल कार्यक्रममा समस्याका साथै नीतिगत सुधार बारे कृषि उद्यम केन्द्रले सम्बन्धित निकायलाई तत्कालै सुझाव दिई सम्बोधनको लागी पहल गर्नु पर्ने माथि सरोकारवालाहरुले सुझाव दिनु भएको थियो ।

  कृषि उद्यम केन्द्रले प्राप्त सुझाबलाई विज्ञ समुहहरु संग छलफल गरी नेउवामहासंघको कार्यकारणी समितिबाट समेत अनुमोदन गरी कृषि मन्त्रालयमा हस्तान्तरण गर्ने कार्य योजनाका साथ यो छलफल

कार्यक्रमको आयोजना गरिएको कृषि उद्यम केन्द्रका सह-सभापति श्री राज कुमार कार्कीले बताउनु भएको थियो ।

- मिति २०८०।०६।१२ गते नेउवामहासंघ/कृषि उद्यम केन्द्र र बागमती प्रदेश नेउवामहासंघको संयुक्त आयोजनामा अन्तरक्रिया तथा छलफल कार्यक्रम नेउवामहासंघमा सम्पन्न भयो ।

  नेपाल उद्योग वाणिज्य महासंघका कार्यवाहक अध्यक्ष अन्जान श्रेष्ठले नेपालमा हाल कृषि क्षेत्र चुनौती तर्फ उन्मुख रहेको र विगतमा नेपाल धान निर्यात गर्ने मुलुक रहेकोमा अहिले आयात गर्ने देशमा जानु दुःखद कुरा हो तसर्थ नेपालको कृषि क्षेत्रलाई व्यवसायीकरण तर्फ लान कृषि उद्यम केन्द्रले महत्वपूर्ण भूमिका खेल्न सक्ने भएकोले विगतमा नेउवामहासंघको राम्रो ब्रान्ड हासिल गरेको एक गाउ एक उत्पादन र एक जिल्ला एक उत्पादन कार्यक्रमलाई पुनः संचालन ल्याउनु पर्नेमा जोड दिनु भयो ।

  बागमती प्रदेश सरकारले कृषिलाई बढी नै प्राथमिकतामा राखेर बजेट विनियोजन गरेकोले प्रदेश महासंघले सरकारसंग मिलेर कृषिलाई आधुनिकीकरण र व्यवसायीकरणको लागी कृषि उद्यम केन्द्रको प्राविधिक सहयोग आवश्यक रहेको र विगतमा प्रदेशमा सफल रुपमा कार्यान्वयन भइ सकेको एक गाउं एक उत्पादन कार्यक्रमलाई स्थानीय निकायसंग सहकार्य गर्न सहयोग पुगोस भन्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको नेउवामहासंघ बागमती प्रदेशका अध्यक्ष श्री दिल सुन्दर श्रेष्ठले बताउनु भयो ।

  कृषि उद्यम केन्द्रका सभापति श्री डिबी बस्नेतले एक गाउं एक उत्पादन कार्यक्रम संचालनको लागी संचालन कार्यविधि(मस्यौदा) तयार गरिएकोमा हाल कोशी प्रदेशको दमक र ईलाम नगरपालिकासंग साझेदारीको लागी प्रक्रिया अगाडि बढी सकेकोले प्रस्तुत कार्यविधिमा केहि संशोधनको आवश्यकता भए सुझाव दिन अनुरोध गर्दै विगतमा एक गाउं एक उत्पादन कार्यक्रम बागमती प्रदेशमा सफल रुपमा कार्यान्वयन भई सकेकोले स्थानीय निकायसंग साझेदारीमा पुनः कार्यक्रम संचालनको लागी पहल गर्न र ३ वटा स्थानीय निकायसंग सम्झौता गर्ने सदस्यलाई कृषि उद्यम केन्द्रको तर्फबाट विशेष पुरस्कार प्रदान गर्ने घोषणा समेत गर्नु भयो ।

  कृषि उद्यम केन्द्रका सह-सभापति श्री राज कुमार कार्कीले सहभागीहरुको स्वागत गर्दै केन्द्रले कृषि क्षेत्रको विकासको लागी उपयुक्त नीति नियम निर्माणको लागी  निरन्तर लागीरहेको जानकारी गराउनु हुदै यस्तो कार्यक्रमले सरोकारवालाहरुलाई आवश्यक सहयोग पुग्ने विश्वास व्यक्त गर्नु भयो ।

  कृषि उद्यम केन्द्रका प्रमुख कार्यकारी अधिकृत डा. दिनेश प्रसाद पराजुलीले कार्यक्रमको उद्देश्य बारे प्रकाश पार्नु भएको सो कार्यक्रममा एक गाउं एक उत्पादन कार्यक्रम कार्यविधि(मस्यौदा), संस्थागत क्षमता स्वःमुल्यांकन लेखाजोखा र बागमती प्रदेशमा कृषिको अवसर र सम्भाव्यता बारे क्रमशः बरिष्ठ कार्यक्रम अधिकृत श्री अरुण श्रेष्ठ र कृषि प्रवर्द्धन अधिकृत श्री बाल कृष्ण दाहालले प्रस्तुतीकरण गर्नु भएको सो कार्यक्रममा बागमती प्रदेश नेउवामहासंघका पदाधिकारी, सदस्य र अन्य गरी ४० जनाको सहभागिता रहेको थियो ।

- डिसेम्बर ६ देखि ११, २०२३ सम्म International Trade Center(ITC) ले Green To Compete Hubs को दोश्रो चरणको कार्यक्रम संचालनको लागी हर्ब्स स्थापना गरिने Strategy Discussion Workshop र Panelist on them“Trade for sustainable agri-food system and markets” in COP28 at  Dubai UAE मा नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्रको

तर्फबाट प्रमुख कार्यकारी अधिकृत डा. दिनेश प्रसाद पराजुलीले सहभागिता जनाउनु भई धारणा राख्नु भएको थियो ।

- मिति २०८०।०९।०६ गते कृषि तथा पशुपन्छी विकास मन्त्रालय र विश्व खाद्य संगठन (FAO) को संयुक्त आयोजनामा कृषि क्षेत्रमा हुन सक्ने लगानी संम्भवनाहरु पहिचान गर्ने उद्देश्यले “Hand in Hand Intitative: Focusing on Decade of Agriculture Investment” सम्बन्धीको कार्याशाला गोष्ठीमा कृषि उद्यम केन्द्रका सभापति श्री डिबी बस्नेत, बोर्ड सदस्य डा. रत्न कार्की, प्रमुख कार्यकारी अधिकृत डा. दिनेश पराजुली र बरिष्ठ कार्यक्रम अधिकृत श्री अरुण श्रेष्ठले सहभागिता जनाउनु भयो ।

  कार्याशाला गोष्ठीमा “Private sector experiences and lesson learned on investment in agriculture sector” को बारेमा बोर्ड सदस्य डा. रत्न कार्कीले प्रस्तुतिकरण र “Investment and opportunities in agriculture sector” बारेमा डा. दिनेश पराजुलीले प्यानल छलफलमा सहभागिता जनाई धारणा राख्नु भएको थियो ।

  कृषि तथा पशुपन्छी विकास मन्त्रालयका मन्त्री डा. बेदुराम भुषालको प्रमुख आतिथ्यता भएको सो कार्यक्रममा मन्त्री डा. भुषालले नेपालमा कृषि क्षेत्रमा विभिन्न समस्या भएता पनि आर्थिक सामाजिक रुपान्तरणको आधार निर्माण गर्ने कृषि क्षेत्रबाट नै हो तर अन्य क्षेत्रमा गौरवको योजना रहेको तर कृषि क्षेत्रमा एउटा पनि छैन । कृषि क्षेत्रले फडको मार्ने हो भने गौरबको योजना बनाएर सही समयमा सिचाईको व्यवस्थापन गर्न सके उत्पादन र उत्पादकत्व बढने भएकोले यसमा सबै क्षेत्रको हातेमालोको आवश्यकता रहेकोमा जोड दिनु भयो ।

  विश्व खाद्य संगठन (FAO Nepal) का आवासिय प्रतिनिधि Mr. Ken Shimizu ले नेपालको कृषि क्षेत्रको विकासको लागी FAO Nepal ले कृषिलाई प्राथमिकता राखेर ४ वटा बस्तुहरुको पहिचान गरी यसको प्रवर्द्धनको लागी नेपाल सरकार, नीजि क्षेत्र र सरोकारवालाहरु संग हातेमालो गर्ने उद्देश्यले यो कार्यक्रमको आयोजना गरिएको बताउनु भयो ।

  कृषि बिकास सचिब डा. गोविन्द प्रसाद शर्माको अध्यक्षतामा भएको गोष्ठीमा कृषि संग सम्बन्धित विभिन्न सरोकारवालाहरुको सहभागि भई नेपालमा कृषि क्षेत्रको विकासको लागी सरकारले नीजि क्षेत्रलाई लगानीको लागि आर्कर्षित गर्ने नीति नियम ल्याउन सके कृषि क्षेत्रमा विदेशी तथा स्वदेशी लगानी आउन सक्ने भएकोले यस तर्फ गम्भीर हुन सुझाव दिइएको थियो ।

- मिति २०८०।१०।५ गते कृषि उद्यम केन्द्र र आ एण्ड डी इननोभेटिभ सोलुसन प्रा.लि. संगको सहकार्यमा “Digital Solutions For Agro based MSMEs in Nepal बारेमा नेउवामहासंघको हलमा छलफल कार्यक्रमको आयोजना गरिएको थियो ।

  प्रमुख अतिथी नेउवामहासंघका उपाध्यक्ष श्री हेमराज ढकालले कृषिलाई उद्योगमा जोडन र उच्च मुल्य पाइने कृषि उपजहरुलाई विश्व बजारमा पुयाउन आवश्यक रहेको र यसको लागि कृषि उद्यम केन्द्र मार्फत महासंघले पहल गरिरहेको बताउनु भयो ।

  महासंघले कृषिलाई प्राथमिकतामा राखेको छ विगतमा महासंघले एक गाउ एक उत्पादन, एक जिल्ला एक उत्पादन, हिमाली परियोजना सफल रुपमा कार्यान्वयन गरि सकेको बताउदै अव उच्च मुल्यका कृषि उत्पादनलाई विश्व बजारमा पुयाउन प्रविधिसंग जोडनु पर्ने देखिएकोले सरोकारवालाहरुले यस तर्फ ध्यान दिनु पर्ने आवश्यकता माथि चर्चा गर्नु भयो ।

कृषि उद्यम केन्द्रका सभापति श्री डिबी बस्नेतले कृषि मार्फत आत्मनिर्भरमुखी अर्थतन्त्र निर्माणका लागि उत्पादित कृषि उपजहरुको आन्तरिक बजारमा खपत र विश्व बजारमा समेत निकासीको लागी प्रविधिसंग जोडिनु पर्ने बताउनु हुदै कृषि उद्यम केन्द्रले मन्दीका बीचमा पनि कृषि मार्फत अर्थतन्त्र चलायमान बनाउने प्रयास स्वरुप कृषिलाई प्रविधिमा जोडने कार्यहरुमा केन्द्र लागी परेको बताउनु भयो ।

कृषि उद्यम केन्द्रका सह-सभापति श्री राज कुमार कार्कीले खुल्ला सिमानाका कारण केही कृषि उपजहरु चोरी पैठारी भएर आयात हुदाँ नेपालका किसानहरु समस्यामा परेको बताउनु हुदै दिगो अर्थतन्त्रका लागी कृषि नै मुख्य माध्यम भएकोले कृषि लाई विविधिकरण गदै प्रविधिसंग जोडदै बजारीकरणमा ध्यान दिनु पर्ने देखिएको बताउनु भयो ।

कार्यक्रमको सभापतित्व श्री डिबी बस्नेतले गर्नु भएको सो छलफल कार्यक्रममा कृषि संग आवद्ध २९ वटा वस्तुगत संघका अध्यक्ष, पदाधिकारी र प्रतिनिधिहरुको सहभागिता रहेको सो छलफल कार्यक्रममा नेउवामहासंघका केन्द्रिय सदस्य श्री रविन पुरी, कृषि उद्यम केन्द्रका संचालक समितिका सदस्यहरु डा. रत्न कार्की, श्री मनोज चापागाई र श्री सुनिता न्हेमाफुकी र महासंघका बरिष्ठ कर्मचारीहरुको उपस्थिति रहेको सो कार्यक्रमको संचालन बरिष्ठ कार्यक्रम अधिकृत श्री अरुण श्रेष्ठले गर्नु भएको थियो ।

- मिति २०८०।१०।१५मा नेपाल उद्योग बाणिज्य महासंघ, कृषि उद्यम केन्द्र र आर एण्ड डी इन्नोभेटिभ सोलुसन प्रा.लि.को सहकार्यमा Digital Solutions For Agro based MSMEs in Nepal बारेमा बैक तथा वित्तिय संस्थाहरु बीच "कृषि क्षेत्रमा कर्जा प्रवाह र त्यसको सदुपयोगका लागी अबलम्बन गर्न सकिने प्रभावकारी डिजिटल टुल्सहरुको निर्माण र प्रयोग" विषयमा अर्न्तकृयात्मक छलफल सम्पन्न भयो ।

उदघाटन सत्र र छलफल सत्र गरी दुईसत्रमा बिभाजित कार्यकमको उदघाटन सत्रमा प्रमुख अतिथीको रुपमा उपस्थित हुनभएका नेपाल उद्योग बाणिज्य महासंघका बरिष्ठ उपाध्यक्ष श्री अन्जान श्रेष्ठले देशको अर्थतन्त्रको मूल कृषि क्षेत्रको समग्र विकासका लागि सबैले आ-आफ्नो क्षेत्रबाट योगदान पुर्याउन पर्ने कुरामा जोड दिदै बैक तथा बित्तिय क्षेत्रले पनि किसानको तहसम्म बित्तिय सेवा पुर्याउन सहज र सरल बनाउनु पर्ने कुरा बताउनु भयो । मुलुकमा कृषि वस्तुको आयात बढ्दै गई रहनु देशको आर्थिक अवस्थाका लागि राम्रो संकेत नभएकोले युवाहरुको बढ्दो बिदेश पलायनलाई रोकी स्वदेशमा नै व्यवसायीक कृषि क्षेत्रमा आर्कर्षित गर्ने योजना तत्कालै ल्याउनु पर्नेमा जोड दिनु भयो ।

कृषि क्षेत्रमा अवसर र चुनौती दुबै रहेकोले बैक तथा वित्तिय संस्थाहरुले सरल, सहज रुपमा ऋण उपलव्ध गराउनु पर्ने, अबको समय भनेको डिजिटलको समय रहने भएकोले बैकहरुले समय अनुसार चल्न नसकेमा प्रतिस्पर्धामा आउन कठिन हुने देखिएकोले सो अनुसार अगाडि बढन सुझाव दिनु भयो ।

कृषि उद्यम केन्द्रका सभापति श्री डि.बी बस्नेत को सभापतित्वमा सम्पन्न उदघाटन कार्यकम मा बोल्दै सभापति श्री बस्नेतले बैक तथा वित्तिय संस्थाहरुले कृषि व्यवसायका सरोकारवालाहरुलाई कतिपय बैंकका प्रावधान प्रष्ट बुझाउन नसक्दा व्यवसायिले झन्झटिलो मान्ने गरेका साथै अधिकांस व्यवसायीहरुले पनि बैक तथा बित्तिय संस्थाको सेवा लिदा संस्थाबाट उपलव्ध हुने कागजातमा उल्लेख शर्त राम्रोसंग नबुझि सहमती दिने लिने गर्दा बित्तिय सेवा प्रदायक र सेवाग्राहीको बीच सम्बन्धमा

चिसोपन आउने गरेको पनि पाईएको छ। त्यसकारण बैंक तथा बित्तिय सेवा प्रदायकहरुले कृषिव्यवसायि, किसानहरुलाई सरल, सहज रुपमा सबैले बुझ्ने बिधि र प्रकृया लागु गरेमा बित्तिय सेवा लिने बास्तविक कृषि व्यवसायीहरु को संख्या बढने विश्वास राख्दै यस्तो कार्यमा सरकार, कृषि उद्यमी, किसान, बित्तिय संस्था लगायत सरोकारवाला सबैसंग कृषि उद्यम केन्द्र मिलेर काम गर्न तथा कृषिको आधुनिकीकरण र व्यवसायीकरणको लागी केन्द्र सदा तत्पर रहेको बताउनु भयो ।

ने.उ.वा.महासंघका केन्द्रिय सदस्य तथा कृषि उद्यम केन्द्रका सह-सभापति श्री राजकुमार कार्कीले सहभागीहरुको स्वागत गदै यस कार्यक्रमले बित्तिय सेवामा पहुच बृद्धि गर्न हालको अवस्थामा प्रभावकारी डिजिटल टुल्सहरुको प्रयोग विना बैकहरुको सेवा विस्तारमा कठिनाई हुन जाने चर्चा गदै समय अनुसार चल्न सुझाव दिनु भयो ।

ने.उ.वा.महासंघका केन्द्रिय सदस्य तथा Startup & Innovation Forum का सभापति श्री जुना माथेमाले नविनतम ज्ञान, सोच,सीप र क्षमता भएका उद्यमीलाई सरल र सहज रुपमा सहुलियतपूर्ण कर्जा उपलव्ध गराउने मस्यौदा “स्टार्टअप उद्यम कर्जा संचालन कार्यविधि जारी गराउने कार्यमा महासंघ लागी परेका र चांडै नै सरकारबाट जारी हुने जानकारी गराउनु भयो ।

कृषि उद्यम केन्द्रका बोर्ड सदस्य तथा आर एण्ड डी सोलुसन इन्नोभेटिभ सोलुसन प्रा.लि. का प्रमुख कार्यकारी अधिकृत श्री सुनिता न्हेम्हाफूकीले छलफल कार्यक्रमको उद्देश्यका साथै अन्तरक्रिया कार्यक्रम बारे जानकारी गराउदै छलफलमा सक्रिय रुपमा सहभागि भई आफ्ना बिचार राखि दिन हुन र सुझाव उपलव्ध गराई दिन हुन सहभागिहरूलाई अनुरोध गर्नु भयो ।

छलफल कार्यक्रममा ३० भन्दा बढि बैक तथा वित्तिय संस्थाका प्रतिनीधिका साथै बिभिन्न उ.वा.संघका अध्यक्षहरु, विभिन्न सरोकारवालाहरु गरी करिब ६० जनाको सहभागिता रहेकोमा उपस्थित बैंक तथा बित्तिय संस्थाका प्रतिनिधीहरुले हाल नेपालमा कृषि क्षेत्रमा लगानी गर्न उपयुक्त नीति नियमको अभावका साथै कार्यान्वयन पक्ष कमजोर रहेको कारण कृषिमा लगानी गर्न बैकहरु तत्पर नरहेको बिचार राख्दै सरोकारवाला निकायहरु सबै मिलेर लगानीको उपयुक्त वातावरण श्रृजना गर्नु पर्ने साथै लगानीको सुनिश्चता भएको खण्डमा बैक तथा बित्तिय संस्थाहरु कृषि क्षेत्रमा लगानी गर्न तयार रहेको प्रतिवद्धता जनाउनु भएको थियो ।

अन्तमा छलफल तथा प्राविधिक सेसनको समापन गदै कृषि उद्यम केन्द्रका बोर्ड सदस्य श्री मनोज चापागाईले नेपालमा कृषि क्षेत्रमा समस्या नै समस्या देखिएता पनि थुप्रै अवसरहरु बिद्यमान रहेकोले कृषि क्षेत्रमा बैक तथा वित्तिय संस्थाहरुले लगानी बढेको खण्डमा आयात प्रतिस्थापन गर्ने कार्यलाई सहयोग पुग्ने विश्वास राख्नु भएको थियो ।

- **बैठकमा सहभागिता**

मिति २०८०।०७।१३ गते ग्रामीण उद्यम तथा विप्रेषण आयोजना(समृद्धि)को कृषि उद्यम केन्द्रको तर्फबाट सम्पन्न गरेको कार्य प्रगति बारे अन्तराष्ट्रिय कृषि विकास कोष(आईफाड)को मिसन टिमले केन्द्रका सभापति श्री डिबी बस्नेतको उपस्थितिमा बैठक सम्पन्न भयो । आयोजना सम्पन्न हुनु भन्दा अगाडि सचिवालय कर्मचारीहरुको क्षमता अभिवृद्धिमा ध्यान दिनु पर्ने, केन्द्रले सक्षम मानव श्रोतको व्यवस्थापन गरी भावी दिनमा समेत संघ, सस्थाहरुको क्षमता मुल्यांकन लगायत Market Information Service(MIS) लाई निरन्तरता दिने सोच रहेको र आगामी दिन आईफाडसंग अन्य

आयोजनामा साझेदारी गर्न केन्द्र इच्छुक रहेको धारणा राख्दै यसमा दाता सकरात्मक रहने विश्वास सभापति श्री बस्नेतले राख्नु भएको थियो ।

कृषि उद्यम केन्द्रले सम्पन्न गरेको क्रियाकल्पाहरु बारे प्रमुख कार्यकारी अधिकृत डा. दिनेश प्रसाद पराजुलीले प्रस्तुतिकरण गर्नु भएको थियो । आईफाडका टिम लिडर Mr. Nigel Smith ले आयोजनामा केन्द्रले खेलेको भूमिकाका लागी धन्यवाद दिदै कृषि व्यवसाय प्रवर्द्धन र संस्थागत क्षमता अभिवृद्धि गराउने कार्यमा आयोजना सम्पन्न भएता पनि केन्द्रले निरन्तरता दिनु पर्नेमा जोड दिनु भएको थियो । छलफल कार्यक्रममा मिसन टिम र कृषि उद्यम केन्द्रका गरी १५ जनाको सहभागिता रहेको थियो ।

जिल्लाहरुमा कृषि उद्यम केन्द्र मार्फत सम्पन्न गरिएको कार्यक्रमहरुको स्थलगत रुपमा मिसन टिमले अनुगमन तथा मुल्यांकन गर्नुका साथै उपलव्धीहरुको प्रशंसा गर्दै कार्य प्रगतिको लागी केन्द्रलाई बधाई समेत प्राप्त भएको छ ।

- मिति २०८०।०९।२ गते Regional Office for Asia and the Pacific Food and Agriculture Organization of the United Nation(FAO) का परमार्शदाता Mr. Stephane Passeri ले नेपाललाई Geographical Indications(GI) को आवश्यकता र महत्व बारे चर्चा गर्दै सार्क देशका अधिकांश देशहरुले यसलाई कार्यान्वयनमा ल्याउन अगाडि बढि सकेकोले अब पनि नेपालले यसको कार्यान्वयनको लागी निर्माणको चरणमा रहेको नीति समयमा पास नगर्ने हो भने माथि उल्लेख गरिएको देश बाहेक नेपाल एक्लो Geographical Indications(GI) लागु नगर्ने देश हुने भएकोले नीजि क्षेत्रले सरकारलाई तत्कालै लागु गर्न दवाब दिनु पर्ने बताउनु भयो ।

  कृषि उद्यम केन्द्रका सभापति श्री डि.बी. बस्नेतले नेपालको बस्तुलाई विश्व व्यापी रुपमा चिनाउन र व्यापार गर्न सहज हुने भएकोले नेपालको मौलिक रुपमा पहिचान भएका वस्तुहरुलाई प्रवर्द्धन गर्न यसले आवश्यक सहयोग पुग्ने देखिएकोले यसको प्रभावकारी रुपमा कार्यान्वयनको लागी नीजि क्षेत्रले तत्कालै सरकारलाई अनुरोध गर्ने प्रतिवद्धता जनाउनु भयो ।

  छलफल तथा अन्तरक्रिया कार्यक्रममा कृषि उद्यम केन्द्रका संचालक समितिका सह-सभापति श्री राज कुमार कार्की, सदस्यहरु डा. रत्न कार्की र श्री सुनिता न्हेमाफुकी र केन्द्रका बरिष्ठ कर्मचारीहरुको समेत उपस्थिति रहेको थियो ।

- **संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम**

  मिति २०८०।०५।२६ गते कृषि उद्यम केन्द्रले बस्तुगत संघको संस्थागत क्षमता अभिवृद्धि गर्ने कार्यक्रम अनुसार नेपाल डेरी एशोसिएसनको केन्द्रिय कार्यालय, शंखमुलमा गई स्वःलेखाजोखा क्षमता मुल्यांकन गर्ने कार्य सम्पन्न भयो । संघको क्षमता मुल्यांकन कार्यक्रमको सहजिकरण बरिष्ठ कार्यक्रम अधिकृत श्री अरुण श्रेष्ठले गर्नु भएको सो कार्यक्रममा एशोसिएसनका पदाधिकारी र सदस्यहरु गरी १० जनाको सक्रिय सहभागिता रहेको थियो ।

  मिति २०८०।०६।१० गते नेउवामहासंघ/कृषि उद्यम केन्द्रको प्राविधिक सहयोगमा नेपाल कुचो संघको संस्थागत क्षमता अभिवृद्धिमा आवश्यक सहयोग गर्ने उद्देश्यले संघको स्वःलेखाजोखा क्षमता मुल्यांकन गर्ने कार्य सम्पन्न भयो । संघका अध्यक्ष श्री राज कुमार कार्की,पदाधिकारी र सदस्य गरी ७ जनाको सहभागिता लेखाजोखा कार्यक्रममा ९ सूचांकहरुमा गहन रुपमा छलफल गर्नुका साथै क्षमता मुल्यांकनको सहजिकरण बरिष्ठ कार्यक्रम अधिकृत श्री अरुण श्रेष्ठले गर्नु भएको थियो ।

- **विविध**

MSMEs Support for Growth & Resilence Building परियोजनाको कृषि उद्यम केन्द्र र International Maize and Wheat Improvement Center (CIMMYT) ले सम्पन्न गरेको कार्य प्रगति विवरणः

परियोजनाको लागि आवश्यक कर्मचारीहरुको छनोट गरि कार्य विभाजन गरिएको छः

क) परियोजना संयोजक १

ख) कृषि व्यवसाय विज्ञ १

ग) कृषि व्यवसाय विकास अधिकृत ३ जना (कपिलवस्तु र दाङको लागि १ जना, बाँके र बर्दियाको लागि १ जना र कैलाली र कंचनपुरका लागि १ जना)

- कृषि उद्यम केन्द्रको सभापतिको सहभागितामा कपिलवस्तु, दाङ्ग, नेपालगन्ज, गुलरिया, बर्दिया, कैलाली र कंचनपुर उद्योग बाणिज्य संघहरु लाई परियोजनाको बारेमा जानकारी दिई कार्यक्रमको उद्देश्य बारेमा सरोकारवालाहरु संग उ.वा.संघको सचिवालयमा अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम गरिएको ।
- परियोजना **लागु** भएको क्षेत्रको सरोकारवालाहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गर्नका लागि लघु, साना तथा मझौला उद्यमीहरु छनोट गर्न करिव १३० उद्यमीहरु पहिचान गरिएको ।
- पहिचान गरिएका उद्यमीहरु मध्येबाट ८० वटा लघु, साना तथा मझौला उद्यमीहरु छनोटकार्य CIMMYT संगको समन्वयमा सम्पन्न भएको ।
- छनौट भएका लघु, साना तथा मझौला उद्यमीहरुका लागि ३ दिने व्यवसायिक योजना तालिम संचालन गरिएको । उपरोक्त तालिममा जम्मा ७४ जान उद्यमी सहभागि भएका ।
- छनौट भएका लघु, साना तथा मझौला उद्यमीहरुलाई CIMMYT बाट साना अनुदान कार्यकम अन्तर्गत बढिमा २ हजार डलर सम्म अनुदान दिने कार्यकम रहे बमोजिम उक्त साना अनुदान कार्यकम संचालनकालागि व्यवसायिक आवश्यकताका आधारमा माग संकलन गरी CIMMYT मा पेश गरिएको ।
- कार्यकम संचालित ६ वटौ जिल्लाका उद्योग बाणिज्य संघहरुसंग समय समयमा समुन्वय बैठक गर्ने योजना बमोजिम यहि माघ १० गते कपिलबस्तु उ.वा.संघ र ११ गते दाङ उ.वा.संघसंग समुन्वय बैठक गरी समग्र कार्यकमको प्रगति बारे अवगत गराईएको ।

कैलाली, बांके र कपिलबस्तु जिल्लामा CIMMYT ले कृषि उद्यम केन्द्रको संयुक्त आयोजनामा संचालन गरेको Agri-Input मेला सम्पन्न गरेको ।

# थप प्रतिवेदन : व्यापार मेला समिति

- सन् २०२३ को अगष्ट १६ देखि २० सम्म चीनको कुनमिङमा आयोजना भएको China South Asia Expo मा महासंघको पहलमा ५१ वटा नेपाली फर्म/कम्पनीहरुलाई सीफारिस गरिएको थियो । Covid १९ पछि पहिलो पटक चीनमा नेपाली निकासीयोग्य बस्तुहरुको प्रचार प्रसार तथा बिक्रि गरिएको थियो ।
- कुनमिङ मेलामा यस वर्ष नेपाल Theme Country को रुपमा छनोट भएका थियो । Theme Country को लागि मुख्य हलमा ३६०० स्क्वायर फिटको नेपाल पेभिलियन निमार्ण गरिएको थियो । उक्त पेभिलियनमा पर्यटन प्रर्बद्धन सम्बन्धि फोटोहरु तथा ८० भन्दा बढि नेपाली मौलिकता झल्काउने हस्तकलाका बस्तुहरु प्रर्बद्धन गरिएको थियो ।
- विभिन्न जिल्लाहरुमा आयोजना हुने प्रादेशिक मेला एवं जिल्ला/ नगरस्तरिय मेलाहरुलाई व्यवस्थित र सफलतापुर्वक सम्पन्न गर्नको लागि नेपाल सरकारका सम्बन्धित निकायमा पत्राचार एवं भेट गरि निजी क्षेत्रका प्रतिनिधिमुलक संस्थाहरुको स्विकृति लिएर मात्र आयोजना गर्ने व्यवस्था गरिनुपर्ने सुझाव प्रस्तुत गरिएको र यो विषयलाई आ.व. २०८०/८१ को नेपाल सरकारको बजेटमा महासंघद्धारा प्रस्तुत गरिने बजेट सुझाव समेत उल्लेख गरिएको छ ।
- Covid 19 को कारणले ३ वर्षसम्म हुन नसकेको नवौं नेपाल अन्तराष्ट्रिय व्यापार मेला २०८० मंसीर १४ देखि १८ गते सम्म भृकुटीमण्डप काठमाडौमा सफलतापुर्वक सम्पन्न भयो ।
- नवौं अन्तराष्ट्रिय व्यापार मेलाको समुद्घाटन सम्माननिय सभामुख श्री देवराज घिमिरेले गर्नु भएको थियो । मेलामा महासंघका उपाध्यक्षद्वय सुरकृष्ण वैद्य र हेमराज ढकालले मन्तव्य राख्नु भएको थियो । उक्त समारोहमा चीनका राजदुत, उद्योग सचिव, व्यापार तथा निकासी प्रर्वद्धन केन्द्रका कार्यकारी निर्देशक, एवं Trade Development Bureau, Ministry of Commerce, China का प्रतिनिधिले मन्तव्य राख्नु भएको थियो ।
- मेलामा चीनको तर्फबाट ५५ वटा स्टल, भारतको ICC Chamber बाट ३० वटा स्टल पाकिस्तान र बंगलादेशबाट ५।५ वटा स्टल राखिएका थिए । Made in Nepal Show अन्तर्गत NYEF ले १५ वटा, जुत्ता उत्पादक संघको ८ वटा एवं ललितपुर उवासंघ तथा हस्तकला महासंघ र लघु घरेलु तथा साना उद्यँग समेत गरी जम्मा १६५ वटा स्टल राखिएको थियो ।
- NITF मेलाको अवसरमा नेपाली प्रतिनिधिमण्डल र चीनको गान्सु प्रान्तका प्रतिनिधिमण्डल बीच द्धिपक्षिय लगानी प्रबर्द्धन सम्बन्धी B2B बैठक आयोजना गरिएको थियो । उक्त बैठकमा महासंघका उपाध्यक्ष श्री सुरकृष्ण वैद्य, व्यापार तथा निकासी प्रर्वद्धन केन्द्रका कार्यकारी निर्देशक, उद्योग तथा आपुर्ति मन्त्रालयका सह सचिव राम चन्द्र तिवारीले मन्तव्य राख्नु भएको थियो ।
- सन् २०२४ को जनवरी ८ देखि १० सम्म भारतको नया दिल्लीमा आयोजना भएको South Largest Integrated Food Show मा महासंघका उपाध्यक्ष श्री हेमआज ढकालको नेतृत्वमा खाद्य बस्तुसंग सम्बन्धित जील्ला/नगर उद्योग वाणिज्य संघहरु बस्तुगत संघहरु तथा एशोसिएट सदस्यहरु गरि ३२ जना व्यापारी प्रतिनिधिमण्डलले मेलाको अवलोकन एंव B2B meeting मा भाग लिएको थियो । उक्त मेलामा महासंघको पहलमा ७ वटा नेपाली कम्पनीहरुले नेपाली निकासीयोग्य बस्तुहरु जस्तै कफी, चिया, अर्लैची तथा जडिवुटीको स्टल राखि प्रर्दशनी समेत गरिएको थियो ।
- यस १ वर्षको अवधिमा ९ पटक व्यापार मेला समितिको बैठक बसेको थियो ।

## अन्तर्राष्ट्रिय सामाजिक न्याय दिवस २०२४ मा सहभागिता

अन्तर्राष्ट्रिय सामाजिक न्याय दिवस २०२४ अवसरमा मिति २०८० फागुन ९ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, नेपाल उद्योग वाणिज्य महासंघ एवम् संयुक्त ट्रेड युनियन समन्वय केन्द्रका अध्यक्ष/प्रतिनिधि तथा अन्तर्राष्ट्रिय श्रम संगठनका नेपाल कार्यालयका निर्देशक/प्रतिनिधि सहित सरोकारवालाहरुको सहभागितामा सामाजिक न्यायका लागि विश्वव्यापी साझेदारी (Global Coalition for Social Justice) विषयक त्रिपक्षीय अन्तरक्रिया तथा परामर्श कार्यक्रम मन्त्रालयको सभाहलमा सम्पन्न भयो ।



कार्यक्रममा अन्तर्राष्ट्रिय श्रम संगठनका महानिर्देशक र नेपाल कार्यालयका निर्देशक नुमान ओज्कानद्वारा नेपाल सरकारलाई सामाजिक न्यायका लागि विश्वव्यापी साझेदारी (Global Coalition for Social Justice) मा सहभागी हुन गर्नुभएको आमन्त्रणका विषयमा महत्वपूर्ण छलफल भयो । उक्त साझेदारीमा नेपालको सहभागिता सम्बन्धमा संयुक्त ट्रेड युनियन समन्वय केन्द्रका तर्फबाट अध्यक्ष श्री योगेन्द्र कुमार कुँवर तथा नेपाल उद्योग वाणिज्य महासंघका तर्फबाट अध्यक्ष श्री चन्द्र प्रसाद ढकालद्वारा धारणा प्रस्तुत भएको थियो भने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको तर्फबाट सचिव श्री केवल प्रसाद भण्डारीले सामाजिक न्यायको क्षेत्रमा नेपालले हालसम्म गरेका प्रयास, साझेदार निकायसँगको सहकार्य एवम् नेपालमा सामाजिक न्याय स्थापनाका लागि विश्वव्यापी साझेदारीको महत्वका विषयमा मन्त्रालयको तर्फवाट धारणा राखुभयो।

तत्कालिन माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री शरत सिंह भण्डारीज्यूले सम्बोधनका क्रममा अन्तर्राष्ट्रिय श्रम सम्मेलनको १११ औं सत्रमा सामाजिक न्यायका सन्दर्भमा भएको छलफलको स्मरण गर्नुहुँदै नेपाल सरकारले सरोकारवाला निकायसँग थप परामर्श गरी आवश्यक प्रक्रिया पुरा गरेर यथाशीघ्र सामाजिक न्यायका लागि विश्वव्यापी साझेदारी (Global Coalition for Social Justice) मा सहभागिता जनाउने जानकारी गराउनु भयो ।

## हेटौडामा महासंघ वाग्मती प्रदेश कार्यालयको शिल्यान्यास :



हासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले मिति २०८० फागुन १० गते हेटौंडामा महासंघ बागमती प्रदेश कार्यालयको शिल्यानास गर्नुभएको छ। व्यवसायिक निर्माण सम्पन्न भएपश्चात आधुनिक कार्यालय, बैठक कोठा र सम्मेलनको सुविधा उपलब्ध हुनेछ। उद्यमीहरू, स्टार्टअपहरू, र स्थापति व्यवसायहरूले यी सुविधाहरू मार्फत व्यापार तथा व्यवसायलाई अझ प्रभावकारी रूपमा सञ्चालन गर्न, सहकार्य एवं सञ्जालका लागि प्रयोग गर्न सक्छन् ।

## सम्माननीय प्रधानमन्त्री र निजी क्षेत्र छाता संस्था अध्यक्ष भेटवार्ता :



मिति २०८० फागुन १३ गते सम्माननीय प्रधानमन्त्री दाहालले नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकाल, नेपाल उद्योग परिसंघका अध्यक्ष राजेश कुमार अग्रवाल र नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष राजन्द्र मल्ल गरी तिनै संस्थाका अध्यक्षहरुसंग भेट गरी अर्थतन्त्रका बारे जानकारी लिनु भएको थियो। प्रधानमन्त्रीसंगको भेटमा अर्थतन्त्र सुधार गर्न सरकार गम्भीर हुनुपर्ने साथै वाह्य क्षेत्र सुधार हुँदै गएपनि बजार चलायमान हुन नसक्दा अर्थतन्त्र अझैपनि जोखिममा रहेको तर्फ ध्यानाकर्षण गराउँदै व्यवसायिक वातावरण निर्माण गर्न निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाका अध्यक्षहरुले आग्रह गर्न भएको थियो ।



व्यावसायिक वातावरण निर्माण गर्न प्रधानमन्त्रीलाई निजी क्षेत्रको आग्रह

व्यावसायिक वातावरण निर्माणमा गम्भीर बन्न निजीक्षेत्रको माग

व्यावसायिक वातावरण निर्माण गर्न प्रधानमन्त्रीसँग निजी क्षेत्रको आग्रह

अचानक बोलाइयो निजी क्षेत्रलाई

व्यावसायिक वातावरण बनाउन निजी क्षेत्रको आग्रह

भेटमा न्युन मागका कारण औसतमा उद्योगहरु ४० प्रतिशत भन्दा कम क्षमतामा चलिरहेका, कोभिडपछिको तिव्र विस्तार व्यवस्थापन गर्न नसक्दा अपनाइएका नीतिले भुक्तानी सन्तुलन क्कै सुस्ताएको, सरकार र अन्य नियामक निकायहरुको नीतिका कारण अर्थतन्त्रमा साना व्यवसायीबाट र विदेशी वनिमय संचितिमा उच्च सुधार भएपनि बजारमा कारोबार नि शुरु भएको समस्या बैंक वित्तिय संस्थामा पुगिसकेको, बैंक वित्तीय संस्थापछि यसको असर सरकारको राजश्वमा समेत परिरहेको लगायतका तर्फ निजी क्षेत्रले सरकारको ध्यानाकर्षण गराएको थियो ।

भेटमा बजारमा माग बढाउन सरकारको पूँजीगत खर्च बढाउनुपर्ने, गाउँ र साना शहरहरुमा रकम प्रवाह हुने गरि पुर्नकर्जा लगायतको कर्जा सुविधा विस्तार गर्नुपर्ने, अख्तियार, सतर्कता केन्द्र जस्ता निकायले निजी क्षेत्रलाई हेर्ने प्रावधान न्यायसंगत नभएको हुँदा प्रस्तावित विधेयकहरुबाट यसलाई हटाउनुपर्ने, व्यवसायीको सम्मानका लागि निजी क्षेत्रलाई पनि मर्यादाक्रममा समावेश गर्नुपर्ने, व्यवसायीहरुलाई निर्वाध काम गर्ने वतावरण हुनुपर्ने, पूजीगत लाभकरमा लाग्दै आएको दोहोरो कर हटाउनुपर्ने, धेरै निकायले निजी क्षेत्रलाई हेर्ने व्यवस्थाको अन्त्य गर्नुपर्ने, ऋणको पुर्नसंरचना र पुर्नतालिकीकरण गरिनुपर्ने, घरजग्गा र सेयर कर्जामा रहेको जोखिम भारको व्यवस्थालाई अहिले १२५ प्रतिशत जोखिम भारलाई एक सय प्रतिशतमा झार्नुपर्ने, चालु पूँजी कर्जाको बिषय बैंक र ऋणीले नै तय गर्न सक्ने गरि छुट दिइनुपर्ने, सरकारबाट स्वीकृति लिएर काम शुरु गरेका आयोजनामा अनावश्यक अवरोध भैरहेकोले निर्वाध संचालनका लागि सरकारले सहयोग प्रदान गर्नुपर्ने लगायतका सुझावहरु निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाका अध्यक्षज्यूहरुले सुझाव प्रस्तुत गर्नुभएको थियो ।

भेटका क्रममा प्रधानमन्त्री दाहालले निजी क्षेत्रको सुझाव अनुरुप अर्थतन्त्र सुधारका लागि सरकारले पहल गर्ने, निजी क्षेत्र र सरकारी परियोजनाको काम समयमै सक्न सरकारले पहल गर्ने लगायत वताउनुभयो । भेटमा नेपाल सरकारका मुख्य सचिव डा वैकुण्ठ अर्यालको पनि उपस्थिति थियो ।

## राज्य व्यवस्था समितिको छलफल कार्यक्रममा महासंघको सहभागिता :



राज्य व्यवस्था समितिको मिति २०८० फागुन १७ गते भएको छलफलमा अध्यक्ष चन्द्र प्रसाद ढकालको सहभागिता रहेको थियो। कार्यक्रममा उहांले सरकार र राजनीतिक दलहरू संवेदनशील नभए स्वदेशी र विदेशी लगानी हुन नसक्ने अवस्था रहेको, साथै 'सबै मिलेर अर्थतन्त्रको जटिलता समाधानमा पहल नहुने हो भने निजी क्षेत्र लगानी बढाउने नभइ कसरी व्यवसायबाट बाहिरिने भन्ने बाटो खोज्ने अवस्था आउनेछ, भन्नुभयो। महासंघ र अन्तराष्ट्रिय वित्त निगमले सार्वजनिक गरको अध्ययन अनुसार अर्थतन्त्रमा ८१ प्रतिशत रोजगारीमा ८७ प्रतिशत योगदान निजी क्षेत्रको छ।

मुलतः निजी क्षेत्रले काम गर्न नसक्दा सरकारको राजश्वमा पनि असर परेको छ। चालु आर्थिक बर्षको पहिलो ६ महिनामा सरकारको घाटा करिब ५० अर्ब रुपैया छ। निजी क्षेत्रले निर्वाध काम गर्न नसक्दा राजश्वमा चाप परेको हो। यसैगरि उहांले आगामी लगानी सम्मेलनलाई लक्षित गरि तयार पारिएको कानुन सुधार सम्बन्धि व्यवस्था पारित गर्नुपर्ने भएकोले महासंघले करिब एक दर्जन कानुन सुधार आवश्यक रहेकाले प्रधानमन्त्री कार्यालयका सचिव एक नारायण अर्यालको संयोजकत्वमा निजी क्षेत्र सम्मिलित कार्यदलले सुधार सुझाव तयार पारि मुख्य सचिव डा वैकुण्ठ अर्याललाई बुझाइसकेको छ।

## महासंघ कार्यकारिणी समिति सदस्यमा भारत राज आचार्य मनोनित :




महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालले महासंघको विधानको दफा ३४.१ को खण्ड (ण) र दफा ३४.६ अनुसार नेपाल उद्योग वाणिज्य महासंघको कार्यकारिणी समिति सदस्यमा भरतराज आचार्यलाई मनोनित गर्नुभएको छ। यस कार्यकाल भन्दा अघिका २ कार्यकालहरुमा महासंघको कार्यकारिणी समिति सदस्य रही सक्नु भएको साथै महासंघको रोजगारदाता परिषद्को उप सभापति एवं उद्योग समितिको सभापतिको जिम्मेवारी समेत सम्हालिसक्नु भएका भारत राज आचार्य उत्पादनमूलक उद्योग, व्यापार लगायतका क्षेत्रमा संलग्न हुनुहुन्छ।

## नवनियुक्त अर्थमन्त्रीसंग भेट



नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकाल लगायतका पदाधिकारी एवं कार्यकारिणी समितिका सदस्यहरुले मिति २०८० फागुन २४ नवनियुक्त माननीय अर्थ मन्त्री वर्षमान पुनःसंग भेट गर्नुभएको थियो। भेटमा अध्यक्ष चन्द्र प्रसादले विद्यमान आर्थिक समस्या समाधान लगायत साना शहर र गाउसम्म रकम प्रवाह गर्न सरकारले पूजीगत खर्च बढाउनुका साथै पुर्नकर्जा सुविधा विस्तार गर्नुपर्ने, सहकारी र लघुवित्तमा देखिएको समस्याले साना व्यवसायी र सर्वसाधारणको हातमा रकम पुग्न नसकेको र त्यसका लागि सरकार र बैंकमा रहेको रकम सर्वसाधारणको हातमा पुग्ने व्यवस्था गर्नुपर्ने, निर्माण

व्यवसायीलाई बक्यौता रकम तिर्न पहल गनुपर्ने लगायतका विषयमा अध्यक्ष ढकालले माननीय नवनियुक्त अर्थ मन्त्री समक्ष प्रस्तुत गर्नुभएको थियो । त्यसैगरी उहांले निजी क्षेत्रलाई निर्वाध काम गर्न दिइनुपर्ने, निजी क्षेत्र भन्नाले ठूलो उद्योग देखि गाउँको किराना पसलसम्म भएकोले सरकारले अत्याउने, धरपकड गर्ने, निरुत्साहित बनाउने काम हुनु हुँदैन र निजी क्षेत्रको मनोबल बढाउनुपर्ने, राजश्व कम उठिरहेको समयमा धरपकड गरि राजस्व उठाउने गरिएकोले चार बर्ष अगाडि राजश्वले टुंग्याएको बिषयलाई महालेखा परिक्षकको कार्यालयले खोतल्ने र दण्ड दिने गरेको विषयमा माननीय अर्थ मन्त्रीज्यूको ध्यानाकर्षण गराउनु भएको थियो ।


बैंकर र व्यवसायीअनुकूलको नीति लिने अर्थमन्त्रीको आश्वासन

आर्थिक

'उद्यमीलाई उत्साहित बनाउने काम गर्नुस्'

सबैका लागि बैंक

ऋण नतिर्नेलाई कारबाही गर्ने चेतावनी

निजी क्षेत्रको मनोबल बढाउन आग्रह

'Boosting private sector's morale essential for reforms'

निजी क्षेत्रले उठाइरहेको मर्यादाक्रमको विषयमा पनि अध्यक्ष ढकालले अर्थमन्त्री पुनलाई जानकारी गराउनु भयो । अर्थतन्त्रमा ८१ प्रतिशत र रोजगारीमा ८७ प्रतिशत योगदान दिइरहेको निजी क्षेत्रलाई मर्यादाक्रममा राख्दा निजी क्षेत्रको मनोबल अझै बढ्ने जानकारी दिनु हुदै सरकारले खर्च नगरि विश्वास बढने यस्ता बिषयमा कन्जुस्याइ नहुने र यी साना बिषय जस्ता देखिएपनि यसले देशभरका सबै उद्यमी व्यवसायको हौसला बढाउनु भएको थियो त्यसै गरी अध्यक्ष ढकालले जुनसुकै पार्टि भएपनि आर्थिक एजेन्डामा एकरुपता हुनुपर्ने माग गर्दै आइरहेको कुरा पनि अर्थमन्त्रीलाई अवगत गराउनु हुदै उनले अर्थतन्त्र जटिल विषय भएकाले आर्थिक समस्या समाधानका लागि सबै पार्टि र पक्षको प्रतिबद्धता आवश्यक रहेको पनि बताउनुभयो । साथै अध्यक्ष ढकालले बैंक वित्तिय संस्थामा पनि समस्या देखिएमा अर्थतन्त्रमा थप जटिलता बढने तर्फ सजग गराउँदै यसको संवेदनशीलता बुझ्न आग्रह गर्नुभयो । 'बैंक वित्तिय संस्थाको ऋण तिर्नु नपर्ने भनि गलत प्रचार प्रसार भैरहेको छ, अध्यक्ष ढकालले भन्नुभयो, 'यसमा सरकार सचेत हुनुपर्छ ।

भेटवार्ताको क्रममा अर्थमन्त्री पुनले निजी क्षेत्रलाइ विस्वासमा लिएर अगाडी बढ्ने वताउनुभयो । उहाँले निजी क्षेत्रसंग सहकार्य गरेर सरकार अगाडी बढ्ने कुरामा आफ्नो प्रतिबध्दता रहेको जानकारी पनि गराउनु भयो ।

**<u>महासंघको पहलमा लगानी कम्पनी स्थापना हुने</u>**







महासंघका अध्यक्षले चन्द्र प्रसाद ढकालले मिति २०८० फागुन २८ गते विरगंज उद्योग वाणिज्य संघको बार्षिक साधारणसभालाई सम्बोधन गर्नुहुदै नेपाल उद्योग वाणिज्य महासंघको पहलमा दशैभरका उद्यमी व्यवसायीको सहभागितामा लगानी कम्पनी स्थापना हुने जानकारी गराउनुभयो ।

अध्यक्ष ढकालका अनुसार उक्त कम्पनीमा देशैभरका सर्वसाधारण एवं व्यवसायीले लगानी गर्न सक्ने र उक्त रकम विभिन्न परियोजनामा लगानी गरिनेछ । कम्पनीको अधिकृत पूँजी दश अर्ब रुपैया हुनेछ । यसमा महासंघका सदस्य बाहेकका व्यवसायीले पनि लगानी गर्न सक्ने अध्यक्ष ढकालले वताउनुभयो ।




कार्यक्रममा अध्यक्ष ढकालले मुलुकको अर्थतन्त्रको सुधारका लागि पहल गरिरहेको पनि वताउनुभयो। राजनीतिक दलहरुको आर्थिक बिषयमा एकै एजेण्डा हुन नसक्दा समन्यव र सुधार नभएको वताउँदै अध्यक्ष ढकालले महासंघको चैत्र अन्तिम साता आयोजना हुने बार्षिक साधारणसभामा सबै दलहरुको एक्यवद्धता खोजिने जानकारी पनि गराउनुभयो।

महासंघले सुधारका लागि निरन्तर प्रयास गरिरहेको र गत असोजमा आयोजित वृहद आर्थिक बहस यसको कोशेढुंगा भएको जानकारी पनि उहाँले गराउनुभयो। त्यसपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सर्वपक्षीय भेला आयोजना गरेको स्मरण गराउँदै अध्यक्ष ढकालले त्यसपछि वित्तिय क्षेत्रमा सुधार भएको वताउनुभयो। 'अझै हामीले प्रयास गर्नुपर्छ,' अध्यक्ष ढकालले भन्नुभयो, 'बजार चलायमान बनाउन सबैको सहकार्य आवश्यक छ।'

## साउदी लगानीकर्तालाई नेपालमा पुँजी परिचालन गर्न आह्वान

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले साउदी अरबका लगानीकर्तालाई नेपालमा लगानी बढाउन तथा लगानी साझेदारीका लागि आह्वान गरेका छन्। नेपाल उद्योग वाणिज्य महासंघ, लगानी बोर्ड नेपाल, साउदी अरबको लगानी मन्त्रालय, साउदी चेम्बर र यहाँस्थित साउदी अरब राजदूतावासले संयुक्त रूपमा आइतबार आयोजना गरेको लगानी वेबिनारमा अध्यक्ष ढकालले नेपालमा लगानी बढाउन साउदी लगानीकर्ताहरुलाई आग्रह गरेका हुन्। लगानी सम्मेलनको सन्दर्भ जोड्दै अध्यक्ष ढकालले नेपालमा लगानीकर्तालाई सहज वातावरण बनाउन नेपाल सरकारले निजी क्षेत्रलेसँग मिलेर काम गरिरहेकाले बाह्य लगानीकर्ताका लागि नेपालमा लगानी बढाउन उपयुक्त समय आएको बताए।




राससका अनुसार नेपालमा जलविद्युत्, पर्यटन, सूचना प्रविधि र व्यावसायिक कृषिमा थप लगानीका सम्भावनाहरु भएकाले लगानीकर्ताका लागि थप अवसर सृजना भएकोतर्फ अध्यक्ष ढकालले साउदी लगानीकर्ताको ध्यानाकर्षण गराए। नेपाल सरकारले आगामी १० वर्षमा २५ हजार मेगावाटभन्दा बढी जलविद्युत् उत्पादन गर्ने लक्ष्य लिएको छ। जलविद्युत् उत्पादनको लक्ष्य हासिल गर्न वैदेशिक लगानी आवश्यक पर्ने भएकाले जलविद्युत्मा क्षेत्रमा संयुक्त लगानी परियोजना विकास गर्न साझेदारीका लागि समेत अध्यक्ष ढकालले आग्रह गरे। पर्यटन क्षेत्रमा प्राकृतिक सौन्दर्यले भरिपूर्ण नेपालको आफ्नै मौलिक विशेषताहरु भएकाले होटेल रिसोर्ट तथा केबलकार परियोजनाहरुमा आफूले लगानी बढाएको उदाहरण दिँदै अध्यक्ष ढकालले बाह्य लगानीकर्ताका लागि पर्यटन बजार पनि आकर्षण रहेको बताए। सूचना प्रविधि र व्यावसायिक कृर्षिमा बढ्दो बजार मागले पनि लगानीकर्ताहरुलाई थप अवसर सृजना गरी रहेकाले यसतर्फ ध्यान पुर्याउउन उनले आग्रह गरे। बाह्य लगानीलाई सहज बनाउन महासंघले लगानी र व्यापार नीतिको मस्यौदामा सरकारसँग नजिक रहेर काम गरिरहेकाले नीतिगत समस्याहरुमा अप्ठ्यारो महसुस नगर्न उनले साउदीका लगानीकर्तालाई आश्वस्त पारे। महासंघले वैदेशिक लगानी सहायता कक्षमार्फत लगानीकर्तालाई सेवाहरु प्रदान

गरिरहेको जानकारी गराउँदै अध्यक्ष ढकालले यसले लगानीकर्ताहरुलाई थप सहज बनाएको बताए । आगामी वैशाखमा हुने नेपाल लगानी सम्मेलनमा लगानीका प्रतिबद्धतासहित सहभागी हुन उनले साउदीका लगानीकर्तालाई आग्रह गरे । लगानी वेबिनारमा लगानी बोर्डका प्रमुख कार्यकारीसहित साउदी अरबको लगानी मन्त्रालय, साउदी चेम्बर र नेपाल स्थित साउदी अरब राजदूत सहित साउदी अरब तथा नेपालका लगानीकर्ताहरुको सहभागिता रहेको थियो ।

## युएई र मङ्गोलियाका राजदूतसँग भेट :



महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले युएईका राजदूत महामहिम अब्दुल्ला अल शम्सी र नेपालका लागि मान्यता प्राप्त भारतका लागि मङ्गोलियाका राजदूत महामहिम गानबोल्ड डम्बाजाभसँग भेट महासंघको सचिवालयमा मिति २०८० फागनु ३० भेट गर्नु भएको थियो ।



उक्त भेटमा नेपाल र यी दुई राष्ट्रबीचको द्विपक्षीय व्यापार र लगानी सम्बन्धलाई अभिवृद्धि गर्ने विषयमा छलफल भएको थियो । यही वैशाख २८ र २९ गते काठमाडौं मा आयोजना हुने नेपाल लगानी सम्मेलनमा सहभागी हुन सम्बन्धित देशलाई अध्यक्ष ढकालले आग्रह गरे । साथै उहांले युएईका राजदूतसँगको भेटमा अध्यक्ष ढकालले दुवै देशका दूतावासको सहयोगमा २०२३ नोभेम्बरमा दुबईमा आयोजना भएको नेपाल दुबई बिजनेस समिटको सफलताको लागि महामहिमलाई धन्यवाद दिनु भएको थियो । भेटमा अध्यक्ष ढकालले नेपालमा लगानीको प्रचुर सम्भावना रहेको राजदूतज्यूहरुलाई जानकारी हुदै नेपाल र युएईबीच द्विपक्षीय लगानी सम्झौताको सम्भावनाका बारेमा पनि कुरा राख्नु भएको थियो ।



युएई र मङ्गोलियालाई लगानी बढाउन आग्रह

copyright protection

Envoys impl

KATHMANDU: In a meeting with the ambassadors of the United Arab Emirates and Mongolia, Chandra Prasad Dhakal, president of Federation of Nepalese Chambers of Commerce and Industry (FNCCI), requested their support in promoting investment in Nepal. Dhakal met with UAE Ambassador Abdulla Al Shamsi and Mongolian Ambassador to India who is concurrently accredited to Nepal, Ganbold Dambajav, on Wednesday. He also requested them for their participation in the Nepal Investment Summit that is scheduled for April 28 and 29 in Kathmandu. The discussions centred on enhancing bilateral trade and investment ties between Nepal and the two nations. —HNS

अर्थ ७

लगानी प्रवर्द्धन गर्न युएई र मंगोलियालाई आग्रह

www.nayapatrikadaily.com नयाँ पत्रिका

नेपालमा लगानी प्रवर्द्धन गर्न अध्यक्ष ढकालको आग्रह

## वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस २०८० समारोहमा पार्टिका सभापति एवं अध्यक्षज्यूहरूलाई उपस्थितिको लागि निमन्त्रण पत्र प्रदान :








सम्माननीय प्रधानमन्त्रीज्यूको प्रमुख आतिथ्यतामा निजी क्षेत्रको संघीय प्रतिनिधिमुलक संस्था नेपाल उद्योग वाणिज्य महासंघको मिति २०८० चैत्र २८ गतेको ५८ औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस २०८० समारोहमा विशेष अतिथिको रूपमा उपस्थित भई पार्टिकोतर्फबाट अर्थतन्त्रको सुधारमा सामूहिक प्रतिवद्धता सहित वार्षिक साधारण सभालाई संवोधनका लागि महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालबाट सम्बन्धित पार्टिका शिर्षस्थ नेताहरूलाई निमन्त्रणा पत्र प्रदान गर्नुहुदै ।





## गुणस्तर अभिवृद्धिमा प्राविधिक सहयोग गर्न जनशक्ति तयार



वस्तुगत परिषदद्वारा IEU- Nepal Trade and Investment Program (TIP) र International Trade Centre (ITC) संग मिलेर चैत्र ५ गते महासंघ सचिवालयमा Quality Champions Program आयोजना गरियो ।

TIP परियोजनाले मुलुकभित्र गुणस्तर अभिवृद्धिमा उद्योग व्यवसायलाई सहयोग गर्ने उद्देश्यले आआफना क्षेत्रका अनुभवी व्यक्तिहरूलाई Quality Champions को रूपमा तयार गरेको छ । उद्यमी व्यवसायी र Quality Champions बीच भएको उक्त अन्तरक्रिया कार्यक्रममा टीप परियोजनाले तयार पारेका २० Quality Champions मार्फत गुणस्तर अभिवृद्धिमा हुने सहकार्यका विषयमा छलफल भएको थियो ।



कार्यक्रमलाई महासंघका उपाध्यक्ष हेमराज ढकाल,टीप परियोजनाका कोअर्डिनेटर डा. विदुर घिमिरे, डा. वद्री वास्ताकोटी, आइटीसी जेनेभाका मार्गरेटा फाउण्डरले संवोधन गर्नु भएको थियो भने Quality Champion टीना रावल साउदले कफी व्यवसायमा प्रारम्भ गरिएको गुणस्तर अभिवृद्धि को सफल उदाहरण प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा महासंघका कार्यकारिणी समिति सदस्यहरू, विभिन्न वस्तुगत संघका अध्यक्ष एवं पदाधिकारीहरूको सहभागिता थियो ।

महासंघका सदस्य जिल्ला उद्योग वाणिज्य संघ, वस्तुगत संघहरू मार्फत विभिन्न उद्योग प्रतिष्ठानहरूले आआफना कार्य क्षेत्रमा गुणस्तर अभिवृद्धि गर्न चाहेमा Quality Champion हरूको सहयोगमा सुधार गर्न सकिने सो अवसरमा जानकारी गराइएको थियो । सो अवसरमा Quality Champion ले दिने सेवाको शुल्क, कार्य क्षेत्र, सहकार्यका मोडल लगायतमा सहभागी उद्यमी व्यवसायीहरूले जिज्ञासा राख्नु भएको थियो ।

## ELMS परियोजना

महासंघद्धारा सञ्चालित TEVT PPP परियोजना March 2023 वाट शुरु भएको हो । यस महासंघ र ब्रिटिश काउन्सीलको सहकार्यमा सञ्चालित यस परियोजना ELMS Legacy (विरासत) को निरन्तरता हो । ELMS परियोजना यस महासंघको अगुवाईमा उद्योग परिसंघ नेपाल, घरेलु उद्योग महासंघ, निर्माण व्यावसायी महासंघ र होटल संघ नेपालको संलग्नतामा सफलता पूर्वक सञ्चालित थियो । यस परियोजनाको मुख्य उद्देश्य निजी क्षेत्रको सार्थक संलग्नता वढाई रोजगारमूलक सीपको विकासमा योगदान गर्नु हो ।

यस परियोजनामार्फत EV repairing Technician र Multi Cuisine Cook को पेशागत विवरण तयार गरी सिटिईभिटीलाई हस्तानतरण गरेको छ । निजी क्षेत्र मैत्री सीप कार्यकम गर्न सिटिईभिटीसंग समन्वय समेत गरेको छ ।

- परियोजनाले कार्यस्थलमा आधारित ३९० घण्टे तालिम यस महासंघको बस्तुगत सदस्य होटल व्यवसायी महासंघको नेपालको सहकार्यमा सञ्चालन गरेको छ । जसमा १५ जना युवा उद्यमी संलग्न छन् ।
- परियोजनामार्फत TEVT सम्वन्धी नियमित छलफलका लागि निजी तथा सार्वजनिक क्षेत्रका प्रतिनिधिहरुको संलग्नतामा मधेश प्रदेशमा TEVT Working Group निर्माण गरी छलफल गर्ने कार्य भईरहेको छ ।
- यस परियाजनाले रोजगार सूचना प्रणालीलाई व्यवस्थित गर्नका लागि Job Portal तयार गरेको छ ।
- यस परियोजना अन्तर्गत Work Based Learning, Green Skills र Private Sector Engagement Model मा अन्तर्राष्ट्रिय अनुभव आदान प्रदान गर्ने कार्य भईरहेको छ ।

## उत्पत्तिको प्रमाण पत्र जारी गर्ने संस्थाहरूसंगको अन्तरक्रिया कार्यक्रम

- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको आयोजना तथा महासंघको लागत साझेदारीमा मूख्य सचिव श्री बैकुण्ठ अर्यालको प्रमूख आतिथ्यतामा उत्पत्तिको प्रमाण पत्र जारी गर्ने संस्थाहरुसंगको अन्तरक्रिया कार्यक्रम, २०८०/११/८ र ९ गते काठमाडौंमा सम्पन्न भयो ।

- उक्त कार्यक्रममा महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालले अतिथीको रुपमा संबोधन गर्नुहुदै उत्पादनको प्रशस्त संभावना भएको हाम्रो मुलुकमा निकासीजन्य विभिन्न प्रकारका वस्तुको उत्पादन बढाउनु पर्ने, स्वदेशी उत्पादनको निकासीमा सहजीकरण गर्नु पर्ने, निकासीकर्तालाई व्यापार प्रबर्द्धनमा सहयोग गर्नुपर्ने आवश्यकता रहेको औल्याउनु भयो । नेपाल भारत वाणिज्य सन्धीमा भएका व्यवस्था कार्यान्वयन गर्ने सन्दर्भमा उद्योग/व्यवसायलाई सहजीकरण गर्नुपर्ने बताउनु भयो ।

- मूख्य सचिव श्री बैकुण्ठ अर्यालले निकासीका लागि जारी गरिने उत्पत्तिको प्रमाण पत्र विश्वसनियतासंग सम्बन्धित रहेको हुनाले सरकारी तथा निजी क्षेत्र दुबैले यसलाई महत्वपूर्ण विषयको रुपमा लिनुपर्ने बताउनुभयो । यसमा सबै सम्बन्धित निकायलाई NNSW Online portal मा सहज पहुंचको व्यवस्था गरी निर्यातको केन्द्रीय तथ्यांक व्यवस्थित गर्न निर्देशन दिनुभयो । साना निर्यातकर्तालाई Trade cost बढ्दै गएको सन्दर्भमा लागत न्यूनिकरणका लागि Export house लाई थप व्यवस्था गर्नुपर्ने, व्यापार तथा निकासी प्रबर्द्धन केन्द्रमा रहेको कोषको व्यवस्थापन निकासी प्रबर्द्धनका लागि गर्ने गरी मन्त्रालयबाट व्यवस्थापन गर्ने, वस्तु तथा सेवाको प्रवाहसंगै निर्यात प्रबर्द्धनमा सहजीरकरण गर्नुपर्ने छ, कहां उत्पादन बढाउने, के निर्यात गर्ने मूख्य विषय रही आएको हुंदा यस तर्फ मन्त्रालयले ध्यान दिन जरुरी रहेको बताउनु भयो ।

- कार्यक्रममा महासंघले उत्पत्तिको प्रमाण पत्र सम्बन्धमा हालसम्म गरेका गतिविधि समेटेर प्रस्तुति गरेको थियो । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री नारायण प्रसाद शर्मा दुवाडीको सभापतित्वमा सम्पन्न अन्तरक्रिया कार्यक्रममा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव श्री रामचन्द्र तिवारीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा उद्योग सचिव श्री मुकुन्द प्रसाद निरौला, मन्त्रालयका सहसचिव, उपसचिवहरु, उद्योग विभाग, वाणिज्य विभाग, नेपाल उद्योग वाणिज्य महासंघ, सिएनआई, नेपाल चेम्बर, हस्तकला महासंघ, नेपाल निर्यात परिषद्, फ्रेट फरवार्डस्, निर्यात व्यवसायी महासंघ लगायत संघ/संस्थाका पदाधिकारी तथा कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

## स्वास्थ्य तथा विपद व्यवस्थापन समितिको पहलमा अन्य सम्बन्धित संघहरूसंग औषधि ऐन सम्बन्धी छलफल

स्वास्थ्य तथा विपद व्यवस्थापन समितिको मिति २०८० फागुन १५ गतेको वैठकमा औषधि ऐन २०३५ सम्बन्धमा छलफल भएको थियो । छलफलमा निम्नानुसारको सुझाव प्राप्त भएको थिए ।

- औषधि ऐन २०३५ ऐनलाई केहि बुदा शंसोधन गरेर अगाडि बढ्न कुनै समस्या नहुने ।
- भेट, आयूर्वेद लगायत सौन्दर्य सामाग्रीलाई नसमेएिको अवस्थामा सवै क्षेत्र समेटेर ऐन संशोधन गर्नुपर्ने
- औषधि ऐन २०३५ जारी भैरहेको तर त्यसमा भेटनरी नसमेटेको कारण भेटनरी क्षेत्र गैर कानूनी देखिएकोले यस क्षेत्रलाई समेट्नेगरि ऐन शंसोधन गर्नुपर्ने
- स्वास्थ्य क्षेत्रसंग सम्बन्धी सवै क्षेत्र भेट, आयुर्वेद, स्वास्थ्य सामाग्री, सौन्दर्य सामाग्री लगायतका सवैको एउटै ऐन बनाउनको लागि सामूहिक सुझाव पेश गर्नुपर्ने ।

**स्थल यातायात तथा पारवहनका समस्या र समाधान विषयक अन्तरक्रिया कार्यक्रम आयोजना :**




मिति २०८० चैत्र ७ महासंघको सचिवालयमा यातायात तथा व्यवस्था विभागका महानिर्देशक श्री उद्धव प्रसाद रिजालको प्रमुख आतिथ्यतामा सरकारी तथा निजी क्षेत्रका सरोकारवाला निकायका प्रतिनिधिहरुको सहभागितामा स्थल यातायात तथा पारवहनका समस्या समाधान विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका निर्देशक श्री बुद्धिप्रसाद उपाध्याय, काठमाडौं उपत्यका ट्राफिक कार्यालयका एसएसपि श्री जिवन श्रेष्ठ लगायतका अन्य सरकारी निकायका प्रतिनिधिहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा ढुवानी सेवा वापतको भाडा भुक्तानीमा २.५ प्रतिशतले श्रोतमा कर कट्टि (TDS) गर्ने व्यवस्था हटाउने सम्बन्धमा, ढुवानी सेवामा मुल्य अभिवृद्धि कर, कृषिजन्य वस्तुहरु तथा उपकरणहरुको ढुवानी गर्ने सवारी साधनको लागि फरक नम्बर पेलेटको व्यवस्था, ड्राईपोर्टहरुको कार्य क्षमता अभिवृद्धि गर्ने, भन्सार नाकाहरुमा अन्तर्राष्ट्रियस्तरको मान्यता प्राप्त accredited lab र सवारी साधन स्क्यानिङ्गको व्यवस्था लगायतका विषयहरुमा छलफल भएको थियो ।

**कतारका राजदूतसँग भेटघाट :**



महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालले मिति २०८० चैत्र १२ गते नेपालका लागि कतारका राजदूत महामहिम मिसाल बिन मोहम्मद अल अन्सारीसँग भेटघाट गर्नुभएको थियो । सो भेटवाटमा दुई देशबीचको आर्थिक सहयोग अभिवृद्धि, व्यापार साझेदारीलाई बढावा दिने, महासंघ र कतार चेम्बर बीच एक संयुक्त व्यापार परिषद् स्थापना गर्ने र यसबाट नेपाल र कतार बीच सहकार्य र सूचना आदान प्रदान सहज हुने, द्विपक्षीय लगानी सम्झौता गर्ने साथै सम्झौताले लगानी संरक्षण, व्यापार प्रवर्द्धन र आर्थिक सहयोगलाई प्रोत्साहन हुने लगायतका विषयमा छलफल भएको थियो ।



नेपालसँगको द्विपक्षीय लगानी सम्झौतामा कतारको चासो

Business

Qatari envoy keen on bilateral investment pact

लगानी प्रवर्द्धनमा निजी क्षेत्रको आग्रह

## एशियाली पूर्वाधार लगानी बैंक (AIIB) को संचालक समितिको पदाधिकारीहरुसंग भेटघाट :



एसियाली पूर्वाधार लगानी बैंक (एआईआईबी) को सञ्चालक समितिका पदाधिकारीहरु र नेपालको निजि छेत्रका प्रतिनिधिहरूसँग मिति २०८० चैत्र १३ गते भेटघाट गर्नु भएको थियो । उक्त भेटघाटमा अध्यक्ष श्री चन्द्र प्रसाद ढकालले नेपालमा विभिन्न क्षेत्रमा लगानीका अवसरहरुले रहेकोले लगानीको आग्रह गर्नुका साथै एशियाली पूर्वाधार लगानी बैंक जस्तो संस्थासंग रणनीतिक साझेदारी मार्फत नेपालको आर्थिक विकासको संभावनाको फाइदा लिने इच्छुक रहेको धारणा राख्नु भएको थियो। त्यसैगरी उहांले नेपालमा आगामी वैशाख महिनामा नेपाल लगानी सम्मेलनबारे जानकारी गराउनु हुदै निजी क्षेत्रलाई यस सम्मेलनको सह आयोजकका रुपमा समावेश गरिएको बताउनु भयो। उक्त भेटघाटमा एशियाली पूर्वाधार लगानी बैंकका पदाधिकारीहरुले नेपालको निजी क्षेत्रसंग साझेदार भएर नेपालको आर्थिक विकासका साथै बाह्य लगानीको लागि इच्छुक रहेको र यसको लागि आफ्नो तर्फबाट प्रयास रहने बताउनु भएको थियो ।



Nepal requests China-backed AIIB for soft loans

Prime Minister Pushpa Kamal Dahal, on Monday, urged a visiting AIIB delegation for a policy arrangement for concessional loans to Nepal.

## प्रदेश उद्योग वाणिज्य संघहरूको चित्रमय गतिविधि :

**कोशी :**





प्रादेशीक स्टार्टअप नीति तर्जुमा संवाद कार्यक्रम



स्वीस कन्ट्याक्ट अन्तरगत संचालित नेपाल कृषि बजार विकास कार्यक्रम (सहज) परियोजनाको मध्यावधि पुनरावलोकन टोलिसंग प्रदेश अध्यक्षज्यूको भेटघाट



कोशी प्रदेशका माननीय मुख्यमन्त्री हिक्मत कार्कीज्यूको प्रमुख आतिथ्यतमा प्रदेश सरकारबाट प्रस्तुत गरिने आ. व. २०८०/८१ को बजेटका सन्दर्भमा पुर्व बजेट अन्तरक्रिया कार्यक्रम



स्थानीय तहले सम्पन्न गरेको भूउपयोग क्षेत्र निर्धारणले कृषि र उद्योग क्षेत्रको प्रवर्द्धनका लागि पार्ने प्रभावका सम्वन्धमा सार्वजनिक निजी सम्वाद कार्यक्रम



न्यूनतम पारिश्रमिक निर्धारण गर्न नेपाल सरकार, रोजगारदाता र ट्रेड यूनियन प्रतिनिधि रहेको त्रिपक्षिय समिति बीच छलफल कार्यक्रम



सामाजिक विकास मन्त्रालय कोशी प्रदेश र स्थानीय तहका उद्यम विकास शाखाका प्रतिनिधिहरूले प्रदेश र स्थानीय सरकारले सञ्चालन गरेका उद्यम विकास सम्बन्धी कार्यक्रम



औद्योगिक कोरिडोर क्षेत्रमा उत्पादन मुलक उद्योगको प्रवर्द्धन तथा वातावरण संरक्षणमा अन्तर स्थानीय तह, स्थानीय तहकासरकार र नीजि क्षेत्र बीच सहकार्य प्रवर्द्धन सम्बन्धी कार्यशाला



अन्तर्राष्ट्रिय वित्त निगमले यस नेपाल उद्योग वाणिज्य महासंघको सहकार्यमा छलफल कार्यक्रमको आयोजना



फोकस नेपालले आयोजना गरेको राष्ट्रिय उत्कृष्ट व्यवसायी सम्मान २०८०



कृषि क्षेत्रको व्यवसायीकरणका लागि निजि क्षेत्र र सरकारी क्षेत्र बीच सहकार्य बढाउने उदेश्यले कोशी प्रदेशको कृषि क्षेत्रमा सार्बजनिक निजि साझेदारी संवाद कार्यक्रम अयोजना



कोशी प्रदेश समेतको आयोजनामा लगानीकर्ता सम्मेलन कार्यक्रम




प्रधानमन्त्री पुष्पकमल दाहाल भएको चीनको औपचारीक भ्रमणका क्रममा



अन्तराष्ट्रिय श्रम संगठन दिल्लीको सहयोग वैदेशिक रोजगारीबाट फर्किएकाहरुको पुनः एकिकरण निर्देशिका सम्बन्धी अन्तरक्रिया कार्यक्रमको आयोजना



कोशी प्रदेशको कृषि व्यापार प्रवर्द्धन रणनीति सम्बन्धी कार्यशालाको आयोजना



कोशी प्रदेशको आयोजना, द एशिया फाउण्डेशनको सहयोग र कम्यूनिटि इन्गेजमेन्ट आउटरिच प्रा.लि.को सहकार्यमा जलवायु वित्त र बजेट सम्वन्धी अन्तरक्रिया



कोशी प्रदेशले प्रकाशन गरेको कोशी प्रदेशको आर्थिक प्रोफाइलको कोशी प्रदेशका माननीय मुख्यमन्त्री केदार कार्कीले गर्नुभएको सार्वजनिक



उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेशको आयोजनामा भएको प्रदेश स्टार्ट अप उद्यम नीति-२०८० का सम्बन्धमा प्रदेशस्तरीय मुख्य सरोकारवालाहरु बीच परिमार्जित मस्यैदा उपर छलफल कार्यक्रम



FOUND परियोजनाको आयोजकत्वमा भएको रोजगार विहीन अपाङ्गता भएका व्यक्तिहरुका लागि उर्जाशील अवसर एवं पृष्ठपोषण संकलन अन्तरक्रिया कार्यक्रम



उद्योग, कल कारखाना, रुग्ण उद्योग औद्योगिक क्षेत्र वस्तुको आयात निर्यातको अवस्था, उपभोक्ता हित सम्बन्धी विषय र जनसरोकारका विषयमा भएको अन्तरक्रिया कार्यक्रममा



७२औं अन्तराष्ट्रिय भंसार दिवस कार्यक्रमको आयोजना

**मधेश:**



पर्साको अर्थ सामाजिक रुपान्तरण कार्यक्रम



चौथो प्रदेश सभा

**वाग्मती :**



बागमती प्रदेशका सदस्य व्यवसायीहरु चीन भ्रमणमा



पर्यटन प्रवर्द्धन संभावना र अवसर विषयक अभिमुखीकरण कार्यक्रम



बागमती प्रदेशको चौथो कार्यकारिणी समितिको बैठक



बागमती प्रदेश सामाजिक विकास मन्त्रालय को अभिमुखी करण कार्यक्रम

**गण्डकी :**



पोखरा महानगरपालिकाका प्रमुख श्री धनराज आर्चाय ज्यूको प्रमुख आतिथ्यतामा पर्यटकीय नगर लेकसाइडमा आधुनिक शौचालय निर्माण शिलान्यास कार्यक्रम



गण्डकी प्रदेशका माननिय मुख्यमन्त्री,मन्त्रीहरुसंग प्रि बजेट सम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना ।



माध्यमिक विद्यालय परिसरमा मा निः शुल्क स्वास्थ्य शिविरएवं औषधि वितरण कार्यक्रम



श्रमिकहरुका न्यूनतम पारिश्रमिक निर्धारण तथा श्रमिकहरुको सामाजिक सुरक्षा कोष सम्बन्धी सुझाव संकलन कार्यक्रम आयोजना



शुभकामना आदान प्रदान कार्यक्रममा



नियम, कानुन, त्यसको कार्यान्वयन र समस्या तथा वाणिज्य क्षेत्रमा उद्योगी व्यवसायीहरुले भोग्नु परेका समस्यासंग सम्बन्धित विषयहरुमा उपभोक्ता अधिकार संरक्षण तथा बजार अनुगमन सम्बन्धी १ दिने अन्तरक्रिया कार्यक्रम

**लुम्बिनी** :



बेलायति राजदुतलाई लुम्बिनी प्रदेशमा लगानीको लागि आग्रह



बेलायती दुताबासका प्रतिनिधिहरु संग भेटघाट तथा छलफल



ईनर मंगोलिया सँग भेटघाट तथा छलफल कार्यक्रम



चाईनाको युनान प्रान्तबाट लुम्बिनी सम्म अन्तराष्ट्रिय उडानका लागि अनुरोध



गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण संचालनका लागि पूर्वप्रधानमन्त्री समक्ष ध्यानाकर्षण



सामाजिक सुरक्षाकोष बिषयक अन्तरक्रिया

## कर्णाली :



महासंघ कर्णाली पैशद्वरा स्वास्थ्य तथा सुरक्षा सामाग्री सहयोग



महासंघ कर्णाली प्रदेश र मध्यपश्चिम विश्व विद्यालय बीच सम्झौत

## सुदरपश्चिम :



त्रिनगरमा सञ्चालित प्लान्ट क्वारेन्टाइन सुचारु गर्नको लागि पहल




Third Hardware Expo 2080



"सुदूरपश्चिम प्रदेशको विकासको वर्तमान अवस्था, सम्भावना र चुनौती" विषयक अन्तरक्रिया कार्यक्रम



बझाङमा रहेका भूकम्प पीडितहरुलाई राहत सामाग्री सहयोग



Sensitization Workshop on Work Based Learning (WBL) Guidelines Green Jobs and Just Transition



सुदूरपश्चिम प्रदेश लगानी तथा विकास सम्मेलन २०८० मूल आयोजक समितिको पहिलो बैठक

# महासंघका पूर्व अध्यक्षज्यूहरुसंग आयोजित छलफल कार्यक्रमः



मिति २०८० चैत्र १६ गते महासंघका पूर्व अध्यक्षज्यूहरुसंग छलफल कार्यक्रम आयोजना गरिएको थियो ।

**उद्यमशिलता ईकोसिस्टमका लागि समुदायमा आधारीत ईन्क्यूवेशनः**

स्टार्टअप एण्ड ईन्नोभेशन फोरमको उद्यमशिलता ईकोसिस्टममा क्षमता अभिबृद्धिका कार्यक्रम देशै भरि संचालन गर्ने रणनीति अर्न्तगत PUM नेदरल्याण्डसको सहयोग महासंघका सातै प्रदेशहरुसंगको सहकार्यमा फोरमले मिति २०८० चैत्र १४ गते ५ हप्ते “उद्यमशिलता ईकोसिस्टका लागि समुदायमा आधारीत ईक्यूवेशन” तालिम संचालन भै रहेको छ । सो तालिमका लागि देशै भरिबाट नवउद्यमी, स्टार्टअप, नेपाल युवा उद्यमी मञ्च, शैक्षिक क्षेत्र, नेपाल महिला उद्यमी संघ- कोशी आदी सहभागीताका लागि अनुरोध आएको भए तापनि तालिमको मर्यादा र दायराका कारण ७५ को मात्रै दर्ता स्विकृत भएर तालिम संचालन हुँदै आएको छ । यो तालिम अप्रिल २०२४ को चौथो हप्ता मात्रै समापन हुनेछ ।

**महासंघद्वारा सार्क उद्योग वाणिज्य संघको कार्यकारिणी समितिको बैठक एवं कन्फरेन्सको सहआयोजना**




२३ मंसिर २०८० (९ डिसेम्बर २०२३) मा नेपाल उद्योग वाणिज्य महासंघले सार्क उद्योग वाणिज्य संघको सहआयोजना एवं महासंघको सार्क उद्योग वाणिज्य संघ नेपाल च्याप्टरको संयोजनमा काठमाडौंमा “Executive Committee Meeting of SAARC Chamber of Commerce & Industry" Pj+ SAARC Charter Day कार्यक्रमहरुको आयोजना गरेको थियो ।

सो कार्यक्रमहरुमा भाग लिन सार्क उद्योग वाणिज्य संघका सदस्य उवासंघहरुबाट प्रतिनिधिमण्डल नेपाल भ्रमण गरी काठमाडौंमा दुई दिने कार्यक्रमहरुमा सहभागी भएका थिए ।

२२ मंसिर २०८० (८ डिसेम्बर २०२३) का दिन सार्क उद्योग वाणिज्य संघका अध्यक्ष श्री जशिम उद्दीनको नेतृत्वको प्रतिनिधिमण्डलले सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल प्रचण्ड, माननीय परराष्ट्रमन्त्री श्री नारायण प्रकाश साउद र सार्कका महासचिव श्री मोहम्मद गोलम सरवारसंग भेटवार्ता गरेका थिए । भेटघाटको अवसरमा सम्मानीय प्रधानमन्त्रीले नेपाल सार्कको अध्यक्ष भएकाले यस क्षेत्रका जनताको हितका लागि सार्कको पुनरुत्थानमा सार्कका सबै सदस्य राष्ट्रहरूसंग मिलेर अगाडी बढ्न नेपालको भूमिका महत्वपूर्ण हुने बताउनु भएको थियो ।

उक्त भेटघाटहरुमा सार्क उद्योग वाणिज्य संघको नेपालका लागि उपाध्यक्ष एवं नेउवामहासंघका पूर्व अध्यक्ष श्री चण्डीराज ढकाल र बंगलादेशका लागि उपाध्यक्ष श्री शफकत हैदर आआफ्ना देशका प्रतिनिधिमण्डलहरु सहित सहभागी भएका थिए । भेटघाटहरुको क्रममा श्री चण्डीराज ढकालले सार्कको भिजनलाई अगाडि बढाउन दक्षिण एसियाली राष्ट्रहरूको निर्णायक भूमिकाबारे प्रकाश पार्नुभएको थियो ।

भेटघाटका अवसरमा सार्क उवासंघका प्रतिनिधिमण्डलले सार्क राष्ट्रहरूबीच प्रभावकारी बहुपक्षीय सहयोगको महत्व,

सार्क संयन्त्रको पुनरुत्थान, ठूला कठिनाइ र उदीयमान चुनौतीका बाबजुद क्षेत्रीय सहयोग सुदृढ गर्नु पर्ने, एवं क्षेत्रीय विकास, कनेक्टिभिटी र आर्थिक सहयोगमा अप्रयुक्त सम्भावनाहरू खोज्नुपर्ने आवश्यकतामा जोड दिएका थिए ।

२३ मंसिर २०८० (९ डिसेम्बर २०२३) का दिन “39th SAARC Charter Day"/“82nd Executive Committee Meeting of SAARC CCI आयोजना गरिएको थियो ।

८२ औं कार्यकारिणी समितिको बैठकमा बंगलादेश, माल्दिभ्स, नेपाल, पाकिस्तान र श्रीलंकाका कार्यकारीणी समिति सदस्यहरु तथा General Assembly सदस्यहरु लगायत बंगलादेश र श्रीलंकाका सार्क युवा उद्यमी मञ्चका सदस्यहरुको पनि सहभागिता रहेको थियो ।

**पर्यटन तथा हवाई उड्डयन समितिका कार्यक्रमहरु**

संघीय संसद, प्रतिनिधि सभाको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति संग नेपाल उद्योग वाणिज्य महासंघको पर्यटन तथा हवाई उड्डयन सम्बन्धि विषयमा छलफल बैठक:

मिति २०८०/१२/१५ मा संघीय संसद, प्रतिनिधि सभाको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति संग नेपाल उद्योग वाणिज्य महासंघको पर्यटन तथा हवाई उड्डयन सम्बन्धि विषयमा छलफल बैठक, संसद सचिवालय, सिंहदरवारमा सम्पन्न भयो । उक्त बैठकको संयोजन महासंघको पर्यटन तथा हवाई उड्डयन समितिले गरेको थियो । माननीय राज किशोर यादवज्यूको सभापतित्वमा बसेको सो बैठकमा नेउवामहासंघको तर्फबाट महासंघका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूले पर्यटन प्रवर्द्धनका लागि सुझावहरु सहितको ज्ञापन पत्र पेश गर्नु भयो । बैठकमा संसदीय समितिका माननीय सदस्यज्यूहरुको उपस्थिति रहेको थियो ।

बैठकमा बोल्न हुंदै अध्यक्ष ढकालले पर्यटन प्रवर्द्धनका लागि कानुनी एवं संरचनात्मक सुधारका लागि पर्यटन पुर्वाधारमा लगानी, होटल रिसोर्ट जस्ता पुर्वाधारलाई प्राथमिकता प्राप्त उद्योगका रुपमा मान्यता दिनु पर्ने, विशेष आर्थिक क्षेत्र ऐन, विद्युतीय कारोबार ऐन, वन र वातावरण ऐनको पनि संसोधन, एवं विदेशी ब्राण्डमा संचालित होटलमा रोयल्टीको दर बढाउन र लक्जरी कर हटाउन, एयरलाइन्स र हवाई टिकटमा लगाइने १३ प्रतिशत भ्याट हटाउन, आदिका लागि संसदीय समितिको सहजीकरणका लागि अनुरोध गएिको थियो ।

Cox's Bazar Chamber of Commerce & Industry **संग पर्यटन तथा हवाई उड्डयन समितिको अन्तरक्रिया कार्यक्रम:**

२३ फागुण २०८० (६ मार्च २०२४) मा पर्यटन तथा हवाई उड्डयन समिति र Federation of Bangladesh Chambers of Commerce & Industry sf Board of Director एवं Cox's Bazar Chamber of Commerce & Industry का अध्यक्ष Dr. Abu Morshed Chowdhury को नेतृत्वमा नेपाल भ्रमणमा आएको १५ सदस्यीय बंगलादेशी व्यावसायिक प्रतिनिधिमण्डल बीच अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा महासंघका उपाध्यक्ष हेमराज ढकाल र समितिको तर्फबाट सभापति बस्नेतले नेपाल र बंगलादेश बीच पर्यटन क्षेत्रमा लगानी, दुई पक्षीय पर्यटन प्रवर्द्धनमा सहकार्यकार्यका सम्भावना बारे प्रकाश पार्नु भएका थिए । कार्यक्रममा नेपाल लगानी बोर्डका तर्फबाट नेपालमा पर्यटकीय सम्भावनाका बारे प्रस्तुतिकरण भएको थियो ।

# आ.व. २०७९/८० को वासलात
# एवं आय-व्यय विवरणसहित

**S. R. PANDEY & Co.**
**Chartered Accountants**

2nd Floor, House No. 2979/33
Nabil Galli, Maharajgunj
P. O. Box No. 2343
Kathmandu, Nepal

Tel.: 977-1-4720983
Fax: 977-1-4720983
e-mail: info@srp.com.np

## नेपाल उद्योग वाणिज्य महासंघका
## सदस्य महानुभावहरु समक्ष स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

### कैफियत सहितको मन्तव्य

हामीले नेपाल उद्योग वाणिज्य महासंघ (यस पश्चि महासंघ भनिएको) को यसै साथै संलग्न २०८० अषाढ ३१ ( ई.सं जूलाई १६, २०२३) को वासलात, सोहि मितिमा अन्त्य भएको आर्थिक वर्षको आय व्यय विवरण हिसाब र प्रमुख लेखा नीतिहरु तथा अन्य व्याख्यात्मक टिप्पणीहरु (यस पछि समग्रमा वित्तीय विवरणहरु भनिएको) को लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा र हामीले पाएको अधिकतम् जानकारी तथा हामीलाई दिईएको स्पष्टीकरणहरु तथा कैफियत सहितको मन्तव्यको लागि आधार अनुच्छेदको विषयवस्तुको प्रभावको वर्णन बाहेक माथि उल्लेखित वित्तीय विवरणहरुले सारभूत रुपमा महासंघको मिति २०८० अषाढ ३१ को वासलात, सोहि मितिमा अन्त्य भएको आर्थिक वर्षको आय व्यय विवरण हिसाब र प्रमुख लेखा नीतिहरु तथा अन्य व्याख्यात्मक टिप्पणीहरुले सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजाको यथार्थ चित्रण गरेको छ र सो वित्तिय विवरणहरु, लेखा नीतिहरु तथा अन्य व्याख्यात्मक टिप्पणीमा उल्लेख गरिएको लेखानीति बमोजिम तयार गरिएको छ ।

### कैफियत सहितको मन्तव्यको लागि आधार

महासंघ मार्फत सञ्चालित कृषि उद्दम केन्द्रको एकिकृत वासलात तथा आय व्यय विवरणहरु लेखापरिक्षण प्रतिवेदनमा कैफियत सहितको मन्तव्य उल्लेख गरिएको तथा महासंघको प्रदेश स्तरिय कार्यालयहरुको वित्तीय विवरण महासंघको वित्तीय विवरणमा समावेश नगरिएको र सो विषयको प्रभाव महासंघको एकिकृत वित्तीय विवरणहरुमा उल्लेखनीय भएको हुनाले महासंघको लेखापरिक्षणको रायमा परिमार्जन गरिएको छ ।

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गरेका छौं । ती मान बमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको "लेखापरीक्षकको वित्तीय विवरणको लेखापरीक्षणमा उत्तरदायित्व" शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्धारा जारी गरेको "द हयाण्ड बुक अफ द कोड अफ इथिक्स् फोर प्रोफेसनल एकाउन्टेन्ट्स (The Handbook of the Code of Ethics for Professional Accountants) बमोजिम हामी महासंघ सगँ स्वतन्त्र छौं र हामीले सो हयाण्डबुक बमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौ । हाम्रो लेखापरीक्षण प्रमाणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

### वित्तीय विवरण र उक्त विवरण उपर लेखापरीक्षकको प्रतिवेदन बाहेक अन्य जानकारी

अन्य जानकारी तयारीको लागी महासंघको कार्यसमिति जिम्मेवार रहेको छ । वित्तीय विवरण तथा हाम्रो लेखापरीक्षण प्रतिवेदन बाहेक अन्य जानकारी अन्तर्गत महासंघको कार्यसमितिको प्रतिवेदन र अध्यक्षको प्रतिवेदन समावेश गरिएको हुन्छ ।

वित्तीय विवरण उपर हाम्रो मन्तव्यमा अन्य जानकारी समावेश गरिएको छैन र उक्त जानकारी उपर हामी कुनै पनि आश्वस्त निष्कर्ष व्यक्त गर्दैनौ ।

वित्तीय विवरण उपर हाम्रो लेखापरीक्षण सम्बन्धमा, अन्य जानकारीहरु पढ्नु हाम्रो जिम्मेवारी रहेको हुन्छ र त्यसो गर्दा हामीले उक्त जानकारीहरु वित्तीय विवरणसगँ वा हाम्रो लेखापरीक्षणको कममा प्राप्त गरेको जानकारीसंग वा अन्यथा सारभूत रुपमा असंगत देखिन्छन् भन्ने बारे विचार गर्नुपर्दछ ।

यदि, हामीले गरेको लेखापरीक्षणको आधारमा, उक्त अन्य जानकारीहरु सारभूत रुपमा असंगत रहेको निष्र्कष रहेमा हामीले उक्त तथ्यको जानकारी गराउनु पर्दछ । हामीसगँ यस सम्बन्धमा जानकारी गराउन पर्ने केहि नरहेको ।

पृष्ठ ३ मध्ये १

S.R. PANDEY & CO. Chartered Accountants Kathmandu

## वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाको उत्तरदायित्व

प्रचलित वित्तीय प्रतिवेदनमान अनुरुप यथार्थ र निष्पक्ष चित्रण गर्ने वित्तीय विवरणहरु तयारी एवमं प्रस्तुत गर्ने तथा चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटीरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धि आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी कार्यसमितिमा रहेको छ।

वित्तीय विवरण तयार गर्दा कार्यसमितिलाई महासंघ विघटन गर्ने, सञ्चालन बन्द गर्ने वा सो बाहेक व्यवहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक, महासंघ निरन्तर सञ्चालन हुने क्षमताको मुल्याङ्कन गर्ने, आवश्यक बमोजिम खुलासा गर्ने र निरन्तर सञ्चालनमा आधारित लेखा नीति प्रयोग गरि वित्तीय विवरण तयार गर्ने जिम्मेवारी महासंघको कार्यसमितिमा रहेको छ।

महासंघको कार्यसमिति महासंघको वित्तीय सम्प्रेषण प्रक्रियाको रेखदेखको समेत लागी जिम्मेवार रहेको छ।

## वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व

वित्तीय विवरणहरु सम्पूर्ण रुपमा चाहे जालसाजी वा गल्तीबाट होस् सारभूत रुपमा त्रूटीरहित छ वा छैन भन्नेबारे उचित आश्वस्त्ता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो। उचित आश्वस्त्ता एक उच्च स्तरीय आश्वस्त्ता भएतापनि सारभूत त्रुटीहरु विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमान अनुरुपै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत त्रुटीहरु सधै पहिचान हुन्छ भन्ने आश्वस्त्ता रहँदैन। गलत प्रस्तुति, जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तुतिहरुले वित्तीय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग अलग वा समग्ररुपमा प्रभाव पार्न सक्ने उचित अपेक्षा गरिन्छ भने, उक्त गलत प्रस्तुतिलाई सारभुत रुपमा गलत प्रस्तुती भनिन्छ।

नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षणको क्रममा हामी व्यवसायीक सन्देह कायम राखि पेशागत निर्णयको अभ्यास गर्दछौ। क्रमश हामीले :

- वित्तीय विवरणमा जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभूत गलत प्रस्तुतिहरुको जोखिम पहिचान तथा मुल्याङ्कन गरी ती जोखिमहरुको लागी प्रभावकारी लेखापरीक्षण प्रकियाहरु तर्जुमा गरि हाम्रो मन्तव्य प्रदान गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं। मिलिभगत, ठगी, जानाजानी चूक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणालीको मिचाई समावेश हुने भएकोले गल्तीहरु भन्दा जालसाजीबाट हुने सारभूत गलत प्रस्तुतिहरुको पहिचान नलाग्ने जोखिम अधिक रहन्छ।
- महासंघको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्बन्धि राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रकियाहरु तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासंगिक हुने महासंघको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौ।
- व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको औचित्य, लेखा अनुमानको व्यावहारिकता तथा लेखा सम्बन्धि खुलासाहरुको मुल्याङ्कन गर्दछौं।
- व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरतामा आधारित लेखा नीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थाहरुसगँ सम्बन्धित सारभूत अनिश्चितताको कारणले महासंघको व्यवसायिक निरन्तरताको क्षमतामा उल्लेख्य शङ्का उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निष्कर्ष निकालेमा, लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्बन्धित खुलासा उपर ध्यानाकृष्ट गर्नुपर्दछ वा यदि ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ। हाम्रो निष्कर्षमा लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ। तथापि भविष्यका घटना तथा अवस्थाहरुले महासंघ अविच्छिन्न निकायको रुपमा नरहन सक्दछ।

हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाहरुलाई अन्य विषयका अतिरिक्त, लेखापरीक्षण कार्योजना, समय तालिका र महत्वपूर्ण लेखापरीक्षण खोजहरु लगायत महासंघको आन्तरिक नियन्त्रण प्रणालिमा रहेको महत्वपूर्ण कमी कमजोरीहरुको जानकारी गराँउदछौं।

पृष्ठ ३ मध्ये २

S.R. PANDEY & CO. Chartered Accountants Kathmandu

सुशासनको जिम्मेवारी बहन गरेकाहरुलाई प्रासंगिक नैतिक आवश्यकताहरु पालना गरेको जानकारी सहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभाव पार्न सक्ने मानिएका सबै सम्बन्ध तथा अन्य कुराहरु साथै सो सम्बन्धि प्रतिरोध बारेमा समेत जानकारी गराउँदछौं ।

**अन्य कानूनी तथा नियमक निकायका आवश्यकता सम्बन्धि प्रतिवेदन**

हामीद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि :

(क) महासंघले आफ्नो विधानमा उल्लेख भएको उद्देश्य विपरित कार्य गरेको पाएनौ ।

(ख) महासंघको कृषि उद्दम केन्द्र मार्फत सञ्चालित परियोजनाहरुमा आयकर ऐन, २०५८ को परिच्छेद १७ को आशिंक मात्र पालना गरेको पायौं ।

निमित्त : एस्. आर. पाण्डे एण्ड को. ,
चार्टर्ड एकाउन्टेन्ट्स

S.R. PANDEY & CO. Chartered Accountants Kathmandu

.............................................
सुदर्शन राज पाण्डे, एफ.सी.ए.
वरिष्ठ साझेदार

स्थान : काठमाडौं
मिति : २०८०।०९।२८
युडिन :240113CA00031aXuVA

## नेपाल उद्योग वाणिज्य महासंघ

### २०८० आषाढ मसान्तको वासलात

| पूंजी तथा दायित्व | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| कोष तथा बचत | | | |
| पूंजी कोष | १.१ | १६,९५८,५५१।८४ | १६,९४८,५५१।८४ |
| बचत हिसाब | १.२ | १४९,५८०,८०५।९९ | १२८,२६२,१६९।१० |
| अन्य कोष | १.३ | २५,६१५,९१९।४६ | १९,६०८,४१९।३२ |
| चालू दायित्व तथा व्यवस्था | २ | २२८,९७२,२५८।२७ | १९८,९०७,४८२।५३ |
| परियोजनाहरुको दायित्व | २.१ | ९८,९३९,३५५।२३ | १०३,६६८,२८२।४५ |
| | | ५२०,०६६,८९०।७९ | ४६७,३९४,९०५।२४ |
| सम्पत्ति तथा जायजेथा: | | | |
| अचल सम्पत्ति | ३ | ९४,१५५,२८५।७६ | ९८,८३४,२३०।८० |
| अनुदानमा प्राप्त सम्पत्ति | ४ | ९,३१२,९१७।९४ | ९,६०८,४१९।३२ |
| गोल्ड पिन | | १७७,८१२।५० | १७७,८१२।५० |
| लगानी | ५ | २२७,५५८,५३२।१९ | १३९,९००,०००।०० |
| लिन बांकी, पेश्की तथा धरौटी हिसाब | ६ | २४,१७६,७८९।५६ | २१,८६९,२०९।८३ |
| बैंक तथा नगद मौज्दात | ७ | ६५,७४६,१९६।८४ | ९३,३३६,९५०।४९ |
| परियोजनाहरुको सम्पत्ती | ८ | ९८,९३९,३५६।०० | १०३,६६८,२८२।३० |
| | | ५२०,०६६,८९०।७९ | ४६७,३९४,९०५।२४ |

**नोट: अनुसूची १ देखी १० सम्म यस वित्तिय विवरणको अभिन्न अंग हो ।**

हाम्रो संलग्न प्रतिवेदनको आधारमा

द. डि.बी. बस्नेत
(का.स. सदस्य तर्फबाट)

द. निरक के.सी.
(कोषाध्यक्ष)

द. चन्द्र प्रसाद ढकाल
(अध्यक्ष)

द. सि.ए. सुदर्शन राज पाण्डे
वरिष्ठ साझेदार
एस.आर.पाण्डे एण्ड कम्पनी
चार्टर्ड एकाउन्टेन्टस्

द. ब्रजेश वर्मा
(मुख्य वित्त अधिकृत)

द. गोकर्ण राज अवस्थी
(महानिर्देशक)

## नेपाल उद्योग वाणिज्य महासंघ

### आर्थिक वर्ष २०७९/०८० को आय/व्यय हिसाब

| विवरण | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| **आम्दानी:** | | | |
| सदस्यता शुल्क | ८.१ | ८७,०५३,९९५।०० | ३०,२७१,४००।०० |
| ब्याज आम्दानी | ८.२ | १६,७५९,६१४।२६ | ११,०९३,२७८।३० |
| उत्पत्तिको प्रमाण पत्र आय | ८.३ | १८,६४१,८८८।६७ | ३०,७२९,८९२।९७ |
| अन्य आम्दानी | ८.४ | ३,२१२,६२८।३५ | ५,१५२,८३४।४३ |
| कार्यक्रम आय | ८.५ | ४०,०९३,६१२।५२ | ७,४२४,२८३।१० |
| | | **१६५,७६१,७३८।८०** | **८४,६७१,६८८।८०** |
| **खर्च:** | | | |
| सस्थापन खर्च | ९.१ | ७७,१४०,०७७।८८ | ५३,९५६,६७३।१० |
| गैन्ह सस्थापन खर्च | ९.२ | ३,६२२,९८२।२८ | १,५०५,५८०।९९ |
| कार्यक्रम खर्च | ८.५ | ५०,०८३,९६६।०३ | १५,८०४,२४८।६६ |
| बिबिध खर्च | ९.३ | ५,६७३,५७३।५६ | ४,८३४,८०१।८६ |
| आयकर खर्च | ९.४ | ७,९२२,५०२।१६ | ३,५२५,६२५।९८ |
| **जम्मा खर्च** | | **१४४,४४३,१०१।९१** | **७९,६२६,९३०।५९** |
| व्यय भन्दा बढी आय वासलातमा सारिएको | | २१,३१८,६३६।८९ | ५,०४४,७५८।२१ |
| | | **१६५,७६१,७३८।८०** | **८४,६७१,६८८।८०** |

| नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गतका परियोजनाहरु | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| **आम्दानी:** | | | |
| कृष उद्यम कन्द र सा माफत सञ्चालत परियोजनाहरुको आय | | ३९,६७४,३९०।०० | ४९,८८३,०५९।०० |
| EOU यूनिटका आय | | - | ६३,४४९,६२२।१० |
| LMI यूनिटका आय | | - | १४,६७२,४८८।३३ |
| | | **३९,६७४,३९०।००** | **१२८,००५,१६९।४३** |
| **खर्च:** | | | |
| कृष उद्यम कन्द र सा माफत सञ्चालत परियोजनाहरुको खर्च | | ३९,६७४,३९०।०० | ४८,४८५,६५५।०० |
| EOU यूनिटका खच | | - | ६६,२८७,२७१।४९ |
| LMI यूनिटका खच | | - | १७,८६०,४५७।७५ |
| | | **३९,६७४,३९०।००** | **१३२,६३३,३८४।२४** |
| **परियोजनाहरुको खूद आय (व्यय)** | | - | (४,६२८,२१४.८१) |

**नोटः अनुसूची १ देखी १० सम्म यस वित्तिय विवरणको अभिन्न अंग हो ।**

हाम्रो संलग्न प्रतिवेदनको आधारमा

द. डि.बी. बस्नेत
(का.स. सदस्य तर्फबाट)

द. निरक के.सी.
(कोषाध्यक्ष)

द. चन्द्र प्रसाद ढकाल
(अध्यक्ष)

द. सि.ए. सुदर्शन राज पाण्डे
वरिष्ठ साझेदार
एस.आर.पाण्डे एण्ड कम्पनी
चार्टर्ड एकाउन्टेन्टस्

द. ब्रजेश वर्मा
(मुख्य वित्त अधिकृत)

द. गोकर्ण राज अवस्थी
(महानिर्देशक)

नेपाल उद्योग वाणिज्य महासंघ

२०८० आषाढ मसान्तको वासलातसंग सम्बन्धित अनुसूचीहरु

अनुसूची - १.१

| पूंजी कोष | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| गत वर्ष सम्मको कोष | १६,९४८,५५१।८४ | १२,५३८,५५१।८४ |
| नयां सदस्यता प्रवेश शुल्क | १०,०००।०० | ४,४१०,०००।०० |
| | १६,९५८,५५१।८४ | १६,९४८,५५१।८४ |

अनुसूची - १.२

| बचत हिसाब | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| गत वर्ष सम्मको बचत | १२८,२६२,१६९।१० | १२३,२१७,४१०।८९ |
| यस वर्षको आय(व्यय हिसाबबाट सारिएको बचत | २१,३१८,६३६।८९ | ५,०४४,७५८।२१ |
| | १४९,५८०,८०५।९९ | १२८,२६२,१६९।१० |

अनुसूची - १.३

| अन्य कोष | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| अक्षय कोष (क) | १०,०००,०००।०० | १०,०००,०००।०० |
| पूंजीगत अनुदान (अनुसूची ४ संग सम्बन्धित) (ख) | ९,३१२,९१७९४ | ९,६०८,४१९।३२ |
| सस्थापन कोष | ६,३०३,००१।५२ | - |
| | २५,६१५,९१९।४६ | १९,६०८,४१९।३२ |

सदस्यता, मेला तथा अन्य वापत अग्रिम प्राप्त रकमको बिबरण

अनुसूची - २

| चालू दायित्व तथा व्यवस्था | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| प्राप्त धरौटीहरु | ११४,८९२,९३३।१३ | १०८,४८४,९९२।५६ |
| भुक्तानी दिनु पर्ने हिसाब (महासंघ सदस्यहरु) | ८,२७५,३४६।९८ | ६,७५४,४२७।८० |
| भुक्तानी दिनु पर्ने हिसाब (अन्य एंव कार्यक्रम) | ५४,४४५,१२८।८१ | ४४,४४०,४७९।५८ |
| खर्च वापत भुक्तानी हुन बाँकि | ५,०६१,०४७।९० | ४,४४८,४०९।५९ |
| कर्मचारी उपदान कोष | ४३,५४०,५३५।७४ | ३४,७७९,१७३।०० |
| अग्रिम कर | (५,१६५,२३६.४५०००) | - |
| न्यून आयकर दायित्व | ७,९२२,५०२.१६००० | - |
| | २२८,९७२,२५८।२७ | १९८,९०७,४८२।५३ |

नेपाल उद्योग वाणिज्य महासंघ मार्फत संञ्चालित परियोजनाहरुको दायित्व

अनुसूची - २.१

| परियोजनाहरुको दायित्व | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| कृषि उद्यम केन्द्र मार्फत सञ्चालित परियोजनाहरुका दातृ निकायको दायित्व, कृषि उद्यम केन्दको कोष तथा EOU र LMI यूनिटको दातृ निकायको दायित्व (२.१.१) | ६८,१३७,४१२।१४ | ५३,३७६,७२४।२० |
| कृषि उद्यम केन्द्र मार्फत सञ्चालित परियोजनाहरुका बाह्य दायित्व | ३०,८०१,९४३।०९ | २७,६१७,०६०।०० |
| EOU यूनिटका बाह्य दायित्व | | १५,०८७,१३२।४९ |
| LMI यूनिटका बाह्य दायित्व | | ७,५८७,३६५।७६ |
| | ९८,९३९,३५५।२३ | १०३,६६८,२८२।४५ |

अनुसूची - २.१.१

| परियोजनाहरुको दायित्व | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| कृषि उद्यम केन्द मार्फत संञ्चालित परियोजनाहरुको गत बर्षको दातृ निकायको दायित्व तथा कृषि उद्यम केन्दको कोष | ६८,१३७,४१२.१४ | ६६,७४०,००८.१४ |
| यस वर्षको आय (व्यय) | - | १,३९७,४०४.०० |
| **कृषि उद्यम केन्द मार्फत सञ्चालित परियोजनाहरुका यस बर्ष सम्मको दातृ निकायको दायित्व तथा कृषि उद्यम केन्दको कोष (क)** | **६८,१३७,४१२.१४** | **६८,१३७,४१२.१४** |
| LMI यूनिटको गत बर्षको दातृ निकायको दायित्व | - | (१,७१२,३९३.७६) |
| यस वर्षको आय (व्यय) | - | (३,१८७,९६९.४२) |
| **LMI यूनिटको यस बर्षसम्मको दातृ निकायको दायित्व (ख)** | - | **(४,९००,३६३.१८)** |
| EOU यूनिटको गत बर्षको दातृ निकायको दायित्व | - | (७,०२२,६७५.३७) |
| यस वर्षको आय (व्यय) | - | (२,८३७,६४९.३९) |
| **EOU यूनिटको यस बर्षसम्मको दातृ निकायको दायित्व (ग)** | - | **(९,८६०,३२४.७६)** |
| **अन्य कोष जम्मा (क ख ग)** | **६८,१३७,४१२.१४** | **५३,३७६,७२४.२०** |

नेपाल उद्योग वाणिज्य महासघं
२०८० साल आषाढ मसान्तको
अचल सम्पत्तिको बिवरण

अनुसुची: ३

| क्र.सं. | बिवरण | परल मोल | यस बर्ष थप | यस बर्ष अपलेखन | जम्मा परल मोल | ह्रास कट्टी बिवरण | | | बांकी रकम २०८०/०३/३१ | गत बर्षको बांकी २०७९/०३/३२ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | गत बर्ष सम्मको ह्रास कट्टी | यस बर्षको ह्रास कट्टी | जम्मा ह्रास कट्टी | | |
| १ | जग्गा | ५१,६५१,०९९।४३ | - | | ५१,६५१,०९९।४३ | - | - | - | ५१,६५१,०९९।४३ | ५१,६५१,०९९।४३ |
| २ | ढल निकास | ५०,०००।०० | - | | ५०,०००।०० | - | - | - | ५०,०००।०० | ५०,०००।०० |
| ३ | भवन | ५०,२७६,२६२।७६ | - | | ५०,२७६,२६२।७६ | १५,३९६,६४९।७५ | १,७४३,९८०।६४ | १७१४०,६३०।३९ | ३३,१३५,६३२।३७ | ३४,८७९,६१३।०१ |
| ४ | अफिस उपकरण | ११,८६४,३०८।९० | २५,६००.०० | | ११,८८९,९०८।९० | ९२३३५०४।७८ | ६५९,५७७।२८ | ९,८९३,०८२।०६ | १,९९६,८२६।८४ | २,६३०,८०४।१२ |
| ५ | बिद्यूत उपकरण | ४,७५४,४७५।६३ | - | | ४,७५४,४७५।६३ | ४,३३२,५६०।९५ | १०५,४७८।६९ | ४,४३८,०३९।६४ | ३१६,४३५।९९ | ४२१,९१४।६८ |
| ६ | फ्लोरिङ्ग एण्ड फर्निसिङ्ग | १,३३०,५७३।८८ | - | | १,३३०,५७३।८८ | १,१५५,०३३।६४ | ४३,८८५।०७ | १,१९८,९१८।७१ | १३१,६५५।१७ | १७५,५४०।२४ |
| ७ | फर्निचर तथा अन्य समान | १७,४४०,७९६।०९ | १६,५२६.०० | | १७,४५७,३२२।०९ | ९,४०९,५४४।८४ | २,००८,७०७।०७ | ११,४१८,२५१।९१ | ६,०३९,०७०।१८ | ८,०३१,२५१।२५ |
| ८ | पानी बोरिङ्ग | ५८,५३२।६० | - | | ५८,५३२।६० | ५८,५३२।६० | - | ५८,५३२।६० | - | - |
| ९ | सवारी साधन | ७,२०६,०००।०० | - | | ७,२०६,०००।०० | ६,९९८,०००।०० | ४१,६००।०० | ७,०३९,६००।०० | १६६,४००।०० | २०८,०००।०० |
| १० | ह्याङगर (मेला प्रयोजनार्थ) | ६,३९८,२७३।७५ | - | | ६,३९८,२७३।७५ | ६,३९८,२७३।७५ | - | ६,३९८,२७३।७५ | - | - |
| ११ | लिफ्ट | ३,०८२,११२।७३ | - | | ३,०८२,११२।७३ | २,२९६,१०४।६६ | ११७,८४२।२९ | २,४१३,९४६।९५ | ६६८,१६५।७८ | ७८६,००८।०७ |
| | जम्मा: रू. | १५४,११२,४३५।७७ | ४२,१२६.०० | - | १५४,१५४,५६१।७७ | ५५,२७८,२०४।९७ | ४,७२१,०७१।०४ | ५९,९९९,२७६।०१ | ९४,१५५,२८५।७६ | ९८,८३४,२३०।८० |

नेपाल उद्योग वाणिज्य महासघं
२०८० साल आषाढ मसान्तको
अनुदानमा प्राप्त सम्पत्तिहरुको बिवरण

अनुसुची: ४

| क्र.सं. | बिवरण | ह्रास दर छ | जम्मा मोल | यस बर्ष थप | यस बर्ष सम्मको जम्मा | गत बर्ष सम्मको ह्रास कट्टी | यस वर्ष बिकि / अपलेखन | यस बर्षको ह्रास कट्टी | जम्मा ह्रास कट्टी | बांकी रकम २०८०/०३/३१ | गत बर्षको बांकी २०७९/०३/३२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | जग्गा (१६ कठ्ठा, इनरुवा) | ० | ६,६५६,०००.०० | – | ६,६५६,०००.०० | – | – | – | – | ६,६५६,०००.०० | ६,६५६,०००.०० |
| २ | टोयोटा कार | १५ | ८००,०००.०० | – | ८००,०००.०० | ७९४,८११.०८ | – | ७७८.३४ | ७९५,५८९.४२ | ४,४१०.५८ | ५,१८८.९२ |
| ३ | कम्प्यूटर/एयर कण्डिसन | १० | ३,०७३,२२४.८९ | – | ३,०७३,२२४.८९ | २,५७३,२५९.३५ | – | ४९,९९६.५५ | २,६२३,२५५.९० | ४४९,९६८.९९ | ४९९,९६५.५४ |
| ४ | ल्यापटप कम्प्यूटर | १० | १,३७५,५७६.०० | – | १,३७५,५७६.०० | ४४९,०६८.८८ | – | ९२,६५०.७१ | ५४१,७१९.५९ | ८३३,८५६.४१ | ९२६,५०७.१२ |
| ५ | कियोशेरा प्रिण्टर/फोटोकपि म | १० | १४९,३८६.०० | – | १४९,३८६.०० | ४०,४८३.६१ | – | १०,८९०.२४ | ५१,३७३.८५ | ९८,०१२.१५ | १०८,९०२.३९ |
| ६ | डिजिटल क्यामरा | १० | १५३,५००.०० | – | १५३,५००.०० | ३५,६०६.३३ | – | ११,७८९.३७ | ४७,३९५.७० | १०६,१०४.३० | ११७,८९३.६७ |
| ७ | प्रोजेक्टर | १० | ३०६,३३०.०० | – | ३०६,३३०.०० | १२७,५६२.१५ | – | १७,८७६.७९ | १४५,४३८.९४ | १६०,८९१.०६ | १७८,७६७.८५ |
| ८ | लेजर प्रिन्टर (एचपी २०१५) | १० | ३४८,२११.०० | – | ३४८,२११.०० | १३४,८९५.२९ | – | २१,३३१.५७ | १५६,२२६.८६ | १९१,९८४.१४ | २१३,३१५.७१ |
| ९ | फ्याक्स मसीन | १० | ७०,६६२.८२ | – | ७०,६६२.८२ | ७०,६६२.८२ | – | – | ७०,६६२.८२ | – | – |
| १० | स्टिल दराज | १० | २,८५८.७० | – | २,८५८.७० | २,८५८.७० | – | – | २,८५८.७० | – | – |
| ११ | स्टिल च्याक | १० | १,५००.०० | – | १,५००.०० | १,४४८.४९ | – | ५.१५ | १,४५३.६४ | ४६.३६ | ५१.५१ |
| १२ | टेपरेकर्डस् | १० | २,८५८.७० | – | २,८५८.७० | २,८५८.७० | – | – | २,८५८.७० | – | – |
| १३ | जिन्सी समान मौजात | १० | २३४,६४८.०१ | – | २३४,६४८.०१ | २३३,२२५.९० | – | १४२.२१ | २३३,३६८.११ | १,२७९.९० | १,४२२.११ |
| १४ | प्रोजेक्टर/स्किन | १० | ९१,८८५.०० | – | ९१,८८५.०० | ८५,९४८.२४ | – | ५९३.६८ | ८६,५४१.९२ | ५,३४३.०८ | ५,९३६.७६ |
| १५ | टि.भि. स्किन | १० | २९,६१९.५६ | – | २९,६१९.५६ | २९,६१९.५६ | – | – | २९,६१९.५६ | – | – |
| १६ | भि.सि.आर. स्किन | १० | २४,१५१.३३ | – | २४,१५१.३३ | २४,१५१.३३ | – | – | २४,१५१.३३ | – | – |
| १७ | रेफ्रिजरेटर | १० | २९,१६३.२५ | – | २९,१६३.२५ | २९,१६३.२५ | – | – | २९,१६३.२५ | – | – |
| १८ | अन्य | १० | ५५७,६९९.५६ | – | ५५७,६९९.५६ | ३१२,२०९.५२ | – | २४,५४९.०० | ३३६,७५८.५२ | २२०,९४१.०४ | २४५,४९०.०४ |
| १९ | फर्निचर | १० | ५६३,९४१.४८ | – | ५६३,९४१.४८ | ४३७,५४६.६६ | – | १२,६३९.४८ | ४५०,१८६.१४ | ११३,७५५.३४ | १२६,३९४.८२ |
| २० | सर्भर एंव कम्प्युटर नेटवर्क | १० | १,२१३,९९०.०० | – | १,२१३,९९०.०० | ६९१,४०७.१२ | – | ५२,२५८.२९ | ७४३,६६५.४१ | ४७०,३२४.५९ | ५२२,५८२.८८ |
| | | जम्मा: | १५,६८५,२०६.३० | – | १५,६८५,२०६.३० | ६,०७६,७८६.९८ | – | २९५,५०१.३८ | ६,३७२,२८८.३६ | ९,३१२,९१७.९४ | ९,६०८,४१९.३२ |

## नेपाल उद्योग वाणिज्य महासंघ

### २०८० आषाढ मसान्त सम्मको लगानी विवरण

अनुसूचा - ५

| लगानी: | यस वर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| **५.१ बैंक तथा वित्तिय संस्थामा रहेका निक्षेप** | | |
| क. ग्लोबल आइंएमइं बैंक लि. | ९५,१५८,५३२।१९ | २०,०००,०००।०० |
| ख. एनएमबि बैंक लि. | ४०,०००,०००।०० | ४५,०००,०००।०० |
| ग. सिटिजन्स बैंक लि. | १०,०००,०००।०० | ३२,५००,०००।०० |
| घ. सानिमा बैंक लि. | १०,०००,०००।०० | १०,०००,०००।०० |
| ङ. प्राईम कर्माशियल बैंक लि. | १,५००,०००।०० | १,५००,०००।०० |
| च. सिद्दार्थ बैंक लि. | २०,०००,०००।०० | १०,०००,०००।०० |
| छ. प्रभु बैंक लि. | ५०,०००,०००।०० | २०,०००,०००।०० |
| जम्मा | २२६,६५८,५३२।१९ | १३९,०००,०००।०० |
| **५.२ अन्य लगानी** | | |
| क. काठमाण्डौं उपत्यका खानेपानी लि. (शेयर लगानी) | ९००,०००।०० | ९००,०००।०० |
| **जम्मा लगानी:** | २२७,५५८,५३२।१९ | १३९,९००,०००।०० |

### चालु सम्पत्ति तथा पेश्की विवरण

अनुसूचा - ६

| लिन बांकी, पेश्की तथा धरौटी हिसाब | यस वर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| कर्मचारी पेश्की | ४,१९८,८६३.०७ | ३,१९०,०४८.३१ |
| महासंघका सदस्यहरुलाइ गएको पेश्की हिसाब | १,५६७,५६३.२७ | १,५६७,५६३.२७ |
| कार्यगत पेश्की | ६२०,७२३.०० | ५७,०५२.३६ |
| अन्य पेश्की एंव लिन बांकी हिसाब | १७,३७५,२७८.५६ | १५,०८४,२७४.६२ |
| धरौटी | ४१४,३६१.६६ | ४१२,०५२.२० |
| अग्रिम कर | | ५,०८३,८४५.०५ |
| न्यून आयकर दायित्व | | (३,५२५,६२५.९८००) |
| | २४,१७६,७८९.५६ | २१,८६९,२०९.८३ |

### बैंक तथा नगद मौज्दात विवरण

अनुसूची - ७

| बैंक तथा नगद मौज्दात | यस वर्ष रु. | गत बर्ष रु. |
|---|---|---|
| नेपाल बैंक लिमिटेड (चल्ती हिसाब) | ३,१२०,९९२.५४ | ८,९५९,१९४.६६ |
| नबिल बैंक लि. (चल्ती हिसाब) | १,१९८,७८३.४४ | १,१९७,७८३.४४ |
| रा.वा.बैंक, टेकू शाखा | २,७३७,६९१.९८ | १,७२२,७७०.२५ |
| ग्लोबल बैंक लि. (चल्ती/कल हिसाब) | १३,०७०,०३१.१२ | १५,३१३,९२२.८५ |
| बैंक अफ काठमाण्डौ, (चल्ती हिसाब) | २३१,७४१.६१ | २९९,०००.३७ |
| नेपाल बंगलादेश बैंक लि. (चल्ती हिसाब) | १,२२०,६८९.२६ | १,२२०,६८९.२६ |
| सानिमा बैंक लि.(चल्ती/कल हिसाब) | ९४५,५०४.९६ | ७,३१३,३६१.६४ |
| सानिमा बैंक लि.-FNCCI-Amerian Corner A/c) | १,४२१,७४६.६० | १७,७११,८६८.९५ |
| प्रभु बैंक लि (LED सामाग्री, चल्ती/कल खाता) | ८९,५८३.०३ | ८९,२०३.३१ |
| सिटिजन बैंक इन्टरनेशनल लि., (चल्ती/कल हिसाब) | १,१६०,३१३.४५ | १,१५०,५१७.८९ |
| स्टाण्डर्ड चार्टर्ड बैंक नेपाल लि. (चल्ची खाता, मेला) | १०४,३७८.३६ | १०४,३७८.३६ |
| एनएमबि बैंक लि. चल्ती/कल खाता | - | ४,१५५,९६१.४३ |
| कुमारी बैंक लि. (राहतकोष, चल्ती/कल खाता) | ७२७,९६५.८० | ६९१,६३१.०१ |
| मुक्तीनाथ बिकास बैंक लि. (राहतकोष, कल खाता) | ३७९,९१५.९१ | ८५९,१२९.२८ |
| नागरीक लगानी कोष (कर्मचारी उपदान कोष) | ३८,३७३,८४९.७४ | ३२,४२७,८६७.७५ |
| नगद (सानो नगदी कोष समेत) | ११८,२५४.०४ | ११९,६७०.०४ |
| ELMS Global Ime | ८४४,७५५.०० | - |
| | ६५,७४६,१९६.८४ | ९३,३३६,९५०.४९ |

### नेपाल उद्योग वाणिज्य महासंघ मार्फत संञ्चालित परियोजनाहरुको सम्पत्ती

अनुसूची ८

| परियोजनाहरुको सम्पत्ती | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| कृषि उद्यम केन्द मार्फत सञ्चालित परियोजनाहरुका सम्पत्ती | ९८,९३९,३५६ | ९५,७५४,४७२।०० |
| EOU यूनिटको सम्पत्ती | - | ५,२२६,८०७।७२ |
| LMI यूनिटको सम्पत्ती | - | २,६८७,००२।५८ |
| | ९८,९३९,३५६ | १०३,६६८,२८२।३० |

## नेपाल उद्योग वाणिज्य महासंघ

### आर्थिक वर्ष २०७९/०८० को आय/व्यय हिसाब संग सम्बन्धीत अनुसूचीहरु

| अनुसूची - ८.१ | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| **सदस्यता शुल्क** | | |
| वार्षिक सदस्यता शुल्क | ६६,९२९,९९५।०० | २५,७४५,४००।०० |
| प्रतिनिधि शुल्क | २०,१२४,०००।०० | ४,५२६,०००।०० |
| | **८७,०५३,९९५।००** | **३०,२७१,४००।००** |

अनुसूची - ८.२

| | | |
|---|---|---|
| **ब्याज आम्दानी** | | |
| लगानीबाट प्राप्त ब्याज (मुद्दति निक्षेप) | १६,१८७,७६०।६७ | १०,२३८,००५।४८ |
| घर कर्जा ब्याज (कर्मचारी) | २०,७३३।२८ | ३१,६८१।१० |
| अन्य ब्याज (बैंक बचत/कल खाता) | ५५१,१२०।३१ | ८२३,५९१।७२ |
| | **१६,७५९,६१४।२६** | **११,०९३,२७८।३०** |

अनुसूची - ८.३

| | | |
|---|---|---|
| **उत्तपत्तिको प्रमाण पत्र आय:** | | |
| प्रमाण पत्र जारी शुल्क (सस्थागतको समेत) | १७,५५३,८७८।६७ | ३०,१७६,४२२।९७ |
| उत्पत्तिको प्रमाण पत्र फाराम बिक्री | १,०८८,०१०।०० | ५५३,४७०।०० |
| | **१८,६४१,८८८।६७** | **३०,७२९,८९२।९७** |

अनुसूची - ८.४

| | | |
|---|---|---|
| **अन्य आम्दानी** | | |
| प्रकाशन (बिकि, बिज्ञापन) | - | - |
| मेला आम्दानी (ह्याङगर आय समेत) | २००,०००।०० | २,१००,०००।०० |
| विविध | ३,०१२,६२८।३५ | ३,०५२,८३४।४३ |
| | **३,२१२,६२८।३५** | **५,१५२,८३४।४३** |

अनुसूची - ८.५

| | | |
|---|---|---|
| **कार्यकम आय:** | | |
| कार्यकमको लागी दातृ सस्थाबाट प्राप्त सहयोग | ३९,२८३,६१२।५२ | ६,१६०,२८३।१० |
| महासंघका सामितिहरुको आय | ८१०,०००।०० | १,२६४,०००।०० |
| | **४०,०९३,६१२।५२** | **७,४२४,२८३।१०** |
| दातृ सस्थाको कार्यकम सम्बन्धी खर्च | ३८,५०५,३३४।८८ | ५,८४६,६९३।४४ |
| महासघका समितिहरुको कार्यकम सम्बन्धी खर्च | ११,५७८,६३१।१५ | ९,९५७,५५५।२२ |
| | **५०,०८३,९६६।०३** | **१५,८०४,२४८।६६** |
| **खुद बचत:** | - | - |
| **खुद खर्च:** | **९,९९०,३५३।५१** | **८,३७९,९६५।५६** |

नेपाल उद्योग वाणिज्य महासंघ

आर्थिक वर्ष २०७९/०८० को आय/व्यय हिसाब संग सम्बन्धीत अनुसूचीहरु

| अनुसूची ९.१ | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| सस्थापन खर्च: | | |
| तलब, भत्ता र कर्मचारी सम्बन्धी अन्य खर्च: | | |
| तलब भत्ता र ज्याला | ४२,११८,१८२।६९ | ३०,८३२,९४०।५४ |
| औषधोपचार | १,४००,४६४।९७ | ९८५,७५८।५० |
| उपदान व्यबस्था | ५,१००,०००।०० | २,४९५,१५५।०३ |
| कर्मचारी जीवन बीमा प्रिमियम | १,२७६,४०५।७१ | १,१७५,२४२।५८ |
| ओभर टाईम भत्ता | ८४२,५२६।०० | ६६२,६००।०० |
| खाजा खर्च | १,२४३,५९९।९८ | १,१८१,०००।०० |
| लुगा भत्ता | - | ११५,०००।०० |
| भौतिक खर्च: | | |
| भवन, मोटर बीमा प्रिमियम | ३०५,९३९।२१ | २४०,२६८।८२ |
| बिजुली महशुल | ९४८,३९८।०० | ७९९,५९१।०० |
| पानी महशुल | १९२,८५०।०० | १६५,५७०।७२ |
| संचार | ४३७,४०३।५१ | ७०२,३५२।०१ |
| मसलंद तथा छपाई | ४५४,१८५।५० | ५९६,९२९।०० |
| ममंत तथा सम्भार | ८४६,२७५।३६ | ९८०,५२८।६४ |
| इन्धन | ८०४,४२४।९७ | ७७६,०३०।३६ |
| अन्य खर्च: | | |
| प्रकाशन | १६०,८३१।७७ | ३,५००।०० |
| शुरक्षा सेवा खर्च | १,७६२,८००।०० | १,६९९,१४३।३३ |
| बिशेषज्ञ सेवा | ६७४,१८०।०० | ४३०,३३०।०० |
| सभा/सम्मेलन खर्च: | | |
| साधारण सभा/ उद्योग वाणिज्य दिवस | १५,३२२,४८७।१३ | ७,१८४,३३६।७३ |
| आन्तरीक लेखा परिक्षण | २०४,९५०।०० | ३४५,०४५।०० |
| लेखा परिक्षण | १७०,२९१।०० | १५५,३७५।०० |
| अन्तराष्ट्रिय सदस्यता शुल्क | १,५५०,२००।०० | १,४२७,२९९।८४ |
| उत्पत्तिको प्रमाण पत्र सम्बन्धी खर्च | १,३२३,६८२।०८ | १,००२,६७६।०० |
| | ७७,१४०,०७७।८८ | ५३,९५६,६७३।१० |

| अनुसूची - ९.२ | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| गैन्ह सस्थापन खर्च | | |
| पुस्तक पत्रपत्रिका | २७,९२०।०० | ४०,३२०।०० |
| स्वागत समारोह खर्च | ८३१,९३१।८१ | ६५,६८३।७६ |
| बैठक तथा जलपान | ५६८,७८९।१३ | ५८६,१४९।३३ |
| भ्रमण | ५३९,२६१।०० | १३९,६४८।०० |
| बिज्ञापन | १५४,४०५।४० | ३२,६५०।०० |
| जन सम्पर्क | ५२२,७२१।३९ | १५५,८६०।०० |
| अध्यक्ष कोष् | ४७६,८४९।३१ | - |
| बिबिध | ५०१,१०४।२४ | ४८५,२६९।९० |
| | ३,६२२,९८२।२८ | १,५०५,५८०।९९ |

अनुसूची - ९.३

| बिबिध खर्च: | | |
|---|---|---|
| कोभिड(१९ सम्बन्धि खर्च | - | ७८,२२५।०० |
| भैपरि आउने खर्च | ८६०,८५९।५२ | १,३३८,६४८।५० |
| ह्रास कट्टि | ४,७२१,०७१।०४ | ३,४१७,९२८।३६ |
| अपलेखन खर्च | - | - |
| सरसफाइ खर्च | ९१,६४३।०० | - |
| | ५,६७३,५७३।५६ | ४,८३४,८०१।८६ |

अनुसूची - ९.४

| आयकर खर्च: | | |
|---|---|---|
| यस आ.व. को आयकर खर्च | ७,९२२,५०२।१६ | ३,३८५,०९५।१८ |
| गत आ.व. को आयकर खर्च | - | १४०,५३०।८० |
| | ७,९२२,५०२।१६ | ३,५२५,६२५।९८ |

## नेपाल उद्योग वाणिज्य महासंघ

आर्थिक वर्ष २०७९/०८० मा

दातृ संस्था तथा महासंघका परिषद, फोरम एवं समितिहरु अन्तरगत भएका आम्दानी/खर्चको बिवरण

**अनुसूची नं. ५ संग सम्बन्धित**

| क्र.स. | बिवरण | आम्दानी | | | खर्च | | |
|---|---|---|---|---|---|---|---|
| | | महासंघ | दातृ संस्था | जम्मा आम्दानी रकम | महासंघ | दातृ संस्था | जम्मा खर्च रकम |
| १ | उद्योग वाणिज्य परिषद | | | - | ६२९,३५६.३३ | | ६२९,३५६.३३ |
| २ | रोजगारदाता परिषद | | | - | | | - |
| ३ | बस्तुगत परिषद | | | - | ६४,७६६.०४ | | ६४,७६६.०४ |
| ४ | उद्योग समिति | | | - | | | - |
| ५ | पर्यटन समिति | | | - | ६७,३४९.५९ | | ६७,३४९.५९ |
| ६ | कर तथा राजश्व समिति | | | - | ४३४,३९४.५० | | ४३४,३९४.५० |
| ७ | घरेलु तथा साना उद्योग समिति | | | - | ४,७४६.०० | | ४,७४६.०० |
| ८ | मेला समिति (ह्यागंर संचालन समेत) | | | - | ४७५,७८६.८२ | | ४७५,७८६.८२ |
| ९ | आठौं अन्तराष्ट्रिय व्यापार मेला | | | - | | | - |
| १० | उर्जा समिति / बातावरण फोरम | | | - | - | | - |
| ११ | शहरि बिकास समिति | | | - | | | - |
| १२ | महिला उद्यमी बिकास समिति | | | - | ४,६६१.२५ | | ४,६६१.२५ |
| १३ | स्टाटअप एंव इनोभेशन समिति | | | - | | | - |
| १४ | अन्तराष्ट्रिय व्यापार प्रवर्धन समिति | | | - | | | - |
| १५ | बैंकिङ तथा बिमा समिति | | | - | २९१,०६३.७४ | | २९१,०६३.७४ |
| १६ | स्थल यातायात तथा पारबहन समिति | | | - | | | - |
| १७ | स्थानिय आथिक बिकाश समिति | | | - | | | - |
| १८ | सुचना तथा प्रबिधि बिकाश समिति | | | - | | | - |
| १९ | स्वास्थ्य तथा शिप बिकाश समिति | | | - | ५३,०८८.५३ | | ५३,०८८.५३ |
| २० | स्वास्थ्य तथा विपद् व्यवस्थापन समिति | | | | | | - |
| २१ | स्टाटअप एंव इनोभेशन समिति | | | - | | | - |
| २२ | फिल्म तथा मनोसंजन फोरम | | | - | | | - |
| २३ | पुंजी बजार फोरम | | | - | | | - |
| २४ | एनआरएन फोरम | | | - | | | - |
| २५ | नेपाल भारत आर्थिक बिकाश फोरम | | | - | | | - |
| २६ | सस्थागत बिकाश खर्च | | | - | ६७९,९००.०० | | ६७९,९००.०० |
| २७ | निर्यात प्रवर्द्धन समिति | | | | ९,९१०.१० | | ९,९१०.१० |
| २८ | प्रदेश उद्योग वाणिज्य संघ खर्च | | | - | ८,४००,०००.०० | | ८,४००,०००.०० |
| २९ | सडक यातायात तथा पारवहन समिति | | | | ३,६७२.५० | | ३,६७२.५० |
| ३० | अन्य बिबिध कार्यक्रम | | | - | | | - |
| ३१ | Nepal-China Non Governmental Cooperation | | | - | | | - |
| ३२ | SAARC CCI Program Expenses | | | - | | | - |
| ३३ | Factory Inspection Program | ८१०,०००.०० | | ८१०,०००.०० | | | - |
| ३४ | Commercial Mediation Centre | | | - | | | - |
| ३५ | FNCCIConstitution Amendment Program | | | - | | | - |
| ३६ | FNCCI-American Corner Activity Expenses | | १,७९७,८४७.५० | १,७९७,८४७.५० | | १,३३९,०६१.८८ | १,३३९,०६१.८८ |
| ३७ | FNCCI-GIZ Programme | | ३,५१५,६२१.३४ | ३,५१५,६२१.३४ | | ३,५१५,६२१.३४ | ३,५१५,६२१.३४ |
| ३८ | FNCCI-Ukaid TLMN Project | | | - | | | - |
| ३९ | FNCCI-ILO Job Rich Recovery Program | | | - | | | - |
| ४० | FNCCI-ILO Provencial Level Website Development Project | | | - | | | - |
| ४१ | FNCCI-ILO SSD & Labour Relation Program | | | - | | | - |
| ४२ | FNCCI-ILO Gender Based Voilence Program | | | - | | | - |
| ४३ | FNCCI-ILO Post COVID Revival Program | | | - | | | - |
| ४४ | FNCCI-Dakshyata Project | | | - | | | - |
| ४५ | FNCCI-ITC/TFA Program | | | - | | | - |
| ४६ | FNCCI-NURP Business Climate Survey | | | - | | | - |
| ४७ | FNCCI UNCDF | | १,०३७,६७२.५० | १,०३७,६७२.५० | | ५८४,३३७.६० | ५८४,३३७.६० |
| ४८ | ILO Project on Enhancing Skills of Women, Workers in Informal Economy and Migrants for Employment Fund Received - FNCCI | | ११,९३४,१७९.२२ | ११,९३४,१७९.२२ | | ११,९३४,१७९.२२ | ११,९३४,१७९.२२ |
| ४९ | ILO Project on Strengthen Employers' Capacity for Improved Productivity and Decent Work Fund Received - FNCCI | | १४,०७०,९८७.६७ | १४,०७०,९८७.६७ | | १४,०७०,९८७.६७ | १४,०७०,९८७.६७ |
| ५० | Council/Committee/Donor Agency Income - FNCCI | | १,९२६,७०३.०८ | १,९२६,७०३.०८ | | २,२४०,३०२.११ | २,२४०,३०२.११ |
| ५१ | UNDP PROJECT | | ३,७७४,८७९.२१ | ३,७७४,८७९.२१ | | ३,५९५,१२३.०६ | ३,५९५,१२३.०६ |
| ५२ | FNCCI Vision Paper related Expenses - FNCCI | | | | ४५९,९३५.७५ | | ४५९,९३५.७५ |
| ५३ | TEVT Project | | १,२२५,७२२.०० | १,२२५,७२२.०० | | १,२२५,७२२.०० | १,२२५,७२२.०० |
| ५४ | ELMS Project Income | | | - | | | - |
| | **जम्मा:** | ८१०,०००.०० | ३९,२८३,६१२.५२ | ४०,०९३,६१२.५२ | ११,५७८,६३१.१५ | ३८,५०५,३३४.८८ | ५०,०८३,९६६.०३ |
| | **आय भन्दा बढी व्यय:** | (९,९९०,३५३.५१) | | | | | |

**नेपाल उद्योग वाणिज्य महासंघ**

**टेकु, काठमाडौं**

**आर्थिक विवरण सम्बन्धी टिप्पणीहरु**

**(आर्थिक वर्ष २०७९/८०)**

<u>अनूसूचि १०</u>

१. आर्थिक विवरण निम्न लिखित अवस्थामा बाहेक Accrual Basis of Accounting को आधारमा तयार पारिएका छन् ।

क) सदस्यहरुबाट प्राप्त सदस्यता शुल्क, विज्ञापन आदि आम्दानी नगद प्राप्तीको आधारमा लेखाङ्कन गरिएका छन् ।

२. स्थिर सम्पत्तीको लेखाङ्कन ऐतिहासिक लागत अवधारणा (Historical Cost Concept) को आधारमा देखाइएको छ ।

३. स्थिर सम्पत्तिहरुको ह्रास कट्टी निम्न अनुसारको दर प्रयोग गरी महासंघले खरिद गरेको सम्पत्तीमा समदर तथा अनुदानमा प्राप्त सम्पत्तीमा घट्दो मुल्यमा ह्रास कट्टी गरिएको छ ।

| | |
|---|---|
| क) कार्यालय उपकरण | १०% |
| ख) विद्युत उपकरण | १०% |
| ग) फ्लोरिङ एण्ड फर्निसिङ | १०% |
| घ) फर्निचर तथा अन्य सामान | १०% |
| ङ) टोयोटा/स्कोडा एंव हुण्डाई कार तथा अन्य सवारी साधन | १५% |
| च) फोटोकपी मेशिन | १०% |
| छ) कम्प्युटर, एयर कण्डिशन | १०% |
| ज) फ्याक्स | १०% |
| झ) स्टील दराज | १०% |
| ञ) स्टील र्‍याक | १०% |
| ट) टेपरेकर्डर | १०% |
| ठ) जिन्सी सामान मौज्दत | १०% |
| ड) भवन | १.६५% |
| ढ) ह्यागंर | १५% |
| ण) लिफ्ट | १०% |

४. स्थिर सम्पत्तीमा ह्रास कट्टी गर्दा निम्न प्रक्रिया अनुसार ह्रास कट्टी गरिएको छ ।

| | |
|---|---|
| एक वर्षभन्दा पुरानो स्थिर सम्पत्ती | एक वर्षको ह्रास कट्टी |

छ महिना भन्दा पुरानो स्थिर सम्पत्ती छ महिनाको ह्रास कट्टी

छ महिना भन्दा कम पुरानो ह्रास कट्टी नगरिएको

५. नेपाल सरकार अर्थ मन्त्रालय यूवा स्वरोजगार कोष सचिवालयबाट स्वरोजगार तालीम कार्यक्रमका लागि प्राप्त रकम रु. १०,८९,९८,०००।०० मध्ये महासघंले सदस्य संघहरुलाई उपलब्ध गरिएको कार्यगत पेश्की रकम मध्ये आ.व. २०७४।०७५ मा महालेखा परीक्षकको कार्यालयबाट पेश भएका हिसावको संपरिक्षण गरी केही संङहरुको हिसावमा कैफियत उल्लेख गरी बेरुजू देखाएको रु. ४०,७४,४९०।०० मध्ये आ.व. २०७८।०७९ मा थप संपरिक्षण सम्पन्न गरी बांकी ३ वटा उद्योग वाणिज्य संघहरुको बेरुजू उल्लेख हिसाब रु. ३४,१८,८००। बांकी रहेको छ ।

६. अनुदानमा प्राप्त सम्पत्तीहरुको ह्रास कट्टी सोही सम्पत्तीमा तथा पूंजीगत अनुदान शिर्षकमा घटाई लेखाङ्कन गरिएको छ ।

७. महासंघले मेला आयोजना प्रयोजनार्थ खरिद गरेको हृयाङ्गरका लागि कुल रु.८३,९८,२७३।७५ लगानी गरेकोमा सो मध्ये रु.२०,००,०००। नेपाल हस्तकला महासघंको लगानी दामासायीमा आय बाढफाढ गर्ने गरि सहयोग गरेको रकम कटाएर महासंघको लगानीमा रु.६३,९८,२७३।७५ लेखाङन गरिएको छ ।

८. कार्यक्रम तथा महासंघको समिति तथा फोरमहरु अन्तर्गतको आय/व्यय अनुसुचि ८.५ मा देखाई खुद आयलाई आय तर्फ र खुद ब्ययलाई व्यय तर्फ राखिएको छ ।

९. महासंघको बिधानमा व्यबस्था भए अनुसार आ.व. २०७४/०७५ मा ७ वटै प्रदेशहरुमा महासंघको च्याप्टरको रुपमा प्रदेश उद्योग वाणिज्य महासंघ गठन भैसकेका छन्, सबै प्रदेश उद्योग वाणिज्य महासंघहरुको आ.व. २०७९/८० को बित्तिय विवरण प्राप्त भई नसकेको एबं च्याप्टरहरुको हिसाब बिबरण छुट्टै लेखांकन गर्ने गरि प्रदेश उद्योग वाणिज्य महासंघको बित्तिय बिवरण प्रस्तुत बित्तिय बिबरणमा सामावेश गरिएको छैन । प्रदेश उद्योग वाणिज्य महासंघलाई उपलब्ध रकम अनुदानको रुपमा कार्यक्रम खर्च शिर्षकमा खर्च लेखाङकन गरिएको छ ।

१०. European Union को आर्थिक सहयोग ब्रिटिश काउन्सीलसंग भएको संम्झौता अनुसार महासंघ बाहेक ४ वटा सस्थाहरु (होटल एसोशिएसन नेपाल, नेपाल घरेलु तथा साना उद्योग महासंघ, नेपाल निर्माण व्यवसायी महासंघ र नेपाल हस्तकला महासंघ) संचालीत Employer Led Labor Market Secretariat (ELMS) परियोजनाको आम्दानी खर्चको हिसाब किताव महासघंको वित्तिय बिवरणमा समावेश गरिएको भएपनी त्यी संस्थाहरुको आम्दानी खर्च लेखापरीक्षण गरिएको छैन । ELMS-EOU परियोजना तथा ELMS-LMI Unit परियोजना सम्पन्न भई सम्पूर्ण सम्पत्ती तथा दायित्व महासघंको वितिय विवरणमा समावेश गरिएको छ । साथै, परियोजनाका स्थिर सम्पत्तीको छुटै लेखांकन गरिएको छ । Employer Led Labor Market Secretariat (ELMS) LMI परियोजना अन्तर्गत परियोजना दायित्व रु. १२,७४,१२८ र ELMS-EOU परियोजना अन्तर्गत परियोजना दायित्व रु. २३,५८,०१० लेखांकन गरिएको पाईयो ।

११. महासंघले मूद्दति निक्षेपमा राखेको रकम एवं कल खाताहरु बाट प्राप्त बैंक ब्याज, आयकर ऐनको व्यबस्था बमोजिम १५% अग्रिम कर कट्टी गरी बैंकहरुले प्रदान गर्ने हूदा सो करलाई समेत समवेश गरी

ब्याज आम्दानी गणना गरिएको छ । एवं कट्टी गरिएको कर रकमलाई अग्रिम कर रकममा गणना गरिएको छ ।

१२. महासघको यस आर्थिक बर्षको बित्तिय बिबरणमा AEC परियोजनाका वित्तीय विवरणहरु तथा महासंगअन्तर्गत सञ्चालित Employer Led Labor Market Secretariat (ELMS) परियोजनाहरुको वित्तीय विवरणहरुलाई समेत एकीकृत गरी तयार गरिएको छ । यसका साथै गत आर्थिक बर्षको हिसावहरुलाई समेत एकीकृत (Consolidate) गरी प्रस्तुत गरिएको छ । महासघंले Employer Led Labor Market Secretariat (ELMS) परियोजना निरन्तर सञ्चालन भएको आधारमा LMI परियोजना अन्तर्गतको रकमलाई परियोजना दायित्व रु. १२,७४,१२८ र ELMS-EOU परियोजना अन्तर्गतको रकमलाई परियोजना दायित्व रु. २३,५८,०१० लेखांकन गरिएको पाईयो ।

१३. महासंघ अन्तर्गतको कृषि उद्यम केन्द्र मार्फत सञ्चालित एक जिल्ला एक उत्पादन कार्यक्रम तथा एक गाउं एक उत्पादन कार्यक्रमसंग सम्बन्धित माहालेखापरीक्षकको वार्षिक प्रतिवेदनहरुमा औंल्लाइएका बेरुजु पुर्ण रुपमा संपरीक्षण हुन बांकि रहेको छ ।

१४. एकीकृत वित्तीय विवरण तयार गर्दा महासंघ र महासंघ मार्फत सञ्चालित परियोजनाहरुको एक आपसको हिसावहरुलाई समायोजन गरिएको छैन ।

१५. एकीकृत वित्तीय विवरण तयार गर्दा महासंघ मार्फत सञ्चालित परियोजनाहरुको सम्पत्तीहरुलाई दायित्व रकमले घटाउदा बाकीं रहने रकमलाई दातृ निकायको दायित्वमा प्रस्तूत गरिएको छ ।

१६. महासंघ मार्फत सञ्चालित परियोजनाहरुले सो परियोजना अन्तर्गत खरिद गरेको सम्पत्तीहरुलाई परियोजना खर्चमा लेखाकंन गरिएको छ ।

१७. महासंघको गत आर्थिक बर्षको हिसावमा परियोजनाहरुको दातृ निकायहरुको दायित्वलाई अन्य कोष शीर्षकमा प्रस्तूत गरिएकोमा यस बर्ष परियोजनाहरुको दायित्व शीर्षकमा प्रस्तूत गरिकोले गत आ.व.को हिसावमा आवश्यक समायोजन गरिएको छ ।

१८. महासंघको यस आर्थिक बर्षको आयकर गणना गर्दा AEC परियोजनाका वित्तीय विवरणहरु तथा Employer Led Labor Market Secretariat (ELMS) परियोजनाहरुको वित्तीय विवरणहरुलाई समेत एकीकृत गरी आयकर गणना गरिएको छ ।

**S. R. PANDEY & Co.**
**Chartered Accountants**

2nd Floor, House No. 2979/33
Nabil Galli, Maharajgunj
P. O. Box No. 2343
Kathmandu, Nepal

Tel.: 977-1-4720983
Fax: 977-1-4720983
e-mail: info@srp.com.np

## INDEPENDENT AUDITOR'S REPORT
## AGRO ENTERPRISE CENTRE (AEC) / FNCCI

### Report on the Audit of the Financial Statements

### Qualified Opinion

We have audited the accompanying Financial Statements of the "**Agro Enterprises Centre/FNCCI (Consolidated),** which comprise the fund accountability statement for the year ended Ashad 31, 2080, (July 16, 2023), related schedules and a summary of the significant accounting policies and other explanatory information (hereafter referred to as "the financial statements").

In our opinion, except for the effects of the matter described in the Basis of Qualified opinion section of our report, the aforesaid financial statements presents fairly, in all material respects, the financial position of the AEC (Consolidated) as at Ashad 31, 2080 (July 16, 2023), and its financial performance for the year then ended, and a summary of significant accounting policies and other explanatory information, in accordance with the relevant accounting practices and accounting policies disclosed in notes to account and other prevailing laws.

### Basis for Qualified Opinion

Among the various project operated by AEC, the opinion on the fund accountability statement of AEC Core has been provided a modified opinion. The cumulative financial effect of the fund accountability statement of above projects into consolidated FAS of Agro Enterprises Centre could be material.

We conducted our audit of the financial statements in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those Standards are further described in the Auditor's Responsibilities for the Audit of the Financial Statements section of our report. We are independent of Agro Enterprises Centre/FNCCI (Consolidated) in accordance with the Handbook of The Code of Ethics for Professional Accountants issued by The Institute of Chartered Accountants of Nepal (ICAN), and we have fulfilled our other ethical responsibilities in accordance with the ICAN's Handbook of The Code of Ethics for Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our audit opinion on the financial statements.

### Information Other than the Financial Statements and Auditor's Report Thereon

The FNCCI/AEC's Management is responsible for the preparation of the other information. The other information comprises the information included in the Management report and other progress reports but does not include the financial statements and our auditor's report thereon.

Our opinion on the financial statements does not cover the other information and we do not express any form of assurance conclusion thereon.

In connection with our audit of the financial statements, our responsibility is to read the other information and, in doing so, consider whether the other information is materially inconsistent with the financial statements or our knowledge obtained during the course of our audit or otherwise appears to be materially misstated.

If, based on the work we have performed, we conclude that there is a material misstatement of this other information, we are required to report that fact. We have nothing to report in this regard.

S.R. PANDEY & CO. Chartered Accountants Kathmandu

**Responsibility of Management and Those Charged with Governance for the Financial Statements**

Management is responsible for the preparation and fair presentation of these financial Statements in accordance the relevant accounting practices and accounting policies disclosed in notes to account and for such internal control as management determines is necessary to enable the preparation of the financial statements that are free from material misstatement, whether due to fraud and error.

In preparing the financial statements, management is responsible for assessing the FNCCI/AEC's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the FNCCI/AEC's or to cease operations, or has no realistic alternative but to do so.

The members of Executive Committee are responsible for overseeing the FNCCI/AEC's financial reporting process.

**Auditor's Responsibilities for the Audit of the Financial Statements**

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance, but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risks of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.
- Obtain an understanding of internal controls relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the Agro Enterprises Centre/FNCCI (Consolidated)'s internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Conclude on the appropriateness of management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the FNCCI/AEC's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the FNCCI/AEC's to cease to continue as a going concern.

We communicate with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit.

We also provide those charged with governance with a statement that we have complied with relevant ethical requirements regarding independence, and to communicate with them all relationships and other matters that may reasonably be thought to bear on our independence, and where applicable related safeguards.

**Report on Other Legal and Regulatory Requirements**

Based on our examination, we would like to further report that:

i. We have not come across cases where AEC (Consolidated) awarded to Agro Enterprises Centre/FNCCI had carried any activities contrary to its objectives.

ii. We have come across some cases where AEC (Consolidated) awarded to Agro Enterprises Centre/FNCCI is in non-compliance of chapter 17 of Income Tax Act, 2002.

For, S. R. Pandey & Co.
Chartered Accountants

Arun Raut, FCA
Partner

Place: Kathmandu
Date: 2080/09/28
UDIN: 240114CA00485DGqmU

**AGRO ENTERPRISES CENTER / FNCCI**
**TEKU, KATHMANDU**
**CONSOLIDATED FUND ACCOUNTABILITY STATEMENT**
**FOR THE PERIOD ENDING ON 31st ASHAD 2080**

| PARTICULAR | SCH. | 2079/80 | 2078/079 |
|---|---|---|---|
| **SOURCE OF FUND** | | | |
| OPENING BALANCES | | | |
| CASH AND BANK | | 33,945,646.17 | 34,636,376.93 |
| ADVANCES RECEIVABLE AND DEPOSIT | | 61,808,825.97 | 62,119,738.72 |
| PAYABLES | | 27,617,060.10 | 30,016,107.58 |
| RESTRICTED FUND PAYABLE | | 53,777,757.33 | 2,290,120.23 |
| **INCOMES** | | | |
| GRANT RECEIVED | 1 | 33,909,543.57 | 45,562,488.93 |
| INTEREST INCOMES | 2 | 2,660,671.93 | 2,286,433.45 |
| OTHER INCOMES | 3 | 3,104,174.53 | 2,034,136.68 |
| **A. TOTAL SOURCE OF FUND** | | **54,034,044.74** | **114,332,946.90** |
| **APPLICATION OF FUND** | | | |
| PROGRAM EXPENSES | | | |
| OVOP PROGRAM | | - | - |
| RERP-SAMRIDDHI PROGRAM | 4 | 15,600,361.11 | 18,611,178.57 |
| ADMINISTRATION EXPENSES | 5 | 24,074,028.92 | 29,874,476.52 |
| **B. TOTAL APPLICATION OF FUND** | | **39,674,390.03** | **48,485,655.09** |
| **C. TRANSFER OF FUND TO AEC CORE** | | | **51,487,637.10** |
| **D. TOTAL BALANCE OF FUND (A - B - C)** | | **14,359,654.71** | **14,359,654.71** |
| **E. FUND REPRESENTED BY:** | | | |
| CASH AND BANK | 6 | 36,733,076.91 | 33,945,646.17 |
| ADVANCES RECEIVABLES AND DEPOSITS | 7 | 62,206,278.62 | 61,808,825.97 |
| PAYABLES | 8 | 30,801,943.09 | 27,617,060.10 |
| RESTRICTED FUND PAYABLE | 9 | 53,777,757.33 | 53,777,757.33 |
| **TOTAL BALANCE OF FUND** | | **14,359,654.71** | **14,359,654.71** |

Notes to Account 10

Schedule 1 to 9 are the integral part of this financial statement.

As per our report of even date
FOR: S.R Pandey & CO.
CHARTERED ACCOUNTANTS

| | | |
|---|---|---|
| Arun Raut, FCA<br>Partner | D.B. Basnet<br>Chairperson | Dr. Dinesh Prasad Parajuli<br>Chief Executive Officer |
| Place, Kathmandu<br>Date : 2080.09.28 | Dev Raj Dhungana<br>Finance Manager | Suroj Paudel<br>Admin & Finance Office |

**AGRO ENTERPRISE CENTRE / FNCCI**
**TEKU, KATHMANDU**
**For the period ended on 31st Ashad 2080**

**GRANT RECEIVED** — **SCHEDULE - 1**

| PARTICULAR | 2079/80 | 2078/079 |
|---|---|---|
| RECEIVED FROM RERP-SAMRIDDHI | 30,058,441.17 | 35,084,421.07 |
| INCOME FROM DT GLOBAL | 3,851,102.40 | 10,478,067.86 |
| **TOTAL** | **33,909,543.57** | **45,562,488.93** |

**INTEREST INCOME** — **SCHEDULE-2**

| PARTICULAR | 2079/80 | 2078/079 |
|---|---|---|
| CORE FUND | 2,660,671.93 | 2,286,433.45 |
| ODOP | - | - |
| **TOTAL** | **2,660,671.93** | **2,286,433.45** |

**OTHER INCOMES** — **SCHEDULE - 3**

| PARTICULAR | 2079/80 | 2078/079 |
|---|---|---|
| OTHER INCOMES FROM AEC CORE | 3,104,174.53 | 2,034,136.68 |
| OTHER INCOMES OF OVOP | - | - |
| **TOTAL** | **3,104,174.53** | **2,034,136.68** |

**OTHER PROGRAM EXPENSES** — **SCHEDULE - 4**

| PARTICULAR | 2079/80 | 2078/079 |
|---|---|---|
| RERP | 15,600,361.11 | 18,611,178.57 |
| TOTAL | **15,600,361.11** | **18,611,178.57** |

**ADMINISTRATIVE EXPENSES** — **SCHEDULE - 5**

| PARTICULAR | 2079/80 | 2078/079 |
|---|---|---|
| ODOP | - | - |
| OVOP | - | - |
| KUBK | - | - |
| RISMF | - | - |
| RERP | 14,560,140.00 | 16,633,909.47 |
| ADMINISTRATIVE EXPENSES OF AEC CORE | 9,513,888.92 | 13,240,567.05 |
| **TOTAL** | **24,074,028.92** | **29,874,476.52** |

As per our report of even date
FOR: S.R Pandey & CO.
CHARTERED ACCOUNTANTS

| | | |
|---|---|---|
| Arun Raut, FCA<br>Partner | D.B. Basnet<br>Chairperson | Dr. Dinesh Prasad Parajuli<br>Chief Executive Officer |
| Place, Kathmandu<br>Date : 2080.09.28 | Dev Raj Dhungana<br>Finance Manager | Suroj Paudel<br>Admin & Finance Office |

**AGRO ENTERPRISE CENTRE / FNCCI**
**TEKU, KATHMANDU**
**For the period ended on 31st Ashad 2080**

**CASH AND BANK** **SCHEDULE - 6**

| PARTICULAR | 2079/80 | 2078/079 |
|---|---|---|
| CASH BALANCE AEC CORE | - | - |
| BANK BALANCE AEC CORE | 36,492,158.08 | 33,715,257.34 |
| BANK BALANCE (OVOP PROGRAM) | - | - |
| BANK BALANCE (ODOP PROGRAM) | - | - |
| BANK BALANCE (RISMFP PROGRAM) | - | - |
| BANK BALANCE ( KUBK ) | - | - |
| BANK BALANCE ( RERP ) | 240,918.83 | 230,388.83 |
| **TOTAL** | **36,733,076.91** | **33,945,646.17** |

**ADVANCE, DEPOSIT & RECEIVABLES** **SCHEDULE - 7**

| PARTICULAR | 2079/80 | 2078/079 |
|---|---|---|
| ADVANCE BALANCE OF AEC CORE | 62,206,278.62 | 61,808,825.97 |
| ADVANCE BALANCE OF ODOP PROGRAM | - | - |
| ADVANCE BALANCE OF OVOP PROGRAM | - | - |
| ADVANCE BALANCE OF KUBK PROGRAM | - | - |
| ADVANCE BALANCE OF RERP PROGRAM | - | - |
| ADVANCE BALANCE OF RISMFP PROGRAM | - | - |
| **TOTAL** | **62,206,278.62** | **61,808,825.97** |

**PAYABLES** **SCHEDULE - 8**

| PARTICULAR | 2079/80 | 2078/079 |
|---|---|---|
| TOTAL PAYABLE BALANCE (AEC CORE) | 28,984,754.76 | 25,912,461.71 |
| TOTAL PAYABLE BALANCE (ODOP) | - | - |
| TOTAL PAYABLE BALANCE (OVOP) | - | - |
| TOTAL PAYABLE BALANCE ( KUBK ) | - | - |
| TOTAL PAYABLE BALANCE ( RISMFP Program ) | - | - |
| TOTAL PAYABLE BALANCE ( RERP ) | 1,817,188.33 | 1,704,598.39 |
| **TOTAL** | **30,801,943.09** | **27,617,060.10** |

**RESTRICTED FUND PAYABLE** **SCHEDULE - 9**

| PARTICULAR | 2079/80 | 2078/079 |
|---|---|---|
| RESTRICTED FUND PAYABLE - HIMALI | 615,499.74 | 615,499.74 |
| RESTRICTED FUND PAYABLE - HVAP | 1,658,514.60 | 1,658,514.60 |
| RESTRICTED FUND RECEIVABLE- KUBK | (259,827.62) | (259,827.62) |
| RESTRICTED FUND PAYABLE- ODOP | 47,868,863.86 | 47,868,863.86 |
| RESTRICTED FUND PAYABLE- OVOP | 3,103,212.27 | 3,103,212.27 |
| RESTRICTED FUND PAYABLE- RISMFP | 775,388.59 | 775,388.59 |
| RESTRICTED FUND PAYABLE - NTIS | 16,105.89 | 16,105.89 |
| **TOTAL** | **53,777,757.33** | **53,777,757.33** |

As per our report of even date
FOR: S.R Pandey & CO
CHARTERED ACCOUNT

| | | |
|---|---|---|
| Arun Raut, FCA<br>Partner | D.B. Basnet<br>Chairperson | Dr. Dinesh Prasad Parajuli<br>Chief Executive Officer |
| Place, Kathmandu<br>Date : 2080.09.28 | Dev Raj Dhungana<br>Finance Manager | Suroj Paudel<br>Admin & Finance Office |

**Project FAS**

| PARTICULAR | KUBK | OVOP | ODOP | RISMFP | RERP | AEC Core | Consolidated FAS |
|---|---|---|---|---|---|---|---|
| **SOURCE OF FUND** | | | | | | | |
| OPENING BALANCES | | | | | | | - |
| CASH AND BANK | 17,424.15 | 1,338,890.54 | 1,113,375.79 | 13,339.19 | 230,388.83 | 33,715,257.34 | 33,945,646.17 |
| CHQUE IN HAND | - | - | - | - | - | | - |
| ADVANCES RECEIVABLES AND DEPOS | 139,222.58 | 1,979,021.73 | 47,107,458.09 | 1,650,485.85 | - | 61,808,825.97 | 61,808,825.97 |
| PAYABLES | 416,474.35 | 214,700.00 | 351,970.02 | 888,436.45 | 1,704,598.39 | 25,912,461.31 | 27,617,059.70 |
| RESTRICTED FUND PAYABLE | | | | | - | 53,777,757.33 | 53,777,757.33 |
| **INCOMES** | | | | | | - | - |
| GRANT RECEIVED | - | | | | 30,058,441.17 | 3,851,102.40 | 33,909,543.57 |
| INTEREST INCOMES | - | | | | - | 2,660,671.93 | 2,660,671.93 |
| OTHER INCOMES | - | | | | - | 3,104,174.53 | 3,104,174.53 |
| **A. TOTAL SOURCE OF FUND** | **(259,827.62)** | **3,103,212.27** | **47,868,863.86** | **775,388.59** | **28,584,231.61** | **25,449,813.53** | **105,521,682.24** |
| | | | | | | | - |
| **APPLICATION OF FUND** | | | | | | | - |
| RERP-SAMRIDDHI PROGRAM EXPENSE | - | | | | - | | - |
| OTHER PROGRAM EXPENSE | - | | | | 15,600,361.11 | | 15,600,361.11 |
| ADMINISTRATION EXPENSES | - | | | | 14,560,140.00 | 9,513,888.92 | 24,074,028.92 |
| **B. TOTAL APPLICATION OF FUND** | **-** | **-** | **-** | **-** | **30,160,501.11** | **9,513,888.92** | **39,674,390.03** |
| **D. TRANSFER OF FUND TO AEC COI** | **(259,827.62)** | **3,103,212.27** | **47,868,863.86** | **775,388.59** | **-** | **-** | **51,487,637.10** |
| **C. TOTAL BALANCE OF FUND (A - B** | **-** | **-** | **-** | **-** | **(1,576,269.50)** | **15,935,924.61** | **14,359,655.11** |
| **E. FUND REPRESENTED BY:** | | | | | | | - |
| CASH AND BANK | | | | | 240,918.83 | 36,492,158.08 | 36,733,076.91 |
| CHQUE IN HAND | | | | | - | 0 | - |
| ADVANCES RECEIVABLES AND DEPOSITS | | | | | - | 62,206,278.62 | 62,206,278.62 |
| PAYABLES | | | | | 1,817,188.33 | 28,984,754.76 | 30,801,943.09 |
| RESTRICTED FUND PAYABLE | - | | | | - | 53,777,757.33 | 53,777,757.33 |
| **TOTAL BALANCE OF FUND** | **-** | **-** | **-** | **-** | **(1,576,269.50)** | **15,935,924.61** | **14,359,655.11** |

**Agro Enterprise Centre (FNCCI)**
**Significant Accounting Policies & Notes to Accounts**
**2079/80**

**Schedule – 10**

**Significant Accounting Policies and Notes:**

1) **Basis of Accounting**

The Fund Accountability statements, expressed in the Nepalese Rupees (NPR), have been prepared under the historical cost convention using the accrual basis of accounting except for Grant Income.

2) **Revenue Recognition**

Grant Incomes has been recognized on a cash basis.

3) **Expense Recognition**

The expenses are charged on an accrual basis of accounting.

4) **Fixed Assets:**

Fixed assets are written off during the year of acquisition. However, memorandum fixed assets register has been maintained for control.

5) **Cash and Bank**

Cash and Bank represents the cash in hand and cash at bank remained at the year end. Cash equivalents consist of short-term, highly liquid investments that are readily convertible into known amount of cash without notice and which are subject to an insignificant risk of changes in value if any. No reconciliation has been made by the management for Cash and Bank balance of the projects consolidated as on Ashad end 2080. Suspense adjustment account has been opened for such unreconciled balance on individual projects.

6) **Interest Income:**

Interest Income consists of Interest income received from Bank and Financial Institution on deposit maintained therein.

7) **Other Income:**

Other Income represent the management fee received from the projects in providing the management services relating to the books of accounts.

**8) Suspense Adjustment:**

Suspense adjustment account has been created to reconcile the Bank balance of the financial statement with bank balance confirmation provided by concerned Bank of the projects. Suspense balances of the projects is yet to be reconciled.

**9) Advance, receivable and Deposit:**

Advance, receivable and deposit represents various amount to be recovered by the projects consolidated, from parties and projects. No external confirmation has been made by the management for such advances and receivables.

**10) Inter-project transactions:**

It has been noted that the inter-project receivables and payables shown by one project do not match with corresponding receivables/payables shown in the other project. Inter project receivables and payables has not been reconciled by AEC.

**11) Comparatives:**

Previous year's figures have been regrouped and re-classified wherever necessary

As per the report of our even date
For S.R. Pandey & Co.
Chartered Accountant

| | | |
|---|---|---|
| Arun Raut, FCA<br>Partner | D.B. Basnet<br>Chairperson | Dr. Dinesh Prasad Parajuli<br>Chief Executive Officer |
| Place, Kathmandu<br>Date : 2080.09.28 | Dev Raj Dhungana<br>Finance Manager | Suroj Paudel<br>Admin & Finance Office |

# नेपाल उद्योग वाणिज्य महासंघ

पचली शहिद शुक्र मिलन मार्ग, टेकू
पो.ब.नं. २६९, काठमाडौं, नेपाल
फोन नं. : ४३६२०६१, ४३६२२१८, ४३६६८८९
ईमेल : fncci@mos.com.np, fncci@fncci.org
वेवसाईट : https://fncci.org